# कौशिकादि सन्तति

१९८८

नेपाल वंशजपरिषद्
बत्तीसपुतली, काठमाडौं (नेपाल)

मदन पुरस्कार पुस्तकालय
DIGITIZED BY MADAN PURASKAR PUSTAKALAYA

# कौशिकादि सन्तति

# कौशिकादि सन्तति

## प्रथम समूह

[ नेपाल थरको वंशावली ]

मदन पुरस्कार पुस्तकालय

( मानवशास्त्रान्तर्गत मानवमितिशास्त्र )

सम्पादक :
पूर्णप्रकाश नेपाल 'यात्री'

अन्वेषक :
मानवशास्त्र, संस्कृति, इतिहास तथा नेपाली भाषा

उपप्राध्यापक–नेपाली
त्रिभुवन विश्वविद्यालय (नेपाल)

प्रकाशक :

नेपाल वंशजपरिषद्
वंशावली प्रकाशिनी समिति
वत्तीसपुतली, काठमाडौं (नेपाल)

● प्रकाशक :
नेपाल वंशजपरिषद्
वंशावली प्रकाशिनी समिति
बत्तीसपुतली–काठमाडौं (नेपाल)

● सर्वाधिकार सुरक्षित :

● प्रबन्धक तथा प्रमुख वितरक :
नेपाल वंशजपरिषद्
बत्तीसपुतली–काठमाडौं (नेपाल)
फोन—४–१२८६६

● प्रथमपटक :
१२०० प्रति
संवत् २०४५ साल कार्तिक पूर्णिमा

● मूल्य : [illegible] ...ठी र... ।

● मुद्रक :
शिवशंकर प्रसाद
दीपक प्रेस
एस० १७/२७२ नदेसर, बाराणसी, क्यान्ट ।
फोन : ४२८९४

## सादर समर्पण

समस्त कौशिकादि सन्ततिका तर्फबाट
ती महामनीषिहरूका पुण्यस्मृतिमा
जो जतिले वंश-प्रतिष्ठा बढा-
उने जस्ता पुनीत कार्यमा
अद्वितीय योगदान
पुऱ्याएका छन्

**कौशिकादि सन्तति**

श्री रामहरिशर्मा नेपाल त्रिहत्तर वर्षमा प्रवेश गर्नुभएका
सुखद उपलक्ष्यमा सुसम्पन्न अभिनन्दन समारोहका
अवसरमा मुख्य अतिथिज्यूबाट विमोचित ग्रन्थ

## प्राक्कथन

डा० डिल्लीराम तिमसिना
एम्. ए. पी-एच. डी., दर्शनाचार्य, काव्यतीर्थ
जर्मन तथा भाषाविज्ञान डिप्लोमा

यात्रीज्यूका काशीमा मुद्रित हुन आएका ग्रन्थहरूमा सम्मति, मन्तव्य र प्राक्कथन कथ्ने औसर जुरेको योसमेत तीनतेवाली भयो। निकट सम्पर्क, स्निग्ध सम्बन्ध र सौहार्दका वशीभूत भएर अल्पज्ञात विषयमा कलम चलाउनु अनधिकार चेष्टा हुने भय र धक नमानी केही शब्द पंक्तिबद्ध गर्न प्रवृत्त भएको छु। यो मेरो धृष्टता होइन साहस हो।

यात्रासाहित्यकार, सम्पादक-पत्रकार, इतिहास, संस्कृति, पुरातत्व, मानवशास्त्र र नेपाली भाषाशास्त्रका जिज्ञासु मर्मज्ञ तथा सफल शिक्षकका रूपमा पनि सुपरिचित श्री पूर्णप्रकाश नेपाल 'यात्री'ले दृढ धारणासित दीर्घकालीन सारस्वत साधनामा समर्पित रहेर नेपालीवाङ्मयका विशाल फाँटमा दिएको अमूल्य योगदान महत्वपूर्ण हुन आएको छ। यथाशीघ्र प्रकाशमा आउन लागेका उहाँका नवीन कृतिहरू 'सिजापतीवाला' महाकाव्य र केही उपन्यास पनि प्रतीक्षायोग्य भएका बुझिएका छन्।

पुरातत्वविद्या, प्राचीन इतिहास, संस्कृति, भाषाशास्त्र, समाजशास्त्र र नृतत्वशास्त्र परस्परमा सम्बद्ध र अन्योन्याश्रित छन्। मानव जातिको इतिहास पैल्याउन यो सबै विद्याहरूका आधारमा नृवंश विद्याका विशेषज्ञहरूले गरेको सत्प्रयास प्रशंसनीय र प्रेरणादायक भएको छ। चिरकालदेखि प्रचलित वैदिक तथा पौराणिक किंवा पुरातन परम्परामा मात्र भर नपरी वैज्ञानिक तथ्य अघि सार्दै मानिसका वर्तमान आकार-प्रकारको विकास र स्वरूप ग्रहण गरेको इतिवृत्ति पैल्याउँदा अत्याधुनिक अनुसन्धाताहरूले लख काटी दश लाख वर्ष पूर्वको समयलाई साँध पारेर सीमा रेखा कोरेका छन्। मानव जातिले परिष्कृत स्वरूप पाएको पनि पच्चीस हजार वर्ष पूर्व हो भन्ने यस पक्षको धारणा छ। यस सन्दर्भलाई यही टुंग्याएर नेपाली नृवंशतिर दृष्टि निक्षेप गर्दा पनि हजारौं वर्ष पूर्व लम्कनु पर्छ। यस दिशातिर अध्यवशायी भएर अग्रगामी हुँदै जाने जिज्ञासु जाँगरिला गवेषक र विद्याव्यसनीहरूमध्ये श्री पूर्णप्रकाश नेपाल 'यात्री' को अनुसन्धान बहुआयामी र भरपर्दो भएको रहस्य विद्वान्हरूसमक्ष उद्घाटित हुँदै आएको छ।

नेपाली समाजको फाँटवारी र मानववंश अध्ययनका सन्दर्भमा पं० शिखरनाथ सुवेदीको 'थरगोत्र प्रवरावली', डा० गोपालसिंह नेपालीको शोधप्रबन्ध 'द नेवार अफ नेपाल', प्रा० डोरबहादुर विष्टको 'सबै जातको फूलबारी' र 'द पिपुल अफ नेपाल' तथा जनकलाल शर्माको, 'हाम्रो समाज एक अध्ययन' उल्लेखनीय छन्। यसरी नै वंशावलीका रूपमा प्रकाशमा आएका अन्य नेपाली

रचनाहरूमध्ये वरालवंश दर्पण, गौतमवंशावली, भट्टराईवंशावली, कोइराला-वंशलता, नारायणवंशगीता, ( चापागाईं ) अर्यालवंशावली आदि देखा परेका छन् । परन्तु प्रस्तुत 'कौशिकादि सन्तति' को भने आफ्नै विशेषता छ । यस ग्रन्थमा वंशवृक्षको प्रस्तुतीकरण गर्दा नृवंशशास्त्रगत शैलीको बढी सामीप्य र सामञ्जस्य रहेको पाइन्छ ।

विद्या अनन्तपार छ । ज्ञानका सहस्रौं शाखाहरू पल्लवित भैरहेछन् । तीमध्ये मानवशास्त्र पनि एक हो । यो सृष्टिविकासको कथा हो र यसको परम्परा अति दीर्घ तथा रहस्यमय छ । लर्तरो अध्यवसायले मानव इतिहासको विश्लेषण तथा निर्कवल सम्भव हुँदैन । नेपाली समाज निर्माणका इतिहासको प्रथम प्रहर कहाँबाट प्रारम्भ हुन्छ यसबारेमा अतिरञ्जना र आग्रहलाई पन्साएर आफ्नू इतिहास आफैंले लेखेमा तथ्यको अंश बढी रहन्छ भन्ने विश्वास गरिन्छ । प्रस्तुत ग्रन्थले नेपाली मानव-शास्त्रको परम्परामा प्रकाश पार्ने प्रशंसनीय प्रयास गरी नौलो आयाम थपेको छ ।

पुर्खाका पूर्वपुरुष गुरु, गोत्र र स्थलका आधारमा थर कायम भएका छन् । मूल पुरुष किंवा गोत्रका आधारमा 'कौशिकादि सन्तति' भनियो भने स्थलका आधारमा 'नेपाल' नाम रहेको छ । नेपा ( गाउँ ) मा आलय (घर) भएका मानिस नेपाल कह-लाए । नेपाल थरको वंशावली, विश्वामित्रवंशवल्लरी र कौशिकादि सन्तति पर्याय वाची हुन् ।

नेपालमा नेपाल बस्छ । नेपालबाहिर पनि नेपाल बस्छ । नेपाल सार्वभौम राष्ट्र हो, सर्वतन्त्र स्वतन्त्र राष्ट्र हो । नेपाल मेरो देश हो । नेपालमा मेरो घर छ । नेपाल मेरो घर हो । नेपाल मेरो थर हो । नेपालका नाताले म नेपाली हुँ । म नेपाल थरको नेपाली हुँ । मेरो राष्ट्रियता नेपाली हो । यसरी नेपाल शब्द व्यापक र बहुर्थी छ । नेपाल र नेपाली दुवैको अर्थ बोकेको छ नेपाल शब्दले । देशका प्रसंगमा नेपाल शब्द-अन्तर्गत तीन अक्षरको व्युत्पत्तिजन्य अर्थ अझ विशाल, व्यापक र बहुआयामी भएको छ ।

यसप्रकार रचनात्मक पाराले प्रत्येक नेपालीको पुर्ख्यौली पैल्याउँदै जाँदा 'नेपाली नृवंशशास्त्र' का भरपर्दा ठेलीहरू निर्मित हुन केही बेर लाग्दैन । यात्रीज्यूबाट नेपाली वाङ्मयले ठूलो आशा राखेको छ । अन्तमा ग्रन्थकर्ताको अभिनन्दन गर्दै छोटो कथन यहीं टुंग्याउँछु ।

दिनांक ७-१२-१९८८
काशी हिन्दू विश्वविद्यालय
वाराणसी ।

अध्यक्ष
भारतीय भाषा विभाग

---

कृतज्ञता ज्ञापन : यस अकिंचनका प्रस्तुतीकरणलाई प्राक्कथनद्वारा अनुगृहीत गरिदिनुभएकामा गुरुवर डा० श्री डिल्लीराम तिमसिनाज्यूमा हार्दिकताका शब्द-पुष्पसहित कृतज्ञता ज्ञापन गर्दछु ।

पूर्णप्रकाश नेपाल

## प्रार्थना

**विश्वामित्रसमारम्भाम् घृतकौशिकमध्यमाम् ।**
**अस्मत्पितरपर्यन्ताम् वन्देस्वकुलपूर्वजान् ।।**

हामी सारा मिलिजुलि बसौं घृतकौशिक् सगोत्रि
आफ्ना-आफ्ना घरलगि पुजौं 'सन्तति कौशिकादि'
गाथा, आस्था, अभिजन-प्रभा, जातिवर्चस्वको यो
गीता जानौं, बुकिसुन भनौं, और्ध्वगामी रह्यो जो ।
यै गाछीमा कुसुमित खिले भावनाका पराग
मौलाएथ्यो जगतविचमा शौर्यशाली प्रभाव
यै शाखामा प्रसवित बने वीरताका निशानी
पुर्खा, द्रष्टा निगम पथका; आत्मनाख्यात नामी ।
पत्रैपत्रे हरित कणिका युक्त ज्योतिष्मतीझैं
हाँसे, खेले मलय लयमा तेजिला कौशलेन्द्रै
झेले सारा विषम, समता भै 'चरैवेति' यात्री
स्वाभिमानी बनि बढिरहे मार्गमा दूरदर्शी ।
मानौं आफ्ना सुजन सुखका अस्मिताको विहानी
खोजौं बाटो जिवनवनको जो छ नौलो कहानी
टाढा-टाढा भुवनविचमा जो जहाँ छौं प्रसन्न
साक्खै सारासरह गतिला बन्धु आफन्त बन्न ।
नेपाली हौं सकल फलमा रौसिला जोशिला छौं
गर्दै आयौं हित सकल जो सिर्जना चालु राखौं
को हौं ? के हौं ? मनविच कतै छैन सन्दिग्ध भाव
माया साँची मुटुभरि भरौं खास बन्धुत्व भाव ।

**'यात्री' भाइ**

●

## वंशावली अध्ययन गर्ने जानकारी

१. सर्वप्रथम तपाईं कुन शाखाबाट छुट्टिनु भएको हो त्यसको पत्तो लगाउनुहोस् ।

२. शाखाको जानकारी पाएपछि तपाईंलाई आफ्ना साझा बाजेको जानकारी मिल्न सक्छ त्यसको जानकारी लिनुहोस् ।

३. साझा बाजेका लहरमा तपाईंको नाम खोज्नुहोस् अनि तपाईंका नामका लहरमा लागेका संकेतांक राम्ररी हेरी ठहराउनुहोस् त्यसबाट तपाईंका बराबरमा पाइने संकेतांकसँग तपाईंको साइनुसनहे स्पष्ट हुनेछ ।

४. आफ्नो संकेतांक नबिर्सनुहोस् त्यसले तपाईं जहाँका भाइबन्धुसँग भेटिनुभए पनि साइनु छुट्याउन सजिलो हुनेछ ।

५. लेखिएका शाखा-प्रशाखास्थल छाडेर तपाईं अन्त बसाईं सरी जानुभएका अवस्थामा पनि तपाईंका ठाउँठेगानामा नाम समावेश होला त्यो पत्ता लगाउनुहोस्; नभएमा अविलम्ब त्यसको जानकारी नेपाल वंशजपरिषद्समक्ष लेखेर पठाउनुहोस् ।

६. कारणवश तपाईंको वा तपाईंका परिवारको नाम छुटेको हुन सक्छ त्यस अवस्थामा पनि तपाईं निराश नमानी एक प्रति कौशिकादि सन्तति किनेर घरमा राख्नुहोस् र माथि भनेझैं तपाईं कुन शाखासँग सम्बन्धित हुनुहुन्छ त्यो पत्ता लगाएर आफूले जानेसम्मको नामावली विवरण लेखी पठाउनुहोस्; दोस्रोपटक छापिंदा तपाईंले पठाएको विवरण छापिनेछ ।

७. नामावली पठाउँदा क्रमसंख्या मिलाएर आमाबाबु, छोराबुहारी, दिदीबहिनी सबैको नामसहित; आमा-बुहारीका माइतीको नाम थर ठेगाना र विशेषता अनि दिदीबहिनीका विवाह भएका नाम थर ठेगाना र विशेषता साथैं दिदीबहिनी अविवाहिता भई माइतमैं बसेका भए सबै विवरण खुलाएर लेख्नुहोस् । त्यसो भएमा निकट भविष्यमा वंशलता तयार पार्दा पूर्णविवरणका आधारमा तयार पारिनेछ ।

८. एक पुरुषका दुई तीन वा धेरै पत्नीका सन्तान लेख्दा दिदीका सन्तानको उल्लेख गरी सकेपछिमात्र बहिनीका सन्तानको उल्लेख गर्नुहोस् । त्यसो गर्दा दाजुभाइको

नाता खुलाउन असजिलो लागेमा प्रत्येकको जन्म वर्ष मिति लेख्नुहोस्, पछिल्ला प्रयासमा त्यसै आधारमा क्रम मिलाइनेछ ।

९. कुनै भाइ हराएर बेपत्ता भएको भए; कुनैको अपुताली परेको भए त्यसको जानकारी दिन नभुल्नुहोस् ।

१०. तपाईंका जानकारीमा आएका आफ्ना वंशसम्बन्धी कागजपत्र, ताम्रपत्र, शिलालेख, लालमोहर, सनदसवाल, मानपदवी, तक्मा, पुरस्कार आदि र अन्य कुनै जानकारी भएमा सप्रमाण लेखी पठाउनुहोस् तपाईंको सौजन्य जनाई छापिनेछन् । ग्रन्थकारका हकमा प्रकाशित ग्रन्थको १ प्रति पठाउनुपर्ने छ ।

११. तपाईं स्वयं वा तपाईंका जानकारीमा रहेका आफ्ना गोत्रका साहित्यकार, कवि कलाकार, राष्ट्रसेवक, वरिष्ठ विद्वान्, दार्शनिक, राजनीतिक कार्यकर्ता, न्यायसेवक, प्रहरी, प्राविधिज्ञ, ठूला व्यापार व्यवसायसँग सम्बद्ध व्यापारी, पत्रकार, वैदेशिक सेवासँग सम्बद्ध कूटनीतिज्ञ, त्यागी, महात्मा परोपकारी आदि कसैको पनि सविवरण परिचय जीवनी लेखी फोटोसमेत सामेल राखी पठाउनुहोस् ती सबैको यथायोग्य सदुपयोग गरिनेछ ।

१२. प्रस्तुत वंशावलीमा तपाईंलाई खड्केका कुराहरू, क्रम नमिलेका कुराहरू, छुटेका विषयवस्तु पाएमा कृपापूर्वक तत्सम्बन्धमा लेखी पठाउनुहोस् । आउँदा प्रकाशनमा तपाईंका सुझावको स्वागत गरिनेछ ।

१३. वंशावली प्रस्तुत गर्दा अपनाउन सकिने यसभन्दा राम्रो वैज्ञानिक ढाँचा तपाईंका जानकारीमा छ भने लेखी पठाउनुहोस् । तपाईंको जानकारी अनुकरणीय भएमा सस्वागत अवलम्बन गरिनेछ ।

१४. यस प्रकाशनपछि 'कौशिकादि वंशलता' प्रकाशन गर्ने सोचाइ छ त्यसमा अपनाउन सकिने नमूना लेखी पठाउनुहुन अनुरोध गरिन्छ ।

१५. बन्धुत्व बढाउननिम्ति आफ्ना सगोत्रबान्धवसँग साहचर्य र सामीप्य लाभ गर्न नबिर्सौं र कौशिकादि सन्ततिलाई साझा ममतामा शिरोपर गरौं ।

१६. पुस्तकको मूल्यबापत् तपाईंले प्रदान गर्नुभएका राशिले नेपाल वंशजपरिषद्द्वारा गर्न चिताइएका बान्धवहितका कार्यमा यथोचित सघाउ पुऱ्याउनेछ ।

१७. पत्राचारका लागि स्वागत

फोन ४-१२८६६
वा
४-१४६०४

नेपाल वंशजपरिषद्
बत्तीसपुतली
काठमाडौं, नेपाल

# विषय-सूची


| क्रमाङ्क | विषय–शाखा-प्रशाखा | पृष्ठ |
|---|---|---|
| १. प्राक्कथन······· | | ··· |
| २. प्रार्थना (कविता) | | १ |
| १.१ प्रस्तावना तथा प्रमाण खण्ड— | | १३-१०० |
| १. वंशप्रशस्तिका | | १५ |
| २. खशराजा अक्षयमल्लद्वारा प्रदत्त रजतपत्रको शब्दालेख | | १६ |
| ३. नेपाबीर्ता थमौतिको रुक्का लालमोहरको शब्दालेख | | १९ |
| ४. पं० कालुपाध्या नेपालको नेपासम्बन्धी एकश्लोके कविता (प्रतिछवि) | | २१ |
| ५. दुल्लू ज्वालाजी शिरस्थान देवता साक्षी | | २९ |
| ६. नेपाल थरले मिति मितिमा विभिन्न परिप्रसंगमा पाएका सम्बन्धित कागजपत्रका शब्दालेखहरू | | ३४ |
| १. नेपाल वंशजपरिषद् एवं वंशावली प्रकाशिनी समितिको संयुक्त वक्तव्य | | ४१-४४ |
| २. हार्दिकताका केही शब्दपुष्प (अग्रलेख) | | ४५-८५ |
| ३. नेपाल वंशजपरिषद्का सदस्य-सचिवको विनिवेदन | | ८६-१०० |
| ४. प्रस्तावना तथा विवेचना खण्ड | | १०१-१८१ |
| २.२.१ सन्दर्भ-आमुख: | | १०३ |
| २.२.२ अन्वेषण उपक्रम: | | १०८ |
| २.२.३ सप्तद्वीपाश्रया सप्तसिन्धव: | | ११५ |
| २.२.४ परिसरका जीवन्त प्रसंग | | १२० |
| २.२.५ पुण्यस्थली नेपा | | १२४ |
| २.३.१ कुशद्वीपको अवस्थिति: | | १२६ |
| ३.० कौशिकवंश: चन्द्रवंशको प्रादुर्भाव र विश्वामित्र | | १३७ |
| ३.१ कौशिकवंश १३७;३.२ चन्द्रवंश वर्णन १३९; ३.३ विश्वामित्र | | १४१; |
| ३.४.१ अघमर्षण दृढव्रत १४६; २.४.२. कौशिकादि सन्ततिका प्रवरपुरुषहरू | | १४९; |

३.५. घृतकौशिक गोत्र प्रवर्तक पुरुष १५४; गोत्र-प्रवर तालिका (१) १५५; प्रवर अनुग्रहण तालिका (२) १५६; संशोधित तालिका संख्या (२) १६१; निष्कर्ष १६१।

४.० कुश जाति :

| | |
|---|---|
| ४.१. चन्द्रवंशका केही शौर्यकथा | १६२; |
| ४.२ नेपाल थरको प्रादुर्भाव | १६५; |
| ४.३. स्थलका आधारमा थरको अस्तित्व | १७०; |
| ४.४.०. नेपाल सन्तानको विस्तार | १७४; |
| ४.४.१. नेपाबीर्ताबाट सिगौडी साताला सिमगाउँ | १७५; |
| ४.४.२. नेपाबीर्ताबाट पाल्पा | १७६ |
| ४.४.३. पाल्पाबाट देशविदेशतिर | १७७ |
| ४.४.४. नेपाबीर्ताबाट झिल्टुङ नुवाकोट | १७८ |
| ४.४.५. झिल्टुङबाट सीपा मण्डन | १७८ |
| ४.४.६. सीपा मण्डनबाट कास्की पाल्पा दैलेख | १८० |
| ४.४.७. सीपा मण्डनबाट पूर्व दक्षिण तथा काठमाडौं उपत्यका तर्फ | १८१ |
| **४.५.०. सचित्र कुलायन पूजाविधि शब्दचित्र** | १८५ |
| ५.० ऐतिहासिक पृष्ठ-केही प्रभावशाली व्यक्तित्व | १९२-२७० |
| ५.१ राजनीतितर्फ— | १९२ |
| (क) सुदर्शन नेपाल | १९३ |
| (ख) पं० कालुपाध्याय नेपाल | १९४ |
| (ग) चन्द्रशेखर उपाध्याय | १९६ |
| (घ) शंकरप्रसाद नेपाल | १९७ |
| (ङ) रामहरि शर्मा | १९८ |
| (च) टंकनाथ शास्त्री नेपाल | २१५ |
| (छ) दण्डपाणि नेपाल | २१६ |
| (ज) भवकृष्ण नेपाल | २१६ |
| (झ) गोपालप्रसाद नेपाल | २१६ |
| (ञ) पीताम्बर नेपाल | २१६ |
| (ट) देवीराम उपाध्याय नेपाल | २१६ |
| (ठ) देवीप्रसाद नेपाल (देवानन्द खनाल) | २१८ |
| (ड) वासुदेव शर्मा नेपाल | २१८ |

(ढ) सन्दर्भ सारांश २१९
५.२ प्रशासनतर्फ— २१९
५.२.१. (क) प्रविधि सेवातर्फ— २२२
५.३. (ख) विश्वविद्यालय सेवामा २२३
५.४.१ बौद्धिक तथा प्राज्ञिक सेवामा २२४
५.४.२. (क) शिक्षक-प्राथमिक तथा माध्यमिकतहमा २२५
**वैदेशिक सेवामा** २२८
**५.४.०. साहित्यकार: साहित्य साधनातर्फ—** २३०
१. पं० वैयाकरण नेपाल २३१
२. पं० छविलाल नेपाल २३२
३. पं० तारानाथ नेपाल २३३
४. कथाकार कुमार नेपाल २४१
५ डा० मेदिनीप्रसाद नेपाल २४१
६. शैलेन्दुप्रकाश नेपाल २४२
**५.५.०. दार्शनिक पृष्ठभूमिमा—** २४४
१. सोमनाथ नेपाल २४४
२. दार्शनिक पं० मौनप्रसाद नेपाल २४५
३. पं० हरिप्रसाद नेपाल २४६
४. पं० मंगलकुमार उपाध्याय नेपाल २४७
**५.६.०. कार्यसमितिका पदाधिकारीहरू—** २४८–२८०
१. अध्यक्ष श्री रामहरि शर्मा नेपाल २४८
२. उपाध्यक्ष श्री माधवप्रसाद उपाध्याय नेपाल २५०
३. „ श्री दधिराम नेपाल २५३
४. सदस्य-सचिव श्री नलराज शास्त्री नेपाल २५४
५. सम्पादक पूर्णप्रकाश नेपाल 'यात्री' २५७
६. सदस्य ज्ञानमणि नेपाल (क) २७०
७. „ ज्ञानमणि नेपाल (ख) २७६
८. नेपाल वंशजपरिषद्का क्षेत्रीय पदाधिकारीहरू २७६
(क) पूर्वाञ्चल क्षेत्र क्षेत्रीय समिति इटहरी २७६
अध्यक्ष नरनाथ नेपाल २७६

सदस्य–सचिव पं० काशीनाथ नेपाल २७७
सदस्य–रमाकान्त नेपाल 'जेन्टिल' २७७
सदस्य–लोकनाथ नेपाल २७८
(ख) पश्चिमाञ्चल क्षेत्र क्षेत्रीय समिति
अध्यक्ष कुलानन्द ठाकुर नेपाल २७८
सदस्य–प्रा० सुदर्शन नेपाल २७९
(ग) मध्यपश्चिमाञ्चल क्षेत्र क्षेत्रीय समिति २७९

**६.०. नामावली विवरण खण्ड** २८१

१. पूर्वपुराणकाल ( वंशस्तम्भ ) २८३
२. उत्तरपुराणकाल ( ,, ) २८४
३. पूर्वप्राचीनकाल ( ,, ) २८५
४. उत्तरप्राचीनकाल ( ,, ) २८६
५. पूर्वमध्यकाल ( वंशलता ) २८७
६. माध्यमिककाल ( विवरण ) २८८
७. आधुनिककाल २९०
८. ज्ञाति बान्धव निर्णय २९१
६.१.०. दैलेख शाखा : २९२–३२६
६.१.१. साताला प्रशाखा २९२
६.१.२. सिगौडी प्रशाखा २९८
६.१.३. सिमगाउँ प्रशाखा ३०४
६.१.४. मध्यसिमगाउँ प्रशाखा ३०६
६.१.५. मध्यसिमगाउं नायकबाडा प्रशाखा ३०९
६.१.६. तल्लोसिमगाउँ प्रशाखा ३१०
६.१.७. नेपाबीर्ता चाल्नेमूल प्रशाखा ३१०
६.१.८. डाँडानेपा टिमुरगाउँ तथा धारखोला प्रशाखा ३१२
६.१.९. नेपा दहथान प्रशाखा ३१३
६.१.१०. तलिनेपा प्रशाखा ३१६
६.१.११. तलिनेपा टिमुरगाउँ प्रशाखा ३१७
६.१.१२. नेपाकान्ला सानागाउँ प्रशाखा ३१९
६.१.१३. औलनेपा प्रशाखा ३२४
६.१.१४. डाँडीमाडी कुरार्यां प्रशाखा ३२५
६.१.१५. झापा बुधबारे मेदिबुङ प्रशाखा ३२८

६.२.०. पाल्पा शाखा : ३३०–४३३

६.२.१. प्रवेश ३३०

६.२.२. शाखा विस्तारमाथि प्रकाश ३३१

६.२.३. पाल्पा सर्देहवा प्रशाखा (क) ३३२

६.२.४. पाल्पा कटहरबारी प्रशाखा ३३३

६.२.५. पाल्पा चाँपटारी प्रशाखा ३३४

६.२.६. पाल्पा सोमबारे प्रशाखा ३३५

६.२.७. पाल्पा तानसेन प्रशाखा ३३६

६.२.८. पाल्पा मसुरे प्रशाखा ३३७

६.२.९. पाल्पा सर्देहवा प्रशाखा (ख) ३४३

६.२.१०. पाल्पा पाखाशूली प्रशाखा ३४३

६.२.११. पाल्पा धारादी प्रशाखा ३४४

६.२.१२. पाल्पा खोराली प्रशाखा ३४५

६.२.१३. पाल्पा कोल्पाटा प्रशाखा ३४८

६.२.१४. पाल्पा चौडिला प्रशाखा ३४९

६.२.१५. पाल्पा ठूलकुली प्रशाखा ३५०

६.२.१६. पाल्पा डर्खुडाँडा प्रशाखा ३५१

६.२.१७. पाल्पा बाबाजीथान प्रशाखा ३५२

६.२.१८. पाल्पा तल्लाखर्क प्रशाखा ३५३

६.२.१९. पाल्पा माडी चिदीपानी प्रशाखा ३५३

६.२.२०. पाल्पा भैरवस्थान प्रशाखा ३६०

६.२.२१, पाल्पा टाकुरेटोल प्रशाखा (क) ३६१

६.२.२२. पाल्पा थोर्गा प्रशाखा (क) ३६३

६.२.२३. पाल्पा माडी बौघा प्रशाखा ३६५

६.२.२४. पाल्पा टाकुरेटोल प्रशाखा (ख) ३७०

६.२.२५. पाल्पा भेडाबारी प्रशाखा ३७१

६.२.२६. पाल्पा थोर्गा प्रशाखा (ख) ३७२

६.२.२७. ओखलढुंगा लिस्पु प्रशाखा ३७४

६.२.२८. ताप्लेजुङ साम्रे प्रशाखा ३७६

६.२.२९. इलाम बिक्री प्रशाखा ३७७

६.२.३०. इलाम सूलुबुङ प्याङ प्रशाखा ३८०

६.२.३१. तेह्रयुम सावलाखु प्रशाखा (क) ३८१
६.२.३२. साम्दोङ सिक्किम प्रशाखा (क) ३८१
६.२.३३. सावलाखु तेह्रथुम प्रशाखा ३८४
६.२.३४. न्याउली भूटान प्रशाखा ३८६
६.२.३५. साम्दोङ सिक्किम प्रशाखा (ख) ३८७
६.२.३६. रुम्तेक सिक्किम प्रशाखा ३८८
६.२.३७. सावलाखु तेह्रथुम प्रशाखा (ग) ६८९
६.२.३८. इलाम नामसालिङ प्रशाखा ३९३
६.२.३९. ताप्लेजुङ सावलाखु प्रशाखा (घ) ३९७
६.२.४०. ताप्लेजुङ नामदुङ पाँचथर प्रशाखा ३९८
६.२.४१. पाँचथर प्रशाखा ४०२
६.२.४२. पाँचथर मच्छेवुङ प्रशाखा ४०४
६.२.४३. असाम वातावारी प्रशाखा ४०६
६.२.४४. हाङ्चुर प्रशाखा ४०७
६.२.४५. सिक्किम तार्कु-बर्मेक प्रशाखा ४१७
६.२.४६. सिक्किम साम्दोङ तथा नाम्ची प्रशाखा ४२०
६.२.४७. सिक्किम नाम्ची प्रशाखा ४२१
६.२.४८. उत्तरबंगालमध्ये कालेबुङ इच्छेबस्ती प्रशाखा ४२२
६.२.४९. कालेबुङ बमबस्ती प्रशाखा ४२३
६.२.५०. भूटान गेलेफू तथा चिराँख प्रशाखा ४२५
६.२.५१. चिराँख भूटान प्रशाखा ४२६
६.२.५२. जनकपुर धनुषा प्रशाखा ४२७
६.२.५३. लिगिङसालेयुङ सिक्किम प्रशाखा ४२९
६.२.५४. सिक्किम तार्कु साम्दोङ तिन्तेक प्रशाखा ४३०

६.३.०. झिल्टुङ नुवाकोट शाखा : ४३४–४७२

६.३.१ सिम खिन्वेत प्रशाखा ४३४
६.३.२. काठमाडौं मूलपानी वैकुंठेटप्पू प्रशाखा ४३८
६.३.३. झिल्टुङ अर्चले नेपालथोक प्रशाखा ४४०
६.३.४. शंखुवासभा पावा प्रशाखा ४४३
६.३.५. झिल्टुङ कोल्पुटार बोर्लाङ प्रशाखा ४४४
६.३.६. कास्की वेगनास पोल्याङकोट प्रशाखा ४४७

६.३.७. सैपु पराप्चा बसेरी प्रशाखा ४४९
६.३.८. धनकुटा छुम्लिङ प्रशाखा ४४९
६.३.९. धनकुटा तेनुवा प्रशाखा ४५१
६.३.१०. शंखुवासभा आँखीभूईं प्रशाखा ४५२
६.३.११. धनकुटा चुङ्वाङ प्रशाखा ४५६
६.३.१२. काठमाडौं नेपालटार-गैह्रीगाउँ प्रशाखा ४५७
६.३.१३. काठमाडौं धापासी प्रशाखा ४६२
६.३.१४. असाम निकासी प्रशाखा ४६२
६.३.१५. झिल्टुङ खँडकाछाप अनेकोट कोल्पुटार प्रशाखा ४६३
६.३.१६. कोक्राझार-असाम तथा बानरहाट पश्चिमबंगाल प्रशाखा ४६८
६.३.१७. झिल्टुङ खँडकाछाप तथा भूटान प्रशाखा ४६९
६.३.१८. धनकुटा चौवीसे चानुवा प्रशाखा ४७२
६.४.०. सीपा मण्डन शाखा : ४७३–५३६
सीपा मण्डन प्रवेश ४७३
६.४.१. काठमाडौं डिल्लीबजार प्रशाखा ४७४
६.४.२. ललितपुर गोदावरी प्रशाखा ४७९
६.४.३. भक्तपुर कटुजे प्रशाखा ४८०
६.४.४. मण्डन डढुवा महादेवबेंसी प्रशाखा ४८२
६.४.५. मण्डनबीर्ता श्रीचौरमूल प्रशाखा ४८७
६.४.६. धादिङ जीवनपुर प्रशाखा ४९४
६.४.७. काठमाडौं कागेश्वरी प्रशाखा ४९६
६.४.८. टौदह चाल्नाखेल प्रशाखा ४९७
६.४.९. काठमाडौं बडीखेल प्रशाखा ५०५
६.४.१०. मण्डनबीर्ता श्रीचौर प्रशाखा ५०६
६.४.११. भक्तपुर सुवालबाडा प्रशाखा ५२०
६.४.१२. दुम्जा दाप्चा प्रशाखा ५२०
६.४.१३. ताप्लेजुङ डुम्रिसे प्रशाखा (क) ५२२
६.४.१४. ताप्लेजुङ ओयाम प्रशाखा ५२३
६.४.१५. ताप्लेजुङ डुम्रिसे ओयाम प्रशाखा (ख) ५२५
६.४.१६. लुभु करंगे नौबाटार प्रशाखा ५२७

६.४.१७. मण्डन दियाले प्रशाखा ५२८
६.४.१८. मण्डन ज्यामिरे प्रशाखा ५३१
६.४.१९. सिन्धुपाल्चोक तारामराऊ तेर्से प्रशाखा ५३२
६.४.२०. सिन्धुपाल्चोक फटकशिला प्रशाखा ५३३
६.४.२१. दिक्तेल हाङ्खुर डाँडाघर प्रशाखा ५३५

६.५.०. भोजपुर शाखा : ५३७–६०६
६.५.१. शाखा विस्तारका कारणाबारे विवेचना ५३७
६.५.२. शाखा विस्तार मण्डनबोर्ताबाट ५४३
६.५.३. भोजपुर कटुजे प्रशाखा ५४४
६.५.४. चैनपुर वन्ठुवा प्रशाखा ५५२
६.५.५. भोजपुर सिक्तेल कुशबोर्ता प्रशाखा ५५३
६.५.६. गुठाली प्रशाखा ५५४
५.५.७. हर्राबोटे र खाल्डे प्रशाखा ५५५
६.५.८. सिक्तेल बाना प्रशाखा ५५८
६.५.९. बोर्ताली प्रशाखा ५६३
६.५.१०. धनकुटा बूढीमोरङ प्रशाखा ६७२
६.५.११. अड्डाबारे प्रशाखा ५७२
६.५.१२. सिक्तेल बतासे प्रशाखा ५७५
६.५.१३ ताप्लेजुङ सिनाम प्रशाखा ५७७
६.५.१४. भोजपुर सल्लेनी प्रशाखा ५८०
६.५.१५. दाँवाँ बोक्खिम प्रशाखा ५८६
६.५.१६. माझाखानी प्रशाखा ५८६
६.५.१७. पालुवा प्रशाखा ५८९
६.५.१८. भोजपुर-पोखरे प्रशाखा (क) ५९०
६.५.१९. भोजपुर-पोखरे प्रशाखा (ख) ५९०
६.५.२०. सिक्तेल बोर्ता कुलापारि प्रशाखा ५९२
६.५.२१. कुशबोर्ता-गैह्रीबारी प्रशाखा ५९४
६.५.२२. ताप्लेजुङ फुलिङ मेलुङ प्रशाखा ५९५
६.५.२३. खोटाङ चुइचुम्मा प्रशाखा ५९७
६.५.२४. भूटानमध्ये चिराँग लप्सीबोटे प्रशाखा ६००
६.५.२५. सिक्तेल-भूटान तथा असाम गम्भीरी प्रशाखा ६०२
६.५.२६. दिङ्ला कुलुङ प्रशाखा ६०३

६.५.२७. दिङ्ला पापुंगा सिस्नेरी प्रशाखा ६०४
६.५.२८. ताप्लेजुङ बुङकुलुङ प्रशाखा ६०६

७. परिशिष्ठ खण्ड— ६०७

७.१.०. परिशिष्ट पृष्ठ नामावली ६०९
१. परिशिष्ठ पृष्ठ क, ६०९
२. ,, ख, ६०९
३. ,, ग, ६०९
४. ,, घ, ६१०
५. ,, ङ, ६१०
७.२. खनाल थरको प्रादुर्भाव तथा विस्तार ६११
७.३. ग्रन्थोपसंहार ६१४
७.४. शब्द शब्दार्थ ६२४
७.५. नामसूची-सन्दर्भ ६२९
७.६. सन्दर्भ-स्रोत ६३७
७.७. शुद्धिपत्र ६४०

मदन पुरस्कार पुस्तकालय
DIGITIZED BY MADAN PURASKAR PUSTAKALAYA

# कौशिकादि सन्तति

## प्रस्तावना तथा प्रमाण-खण्ड

# वंश-प्रशस्तिका

## घृतकौशिक गोत्रको वंशावली

स्वस्तिश्री शाके १७६८ माघ वदी ५ रविवासरे देवझूल ग्राम वास्तव्य श्रीनाथ सन्तति मितिसम् । वंशावलीति । गोत्र घृतकौशिक त्रिप्रवरश्चेति । प्रवरश्च नाम्ना घृतकौशिकाघमर्षणविश्वामित्रेति । केचित् घृतकौशिकवैश्वमित्र कौशिकेति च । श्रीनाथस्तु भगवन् पर्वत: सुवलश्चयो: । पर्वतेस्तु सुरसरित: कर्णप्रयागत: समा: ॥ तत्रत्या सूपसर्गश्च वसुर्वालक: आदित: । सपादाख्यागताश्चेति निवसन्ति इति क्वचित् ॥ सुवलस्य सुतो धीमान् पुण्डरीक: समुद्भूत: । तस्य भावा जयाख्येति भावाच्छंजय: जायत । संजयाच्छ्रीसुतोज्ञयो वाजपेयीति सत्य स: श्रीसुतात्पार्थ विज्ञेयो पार्थात्पर्वतनन्दनौ । पर्वतात्पांचजन्यस्तु गोपालस्तत्सुतेति च । गोपालाच्छन्तनु कुन्तु शालिहोत्रेति च त्रय: । शन्तनो: जातुकर्ण्यश्च तत्सुतो नन्दकस्तत: । नन्दकाद्वालको तस्य वालकस्य च टाटक: । टाटकाद्भाण्डीरो तस्य भाण्डीरश्च जगज्जय: । बलाकस्तत्सुतच्छ्रीमान् कुमारिल उदारधी ॥श्रीराम:॥ नन्दतस्य च श्रीराम: गोलक: भार्गवस्तयो: । भार्गवाद्धारितस्तस्य हारितस्य महिपति ॥ तस्य मन्सुर: मन्सुराद्धोलकस्तस्य ठाकुर: ठाकुराज्जीवराजोभूत् गौडवंशोसमुज्ज्वल: । सुतस्तस्य भवीस्तस्य दामोदर सुतश्च स: । वलराम: सुतस्तस्य राधावल्लभस्तस्य च । श्रीवल्लभाच्छालिग्राम: नाम्ना हं गौडब्राह्मण: । देवझूलाख्यरम्यस्मिन् केदारे-खशमण्डले ॥ श्रीराम. ॥ ( प्राप्तिस्रोत-शालिग्रामका नवौं पीढ़ीका सन्तान भास्करानन्द वाजपेयीबाट प्राप्त, मिति २०३०।१२।५ बालेश्वर-बारा हाट । )

---

प्राप्ति सौजन्य—गिरीशवल्लभ जोशी

## १. खशराजा अक्षयमल्ल प्रदत्त रजतपत्रको शब्दालेख

ॐ स्वस्ति ॥ सिंजापुर्यां समाविसन् दुर्लम्भपीठ नामध्येयं तीर्थस्थलं समादिसन् प्रतिष्ठितेष्ठ देवता परिचर्या परायण राजकंस नारायण शुक्राचार्यादि गार्ग्यायण प्रभृति मुनिजनोक्त नीतिशास्त्र निपुण विद्यार्जुन राजप्रताप मार्तण्ड प्रतिज्ञा परायणैक परम गुणाराधन साहस वीर वेतालादि विक्रमादित्य सक शालिवाहनादि नागवंश नारायण अग्निवंश नारायण समुद्रवंश नारायण दीपनारायण प्रज्वलित शक्तिमण्डित राजभुजवल पारायण सरस्वती कण्ठाभरण नागार्जुन सपादलक्षिण: राजकोद्‌दण्ड रिपुवल दर्पदमन महासामन्त शक्तिपीठाधीश्वर विविध विरूदावली विराजमान: परमभट्टारक परम प्रतापभास्कर महाराजाधिराज परमेश्वर श्रीमदक्षयमल्ल देव: सान्तपुर: सपरिवाराश्चिरंजयतु ॥ राइका भाष पसाकि अक्रि ॥ जयविद्याधर पण्डितका चेला सर्व् जसु जयतु गुनु चारू जना नेपा संकल्प करि रस्योवस्यो करि पाइ ॥ जठ्या भाटको आलो २ रोच्या पालको आलो २ तलीनेपा ३ चंख्या गिरिको आलो १ सिरू समरू सगुना भामको आलो ५

एकत्र घालि

आला १३ नेपा तला भितर सर्वकर अकर घालि रजत शासन करि अक्रधा ॥ सूर्य ग्रहण समये

सर्वकरि कपरि पाइ ॥ जयविद्याधर पण्डितका चेला चेलालि भुचन् ॥ सवितरि त्रयोः साक्षिण: रत्नत्रयो धर्मसंघा साक्षिण भाण्डागारिणश्च ॥ दिक्करिकूर्म कुलाचल फणीपति विधृतापि चलति वसुधेयं । प्रतिपन्नममल मनसां नचलति पुसां युगान्तेपि ॥ स्वदत्तं परदत्तं वा यो हरेन्च वसुन्धराम् । षष्ठिर्वर्ष सहस्राणि विष्ठायां जायते कृमि ॥ श्रीसाके ११९२ माघ वद्य ५ रवौ । लिखितमाचार्योपनामा पद्म जोइसि ॥

---

प्राप्तिसौजन्य–पं. ठाकुरनाथ शर्मा सोनाफाँटा

प्रस्तुत रजतपत्रको प्राप्ति विवरण यसप्रकार छ :—विगत २०१९ सालका हिउँदमा दैलेख आठवीसमध्ये जम्बुकाध गाउँपंचायतअन्तर्गत जम्बुकाधमा विद्यालयका लागि घडेरी खार्दैगर्दा एक रजतपत्रसहित चाँदीका पूजाका भाँडाहरू, एक खड्ग, एक झम्पललगायत फलामका हतियारहरू प्राप्त भई तत्कालीन प्रधानपंच राजवहादुर शाहका जिम्मा लगाइए। केही समयपछि साथमा लक्ष्मीनाथ योगी, नारायणजङ्ग शाह समेत साथ लिई योगी नरहरिनाथज्यू राजवहादुर शाहकहाँ पुग्नुभयो। अध्ययन गर्ने, प्रतिलिपि सार्ने कार्यहरू भए। त्यसपछि योगीज्यू दाङ चौघडामा रहनुभएका समयमा रापती अञ्चलाधीश कार्यालयले उहाँमाथि वारण्ट जारी गऱ्यो, योगीज्यू भागेर भारततर्फ लाग्नुभयो। योगीज्यूद्वारा संकलित प्रमाणपत्र तथा अन्य सामानहरू राखिएका कोठामा अञ्चलाधीश कार्यालय, जिल्ला कार्यालय तथा जिल्ला प्रहरी कार्यालयद्वारा तालावन्दी गरियो। केही वर्षपछि योगीज्यूका नाममा रहेको वारण्ट रद्द गरियो र उहाँ नेपाल प्रवेश गर्नुभयो तर कोठामा लागेको तालावन्दी फुकुवा गरिएन। यस अन्वेषकले योगीज्यूलाई सोधनी गर्दा "मेरा १८ भारी सामान त्यहाँ जफत गरेर सडाइए" भन्नुभएको थियो।

यस अन्वेषकले सेतीअञ्चल-कैलाली जिल्लाको भ्रमण गर्दा कैलाली सोनाफाँटा छोटी भन्सारका सहायतामा तत्काल त्यहाँ अस्थायी वसोबास गरी बस्नुभएका पं. ठाकुरनाथ शर्मासँग यो प्रतिलिपि अध्ययन गर्न पाएको थियो। यसका पीठमा नक्कल रुजु गर्नेमा सर्वश्री प्रधानपंच राजवहादुर शाह, पंचसदस्य महेन्द्रध्वज कार्की, योगी नरहरिनाथ, योगी लक्ष्मीनाथ र नारायणजङ्ग शाहले पीठमा हस्ताक्षर गर्नुभएको थियो।

२०३४ सालका हिउँदमा टीकापुर माध्यमिक विद्यालयका शिक्षक धनञ्जय तिमल्सेना र थापापुर गाउँपंचायतका प्रधानपंच रामध्वज चन्दका सूचनाद्वारा यति कार्य भएथ्यो। त्यसपछि कुनै जानकारी उपलब्ध हुन सकेको छैन।

विवेचना—यसको प्रथम प्रकाशन 'भाषिक चर्चाका [illegible]' (ने० रा० प्र० प्र० २०३९) र दोस्रोपटके प्रकाशन 'राजा गगनिराजको यात्रा' २०३८ मा यथावत् भएको छ। यो तेस्रोपटके प्रकाशन हो। यसमा दाताको नाम 'अक्षय मल्ल' पढिएको छ। अक्षय मल्ल सम्राट जितारि मल्लका जेठा छोरा हुन् भन्ने निश्चित भइसकेको छ तापनि त्यस बेला जितारि मल्लको कार्यकाल थियो बाबु गद्दीनसीन छँदै छोराको प्रमाण प्रशस्ती कसरी प्रकाशमा आयो ? भन्ने शंका एक थरीले गरेका छन्। यद्यपि यस्तो शंकाको कुनै औचित्य नरहेको कुरा अरू प्रमाणहरूले गर्दछन्। जस्तो सम्राट जितारि मल्लको कार्यकाल शाके १२०६-१० सम्म थियो भन्ने प्रमाणका लागि 'गोपाल राज वंशावली' साक्षी छ हेर्न मनन गर्न सकिन्छ। त्यसपछि अक्षय मल्लका यसै कालका अरू अभिलेख प्राप्त छन् जसमध्ये शाके १२०२ को शिलालेख केही वर्षपहिले श्री ५ को सरकार शिक्षातथा संस्कृति मन्त्रालय पुरातत्व विभागद्वारा प्रचार प्रसारमा ल्याइसकेको तथ्य स्मरणीय हुन आउँछ। शाके १२०५-७ का केही शिलालेखहरू बाजुरा जिल्लाका कोल्टी फूलबारी, छाति-कोट, गोत्री विहारडाँडा र काप्रीधारामा छन्। यथाप्रसंग तिनीहरूको उल्लेख र चर्चा परिचर्चा भएको छ। त्यस अतिरिक्त प्रतिलिपिकारले 'जितारी' का ठाउँमा 'अक्षय' पढेका भए त्यसो पनि हुन नसक्ने होइन। किं बहुना !

अन्वेषक

**पूर्णप्रकाश नेपाल 'यात्री'**

●

## श्री ५ रणबहादुर शाहबाट भएको रूक्का लालमोहर

श्री दुर्गा सहाय

श्रीशिरस्थान श्री नाभिस्थान श्री पादुकास्थान श्री ज्वाला भैरव यति देवता—

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणवहादुर शाह बहादुर समशेर देवानां सदा शमर विजयिनाम्

आग्ये दुल्लूका ब्राह्मण जगंनाथ आचार्य महादेव पाध्या रनुखानु भाउदास पाध्या रिजाल, पशुपति पाध्या, डाँगरगाउँ चुरूपाध्या हुमागाईं, दहथानका मनुपाध्या नेपाल, सुपारिपाध्या नेपाल, सिमगाउँ चन्द्र पाध्या नेपाल, सिरूपाध्या पोखरेल, इन्द्रमणि पाध्या पोखरेल सदुपाध्या लम्साल, बुढादाहाल गंगुपाध्या रिमाल, पाथर्नाउल्या वयालकोटको भद्र पाध्या भट्टराई, गोलुपाध्या कोइराला, मनिकंठपाध्या भूर्त्याल, जैसिबाडो शिवदास जैसी वस्ताकोटी, वलिपाध्या सापकोटा, खराल यति पंचकोशीभित्र तिमी ब्राह्मणहरूका पुर्खालाई अधिका जितारिमल्ल मलैवम राजाले शिलापत्र तामापत्र लेखी साक्षी राखी वीर्ता विलतव गरी दियाको अधिका राजा राजाले नहऱ्याको किलाभित्र आजसम्म चलन चली आयाको जग्गा आज हामीले पनि थामी वक्स्यौं तिमी वितलवका ब्राह्मणहरूले ताहाँका अघि अधिका राजालाई ज्या रीतले मान्दथ्यौ आज पनि त्यस जग्गाका अमालीलाई परापूर्वदेखि मानी आयाका रीतले मान्या गर आफ्ना खातिरजामासित बीर्ता वितलव जानी भोग्य गर हाम्रो सोझो चिताई आशीर्वाद दिन्या गर इति संवत् १८५२ साल अधिक भाद्र वदि १३ रोज ६ मुकाम कान्तिपुर शुभम्.................................

**मार्फत अभिमान सिंह** **रूजु त्रिभुवन खवास**

प्राप्ति सौजन्य—रमाकान्त न्यौपाने ( भू. पू. रा. प. स. जुम्ला )

प्रस्तुत लालमोहर पहिलोपल्ट **योगी नरहरिनाथद्वारा** अध्ययन गरिएर इतिहास प्रकाशका विभिन्न भागमा र इतिहास प्रकाशमा सन्धिपत्र संग्रहमा समेत बरावर दोहरिदै प्रमाणसंख्या १०६ मा छापिएको रहेछ तर जुम्ला जिल्लाका **भू. पू. रा. प. स. रमाकान्त** न्यौपानेसँग रहेको प्रमाणित प्रतिलिपि अध्ययन गर्न नपाइएसम्म यस अन्वेषकका दृष्टि छापिएका प्रतिलिपिमाथि पर्न पाएका थिएनन् । नेपाबीर्ताका बीर्तावारहरूले पनि यसका बारेमा कुनै जानकारी दिएका थिएनन् । न्यौपानेसँगका प्रतिलिपिको प्रतिलिपि सरोट गरेर ल्याएपछि २०३६ साल फाल्गुणमा दैलेख सिगौडीका मु० **जयप्रसादले** सर्वप्रथम स्वीकार गर्दै **यो प्रमाण हाम्रा पुर्खाले पाएका हुन्, हामी उनैका सन्तान हौं वर नेपाल हुनुपर्नेमा भूलले खनाल बोलिएका रहेछौं, अब भूल सुधार गर्वछौं"** भन्नुभएको थियो । त्यसपछि यही कुरा सातालां गाउँपञ्चायतका तत्कालीन प्रधानपंच **देवीराम उपाध्यायले** यो प्रतिलिपि पढेपछि **"यसलाई मैले पहिले कतै पढे जस्तो लाग्यो तर यसको अर्थ लाग्न सकेको थिएन"** भन्दै आफ्ना संग्रहबाट इतिहास प्रकाश भाग २ खोजेर ल्याई देखाउनुभयो, जो पूर्वोक्त प्रमाणसंख्यामा छापिएको रहेछ ।

**देवीराम उपाध्यायले** अविलम्ब भूल सुधार गरी लेखेर दिनुभएपछि नेपाबीर्तामा गई नेपाकान्ला बैजदीका **खड्गानन्द र कृपारामका** घरमा यसको मूल प्रति अध्ययन गर्ने अवसर मिलेको हो । तत्काल अन्वेषकका क्यामेराले प्रतिछवि लिएको पनि हो तर सुरखेतमा छँदा एक अज्ञान व्यक्तिले मेरा दृष्टि छली क्यामेरा खोलिदिएकाले रिल काम नलाग्ने भएछ । तत्कालीन सुरखेत जिल्ला वनकार्यालयका अधिकृत **गोकुलराज पांडेयले** मलाई रिल फुकाएर देखाउनुभएपछि पछुतो मान्नु परेको थियो । यद्यपि तत्काल दैलेखतर्फ फर्केर जानु समयाभावले सम्भव भएन ।

२०३७ सालमा **खड्गानन्दको** आकस्मिक निधन भएपछि त्यो लालमोहर उनका सहोदर भाइ **कृपाराम नेपाजसँग** रहेको छ । त्यसको प्रतिछवि खिचेर ल्याउने दायित्व मैले कार्यसमितिका सदस्य मध्यपश्चिमाञ्चल क्षेत्रीय समितिका सदस्य-सचिव **ज्ञानमणि नेपाललाई** सुम्पेको थिएँ तर के कसो भएर हो उहाँबाट त्यस दायित्वको पालना नभएकाले यसमा प्रतिछवि सामेल गर्न पाइएन ।

मूल प्रतिको छवि सामेल गर्न सम्भव नभए पनि दृष्ट साक्षीहरू प्रशस्त भएका र मूलरूपमा **रमाकान्त न्यौपानेका** सहयोगद्वारा गाँठो फुकाइदिने उदारता भएकाले पनि हार्दिकतास्वरूप यही प्रतिलिपिलाई महत्व दिई यसको श्रेय न्यौपानेलाई दिन उचित ठानिएको हो । किं बहुना !

अन्वेषक
**पूर्णप्रकाश नेपाल 'यात्री'**

## स्त्रि मंठलिका

नेपालस्या विमलाऽपगास्य निकटे स्त्रिदिवगाडाकृता।
कर्णाली असगा सरित्सुरवरा म-मानसा न्निःसृता ॥
साध्योगा अरुणांगतास्य विमला दुर्लभ्यतो मध्यतः
नेयः ग्राम महास्ति भूसुरवरा नेपाल मूकस्थलि ॥ ॥
स्वस्तिश्री सम्वत् १७८५ माघ वदि ४ कालुपाध्या लिखितं

पं० कालुपाध्या नेपाल रचित कविता



श्रद्धेय अग्रज श्री रामहरि शर्मा नेपाल
अध्यक्ष नेपाल वंशजपरिषद्



श्रद्धेय श्री माधवप्रसाद उपाध्याय नेपाल
अध्यक्ष वंशावली प्रकाशिनी समिति




**श्री पूर्णप्रकाश नेपाल 'यात्री'**
अन्वेषक एवं सम्पादक



## 'दुल्लू ज्वालाजी शिरस्थान देवता साक्षी'

प्रस्तुत वाक्यांश राजाज्ञाका एकलहरको अंशवाक्य हो। यसलाई यसै सन्दर्भका लालमोहरयमौतीपत्रमा अध्ययन गर्न सकिन्छ। यस वाक्यांशको अन्तस्करणमध्ये यस-माथिको चित्र एक हो। यस चित्रले प्रस्तुत अभिव्यक्तिका अन्तस्करणमा रहेका अर्थतिर लक्ष्य गर्दछ। माथिका शीर्षकमा साक्षीस्वरूप दुल्लूमा रहेका लोकचर्चित र प्रख्यात प्रमुख देवताहरूका नाम स्मरण गराएको आभास पाइन्छ। यसमा नपरेका अर्का देवता पनि साक्षीमा छन्; ती देवता हुन् भैरव। यसमा दुल्लू र दुल्लूमा लोकपूजित रही दूरन्त प्रख्यात रहेका ती लोकदेवताहरूका सम्बन्धमा सानू चर्चा गरिन्छ।

### दुल्लू राजधानी :

दुल्लूको लिखितरूप सर्वप्रथम सम्राट क्राचल्लदेवका शाके ११४५ का ताम्रपत्रमा पाइन्छ। यस ताम्रपत्रको प्रथम प्रकाशन आएट्किन्सनकृत 'इपिग्राफिका इण्डिका' भोलम १२ मार्फत भएको छ र यसलाई महापण्डित राहुल सांकृत्यानले आफ्ना कृतिहरू 'गढवाल' तथा 'कुमाऊँ' आदिमा गर्नुभएको छ। त्यस्तै डा० शिवप्रसाद डवराल 'चारण' शेखरसिंह गौतम, गोविन्द चातक आदिले पनि यथा प्रसंग चर्चा गर्नुभएको छ।

यस लिखितरूपका हिसाबले दुल्लूको प्राचीनता लगभग ७६५ वर्ष पुरानो देखिन आउँछ। यद्यपि उक्तअभिलेखका आशयअनुसार दुल्लूनजीकका सुसम्पन्न नगरमा

राज गर्ने प्रतापशाली राजा भन्ने अर्थ द्योतन हुने हुनाले त्यस सुसम्पन्न नगरका सम्बन्धमा चासो गर्नु लाभदायक हुनेछ । भेरी, कर्णाली अंचलतिर प्रख्यात रहेको एक भारतगाथा 'बालाराजा काशीराम थापाको भारत' मा गाउने आलापाईहरूले 'देवलीगढ' को नाम लिन्छन् र यस देवलीगढको सम्पन्नता विजयपुर अचंलेगढीका सेनवंशी राजा हिन्दपति सेनका राज्यकालसम्म रहेको दिग्दर्शन गर्दछन्[१] ।

देवलीगढ प्राचीनकालदेखि नै दुल्लू देशको राजधानी रहेको लोकचर्चामा पाइन्छ र यसलाई ३६० मन्दिरै मन्दिरको नगर थियो भन्दछन् । यस्तो सुसम्पन्न नगर देवगाडका वारिपारि तटमा रहेको थियो भन्ने आभास दिलाउने कतिपय स्थापत्यकला, प्राचीर तथा स्मारकहरूका भग्नावशेषहरू, तोरणवीथिका, राजमार्गका अवशेषहरू अझ पनि अध्ययन गर्न सकिन्छ । यद्यपि त्यस सुसम्पन्न नगरको सुगन्धलाई अब देवगाडका अनियन्त्रित छाल र बाढी प्रकोपद्वारा गर्भस्थ गराई सकेको छ । त्यस संस्मरणका लागि धराशायी हुन लागेका स्मारकमध्ये माथिको चित्र एक हो । यो स्मारक देवगाड उपत्यकाका पूर्वीभागमा देवगाडका रेतिला धारद्वारा रेतिदै रहेको छ । यसलाई अचेल 'पादुका स्थान' भनिन्छ । कौशिकादि सन्तति र आसपासका कुलीन परिवारका लागि धार्मिकस्थल, तीर्थस्थल, श्मशानघाट जे भने पनि काठमाडौं-स्थित पाशुपत क्षेत्र जत्तिकै लोकास्थाका केन्द्रबिन्दुमा मानिन्छ । पादुकास्थान भन्नको गूढार्थ दोस्रै होला अहिले त्यसतिर नलागौं । त्यो छुट्टै अध्ययन अनुसन्धानको विषय रहोस् ।

पादुकास्थानमा जो भएका अग्निज्वालाहरू अब सुलभ छैनन् ती सबै बाढी र पहिराका चपेटामा परिसके तापनि दुई तीनवटा ज्वालामन्दिरहरू भने स्मारकका रूपमा छन् । माथि चित्रमा देखिएका स्मारक, स्तम्भपुत्तलिका तथा कलशाधार चक्रहरूमा दुईवटा अभिलेख पढिएका छन् जसमा पहिलो चाहिं शाके १२०२ तिरको सम्राट अशोक चल्लका चिरस्मरणखातिर शौक्या कर्क्यानी र सगुना कार्की-द्वारा निर्मित अवलोकितेश्वर बुद्धका पादपद्मासनसँगै अभिलिखित प्रमाण हो । यसको प्रथम प्रकाशन २०३३ सालतिर अन्वेषक मोहनप्रसाद खनालद्वारा भएको थियो । दोस्रो चाहिं मन्दिरका तोरणद्वारमा शाके १२२१ मा अभिलिखित सम्राट आदित्यमल्लको अभिलेख हो । यसको प्रथम प्रकाशन योगी नरहरिनाथ र पूर्ण-प्रकाश नेपालसमेतका कृतिहरूमा भइसकेकाले यहाँ स्पर्शमात्र गरिएको हो । सारांशमा दुल्लू राज्यका दायाँबायाँ रहेका पञ्चज्वालामध्ये दूरन्त ख्यातिमा आएको ज्वालाजीको स्थान यो एक हो ।

---

१. भेरी लोकसाहित्य द्रष्टव्य ।

ज्वालाजी:

कूर्माञ्चल गढवालतिर पुरै दुल्लूलाई ज्वालाक्षेत्र भनिन्छ र वद्रीनाथधाम, वाराणसीधाममा तीर्थ गर्न गएसरह बढी संख्यामा धार्मिकजन साधु महात्माहरू वर्षेनी मकरस्नान गर्न आउने गरेको पाइन्छ। त्यस अनुपातमा जानकारीका कमीले होला नेपालीहरू कम्ती नै जान्छन्। कर्णाली अंचलवासी जनताका धार्मिक सर्वस्व भने ज्वालाजी नै हुन्। यी मुख्यरूपमा पाँचस्थानका बढी चर्चित छन् :—१. ललाट र कोटिलास्थान २. शिरस्थान ३. नाभिस्थान ४. धुलेश्वर तथा ५. पादुकास्थान। यतिमध्ये ललाट, शिर र नाभिस्थानमा अझ पनि अखण्डज्वाला छँदैछन्।

शिरस्थान:

ज्वालाजी भनिसकेपछि शिरस्थानको छुट्टै नाम लिनाका विभिन्न कारणहरू हुन सक्छन् तापनि मुख्यरूपमा नदीको त्रिवेणी समागमलाई महत्व दिएको हुनु पर्छ। यसमा श्यामागाड, तारागाड, धूमावती, रूद्रमती आदि नदीका प्रच्छन्न जलधारा मिसिएकाले दुल्लू दैलेखलगायत जानकारी पाउने धार्मिक जनका परम आस्थाहरू यहाँ प्रकट हुन आउँछन्। थाहा पाएका जनताहरू टाढा टाढादेखि शवदाह गर्न शिरस्थानमा ल्याउँदछन् र दाहसंस्कार सकेपछि शिरस्थान मन्दिरमा गई ज्वालाजीको भस्म धारण गरेपछि स्पर्शास्पर्श दोष रहँदैन भन्ने लोकविश्वास विद्यमान भएको जानकारी दिलाउँछन्।

भैरव देवता :

दुल्लू दैलेखमा प्राचीनकालदेखि नै सर्वोपरि लोकमान्यतामा रहेका देवता भैरव हुन्। ठाउँ ठाउँमा स्थापित विभिन्न भैरवमध्ये डाँडीमाडी-भैरवीकाली-गाउँपंचायतका कालाभैरवको स्थान विशेष चर्चित पाइएको छ। दुल्लू राजधानीका चारैतर्फ मुहुडीमा भैरवको स्थापना गरेको पाईंदा प्राचीनकालमा यिनलाई द्वाररक्षकमा मान्यता प्रदान गरेको थियो भन्ने आभास पाइन्छ। विस्तृतरूपमा अध्ययन अनुसन्धान भएजस्तो लाग्दैन।

पञ्चकोशी देवता :

दुल्लू राजधानीका चारैतर्फ पाँच कोशभित्रको क्षेत्रफल 'पञ्चकोशी' भनिन्छ। यसभित्र डुँगेश्वर (जलदेवता) ज्वालाजी (अग्निदेवता) हाउडी (वायुदेवता) महाभू (भूमेश्वर शिव) देवी-काली भैरवी देवताहरू समान लोकास्थाका केन्द्रविन्दुछन्।

कौशिकादिसन्ततिका पितृभूमि पुण्यस्थली नेपाका दायाँवायाँ भएर पूर्वदेखि पश्चिममुखी बग्ने नदीहरू पूर्वदेखि क्रमशः यिनी हुन् :—कट्टी, लोरे (गौरी नदी) तारा, श्यामा, धूमा, रूद्रमतीको संगम भएर बग्ने श्यामागाड, नेपागाड, देवा-

गाड, रामागाड यी सबै देववाची नदीहरू अलग-अलग गएर कर्णालीका अगाध जलधारामा आत्मसात हुन्छन् ।

यसरी उपयु'क्त वाक्यांशले दुल्लू दैलेख क्षेत्रका जलस्थलका परिवेशलाई अंगीभूत गराएको अनुभव हुन्छ । सम्भव भएसम्म त्यस्ता स्थानीय देवोदेवताहरूका चित्रसहित विस्तृत विवरणहरू दिनु कर्तव्य थियो र त्यसो गर्दा कौशिकादि सन्ततिको गरिमा महिमा अझ महिमामण्डित हुने थियो । यद्यपि कतिपय प्रविधिगत कारणले गर्दा चिताएबमोजिम हुन सकेन तापनि यस चञ्चुप्रवेशले पण्डित, नेपाल, सुतारकार्की, बराल, खनाल आदि भाइवृन्दालाका घटाकाशमा आफ्ना पितृभूमि नेपा; दुल्लू ज्वालाजी, शिरस्थान देवताका समीप एकपटक पुग्नैपर्ने श्रद्धा भावना उब्जियोस् भन्ने प्रार्थना गर्नु समीचीन छ ।

लालमोहरमा अंकित दोस्रो वाक्यांश उत्तिकै मननीय र इतिहाससम्मत रहेको देखिन्छ—'अधिका जितारिमल्ल मलयवम्म राजाहरूले दियाको' यस वाक्यांश-को व्याख्या र विवेचना जतिसुकै विस्तृतरूपमा गरे तापनि तृप्ति अनुभव हुँदैन । त्यसर्थ यस ऐतिहासिक गरिमालाई जिज्ञासु नवप्रतिभा भाइवृन्दालाई जान्न सजिलाका लागि एउटै उद्धरण पनि मार्मिक मार्गदर्शक होला भन्ने लाग्दछ : —'जितारिमल्ल (ना०) मध्यकालीन नेपालको सिञ्जा-साम्राज्यका अत्यन्त प्रभावशाली राजा, अशोकमल्लका पुत्र ।

नेपाली वृहत् शब्दकोश पृष्ठ ४८१–सम्पादक प्रा० वालकृष्ण पोखरेल (निर्देशक सम्पादक मण्डल) प्रकाशक: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान कमलादी काठमाडौं । नेपाल, प्रथम संस्करण २०४० ।

समीक्षा : वास्तवमा जितारिमल्ल प्रतापी विजिगीषु सम्राट हुन् भन्न पाइने आधारहरू समग्ररूपमा प्रकाशमा आउन बाँकी छन् भन्न सकिन्छ । अहिलेसम्म जे जति प्रकाशमा आएका छन् ती ज्यादै कम भएर पनि अति तीव्र प्रकाशका रूपमा स्वागत योग्य छन् । हुन ता अध्ययनका कमीले गर्दा हो वा असावधानीवश त्यस्तो हुन गएको हो नेपालका केही लब्धप्रतिष्ठ लेखक विद्वान्हरूले सम्राट जितारिमल्ललाई निस्संकोच "पश्चिम नेपालका आख्यानका राजा' भनेर लेखेका छन् । सायद तिनीहरूले नेपाली वृहत् शब्दकोश, गोपाल राजवंशावली, इतिहास प्रकाश, भेरी लोकसाहित्य, कर्णालीप्रदेश एकविटो अध्ययन, सिजाको ऐतिहासिक रूप-रेखा जस्ता कृतिहरूको अध्ययन नगरी मनमा लागेका कुरा लेखे ।

उल्लिखित शब्दकोशमा पनि एकाधतथ्यहरू असावधानीवश पर्न गएजस्तो लाग्दछ । जस्तो सिञ्जा साम्राज्य होइन, त्यसो लेख्दा पाठकवृन्दमा भ्रम पर्न सक्छ किनभने 'सिञ्जा' होइन 'सिजा' अनि साम्राज्य होइन केवल साम्राज्यको राजधानी हो ।

'प्रख्यातं हि सपादलक्ष शिखरि'[२] एवं 'साम्राज्ये सकुलापाते'[३] तथा 'अथ खारिप्रदेशस्थो श्रीजावेश्वर ताम् अगाद्। तेन श्रीनागराजेन सिजापुर्या- स्थितिकृत[३]॥' अनि 'अथ श्रीनागराजस्य नैवाशेष यदन्वयम्। ततः गेला- ह्वयो पुण्यमल्लस्तत्राभ्यषिच्यत[३]॥' जस्ता प्रमाणहरूले सपादलक्ष साम्रा- ज्यको द्योतन गर्दछन्। अर्को शब्दमा यस साम्राज्यलाई 'खशसाम्राज्य[४]' अथवा 'मल्लसाम्राज्य'[५]' भन्न मिल्दछ। त्यस्तै जितारिमल्लका पिताको नाम अशोक- मल्ल होइन किन्तु अशोकचल्ल[२] हो—'शिलै श्रीमदशोकचल्लमपियो:' भन्ने कुरा यस वाक्यांशले स्पष्ट गरेजस्तो लाग्दछ। अशोकचल्लका साम्राज्यकालमा अशोकमल्ल नामका अर्कै करदीकृत सामन्त थिए'[५] त्यस अर्थमा भ्रम परेको हुन सक्छ।

उक्त शब्दकोशमा नाम नपरेका राजा मलयवम्म पनि उत्तिकै प्रभावशाली राजा मानिएका छन् किन्तु जितारिमल्ल र मलयवम्मको कार्यकाल भने एकै होइन निकै पुस्ताका फरकमा अनि भिन्नै वंशमा पर्दछ। गोपालराज वंशावली लगायत प्राप्त प्रमाणहरूले जितारिमल्ललाई संवत् १२४४-४५ सम्म जोवित देखाएका छन् र त्यसपछि उनका कान्छा छोरा आदित्यमल्ल सम्राटमा गद्दीनसीन रहेका प्रमाण- हरू उपलब्ध छन्। तिनै प्रमाणमध्ये प्रस्तुत चित्रमा अंकित अभिलेख अद्यावधि प्रकाश- मा आएका मध्ये सम्राट आदित्यमल्लको पहिलो अभिलेख हो।

राजा मलयवम्म पालवंशी सम्राट अभयमल्लका उत्तरवर्ती देखिन आएका छन् र उनी संवत् १४३५ सम्म जीवित थिए[६]।' अझ एकथरी विद्वान्का लेखन- अनुसार हो भने १४५३ सम्म जोवित थिए भन्ने देखिन आउँछ[७]। अस्तु जे होस् सम्राट जितारिमल्ल र राजा मलयवम्म लगभग एकशय वर्षअघिपछिका साम्रा- ज्याधिपति र प्रान्तीय शासक राजामा पर्दछन्[८]।

नेपा बीर्ताका संरक्षक महाराज र अरू कतिपय बीर्ताहरू जस्तो :—रोलगाउँ, जाक्सी, भानाकोट, फूकोट, वाल्चौर, वलकन्दा, सिगौडी, नवगाउँ, सुतार- गढ, वासी, डाँडीमाडी वीर्ता प्रदान गर्ने दाता मलयवम्म र उनका उत्तराधिकारी दुलाल राजाहरू हुन्। यससम्बन्धी प्रमाणहरूको व्यापक खोज हुँदैछ।

—सम्पादक

---

२. सिजाको ऐतिहासिक रूपरेखा—२०४२
३. कर्णालीप्रदेश एकविटो अध्ययन—२०२८
४. इतिहास प्रकाशमा सन्धिपत्र संग्रह—२०२५
५. सेतीका तारा—२०३४
६. राजा गगनिराजको यात्रा २०३८
७. पश्चिम नेपालमा खशराज्य व्यवस्था २०४३
८. कर्णालीप्रदेशको मध्यकालीन इतिहास (अप्रकाशित)



नेपाबीर्तामा पल्टनलाई तिर्नुपर्ने कूत माफी गरिएसम्बन्धी
चौतरिया हस्तवल शाहको पत्र १। यस्ता पत्रहरू
नेपाल एकीकरण अभियानसन्दर्भमा दुल्लू
राज्यको के भूमिका रहेको थियो
भन्ने जानकारी दिलाउन
सहायक हुनसक्छन् ।



नेपावीर्तास्थित कुलदेवता–महाभष्टमण्डली र तिवारी श्मशानीका निम्ति राखिएका गुठजग्गाको कूत नलिनु भन्ने सम्बन्धमा जारी गरिएको रुक्कापत्र । नेपावीर्ताले नेपाल सरकारका पल्टनलाई सहयोग गरी आएको रसद यस पत्रको जारी गरिएउप्रान्त मिनाहा माफी भएको थियो ।



नेपाबीर्ताका दाता महाराजाधिराज अक्षय मल्लको शाके १२०२ को शिलालेख। यस शिलालेखको प्रसारण सर्वप्रथम श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय पुरातत्व विभागद्वारा भइसकेको छ। यस्तै अभिलेख अङ्कित देवल तथा मकरा र अरू बाधे ढुंगाहरू नेपा, कुइका-आछाम, विनायक-आछाम, कालिकोट नानीकोट, बाजुरा-कोल्टी, गोत्री-विहार-डाँडा, काप्रीधारा तथा छातिकोटहुँदो उपलब्ध छन्।

श्री ५ वाज्याज्यू श्री ५ बुवाज्यू

१ २

स्वस्तिश्री गिरिराज चक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्रीमहाराज राजेन्द्र-विक्रमसाह बहादुर समसेर जङ्गदेवानां सदा समर विजयिनाम् आगे मनोरथ नेपालके सम्वत् १८६३ साल मिति ज्येष्ठ वदि ३ रोज ३ कादिन १'''का शुद्ध शान्तिमा'''२बाट संकल्प भयाका खेतमध्ये खेतमुरी। ४० तस्को सरह् बमोजीमको घड्यारिसमेत बीर्ता गरी बक्स्यौं विसंखुका अम्वलमध्ये करंग्यापाखो पानीखेत मुरी। ४० को पाखोदिदा २८ रोपनी-का दरले पाखोमुरी। ४४ पाथी १६ तस्को सरहबमोजीमको घड्यारि-मुरी।८ ज्मापाखो मुरी ५२ पाथी १६ तस्कोसांधपूर्व चन्द्रविर नेवारको सुनापाखोको सांधलोहकिल दक्षिण-तेर्छोबाटो र मेघु खत्रिको बीर्ता पाखाको सांध लोहकिल पश्चिम रंकर डाँडो बाटोसांधलोहकिल उत्तररंकरको आलिसांध लोहकिल येति सिमानाभित्र घड्यारिसमेत ज्मा मुरी।५२ पाथी १६ बीर्त्ताजानि सन्तानदरसन्तान पर्य्यन्त परमसुखभोग्य गर यो बीर्त्ता

संकल्प हुँदा संकल्प वाक्य पढन्या पुरोहित यदुनाथपंडित अर्ज्याल पानी-हालन्या श्री जनरल भीमसेन थापा सांधलाउन्या सधियार स्यामलाल अर्ज्याल भवानिशंकर खनाल दिर्घबाहुपंथ डगोल मचाक ढोकाको धनवन्त मचाक देवलको अंत्यापाटनको मोहिनाइक्या लाख्या ऐटिचा, विसंखुका हरिवंशपौडयाल, द्वान्या, थरि कपिलपाध्या घिमिन्या रमुपाध्या घिमिन्या हरिलाल अधिकारी गजैपंडित् रनसुरपंडित् वलिभद्र कार्कि केदार खँडका चन्द्रपाध्या अचार्ज गंग्या कटुवाल बीर्तावारलेकिलाभंदा अर्घ्यालो-नचापनु विनातक्सीर जवद नगर्नु जो येसबन्धेजमा रहैन सो येस श्लोकमा भन्याको पातकि होला स्वदत्तांपरदत्तांवा योहरेच्च वसुंधराम् षष्टिव-र्षसहश्राणि विष्ठायांजायते क्रिमिःइति सम्वत् १८८६ सालमिति चैत्रशुदि १४ रोज ४ श्रमम्...........

(पीठपट्टि—:मार्फत दलभन्जन पांडे, मार्फत रणजोर थापा, मार्फत उदय गिरि, मार्फत यदुनाथ पुरोहित, मार्फत भीमसेन थापा, मार्फत रणोद्योत शाह, मार्फत फत्तेजंग शाह, मार्फत रणधीर सिंह, भन्ने हस्ताक्षर भएको छ ।

●

## श्री दुर्गा

(पछि शिरमा थप बाझो जग्गा भया घर्बनाई अमालिलाई दिन्या दस्तुरिवस)

स्वस्तिश्री काजि वखतवारसिंह बस्न्यातकस्य पत्रम्—आगे हरिसर्म पाध्याके झिलटुंका अंवलमा सालचौर भन्याको चार पाथि बीजजान्या रैकर बाझो जगा अमालको नविग्रन्या र गाउघरलाइ सकस नलाग्न्या भया तिमिलाई घर्वारि तुल्याउन दियौं षातिज्र्मासिंग वाझाको पषतगरी खोलाका श्रेस्तासंग अमालिमानि घर्वारी जानि चलन् गर इतिसंवत् १८७४ साल मिति भाद्रसुदि ५ रोज ३ मुकाम कांतिपुर शुभम्— १

## श्री दुर्गा

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का..........आगे: झिल्टुंगका अमालीदारप्रति-मामुली दसैंका रागा खरीद गर्नालाई रूपैया ४ पठायाको छ बढीया चोखो ठुलो खुन केही नभयाको रागा २ आश्विण सुदि ७ रोजका दिन ईटाचपली पुन्याई रसिद लीनु जो पुन्यावैन अपसरिया होला ईती सम्वत १८८१ साल मिती श्रावणवदी१२ रोज ६ शुभम्......

स्वस्तिश्री धर्माधिकार गुरू पंडितराज श्रीकृष्ण पंडित कस्यपत्रम्........ आगे झिलटुङ वीर्ताका पूर्विया उपाध्या ब्राह्मणके यथोचित् उप्रान्त कृष्णदेउसित रमाविष्णुप्रियाको र वलभद्र ब्रह्मदत्त इन्द्रदत्तसित जानकी को व्यभिचार भयावापत तिमिहेरूलाइ प्रायश्चित्त गराउनाका निमित्त धनपतिपाध्यालाइ पठायाको छ ताहां तिमिहेरू पैल्हो दोस्रो तेस्रो पतरी केलाइ जो जस्ता पस्याका छौ उसै माफी पुस्तकको भेटि दि प्रायश्चित्त गर इति संवत् १८८२ साल फागुन सुदि ४ रो...शुभम् ..................

---

प्राप्ति सौजन्य—रवीन्द्रराज नेपाल भानुटोल जनकपुर।

(बाहिर पीठमा—'**धंरेनिको फार्सापत्र**' लेखिएको)

**लिखितम कपिलास् मानेथोक बस्ने महादेव उपाध्याय मिश्र आगे तुलसिराम उपाध्याय कृष्णवंश उपाध्याय पुण्यशीलउपाध्याय जयधर्म उपाध्याय नेपालकी सांइलि वजेइले छोरीलाई दाइजो दी इहां···बंरेनिको बारि १ को मोहोर रूपयां ६ अक्षरेपि छ झिलटुंग खंडकाछाप वस्न्या सिवसर्म उपाध्यासंग लि यसै रूपयांमा बंरेनि फरक फरक छि—रि डल्लो गालि फार्सा गरि दियां वेचन्याको रूपयां पाको किन्याको जग्गा आंठो पाको एस जग्गामा केहि झंझगरा पऱ्यो भन्या म महादेव उपाध्याय बुझाउला हाम्रा दर्सन्तानको लाग् नास्ति गरि सुकृबिक्री फार्सापत्र लेखि निज सिवसर्म उपाध्यायायलाई दियां इत्यादि साक्षि होमनिधि उपाध्याय नेपाल कपिलास वस्न्या अर्जुनदेव सिखाडा लेखक साक्षि चेतनाथ नेपाल इति संवत् १९४० साल वंसाख वदि १ रोज २ शुभम् ····· ·· ·····**

---

**लिखितं झिलटुं खंडकाछाप बस्ने चेतनाथ उपाध्याय नेपाल आगे सोहि अंवल् टोड्के गाउँवस्ने वीरभद्र उपाध्याय नेपालसंग चांदीका मोहररूपयां ३२ अक्षरेपि मोहररुपयां वत्तिस् बुझिलि सो मोहर्रूपयां वालाकुत ३२ मा मेरो रोपनी वघमारा खेतमुरी ३१॥ मेरो मनोमान खुसीराजीसग राजीनामापत्रलेखी नीज विलभद्र उपाध्याय नेपाललाई बियां येस पत्रका साछि फड्केकिनारामा सदर्छन् इतिसंबत् १९५३ साल मिति माघ वदि ८ रोज ३ शुभम्·································**

येस पत्रका साछि······सहि
खडकाछाप बस्ने दामोदर पंडि-
त नेपाल······१ ऐजं बस्ने गंगा-
धर उपाध्याय नेपाल···१ लेखक
साछि ऐजं व, चंद्रकान्त पंडित
भद्राई·························१

---

प्राप्ति सौजन्य :—रवीन्द्रराज नेपाल भानुटोल जनकपुर।

## नेपाल वंशज परिषद्

एवं

## वंशावली प्रकाशिनी समितिको

# संयुक्त वक्तव्य

**श्रद्धेय बन्धुबान्धव !**

धेरै वर्षका लगातार परिश्रमपछि यस बेला बल्ल यस प्रस्तावनात्मक प्रतिकृतिले प्रकाशनको अवसर पायो । यसबाट सबै बन्धुबान्धवमा हर्ष अनुभव हुनु स्वाभाविक हो। नेपालथरको वंशावलीले ''कौशिकादि सन्तति' नाम पाई प्रथम समूहको प्रतिनिधित्व गर्न पाएको छ । यस प्रकाशनद्वारा समस्त नेपालबन्धुहरूका वर्षौंका उत्कण्ठा पूरा गराइदिएको छ । यसरी आफ्नो वंशगाथा प्रकाशन गर्न पाएर हामी हर्षित छौं ।

थालनीमा हामीलाई यति सफलता मिल्ला जस्तो लागेको थिएन; भला गर्दा भन्दा एक चिरन्तन प्रयासले मूर्तरूप लियो; अहो भाग्य ! भन्नु पर्छ । अन्वेषण कार्यलाई अझ व्यापक पारेर गोत्रव्यापी प्रकाशन गर्न सोचिएको थियो, सोचेअनुसार अलि मिलेन । भाग-भाग पारेर निकाल्दै जानेतर्फ सोचिएको छ । यसमा सबै सम्बन्धित क्षेत्रको आशानुकूल सहयोग भयो भने सोचेअनुसार नहोला भन्नुपर्ने कारण देखिदैन । यसैमा सबै सगोत्र बन्धुबान्धवका भएभरका नामावली, जीवनी तथा प्रमाणहरू संकलन गरेर प्रकाशमा ल्याउन सकेका भए आज थोरैलाई लागेको हर्ष धेरैमा वितरण गर्न पाइन्थ्यो । परन्तु चिताएबमोजिम नपुग्दा हात परेजतिमात्र प्रस्तावनाका रूपमा प्रकाशमा ल्याउन अग्रसर भइयो ।

कौशिकादि सन्ततिका लगातार प्रकाशनकै लागि यस भागलाई 'प्रथम समूह' भनी जानकारी गराउनु परेको हो । यसमा अन्वेषक तथा ग्रन्थकर्ता सम्पादक महोदयले विभाजन गर्नुभएका कालक्रमगत औचित्यलाई हामीहरूले मनन गरेका छौं । यसका लागि बेला बेलामा छलफल विचार विनिमय समेत नगरिएका होइनन्, गरिएका थिए । त्यसो भएर पनि कालक्रमगत संकेतहरू निकै सम्वेदनशील देखापर्दछन् । वसु पण्डित यसोका पुस्तावलीहरू उत्तर-मध्यकालदेखि शुरू भएकाले खूबै चाखलाग्दा

जँचेका छन्; ऋषिकल्पयसो सुपर्व नेमीउसोका पुस्तावलीहरू पौराणिककालका हुनाले सर्वसाधारणका ज्ञानसीमाभन्दा टाढाको कुरा भयो । त्यसो हुनाले विश्वसनीयताका दृष्टिले प्रमाण केलाउने कार्य भविष्यमा पनि चालू रहला भन्ने अपेक्षा गर्न सकिन्छ।

सर्वसाधारणका सजिलाका लागि प्रस्तुत प्रस्तावनालाई विभिन्न कालक्रममा देखाउन गरेको प्रयास निकै मार्मिक छ। वसु पण्डितयसो जयगुणाकर पण्डित र जयविद्याधरउसोका वंशवृक्षलाई छुट्टै राख्नाको पनि महत्व छ जस्तो लाग्दछ; कारण मानवकल्पका पुस्ताहरूको हामीसँग शृंखलामात्र उपलब्ध छ किन्तु विस्तृत विवरण भने उपलब्ध छैन । त्यसबीचमा कति सन्तानका आधारशिलाहरू हाम्रा जानकारीभन्दा बाहिर रहेका हुन पनि सक्छन् अतः सगोत्र बान्धवका सुविधातर्फ ख्याल गर्दा यस उपायको मूल्यबोध स्पष्ट हुन्छ । अन्ताराष्ट्रीय व्यापकतामाथि दृष्टि दिंदा पनि यसक्रमको अनौचित्य बोध हुँदैन, झन् लाभदायक सिद्ध हुन जाला । स्पष्ट छ यसले प्रायः समस्त बान्धवका लागि आधारशिलाको अर्थ देला ।

पण्डित सर्वज्ञधरयसो वर्तमान पुस्तासम्मका पुस्तावली निर्विवाद प्रथम समूहको एकमना सम्पत्ति हो त्यसर्थ यसलाई क्रमाङ्कमा समन्वित गराउनाले आपसमा साइनु पत्ता लगाउन सजिलो हुन जान्छ त्यसैले यस नयाँ प्रयोगका आधारमा प्रस्तुत गरिएका कौशिकादि सन्ततिको मूल्यबोध उच्चस्तरमा होला भन्ने सदाशा राखिएको छ ।

यस प्रस्तुतीकरणले नेपाल भरको व्यापकता नै संकलन गरो नसक्नु रहेछ भन्ने जनाइरहेछ भने गोत्रव्यापी संकलन त कल्पनातीत हुने कुरा नौलो भएन । यसपछि सगोत्र बान्धवहरू कार्की, वराल, खनाल, पण्डित, भट्ट, डोटेल, जोसी, कुशौला-पाँडे, विडाल, जिरे, काशीया, थापा, नेमी, कुशे, रेग्मी आदि सबैलाई समेट्न हामीलाई लगभग लामै समय लाग्न सक्ला । यद्यपि यस प्रथम प्रयासले सम्बन्धित कार्यमा योगदान पुर्‍याउन सक्यो भने निःसन्देह सबै बन्धुबान्धव लाभान्वित हुनेछौं ।

वरिष्ठ अन्वेषकका अन्वेषण कुशलता तथा अध्ययन अनुशीलनका परिणामस्वरूप यस प्रतिकृतिले मूर्तरूप लिन पाएकामा नेपाल वंशज परिषद् एवं प्रकाशिनी समिति हर्ष अनुभव गर्दछन् । विशेष गरी प्रकाशनक्रमको सुभारम्भ गर्न पाएकामा बंशावली प्रकाशिनी समितिलाई बढी हर्ष अनुभव हुनु स्वाभाविक हो । भविष्यमा विद्यमान अपूर्णता हटाई सर्वाङ्ग सुन्दर प्रतिनिधि ग्रन्थ प्रकाशन गर्ने हाम्रो इच्छा जीवन्त छ । यस प्रस्तावित कार्यक्रमलाई सफल पार्ननिम्ति समस्त बन्धुबान्धका अपार सहयोगको आवश्यकता अनिवार्य रुँदैछ । अतः दिवंगत पुण्यात्मा महामनीषि पूर्वजहरूका आशीर्वादले हामीहरू सबैका आशा पूर्ण हुन सकून् यही हाम्रो बारम्बार प्रार्थना छ ।

प्रस्तुत ग्रन्थलाई प्रकाशमा ल्याउननिम्ति गरिएका प्रयासबारे सारांशमा प्रकाश पार्नु कर्तव्य ठान्दछौं । अन्वेषक भाइ पूर्णप्रकाशले सहर्ष कार्यसमितिलाई दायित्व सुम्पेपछि प्रकाशन संस्थागत गर्ने जति प्रयास गरिए तिनमा वंशावली प्रकाशिनी समितिका तत्त्वावधानमा महीनामा वा विलम्ब भएमा दुई महीनावीचमा कार्य समिति-को बैठक बस्ने र सामान्य परी आएका समस्या र प्राप्त उपलब्धिमाथि विचारविमर्श गर्न थालियो ।

एकपटक बत्तीसपुतलीमा, एकपटक भीमसेनगोलामा र फेरि पछिल्लापटक बत्तीस-पुतलीमा संयुक्तरूपमा बैठक सम्पन्न गराइए। बन्धुबान्धवका जानकारीका लागि-रेडियो नेपाल, गोरखापत्रका माध्यमबाट प्रचार-प्रसार पनि गराइएको थियो । बैठक-मा पारित निर्णयअनुसार पूर्वाञ्चलको ईटहरीमा, पश्चिमाञ्चलको सिद्धार्थनगर-भैरहवामा; मध्यमाञ्चलको जनकपुरमा र मध्यपश्चिमाञ्चलको वीरेन्द्रनगर-सुरखेतमा क्षेत्रीय समिति-को स्थापना गरिएको छ ।

प्रस्तुत प्रतिकृतिमा २०४२ साल पौष मसान्तभित्रमा विभिन्न स्रोतबाट समितिमा प्राप्त हुन आएका नामावलीहरू समाविष्ट गराइएका छन् र २०४२ साल चैत्र मसान्तसम्ममा छपाउन पठाउने लक्ष्य राखी ग्रन्थ सम्पादन गर्ने व्यवस्था भए-को हुनाले निर्धारित मितिभन्दा पछि प्राप्त भएका नामावलीहरू यसमा नपर्नु स्वाभा-विक हो । निर्धारित समयमा छापाखानामा पठाउनुपर्नेमा कार्यसमितिका पदाधिकारी-हरू राष्ट्रसेवामा सम्बद्ध रहेका र राजधानी उपत्यका बाहिर सरुवा भई जानाले यस कार्यमा केही विलम्ब हुन गएको जानकारी गराउँछौं ।

नेपाल वंशज परिषद्द्वारा परिकल्पित कार्यक्रमहरू अरू पनि छन् जो यस प्रकाशनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहन्छन् । ती प्रायः कार्यक्रमहरू सामाजिक योगदानका लागि कौशिकादि सन्तति समाजका हितमा सोचिएका हुन् । जस्तो :—राजधानी काठमाडौंभित्र कहीं उपयुक्त जमीन खरिद गरी बन्धु-संगमस्थल निर्माण गर्ने, आवासीय भवन, अनाथाश्रम, कुलदेवताको स्थान, महामष्टमण्डलीको मष्टामाडौं, पितृमातृ मन्दिर, संग्रहालय, पुस्तकालय, आदि निर्माण गर्ने, अभिलेख राख्ने, वंशको प्रतिष्ठा बढाउनमा विभिन्न क्षेत्रबाट ख्यातिमा आएका लब्धप्रतिष्ठ व्यक्तित्वहरूका त्यागमय जीवनका स्मारिका राख्ने, सम्मान र अभिनन्दनको व्यवस्था गर्ने, गुठीको व्यवस्था गर्ने, छात्रवृत्ति तथा विद्वद्वृत्ति एवं पुरस्कारको व्यवस्था गर्ने आदि ।

उपर्युक्त सोचाइअनुसार नै यस ग्रन्थको विमोचनका अवसरमा नेपाल वंशज परिषद्का वर्तमान अध्यक्ष एवं वर्तमान पुस्ताका अग्रज श्री रामहरिशर्मा नेपालको अभिनन्दन गर्ने प्रयत्न गरिएको हो । यसबाट प्रत्येक सत्तरी वर्ष पुगेका लब्धप्रतिष्ठ

व्यक्तित्वहरूमा सम्मान अर्पण गर्ने, नागरिक अभिनन्दन गर्ने अनुकरणीय परिपाटी बस्न जाला भन्ने सदाशा राख्न सकिन्छ ।

समयमा कृति प्रकाशन गर्न विलम्ब हुँदा यस कार्यमा उल्लेखनीय योगदान प्रदान गर्नुहुने कतिपय अग्रज महानुभावका जीवनकालमा सेवा उपलब्ध गराउन सकिएन। त्यसले प्रकाशिनी समितिलाई दुःखी तुल्याएको छ ।

स्रोत-सन्दर्भका योगदाताहरू मु० गोपी कार्की, कवि विशाखर उपाध्याय नेपाल (दंलेख) पं० दिवाकर नेपाल, पं० त्रैलोक्यनाथ नेपाल, शंकरप्रसाद नेपाल, हरिकृष्ण नेपाल (काठमाडौं) र पं० मीनप्रसाद नेपाल (पाल्पा) आदि व्यक्तित्वहरू जीवित छँदै यस कृतिको प्रकाशन भइसक्नुपर्नेमा त्यसो हुन सकेन तापनि उहाँहरूका योगदानको मूल्यबोध भने चिरन्तन रहिरहनेछ ।

यस पुनीत कार्यमा प्राणपणले सहयोग पुऱ्याउनु हुने समस्त बन्धुबान्धवहरूमा हार्दिक साधुवाद ज्ञापन गर्दछौं । लामो समयदेखि समर्पित भावले वंशावलीका खोजीका लागि सम्बन्धित प्रतिष्ठासँगै नेपाली भाषा, संस्कृति, इतिहास तथा मानवशास्त्रका उद्दीपित छविका परिमार्जनमा सदा संलग्न हाम्रा भाइ उपप्राध्यापक श्री पूर्णप्रकाश नेपाल 'यात्री' लाई प्रकाशनका तर्फबाट मुरी मुरी धन्यवाद ज्ञापन गर्दछौं ।

अन्ततोगत्वा यस कार्यमा तन मन धन र बौद्धिक लगानी गरी प्रकाशन कार्य सफल गराउनु हुने समस्त दानशील महानुभावहरूमा हामी साधुवाद ज्ञापन गर्दछौं । यी शब्दावलीद्वारा ती बन्धुजनसमक्ष निवेदन गर्दछौं जो जसको नामावली यस प्रतिकृतिमा समावेश गर्न सकिएको छैन । कृपया आफ्ना शाखा प्रशाखाको विवरण छुटेको थाहा पाउनासाथ यसमा छापिएका अञ्चलप्रतिनिधि अथवा क्षेत्रीयसमितिसमक्ष भेट गरी छुटेका नामावली विवरणहरू टिपाइदिने अथवा सोझैं नेपाल वंशज परिषद्सँग सम्पर्क स्थापना गरी सहयोग उपलब्ध गराउनुभएमा आगामी संस्करणमा सधन्यवाद समावेश गर्न उचित अवसर प्रदान गर्नुहुन विशेष अनुरोध गर्दछौं । अन्तमा छपाइ कार्यमा आत्मीय भावले दिलोज्यान दिई उदारतापूर्वक उद्देश्यअनुरूप कार्य सफल पार्न सहयोग पुऱ्याउनुभएकामा दीपक प्रेस नदेसर वाराणसीका मालिक शिवशंकर प्रसादमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद !

**रामहरि शर्मा नेपाल**
अध्यक्ष
**नेपाल वंशज परिषद् नेपाल**
एवं
**माधवप्रसाद उपाध्याय नेपाल**
अध्यक्ष
**वंशावली प्रकाशिनी समिति**

सम्पादकीय—

# हार्दिकताका केही शब्दपुष्प (अग्रलेख)

## १. प्राक्कथन :

**समादरणीय आप्तजनहरू !**

वर्षौंदेखि हामी चिरप्रतीक्षित थियौं वंशावली प्रकाशनार्थ। लामो अथक परिश्रमका फलस्वरूप आज हामी त्यस लक्ष्मणरेखा पार गरी धैर्यका सीमासम्म पुग्न लागेका छौं। यसबाट हामीमा यो अनुभव भएजस्तो लाग्दछ प्रस्तावित कृतसंकल्पहरू साकार पार्ननिम्ति अवश्यमेव ज्ञान-यज्ञको होता बनेर कार्यक्षेत्रमा नउत्रिएसम्म कदाचित सम्भव हुँदैन। केही गरौं भन्ने चाहना सबैसँग रहन्छ, मात्राको कमोवेश मात्र हो तर लौत गरिहालौं भनेर समाहुत बन्ने साहस सबैले गर्छन् भन्न मिल्दैन। अतएव लामो यज्ञको पारायणस्वरूप यस सन्तोषका बखतमा आफूहरूसमक्ष ग्रन्थकार अनुसन्धाताका स्थानबाट व्यक्तिगत उद्‌गारहरू प्रकट गर्न लागिरहेछु। कता कता किन म व्यक्तिगत भएँ भन्ने संकोच पनि लागिरहेछ तापनि यस सुखद उपलक्ष्यमा आफ्ना मनको रामकहानी प्रकट नगरे फेरि कहिले गर्ने भन्ने ठानेर अनुत्तरित प्रश्नका स्थितिबाट आफूलाई पार लगाउने धृष्टता गरेको छु।

प्रस्तावित कार्यका लागि संकल्प, प्रेरणा तथा कार्यसम्पादनका निम्ति उपयुक्त पृष्ठभूमि कसरी तयार भयो ? भन्ने जिज्ञासा प्रत्येक अनुसन्धित्सु हृदयसँग रहन्छ अनि कसरी यस लक्ष्मणरेखासम्म आइपुगियो त ? भन्ने प्रश्न पनि अनुत्तरित प्रश्न बनिरहन चाहँदैन। वर्तमानपुस्ताका निम्ति प्रत्येक साक्षात्कारहरू सजीव मानिन सक्छन् परन्तु भावीपुस्ताले यसको समाधान अक्षरहरूका पंक्तिकै सहायताद्वारा गर्न पाउनु पर्दछ। अनन्त शृंखला र संसृतिको बेरोकटोक यात्रा गतिशील यथार्थसम्म आइपुग्न सायद यही शाश्वत सत्यको अवलम्बन गरेकामा किंचदंश शंका छैन। अतएव वर्तमानपुस्ताद्वारा भावीपुस्ताका हितमा आवश्यक जानकारीहरू खुलस्त राख्न सकिएन भने हाम्रा क्रियमाण कर्महरू कता कता अपूर्णताका सूचक हुन जालान् त्यसैले तत्काल आफूसित संचित प्रासंगिक उद्‌गारहरू आफूहरूसमक्ष निर्मत्सर अभिव्यक्त गर्नु म आफ्नो परम कर्तव्य ठान्दछु। यसबाट व्यक्तिगत भन्ने भावनामा प्राञ्जलता आउला भन्ने सदाशा पनि राखेको छु।

वर्तमान हामी जे जस्ता अवस्थामा छौं सायद समयको चाहनाभन्दा विपरीत गएका छैनौं किनभने वर्तमानसमक्ष मानव अस्मिता भनेको के हो ? जस्ता प्रश्नले काउकुती लगाइरहेछ; हरघडिपला चुनौती दिन लागिरहेछ र अस्मिताका अनन्त ईयत्ताहरू प्राप्त गर्न तीव्र उत्कण्ठा जगाइरहेछ। यसले वर्तमानलाई समस्या दिइरहेको

छैन किन्तु जीवनका शुष्कता र एकरसताबाट मुक्ति दिलाउने सरस प्रचेष्टा गरिरहेछ। आज बराबर कर्णगोचर भइरहेछ अस्मितासम्बन्धी प्रश्नका निर्णायक उत्तरका खोजमा विश्वव्यापी लहर लहराएको छ र बहुधा प्रयत्नहरू गतिशील यथार्थलाई अविच्छिन्न अनन्त शृंखलासँग जोड्न प्राणपणले लागिपरेका छन्। प्रायः मानववंशहरू अब आफ्ना अस्मिताजन्य अनन्त धाराप्रवाहदेखि आफूलाई अनभिज्ञ राख्न चाहँदैनन् र गतिशील यथार्थको परिमार्जित कसी के हो ? त्यसलाई पारख गर्ने आँखीझ्यालका निर्माणमा समर्पित भावद्वारा लागिपरेका दृष्टान्तहरूसँग हामीहरू बराबर बराबर परिचित हुँदै आइरहेका छौं।

नेपालमा मानव अस्मिताको मौलिक विवेचना गर्ने प्रक्रिया शैशव अवस्थामा छ भन्दा सायदै अत्युक्ति होला। यसलाई व्यापक र प्रभावकारी बनाउँदै लैजाने प्रमुख उत्तरदायित्व वर्तमानसँगै छ भन्न सकिन्छ। अतएव वर्तमान परिपृष्ठमा नेपालीत्व के हो ? यसको सही निराकरण गर्नुपर्ने परिस्थिति नेपालमा भित्रिइसकेको छ। जस्तो—यदाकदा तर्क गरिन्छन् नेपालीत्व कसैको सांस्कृतिक उपनिवेश हो कि मौलिक वर्चस्वको बुकीसुन हो ? त्यसैले वर्तमान परिपृष्ठमा आइपुग्ननिम्ति हामीहरूले कुन कुन शृंखला पार गर्दै आयौं यसका पृष्ठभूमिका रूपमा आफूहरूसमक्ष प्रकाश पार्न अनुमति चाहन्छु।

अन्यथा नठानिवोस् पहिले एक प्रश्न यहाँहरूसमक्ष राख्दछु—सर्वसाधारण जनताका वंशावली तयार गरेर के पाइन्छ ? अनि वंशावली तयार पार्नेपर्छ भन्ने प्रबल धारणा हामीभित्र पहिले कसमा उब्जियो ? प्रश्न यिनै हुन्।

अब मैले बुझेसम्म निवेदन गर्दछु। प्रस्तावित कौशिकादि सन्ततिमा केही क्रियमाण सत्यहरू संयोजित छन् जसका एकरूपताका लागि सम्पादकीय औचित्य स्थापना गर्नुपरेको थियो। केवल टिपोटसम्म तयार पारिराख्ने क्रमको पुरातनता पाल्पानिवासी पं० मीनप्रसाद नेपालसँग थियो त्यस संग्रहमा लगभग तीनसय वर्ष पुराना पंक्तिहरू पढेको मलाई संझना छ। परन्तु खेदको कुरा गर्नुपर्‍यो त्यो संग्रह उहाँका जीवनलीलासँगै सती गएजस्तो भयो प्रकाशनार्थ उपलब्ध भएन। दोस्रो टिपोट मण्डनका पशुपति, गोपीनाथका सन्तानसँग थियो। सुन्न पाइएअनुसार डिल्लीबजारनिवासी सुब्बा देवीरमण नेपालसँग ताम्रपत्र लालमोहरसहित संग्रहीत थिए। परन्तु त्यो संग्रह पनि सुब्बा देवीरमणका जीवनलीलासँगै विलुप्त भएको शंका उपस्थित हुँदैछ। दैलेख जाक्सी गाउँका मुखिया गोपी कार्कीका संग्रहमा रहेको टिपोट सबै थरलाई समेट्न सक्ने उपयोगी थियो तर विवरणात्मक भने थिएन। बाँकी संकलनहरू प्रायः सबै नयाँ तत्काल तत्तत्स्थलमा गई संकलन गरिएका हुन्। वंशावली ग्रन्थ प्रकाशनकै उद्देश्यद्वारा गरिएका संकलनमा मेरा पिताजीको संकलन पुरानू मानिन सक्ला जस्तो मलाई लाग्दछ जसमा नामावली सान्दर्भिक प्रसंगमा छँदैछ र त्यसको अभिप्राय के हो तत्सम्बन्धी

टिपोटको उद्धरण यथाप्रसंग दिने जमर्को गर्दैछु। शेष प्रमाणहरू चाहिं सुरक्षाको अभाव र अज्ञानताका सिकार भए हुन्, सिद्धियो। पिताजीका संकलनपछिको लघु-प्रयास मेरी श्रीमती दिव्यभावनाद्वारा विगत २०१२ सालमा भएको थियो त्यसमा पुलहा, धुल्लू, स्याङ्जा र पर्वतका खनाल र कार्कीयरको नामावली संकलित छ भविष्यमा यथाप्रसंग समायोजित हुनेछ।

उल्लिखित विवरणबाट विज्ञ महानुभावहरूमा प्रकाश पर्नुपर्छ प्रस्तावित कार्यको श्रीगणेश मबाट भएको नभएर मेरा पिताजीबाट भएको हो। रह्यो महाराजगंजनिवासी पं० दिवाकर नेपालका संग्रहको कुरा। उहाँसँग मैले बुझ्न पाएसम्म सत्यनारायणदेखि यसो दश पुस्ताको (आफ्नोमात्र) वंशवृक्ष मलाई दिनुभएको थियो त्यो यथाप्रसंग समावेश छ। झिल्टुङ प्रशाखाको प्रायः विवरण शंकरप्रसाद र रवीन्द्रका संकलन हुन्, दिवाकरको संकलन होइन किन्तु पं० दिवाकरले उपत्यकाञ्चल र नुवाकोट जिल्ला विशेषगरी झिल्टुङ बीर्ताको संकलन भने गर्नुभएको थियो भन्ने सम्बन्धित क्षेत्रबाट थाहा पाएको थिएँ, पछिल्ला भेटमा त्यस संकलनको कुरा चलाउँदा इतिहासकार ज्ञानमणि नेपाललाई दिइपठाएको छु भन्नुभएथ्यो ज्ञानमणिसँग भेटेर कुरा चलाउँदा मैले लिएको छैन भन्नुभयो। त्यो कुरा सिद्धियो। पाल्पा शाखाको नवीन प्रयत्न नलराज-शास्त्रीको सौजन्य हो।

सिक्लेल ददिपुर निवासी पं० वासुदेव नेपालको संकलन हरिनारायण नेपाल र गोपाल नेपालयसोको नामावलीसम्बन्धी पद्यावली पं० ज्ञानमणि नेपालका सौजन्य-द्वारा प्राप्त भएको हो जसका आधारमा विस्तृत विवरण तयार पारिएको कुरा स्मरणीय छ।

मेरा पिताजी डि० कृष्णप्रसाद उपाध्याय (१९१०-१९९८) सर्वसाधारण जनताका दृष्टिमा साधारण कृषक अथवा व्यावहारिक जीवन हुनुहुन्थ्यो परन्तु यथार्थमा नाम चलेका लेखक तथा कुशल अनुसन्धित्सुका पंक्तिमा पर्नुहुन्थ्यो। तत्काल वेद, पुराण, कर्मकाण्ड, ज्योतिष, मन्त्रतन्त्र, व्रतकथा आदिका पुस्तकहरू लेखेरै काम चलाउनुपर्ने समाजमा छपाई प्रकाशन गर्ने वातावरण बनी नसकेको र दूरन्त कही भए तापनि खास चासो नलिएको बुझियो। उहाँले लेख्नुभएका उपयोगी पुस्तकका ठेलीहरू पूर्वाञ्चलका कतिपय जिल्लाहरूमा खोजी गर्दा पाइन्छन् अनि कतिपय पाण्डुलिपिहरू पुरातत्व अभिलेखालय वा राष्ट्रिय पुस्तकालयमा पनि खोजी पर्नेमा उपलब्ध हुन सक्लान्।



(डि० कृष्णप्रसाद उपाध्याय)

जीवनको पूर्वार्द्ध खानी अड्डा अमाल कचहरीसँग सम्बन्धित रहेको र उत्तरार्द्धतिर 'आत्मावारे अधीतव्य' जस्तासूक्ति चरितार्थ गराउन लाग्नुभएको बुझिएकाले १९६० पछि नै यसतर्फ लाग्नुभएको होकि भन्ने अन्दाज लगाइन्छ । प्रारम्भतिरका उहाँका लेखहरूमा आफ्नो थर नेपाल लेखेको पाइएको छैन तर १९६०-६१ सालयता लेखिएका कागज-पत्रमा भने 'डि० कृष्णप्रसादपाध्या नेपाल' लेखेको पाइन्छ । नेपाल थर कसरी प्रचलनमा वा अस्तित्वमा आयो यस सम्बन्धमा निकै चासो गर्न थाल्नुभएको छनक पाइन्छ । यसरी चासो जाग्नाको रोचक प्रसंग राहुचक्र गतिक फलाध्याय नामक ज्योतिष ग्रन्थका अन्तिम पृष्ठमा लेख्नुभएका लेखको आशय यसप्रकार छ :—खानी अड्डा अमाल कचहरी अब रहेन । रज्यौली सेवा गर्ने रहरमा बाबुबाजेले चलाएका ज्योतिष कर्मकाण्डका पुस्तकका ठेलीहरूमा माकुराले जालो लायो ज्योतिषमा दखल प्राप्त ज्योतिषी आसपासमा नहुनाले टाढै जानुपर्छ । आँखीभूँईं दियालेमा माधौपाध्या ज्योतिषी वित्पाते छन् भन्ने सुनियो जानुपर्छ ।

अध्यवसाय र सादगीपनका पक्षपाती व्यक्तित्वमा यसरी ज्योतिषको गहन अध्ययन गर्ने अभिरुचि पैदा भएकाले उक्त स्थानमा गई अध्ययन गर्न थाल्नुभयो । अध्ययन अध्यापनका क्रममा सोधनी पुछनी हुँदा नेपाल नेपाल जुटिए छ भन्ने ज्ञान भयो तर अब साइनु के लगाउने भन्ने प्रश्न उठेपछि जान्ने-सुन्ने खलीखाई पाका भएका भन्ने ठानिएका बूढापाकाहरूसित सोधनी गरियो तर सहीसलामत चित्तबुझ्दो जवाब कसैबाट पाइएन । त्यस चोटले गर्दा गुरुसमक्ष प्रतिज्ञा गर्दै भन्नुभएछ आयुका छोरालाई वायुले नखाएसम्म खास कुरा के रहेछ म पत्ता लगाएर प्रकाशमा ल्याउनेछु ।

आँखीभूईंमा केही वर्ष बिताई घरमा आएपछि नाम र व्यवहारमा आमूल परिवर्तन आयो । हो पनि, गाउँघरमा नाम चलेका बित्पाते ज्योतिषीलाई गाउँले जनजीवनले आफ्ना अनुकूलको नाम राख्दछ—जैसी । ज्योतिषीकहाँ जानेहरू अझ पनि जैसी हेराउन जाने भन्दैछन् । ज्योतिषीको प्राकृत उच्चारण जोइसी, जोइसीको घर्षितरूप जोसी र जोसीको विकृतरूप अपभ्रंसरूप जैसी हुन जान्छ त्यसैले उहाँलाई लोकले 'जैसी बूढा' भन्न रुचायो । नाम सुहाउँदो काम व्यवहारमा निपुणता साथै परिपक्वता थियो भन्ने जानकारी दिलाउने उन्मेषहरू उपलब्ध हुँदैछन् । त्यसै आधारमा उहाँलाई लेखकमात्र होइन एक कुशल अनुसन्धित्सुमा अपेक्षित गुण थियो भनेको हो । समाजमा शीलोञ्छ र संचय जस्ता उभय गुणले सुशोभित व्यक्तित्वहरू नगण्य फेला पर्दछन् । पिताजीमा उभय गुणहरू सुशोभित थिए भन्ने जानकारी दिलाउने आधार

त्यस्तै संचित सामग्रीहरू हुन् । वास्तवमा उहाँका खीसाबासामा रहेका कतिपय अमूल्य निधिहरू आज हाम्रालागि मार्गदर्शक सिद्ध हुँदैछन् ।

अपसोचको कुरा पिताजीका निधनसँगै त्यस बहुमूल्य संकलनको पनि दुरुपयोग भयो; सदुपयोग हुन पाएन । बालककालमा पितृवियोग सहनुपरेको र तत्काल घरछाडी लामो अवधि परदेशका परदेश रहनुपरेकाले पनि प्रत्यक्षमा त्यस दुरुपयोगको आरोप ममाथि लाग्न सकेन, अप्रत्यक्षमा भने मेरा परिवारद्वारा गरिएका एकासगोलका दुरुप-योगमा ममात्र पानीमाथिको ओभानु बन्न मिल्दैन ।

संग्रह प्रचुर मात्रामा थियो भन्ने कुराको एकझलक २००८ सालतिर पाएको थिएँ । गोगने-धाइपामा एक धार्मिक समारोहमा काका बद्रीनाथ नेपाल (सिक्तेल-सल्लेनी) र काका पं० भानुभक्त नेपाल (सिक्तेल-ददिपुर) सँगका भेटमा उहाँहरुले स्मरण गराउँदै भन्नुभएथ्यो डिट्ठा दाइको त्यो अपार संकलन प्रकाशमा ल्याउन सके कस्तो काइदा हुँदो हो ! जतन गरेका छौ के ? यस प्रश्नपछि काका भानुभक्तले स्वयं भन्नुभएथ्यो 'बबुरो ! परदेशको परदेशै छ, यसलाई के थाहा ।'

काका पं० भानुभक्त र बद्रीनाथले सम्झाएपछि फाट्फुट्ट घर गएका बेला चासो राख्न थालेको थिएँ त्यति लाभदायक सिद्ध नभए पनि । २०१८ साल वैशाखमा अभय-केशर नेपालबाट एक सूचनापाएँ—धोल्लेखानी वीरध्वज दमाईसँग डिट्ठावाले लेग्नुभएको अट्ठारवीसे नामको पुस्तक मैंले आँखैले देखेको हूँ, बुझ्न गए फरक पर्दैन । देखाउने नदेखाउने कुरा उही जानोस् ।

सूचना पाएर म त्यहाँ पुगें । हेर्न गाह्रारो साँगुरो परेन । त्यसताक क्यामेराको चलन गाउँघरमा पुगेको थिएन । पुरै नक्कल सरोट गर्न पनि समय भएन र फेरि त्यस्ता सडन लागेका थोत्रा पुस्तक पात्रा, पुराना कागजपत्रहरूको ऐतिहासिक मूल्य र मान्यता के हो त्यो बुझ्न सक्ने अवस्थामा आफ्नो ज्ञानपिपासा नअंकुराएकाले पनि टुलुटुलु हेरेर छाडने काम मात्रं भयो । पुस्तकका अन्तिमतिर आफ्नो चासोसित मिल्ने सामग्री पाइयो र सरोकार परेको जति नक्कल सार्न पाएपछि अब के चाहियो भनियो त्यसमूल प्रतिको संरक्षण गर्नुपर्छ भन्ने होसै आएन ।

अठारवीसे नामको पुस्तक भने पनि त्यसै पुस्तकका अन्तिमतिर अरू निकै विषय लेखिएका थिए । तिनमा आफ्नो वंश वा थरगोत्रसंबंन्धी लेखोट पाएमा निस्संकोच सारेर लिने बानी विगत २०१२ सालमा घटेका एक घटनापछि बसालेको थिएँ त्यसैले तत्काल समग्र पुस्तकको मूल्यबोध नभएकाले आफ्नो सरोकारको लेखोट मात्र मैंले सारेर लिएँ । त्यस लेखोटको पूर्ण विवरण यसप्रकार छ—"हाम्रो थर नेपाल हो यस-माथि कसैले सन्देह मान्नुपर्दैन । हाम्रा पुर्खा परमानन्दपाध्या-मण्डन वीर्ता-

बाट आएका हुन् । १८८६ सालका देवालीमा हामी त्यस बीर्तामा पुगेका थियौं । हामीसँग माथि डाँडामा उभिएर डढुवा बेंसीमा आफूहरूका पुर्खा रामदासले चिटाएको चौतारो र वरपीपल, आफ्नो घर खायल हेरु त्यो हो भनेर बीर्तावार गोपीनाथपाध्याले वताएका थिए । हाम्रा पुर्खा तुलसीदास-पाध्याका एक वलो सिक्तेलमा छन् एक वलो चुइचुम्मामा छन् । पुस्ता हिसावले यी दुवै भाइ वृन्दालाहरू आँतवलाका हुँन् ।

मण्डन बीर्तामा आउनुभन्दा पहिले हाम्रा पुर्खाहरू पश्चिम बद्रीनाथका आसपासमा रहन्थे अरे । त्यहाँदेखि उठेर अघि कुनै कालमा श्रीमती जावे-श्वरका देशमा आउँदा कीला कविला मिलेर आएकाले श्री जावेश्वर महा-राजले हाम्रा पुर्खालाई 'नेपा' नाम गरेको गाउँ बीर्ता दिएकाले थरै नेपाल भएको हो भन्दछन् । नत्र त्यसअघि हामीलाई 'थरीपण्डित' भन्दथे अरे । पछि नेपा बीर्ताका साइनुसनहेवाट नेपाल भएका हौं भन्ने कुरा जान्ने सुन्नेहरू गर्दछन् ।

अचेल ता देशको नाम पनि नेपाल भन्न थालियो । गजबै भयो किन-भने हिजोअस्तिसम्म यस देशलाई गोरखा राज्य भनिन्थ्यो, कसैलाई कसै-देखि कपाल दुख्नुपर्ने कुरो थिएन तर अव भने हामी नेपालाई अरूअरूले किन ? र कसरी ? भन्न थालेका छन्, के उदेक !

देशको नाम नेपाल संयोगले पऱ्यो त पऱ्यो, यसमा कसैको हानि नोक्सानी छैन । यसअगाडि जान्ने घिडघिडो त्यसै रह्यो । नालीबेली पत्ता लगाउँला भन्ने थियो खोइ ! मैले आफ्ना वंशका सम्वन्धमा धेरै थोक जान्न पत्ता लगाउन चाहेथें, सकिन, जे जति पत्ता लाग्न सकेको छ त्यति नै भए पनि मेरा सन्तानका लागि थोरै आधार हुँन सक्ला । सकेको छोराले खोजखवर गर्लान् स्वस्तिश्रीशाके १८६३ सम्वत् १९९८ आषाढ वदि ७ शुभम् ।।राम।।"

यसका अन्तिम पृष्ठका भित्रपट्टि शिरोभागमा एकहरफ यस्तो लेखिएको थियो—"संसेरमान राईके कं. रू. ४००। मंगलमान राईके कं. रू. ६७५ दिया" त्यस-मन्तिर माऊले खाएको निकै ठूलो प्वाल थियो ।

संसेरमान, मंगलमान राई भनेका हतुवा भालेढुंगाका वासिन्दा हुन् भन्नेसम्म मलाई कतैवाट थाहा थियो । यस सम्बन्धमा के हो कसो हो भनेर खोजीनीति गर्दा आमाले मसँग भन्नुभएथ्यो "विचरा ! संसेरमानका अव यहाँ कोही छैनन्, कोसँग लिनू ? माया मऱ्यो । मंगलमान मरेर गए पनि उनका छोरा सुन्दरमानले घरैमा मलाई बोलाएर पाईपैसो हिसाब चुक्ता बुझाएका हुन् ।"

यथार्थमा मेरो सरोकार लिखतका सत्यतामा थियो लिनुदिनुसँग चासो थिएन। यस्ता बहुधा जानकारीमूलक अमृतमय वचनहरू आशीर्वादस्वरूप पाएकाले, वंशावलीको चासो गर्नुपर्ने रहेछ भन्ने निश्चयमा पुगेको हुनाले थप जानकारीका आशामा थिएँ। त्यसैमा एक दिन आमाले एउटा पेटारातिर औंल्याउँदै भन्नुभयो "उ हजूरआमाले एक पेटारो कागज नाति पढेर आएपछि दिनू भन्नु भएथ्यो के छन् हेर"

हो, मेरा मामा रामनाथ भट्टराईको विद्यार्थीजीवनमैं आकस्मिक मृत्यु भएकाले मामाका पुस्तक पत्र अभ्यासकपीहरू जो जसलाई चाहिन्छ उसैउसैलाई हजूरआमाले वितरण गरेर दिनुभयो र पुत्रपीडाबाट केही सान्त्वना लिनुभयो भन्ने सुनेको थिएँ। यतिका वर्षपछि त्यो कुरा प्रत्यक्ष भयो। उत्सुकतापूर्वक पेटारो उठाएर आँगनमा ल्याएँ। खोलेर हेर्दा त धमीराको देवल जस्तो एक डल्लो माटो पो! लगभग बीस वर्ष पेटारामा बन्द रहेका कागजपत्रहरू नसड्नु सम्भवै थिएन। निराश भएर डल्लो फुटाल्न थालें भित्रीतहमा एउटा गत्तावाल कपी सग्लो जस्तो लाग्यो र पाना पल्टाउन खोजें। गातासँग जोडिएका पहिला पानामा पक्की खयरमसीमा लेखिएका सुन्दर घनाक्षर पढन मिल्यो। तबसम्म मैले त्यति सुन्दर अक्षर पढेजस्तो लागेन। अक्षर मामाका हुन् अथवा मामाका पनि मामाका हुन् वा, पिताजीका हुन् तत्काल कुनै निर्णय लिन असमर्थ भएँ। त्यसमा लेखिएका पद्यका दुई हरफ यी हुन् :—

**"फुल्लान् जंगलमा पलांस करविर् किन्तु सुगन्धीविना।**
**केही भाउ रहन्न फूलहरूको हेरेर जान्छन् जना॥"**

पानाभरिएका बाँकी पद्यहरू पढ्न निकै जोड लगाएँ, मक्किइसकेकाले सफलता मिलेन। आखीर पाता उक्किने नै रहेछ त भनेर बिस्तारै उक्काएँ। अर्कै प्रसंगका संस्कृत पद्यमा दृष्टि परे "शशिना च निशा निशया च शशि, शशिना निशया च विभाती नभ। पयसा कमलं कमलेन पय, पयसा कमलेन विभाती सर।" यस अगाडिको पातो उक्काउन खोज्दा प्वाक्क बाक्लै पाप्रो उक्किएर आयो पीलाको खील उक्किएजस्तो। त्यसमन्तिरको पातामा यस्तो लेखिएको थियो :—"पीपलका दाउराको खरानी र सन्तलाका बोक्राको खरानी समभाग पारी मल्नू र लसुनका रसमा भिजाउनु अनि दुई घडि छोपेर राख्नू। अबीर तयार हुन्छ।"

प्रयोग गरिहेरेमा हुन्थ्यो कि हुँदैनथ्यो त्यता लागिएन। आ! हुन्छ होला भन्ने लाग्यो त्यसै पनि रौसियो। अन्तस्करण किन त्यसरी उत्साहित थियो? प्रश्न अनुत्तरित नै रह्यो। त्यसै विचित्रको रमाइलो अनुभव भयो। अब अर्को पातो उक्काउँदा समातेको पातो चाहिं झूरा झूरा भएर झरियो तर त्यसमन्तिरका पातामा भने बडा सुन्दर घनाक्षरमा लेखिएको एक श्लोक कविता सहजै पढ्न सकियो :—

"-सुतार्कीकि बराल पण्डित खनाल् नेपाल नेमी अनी
काशीया र कुशे विंडाल र जिरे पाण्डे कुशौला पनी
घृतंकौशिक गोत्र तीन् प्रवर हो सन्तान गाधेयको
शाखा वाजसनेय सूत्र यिनको ता आपस्तम्बेय हो :"

यस कविताका रचयिता कवि को हुन् जान्न सकिएन यद्यपि प्रयत्न भने पिताको हो जस्तो लाग्यो । कविता यसको उसको भनेर खुट्याउनतर्फ नलागी सरसरी काम गरें। यसबाट एउटा नयाँ जानकारी पाइएको अनुभव भयो । यसभन्दा पहिले कवि शिखर-नाथ सुवेदीको थरगोत्र प्रवरावली कतैं पढेको संझना भयो । भिड्याएर हेर्दा पहिलो पाउको पन्ध्रौं अक्षरसम्म हुबहु मिल्दछ तर अगाडिका पद्यहरू शिखरनाथका होइनन् भन्ने स्पष्ट हुन्छ । कविताको मौलिकतामा शङ्का छैन किनभने यसमा शिखरनाथले उल्लेख गरेका भन्दा निकै थरहरू बढी छन् । कालक्रमगत तुलना गरी हेर्दा शिखर-नाथको कविताभन्दा यो कविता निकैपछिको होकि जस्तो लाग्दछ । अनुसन्धित्सुहरू-का लागि जानकारीमूलक कविता हो भन्न सकिन्छ । के ठेगाना अझ लामू रचना पो थियो कि ? जे जसो होस् यस कविताका प्राप्तिले केही वर्षपहिलेको एउटा स्मरण गरायो त्यस आधारमा कविता मौलिक हो भन्ने किटान गर्न बल मिलेको हो । विगत २०११ सालका हिउँदमा एक धार्मिक निर्णयका लागि असाम तेजपुरमा जाँदा गोरु-डुबा बस्तीमा तीन घर परिवार कुशौला पाण्डेहरू भेटिएका थिए । त्यसबाट मनमा परेको थियो घृतकौशिक गोत्रका सगोत्रीहरूमा कुशौला पाण्डे पनि पर्दारहेछन्। त्यसकारणले पनि यो कविता जानकारीमूलक भएको हो ।

यथार्थमा थोत्रा पुराना कागज, आफलिएका कसिगर आदि यस्तै सामग्रीहरूमा ऐतिहासिक, सांस्कृतिक विषयवस्तुहरू गर्भस्थ रहन्छन् । कतिपय मानव अस्मितासूचक आलोकहरू तिर्यक्‌रूपमा आसन्नविपत्तिबाट सुरक्षित रहेका हुन्छन् । यस इदमित्थम् सत्यलाई कसरी नकार्न मिल्छ र ! आत्मसात् गर्नैपर्ने हुन्छ ।

कुशौला पांडेसँगको साक्षात्कार, सडे गलेर आफलिएका कसिगर, धमीराका देवल, बूढापाकाका सूर्तिका लूंडा लुकाउने खीसा अनि पुस्तकका बासाहरू जस्ता पुस्तक पत्र, कागज आदिको सुरक्षा गरिन्छ । त्यस्तै दमाईंका सुजेरा नाम्जा अमल्लुना र आरने कामीका खलाँतीहरूमा सहसा उपलब्ध हुन आउने नवोन्मेषद्वारा यस कार्यमा कृतसंकल्प बन्न उत्प्रेरित पार्न त पार्‍यो तर कार्यसम्पादन ज्ञान नि त ? यो भयो झन् जटिल प्रश्न । शैशवकालदेखिका प्राप्त मार्गदर्शन आदि इत्यादि पाइरहँदा पनि, एक कुशल जिज्ञासु तथा अनुसन्धित्सु स्वभावका परिव्राजकको संरक्षण प्राप्त भएर पनि आँतको कालो बादल अझ हटेको रहेनछ अनि यस्ता मिष्ठभाषी आचार्य र एम्. ए. का प्रमाण-

पत्रका थाक केवल फजूल खर्चीभन्दा बढी केही हुँदा रहेछन् त ? जस्तो लाग्यो । त्यस बेलाको आफ्नो अज्ञानावस्था निरर्थक अभिमानका भुमरीमा रूमलिएको अभिशप्त लघुताभास संझिदा आज आफैंप्रति दया जागेर आउँछ । विद्यालयका श्रेणी उत्तीर्णको घमण्ड केवल कष्टकल्पना हो ! व्यावहारिक ज्ञानविनाको कोरा कल्पना के कामको कौडी हुन्छ र ! श्रेणी उत्तीर्ण गर्दैमा वा पुस्तकका पाठका काला राता हरफहरू रट्दैमा मानिसमा ज्ञानज्योति पर्दो रहेन छ । औपचारिकता पुऱ्याउने उद्देश्यले दिइने शिक्षण र ज्ञानार्जनका उद्देश्यले दिइने गुणात्मक शिक्षणका बीचको दूरी साह्रै विकट लाग्यो । कोरा शिक्षा र अन्तर्मुखी शिक्षाको भ्रममा नवीन प्रतिभाको हत्या नै हुने रहेछ । ज्ञानको मुहान त अन्तस्करणका पत्रपत्रमा कता कता रहेछ बिना मनन चिन्तन र बिना साधनाले ज्ञानमार्ग पहिल्याउन कदापि सम्भव रहेनछ । बिना साधना र बिना चिन्तनले ज्ञानगम्यमार्ग सुलभ हुने भए त मेरा पिताद्वारा कार्यान्वित क्रियमाण कर्म र संकलित सामग्रीले नै मेरा अभीप्सा, जिज्ञासाहरू परितृप्त बन्नु पर्दथ्यो, कसँगरी पच्चीस पच्चीस वर्ष बासी रहनुपर्ने खण्ड थिएन ।

पहिलो कुरा त ज्ञान स्फूरण नभएसम्म अभीप्सित विषयवस्तुको ज्ञानैषणा साकार नहुने भइहाल्यो; दोस्रो नजान्नुभन्दा घटिया अर्थात् त्यसबाट मनमा उब्जिने हीनता-बोध कति खल्लो, कति रूखो बन्न जाँदोरहेछ त्यो भाव शब्दमा अभिव्यक्त गर्न सकस पर्दोरहेछ । समयमा जानेर सदुपयोग गर्न पाएको भए पिताजीले धेरै सामग्रीहरू दिएर जानुभएको रहेछ; अफसोच ! त्यति बेला काच र मणिको पारख गर्न सकिएन । अन्त-र्मुखी शिक्षा-दीक्षाको कमी, टपरटुइँयाँका जस्तो चाटुकारी चाला; अल्पज्ञपन, साधना-विहीन घनान्धहृदयका लागि जावेश्वरको देश कता हो ? नेपा भनेको कता हो ? कूप-मण्डूकले कहाँ खोजेर पाउने ? यस्तै अन्तर्द्वन्दमा रूमलिए र समय बित्यो ।

जानीफकारहरूसँग कुरा जान्न खोज्दा देशदेशावरको भ्रमण गर्नुपर्दछ भन्दथे । आफ्ना अभिभावकले बराबर संझाउँदै भन्नुहुन्थ्यो "नेपाल राष्ट्रनिर्माताले नेपाल-लाई किन 'चार वर्ण छत्तीस जातको साझा फूलबारी' भनेका हुन् ? यसको उचित उत्तर खोज्न माल हिमाल चहार्नु पर्छ"

माल हिमाल चहार्न पनि त भौगोलिक ज्ञानको कमी स्वयंमा विकराल समस्या छ । देशमा यातायातको अभाव, भौगोलिक विकटता, अशिक्षित जनजीवन; अव्यवस्थित तारघाट, विद्यमान सामाजिक गतिविधि तथा वातावरणको प्रतिकूल प्रभाव इत्यादि संझिंदा शरीर रोमाञ्चित हुन्थ्यो, ती प्रत्येक जटिलताहरू सगरमाथाको उच्चाइभन्दा अग्ला जस्ता लाग्दथे । यस्ता जटिल विषमताभित्र रहेर कता माल हिमाल चहार्नू ?

यहाँनेर एउटा चस्किदो संझना दोहरिन आउँछ कुनै जटिलताको स्थायी समा-

धान पनि कुनै दुर्घटनासँग सम्बन्धित हुँदोरहेछ। हो, पहिले निवेदन गरेको छु पहिलो कठिनाइ नजान्नमा थियो, दोस्रो कठिनाइ जाने बुझेर पनि पर्तव्यपथमा बढन नसक्नुमा थियो भने तेस्रो कठिनाइ मानसिक भयमा राख्यो-कसरी घुम्न फिर्न सकिन्छ भन्ने। अकस्मात कुनै दुर्घटना परी आयो भने डरभर स्वतः हराउने रहेछ। कुनै दुर्घटना खप्नुपर्दा अवश्यंभावी थियो भन्न बाध्य हुनुपर्दो रहेछ। भवितव्य नभइकन सहजसँग अघि बढन सकेको भए यसको परिणाम अझ प्रभावकारी हुन जान्थ्यो होला। त्यसो नभएर दुर्घटना नै पखिनुपर्ने कस्तो विडम्बना! नयाँ कुरा जान्न बुझ्न र ज्ञानयज्ञको होता बन्न मनमा प्रभूत रहर हुँदाहुँदै पनि आँट नआएर म किंकर्तव्य विमूढ थिएँ।

जसले गर्छ रहर उसको जान्छ गोठको वहर भनेजस्तो वंशावली खोजी गर्ने रहरसम्बन्धी एक अप्रिय दुर्घटना सहनु परेको थियो। २०१२ सालमा अप्रत्यासित एक दुर्घटना घट्यो। चटक भन्ने खालको अल्पावधिमा राम्रो नराम्रो अनि एकदमै नराम्रो बनेर घटेका दुर्घटनालाई कहाँ लगेर मिलाउने बडो विष्मयको कुरा थियो। त्यसताक म विद्यार्थीजीवनमै थिएँ। त्यस्तैमा मदेशबाट मेरी श्रीमती दिव्यभावना आफ्ना मातापिताका साथ लागेर पश्चिम नेपालका पाल्पा बागलुङतर्फ लागिछन्। त्यहाँ माइती गाउँका एक विवाहमा निम्ता मान्न जाँदा उनका साथीसंगीनीहरूले उनीसँग के थरमा विवाह भएको भनेर सोधनी गरेछन् र उनले 'नेपाल' भनेर बताइछन्। एक कान दुई कान त्यो कुरा सबैका कानमा पर्‍यो। गाउँलेहरूले सोचविचार गरे, वारिपारि संझे बाहुन समाजमा त्यस्तो थर कतै भएजस्तो लागेन र उनीहरूले आफ्नै पारामा कुजात ठाने। भातभान्सामा चुल्हा चौकाको समस्या पर्‍यो। बाबु-आमाले हस्तक्षेप गरेर कुरो संझाए। तत्काल त गाउँलेहरू बाटामा आए तर तीन महीनाभित्र त्यस कुराको पुष्टि नगराएमा बाबुआमालाई समेत भातभान्साबाट र जातैबाट पनि हटक गर्ने शर्तमा। स्वयं सुशिक्षिता संस्कृतकी विदुषी थिइन् तापनि गाउँले अशिक्षित कूपमण्डूकका घटमा त्यसको असर परेन। घर परिवार तथा समाजका व्यवहारमा नपरेकी निर्दोष कुलबधूमाथि त्यस अनर्थले विषाक्त प्रभाव पार्नु स्वाभाविक थियो त्यसैले त्यो सारा विवरण दिंदै तात्तिएर मलाई यथाशीघ्र आइपुग्न पत्र लेखिन्।

बागलुङ भनेको ठाउँ कता पर्दछ? कति दिन हिंडेर त्यहाँ पुगिन्छ? स्थानीय बासिन्दाको रहनसहन, बोलव्यवहार, खानपान, बसउठ कस्तो छ? नाहकमा अभर पो पर्ने हो कि? इत्यादि प्रश्नले मन विथोल्यो र म के गरौं कसो गरौंमा परें। आफ्ना अक्कील बुद्धिले काम नगरेकाले अभिभावकसँग सल्लाह मागें। उहाँले सीताका उद्धारमा राम लङ्का गएको दृष्टान्त दिंदै यसले तिमीलाई देशाटनमा बढन प्रेरित गराउला भन्नुभयो। यात्राको तयारी मिलाएर त्यता लागें।

सोढैं बुझ्दै निकै दिनमा बागलुङ पुगें । भौगोलिक वातावरण आकर्षक लाग्यो। जनजीवन उन्नत रमाइलो पाएँ । जनताका मनको भ्रान्ति निवारण गर्न समय लाग्यो। उनीहरूले मसँग नयाँ शर्त राखे-हाम्रा सोलीडोली चलेका समाजमा तपाईंका सगोत्री छन् भने उनीहरूले आएर हामीलाई विश्वास दिलाउनु पर्छ। नत्र जातभातमा बोराएकामा मुद्दा हाल्दछौं ।

भोलिपल्टैदेखि एउटा सोचाइ तयार पारेर गाउँघुम्न निस्कियौं । दुई महीनासम्म घुम्दा बागलुङ जिल्लाको दक्षिणी भेक र स्याङजा पर्वत जिल्लाका केही भागमा घुमियो। जोजो थर जातसँग भेटघाट गरियो तिनीहरूका नाम थर गोत्रको विवरण जस्तो जानिन्छ त्यस्तै टिप्दै लगियो। त्यसमा आफ्ना गोत्रका खनाल र सुतार-कार्कीहरू भेटिए नामावली संकलन, लालमोहर, बूढापाकाले टिपेर राखेका थर गोत्रसम्बन्धी टिपोटहरू निकै नै जम्मा पारिए। धुल्लूधापमा खनाल-हरूको संख्या निकै रहेछ। त्यस गाउँका प्रतिष्ठित ज्योतिषी प्रेमसागर खनाल हाम्रालागि बागलुङ जाने भए। त्यस समाजसँग खनालहरूको घुमाउरो चम्के नाता पनि पर्दोरहेछ र दुई जनाआडे-पाटे साइनाका भलाद्मीहरू समेत साथमा लगिए। समस्या समाधान गरियो।

हामीले त्यस आसपासमा वंशावली संकलन गरी प्रकाशन गर्न खटिएका भनेर प्रचार गर्‍यौं। त्यसमा स्थानीय बासिन्दाले चाख मानेर सहयोग गरे। त्यसबाट हामी-लाई पनि हौसला बढ्यो र यस कार्यलाई स्थगित नगर्ने भनेर मानववंशको अध्ययन-सम्बन्धी आफ्नै हिसाबको एक कार्यपत्र पनि बनायौं । अब हामीले गाउँमा घुम्न जानु परेन। घरैमा अड्डा जम्न लाग्यो। सुन्न पाएसम्म टाढा टाढाका मानिसहरू थाएर आफना-आफ्ना वंशावली विवरणहरू लेखाउन थाले।

त्यसरी निर्बाधरूपमा घटीमा एक वर्ष त्यहाँ काम गर्न पाएका भए हाम्रो ख्याती अर्कै हुँदोहो। परन्तु फेरि पनि विघ्न परी आयो। हाम्रा सोचाइमा परेका भावी कार्य-क्रममा एकपटक मुक्तिक्षेत्र हुँदै दामोदर कुण्डसम्म जाने; थकाली जनजीवनको अध्ययन गर्ने; भार्से, गुल्मी, प्यूठान र पाल्पामा खनालहरूको अत्यधिक बसोबास छ भन्ने बुझिएकाले ती ठाउँमा गई आफना वंशको अध्ययन गर्ने र पुस्तक तयार पारी दम्पती-का नाममा प्रकाशन गर्ने आदि परेका थिए। परन्तु ती सबै स्वप्नील कल्पना जस्ता हुन आए। कारण त्यस्तै पर्‍यो मदेशमा तत्काल त्यस्तै घातक समस्या भनौं सार्वजनिक संकट परी आएको अप्रिय खबर आएकाले श्रीमतीले आमाका साथ लागी मदेश जानु पर्‍यो; गइन्। म यथासक्य काम गर्दैरहें।

स्थानीय जाली फटाहाले 'समाज भाँड्यो' भन्ने झुट्टा आरोप लगाएर मलाई जेलमा पारे। तीन महीने सुरक्षा कानून लगाइयो। छानबीन हुँदासम्म उतातिर 'राजकाज

मुद्दामा परेकाले जेलमैं सडाउन सक्छ' भनेर झूटो प्रचार गराइएछ। स्थानीय राजनीतिक कार्यकर्ताहरूका सहयोगद्वारा सफाइ दिलाएर छुट्टा पूर्जि लिंदासम्म चालीस दिन लाग्यो। जेलबाट छुटेर बाहिर निस्केंदासाथ मदेशबाट "अकस्मात दिव्यभावना बेपत्ता भइन्' भन्ने समाचार आयो। म त्यतिकै विलखबन्द परें। म ताक्छु मूढो बन्चरो ताक्छ घुँडो भनेझैं भयो। भाग्यले लात मान्यो। कता के गर्न सोचेंथे कता के के भयो। म वंशावली खोज्न गएथें। उल्टै जाली फटाहाका पञ्जामा परेर झापड पनि खाएँ, एउटी विदुषी नारीको बली समेत चढाएँ। यस्तै नाटकीय पाराले घटेको दुर्घटना हुनाले यस दुर्घटनालाई राम्रो नराम्रो अनि एकदमै नराम्रो भनेर आफैंले मूल्यांकन गरेको हुँ।

दीर्घकालीन सोचाइ कार्यान्वयन हुन लाग्दा प्रथम ग्रासे मक्षिका पात: भनेझैं भयो। अकारण वियोग व्यथा पो खप्नुपऱ्यो। यसले गर्दा क्रियमाण सत्यप्रति नै अनास्था पैदा हुने अवस्था आइपऱ्यो। सायद यसलाई नियतिको खेल भन्नुपर्ला। 'उत्पद्यन्ते विलियन्ते दरिद्राणां मनोरथ:' कति मार्मिक तथा कारुणिक सूक्ति छ यो! सँगृहीत एक बाकस कागजपत्रहरू पोका पोका पारी बाकसमा थान्को लगाएपछि गन्तव्य बदलें। विक्षिप्त अवस्थामा म कता लागें आफैंलाई थाहा भएन।

स्वास्थ्यलाभ गर्दासम्म म जुन परिवेश र वातावरणमा थिएँ त्यो परिवेश त्यो वातावरण तदनुकूल थिएन म जुन काम गर्न चाहन्थें। त्यस्तो विषम परिस्थितिमाझ यस्तो गर्न सोच्नुमात्र कष्ट-कल्पना थियो। स्वभावत: भावनाका वशीभूत बनेर नै कर्मजीवीहरू अन्तर अवान्तरको दूरी केलाउँदा हुन्। जसका भावनात्मक सौष्ठव तथा सौहार्द सौजन्यद्वारा पनि आशानुकूल कार्यक्रम सुसम्पन्न र सफल हुन पाउँदैन त्यस परिवेशबाट त्यस्तो परिकल्पना गर्नुमात्र पनि आफ्नै मूर्खता हुन जान्थ्यो।

विभिन्न सांघातिक आक्रमण, उल्झन र घात प्रतिघात सहेंदै पनि प्रस्तावित कार्यक्रमको सफलता तथा कर्मक्षेत्रको अनुकूलताको ख्याल गरेर २०२० सालमा मैले भोजपुर जिल्ला छाडेर तराईमा बस्ने निश्चय गरें। त्यहाँ सरेपछि भुवनेश्वरी उपाध्यायसँग मेरो दाम्पत्य जीवनको सूत्र गाँसियो। उनका निकटवर्ती पितामह पं० नयनानन्द निरौला (बुबे पण्डित–भारतीय गोरखा आर्मीका कप्तान) सँग मेरो बसउठ चल्यो। लहडमा मेरा ती बितेका रामकहानी, दिव्यभावना र भुवनेश्वरीका बीचमा रूप रंग कद शारीरिक सुगठनको एकरूपता र मिलानबारे सुनाउँदा उहाँले गर्जेर भन्नुभयो 'पख्नोस् भावनामा पनि तपाईं त्यसै अनुकूल पाउनुहोला मेरी नातिनीमा। मूलाको पानी कुलकी चेली, बुझ्नुभयो!' त्यसै क्रममा वंशावलीप्रति रहेको वैयक्तिक अनुराग, वैयक्तिक अभिरूचि; आफूले अध्यवसायमा ज्ञानार्जन गरेका मौखरी वंश, कुशानवंश, पुष्पभूतिवंश, मौर्यवंश तथा परमारवंशका सम्बन्धमा आफ्ना

मनमा परेका प्रतिक्रियाहरू सुनाउनुभयो । नृवंश अध्ययनमा आफूमा बढेको चाख अनि केही समय गरेका अध्ययनको विवरणसमेत सुनाउँदै वंशावली सम्बन्धमा अनुसन्धान गर्न चाहने अनुसन्धित्सुहरूले के कस्तो नीति अवलम्बन गर्न आवश्यक छ अनि आस्था र विश्वासको धरहरा कसरी निर्माण गर्नु पर्दछ; मानव अस्मिताको संरक्षणमा वंशावलीको के कस्तो महत्व रहन्छ यस्ता मिहिन र गहन विषयमा विस्तृत प्रकाश पारेर मभित्रका सुषुप्त एवं निरासिएका भावनालाई फेरि हतपत नओइलाउने गरी जगाइदिनुभयो । त्यसका साथै आफूले संकलन गरिराखेको निरौला थरको नामावलीको ढाँचा उपलब्ध गराउनुभएकाले त्यसलाई मैले वंशावली अध्ययन संकलन कार्यमा प्राप्त गरेको अल्पकालीन प्रशिक्षणका रूपमा उपलब्धिमूलक मानेको छु ।



(श्रीमती भुवनेश्वरी उपाध्याय)

कृतसंकल्पलाई साकार तुल्याउननिम्ति आवश्यक पूर्वाधारहरू तयार पार्न थालियो जसमा आन्तरिक परीक्षणकै लागि पनि भुवनेश्वरीलाई यस कार्यमा सरीक गराउन थालें । उनका पितामहका मनोभावना, उनीप्रतिका विश्वास र आफूले पहिले थालेर त्यतिकै अधूरा छाडेका कार्यका बेलीविस्तारहरू सुनाउँदा आत्मविश्वास जागृत भयो प्रस्तावित कार्यमा भुवनेश्वरीको उल्लेखनीय सहयोग रहनेछ । सक्रियतासाथ उनबाट बराबर जस्तो सहयोग उपलब्ध छ त्यसप्रकारको सौहार्द सहयोग सायदै कुनै गृहिणीले गर्लान् । संयोगकै कुरा होला शतप्रतिशत दिव्यभावनाकी प्रतिविम्ब मान्दा केही फरक परोस् । आकृति प्रकृति, बोलव्यवहार, शीलस्वभाव, शिक्षा, दीक्षा, धैर्य, साहस, भावना चाहना तथा चाख-मनोवृत्ति आदिको हुबहु मिलान पाउँदा म स्वयंमा चकित छु । पादस्पर्श नगरेको घर्ती पनि परिचितसरी हुने अपूर्व संयोग पाएर एक दिन पूर्वोक्त अधूरो कार्यक्रमका सम्बन्धमा विस्तारपूर्वक सुनाउँदै तो सुरक्षित सामग्रीको अवस्था के छ तिनीलाई के कसरी उपयोगमा ल्याउन सकिन्छ इत्यादि विचारविमर्शपछि उनको साहस यसरी प्रकट भएको थियो—'थालिएका कामहरू किन अधूरा छाडने ? उति बेला जसरी पूरा गराउँला भनेर थालिएको थियो त्यसरी नै पूरा गराउँला । यसलाई कुनै हालतमा अलपत्र छाडन हुँदैन । हामी एक दिन अवश्य पनि यस काममा अग्रसर हुनेछौं । समयले साथ दिन कर लाग्दछ, दिनेछ ।'

अब लगभग मनमा भय रहेन, एक प्रकार दुःख दारिद्र्य दूर भयो, दायित्व बाँडिने भयो। भौगोलिक विकटताजन्य मानसिक भयले पनि सताउने छैन। यतिका अनुकल्पनाहरू मनका रहरसित रमाएका थिए, उमङ्गहरू नाचेका थिए। अब केवल अन्तिम प्रश्न बाँकी थियो। त्यो थियो बोलेका बोलीको मोल कसरी राख्ने र गर्छु भनेर चिताएका कार्यलाई कसरी साकार तुल्याउने ?

अब हाम्रा सामुमा समस्या थियो ठाउँ ठाउँमा पुगेर स्थानीय बासिन्दासित कसरी भिज्ने ? जनसम्पर्क कसरी स्थापना गर्ने ? जनताका हृदयमा विश्वासभाजनको गहिरो छाप नपरेसम्म अर्थपूर्ण सहयोग पाउन गाह्रारो पर्न सक्छ त्यसर्थ यसका सुगमताका लागि उपयुक्त माध्यम के रोज्ने ? यसपछि दोस्रो भयंकर समस्या थियो यातायात। देशका राजधानीमा पुग्न त भारतीय रेलवे यातायातको पुच्छर नसमाती सुखै छैन भने मेची महाकालीका पहाडका कुना काप्चा भीरपहरा, फेदी र टाकुरा, डगरबगर चहार्न त कल्पनातीत हुन पनि सक्छ। २०१७ सालमा गरिएको बागलुङबाट भोजपुरको यात्रा यति कष्टदायी अनुभव भएथ्यो त्यो सम्झिदा आज पनि जीउमा काँडा उम्रिन्छन्। अझ ओलाङ्चुङ, मुस्ताङ, जुम्ला, हुम्ला पुग्न कतिपटक स्वप्न भङ्ग होलान् तिनको अनुमान लगाउन आवश्यक थियो।
यस्तै किंकर्तव्य अवस्थामा योगी नरहरिनाथ, महानन्द सापकोटा, बद्रीविक्रम थापा, प्रा० बालकृष्ण पोखरेल, गेहनाथ भटराई जस्ता प्रतिज्ञापरायण प्रखर व्यक्तित्वहरूका सामीप्यलाभहरू सहज हुन आउँछन्।

जावेश्वरको देश भनेको के हो ? त्यो कहाँ पर्छ ? त्यहाँ जाँदा कताबाट जान सकिन्छ नेपा वीर्ता भनेको कहाँ पर्छ ? देशाटन कसरी गर्न सकिन्छ ? वंशावली संकलन गर्न कसरी सजिलो हुनसक्छ इत्यादि अनुत्तरित प्रश्नहरूका गाँठाहरू योगीज्यूले सहर्ष फुकाइदिनुभयो ! परी आएका खण्डमा अनुकूल सहयोग गर्ने आश्वासनसमेत दिनुभएपछि अब खास समस्या रहेन। यसरी खास गाँठो खुलेपछि दिव्यभावनाद्वारा बाँधिएका पन्ध्रवर्ष अगाडिका पोकाहरू एक एक गरी फुक्न थाल्दछन्।

जावेश्वरका देशमा नपुगेसम्म, नेपा वीर्तामा पादस्पर्श नगरेसम्म कौशिकादि सन्ततिका वंशावलीको समुद्बोधन सम्भव छैन भन्ने तारस्वर थियो योगीज्यूको। अनि यस कार्यलाई व्यक्तिविशेषमा केन्द्रित गराउँदा पनि कल्याणदायी थिएन र आशानुकूल सफलताको पनि ज्यादै कम सम्भावना थियो। महानन्द सापकोटाका सल्लाह थिए :—यस्ता कार्यमा कसैसँग आर्थिक सहायताका लागि हात पसारियो भने तत्कालै खेर गइयो, सफलता मिल्ने कुरा टाढै रह्यो। नेपाली जनता कस्ता परिव्राजकलाई खुला दिलले सहयोग गर्दछ पहिले जनमानसको भावना बुझ्न सक्नुपर्छ। शहर बजारमा इतिहास र संस्कृतिलाई, मान्छेका

शास्त्रलाई काम लाग्दा कुरा ज्यादै थोरै पाइएलान् नत्र यस्ता निधि लुकाएर जोगाएर राख्न सक्ने ता त्यस्ता गाउँहरू हुन्छन् जुन गाउँमा पल्ला गाउँको कुकुर सितिमिति भुक्न पाउँदैन र गाउँलेका अनुशासन पालनको जिम्मा कुखुराले आफ्ना पासमा राखेको हुन्छ। त्यस्ता गाउँलेका सहयोगको आश राखेर जाने मान्छे गाउँलेका पुराना भेषभूषामा ऋषिकल्पमा हुनु पर्छ। जता जता काफल पाके उता उता चरी नाचे भनेझैं दाह्री केश छाँटेर, सुटेडबुटेड भएर स्वाङ पार्दै गाउँमा पुगी सोह्रवर्षे ग्रामवालाका आँखाका नानीमा अटाउन खोज्नेले यस्तो काम पार लगाउँदैनन्, बीचैमा तुहुन्छन्।

सापकोटाले भुवनेश्वरीका अगाडि उभिएर भन्नुभयो 'फुकाल छोरी! माखीमुन्द्रा। तिम्रा श्रीमान् बाहिर गएपछि तिम्रीले गहना लगाएको कसैलाई मन पर्दैन।' सापकोटाका वचनको सहर्ष स्वागत गरेर भुवनेश्वरीले सबै दर्शकलाई चकित तुल्याइदिएकी थिइन्, उनका पितामहको नाक राखिदिएकी थिइन्। दश वर्ष लामो वियोग सहन सहर्ष स्वीकार गरेर त्यागमय जीवन बिताउन किञ्चित् पर्वाह नमानेकैले एकाग्रतासाथ कर्तव्यपथमा लागि पर्न पाएको हुँदा आज म अनुभव गर्दछु त्यस त्यागका बदलामा प्रतिदानस्वरूप हार्दिकताका शब्दपुष्पबाहेक मसँग अरू के बाँकी होला ?

हरदृष्टिकोणबाट 'चरैवेति चरैवेति चरैव मधु-विन्दते' शब्द मुखर भएपछि यस कृतसंकल्पलाई साकार तुल्याउन भालेका डाकमा पाइलो सारियो। त्यो दिन थियो २०२७ साल नव वर्ष। त्यस अर्थमा यो दिन विशेष महत्वपूर्ण रहेजस्तो मानेको छु। अब उत्साहपूर्वक वंशावली संकलन गर्न थालियो जसमा एक थरीको मात्र, एक गोत्रको मात्र, एक जात र एक समुदायको मात्र भन्ने कुरा थिएन। प्रस्तावित कार्यलाई व्यापक तुल्याउननिम्ति नेपालबाहिरका सांस्कृतिक समानताका क्षेत्रहरू पनि समन्वित थिए। फलतः खश-ब्राह्मण, मगर, नागर, किरात, मैथिल, शाक्य, मास्के, धिमाल, सुनुवार, थामी, बरामी, मगन्ते, दूरा, दरै, थारू, माझी, राजी, राउटे, पावई, जमीन्दारे, मूर्मी, व्यासी, कुशवदिया, चुरेटा, लिम्बू, गनगाई, दनुवार, वाँतर, गुरुङ, थकाली, तामाङ, छन्त्याल आदि त्रिपन्न जाति प्रजातिका सम्बन्धमा अध्ययन गरिएछ। प्रस्तुत प्रतिकृति चाहिं खश-ब्राह्मण समुदायका २८४ थरमध्ये एक हो। यसमा कौशिकादि सन्ततिका सत्र थरहरूका प्रादुर्भावको परिचय समन्वित छ। यथामति जातिसत्ता, प्रजातिक उद्भव तथा पुरातन इतिहास एवं वंशसन्तति विस्तारसम्बन्धी सौदामिनी प्रयास भएको छ।

मलाई विश्वास छ यस्ता आधारसामग्रीहरू नेपालमा मानवशास्त्र, मानवमिति-

शास्त्र, नृवंशशास्त्र, तथा पुरामानवशास्त्रका विस्तृत अध्ययन परिशीलनका निम्ति उपयोगी सहायक हुनेछन् । मौलिक वर्चस्व एवं मानवअस्मीताको अनुशीलन परिशीलन कार्यमा आशानुकूल सहयोग मिल्न सक्ने कुरामा विश्वस्त छु । यद्यपि सर्वतोभावेन जे जसो भयो यस कार्यको श्रेयभागी म होइन जुन कुरा पहिले व्यक्त गरिसकेको छु । यसमा प्रेरक र प्रेरितका सम्बन्धमा पुनरावृत्तिको आवश्यकता पर्दैन ।

हाम्रा वंशका कर्णश्रुतिमा उपलब्ध प्रकथनअनुसार अघि महामना गुणरत्नाकर पण्डितमा त्यस्तै कुनै जटिल समस्या आइपरेको थियो । उनले एकसाथ सिजादरबार तथा प्रत्यन्त दरबारमा विद्वत्तासम्बन्धी प्रतिनिधित्व गर्नुपर्ने खण्ड परो आयो। अन्य उपाय नदेखेर त्यसको समाधानार्थ आफ्नी श्रीमती भागासमक्ष प्रस्ताव राखे। उनले निर्भीकतापूर्वक छोरा भगीवन्तलाई अग्रसर गराएर आफूले पृष्ठपोषणको अभिभारा लिएकी थिइन् भन्ने जनश्रुति पाइएको छ । किन्तु त्यस्ता चरित्रमूलक श्रेयस्कर कार्यहरू अनुशीलन परिशीलनका अभावमा लुप्त प्रायः छन् । वक्तव्यको अन्तस्करण हो गर्नेको भन्दा गराउनेको प्रमुख भूमिका रहन्छ । यस सत्यताको मनन गरी प्रेरक तत्वलाई श्रेयभागी बनाउन परिपाटि बसाल्दै लैजानु वर्तमान सन्दर्भ हो । एतदर्थ प्रमादवश यदि सबै कार्य मैलेमात्र पार लगाएको हुँ भन्ने मिथ्या दावी गरें भने म जत्तिको कृतघ्न अरू कोही हुन सक्दैन ।

## २. खोजको प्रयोजन :

शिक्षित नेपालीहरूमा आफू के हौं ? कहाँबाट आयौं ? जस्ता प्रश्नहरूका सही उत्तरहरू जान्न र खोज्न इच्छा जगाउने पहिलो घटना कवि भाष्यकार शिखरनाथ सुवेदीद्वारा प्रकाशित 'नेपाली-थरगोत्र प्रवरावली' लाई मान्नु पर्दछ । यद्यपि त्यस पहिला प्रयासमा चित्त नबुझ्ने र सही थाप्न नसकिने अनेक कारणहरू हुन सक्छन् जसमध्ये प्रमुख कारण त नेपालका ब्राह्मण, क्षत्री, नेवार, मगर, गुरुङ आदिका जातिगत, समूहगत प्रादुर्भाव तथा विस्तारका प्रसंगहरू नै पर्याप्त छन् । त्यसो हुँदैमा त्यस स्तुत्यप्रयासलाई असफल ठान्न सुहाउँदैन । जसरो भए पनि नेपाली जिज्ञासा त्यसतर्फ अभिमुख गराएकामा दुई मत हुने कुरा आउँदैन ।

कालावधिको अरुणोदय र सातत्य प्रयत्नको उर्ध्वगामी स्वर त्यस बेलामा जागृत भएको मानिन्छ जति बेला आफ्नो अस्मिता, राष्ट्रियता, राष्ट्रप्रेम, इतिहास तथा संस्कृतिका महत्ता जान्न बुझ्न जनमानस उत्कंठित रहन्छ । हामी को थियौं ? कताबाट के सन्दर्भमा आयौं ? यस राष्ट्रसँग हाम्रो के कस्तो सम्बन्ध छ ? आफ्ना राष्ट्रका सीमानाबाट पार तरी जाँदा के कस्तो अनुभव गर्दछौं ! देशतर्फ गएको मान्दछौं कि विदेशतर्फ जानुपरेको मान्दछौं । आफ्ना देशप्रति कुनै दुर्भावना फैलाइरहेका त छैनौं ? यिनै र

यस्तै कतिपय आन्तरिक प्रश्नहरूले कसीको काम गर्दछन् साथै जनमानसमा रोमाञ्च-कारी छटपटि पैदा गराउँछन् अनिमात्र राष्ट्रिय भावनाको खरीघोटी प्रयासको थालनी भएको मानिन सक्छ ।

जब हामी अतीततर्फ अभिमुख हुन्छौं तब नै एक प्रकारको रोमाञ्चकारी अनुभूति पैदा भएको अनुभव गर्दछौं; मन मनमा आश्चर्यले अड्डा जमाउँछ । आफ्ना कालजयी पुर्खाहरूका अतुलनीय त्याग तपस्या तथा उत्सर्गताद्वारा जीवन्त तुल्याइएका यायावरीय विशेषताहरू; दूरदर्शितापूर्ण सोचाइहरू; कतिपय विवशताका छापहरू; वर्चस्वका अथक जागरणहरू तथा कष्टसाध्य परिश्रम र बौद्धिक झिल्काहरूले हाम्रा अन्तस्तलमा कटुमधुर स्वादको बीजाधान गराउँछन् । पुर्खाका शौर्य तथा वीर्यका वीरोचित गुणका परिचयले आफैं स्वयंमा फुरुक्क पार्दछ भने उनैका सन्तान भएर पनि आफूले केही अनुकूल काम गर्न नसकेकामा अनि हाम्रा विवशताद्वारा फाइदा उठाएर हाम्रा आविर्भाव तथा अस्मितामाथि अवाञ्छित आरोप लगाएर जातीय छविमा हिलो छ्याप्ने दुष्कार्य गरे गराएकामा कुपित बन्न पुग्दछौं । त्यसले गर्दा काउकुती र खिन्नताका विसंगतिपूर्ण स्वादको एकसाथ अनुभव गर्नुपर्ने खण्ड परी आउँछ । लाचारवश त्यस बेला व्यक्त गर्न विवश बन्दछौं यस अनन्त अस्मिता यात्रामा सुखान्त संयोगमात्र होइन किन्तु अनेक जटि-लतम घटनाहरू पनि घटिसकेछन् । यस्तो द्विविधा अथवा विष्मयबोध गराउने बलियो तत्व हामीसँग सँगै यात्रा गरिरहेछ । जस्तो :—शिखरनाथका समयको अबोध नेपाली अब छैन; शिखरनाथकालिक समाजमा पनि अब सांस्कृतिक धरातलमै चमत्कारिक परिवर्तन आइसकेको छ ।

डि० कृष्णप्रसाद नेपाल जस्ता सांस्कृतिक अनुरागी शिक्षित व्यक्तित्वहरूका ऊर्जा श्चेतनासँगै योगी नरहरिनाथ जस्ता स्वाभिमानी सपूतहरूका सातत्य प्रयत्न-द्वारा उत्तिष्ठत: जाग्रत: अभिगमन्निवोधत: गराउनाका साथै बहुधा भ्रमात्मक अवधारणाहरूलाई परिष्कार गराइएका छन् जसलाई शनैः शनैः इतिहासले आत्मसात गर्दै लानेछ । वर्तमान नेपाल अधिराज्यभर नेपाली जनमानसमा पैदा भएका तीव्र उत्कंठालाई सांस्कृतिक नवजागरणको लहर मान्नुपर्ने भएको छ । यी समग्र नेपाली जात र समुदायका प्रादुर्भाव तथा विस्तारसम्बन्धी इतिहास, संस्कृति, सामाजिक संर-चना र समाजको स्वरूप; भाषा-बोलव्यवहार, रीतिस्थिति चालचलन तथा लौकिक एवं शास्त्रीय मान्यताहरूका सम्बन्धमा खोजीनीति गर्दा पूर्ववर्ती धारणामा आमूल परि-वर्तन देखा पर्दै आएको छ । यसरी चिन्तन धारा प्रवाहमा नै रूपान्तरित परिणति देखिंदै जानाले नेपाली जनमानसमा विद्यमान अवधारणामा परिष्कार आएकामा आश्चर्य होइन किन्तु रोमाञ्चित उच्चापकर्ष पैदा गराएको छ । फलतः अब विस्तारै वास्तविकता

के हो ? त्यसलाई कसरी नियाल्न सकिन्छ ? जस्ता प्रश्नहरूका अनुत्तरित उत्तरहरू प्रकट हुन थालेका छन् ।

पूर्वोक्त सीमाङ्कनपूर्वका वंशावली, आख्यान, उपाख्यान, कथानक तथा जनमनोभावनाका लहरहरू नेपालीत्वका आँगमा जिरिंग पार्ने कारक थिए जसअनुसार नेपालका प्रायः ब्राह्मणहरू आफूहरूलाई 'कान्यकुब्जिया ब्राह्मण' बनाउन पाउँदा गर्व अनुभव गर्दथे भने प्रायः क्षत्री, ठकुरीहरू भारतका मध्यप्रदेश, राजस्थानबाट आएका सिद्ध गर्न स्वत्वलाई लात मारेर भए पनि अनेक झूटा कालपात्र तथा अभिलेखहरू तयार पार्न दिलोज्यान दिएर पछि लागेका थिए । वेषभूषा र भाषाकै कारणले नेपालका नेवार, किरात, मगर, गुरुङ तथा तामाङ आदिलाई मंगोलिया र तिब्बतबाट आएका भन्ने बताएर नेपाललाई केवल गोठ राख्ने खर्क र शिकार खेल्ने जंगलमात्र साबित गराउने पाराका जनधारणा तयार पार्ने, वंशावलीहरू लेख्ने, लेखाएर राख्ने, अभिलेख तयार पार्ने जस्ता बहिर्मुखी प्रयासहरू गरे गराएका पाइन्छन् ।[१] समयका निरन्तर बदलिँदा गतिसँगै जनमानस सजग बनेर के हो ? कसो हो ? भनी खोजीनीति गर्दा आजभोलि भेरी-कर्णाली पूर्वका प्रायः ब्राह्मण, क्षत्री, ठकुरी, घर्ती, मगर, सन्यासी, कँवरजोगी, दमाई, कामी, सार्की आदि जातले आफ्ना वंशको प्रादुर्भाव तथा विस्तार मध्यकालीन कर्णालीप्रदेशबाट भएको बताउन थालेका छन् र यसरी सत्य कुराको उद्घाटन हुन आएको छ । अतएव प्रस्तुत प्रयोजन पनि पूर्वोक्त प्रश्नहरूका उत्तरका खोजी कार्यमा दत्तचित्त रहेको व्यहोरा निवेदन गर्न पाउँदा हर्ष अनुभव भएको छ ।

## ३. खोजकार्यको पूर्वाधार :

यस कार्यमा अपनाइएका पूर्वाधारहरूलाई दुई तहमा वर्गीकरण गरिएकोछ :—(१) सैद्धान्तिक आधार (२) व्यावहारिक आधार । सैद्धान्तिक आधारमा मानवीय अस्मिता; उद्भव र विस्तारसम्बन्धी कुराहरू पर्दछन् भने व्यावहारिक पूर्वाधारमा आधारसामग्रीहरू, जनधारणा, लोकोक्ति, किम्वदन्ती, वंशावलीका लिखितरूप; अनुभवी बूढापाका व्यक्तिविशेषका बयान अनुभव र सोचाइहरू तथा सम्बन्धित हुन आउने अभिलेख, लालमोहर, स्याहामोहर, पुराण, इतिहास तथा मानवशास्त्रका आधार ग्रन्थहरू पर्दछन् । प्रमाण संकलनको माध्यम स्थलगत अध्ययन भ्रमण सर्वोपरि रहेको छ ।

लामो अन्तरालसम्म नेपाली जनजीवन घोर अन्धकारमा प्रायः सुषुप्तावस्थामा रह्यो । पश्चिम नेपालमा अझ पनि युगानुकूल जनजागरण आइसकेको छैन । जनजागरणका हिसाबले पिछडिएका अवस्थामा रहे तापनि आवश्यक पूर्वाधारहरु

१. नेपालको ऐतिहासिक रूपरेखा—बालचन्द्र शर्मा ।

पश्चिम नेपालमा भनौं विशेषगरी मध्यकालीन कर्णालीप्रदेश अर्थात वर्तमान अवस्थाका धवलागिरि, राप्ती, भेरी; कर्णाली र सेती अञ्चलका तराई र भित्री मदेशमा पर्ने जिल्लाबाहेक पहाड़का विभिन्न जिल्लाहरूमा उपलब्ध हुन आउँदा रहेछन्। यदाकदा आर्थिक तथा राजनीतिक दृष्टिले अविकसित र घनान्धकारमा रुमलिनु परे तापनि इष्टापत्तिका दृष्टिले भने राष्ट्रिय वाङ्‌मयमा थप उपलब्धि मिल्दो रहेछ। स्वभावतः नेपाल अधिराज्य हिमालयलाश्रित हुँदैहो त्यसमा पनि उल्लिखित अञ्चलका निर्दिष्ट जिल्लाहरू त पारावार नै रहेछन्। विकास र जनसुविधाका दृष्टिले भन्ने हो भने आज पनि ती जिल्लाहरूको अवस्था टीठ लाग्दो छ। जहाँबाट अझ पनि दुर्गमातिदुर्गम विशेषणले अवकाश लिन पाएको छैन भने त्यसै भेकका दुर्गम पहाड़-पर्वतहरू, दुरन्त खोंज र गिरि-कन्दराहरू, खोला खोल्सा र अजस्र नदीनालाहरू, ताल तलाउहरू, सुन्दर वनकुञ्जहरूसमेत साधारण बाटाघाटाका असुविधाले गर्दा वर्तमान विश्व-जन मानसका अगाडि तिलस्मिक कथा बन्न गएका छन्। परन्तु तिनै तिलस्मिकताका केन्द्रविन्दुहरूमा नेपालीत्वसँगै मानवताका दिव्य रश्मिहरू, अस्मिताहरू जीवन्त र सुरक्षित रहन पाएकामा गर्व अनुभव गर्न पाउनु प्रत्येक नेपालीका लागि चाखको विषय भएको छ।

पश्चिम-नेपालमा फैलिएका नेपालीका पुर्खाहरू पश्चिमेशियाबाट निश्चय पनि एकैपल्ट आएनन्। उनीहरूको यायावर अवस्था घटीमा पनि तीन हजार वर्ष रहेको अनुमान हुन्छ। सम्भवतः पहिलोपल्ट ऋग्वैदिककालमा विचलित जनसमुदाय कुशद्वीप त्याग्न विवश बन्यो, यो पहिलो यात्रा सप्तसिन्धुभित्रै सीमित रह्यो। यस कालमा वैदिक ऋचाहरू रचिँदै थिए। सिन्धभूमि त्यागेर पूर्व लागेपछि वैदिक ऋचाहरूको रचना भएको मान्न असजिलो छ। स्वभावतः वैदिक धर्मका अनुयायीहरू प्रायः आर्य थिए र उनीहरू पंचमहाभूतमाथि श्रद्धावनत रहन्थे। महत्तत्वका प्रतीक थिए पृथिवी, नासत्य, वरुण, वायु र अग्नि। वैदिक देवतामा ब्रह्मा, विष्णु, शिव, उमा, मरुत, लक्ष्मी, सरस्वती, इन्द्र, कुवेर, ईशान, सोम, सूर्य, पुष्य, मित्र, आदि समान आस्थाका द्योतक रहेकाले ती देवताका उपासकहरू कुश ( शक, खश, रजा, भद्राश्व, हृषीक, मित्र, हित्ती, पणी, नीप, कठ, मस्क, किरात; गोप, आदि सबै आर्य वैदिक थिए, अनार्य अवैदिक थिएनन्। ती सबैका उपास्य दिग्‌देवतामा इन्द्र पूर्व दिशाका दिग्पाल मानिएका छन् र प्रसंगवश कतै इन्द्रलाई सूर्य र कतै सूर्यलाई इन्द्र मानेर उपासना गरिएका ऋचाहरू ऋग्वेदमा अध्ययन गरिन्छन्। सूर्य महामेरु, मेरु तथा मानसरोवर कैलाश शिखरबाट उदाउँछन्। आर्यहरू प्रातकालिक उपासनाअन्तर्गत जलस्पर्शन, अग्निदर्शन र सूर्यस्तवनलाई महत्व दिन्थे। कतिपय यस्ता कट्टर व्यक्तित्वहरू थिए भन्न आधार मिल्ने वेदमन्त्र तथा सूक्तहरूका अन्तस्करणहरू सूर्योदयका अभीप्सासँग केन्द्रित पाइन्छन्। अतएव सूर्यप्रति आफ्नो असीम निष्ठा जना-

उनेहरू सूर्यावलोकन गर्न नपाएसम्म अन्नपानी ग्रहण गर्दैनथे। त्यस आधारमा वैदिक ऋचाहरूको रचना सिन्धुपूर्वमा आउनुभन्दा पहिले नै गरिएको थियो भन्नमा कुनै सन्देह छैन।

ऋग्वैदिककालका मध्यतिर कुश जाति, ऐल जाति, मित्र जाति र हित्ती जातिका बीच एक अर्कामा एकाएक वैमनस्य खडा भयो र निर्णायक समरमा परिणत भयो। यो समर तरीम नदीका पूर्वी तटस्थित तरीम उपत्यकामा भएको थियो। यस समरका कारणले कुशद्वीपीय जनजीवनमा दोस्रोपटक विचलन आयो। सायद कुश जातिबीच शक भेद र खश भेद यसकै आसपास कहीं खड़ा भएको हुन सक्छ। यस समरका परिहारको उपाय सोचिंदा हृषीक जातिको मध्यस्थता सबैलाई स्वीकार्य भयो। अन्तमा मेलमिलाप गराउँदा कुश जातिका इष्ट देवता अग्नि, हित्तीका इष्ट देवता मरूत तथा मित्रका इष्टदेवता सूर्य र ऐल जातिकी उपास्या शक्ति आपसमा इष्टताबीच स्वीकार गर्ने सम्झौता भई कुश जातिद्वारा उक्त सबै देवदेवीहरू साकार निराकार दुवै स्वीकार गरिए। त्यस घटनापछि प्रत्यक्षमा कुश जातिका जातीय इष्ट देवताका रूपमा मरूत अर्थात यसको घषित रुप मष्ट प्रतिष्ठित हुन आए। मष्ट शिवैश्वर्यका प्रतीक निराकार उपासनाका देवता हुन्। स्त्रीलिंगी प्रयोगमा पनि कुनै रहस्य छिपेको हुन सक्छ। जे जस्तो भए पनि मष्टको दोस्रो लोकप्रिय नाम कुलदेवता हो त्यसको प्रयोग पनि स्त्रीलिंगी नै छ।

खश जातिमा मष्ट उपासना सर्वस्व मानिनु तर शक जातिमा भने मष्टको प्रभाव नपर्नु जस्ता कारणले पनि उक्त समर हुनुपूर्व नै यी दुई शाखा अलग भएका हुन् भन्ने अनुमानको पुष्टि हुन्छ। जाति विस्तारमा पनि यो दुई शाखाबीच अन्तर देखा पर्दछ— शकहरू दक्षिणतर्फ ढेपिन्छन् र शकद्वीप 'सीस्थान' हुँदै दक्षिण सिन्धको बाटो पूर्व भारततर्फ प्रवेश गर्दछन्, उत्तर पश्चिममा शकजातिको अवाद कपिसाका समशीतोष्ण समथरसम्म रहन्छ। खशहरू विशेषगरी पशुपालनतर्फ आकृष्ट हुन्छन्। गाई, घोडा, बाख्रा पालनमा खश जातिको रुचि बढछ र सिन्धको उत्तरी पहाड़ तथा मेरु मन्दरका बीचका पहाडहरू; पामीरको पठार तथा यूराल, चित्राल, जालन्धरका पहाड र कश्मीर उपत्यकातर्फ खश जातिको अवाद बढ्दै जान्छ। यद्यपि यस दोस्रो अभियानमा पनि खश जातिको गन्तव्य पाञ्चाल र गिरिगृहका पहाड़ नाघेर पूर्व बढ्दैन।

ऋग्वैदिककालका अन्ततिर मष्ट सम्प्रदायमा सर्वात्मना सम्बद्ध भइसकेपछि ऐल जाति र खश जातिहरू पनि लगभग सदाका लागि अलग्गिन्छन्। यस घटनाले कुशद्वीपीय जन-जीवनमा तेस्रोपटक भयङ्कर विचलन ल्याइदिन्छ। यस विचलनद्वारा विचलित तुल्याइएका कुश अर्थात खशहरू आफ्ना पशु र कबिलाहरू हाँकेर

पामीरको पठार पार गरी कश्मीर उपत्यका छुँदै मानसप्रदेशतर्फ बढे । स्ववीर्य-रक्षित खश जातिलाई अरू कुनै जातिले रोक्न सक्ने कुरै थिएन ।

दक्षिण भेकबाट पूर्व बढेका शकहरू मध्यभारतमा पसेर साम्राज्य निर्माण गर्ने उपक्रममा लागेको छनक पाइन्छ भने उत्तर भेकबाट कश्मीर उपत्यका छुँदै पूर्व हिमालय-तर्फ बढेका खशहरू सुरक्षित शिखरिला पहाडहरू हेरेर ससाना कुलराज्यहरू निर्माण गर्नतिर लागे । यो समय विक्रमपूर्व आठौं शताब्दीदेखि विक्रम पाँचौं शताब्दी-भित्र थियो : यसरी कुशद्वीप त्यागेर सीधै पूर्वी मानसप्रदेश अर्थात पश्चिम नेपालमा प्रवेश गर्ने खश आर्यहरूको समूह उत्तर ऋग्वैदिक समूह थियो भन्ने आधार मानेर प्रस्तुत अनुसन्धान कार्यलाई अघि बढाइको थियो । अरू पूर्वाधारहरूमा अमुक थर मष्टको उपासक हो होइन ? सम्बन्धित कुलराज्यका वर्गीकरणभित्र प्रतिबद्ध छ कि छैन ? खश जाति र संस्कृति अनुकूल आचरण गर्छ कि गर्दैन ? गाईगोठमा गाई ब्याएका दिन सातपत्रे बाँढछ कि बाँढैन ? जस्ता प्रश्नका सान्दर्भिक उत्तरहरू पर्दछन् !

## ४. अवलोकनको मापदण्ड :

नेपालका ब्राह्मण, क्षत्री, ठकुरी आदिका नेपाल प्रवेशका सम्बन्धमा अझसम्म दुई खालका धारणा विद्यमान छन् । एक थरीका अनुसार तेन्हौं चौधौं शताब्दीतिर दक्षिण-का भारतीय मैदान तथा मालवा, राजस्थान, गुजरात, शूरसेन, उत्तरप्रदेश, विहार, पश्चिम बंगाल तथा केरलाबाट विभिन्न कारणद्वारा बाधित भई नेपालमा आई विभिन्न सुविधायुक्त र व्यापारिक घाटीमा बसोबास गर्दछन् । अंगीकृत नागरिकका पंक्तिमा पर्ने तिनीहरू मष्टानुयायीमा पर्दैनन् । मष्टानुयायीका सांस्कृतिक ऊर्जस्वितासँग सम्बन्धित पनि छैनन् । तिनीहरू भारत जाँदा देशमा गएको र नेपालमा फर्केर आउँदा देशबाट आएको बताउँछन् । उनीहरूको वैवाहिक सम्बन्ध पनि कित आपसमा कित नेपालबाहिर हुँदैरहेको स्पष्ट छ । संविधान प्रदत्त अंगीकृत नागरिकता एवं राष्ट्रिय जनजीवनका यायावर मानवको स्थान उनीहरूको स्थिति हो । यसरी प्रस्तुत कृतिको कृतिगत मान्यता रहेको छ । लगभग दशौं शताब्दीपूर्व नै नेपालमा प्रवेशगरी संस्कृतिगत, प्रकृतिगत, भाषागत आधारमा पूर्णरूपेण नेपालीत्वमा आत्मसात भइसकेका मष्टानुयायी पश्चिमबाट पहाडै पहाड पूर्व बढेका जातिभाइमात्र यसभित्र परिपोषित छन् ।

## ५. नेपाल र भारतका बीच विद्यमान सांस्कृतिक भिन्नता :

नेपालीहरूका गणेश, वराह तथा भीमसेनहरू रक्तबली ग्रहण गर्दछन्, जुन कुरा भारतीय नागरिकका लागि परम आश्चर्यको विषय बन्न सक्छ । नेपाल सिद्धान्ततः हिन्दू धर्मावलम्बी राष्ट्र भएर पनि धर्मसमन्वयवादी रही आएको छ, धर्मसहिष्णुतालाई प्राण-पणले पालन गरी आएको छ । भारत सिद्धान्ततः धर्मनिरपेक्ष रहेर पनि धार्मिक कट्टरता

तथा साम्प्रदायिक जडान्धताद्वारा ग्रस्त छ । नेपालमा गाई राष्ट्रिय जनावर पूज्य गोमाता हुन् । प्रत्येक शुभ कार्यमा गाई विना पूर्णताको अपेक्षा नै गरिंदैन । गोठपूजा, गाई-जात्रा, गोवत्ससहित गाईगोठलाई पवित्र तीर्थस्थल, मांगलिक कार्यका लागि उत्तमस्थल मानिदैं आएको छ । विविध दृष्टिद्वारा विवेचना गर्दा नेपालमा भारतीय संस्कृतिको सामान्य प्रभावमात्र स्वीकार्य छ किन्तु पूर्णरूपेण नेपाली संस्कृतिको आफ्नै वर्चस्व कायम छ, मौलिक पृष्ठभूमि छ । आफ्नै अस्मिताद्वारा परिपोषित नेपालको भारतसँग केवल सांस्कृतिक सहिष्णुता तथा सनातन हिन्दू धर्मावलम्बनमा सामान्यतया मेल पाइन्छ । यस अर्थमा नेपालमाथि असल छिमेकीका नाताले दक्षिण वा उत्तरको सांसर्गिक लाभ जे जति मात्रामा हुनु स्वस्थ्य ठानिन्छ त्यस स्वस्थतासम्ममात्र दुई राष्ट्रको संस्कृति एउटै हो कि जस्तो छ नत्र त धार्मिक परिप्रसंगबाहेक सांस्कृतिक अनुशीलन, परिशीलन गर्दा ज्यादै गहिरो भिन्नता दृष्टिगोचर हुन्छ । अझ स्पष्टताका लागि केही भिन्नतामाथि प्रकाश पार्नु उचित हुनेछ ।

(१) शारीरिक संरचनागत भिन्नता : कुशापत्य शक हुन् चाहे खश हुन् यी दुवै मानवशास्त्रीय सिद्धान्तअनुसार वृत्तमुण्ड समूहमा पर्दछन् । यदाकदा कपित्थमुण्ड अपवादका रूपमा पाउनु तथा स्थूलमुण्ड वा पृथुकमुण्ड सांसर्गिक लसपसमा पाइनुत्यो अलग कुरा हो । मानव प्रकृतिका केही अंशमा वातावरण तथा परिवेशको प्रभाव पनि अपरिहार्य हुन आउँछ । यस समूहका शारीरिक लक्षणमा समतुल शीर्षादेशना, नासिकादेशना, नासिकावरण, कपोलास्थि, नेत्रासन, भ्रूबन्ध, केश-कटि-बन्ध, ग्रीवा, त्वचा, प्रकृति, दण्डास्थि, कद आदि प्रायशः अवयवहरूका आफ्नै प्रकारका विशेषता र विलक्षणता विद्यमान छन् । आदिम अवस्थादेखि वर्त-मान पुस्तासम्मका मानव प्रकृतिमा आकर्षक छवि कायम रही आएको छ । मानव-मितिक अध्ययन अनुसन्धानद्वारा प्रमाणित भई आएअनुसार उच्च कद, आजानुबाहु, लामा पाँसुला, गोलाकार तर ठूलो खप्पर, ताम्रपीताभ प्रकृति, आसन्न प्रसन्न वदन, उठेको तर फराकिलो लम्बाकार ललाट, गाढा काला वा कैला अक्सर खसा रोम, ठीक मनासिव पुष्ट भ्रूबन्ध, पातलो वा कोमलाधिक्य नरम त्वचा, कमलका दाना जस्ता मिलेका गाढा रसिला आँखा, कपोता-कृति नेत्रासन, आवश्यकता सुहाउँदो कपोलास्थि, उठेको लामो तीखो नाकको डाँडी, ०·०७ देखि ०·०११ सेण्टिमीटरबीचको नासिकादेशना, कोमल तिलपुष्पिकाकृतिको नासिकाग्रभाग, कोमल पातलो नासिकावरण, पातला सुललित ओष्ठविम्ब, सौम्य आकृति, गोल चिबुक, पातलो जिभ्रो, ज्यादै कम पातलो आँखाको ढकनी, लामा चेप्टा कान, लम्बाकार ग्रीवा,

उठेका पुष्ठ काँध र लामो पेट, पातलो कटिबन्ध आदि यस समूहका शारीरिक रचनात्मक भिन्नता हुन् ।

सन्तानमा पैत्र्यसूत्रको अधिक प्रबलता पाइन्छ । शरीरमा ज्यादा बाक्ला रोम पाइनुलाई पनि समूहगत भिन्नतामा लिन सकिएला । यसप्रकारको शारीरिक संरचना मंगोल, इतरमंगोल, आग्नेयवंशी, तथा आर्येतर समूहमा भन्दा बढी सम-शीतोष्ण आसन्न हिममण्डित जलवायुसँग सम्बन्धित रहेका मानव सन्तानमा मात्र सम्भव छ किन भने उष्ण जलवायु तथा शीताक्त जलवायु कटिबन्धीय परिवेश तथा पैत्र्यसूत्रसँग कम सम्बन्धित मात्र्यसूत्र अधिक सम्बद्ध हुन आउने समूहमा यसप्रकारको शारीरिक संरचनाको अभाव रहन्छ । एकजना बिहारी, एक जना नेपाली, एक जना उडीया तथा एक जना मद्रासीलाई हाराहारी उभ्याएर अर्कै जातिका मानव प्रकृति विज्ञलाई पर्गेल्न लगाउने हो भने अरूलाई छुट्याउन भाषाको सहयोग लिनुपर्ने खण्ड पर्दछ तर नेपाली चाहिं अनुहारबाटै चिन्हिन्छ । अतएव यसप्रकारको शारीरिक संरचना विशेषगरी खश तथा खशेतर समूहमा मात्र उपलब्ध छ । त्यसमा पनि प्रजातिक विशुद्धताजन्य प्रश्न अलगै विवेचनीय हुन्छ ।

(२) प्रजातिक विशुद्धता : कुनै पनि मानव समाजमा प्रजातिक विशुद्धता सार्थक छैन । यसका अनेक कारणमध्ये प्रमुख त प्राकृत कारण नै प्रबल मानिन्छ । वातावरण परिवेश, आबहवा तथा साहचर्यका प्रभावहरू अपरिहार्य रहन्छन् । यसपछि नेपाली समाजमा प्रजातिक विशुद्धता कायम रहन नसक्ने आफ्नै जातिगत विशेषताहरू छन् जसमध्ये जातीय संकरीकरणजन्य प्रश्न ज्यादै जटिल छ । नेपाली समाजमा परापूर्व-कालदेखि अनुलोम सन्तान समाजद्वारा स्वीकृत छ र प्रचलित कानूनले पनि वैधता प्रदान गरेको छ । समाजले बरू अन्तर्गोत्रसम्बन्धको आलोचना गर्ने गरेको पाइन्छ, हाडनाताकरणीद्वारा जन्मेका सन्तानलाई अवैध घोषित गर्ने र जातिच्युत गर्ने प्रथा बरू जोड्दार थियो तर अनुलोम सन्तान जन्माउने प्रथा नत समाजमा घृणित मानिन्थ्यो नत ऐन कानूनले आलोचना गर्दथ्यो ।[२]

ब्राह्मण क्षत्रियले घटी जातकी कन्या विवाह गरेर वा स्वजातभित्रकै पनि विधवा ग्रहण गरेर वा रखैल (परस्त्रीहरण गर्ने चलन) द्वारा जन्माइएका सन्तान-हरू पिताका गोत्र, जातमा लिने र सन्तानलाई वैधता प्रदान गर्ने चलन नयाँ होइन । यसरी सन्तान निरन्तर माथि उठ्दै गएका उर्ध्वगामी उदाहरणहरू पर्याप्त मात्रामा पाइने हुनाले प्रजातिक विशुद्धता र रक्तसम्मिश्रण जस्ता प्रश्नका औचित्यलाई नेपाली समाजले

२. अत्र हि उत्तरदेशे—नवयौवन दुर्मदान्ध नारी दुरितोपप्लवद्दुषितापि जातिः अनापाय पतिव्रता प्रवाहैरियमद्यापि नहीयते हि सत्सु ।
संकल्प सूर्योदय नाटक; श्री वेदान्त देशिककृत ।

खास महत्व दिएको देखिदैन। सामाजिक उत्थानका इतिहासतर्फ दृष्टिपात गर्दा शास्त्रीयता जे छ त्यो अलग्गै छ, यता लौकिक चलनमा भने खश जाति पहिलेदेखि नै बढी उदार पाइन्छ। जस्तो खश समूहका ब्राह्मण, क्षत्री, ठकुरीले पानी चल्ने घटी जातकी पत्नी राखेर त्यसबाट पैदा गराइएका सन्तानलाई सहर्ष आफ्ना तागाधारी सन्तानमा उठाई वैदिक संस्कारद्वारा आर्य वैदिक दीक्षा दिइन्थ्यो र दिई आएकै छन्। विधवा विवाहमा रोकटोक नत पहिले थियो न अब छ। गोत्रवर्ज्य विवाह पनि त्यति प्रभावकारी रहेको पाइँदैन। अन्तर्गोत्र विवाह शास्त्रद्वारा निषेध भए तापनि व्यावहारिकतबरमा त्यति पालन भएको पाइँदैन। यदाकदा विधवा भाउजू ग्रहण गरेर जन्माइएका सन्तानका वैधता पनि अस्वीकृत भएका उदाहरणहरू पाइँदैनन्। स्पष्ट शब्दमा भन्ने हो भने नेपाली समाजको प्रजातिक विशुद्धता मिश्रसंस्कृतिको द्योतक रही आएको छ। यसका तुलनामा भारतीय आर्य अर्थात सवर्ण समाजमा यस उदारताको नितान्त अभाव छ। सन्तान उत्तरोत्तर गिर्दै र पलायन हुँदै गएको पाइन्छ। जतिसुकै कट्टरता र नाटीकुटीको प्रदर्शन गरे तापनि अनुलोम सन्तानप्रतिको उदारतामा मानवीय व्यवहार गरेका उदाहरणहरू विरलै पाइएलान्। मातुला कन्या र भाइ-भाइ तथा बहिनी-बहिनीका सन्तानमा नेपाली समाजले बिहावरी गर्दैन, त्यस्तै अन्तर्गोत्र विवाह पनि शास्त्रसम्मत मानिएको छैन।

(३) संस्कारजनित भिन्नता : नेपाली समाजले आदिकालदेखि अद्यावधि तीन प्रकारका सामाजिक आचरणलाई संस्कारजनित उपचारका अर्थमा शिरोपर गर्दै आएको छ। जस्तो :— १. अग्निसंस्कार २. सूर्यसंस्कार ३. पौरोहित्यसंस्कार। यी तीन संस्कारका अतिरिक्त एउटा अर्को प्रचलन पनि संस्कारजनितदेखा परेको छ। त्यो हो पानी छर्कने र छोइछिटा हाल्ने प्रचलन।

अग्निसंस्कारमा पहिलो कुरो नेपालीका घर-अँगेनामा वा चुल्हा-चौकामा आगो निभ्न दिनु हुँदैन। शकुन अपशकुन जनाइने अर्थमा प्रायः नेपालीहरू आफ्ना घरमा अखण्ड ध्वनि कायम राख्न प्रयत्नशील रहन्छन्। यो पुरातन प्रथा हो। कदाचित् अँगेनामा आगो निभ्यो भने त्यसलाई कुनै अनिष्ट वा अपशकुनको सूचक ठानी घरपतिका मनमा भय पैदा हुन्छ। एक जातका अँगेनामा अर्का जातिका मान्छेले जाने र आगो छुने छुट पनि विरलै पाइएला। यस कुरामा खश बाहुन क्षत्रीभन्दा किरातहरू अझ बढी कट्टर पाइन्छन्। किरातका अँगेना र चुल्हाको स्थापना गर्दा निकै लामो विधि विधान पूरा गर्नुपर्ने हुन्छ भने प्रायः नेपालीका चुल्हा अँगेनाको निर्माण गर्दा गराउँदा साइत हेराएर चुल्हीचक्र, अग्निवास जुराएमात्र गराउने चलन छ। नेपाली जनधारणा-अनुसार नयाँ घर कटेरो गोठ आदि बनाएपछि तुरुन्त आगो धुवाउनुपर्ने किम्वदन्ती छ। भात भान्सा नखाँदै, खाँदाखाँदै वा चुल्हो-चौको नउठ्दै चुल्हामा

आगो निभ्यो भने त्यो भात भान्सा उपयोगमा ल्याइँदैन, खेर जान्छ। पाक्य पदार्थबाट सर्वप्रथम केही अंश अग्निमा अर्पण नगरी खाइएका गाँसलाई कुअन्न मानिन्छ। पासामा, पाटामा वा सार्वजनिक खुला ठाउँमा आयोजना गरिएका भोज-भतेरमा खानका लागि पंक्तिमा बसेका मानिसलाई छेकेर अग्निछेका, पानीछेका गर्ने चलन अनिवार्य छ। प्रत्येक पंक्तिमा आगो घुमाएपछि त्यस स्थललाई चुह्लो-चोको मानिन्छ। रजस्वला भएकी नारीले आगो छुन नहुने, छोएमा प्रदोष लाग्ने; सुत्केरीका कोठामा आगो नबालेमा बालविपत्ति आइपर्ने, बालककी आमा बाहिरफेर कतै गएर आएपछि पहिले आगो नछोई बालक नछुने, छोएमा बालरोग लाग्ने, दशगात्र क्रिया गर्न बसेका क्रियापुत्रीका कोठामा अखण्ड अग्नि कायम राख्नुपर्ने सामाजिक विधान कायम छ।

आगो हातमा लिएर पचापची क्रियाकाष्ठा खाएपछि झूटो बोलेको भए पनि भरपत्यार मान्ने गरिन्छ। त्यस्ता बाचाबन्धनको कसैद्वारा अवज्ञा गरिदैन। प्रातकालमा उठेर स्नानादि कार्य गरिसकेपछि अँगेनामा आएर अग्निको मन्त्र पढ्दै दर्शन गर्ने र एक टीको खरानी लगाउने चलन कायम छ। विवाह आदि कुनै पनि काम्य कर्महरू गर्दा अग्निको आवाहन गरेर अग्निलाई साक्षी मानेरमात्र गर्ने चलन छ। यसरी नेपाली समाजले शास्त्रोक्त वाणी 'अग्निर्गुरुर्द्विजातिनाम्' जस्ता सूक्तिलाई व्यावहारिक रूप दिई जातीय संस्कृतिमा आत्मसात गराई आएको छ। अग्नि, पावक, पवन, हुतासन, होमनाथ, हुतराज आदि अग्निवाचक नाम राख्ने प्रचलन नेपाली समाजमा अनादिकालदेखि लोकप्रिय रही आएको पाइन्छ।

सूर्यसंस्कारमा नवजात बालकलाई उपयुक्त दिन ठहराई सूर्यविलोकन गराइन्छ। कुनै अपशकुन अप्रत्यासित दृष्टिमा पर्न आएमा प्रदोष निवारणखातिर सूर्यविलोकन गर्नुपर्दछ भन्ने बूढीरूढि कायम छ। सूर्यका किरणलाई केवल आदर्शका रूपमा होइन व्यावहारिक रूपमा औषधि मान्ने बानी नेपालीमा नौलो होइन। आइतबार सूर्यका लागि व्रतबस्नु, आमोष भोजन नगर्नु; त्यसदिन दुहेको गोदुग्ध ठेकीमा जमाई मोही पार्न नचाहनु, जगतसाक्षीका रूपमा सूर्यलाई सर्वोपरि स्रष्टा मान्नु नेपालीका लेखि नौलो होइन। सूर्य, चन्द्र, अग्निलाई सवितरि त्रयका रूपमा दृष्ट साक्षी मान्ने गरेका प्रमाणहरू प्राचीन तथा मध्यकालीन अभिलेखहरूमा पढिन्छन्।[३] सूर्यका नाममा मानववंश चलाई आएको सार्वभौम चलन भए तापनि राष्ट्रिय झण्डामा सूर्य चन्द्राङ्कित गराइएको उदाहरण दिने नेपाल नै हुनुपर्छ। प्रत्येक आइतवार नेपालीहरूको अड्डा, अफिस, कार्यालयमा उपस्थित हुने पहिलो दिन हो। नेपालीका घरद्वारको भित्री भाग र बाहिरी भाग छुट्याउने लौकिक आधार सूर्यकिरणै हो।

३. सेतीका तारा २०३४—पूर्णप्रकाश नेपाल 'यात्री'

पौरोहित्य संस्कारमा नेपालीहरू पुरोहितलाई शोषक र दोहकका रूपमा पराइ होइन किन्तु विश्वासभाजनका रूपमा घरका देवता ठान्दछन् । कतिपय यस्ता गुप्तागारहरू हुन्छन् जहाँ विगोत्री र विधर्मीहरूले चियाउन पनि मिल्दैन त्यस्ता गुप्तागारमा पनि पुरोहित प्रवेश गर्न सक्दछन् । लोकव्यवहारमा यदाकदा यस्ता परिस्थितिहरू शिरोधार्य गर्नुपर्नेमा परी आउँछन् जहाँ आफ्ना मन चित्तले मानेको हुँदैन । त्यस्ता परिस्थितिबाट पार लागेपछि प्रायश्चित वा पतिया गर्नुपर्ने हुन्छ त्यस्तामा पुरोहितका वाक्यलाई नै तन्मयतासाथ शिरोपर गरिन्छ । पुरोहितविना कदाचित् आफूखाले भएर नेपालीहरूले कुनै पनि उपयोगी काम गरेका घटनाहरू सायदै पाइएलान् । पूर्वोक्त अनुलोम प्रक्रियालाई वैधता प्रदान गर्ने पहिलो हात पुरोहितकै रहन्छ । नेपालमा परापूर्वदेखि शोषण र दोहनका मारद्वारा पीडित समाजको यदि कुनै घडीमा सुधार गरे गराएका सूचनाहरू पाइन्छन् भने त्यस्तो उपकृत कार्य पुरोहितसिवाय अरूद्वारा सम्भवै भएको हुँदैन । अतः मर्दा पर्दा, उठ्दा बस्दादेखि सारा शुभकार्य र व्रतमालादि प्रकरणमा पुरोहित नभई नहुने हुनाले नेपाली संस्कृतिका निर्मातामध्ये पुरोहित एक हुन सक्छन् । भारतमा भने पुरोहितको स्थान सामान्य ठग व्यापारीका सरहमा देखिदैछ ।

पानी छर्कने र छोइछिटो हाल्ने : यस प्रसंगमा पवित्रताका लागि पानी छर्केर, छोइछिटा हालेर चोखो तुल्याउने चलन सचैल स्नानका बदलामा भएको हो जस्तो लाग्छ । कारणवश प्रदूषित जमीन, परिवेश र पदार्थलाई पानीको स्पर्शबाट पवित्रता प्रदान गर्नुलाई अवैज्ञानिक संज्ञा दिनु केवल अँध्यारामा ढुंगा हान्नु बराबर हो । कारण यसबाट समयको बचत हुन जान्छ । देखावटी आडम्बरले स्थान लेला कि भन्ने मानसिक भय रहँदैन । यस्तै कतिपय सुनपानी छर्कने, कुशापानी गर्ने, पीपलपानी हाल्ने चलनभित्र पनि केही वैज्ञानिकता पाउन सकिएला । यस्तै ज्ञाताज्ञात प्रचलनहरू सांस्कृतिक वर्चस्वका द्योतक रही आएका प्रतीत हुन्छन् ।

(४) जाति वर्चस्वका द्योतक मष्ट : विभिन्न प्रसंगमा जोड दिइएको छ कि नेपाली जाति मष्ट भावनामा प्रतिबद्ध जाति हो । मष्ट भावनाद्वारा अनभिज्ञ नेपालीलाई जातफाला नेपाली भनेमा प्रत्यवाय लाग्दैन किनभने नेपालीको जुन ऐतिहासिक गौरव छ त्यही लोप भएपछि के नै रह्यो र ? भन्न सकिन्छ । जातिवर्चस्वका दृष्टिले मष्ट नेपालीको स्पन्दन हो । विश्वजनसमुदायका अगाडि आफू भएर उभिन प्रेरणा प्रदान गर्ने मष्ट हो । यसले आफ्ना मूल थलाको संझना दिलाउँछ । मष्टका पार्षदहरू काणाब्रह्म, महारूद्र, गौंडावछला-भवानी, ब्रह्मवेताल, झाँक्री, सिद्ध-शिकारी श्मशानी, आइतवारे आदि पर्दछन् । यी सबैका संगठित रूपलाई 'कुलदेवता' भन्ने गरिएको छ ।

(५) गाईप्रतिको निष्ठा । गाई नभएमा नेपालीको उद्धार छैन । जूठो सुत्केरोमा

र कुनै पनि प्रदोषबाट पवित्रता प्राप्त गर्न प्रत्येक हिन्दू धर्मावलम्बी नेपालीहरू गोमूत्र प्राशन (गहुँत खाने) गर्दछन् । पंचगव्यको त्यस्तै महत्व छ : नयाँ घर बनाएर प्रवेश गर्नाका लागि भनेजस्तो साइत मिलेन भने गाई अघि लगाएर गृहप्रवेश गर्दछन् नेपालीहरू । नेवार समुदायमा गाईजात्रा ननिकालेसम्म दिवंगत पितृहरूको तरनतारन कार्य पूरा भएको मानिदैन । गोमाताप्रतिको श्रद्धावनतता, गोमूत्रको सर्वोपरि पवित्रता, गोरुको पूजा र कृषिकर्ममा सर्वोपरि मान्यता आदि गाईप्रतिका निष्ठारूप हुन् । नेपालीको राष्ट्रिय जनावर नै गाई हुन् । नेपाली संस्कृतिमा जन्म दिने आमापछिको स्थान गाईमा निहित रहेको छ ।

(६) गोठधूप : नेपालीका वार्षिक चाडपर्वमध्ये गोठधूप पनि एक हो । यो पर्व वर्षमा दुईपल्ट मनाइन्छ उँधौली र उँभौलीका अर्थमा । यस पर्वका आराध्य देव महारूद्र हुन् । सहायकमा गैँडूगोसाईं मानिन्छन् । महारूद्र तथा गैँडूगोसाईंका पूजाविधिमा अपनाइने शास्त्राचार तथा लोकाचार एवं समुन्नत विधिविधानहरू, उँधौली उँभौली गर्ने, देवाली गर्ने र महारूद्र, गैँडूगोसाईंका स्थान स्थापना गर्ने अनि कुलदेवतालाई अर्पण गरिने आलम तथा आशागूर्जा इत्यादिका अवलोकनपश्चात् दर्शकले यस्तो अनुभव गर्नेछ कि यति पुराना प्रचलनको सजीवता अन्यत्र सायदै होला ।

(७) परापूर्वकालदेखि लोकव्यवहारमा कायम रही आएका शुल्करहित विशुद्ध प्राजापत्य विधिमा आधारित वैवाहिक सम्बन्ध र विवाहमण्डपमा उच्चारण गरिने पार्वत्य दुहिता साथै एकरात्र्योपोषित विवाहसमारोह, गोडधुवा, रतेली, जन्तेभतेर; व्यौलीभतेर, बहूभतेरहरू अन्यत्रबाट नत पैठारी गरिएका हुन्, नत कसैद्वारा प्रभावित छन् ।

(८) उपनयन संस्कारका अवसरमा यज्ञाङ्गका रूपमा श्रवणगराइने 'देशान्तर' मा चर्चित कश्मीरदेश, शारदादेवी, गहनवन, दुर्गम हिमालय र गुरुकुलवासका कठिनताहरूको सांस्कृतिक महत्ता पनि उत्तिकै विवेचनीय हुन आउँछ !

(९) जीवनको निहित लक्ष्य र आस्था प्रकट गर्नेस्थल : नेपालीहरू उहिलेदेखि एउटै लक्ष्यमा प्रतिबद्ध रही आएका छन् । जीवनमा एकमात्र लक्ष्य रहन्छ एकपटक बद्रीनाथधाम पुग्ने, आफू आफ्नै अस्मिता र स्वधर्मप्रति अटल रहेको छु भनेर आस्था प्रकट गर्ने, ब्रह्मकपाली गरेर फर्केपछि परपाकवर्जित रही सन्यासअनुकूल आचरणमा रहने ।

(१०) शास्त्रान्तरमा पाइने कौशिकगण, रूद्रगण तथा मरूद्‌गणको धाराप्रवाह वर्णन र कौशिक संहिता, हिमवत्‌खण्ड, पशुपतिपुराण आदि विवेचनीय छन् ।

हिन्दुत्वका सहजताले काशी जानु, गङ्गास्नानप्रति मुग्ध र सम्मोहित रहनु अनि लोकलज्जा र बाध्यतावश गयामा श्राद्ध गर्न जानु तथा चारधामका तीर्थयात्रामा थरोक

रहनुलाई सांस्कृतिक प्रकरणमा उपस्थापन गर्नुभन्दा धार्मिक प्रकरणमा स्वीकार गर्नु सुशोभनीय हुन जान्छ । त्यसो त प्रायशः भारतीय हिन्दू धर्मावलम्बीहरू हर्षोल्लासका साथ नेपालेश्वर पशुपतिनाथ, बौद्धनाथ, चाँगुनारायण, रामजानकी मन्दिर जनकपुर, देवघाट, वराहक्षेत्र आदि तीर्थस्थलमा आई कृतकृत्य भएको अनुभव गर्दछन् ।

## ६. कालगणनाको प्रसंग :

नेपाल र भारतका बीच विद्यमान सांस्कृतिक भिन्नताका सम्बन्धमा चञ्चुप्रवेश गरेपछि अब कालगणनाका प्रसंगमा केही उल्लेख गर्नु कर्तव्य छ किनभने हाम्रो प्राचीन जातिसत्ता, राष्ट्रिय परम्परा एवं सांस्कृतिक गरिमा दर्शाउने बलिया आधारहरू अभिलेख आदि आधारसामग्रीहरू हुन् भन्नु अत्युक्ति हुँदैन । यस सम्बन्धमा समाजमा विभिन्न संवत्हरू प्रचलनमा छन् त्यसउसले अभिलेखहरूमा उल्लेख गरिएका संवत्-बारे राम्ररी थाहा नपाउँदै अध्ययन गरिंदा अभिलेखद्वारा अपेक्षा राखिएको उपलब्धिबाट स्वयं वञ्चित रहिन्छ ।

मध्यकालीन कर्णालीप्रदेशका आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा राजनीतिक महत्ता झल्काउने भरपर्दो आधारसामग्रीहरू अभिलेख नै हुन् । शिलामा खोपिएका, धातुका पातामा कुँदिएका र ताडपत्रमा खिपिएका प्रायजसो अभिलेख-हरूमा शाके सम्बत्को प्रयोग गरेको पाइएको छ । एकछत्र सिजा केन्द्रित खश प्रभुसत्ता रहँदासम्म सर्वत्र नै शालिवाहन शाकेलाइ 'शाके' मात्र उल्लेख गरिएका अभिलेखहरू नै अक्सर दृष्टिमा पर्दछन् । कुनै कुनैमा सम्बत् मात्रै उल्लेख गरेर पनि शालिवाहन शाकेकै अङ्क र मिति लेखिएको हुन्छ । त्यसले गर्दा बेला बेलामा गाँडो आइलाग्दा गाँडो फुकाउन नसकेर थाल्ल पर्नुपर्ने खण्ड आइलाग्दछ ।

यस सम्बन्धमा मैले अध्ययन गरेका विभिन्न स्रोतसन्दर्भमा पहिले पनि कतिपय प्रसंगमा उल्लेख गरिसकेको छु । यसमा केवल मष्टका उपासक हाम्रा पुर्खाहरूको कर्णालीप्रदेशमा प्रवेशको उपक्रम कुन शताब्दीबाट चल्यो होला त्यस स्पष्टताका लागिमात्र प्रसंग जोडने प्रयत्नमा छु ।

मैले अध्ययन गर्न पाएका अभिलेख तथा लिखित सामग्रीहरूमा, वंशावली-सम्बन्धी लेख टिपोटहरूमा संस्कृत भाषामा लेखिएको एक शिलालेख बझाङ जिल्ला-अन्तर्गत छान्ना पुजाहारी गाउँमा निर्मित खापड-जगंनाथका माडौंका अन्तपुरमा रहेको शिलामा पढेको छु । त्यस अभिलेखका उँभोका हरफहरू खिइएर अब एउटा अन्तिम हरफमात्र पढन सकिने अवस्थामा छ । "थापाख्य अहिचन्द्रस्य तनयेन परिष्कृत……४३२ ।।" यति अंश बँचेकालाई तत्काल परिचय दिनेक्रममा त्यस अंक-लाई मैले विक्रम संबत् ठम्याएको थिएँ । त्यस सम्बन्धमा पं० दाताराम शर्माले मेरो

पुस्तक 'बदलिंदो घामछाया' २०३७ मा कतै चर्चा गर्नुभएजस्तो लाग्दैछ। पछि त्यसलाई मैले भूल स्वीकार गरी विक्रम संबद् होइन किन्तु शाके संबद् हो भनेको छु।

टिपोट त्यस मितिमा नटिपिएर धेरैपछिमात्र टिपिएको भए तापनि घटना घटेको मिति टिप्दा टिपोट लेख्नेले '४१५' लेखेको एक वंशावलीसम्बन्धी टिपोट आछाम जिल्लाअन्तर्गत तिमल्सैन बीर्ताको देवबाडा निवासी माष्टर रामवहादुर मिजारका सौजन्यले पढन पाएको थिएँ। त्यस टिपोटअनुसार विक्रम संवत् ४१५ मा लम्बो-दर भट्ट गढवालको विद्यानगर छाडेर आछाम जनालीमा आएका भन्ने आशय उल्लेख गरिएको छ। त्यसका प्रथम प्रकाशनमा मैले पनि विक्रम संवत् नै ठम्याएको थिएँ[४]। परन्तु एकछत्र खश प्रभुसत्ताबीचका विभिन्न मितिका कतिपय अभिलेख-हरूको ( अभिलेखसंग्रह ) सम्पादन गर्दा त्यसलाई पनि भूल स्वीकार गरी शाके संबत् मानेको छु। त्यसकारण पूर्व नेपालका लिच्छवि राजाहरूका अभिलेखबाहेक पश्चिम नेपालमा पढिएका पुराना मितिहरूमा यही नै पुरानो हुन सक्छ। यसभन्दा उसोको कुरा कतै उल्लेख भए गरेको मलाई सम्झना छैन।

नागभार शिववंशी राजा रूद्रदामनका सन्ततिहरू ( कौशिकान्वयी सिजापति वा बडुवाल थरमा प्रख्यात छन्[५] ) को नेपाल प्रवेशसम्बन्धी घटना टिप्ने टिप्पणीकारले धेरैपछिमात्र टिपेको मान्न सकिने एक टिपोटमा 'पंचमशताधिकेवैक्रमाब्दे' भन्ने वाक्यांश टिपेका छन्। त्यो टिपोट आछाम जिल्लाअन्तर्गत कुञ्चो-कालिका गाउँपंचायत निवासी वसन्त वडुवालका सौजन्यद्वारा अध्ययन गर्न पाएको थिएँ। त्यस घटना-को प्रसंग तत्कालीन भारतीय घटना र भारतीय इतिहासमा मेल खाएको अनि लेखकले यता अंकमा नदिएकाले गरिने चर्चा त्यति महत्वको लागेन।

यहाँनेर यस प्रसंगलाई उपस्थित गराएर स्पष्ट गर्न खोजेको चाहिं यसो हो प्रायः वंशावलीका स्रोतहरू यी मष्ट उपासकहरूको पश्चिम नेपालमा प्रवेश सिन्ध-अलोरका हिन्दूशासनको पतनभन्दा पहिले भएको बताउन उद्यत जँच्दछन्। नभन्दै तत्कालीन पश्चिम नेपालको स्थिति के हुँदोहो भन्ने जिज्ञासा गर्दा कन्नौज साम्राज्यका सम्राट हर्षवर्धन र सिन्ध साम्राज्यका सम्राट दाहरका कार्यकालमाथि, सुवर्ण-भूमि ( कार्तिकेयपुर ) का नरेश ललितशूर तथा कश्मीर नरेश अमरगुप्तको हत्यारा रिन्चनवोन्छे समेतका शासनकालका बारेमा कियदंश उल्लेख गर्नु लाभ-दायक होला।

---

४. सेती अञ्चल दिग्दर्शन २०३५ पूर्णप्रकाश नेपाल 'यात्री'

५. सिजाको ऐतिहासिक रूपरेखा २०४२ ,,

कन्नौजसम्राट हर्षवर्धनको शासनकाल ( विक्रम संवत् ६५६-६९० ) मा पश्चिम नेपाल स्वतन्त्र सार्वभौम सत्तासम्पन्न थियो भन्न सकिने कुनै ठोस आधार देखिदैन । बरु पश्चिमी सिन्ध स्कन्दहारका शासक आदिपाललाई सिमन्तोन्नयनी ( सिजा ) तथा दुल्लूका शासकमा नियुक्त गरिएको हुँदोहो कि भनेर सोच्ने आधार पाइएको छ राजा दामुपालको शाके ८०३ को अभिलेख[६] । दुल्लूमा शासनारूढ रहने पहिला पाल नामधारी शासक आदिपाल नै थिए भन्न सकिने आधार पाइएको छ दुल्लूस्थित सम्राट पृथ्वीमल्लद्वारा आरोपित शिलालेख[७] । दुल्लूमा पाल नामधारी शासक नियुक्त रहे तापनि खप्तड, श्रीपाल, कालिकोट, सिजा, खुलालीकोट जस्ता कुलराज्यहरू आफ्ना हिसाबका अधीनस्थ जनपद थिए भन्न सकिन्छ ।[३] यी राज्यका अधिकृत शासकवंशहरूले अभिजनको रूप लिएको पाइएको र त्यसरी जनपदकै नाममा मानव अभिजन खडा हुन सक्ने सम्भावना सपादलक्षमा श्रीपाली सम्राट नागराजका उदयपछि ज्यादै कम देखिएकाले पनि यस्तो अनुमान लगाउन बल मिल्दछ[४] ।

अन्वेषक विद्वान् महापण्डित राहुल सांकृत्यायन, अन्वेषक शेखरसिंह गौतम,–डा० शिवप्रसाद डबराल 'चारण' अन्वेषक यमुनाप्रसाद वैष्णव 'अशोक' एवं विद्वान कुलचन्द्र कोइराला लगायत बहुधा विद्वान्हरूले उत्तराखण्डका पहाडी क्षेत्रमा बसोबास गर्ने ब्राह्मणहरू आफूलाई उत्तम ब्राह्मण मान्दथे र यी उत्तम ब्राह्मणवृन्दसँग दक्षिण मैदानखण्डका ब्राह्मणवृन्द वैवाहिक सम्बन्ध राख्न उत्सुक रहन्थे भन्ने उल्लेख गरेका छन् । यसको अन्तस्करण हो उत्तराखण्डका ब्राह्मणहरू कान्यकुब्जिया ब्राह्मणत्वसँग किन प्रभावित भए भन्ने सम्बन्धमा समसामयिक विवेचना गर्नु । यथार्थमा वर्तमान अवस्थामा पनि नेपालमा उपाध्याय अर्थात खश ब्राह्मण, कूर्माञ्चलीय ब्राह्मण, मँग ब्राह्मण, मैथिल ब्राह्मण, शाकलद्वीपीय वा शाकद्वीपीय ब्राह्मण, पाल्ही ब्राह्मण, पारीख ब्राह्मण, सरयूपारीण ब्राह्मण, वंग ब्राह्मण, कर्नाट ब्राह्मण, तमिल ब्राह्मण, मालवीय ब्राह्मण, तिरहुतीया ब्राह्मण इत्यादि अनेक भेदहरू विद्यमान छन् । यसका साथै पश्चिम नेपालमा लगभग ३० थरी राजवंशका वंशावलीहरू छन् र कतिपयका विवरणात्मक वंशावलीहरू जनसमक्ष आइसकेका छन् । प्राप्त वंशावलीमध्ये श्रीपालवंशी सिजापतीको वंशावली र डोटीको रैका राजवंशावली चाहि ताम्रपत्रमै कुँदाएर पनि राखिएका छन् । यद्यपि ती कुनै पनि

६. राजा गगनिराजको यात्रा २०३९—पूर्णप्रकाश नेपाल 'यात्री'

७. कर्णाली प्रदेश एकबिटो अध्ययन २०२८—सम्पादक भीमप्रसाद, देवीचन्द्र श्रेष्ठ ।

३. पूर्ववत् ।

४. पूर्ववत् ।

वंशावलीले सातौं शताब्दीपूर्व यस प्रदेशमा राजसत्ताको प्रकृति के कस्तो रहेको थियो तत्सम्बन्धमा कुनै प्रकाश पार्दैनन् । यस्ता अवस्थामा ब्राह्मण-क्षत्रीय जातका वंशावली-हरू चौथो पाँचौ शताब्दीतिरका पाइनु राम्रो कुरा हो । यिनै प्राप्तिका आधारमा अनुसन्धान प्रक्रिया चालू राखिएका खण्डमा निश्चय पनि भविष्यमा यस्तो अन्योलको वातावरण नरहला ।

## ७. कौशिकादि सन्ततिको प्रवेशकाल :

यस प्रसंगमा एक छिन कौशिकादि सन्ततिका पुर्खाहरू नेपाल भूमिमा कुन शताब्दीमा प्रवेश गरे भन्ने सम्बन्धमा दृष्टिगोचर गरौं—उपलब्ध वंशावलीका आधारमा भन्नु पर्दा केदारभूमि त्यागेर सिजा-कर्णालीप्रदेशमा प्रवेश गर्ने पहिला पुर्खा पर्वत पण्डित देखिन आएका छन् । उनका दाजु सुबल पण्डित उतै बसेका, आफू पर्वत पण्डित एक्लै सिजा शेरीदुस्का गाउँमा आएका भन्ने जानकारीसम्म हामीलाई प्राप्त छ किन्तु कुन शताब्दीमा र कुन राजवंशका कार्यकालमा उनी आएथे त्यो कुरा भने खुल्दैन । यहाँनेर कालावधिको निरूपण गर्ननिम्ति वंशविस्तारका पुस्तामाथि विहंगाव-लोकन गर्नु लाभदायक हुनेछ ।

उहिले उहिलेका कल्पान्तजीवी ऋषिकल्पका सम्बन्धमा हाम्रा अन्दाजले काम नगर्ला, चुर फेला नपार्ला त्यसर्थ त्यसतर्फ आँट गर्नु पनि दुस्साहस हुनेछ । परन्तु पर्वत पण्डित चाहि मानवकल्पका परेकाले त्यस्तो धेरै परको कुरो भएन । फेरि जहाँसम्म पुस्तागत नामहरू छुट्नु वा नछुट्नुसँग सम्बन्ध छ त्यसमा पनि निश्चय भन्न त मिल्दैन तथापि छुटेका छैनन् भन्ने आत्मविश्वासको सृजना गर्नु परेको छ ।

पुस्ताहिसाब गर्नेसम्बन्धमा मत-मतान्तर, दृष्टिकोणहरू धेरै हुन सक्छन् विशेषज्ञ-हरूका सोचाइ फरक फरक हुन सक्छन् । एक विशेषज्ञका सोचाइसँग अर्का विशेषज्ञका सोचाइहरू मिल्नै पर्छ भन्न मिल्दैन । पुस्ताहिसाब गर्ने सम्बन्धमा मैले पनि आफ्नो धारणा बनाएको छु । मेरा धारणाअनुसार राजपुरुषका लागि १६ वर्षको सरदर एक पुस्ता; ब्राह्मणेतरका लागि २५ वर्षको सरदर एक पुस्ता; सामान्य ब्राह्मण-क्षत्रीयका लागि ३२ वर्षको सरदर एक पुस्ता; सदाचार-निष्ठ तपोपूत ब्राह्मणका लागि ४० वर्षको सरदर एक पुस्ता, अग्निहोतृ-मन्त्रसाधक ब्राह्मणका लागि ५५ वर्षको सरदर एक पुस्ता र योगीजनका लागि सीमाङ्कन गर्न नसकिने भन्ने निश्चय गरेको छु । दीर्घकाल सामाजिक जन-जीवनका सामीप्य तथा साहचर्य लाभ, वयोवृद्ध अनुभवीहरूसँगका लामा परिसम्वाद साथै नृवंश अध्ययन अनुभवका आधारमा निश्चय गरेको धारण हो यो ।

कौशिक वंशमा ऋषिकल्प पार गरेपछि मानवकल्पमा कुनै पुरुष अग्निहोतृ मन्त्र-साधक रहेका शास्त्रीय जानकारी लौकिक जानकारीहरू कुनै प्राप्त छैनन् । त्यसमा पनि पुर्खा शतदेवदेखि श्रीनाथ पण्डितसम्मका पुस्ताको विस्तृत विवरण वा पर्याप्त जानकारी नपाइएकाले त्यसबीचमा यदि कोही त्यस्ता अग्निहोतृ मन्त्रसाधक थिए भने पनि तत्काललाई नभएसरह नै मान्नु परेको छ ।

पर्वत पण्डितका बान्हौं पुस्तामा सर्वज्ञधर पण्डित पर्दछन् । संवत् १३२७ मा सर्वज्ञधरको आयु कति हुँदोहो त्यसको अन्दाज पनि गर्न सकस पर्दछ तापनि सर्वज्ञ-धरदेखि वर्तमान पुस्तासम्मको गति नियालेर केही अक्कील लगाउन सकिन्छ । सर्वज्ञ-धरदेखि वर्तमान पुस्ता घटीमा १५ तथा बढीमा ३५ पुगेको छ र यी दुवै पुस्तामा जीवित छन् । दैलेख शाखामा चाल्नेमूल प्रशाखाका ८० वर्षीय टीकाराम नेपाल र झिल्टुङ नुवाकोट शाखामा झिल्टुङ कोल्पुटार बोर्लाङ प्रशाखाका भोटुकाजी नेपाल (२५ वर्षीय) तगडा छन् । सर्वज्ञधरका उक्त मितिदेखि आजसम्म जम्मा ७१८ वर्ष व्यतीत भए । यस संख्यालाई १५ ले भाग गर्दा ४८ वर्षको सरदर १ पुस्ता पर्न जान्छ भने यसै संख्यालाई ३५ ले भाग गर्दा २१ वर्षको सरदर १ पुस्ता पर्न जान्छ । यी दुई अन्तरलाई पट्याउँदा ६९ हुन्छ; त्यसलाई दुईले भाग गर्दा लगभग ३५ बराबर हुन्छ । अब यस अन्तरको कारण के होला ? सर्वथा विचारणीय हुन आउँछ ।

मैले अध्ययन गर्न पाएका बहुधा नेपाली वंशावलीमध्ये कालिकोट जिल्लाअन्तर्गत निपान-धौलागोहमा न्यौपाने थरको वंशावली पढ्दा पहिलोपल्ट निरुत्तर बनेको संज्ञना छ । त्यसमा न्यौपाने थरका आदि पुर्खा गोलुपाध्या न्यौपानेदेखि केशु-पाध्या न्यौपानेसम्म ४१ पुस्ता र गोलुपाध्याका पाँचौं पुस्तादेखि क्षत्रीमा परिणत भएका परशुराम खत्री ( रोकाया ) सम्म ७२ पुस्ता, दुवै जना समान उमेरका तगडा पाइएथे । यति विघ्नको अन्तर कसरी पर्न आयो ? यो बडो जटिल प्रश्न खडा भयो ।

त्यस्तै कर्णाली अञ्चलकै सिजदरा-धाप गाउँमा रिजाल वंशको अध्ययन गर्दा साझा बाजे भाउदासपाध्या रिजालबाट १३ पुस्तामा नवराज उपाध्याय रिजाल र भाउदासका एउटा नातिका पालादेखि जैसीमा परिणत भएका नवराज रिजाल २१ सौं पुस्तामा जब कि दुवै जना समान उमेरका समान कक्षामा अध्ययनरत थिए । यसरी ब्राह्मण-ब्राह्मणका बीचमा पनि ८ पुस्ताको फरक पर्न आयो ।

अर्को उदाहरण छ समाल शाही र भट्टको—साझा बाजे विलल्ल भट्टदेखि एक शाखा ब्राह्मण वंश र एक शाखा क्षत्रीय वंश चल्यो । विलल्ल भट्टकी कान्छी पत्नी सिजापती राजकुमारी हारमताका गर्भबाट देवचन्द्र समाल जन्मे । राजा देवचन्द्र समालका ५३ पुस्तामा आछाम मंगलसेनका राजा योगेन्द्रवहादुर शाह

वर्तमान छन् । मेरा जानकारीमा आएअनुसार देवचन्द्र समालको जन्मकाल संवत् १०७२ हो । यसलाई विक्रम संवत् मान्ने हो भने यही ठीक छ, होइन शाके संवत् मान्ने हो भने विक्रम संवत् १२०७ हुन्छ । राजकुमारी हारमता कुन राजाकी छोरी हुन् त्यो कुरा अझ विवादास्पद देखिन्छ । यद्यपि अनुशीलन गर्दा विवाद सुल्झाउन चाहेमा नसुल्झने होइन; सुल्झन्छ । स्पष्ट छ विवाहपछि राजकुमारीले आफ्ना पितासमक्ष 'अब म ब्राह्मणी भएँ कि रानी भएँ ?' भनेर प्रश्न गर्दा महाराजबाट 'तिम्रा छोरा भएमा तिमी राजमाता हौली' राजाज्ञा भएकाले पछि देवचन्द्र समाललाई आछाम सेरा बूढीथर्पुका राजा बनाइयो र उनकी ब्राह्मणी-माता सुतपा र उनका छोरालाई समाचोर बीर्ता बक्स भएको हो भन्ने भनाइ इतिहास सम्मत भएको छ । त्यसकारण ती राज्यदाता, बीर्तादाता महाराज विना अधिकारका नाम मात्रका राजा त थिएनन् । अधीनस्थ सामन्त, प्रान्तीय शासक वा आख्यानका राजा भएमा त्यस दातव्य-को प्रसंगै आउने थिएन । यस हिसाबले हारमताका पिताको टुंगो लगाउन चाहेंदा विवाद बनिरहने तुक रहेंदैन ।

समाल शाहीका सगोत्र बान्धव अर्थात् विलल्ल भट्टकी ब्राह्मणी सुतपाका सन्तान मुगु जिल्लाको सोरु गल्फुमा छन् । त्यहांका जयचन्द्र भट्टको उमेर योगेन्द्र-वहादुर शाहका हाराहारीमा छ र उनी विलल्ल भट्टका चौबीसौं पुस्तामा पर्दछन् । अब के सरदर मिलाउने ५३ र २४ को फरक आनका तान पर्दछ । यसैले समाज अध्य-यनमा नृवंशका पुस्ताको निरूपण गर्ननिम्ति एकहिसाबले काम गर्न मिल्दैन भन्ने मेरो भनाइ हो ।

ब्राह्मणका लागि मेरा धारणाले निष्कर्ष दिंदै आएको छ त्यसैले उपाध्याय ब्राह्मणको वंश कछुवाका गतिमा चल्दछ भने इतर ब्राह्मणका वंशहरू खरायाका चालमा फड्का मार्दछन् । त्यसमा हामीमात्र अपवाद बन्ने कुरा पनि आएन । तत्काल हामी पर्वत पण्डितदेखि २६ र बढीमा ४८ पुस्तामा छौं । पहिलो संख्या चाहिं उपाध्यायका बलाको र दोस्रो चाहिं सर्वज्ञधर पण्डितका चौथो पुस्ता-देखि क्षत्रीमा परिणत भएका बलाको हो । वर्तमान पुस्तामा धेरैजसो सन्तति २९ सौं पुस्तामा छौं त्यसउसले २९ × ४० गर्दा केही उपलब्धि मिल्न पनि सक्छ । जस्तो :— २९ × ४० = ११६० वर्ष हुन आउँछ । यसहिसाबले काम गरेमा पर्वत पण्डितको सिजा दोरीदुंस्का प्रवेश नवौं शताब्दीमा भएको मान्नुपर्ने हुन्छ । तर यसै संख्यालाई २९ र ४८ मा लिने हो भने (२९ × ४८ = १२९८) पनि उपलब्धि ६५३ आउने हुनाले सातौं शताब्दी ठहर्छ । जे होस् मौद्गल्य गोत्री लम्बोदर भट्ट, माण्डव्य गोत्री जाजा भट्ट, अत्रि गोत्री गोपाल भट्ट, भारद्वाज गोत्री परमा भट्ट, रवि

गोत्री भाण्डीर भट्ट आदिभन्दा हाम्रा पुर्खा पर्वत पण्डित लगभग दुई चार वर्ष-पछि नै आएछन् भन्ने मान्नु पर्‍यो :

त्यो छैटौं र सातौं शताब्दी पश्चिमी हिमालय प्रदेशका लागि भयावह नै रहेको थियो र पश्चिम नेपाल कर्णालीप्रदेशमा आगन्तुक मानव परिवारको चाप बढ्नु स्वाभाविक थियो। विक्रम संवत ६९०-९१ तिर हर्षवर्धनको कन्नौज साम्राज्य थरमरायो र हर्षवर्धनका मृत्युसँगै साम्राज्य-भास्कर अस्ताए। त्यही अवसर छोपेर सारा अधीनस्थ सामन्त र प्रान्तीय शासकहरू स्वाधीन स्वशासित घोषित भए। यसले भारतीय आकाशमा कालो बादल जमायो। छिमेकी देश भारतको त्यस दुर्बल अव-स्थाको अवसर छोपी सिन्ध-अलोरमाथि आक्रमण गर्दा निशाना नचुक्ने ठानेर बगदाद-को खलिफा बलिदले सेनापति मुहम्मद बीनकासिमका नेतृत्वमा विशाल सेना पठाई अलोर ध्वस्त पार्‍यो। सिन्धराज दाहर युद्धमा मारिए। त्यस घटनाले गर्दा प्रायः वैदिक सनातन धर्मावलम्बीहरुमा भागाभागको स्थिति आयो। कन्नौजको आन्त-रिक गड़बड़ी र अशान्ति पनि भयावह नै थियो त्यसैले ती दुवै साम्राज्यका धर्मभीरू जनता भागेर हिमालयका शरणमा पर्नु एकमात्र बाटो रह्यो।

सातौं शताब्दीमा कश्मीर पनि अशान्त थियो। वैदिक धर्मावलम्बीहरुका लागि त्राहिमाम् अवस्था विकराल थियो किनभने कश्मीर नरेश अमर गुप्तको हत्या गरी षडयन्त्रद्वारा शासनारूढ हुन पुगेको विधर्मी राजा रिन्चनबोन्छेसँग त्यस बेला वैदिक धर्मावलम्बीहरूका लागि केवल दुईटा बाटा थिए कित कश्मीर त्यागेर निर्वा-सित हुने कित इश्लाम स्वीकार गर्ने। त्यस भयावह स्थितिमा वैदिक धर्मावलम्बी र तिनका अनुयायीहरू कश्मीर त्यागेर केदारभूमि र मानसप्रदेशतर्फ पस्नुबाहेक दोस्रो सुगम उपाय थिएन। बरु यसैभित्र उपनयन संस्कारका अवसरमा सुनाउने गरिएका देशान्तरको रहस्य र जीवनमा एकपटक जसरी भए तापनि बद्रीनाथधाममा पुगी ब्रह्मकपाली गरेपछि परपाकवर्जित गृहस्थ परिव्राजक बन्दै आएका कारणको अर्थ खुल्दछ।

## ८. कुश जाति र कौशिकादि सन्तति :

कौशिकादि सन्ततिको उठान कुश जातिबाट गरिएको र कुश जातिका सम्बन्धमा विस्तृत विवेचना नगरिएका कारणबाट विद्वान् पाठकवृन्देमा-ओ भान पर्न सक्छ— के कौशिकादि सन्तति नै समस्त कुशजातिको उत्तराधिकारी होत ? त्यसर्थ यस सम्बन्धमा कियदंश उल्लेख गर्नु कर्तव्य ठान्दछु। द्राविड-जाति भन्नाले एक विशाल दुस्तर नदीको प्रवाह जस्तो बुझिन्छ र द्राविड-सभ्यताको जनक भन्ने बुझिन्छ। त्यसको तात्पर्य त्यसो होइन द्राविड जातिका निर्माता द्रविडहरू अनेकौं

व्यष्टिमा वर्गीकृत हुन सक्छन् । त्यस इतिवृत्तको पारख गर्ननिम्ति त त्यस विशाल दुस्तर नदीका प्रवाहभित्र पस्न सक्नुपर्छ । त्यस्तै कुश जाति वैदिककालको एक विशाल सागर हो अथवा एक विशाल दुस्तर नदीको प्रवाह हो । यस जाति-का योगदानद्वारा अनेक सभ्यताहरू निर्मित छन् । जस्तो :—ऐल सभ्यता, अश्विन सभ्यता, खोतान सभ्यता, खशसभ्यता, आर्य सभ्यता, पामीर सभ्यता, सिन्ध घाटी सभ्यता, अलोर सभ्यता, हिमालयीन सभ्यता इत्यादि । त्यसैले कुश जाति नै खश सभ्यताको निर्माता हो, खश संस्कृतिको जनक हो । परन्तु यस सम्बन्धमा सावधानीसाथ पर्याप्त मात्रामा गहन अनुसन्धानको आवश्यकता छ ।

कुश जाति र कौशिक वंश केवल एक संयोग हो ? जस्तो—नेपाल शब्द स्वतन्त्र सार्वभौम सत्तासम्पन्न एक राष्ट्रको नाम हो किन्तु एक जात एक थर एक धर्मावलम्बी समूह र वर्गविशेषको पेवा होइन, ठीक हो । तर यहींनेर उही प्रश्न दोह-रिन आउँछ—हाम्रो नेपाल थर केतनि ? हाम्रो थर नेपाल केवल एक व्यष्टि हो, नेपाल राष्ट्रका समष्टिसँग तुलनीय हुनै सक्दैन । राष्ट्रको नाम नेपालभित्र राष्ट्रका एक थरी नागरिकको थर नेपाल पर्न आउनु त्यो एक अवश्यम्भावी संयोग हो । बश, कुश जाति र कौशिक वंशको कुरा पनि त्यस्तै हो । कुश जातिभित्र समेटिने (गोत्रहरू, प्रवरहरू) थरहरू वर्तमान नेपाली परिवेशभित्र मात्र बारसयभन्दा अधिक छन् भने, भारतको उत्तराखण्ड, पाकिस्थान, अफगानिस्थान, इरान, इराक, टर्की, सोभियतसंघ लगायत विभिन्न देशदेशावरमा कति होलान् त्यसको अन्दाजसम्म गर्न पनि गाह्रारो छ । अझ त्यसमा पनि धर्म परिवर्तनका जहरले मान्यता-मै दिग्भ्रम गराउनु बेग्लै कुरा हो । भावनात्मक परिवर्तन र अज्ञानताले पनि असर पारेको हुन्छ । भाषागत कारणले एक भूखण्डको अन्तस्करण अर्को भूखण्डकाले जान्न बुझ्न पनि कठिनै पर्दछ ।

सन्दर्भगत विवेचना गर्नेक्रममा उल्लेख भएको छ परापूर्वमा कुशद्वीपका एक शासकको नाम पनि कुश थियो । शासक कुशका उत्तराधिकारीहरु कौशिक कह-लाए र पनि पुर्खाका राजगद्दीका अधिकारी बनिरहे । राजा कुशदेखि राजा विश्वामित्रसम्मका सबै राजा महाराजाहरू कौशिक कहलाएका रोचक प्रसंगहरू, विविध जानकारीहरू पौराणिक इतिहासद्वारा पाइराखिएकै छ । राजा विश्वामित्रले राजगद्दीको मोह त्यागेर लामो कठोर तपस्याद्वारा विप्रत्व प्राप्त गरे । विप्रत्व प्राप्त गरेपछि महर्षि विश्वामित्रमा प्रख्यात भएर पनि 'कौशिक' पद उनमा निर्लिप्त बनिरह्यो । यसबाट सिद्ध हुन आउँछ—कौशिक केवल व्यक्ति विशेषको परिचायक नभएर एक सुदीर्घ परम्परा हो साथै यसले आफूलाई सीमित परिवेशभित्र नराखेर सन्ततिका लागि समुच्चायक समष्टि अथवा गोष्ठीको उत्तरदायित्व वहन गरेको प्रतीत

हुन्छ । बरु, पुर्खाहरूका तिनै महानताका सम्मानखातिर पनि हामीले आफ्ना बन्धु-बान्धवका गोत्रात्मक संगठनको नाम कौशिकादि सन्तति राख्न आवश्यक ठानेका हौं । कौशिकादि सन्तति अर्थात् कौशिक ऋषिका सन्तान केवल हामी होइनौं अरू पनि छन् । भविष्यमा अरूले पनि आफ्ना वंशको प्रादुर्भाव कुशद्वीपसँग जोडनेछन् र प्रतिकृतिको नाम कौशिकादि सन्तति राख्न सक्नेछन् । त्यसबाट हामीले हीनताबोध गर्नुपर्ने आवश्यकता पर्ने छैन । सम्पूर्ण मष्ट उपासकहरूको आफ्नो जातीय उद्भव तथा अस्मिता कुश जातिमा सगर्व लगेर आत्मसात् गर्नेछन् भन्ने हामीलाई सदाशयता छ ।

## ९. संकल्प, प्रेरणा र प्रोत्साहन :

संकल्प जसले गरे पनि त्यसलाई साकार तुल्याउनाका उद्देश्यले पुस्तैनी प्रयास गरेका कतिपय उदाहरणसँग हामी परिचित छौं । त्यसैले हाम्रा पूर्वज अग्रजहरूका संकल्पमा द्यौरालीलाई पाती भनेजस्तो हुन गयो । सफलताका लागि लागिपरेमा एक दिन फल हात लाग्दछ भन्ने भनाइ चरितार्थ भएको मात्र नसक्ने अब मसँग कुनै कारण छैन ।

गर्ने चाहना भएमा प्रेरणा र प्रोत्साहनको कमी हुँदो रहेनछ भन्ने कुरा पनि विस्तारमा निवेदन गरिसकें । मान्यजन, कुलवृद्ध, ज्ञानवृद्ध एवं उदारमना व्यक्तित्व-हरूका लगनशीलता र सौजन्यले यतिसम्म हुन आयो भने यसलाई निरन्तर अघि बढाउन र अझ परिष्कृत एवं मानक आधार बनाउन पनि सम्बन्धित क्षेत्रबाट बराबर प्रोत्साहन मिल्दैरहेमा आज नहोला सही भोलि अवश्य हुनेछ ।

## १०. हार्दिकतापूर्वक कृतज्ञता ज्ञापन :

गर्छु भनी चिताएका बेलामा निरूपाय बनी जिल्लाराम परेका कटु अनुभवहरू छन् । चार चारपटकसम्म नेपा बीतामा पुग्दै निराशिदै फिर्ता आउनुपरेका कटुबम्ल अनुभवहरू अविस्मृत छन् । कतिपय पाखण्डीहरूका लाञ्छना, तिरस्कार तथा अवहेलनाका विषादपूर्ण क्षणहरू हृदयविदारक रहेका छन् । यद्यपि आज यसरी खुशीयाली मनाउने अवसरमा आइपुग्न पाउँदा अनुभव गर्दछु ती विषादपूर्ण क्षणहरू मेरालागि पुरस्कार बनेका छन् । त्यसरी बारम्बार ठक्कर खाँदै फर्किनुपर्दा, निराशिनुपर्दा, हतोत्साहित बन्नुपर्दा पनि ती सबै इष्टापत्ति हुन् भन्दै, प्रसन्नतापूर्वक प्रोत्साहन दिंदै 'चरैवेति चरैवेति चरैव मधु-विन्दते' जस्ता सूक्ति वाक्य सुनाउँदै कर्तव्यपथमा नित्य निरन्तर अघि बढिरहन साहस थपिदिनुहुने योगीज्यूको सदैव चिर ऋणी छु । कदाचित उहाँका अनुग्रह प्राप्त गर्न असफल रहेको भए यो परिणाम यसरूपमा फलित हुने थिएन । वास्तवमा नेपाल थरको आस्पद र विग्रहसम्बन्धी अनुदेश प्राप्त

गर्न समग्रमा कष्टकल्पना नभनौं भने पनि सुगम चाहिं हुने थिएन । यसमा संगृहीत ठाकुरनाथ शर्मासितको रजतपत्रको प्रतिलिपि उतार गर्न तथा जुम्ला जिल्लाका भूतपूर्व रा० प० स० रमाकान्त न्यौपानेसँग रहेका लालमोहरको प्रतिलिपि प्राप्त गर्न अज्ञात अवस्थामा सर्वथा दुरुह थियो । यिनै कुराहरूको ख्याल राखी यसप्रकारका पृष्ठपोषक तत्वहरू योगीज्यूका सौजन्य हुन् नभन्नु केवल कृतघ्नताको परिचय दिनु हो । अतएव यस्तै सज्जनता, उदात्तता, सहजभाव तथा सौहार्दताका लागि पूर्वोक्त महानुभावहरूसहित योगीज्यूमा प्राञ्जल हृदयकिञ्जल्कसहित हार्दिकता प्रकट गर्नु आफ्नो कर्तव्य ठान्दछु ।

लगभग तीस वर्षका सश्रम लगानीका बलमा प्रस्तुत कृतिले मूर्तरूप लिन पाएको छ । केही गरौं भन्न चाहनेका लागि यसभन्दा प्रसन्नता, हर्षातिरेक आनन्द अरू के हुन सक्ला ?

तत्कालीन सम्माननीय बडागुरुज्यू जुनानाथ पण्डितसँग सम्मति, सद्भावना र संयुक्त प्रकाशनका लागि बहुधा प्रयासहरू भएका हुन् र डा० प्रयागराज शर्मा र शेखर पण्डितलाई भगीवन्त खनालका नाति, भगीरथ खनालका कान्छा छोरा रामकृष्ण पण्डितका सन्ततिको नामावली संकलन गर्न अन्हाएको छु भन्नुभएको थियो जसमा डा० प्रयागराज शर्माबाट प्राप्त एकसरो नामावली रामकृष्ण पण्डितदेखि लीलाविलाश पण्डितसम्मको पुस्तावली उपलब्ध भई मसँग छ । त्यसमा उँभोका पुस्ता त गुणरत्नाकर पण्डितसम्म जोडिएकाले शृंखला नमिल्ने प्रश्न आएन । परन्तु यता आएर लीलाविलाशमा टुंगिएकाले वंशविस्तारको क्रम निकै माथि नै छुटेको देखिन्छ । त्यस अवस्थामा क्रमिकरूप दिन पनि नमिल्ने, प्रकाशनमा नल्याउँदा पनि आँग फुकाएर काम गर्नेका लागि सहयोग नमिल्ने हुँदा यस प्रतिकृतिमा साभार गरी परिशिष्टमा समावेश गरेको छु । बरालका पुस्तावली जयतु-सम्म पं० शिवराज बरालका प्रयासमा प्रकाशमा आएको तर ६०% नामावली छूट रहेको बुझिएकाले मैले संकलन गरेका आछाम बारला, बाजुरा, कालीकोट, जुम्ला, हुम्ला, जाजरकोट, सुरखेत, सल्यान, प्यूठान लगायतका नामावलीहरू सुरक्षित छन् जो पछि क्रमिकरूपमा प्रकाशमा आउने छन् । कार्कीका पुस्तावलीमा दासु कार्की र संग्रांसुर, रूपसिंह कार्की भन्दा उँभो जशु कार्कीका बीचका करीब १३ १४ पुस्ताका नामावली भिडाउन बाँकी रहेकाले यसमा चर्चित हुन सकेका छैनन् । प्रयास चालू रहने छ ।

जयगुणाकर पण्डित र जयन्त पण्डिततर्फका सन्ततिहरू छिटपुट मिल्दैछन् तर क्रमबद्ध हुन सकेको छैन । केही रेग्मी, भट्ट, विडाल, कुशौला पांडे र जोशीका

नामावली संकलित छन् तापनि श्रृंखला नमिलाई प्रकाशन गर्नाको कुनै अर्थ नभएकाले यसमा चर्चा गरिएको छैन ।

नेपाल थरका नामावली पनि केही छुटेका छन् प्रायः सरोकारवालाका बेवास्ताका कारणले छुटेका हुन् ।

प्रमाण खण्डमा प्रचारमा आएका रजतपत्र, ताम्रपत्र, लालमोहर, स्याहा-मोहरहरू प्रायः नै छुटेका छन् । ती प्रमाणहरू छुट्नाको कारण चाहिं किन ? र कसरी ? भन्नतिर लाग्नुभन्दा सम्बन्धित व्यक्तिविशेषमा विद्यमान असहयोगी मनोवृत्तिको प्रतिफल हो भन्ने संझिदिनु बेश हुनेछ ।

प्रमाण तथा नामावली संकलन गर्दा प्रायः महानुभावहरूसमक्ष गोत्र०थापी संयुक्त प्रकाशन गर्ने कुराकनि गरिएको थियो । त्यसो गर्नु बान्धव सौहार्दताका लागि उपयुक्त हुने थियो परन्तु पछि महशूस गरियो त्यसो गर्दा एक त बढी विलम्ब हुन जाने, दोस्रो बाह्र चौध थरको विस्तृत विवरण एउटै ठेलीमा अटाउन खोज्दा सर्वसाधारणका लागि उपयोगी नहुने शङ्का पनि पर्न आयो; तेस्रो विस्तृत विवरणका लागि गरिएका प्रतीक्षाको बाँध टुट्न लाग्दा पनि समूहगत प्रकाशनको मार्ग अवलम्बन गर्नुपरेको हो । यसबाट समस्त बन्धुबान्धवमा सदनुरोध गर्न कर्तव्य ठान्दछु कौशिकादि सन्ततिका आफन्त-पनमा बिरानुभावले चियाउन नपाओस् ।

पूर्वोक्त अन्वेषणक्रमका लामू अन्तरालपछि एकपटक मनमा विकार पनि पैदा भएको थियो । सायद तन मन दुवै शिथिल भएर हो वा कसो भएर हो आ ! कतिपयले यस्ता अनुत्पादक कुरामा लाग्ने ? भनेर मुख अमिलो पार्दछन्, आफ्नो अस्मिताप्रति तिलभर अनुराग छैन भन्ने सोचेर मनले हार मान्यो । ठक्कर खानु खाइयो, हण्डर पाउनु पाइयो, गर्नु गरियो अब के बाँकी रह्यो ? भन्ने लाग्यो । भैगो जो भयो सो भयो भनेर चित्तवृत्ति शमन गर्न लागेको थिएँ त्यस्तैमा संयोगले एक दिन त्रि० वि० छापाखानाका प्रबन्धक होमनाथ शर्मा नेपालसँग भेटघाट भयो । आपसमा कुरा-कानि हुँदा वंशावली प्रकाशनको कुरो चल्यो । पूर्णरूपमा नामावली संकलन हुन नसकेको, प्रायशः बन्धुबान्धवहरूले खास चासो नराखेको गुनासो सुनाएँ । अन्तमा तत्काल जे जति जम्मा छ त्यति नै छपाउने भन्नेमा मतो मिल्यो । उपलब्धिमा दुवैको मन खलास भएको हुँदा त्रि० वि० छापाखानामा छपाउन सहमत भई मैले उहाँलाई फायल जिम्मा लगाएँ । लागत खर्च बाईस हजार लाग्नेभएकाले उहाँले पुस्तक छपाउन थाल्ने, मैले अर्थसंकलन गर्न थाल्ने गरी कामको बाँडफाँड मिलाइयो ।

छपाइखर्चको अनुमान पूरा गर्न मनले खाएका नेपालबन्धुहरू ४४ जनाको नाम लेखेर सर्वप्रथम दाजु माधवप्रसाद उपाध्याय ( तत्कालीन सहायक अञ्चलाधीश बागमती अञ्चल ) र भाइ नलराजशास्त्री ( तत्कालीन उपनिर्देशक सूचना विभाग ) समक्ष

पुगेर आफ्नो निर्णय सुनाएँ । तत्काल दुवै सहमत हुनुभयो । केही थप नामावलीसहित पाण्डुलिपि टङ्कन गर्न पठाइयो पनि । पछि जब आपसका भेटघाटले लगभग नियमित रूप लिन थाल्यो अनि फेरि कुरा फेरियो ; उहाँहरूका सुझाव अनुसार आज अघि एकजनाका प्रयासले जे जति गरियो त्यो उपयुक्त छ । त्यसैलाई प्रमुख आधार मानेर अब संस्थागत प्रयत्न गरिहेरौं । प्रकाशनका निम्ति हडबड गर्नुभन्दा प्रकाशन समिति गठन गरी नामावली संकलन, अर्थसंकलन र प्रमाण-पत्रादिको संकलन गर्ने । त्यसो गरेका खण्डमा शाखा प्रशाखाबाट नामावली बढी मात्रामा संकलन हुनेछ र प्रायः सबै बन्धुबान्धवहरू लाभान्वित हुनेछन् । त्यसरी विचारविमर्श गर्दा त्यसमा मतैक्य आएकाले त्रि० वि० छापाखानाबाट पाण्डुलिपि फिर्ता ल्याइयो ।

उखान गर्छन् ढीलो होस् बरू छोरो होस् ! प्रकाशन कार्यमा केही ढीलो हुँदैमा बिग्रिने होइन ढीलो छीटो हुन्छ, बरू व्यापकरूपमा नामावली संकलन गर्न गराउन सकियो भने विष्मतको साटो सबैलाई हर्षातिरेक आनन्द अनुभव हुनेछ । फलतः यस-प्रकारका सरसल्लाहपछि प्रकाशन समिति गठन गर्ने उद्देश्यले सिफलस्थित दाजु श्री लक्ष्मणप्रसाद नेपालका घरमा भाइबन्धु सम्मेलनको आयोजना गरियो । बढी व्यापक पार्न खोजिएमा सम्हाली नसक्नु होला भन्ने भयले यसमा नेपाल बन्धुहरूलाई मात्र बोलाइएको थियो । त्यस बोलाहटमा अन्दाज गरिएभन्दा बढी नेपालबन्धुहरूले भाग लिए । सम्मेलनमा विस्तृत छलफल भएउप्रान्त यसैपटक दुईटा समिति गठन गर्ने प्रस्ताव आई सर्वसम्मत निर्णय भएको हुँदा नेपाल वंशज परिषद् र वंशावली प्रकाशिनी समिति गठन गरिए ।

संस्थागत गन्तव्य लक्ष्य रह्यो नेपाल थरको मात्र होइन किन्तु गोत्रव्यापी समन्वय हुने गरी एउटै प्रकाशन मालामा उन्न यथासम्भव प्रयास गर्ने । त्यस व्यापकताका लागि प्रकाशोन्मुख ग्रन्थको नामकरण 'कौशिकादि सन्तति' गर्नु आवश्यक छ । बरू प्रस्ता-वित कार्यका पूर्णताका लागि एकै भागमा सम्भव नहुने जस्तो लागेमा पछिल्ला भाग-हरूको प्रकाशन गर्दै लैजाने गरी यस प्रथम भागमा कोष्ठकभित्र ''प्रथम समूह्-नेपाल सन्ततिहरू' भनेर जनाउनुपर्ने निर्णय पारित भयो । त्यसै पारित निर्णयका आधारमा यस ग्रन्थकलेवरको भाग पचास प्रतिशत प्रमाण प्रस्तावना र विवेचना खण्डमा सगोत्रको साझा वर्चस्व कायम गरी पचास प्रतिशत उत्तरार्धमा नेपाल सन्तानको नामावली सम्पादन गरिएको हो । ग्रन्थोपसंहारमा पनि पूरै कौशिकादि सन्ततिका उपयोगिताको समाहरण नगरी प्रथम समूहका परिधिमा सीमित राखिएको छ ।

यस प्रथम प्रयासमा जे जति हुन सक्यो त्यसलाई सम्बन्धित क्षेत्रद्वारा सस्वागत समर्थन मिल्ला भन्ने दृढाशय राखिएको छ । यसमा पर्न नम्याएका नेपाल सन्तति र

अन्य समूहमा पर्ने सगोत्र बान्धवमा पर्न सक्ने सम्भावित असुविधाका लागि विनम्र क्षमायाचना गर्नु ग्रन्थकारको कर्तव्य ठानेको छु ।

यसरी नै अन्य भागहरूमा यथायोग्य संयोजन मिलाई कारणवश यस भागमा उपस्थापन हुन नसकेका लब्धप्रतिष्ठ व्यक्तित्व, कृतित्व एवं शाखागत विशेषता तथा नामावलीहरू लगातार प्रकाशन गर्ने प्रयत्न गरिनेछ । यस प्रस्तावित कार्यका निरन्तरताका लागि नेपाल वंशज परिषद्का सम्माननीय अध्यक्षपदमा नेपालका वरिष्ठ राजनीतिज्ञ एवं वर्तमान पुस्ताका वयोवृद्ध अग्रज श्रीरामहरिशर्मा नेपाल र वंशावली प्रकाशिनी समितिका अध्यक्षपदमा श्रीमान् माधवप्रसाद उपाध्याय नेपाल रहनुभएको सर्वविदित छ ।

वस्तुतः यसरी प्रस्तावित कार्यलाई संस्थागत रूप दिई नैरन्तर्य प्रदान गर्ने सातत्य एवं प्रशंसनीय कार्य भएकामा कौशिकादि सन्ततिले अपार हर्ष तथा गौरवमय प्राप्ति मान्नु पर्दछ भन्ने मेरो विचार छ । पूर्वोक्त विवरणमार्फत विनिवेदन गरिएका पूज्य पिताजीका दूरदर्शी प्रयत्नका थालनी, श्रीमती दिव्यभावनाका गोडचास, श्रीमती भुवनेश्वरी उपाध्यायका निस्वार्थ लगानीसहित जानी नजानी मबाट कुल गोत्र सेवाका निम्ति शिरोपर गरिएका सार्थक प्रयत्नहरूलाई सौहार्दपूर्वक अनुमोदन गरी प्रकाशनको अभिभारा वहन गरिदिनुभई बालसुलभ प्रयत्नलाई सफल तुल्याइदिनुभएका खुशीयालीमा सम्माननीय अध्यक्षलगायत समस्त पदाधिकारीवर्ग एवं सम्बन्धित सहयोगीवृन्दमा हार्दिकतापूर्वक अभिवादन समर्पण गर्दछु ।

अन्तमा यस कृतिलाई मूर्तरूप दिनेक्रममा श्रद्धेय दाजु ज्ञानमणि नेपाल, चिरञ्जीवी भाइ नलराजशास्त्री नेपाल समेतबाट मैले जेजस्तो आत्मीय भाव साथै साथसहयोग पाएको छु त्यसनिम्ति विशेष श्रद्धासुमन अर्पण गर्दछु । आयुष्मान् पुत्रद्वय आनन्दप्रकाश नेपाल, पंकजप्रकाश नेपाल जसद्वारा पाण्डुलिपि टङ्कन कार्य सम्पन्न गराइयो यसबापत् दीर्घायुष्यका लागि एवं उज्वल भविष्यका लागि कुशल कामना गर्दछु ।

ग्रन्थ मुद्रण कार्यमा केवल व्यापारिक दृष्टिकोण नराखी आत्मीयतापूर्वक सातत्य सहयोग पुऱ्याउनुभएकामा दीपक प्रेस नदेसर वाराणसीका मालिक शिवशंकरप्रसाद सपरिवारप्रति हार्दिक साधुवाद ज्ञापन गर्दछु ।

ग्रन्थकलेवरको गठनमा, सम्पादनमा, मुद्रणारीक्षणमा बहुतायत त्रुटिहरू हुन सक्छन् किनभने मनुष्यकृत बहुआयामिक प्राथमिक प्रयास कदापि अपवाद हुन सक्दैन । एक त दीर्घकालीन कर्मयात्राको थालनी, एक अकिंचन व्यक्तिविशेषका प्रयासमा बहुतायत प्राप्तिस्रोत र सान्दर्भिक विविधता तथा; जसैदेखि सार्वजनीन एवं सार्व-

कालीन दृष्टिकोण राखी गरिएका कार्यक्रममा समन्वित हुन आएका सार्वत्रिक साझा प्रयासबाट सम्पन्न गराइनुपर्ने कार्य भएकाले कतिपय पुनरुक्ति दोष रहेका होलान्, कतिपय प्रविधिगत त्रुटिहरू, मुद्राराक्षस जन्य प्रदोषहरू रहेका होलान्। स्वभावत: मानिसद्वारा चञ्चल चापल्य त्रुटिहरू हुनु नौलाकुरा होइनन्। यस सत्यताको ख्याल गरी कृपापूर्वक त्रुटिहरू औंल्याइदिनुहुन समस्त विद्वज्जनसमक्ष करबद्ध प्रार्थना गर्दछु। सारग्राही सज्जनवृन्दद्वारा सार ग्रहण गरिएका खण्डमा बालसुलभ प्रयत्न सफल हुने थियो भन्नेमा सदैव आशान्वित रहनेछु। धन्यवाद।

**गच्छत स्खलनं क्वापि भवत्येव प्रमादत।**
**हसन्ति दुर्जनास्तत्र समादधतिसज्जन: ॥**

२०४५ विजयादशमी

प्रकाशनिकुञ्ज-फैंकाटार

काठमाडौं

विद्वज्जनानां वसम्वद

**पूर्णप्रकाश नेपाल 'यात्री'**

# नेपाल वंशजपरिषद्का सदस्य-सचिवको विनिवेदन

## १. संयोगको कुरो—

२०३७ साल वैशाख २० गते सम्पन्न हुने ऐतिहासिक जनमत संग्रहको तयारीका सन्दर्भमा २०३६ साल चैत्रका शुरुतिर दैलेख जिल्लामा खटिएको थिएँ। जिल्ला-कार्यालयका पाहुनाघरमा बसाइ भयो। एकदिन बिहानै श्री ५ को सरकारबाट प्राप्त निर्देशनबमोजिम त्यस जिल्लाको वस्तुस्थिति केन्द्रमा जाहेर गरी पठाउने काममा लागेको थिएँ। त्यस्तैमा सेता कुर्ता सुरुवाल लगाउनुभएका एक सज्जन मेरो कोठामा 'नमस्कार' भन्दै प्रवेश गर्नुभयो। आफू पनि त्यसै पाहुनाघरमा बसेको 'यात्री' परिचय दिदै मेरो परिचय माग्नुभयो। मैले आफ्नू नामका पछाडि 'शास्त्री' उपनाम लगाउँदै नाम र नमस्कार एकसाथ पूरा गरें; साथै जनमत संग्रहका शिलशिलामा त्यस जिल्लामा आउनु परेको र यो यात्रा पहिलो भएको कुरा सुनाएँ।

'यात्री'ज्यूले पनि सारांशमा आफ्नो कार्यक्रम अवगत गराउनु भयो। विगत २०३३ सालमा बारा जिल्लामा प्रमुखजिल्ला अधिकारी छँदा पहिलोपल्ट उहाँको दर्शन पाएको संझना भयो, त्यसैले 'यात्री' र 'शास्त्री' दोस्रोपल्ट भेटघाट भएर भलाकुशली गरेर कृतकृत्य भयौं! म अलि व्यस्त रहेको निवेदन गरेपछि उहाँ उठेर जानुभयो तर ढोकानेर पुगेपछि के संझेर हो, फनक्क फर्किनुभयो, म बस्नै पाएको थिइनं। 'यहाँको थर के होला ?' भनेर चिनजान गर्न चाहनुभयो, अनि दुवैले आ-आफ्नो थर बतायौं। भरे त दाजु भाइ पो परेछौं, सन्तोष लाग्यो। साथै पहिले उपनाम राखेर आफूले आफैंलाई रहस्यमय बनाएकामा विष्मत पनि लाग्यो। उमेरको सोध-पूछमा म कान्छो परेकाले भाइ ठहरिएँ र दाजुलाई अभिवादन टक्र्याएँ।

त्यसरी दाजु र भाइको अप्रत्याशित भेट भएपछि मैले कागज-कलम एकातिर मिल्काइदिएँ। मिठाइको पाकेट खोलियो र जीवन-रेखा सम्बन्धी करामतलाई लिएर लामालामा हार्दिकता प्रकट गरिए। त्यसपछि एक अर्को छुट्टिनै परेपनि समयको बाचा-बन्धन हुन थाल्यो, कथंकदाचित् तल माथि परेमा आपसमा खप्कीसमेत खान थाल्यौं। त्यसैक्रममा वंशावली प्रकाशन गर्ने कुरो पनि चल्यो। दाजु यात्रीज्यूले करीब दुई दशक-सम्म देशको अनकण्टार थलाहरूको पैदल भ्रमण गरेको साथै वंशावली सम्बन्धमा पनि खोज गरिरहेको, यस प्रसङ्गमा मेरा दाजु पं० मीनप्रसाद नेपालसँग घरैमा गई छलफल-समेत गरेको जानकारी पाउँदा निकै सन्तोष लाग्यो।

संयोग गजब लाग्यो । त्यही जिल्ला हाम्रो पुर्ख्यौली थलो रहेछ । दाज्यूका आज्ञा-अनुसार मैंले पनि त्यस अतिपवित्र एवं स्निग्ध पैतृकथलो हेरें, सार्है रमाइलो लाग्यो । 'नेपा' बीर्ता दैलेख सदरमुकामदेखि अन्दाजो सात माइल टाढा पश्चिमतर्फ पुरानो राजधानी दुल्लूनेरै पर्दोरहेछ ।

## २. पाल्पाशाखाका सम्बन्धमा—

अब आउँ काठमाडौंका कुरामा । काठमाडौंमा दाजु माधवप्रसाद उपाध्याय नेपाल-सँग परिचय भएपछि हामी तीन जना परस्परमा छुट्टिन नसक्ने स्थितिमा पुग्यौं । फलतः नेपाल वंशजपरिषद् र एक कार्य समितिसमेत गठन गरेर वंशावली प्रकाशन गर्नेतर्फ लागियो । यस कामका लागि समय मिलाएर काठमाडौंबाट आफ्नो गाउँतिर पाल्पा पुगें । जुन वंशावलीको ठेली १२०० पृष्ठको पहाडे कागज मडचाएर लेखी एकातर्फ हरिताल दलेर पाको गराई दाजु मीरसुब्बा तुलसीप्रसाद नेपालका घरमा सुरक्षित राखिएको छ भन्ने जानकारी पाएँ । त्यसको खोजी गर्दा विदित भयो तुलसी-प्रसादका छोरा पं० भीमप्रसाद नेपालको गत २०३५ सालमा असामयिक निधन हुँदा निजको चिता र त्यससँग सम्बन्धित बेकामे कागज सबै गंगाजीमा बगाइदिएछन् । त्यो सुनेर लाग्नुसम्म दुःख लाग्यो ।

अर्को त्यस्तै वंशावलीको ठेली मण्डन बीर्ता ( काभ्रे पलान्चोक ) मा रहेछ । सो पनि पहाडे सादा कागजमा हुनाले सरसामान पोको पार्न सजिलो हुने ठानी पसलेलाई दिएर सट्टामा तमाखु खाएको दुःखद कुरो सुनियो । त्यसरी सबैतिरबाट निराश र हताश हुनु पर्‍यो ।

तेस्रोपल्ट २०३९ साल असौजमा पाल्पा पुगी खोजतलास गर्दा पनि सफल नभई निराश भएर फर्किएँ । फर्केर तानसेन ( पाल्पा जिल्लाको सदरमुकाम ) आइरहेका समयमा संयोगवश बाँसटारीका काका पं० हुण्डीराज नेपालसँग भेट भयो । उहाँसँग यस सम्बन्धमा कुरा चलाएपछि केही अंश पूर्वोक्त ठेलीबाट उतारेर ल्याएको सुखद समाचार सुनाउनुभयो । त्यसका केही दिनमा नै आफूसँग भएको अंश काठमाडौं पठाएर कृतकृत्य पार्नुभयो । त्यसैबाट पाल्पा शाखाको नामावली तयार पारिएको छ । तसर्थ यस कार्यका लागि उहाँप्रति आभार प्रकट गर्नु कर्तव्य ठानेको छू ।

प्रस्तुत कार्यले केही हदमा वंशावलीको रूप-रेखा तयार पार्न मदत पुर्‍याएको छ । त्यस्तै सर्देहवातर्फ दाजु पं० होमनाथ नेपालबाट र भैरवस्थानतर्फको काका पं० तुलसी-राम नेपालबाट ठूलो योगदान पाएका हुँदा उहाँहरू दुवैजनाप्रति नतमस्तक रहनु कर्तव्य ठान्दछू । यद्यपि आफ्नै घरमाथि छरछिमेकी बन्धुहरूको नाम समावेश गर्न नपाएकामा भने आत्मग्लानी भएको छ । यसका लागि लाचारी प्रकट गर्नु सिवाय अरू

उपाय देखिदैन । तथापि प्रस्तुत ग्रन्थ प्रकाशमा आएपछि भने सारा छुटपुट समावेश होलान् र हाम्रो प्रयत्नले पूर्णता प्राप्त गर्ला भन्ने संझेर सन्तोष लिन परेको छ ।

## ३. प्रवरपुरुष र घृतकौशिक गोत्रका सम्बन्धमा :—

प्रस्तुत ग्रन्थमा पौराणिक तथा ऐतिहासिक धारणाको विशद विवेचना भएको छ। मानवमितिशास्त्रका झिल्काहरू केलाउँदै हेर्दा सृष्टिका नवप्रभातमा घृतकौशिक गोत्र तथा कौशिकादि सन्ततिका पूर्वजहरू चन्द्रवंशमा अवतीर्ण भएको जानकारी पाइन्छ। यस प्रस्तुतीकरणका विभिन्न प्रसंगहरू यसै छानबीनमा समर्पित छन् । जस्तो सर्वप्रथम चन्द्रवंशी बलकाश्वका छोरा कुश भए । कुशका कुशाम्ब (प्रथम कौशिक) र उनका छोरा गाधिराज भए । यिनी विश्वामित्रका पिता हुन् । विश्वामित्र स्वयं तपोपूत दिनचर्याद्वारा विप्रत्वमा प्राप्त भएका र मन्त्रद्रष्टा महर्षि, संहिताका स्रष्टा, स्मृतिकार इत्यादिमा 'कौशिक' प्रख्यात भएकाले प्रस्तुत 'कौशिकादि सन्तति' का मूलपुरुषमा गाधिराज पर्दछन् जस्तो मलाई लाग्दछ । यद्यपि प्रस्तुतीकरणमा मुनित्रय विश्वामित्र, देवरात र कुशेशय (अघमर्षण) लाई स्पष्ट चिन्हाउन गरिएका सम्पादकीय हर-प्रयासहरू साह्रै स्तुत्य छन् । अतएव घृतकौशिक गोत्रका मुनित्रय अर्थात प्रवरपुरुषमा अविलम्ब एकरूपता आउला भनी सदाशा राख्नु स्वाभाविक भएको छ ।

## ४. कृत्य-कर्ममा देखापरेको कथान्तर—

सगरमाथा अंचलअन्तर्गत (दोलखाका नजीकै) राजर्षि विश्वामित्र तपस्यामा लीन भए। सो समयमा राजा हरिश्चन्द्रका पिता सत्यव्रतले विश्वामित्रका परिवारको सश्रद्धा हेरचाह गरे । यही रागद्वेषले गर्दा विश्वामित्र-वशिष्ठमा वैमनस्य बढ्दै गयो । सत्यव्रत वसिष्ठका कोपभाजन बने । यिनी राजा मान्धाताका वंशमा निबन्धका छोरा थिए । वसिष्ठ सप्तगण्डकीको संगस्थल जहाँ तेतीसकोटि देवताको क्रीडास्थल मानिन्छ वर्तमान नारायणी अंचलअन्तर्गत चितवन जिल्लाको देवघाटमा रहन्थे । विश्वामित्रले सत्यव्रतमाथि आइलागेको विप्रश्रापबाट मुक्त पार्न आफ्ना छोरा कुशेशयलाई अह्राए । श्रद्धेय पिताजीको आज्ञा शिरोपर गरी पुण्यदान गर्दा कुशेशय एकाएक विकलांग बने । तत्पश्चात् पिताको आज्ञाअनुसार वर्तमान सेती अंचलअन्तर्गत बझाङ जिल्ला (प्राचीनकालीन श्रीपाल राज्य) का उत्तरमा श्रीपाल हिमालयमा गई सीता नदीका पवित्र जलधारामा नित्य स्नान गरी भगवती शैलेश्वरीको आराधनामा एकाग्र बने । शैलेश्वरीका अनुकम्पाबाट श्रापरूपी पाप अर्थात अघलाई कर्षण (पखालेर फ्याँक्न सफल बनेकाले नामै अघमर्षण चल्यो । तिनैले पछि पंचजन कुमारी भारद्वाज कन्या बिन्दुमतीलाई विवाह गरे । बिन्दुमतीका गर्भबाट घृतकौशिकादि चार छोरा पैदा भएको प्रसंग कताकति आचार्यभेदले फरक पाउन सकिन्छ । नत्र यो सामान्य कथान्तर हो ।

## ५ ऐतिहासिक तथ्यमा आधारित कौशिकादि सन्तति—

नवौं दशौं शताब्दीको सन्धितिर पश्चिम नेपालमा खश साम्राज्यको उदय भएको र खश साम्राज्यको राजधानी 'सिजा' कायम भएको ऐतिहासिक चर्चा परिचर्चा पाइन्छ। र विभिन्न आधारबाट यो मान्यता अब अकाट्य नै भएको छ। कुशदीप (कश्यपगिरि वा हिन्दूकुश पर्वत) देखि पूर्वतर्फ बढेर कर्णालीप्रदेशको भू-भाग ढाकी त्रिशूलि नदीसम्म फैलिएको खशसाम्राज्यको निर्माणमा हाम्रा पूर्वजको उल्लेखनीय योगदान रहेको अनुमान गरिएको छ। कश्यपगिरिदेखि कर्णालीप्रदेशसम्म फैलिदै आइपुग्न हाम्रा पूर्वजलाई अनुमानित कति शताब्दी लाग्यो होला यो जान्नु बडो चाखको विषय बनेको छ। सर्वथा यो विषय इतिहासकै गर्भमा छिपेको छ तापनि मध्यकालमा हाम्रा पूर्वजको मूल थलो कर्णालीप्रदेश थियो भन्ने कुरा यस प्रस्तुतीकरणबाट अब छर्लङ्ग हुन आएको छ।

प्रमाणद्वारा ऐतिहासिक पुरुषमा दर्ज्रिन आएका पूर्वज भास्कर पण्डित नै पहिला व्यक्तित्व ठहरिनुभएकामा अब विवाद रहला जस्तो लाग्दैन। साथै उहाँका छोराहरू जयगुणाकर पंडित र जयविद्याधर पंडितका सम्बन्धमा चासो राख्न सकिन्छ। जयगुणाकरका सम्बन्धमा जानकारी गराउने प्रमाण उपलब्ध छैनन् तापनि अपेक्षा राख्न सकिन्छ। जयविद्याधर पण्डितका सम्बन्धमा भने आशानुकूल आलोक पाइयो।

प्रमाण प्राप्त नभए तापनि जयगुणाकर पण्डित सिजा राजप्रासादमा सम्मानित थिए भन्ने सहज अनुमान गर्न सकिन्छ किनभने पिता भास्कर पण्डितको त्यस्तो प्रतिष्ठा तथा भाइ जयविद्याधरको त्यो प्राप्तिले सन्देह निवारण गर्दछ। जयविद्याधर पण्डित-ले शाके ११९२ मा खशराजा अक्षयमल्लदेवबाट 'नेपा' बीर्ता पाए। यही नै हाम्रो नेपाल बन्धुको सांस्कृतिक आलोक हो भन्ने कुरा स्पष्ट हुन आएको छ।

पं० जयविद्याधर विवादरहित व्यक्तित्व थिए भन्ने कुरा उनले प्राप्त गरेका बीर्ता जग्गाको बहुलताले बताउँछ। निःसन्देह यिनी खशसाम्राज्यको दुल्लू राजप्रासादमा प्रतिष्ठित विद्वान् थिए भन्ने बुझिन्छ। हिउँदमा दुल्लू र वर्षाकालमा सिजामा राजा-सम्राट रहने गर्दथे भन्ने कुरा यसमा स्पष्ट भएकै छ। यसैले शीतकालीन राजधानी दुल्लू र ग्रीष्मकालीन राजधानी सिजा दुई अलग राजधानी भएकाले पनि दुई राज-धानीमा दुई पण्डितले यथायोग्य सम्मान तथा प्रतिष्ठा प्राप्त गर्नु किमाश्चर्यं भएन।

पं० जयविद्याधरका सर्वज्ञधर, यशोधर, जयधर र गुणरत्नाकरसमेत चार छोरा थिए। जेठा सर्वज्ञधरले नेपा बीर्ता पाए भने माहिला यशोधर सुतारकोटका कार्कीमा नियुक्त भए। यसै आधारमा सुतारकार्की थरका प्रवर्तक बने। साहिँला जयधर पण्डितले वर्तमान आछाम जिल्लाअन्तर्गत बारला गाउँ बीर्ता प्राप्त गरे। कान्छा भाइ गुणरत्नाकरले वर्तमान रापती र लुम्बिनी अंचलमा विभाजित 'खन'

गाउँ बीर्ता प्राप्त गरी थरै खनाल कहलाए। यसरी नेपा, बारला, खन नामका बीर्ता जग्गा प्राप्त गरी छत्तीसकर माफी पाई त्यसै जग्गामा आलय ( घर ) गरी बस्ने यी तीनले नेपाल, वराल, खनाल थर विग्रह भएको प्रमाण प्रस्तुत गर्दछन्।

यसरी घृतकौशिक गोत्रका अनुयायीहरू घरमा विभाजित छन् र व्यवहारअनुकूल सगोत्री भन्ने गरिएको छ। पंडित, सुतारकार्की उपाधि पाएर थरको रूप लिए सरह भट्ट, जोशी, कुशौला पाण्डे, विडाल, जीरे, नेमी, काशिया, कुशे, वाजपेयी, रेग्मी आदिसमेत सगोत्री सिद्ध भएका छन्। अहिलेसम्मको अध्ययन अनु-सन्धानबाट घृतकौशिक गोत्रका सगोत्रीहरू चौधथरी पाइएका छन्। खोजको विस्तार हुँदै गएपछि अझ बढी पनि पाउन सकिएला। बाजपेयी थर नेपालीमा भएजस्तो लाग्दैन भने बाँकी, भट्ट, जोशी, पंडित आदि थरहरू नेपाल र भारतमा सरोबरी पाइएका छन्।

यसरी त्रिप्रवरान्वित घृतकौशिक गोत्रका अनुयायीहरू चारैतर्फ फैलिएका, मौलाए-का पाइन्छन्। यिनै मध्ये जयविद्याधरका सन्ततिको खोज गर्नै यो हाम्रो प्रयास हो। यद्यपि ग्रन्थको पचहत्तर प्रतिशत कलेवर भने 'कौशिकादि सन्तति' कै द्योतक रहेको छ भन्दा अत्युक्ति नहोला।

## ६. पाल्पा शाखाका सम्बन्धमा ज्ञात कुराहरू—

अहिलेसम्मको खोजअनुसार विभिन्न समयमा विभिन्न क्षेत्रबाट नेपाल सन्ततिहरू चार प्रशाखाबाट पाल्पातर्फ गई बसोबास गरेकाले समष्टिमा पाल्पाशाखा नामकरण गरेको बुझिएको छ। नभन्दै वंश विस्तारको शृंखला मिलाउने सजिलो उपाय प्रशं-सनीय रहेको छ। अतः परिषद्‌को सदस्य-सचिवका हैसियतले होइन पाल्पाशाखाको प्रतिनिधिका हैसियतले पाल्पाशाखाका सम्बन्धमा जानकारीमा आएका केही तथ्यहरू उल्लेख गर्न चाहन्छु।

(१) मनुदासका नाति वसुपाध्याका सन्ततिमध्ये एक बलो मण्डन बीर्ताबाट पाल्पातर्फ लागेको चर्चा श्री टंकनाथ शास्त्री नेपालले एक प्रसंगमा बताउनु भएको छ। पाल्पामध्ये कुन गाउँमा गएर बसे त्यस सम्बन्धमा खोजी हुन बाँको नै छ।

(२) सर्वज्ञधर नेपालका कान्छा छोरा दैवुपाध्या नेपालका नारायण र दिवाकर नेपाल दुई छोरा रहेछन्। दिवाकरका सन्तति पूर्वतर्फ लागेकाले निजका बिस्तृत सन्तानको नामावली विभिन्न प्रशाखामार्फत् पाल्पाशाखामा समेटिएको छ। नारायण नेपालका जसुपाध्या र भक्तुपाध्या नेपालका सन्ततिको पनि सही टुङ्गो लागेको छ जो यथाप्रसंग अध्ययन मनन गर्न सकिन्छ। पाल्पामा 'पाँचघरे' भन्ने सन्तति नितान्त नौलो छ र अझ नौलै रहेको छ। त्यस्तै कंठीपोखरातर्फका सन्ततिको पनि निराकरण हुन बाँकी रहेकाले

श्रृंखलाबद्ध हुन सकेको छैन । सम्भवतः यिनैमध्येका केही सन्ततिहरू पाल्पा देवीस्थान-तर्फ अर्थात् भुट्का गई बसेका हुनु पर्छ । त्यहाँ अझ पनि पाँचघरे वा पाँझारे भनिदैछन् ।

(३) नेपा बीर्ता वा डुल्लू दैलेखअन्तर्गत कुनै एक गाउँबाट अर्को एक टोली सोझै पाल्पा आई बसेको बुझिएको छ तथापि ती सन्तति कहाँ छन् त्यसको खोज हुनै छ ।

(४) मंडन बीर्तामा ( मध्यकालीन भक्तपुर राज्य ) पुर्खा परमानन्द नेपालका छोरा जाजागुरु, जगतगुरु, देवगुरु, तथा परमगुरु चार भाइ रहेछन् । जाजागुरु जगत्गुरु र देवगुरु मंडनबाट कास्की-बेगनासबीर्तामा गएका अवसरमा पाल्पाली राजा रूद्रसेनको प्रशंसा सुनी प्रभावित भएर पाल्पा पुग्दा राजासँग भेट भएन र मौलोमा पातीको पात राखी फिर्ता भए । राजाको सवारी राजदरबारमा भित्रिएपछि त्यो कुरा राजासमक्ष निवेदन गरियो । प्रसाद दाखिल गर्नु भन्ने राजाज्ञा पाई मौलातर्फ आशीर्वाद लिन जाँदा पातीको पात मौलोमाथि झांगिएको देखेर दर्शक छक्क परेर राजाका हजुरमा भएको कुरा जाहेर गरे । ती ब्राह्मणहरू आहितारिन अग्निहोत्र रहेछन्, सिद्ध हुन् भन्ने राजामा पऱ्यो । तुरुन्त गई भेटेर विनम्रतापूर्वक बोलाई ल्याउनू भन्ने राजाज्ञा हुँदा राजपार्षद्हरू खोज्न गएछन् । खोज्दै कास्की बेगनासमा पुगी राजसन्देश सुनाएपछि देवगुरु राजदर्शनका लालसाले जान पाल्पामा आएर राजदर्शन प्राप्त गरे । राजा रूद्रसेनका सन्तान नभएको प्रसंगमा देवगुरुले राजाको ग्रहकुण्डली हेरी छोरा हुने भविष्यवाणी गरे । साथै तिथिमितिसमेत सबै पहिले नै तोकिदिएछन् । राजपुत्र दिव्यदेहधारी पैदा हुनेछन् भन्ने भविष्यवाणी सार्थक भई मणिमुकुन्द सेन पैदा भए । देवगुरुको विद्वत्तादेखि राजा साह्रै प्रभावित भएर सोही रिझवापत देवगुरु नेपाललाई संवत् १५७१ सालमा पाल्पा (खस्यौली) अन्तर्गत बर्दैवा गाउँ खेत पाखो संकल्प गरी बीर्ताको ताम्रपत्र गरिदिएको किम्वदन्ती छ भनी श्रद्धेय दाज्यू पं० होमनाथ नेपाल सर्दैहवाबाट जानकारी हुन आएको हो ।

एक अर्को जानकारीअनुसार पं० तुलसीराम नेपाल (राम्चेका पुजाहारी) ले यिनै देवगुरुका नाति अनन्त नेपाल र भगीवन्त नेपाल दुई भाइमध्ये कान्छा भगीवन्त नेपाल पाल्पा भैरवस्थानका पुजाहारी थिए भनी चर्चा गर्नुभएको छ । यसरी यिनै देवगुरुका सन्तति खस्यौली (पाल्पा) देखि फैलिदै धोराली, धारादी, पाखासिली, सर्दैहवासम्म पुगेको देखिन्छ । त्यस्तै देवगुरुका जेठा नाति अनन्त नेपालका छोरा रमापतिका सन्तति सर्दैहवा टाकुरे टोलमा भएको पं० तुलसीराम नेपालका जानकारीबाट बुझिएको छ । नेपाल यो प्रशाखा अद्यापि त्यस गाउँमा फैलिएकै छ ।

खेदको कुरा पाल्पाशाखामा लगभग चौधसय परिवार नेपाल सन्तति छन् भन्ने थाहा भएको छ । थाहामात्रै भयो कार्यकारणले ती सबैको नामावली समावेश गर्न

पाइएन । एउटा अफसोच यो भयो । दोस्रो पालामा यति ठूलो बन्धुसंगम भएर पनि एउटासम्म ऐतिहासिक स्रोत पाउन सकिएन । थुप्रै ताम्रपत्र, लालमोहर, स्याहामोहर, रुक्कापत्र, सनद सवाल छन् भन्ने सुनेर पनि शून्यता अनुभव हुन जानु खेदलाग्दै कुरा भएको मान्दछु ।

### ७. सचिवका हैसियतले हेरी मनन गर्दा कौशिकादि सन्तति—

नेपाल अधिराज्यका साथसाथै नेपालबाहिर देशदेशावरमा रहेका समेत भाइ बन्धु-को नामावली संकलन गरी बृहद् ग्रन्थको रूपमा प्रकाशन गर्ने हाम्रो धोको थियो र छ पनि । तथापि चिताएको कार्य तदारूखताक्षाथ पूरा गर्नु चुनौतिपूर्ण काम देखा पर्‍यो । यो काम एक दुई जनाबाट संभव हुने कुरा होइन सानोतिनो त्यागबाट पनि हुन सक्ने होइन । ठूलो त्याग चाहिन्छ । श्रद्धेय दाज्यू पूर्णप्रकाश नेपाल 'यात्री' करीब दुई दशक जति अनवरतरूपमा यस कार्यमा लाग्नुभएको सुन्दा सन्तोष लाग्नु स्वाभाविकै हो र पनि चिताए जति फल प्राप्त हुन सकिरहेको छैन । सबकोहीले त्यसरी नै त्याग तपस्या देखाउन सक्ने कुरा पनि भएन । त्यसैले यसपल्ट जति हुन सक्यो त्यति नै बेश भन्नै पर्‍यो ।

वंशावली संकलन तथा प्रकाशनसम्बन्धी कामका शिलशिलामा सर्वप्रथम दाज्यू माधव-प्रसाद उपाध्याय नेपालको निवासस्थान चावहिल कुमारीगालमा मिति २०४०। ८।२८ मा सानो बन्धु सम्मेलन गरियो । सम्मेलनमा छलफल भएका विषयहरू लिखितरूपमा राख्ने प्रबन्ध भयो । यस सम्मेलनले दुईवटा महत्वपूर्ण निर्णय पनि गर्‍यो–

(१) अबदेखि धृतकौशिकगोत्रधारी सन्तानहरूले थर लेख्न अनिवार्य गर्ने र शर्मा, उपाध्याय लेख्ने गरेका सबै सन्तानलाई थर लेख्न लगाउने ।

(२) कौशिकादि सन्तति प्रकाशन गर्ने सम्बन्धमा दुई दशकभन्दा बढी अमूल्य समय दिई यसको रूप-रेखा तयार पार्न अथक परिश्रमद्वारा हामी समस्त बन्धुवान्धवलाई प्रेरणा दिनुभएको हुनाले श्रद्धेय विद्वान् श्री पूर्ण-प्रकाश नेपाल '**यात्री**' प्रति विशेष श्रद्धा तथा सम्मान प्रकट गर्दछौं । साथै यस कार्यमा योगदान पुर्‍याउनुहुने वयोवृद्ध श्री त्रैलोक्यनाथ नेपाल, श्री दिवाकर नेपाल एवं पं० काशीनाथ नेपालप्रति पनि आभार प्रकट गर्दछौं ।

यसपछि विभिन्न मितिमा भए गरेका निर्णय तथा गतिविधिहरू यसप्रकार छन्— मिति २०४०।८।२४ मा नलराज नेपाल 'शास्त्री' को निवास गौशाला रातोपुलमा बसेको बैठकको निर्णय यसप्रकार छ—

निर्णय नं० १—नेपाल वंशजहरूको नेपाल थर कसरी रह्यो त्यस सम्बन्धमा योगी श्री नरहरिनाथज्यूले दैलेख जिल्लामा 'नेपा' गाउँ बीर्ताको रूपमा शाके ११८२ तदनुसार संवत् १३२७ सालमा खशराजा अक्षयमल्लद्वारा जय-

विद्याधर पंडितले पाउनुभयो र सो बीर्तामा रहने सबै सन्तति 'नेपाल' भनिए। शुरूमा नेपालय भई पछि नेपाल हुन गएका हुन् भनी तथ्यपूर्ण जानकारी दिनुभई सबैलाई यस सम्बन्धमा परिचित गराउनुभएकाले उहाँप्रति हृदयतः सश्रद्धा नतमस्तक आभार प्रकट गर्दछौं।

निर्णय नं० २—नेपाल थरको बंशावली प्रकाशन गर्न एक प्रतिनिधि परिषद् र कार्य समिति गठन गर्नु आवश्यक भएकाले विशेष गरेर सबै क्षेत्र तथा जिल्लाका नेपाल सन्तानहरूको प्रतिनिधित्व हुनेगरी निम्नबमोजिम एक प्रतिनिधि परिषद् र कार्य समिति गठन गरियो—

८. **नेपाल बंशज परिषद्**— ( सम्वन्धित पदाधिकारी विवरण )

श्री रामहरि शर्मा नेपाल—अध्यक्ष
श्री दधिराम नेपाल—उपाध्यक्ष
श्री माधवप्रसाद उपाध्याय नेपाल—उपाध्यक्ष
श्री नलराज नेपाल 'शास्त्री' सदस्य-सचिव
श्री लक्ष्मणप्रसाद नेपाल—कोषाध्यक्ष
श्री पूर्णप्रकाश नेपाल 'यात्री'—सम्पादक
श्री ज्ञानमणि नेपाल ( भोजपुर )—सदस्य
श्री ज्ञानमणि नेपाल ( दैलेख )—सदस्य

**नेपाल बंशजपरिषद्का प्रतिनिधि सदस्यहरू**—(सदस्य संख्या ४९ )

श्री रामप्रसाद नेपाल—सिंधुपाल्चोक सीपा
श्री तर्कराज नेपाल—काठमाडौं कालिकास्थान
श्री कुमार नेपाल—काठमाडौं धोबीधारा डिल्लीबजार
श्री प्रा. शिवप्रसाद नेपाल–काठमाडौं बत्तीसपुतली (धनकुटा छुमलिङ्)
श्री सूर्यप्रसाद नेपाल—काठमाडौं टौदह
श्री डा. प्रा. नारायणदत्त नेपाल—कास्की पोखरा
श्री पीताम्वर नेपाल—पाँचखाल काभ्रेपलान्चोक
श्री विष्णु नेपाल—भक्तपुर कटुजे
श्री हरिकृष्ण नेपाल—काठमाडौं कालिकास्थान
श्री पं. त्रैलोक्यनाथ नेपाल—काठमाडौं डिल्लीबजार
श्री पं. दिवाकर नेपाल—काठमाडौं महाराजगंज
श्री रामेश्वर नेपाल—काठमाडौं ठमेल (झिलटुङ् नुवाकोट)
श्री डा. ताराबहादुर खत्री—काठमाडौं कुरियागाउँ (भक्तपुर)

श्री विद्यानाथ नेपाल—पाल्पा
श्री हृषीराज नेपाल—पानीटंकी चावहिल
श्री जयनारायण नेपाल—खरीपाटी छाउनी भक्तपुर (शंखुवासभा)
श्री निरीश शर्मा नेपाल—काठमाडौं महाराजगंज
श्री तोयनाथ नेपाल—काठमाडौं डिल्लीबजार चारखाल
श्री चिरंजीवी नेपाल—पशुपति क्याम्पस चावहिल (धुलाबारी झापा)
श्री परशुराम नेपाल—पाल्पा
श्री डा. प्रा. मेदिनीप्रसाद शर्मा नेपाल—विराटनगर
श्री हरिकुमार नेपाल—दुम्जा-दाप्चा सिन्धुली
श्री लोकनाथ नेपाल—लिस्पु ओखलढुंगा (बौद्धमहाकाल) काठमाडौं।
श्री फणीन्द्र नेपाल—शंखुवासभा चैनपुर
श्री पं. काशीनाथ नेपाल झारबारी—लखनपुर झापा
श्री प्रा. बालकृष्ण नेपाल—मटिहानी क्याम्पस जनकपुर
श्री वलभद्र नेपाल—गौशाला पिधनटोल (सिनाम ताप्लेजुङ्)
श्री रामबाबू नेपाल—पाल्पा
श्री कुलानन्द ठाकुर—महाप्रबन्धक गोरखा बिस्कुट कम्पनी भैरहवा
श्री शारदाप्रसाद उपाध्याय नेपाल—काठमाडौं कमलपोखरी
श्री वासुदेव शर्मा नेपाल—धम्बोजी नेपालगंज बाँके
श्री इन्द्रमणि नेपाल—आँखीभूइँ शंखुवासभा
श्री लोकनाथ नेपाल—भोजपुर सल्लेनी (विराटनगर)
श्री भीमप्रसाद नेपाल—हाङ्चुर खोटाङ्
श्री हेमसागर नेपाल—शंखुवासभा जनैपोखरी
श्री पं. होमनाथ नेपाल—पाल्पा सर्देहवा
श्री होमनाथ शर्मा नेपाल—इलाम नामसालिङ
श्री नन्दप्रसाद नेपाल—सुरखेत ढोडेखाली
श्री लोकराज नेपाल—तलीनेपा दुल्लू दैलेख
श्री रामप्रसाद नेपाल— तादोङ सिक्किम

**वंशावली प्रकाशिनी कार्यसमिति—**

| | |
|---|---|
| श्रीमाधवप्रसाद उपाध्याय नेपाल | अध्यक्ष |
| श्री दधिराम नेपाल | उपाध्यक्ष |
| श्रीलक्ष्मणप्रसाद नेपाल | कोषाध्यक्ष |
| श्रीनलराज नेपाल 'शास्त्री' सदस्य-सचिव | |

श्रीपूर्णप्रकाश नेपाल 'यात्री' सम्पादक
सदस्यहरू—श्री ज्ञानमणि नेपाल भोजपुर
श्री ज्ञानमणि नेपाल नेपा–दैलेख

**सिक्किम प्रशाखा** :—( पछि थप हुन आएको )

अध्यक्ष—श्री रामप्रसाद नेपाल ( केन्द्रीय प्रतिनिधि )
पूर्वसिक्किम, तादोङ

उपाध्यक्ष—श्री भानुभक्त नेपाल
दक्षिण सिक्किम, ताकूँ

सदस्य-सचिव—श्री लक्ष्मण नेपाल
राले प्राथमिक पाठशाला
पूर्वसिक्किम, साम्दोङ

उपसचिव—श्री रामप्रसाद नेपाल
दक्षिणसिक्किम, आसाङथाङ

सदस्य—श्री एस्० के० नेपाल—गान्तोक
,, श्री घनश्याम नेपाल— ,,
,, श्री लोकनाथ नेपाल—ताकूँ—द० सिक्किम
,, डा० श्री पीताम्बर नेपाल—
गेजिङ चिकित्सालय प० सिक्किम

**९. केन्द्रीय प्रतिनिधिको गठन तथा नवगठित प्रतिनिधिहरू :**

मिति २०४०।९।१६मा वं. प्र. कार्यसमितिका अध्यक्ष माधवप्रसाद उपाध्याय नेपालका अध्यक्षतामा यस समितिको पहिलो अधिवेशन बस्यो। यसले सर्वप्रथम नामावली संकलन व्यापक गराउनुपर्नेमा जोड दियो। यसका तदारूखतामा नेपालवंशज प्रतिनिधिका लगातार चार बैठकहरू सम्पन्न भए। मिति २०४०।९।२३ को बैठक कुलायन पूजाविधि-सम्बन्धी विभिन्न सामग्री प्राप्त गरी अनुसन्धानात्मक विवरण तयार पारेर प्रवरसम्बन्ध-मा विस्तृत खोज गरी प्रतिवेदन पेश गर्न कार्यसमितिका सदस्य श्री ज्ञानमणि नेपाल (भोजपुर) का संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरेको थियो। फलतः समितिका सदस्य श्री टंकनाथ शास्त्रीद्वारा प्रस्तुत अध्ययन यस ग्रन्थकलेवरमा प्रस्तुत छ।

मिति २०४१।३।३ मा नेपाल वंशज परिषद्का अध्यक्ष श्री रामहरि शर्मा नेपालका आयोजनामा उहाँकै निवासस्थान काठमाडौं बत्तीसपुतलीमा परिषद्को अधिवेशन बोलाइयो र यस वेलासम्म कार्यसमितिद्वारा भए गरेका कामकारबाहीको लेखाजोखा गरी निम्ननिर्णय दियो—

(१) नेपाल वंशावली प्रकाशन गर्न निम्नक्षेत्रमा निम्नबमोजिम प्रतिनिधि पठाउने र तोकिएका क्षेत्रमा गई निम्नबन्धुहरूका अध्यक्षतामा बढीमा पाँचजनासम्मको क्षेत्रीय कार्य समिति गठन गरी अर्थ संकलन, नामावली संकलन र वंशावलीसम्बन्धी इतिहास, ताम्रपत्र, लालमोहर, सनदसवालसमेत जम्मा गर्ने साथै महत्वपूर्ण व्यक्तित्वका फोटो जीवनी आदि खोजी गर्ने कामको व्यवस्था मिलाउने । तोकिएका प्रतिनिधिहरू कार्तिक मसान्तभित्र सम्बन्धित क्षेत्रमा पुग्नुपर्ने इत्यादि ।

सर्वश्री पूर्णप्रकाश नेपाल 'यात्री' पूर्वाञ्चल क्षेत्र
श्री टंकनाथ नेपाल 'शास्त्री' पश्चिमाञ्चल क्षेत्र
श्री ज्ञानमणि नेपाल (दैलेख) मध्यपश्चिमाञ्चल क्षेत्र

निर्णयअनुसार प्रतिनिधिहरू जानु भई तोकिएबमोजिम गठन गरिएका क्षेत्रीय कार्यसमितिको गठन यसप्रकार गरिएको जानकारी प्राप्त भयो—

पूर्वाञ्चल क्षेत्रीय समिति—अध्यक्ष नरनाथ नेपाल, इटहरी, सुनसरी
सदस्य-सचिव पं. काशीनाथ नेपाल, लखनपुर झापा
सदस्य डा. प्रा. मेदिनीप्रसाद शर्मा नेपाल विराटनगर
सदस्य लोकनाथ नेपाल दमक–झापा
सदस्य रमाकान्त नेपाल 'जेण्टिल' लखनपुर झापा

पश्चिमाञ्चल क्षेत्रीय समिति—अध्यक्ष कुलानन्द ठाकुर नेपाल
सदस्य-सचिव—डा. प्रा. नारायणदत्त नेपाल
सदस्य—शिवप्रसाद नेपाल
सदस्य—रामबाबू नेपाल
सदस्य—प्रा. सुदर्शन नेपाल

मध्यमाञ्चल क्षेत्रमा तत्काल केन्द्रीय समितिद्वारा नै काम चलाउने, सुदूर-पश्चिमाञ्चल क्षेत्रमा तत्काल नेपाल सन्ततिको आवाद प्रकाशमा नआएकाले तत्काल समिति गठन नगर्ने तर अरू थरको भने प्रशस्त आवाद रहेको छ तापनि 'कौशिकादि सन्तति' दोस्रो तेस्रो समूहको प्रकाशन गर्दाताक तदनुकूल कारवाही गर्ने निर्णय भयो ।

( २ ) अहिलेसम्म कार्यसमितिले गोरखापत्रमा वंशावली प्रकाशनसम्बन्धी १५ विज्ञापन छपाएकामा यसलाई अझ बढी प्रचारमा ल्याउन अरू १५ दिन प्रचार गराउने र रेडियो नेपालद्वारा एक महीना विज्ञापन प्रसार गराउने ।

निर्णयबमोजिम प्रचार-प्रसारको काम भयो । यसबाट नामावली संकलनमा तीव्रता आयो । नवगठित क्षेत्रीय समितिमा पूर्वाञ्चल क्षेत्रीय समितिले आशातीत योगदान पुऱ्यायो । यसले आफ्नो कार्य क्षेत्र नेपालबाहिरसम्म पुऱ्याएर असाम, सिक्किम,

उत्तरबंगाल, भूटानसम्म प्रतिनिधि पठाएर यथासमय नामावली संकलन गर्ने पुनीत कार्य गर्‍यो ।

नेपाल वंशजपरिषद्का केन्द्रीय बैठकहरू जम्मा चारपटक बसे । यसको अन्तिम बैठक मिति २०४२ साल मार्गशीर्ष १२ गते परिषद्का अध्यक्षज्यूकै निवासमा बस्यो । यस बैठकको आफ्नै विशेषता रह्यो । संयोगवश् यसै दिन परिषद्का अध्यक्षज्यूको सत्तरी वर्ष प्रवेशको दिन परेको थियो । नेपालका वरिष्ठ राजनीतिज्ञ जीवित शहीद एवं परिषद्का अध्यक्ष सार्थ पंचायत राजनीतिका अग्रणी र दुई अवधि राष्ट्रीय पंचायतका माननीय अध्यक्ष हुनु नेपाल वंशजको गौरवको कुरा थियो त्यसैले सर्वप्रथम अध्यक्षज्यूको वर्षाभिवृद्धिका उपलक्ष्यमा अभिनन्दन, पुष्पमाल्यार्पण, बधाइ ज्ञापन गरी चिरायु कामना गरियो । त्यस शुभ उपलक्ष्यमा मेची महाकालीबाट भेला भएका प्रतिनिधि बन्धुबान्धव-लाई प्रीतिभोज दिनुभएको थियो ।

यसरी उत्साहसाथ कार्यक्रम अगाडि बढिरहेकामा बीचमा केही शिथिलता पनि देखापरेको हो । त्यसको कारण थियो कतिपय बन्धुबान्धवलाई वंशश्रृंखलासम्बन्धी ज्ञान नहुनु अनि पुराना आधारभूत कागजात प्रमाणको अभाव खट्कनु । मुख्यतः आफ्नो प्रशाखाको सम्बन्ध केलाएर मूल प्रवाहमा मिलाउन नसक्नाले कतिपय प्रशाखा-हरू यसमा समावेश हुन नसकेका कुरा मैले पाल्पासम्बन्धी आफ्नो वक्तव्यमा व्यक्त गरिसकेको छु ।

अब आएर पुराना कागजात औ नामावलीसम्बन्धी तथ्यको ज्ञान हुनैपर्ने कुरामा धेरैजसोको ध्यानदृष्टि पुगेको बुझिएको छ । त्यसो हो तापनि कतिपयलाई भने वंशा-वलीको महत्वबोध शून्यप्रायः भएकाले यसतर्फ आकृष्ट पार्न मरिमेट प्रयत्न गर्दा पनि सफलता मिलेन । यद्यपि नियतिलाई धन्यवाद ज्ञापन गर्नुपर्ने भएको छ सातत्य प्रयत्न-को फल 'कौशिकादि 'सन्तति' को पहिलो समूह यसरूपमा तयार पार्न सकियो ।

## १०. समष्टिमा आर्थिक समस्या र प्रकाशनसम्बन्धी दायित्व—

सबैतिरबाट रौंचिरा प्रयास भएपछि अब संस्थागत रूप दिई प्रकाशनको दायित्व वहन गरेपछि प्रश्न आयो आर्थिक समस्या कसरी समाधान गर्ने ? शुरू शुरूमा मोटा-मोटी बीस बाईस हजारको लगानीद्वारा प्रकाशन भैहाल्ला भनी चिताइएकामा अब आएर झण्डै तीन लाखको लगानी गर्नुपर्ने भयो । यसले गर्दा पनि वंशावली प्रकाशमा ढीला सुस्ती देखा पर्न थाल्यो । यद्यपि प्रकाशनमा ढिलाइ भए तापनि नयाँ-नयाँ जान-कारीहरू पाइँदैरहेकाले खास असर परेको छैन ।

यसैक्रममा गति दिन २०४२।९।१ देखि परिषद्का अध्यक्ष र सम्पादक द्वयको पूर्वाञ्चलको भ्रमण उलेखनीय रहेको छ । उहाँहरूद्वारा आफ्ना भ्रमण कालमा झापा मोरंग,

सुनसरी तथा जनकपुरमा विभिन्न उपसमितिहरू गठन गर्ने, कौसिकादि सन्तति समस्त सगोत्र बन्धुहरूको साझा सम्पत्तिको रूपमा रहेको छ भनेर महत्वबोध गराउने तथा अर्थसंकलनको वातावरण तयार पार्ने जस्ता कार्यहरू गरिए। यस भ्रमणमा गठन गरिएका उपसमितिहरूका नामावली यसप्रकार छन्—

**१. झापा धूलाबारी**—संयोजक पं० काशीनाथ नेपाल
सदस्य श्री नरेन्द्र खनाल (भू. पू. रा. प. स.)
सदस्य श्री पशुपतिप्रसाद नेपाल धूलाबारी
सदस्य श्री हरिप्रसाद नेपाल लालपानी
सदस्य श्री गोपीकृष्ण खनाल वीर्तामोड
सदस्य श्री सूर्यप्रसाद नेपाल जयपुर बुधवारे

**२. झापा बीर्तामोड**—संयोजक श्री लोकनाथ नेपाल वीर्तामोड
सदस्य श्री दाताराम खनाल बीर्तामोड
सदस्य श्री पीताम्वर नेपाल बीर्तामोड
सदस्य श्री भवानीप्रसाद नेपाल बुटामारी
सदस्य श्री नीलमणि नेपाल चन्द्रगढी

**३. झापा दमक**— संयोजक श्री रमाकान्त 'जेन्टिल' नेपाल
सदस्य श्री होमबहादुर नेपाल
सदस्य श्री विश्वनाथ नेपाल
सदस्य श्री कर्णबहादुर नेपाल
सदस्य श्री कुवेरप्रसाद नेपाल

**४. सुनसरी इटहरी**—संयोजक श्री नरनाथ नेपाल
सदस्य श्री भानुभक्त नेपाल बकलौरी
सदस्य श्री टीकाराम नेपाल इटहरी
सदस्य श्री केदारनाथ नेपाल महेन्द्रनगर
सदस्य श्री जीवनाथ नेपाल पकली

**५. मोरंग-विराटनगर**-संयोजक श्री मुकुन्दप्रसाद नेपाल
सदस्य पशुपतिप्रसाद नेपाल
सदस्य आनन्दप्रसाद नेपाल
सदस्य गणेशप्रसाद नेपाल
सदस्य नारायणप्रसाद नेपाल

**६. धनुषा-जनकपुर संयोजक**—अमरराज शर्मा नेपाल

सदस्य रवीन्द्रनाथ नेपाल
सदस्य शम्भुप्रसाद नेपाल
सदस्य केदारप्रसाद नेपाल
सदस्य मोहनकुमार नेपाल

यी समितिहरूले आगामी माघमसान्तभित्र आ-आफ्ना क्षेत्रबाट यथायोग्य सहयोग पुर्‍याई पाण्डुलिपि छापाखानामा पुर्‍याउन वातावरण तयार पार्ने प्रण गरेका थिए। फलस्वरूप यस साझा सम्पत्तिलाई सबैको साझा दायित्वबाट नै प्रकाशमा ल्याई समस्त बन्धुबान्धवका घरघरमा पुर्‍याउन सकिएला भन्ने आशा राखिएको थियो।

## ११. कृतज्ञता ज्ञापन—

श्रद्धेय बन्धुबान्धव !

मैले पूर्व वक्तव्यमा स्पष्ट पारेको छु यो लगभग दुई दशकभन्दा बढी समयको बौद्धिक तथा शारीरिक लगानीको फल हो। सत्य हो, धेरै वर्षको लगातार परिश्रम-पछि यसबेला यस प्रस्तावनात्मक प्रतिकृति प्रकाशन गर्न अवसर मिल्यो। नेपाल थरको वंशावलीको प्रथम समूहले 'कौशिकादि सन्तति' नाम पाई समस्त नेपाल बन्धु-बान्धवका वर्षौंको उत्कंठालाई पूरा गरेको छ। यस शुभअवसरमा हामी सबैलाई खुशी लाग्नु स्वाभाविक हो।

थालनीमा यति सफलता पाइएला भन्ने लागेको थिएन। भला गर्दा भन्दा एक चिरन्तन प्रयासले मूर्तरूप लियो। यसलाई अहोभाग्य भन्नै पर्छ। अन्वेषण कार्यलाई अझै व्यापक पारेर संयुक्त रूपमा 'कौशिकादि सन्तति' प्रकाशन गर्न सकिएला भन्ने इच्छा थियो। त्यस्तो इच्छा हुँदाहुँदै पनि कारणवश पछि परियो। सबै सगोत्र बन्धु-बान्धवको भएभरको नालीबेली भेला पारेर एकमुष्ट प्रकाशन गर्न सकेको भए आज हामी थोरैलाई लागेको हर्ष धेरैमा वितरित हुने थियो। परन्तु चिताएबमोजिम नभै-दिनाले हात परेजतिमात्र प्रस्तावनाको रूपमा प्रकाशमा ल्याउन अग्रसर भइयो।

कौशिकादि सन्ततिको लगातार प्रकाशनकै ध्येयले यस प्रतिकृतिलाई प्रथम समूह जनाउनु परेको हो। यसमा अन्वेषक तथा सम्पादक महोदयले विभाजन गर्नुभएका कालक्रमलाई बेला बेलाका छलफलद्वारा विचार विमर्श गरिएको हो। वसु पंडित-यसोका पुस्तावलीहरू उत्तर मध्यकालदेखि शुरू भएका हुँदा खूबै चाखलाग्दा जँचेका छन्। ऋषिकल्पयसो सुपर्व नेमीउसोका पुस्तावलीहरू पौराणिककालका हुनाले सर्वसाधारण-का ज्ञानसीमाभित्र नपर्ने कुरा स्पष्टै छ। त्यसउसले विश्वसनीयताको दृष्टिले प्रामाणिक तुलना गर्ने कार्य भविष्यमा पनि चालू रहला भन्ने आशा गर्न सकिन्छ।

सजिलाका लागि यस प्रस्तावनालाई विभिन्न कालक्रममा देखाउन गरिएको ज्ञान-

गम्य प्रयास निकै रोचक मानिएको छ। वसु पंडितयसो जयगुणाकर पंडित र जय-विद्याधर पंडितउसोको पुस्तावली-वंशवृक्ष-छुट्टै राख्नाको कारणमा कालविभाजनतर्फ होइन किन्तु सगोत्र बान्धवका सुविधाका लागि त्यसो गर्नु परेको हो भन्ने मानेका छौं। अन्तर्राष्ट्रिय व्यापकतामाथि ध्यान पुग्दासमेत यो क्रम अनुचित जँच्दैन झन् लाभदायक देखिन आउँछ। स्पष्ट छ यो सबै बान्धवको मूलाधार हो।

पण्डित सर्वज्ञधरयसो वर्तमान पुस्तासम्मको पुस्तावली निर्विवाद प्रथम समूहको एकमना सम्पत्ति हो तसर्थ यसलाई क्रमाङ्क समन्वित गराइनाले आपसमा नाता सम्बन्ध केलाउन सजिलो हुनेछ। त्यसैले यस तालीका अनुसार प्रस्तुत गरिएका कौशिकादि सन्ततिको मूल्यबोध उच्चस्तरमा होला भन्ने सदाशा राखिएको छ।

यस प्रस्तुतीकरणले नेपाल थरको व्यापकता नै समेटी नसक्नु छ भन्ने जनायो। यसपछि कार्की, वराल, खनाल, पंडित, भट्ट डोटेल, जोशी आदि थरको पुस्तावली त झन् कति वृहद् होला सहजै अनुमान गर्न सकिन्छ। यद्यपि यस प्रस्तावनाका प्रथम समूहको प्रकाशनले सम्बन्धित कार्यमा योगदान पुऱ्याउन सक्यो भने निःसन्देह सबै बन्धुबान्धव लाभान्वित हुनेछौं।

वरिष्ठ अन्वेषकका अन्वेषण-कुशलता तथा लगनशील अध्ययन अनुशीलनको परिणाम यस प्रतिकृतिले मूर्तरूप लिन पाएकामा यो समिति हर्ष अनुभव गर्दछ, यो परिषद्, अपार आनन्द अनुभव गर्दछ। भविष्यमा नेपाल वंशज परिषद्, तथा कार्यसमितिका तत्परताद्वारा विद्यमान अपूर्णताको निवारण होला। त्यसो भएमा सर्वाङ्ग सुन्दर प्रतिनिधि ग्रन्थ प्रकाशन गर्ने हाम्रो धोको पूरा हुन सक्नेछ। यस कार्यक्रमलाई सफल पार्न सबै सगोत्र बन्धुबान्धवको सहयोग अपेक्षित छ। अतः दिवंगत पुण्यात्मा महामनीषि पूर्वजहरूका आशीर्वादले हामी सबैको आशा पूरा हुन सकोस् यही हाम्रो बारम्बार प्रार्थना छ।

अन्तमा यस पुनीत कार्यमा आ-आफ्नातर्फबाट योगदान गर्नुहुने समस्त बन्धु-बान्धवसहित मानवशास्त्री श्री यात्री महोदयमा हार्दिक साधुवाद ज्ञापन गर्दछौं। धन्यवाद !

२०४५ विजयादशमी
रातोपुल गौशाला-काठमाडौं

**नलराजशास्त्री नेपाल**
**सदस्य-सचिव**
नेपाल वंशज परिषद्-नेपाल

●

मदन पुरस्कार पुस्तकालय
DIGITIZED BY MADAN PURASKAR PUSTAKALAYA

# कौशिकादि सन्तति

## प्रस्तावना तथा विवेचना खण्ड

# १. कौशिकादि सन्ततिः

## सन्दर्भ-आमुख

### १. १. ०. विषय प्रवेश :

संसारमा मानवशास्त्र-समाजशास्त्र अध्ययनका आ-आफ्ना प्रयोग विधि छन् भलै मानवशास्त्रीय सिद्धान्त एउटै किन नहोस् । एतदर्थ प्रस्तुत सन्दर्भ अनुभूत सत्यमा केन्द्रीकरण रहेको नेपालमा नेपाली मानवशास्त्र अवलोकन विधिको मूलभूत प्रयत्नमा आधारित एक बकूल पुष्प हो अर्थात् प्रभूत मानवशास्त्ररूपी अगाध समुद्रको एक छाल तुल्य नृवंशशास्त्रको एक नाभिकीय प्रयत्नमात्र ।

प्रस्तुत बकूल पुष्पलाई मुख्यतः पाँच सन्ततिमध्येको एक अग्रणी मान्न सकिन्छ । वस्तुतः यस स्पष्टीकरणका लागि हाम्रो मौलिक तालिका[2] दिनु वाञ्छनीय होला—




यस तालिका[2] अनुसार कुशद्वीपीय मानववंशको विस्तार एक मौलिक पृष्ठभूमिमा आधारित रहेको छ[3] । यद्यपि ज्येष्ठताको आधारमा प्रस्तुत सन्तति अग्रणी हुने वा नहुने निष्कर्ष तत्काल कति सम्भव होला त्यो विचारणीय छ । सम्भवतः त्यस उद्देश्य प्राप्तिका अपेक्षाले गर्न सकिने गहन अनुसन्धान अनिवार्य छँदैछ । .वस्तुतः प्राप्त प्रमाणपरिमेयको आधारमा भने प्रस्तुत सन्ततिको समुद्घाटनद्वारा मार्गदर्शन मिल्ला भन्ने अपेक्षा राख्न सकिन्छ ।

पाँच समुदायमा[२] प्रादुर्भाव भई विकसित रहेका नेपाली सन्ततिहरू आधुनिक सभ्यताको आरूणिमाताक श्रीपाली समुदायले अगुवाइ गरेको समूहमा पर्दथे भन्ने आभास नपाइएको होइन[३] तथापि त्यस समूह अर्थात् समुदायकै आगमन प्रक्रियाअन्तर्गतपर्ने प्रस्तुत समुदाय विक्रमी पाँचौं शताब्दीतिरै खसडप्रदेशमा शक्तिसम्पन्न रहेको थियो भन्ने स्पष्ट हुन आएको छ[४]। यसरी पूर्वप्राप्तिमा पुनः वैकल्पिक नवोन्मेष प्राप्त हुन आएमा संशोधन गर्नेगरी तत्काललाई खसडी सन्तति अर्थात् कौशिकादि सन्ततिकै ज्येष्ठ-तामा समन्वित गर्नु कर्तव्य भएको छ[५]। यसमार्फत् ज्यादै पातलो नासिकावरण हुने, औसतमा ७५ भन्दा अधिक नासिकादेशना नहुने; दीर्घ निकाय; ताम्रपीताभ प्रकृतिका स्थूलमुण्ड सन्ततिको अध्ययन गर्न केही सघाउ पुग्ला भन्ने यसको मूल उद्देश्य रहेको छ।

मौलिक दृष्टिकोणले नेपाली निजस्व एवं वर्चस्व अवलोकन गर्ने शाश्वत प्रयोग विधिहरू मुखर छन्[४]। तदनुसार विश्वसनीयताका दृष्टिले महासामुदायिक विभाजनपछि-को क्षेत्रीयताको आधारमा विभाजित समाजको विस्तार-प्रक्रियालाई स्वीकार गरिएको छ। यसो गर्नलि मष्टको आधारमा भएको विभाजन, गोत्रको आधारमा भएको विभाजन, स्थलको आधारमा भएको विभाजन आदि प्रत्येक विभाजनको औचित्य समेट्न र सहभागी अवलोकन विधिअनुसार दृष्टिपात गर्न सुगम हुने अनुभव समेत गरिएको छ[५]।

पूर्ववर्ती प्रतिकृतिहरूमार्फत् प्रकाश पारिएका विषयवस्तुमाथि सांगोपांग प्रकाश पार्न गरिने क्रियमाण सत्यको एक ठोस प्रयत्न हो यो[६]। यस प्रयत्नद्वारा सर्वप्रथम कौशिकादि सन्तति नामकरण गरी खसडी समुदायलाई अघि सार्न प्रबल प्रयास गरिदैछ। यस प्रयोगका माध्यमबाट केही सयमसम्ममा खापडमष्ट र मण्डलीमष्टका उपासक जति सम्पूर्ण कौशिकादि सन्ततिका ईयत्ता एवं ऊहापोह जति प्रकाशान्वित हुन सक्लान् भनिठान्नु पनि केन्द्रीय अभीप्सा रहनु स्वाभाविक हो। त्यसमध्ये प्रस्तुत प्रयत्न केवल महामण्डलीमष्टका उपासक घृतकौशिक गोत्र धारक सन्ततिका 'नेपाल' थरमात्र-को व्यष्टि प्रयत्नमा सीमित रहेको छ। यसले गोत्र समष्टिमाथि कियदंश प्रकाश पार्दै बान्धव ममता दर्शाएर अन्तमा यस पहिलो समूहमा नेपाल थरधारी सन्तानका सम्बन्ध-मा मात्र सकेसम्म राम्ररी प्रकाश पार्ने जाँगर चलाएको छ। तसर्थ यसलाई अध्ययन मनन गर्दा 'नेपाल थरको वंशावली' भनी ठान्नु उचित हुनेछ। यसप्रकारका भावी प्रयासहरू विभिन्न समूहमा प्रकाशित गर्ने लक्ष्य रहेकै छ कि सबैथरी नेपालीलाई 'आत्माबारे अधीतव्य स्मर्तव्यो कीर्तितव्यश्च' गर्न आंशिक रूपमै पनि सहयोग मिल्न सकोस्।

## १. १. १. परिभाष्य मानक :

प्रस्तुत प्रतिकृतिको नामकरणका लागि उपयुक्त ठानिने 'विश्वामित्र वंशबल्लरी' 'विश्वामित्र पुरोगमा' अथवा 'नेपाल थरको वंशावली' जस्ता नाम राखेमा उचित

हुनेतर्फ पनि नसोचिएको होइन; सोचिएको थियो[६]। परन्तु प्रकारान्तरले अनुभव गरायो त्यसो गर्नालि त गन्तव्य एवं अधीति सदाको लागि अन्तहीन हुन सम्भव छ। अनि एउटै प्रयत्नमा त्यतिका कल्पनाहरू साकार तुल्याउन सक्ने हामीसँग सामर्थ्य छ ? छैन। जस्तो पुराणकालमा प्रवेश गरेपछि विश्वामित्र सन्ततिको व्यापकता ज्यादै असीमित र अप्रतिबद्ध रहेको छ। त्यस व्यापकता र अप्रतिबद्धतामाथि हृदयंगम गरेपछि त्यत्रो आँट सफल हुन्छ कि हुँदैन त त्यो ख्याल गर्नुपर्ने कर्तव्य हुन आउँछ।

स्वभावतः पौराणिक प्रस्तुतीकरण कति विश्वस्त छ त्यसतर्फ पनि नसोची हुँदैन किनभने कल्प-कल्पान्त व्यतीत भई कतिपय लय र प्रलय व्यतीत भए, मानवका पुर्खा मनुहरू नै कति फेरिए, कति मानव प्रकृति परिवर्तन भए, कतिपय विप्लवहरू आए, गए। ती विप्लवले धार्मिक परिवर्तन, सांस्कृतिक परिवर्तन र जातीय परिवर्तनहरू गराएका छन् त्यसउसले ती सबै उपोद्‌घातहरू नियाल्न यस तुच्छ प्रयासद्वारा नत सम्भव हुनेछ नत सर्वसम्मत नै पनि। त्यसकारणले खुम्चिएर यस प्रकृतिको नामकरण 'कौशिकादि सन्तति' गर्नु उपयुक्त ठानिएको हो।

अन्ततोगत्वा कालान्तरका गतिविधिले पारेको प्रकाशअनुसार खसड़ी समुदायमाथि रहेको लोकभावना पनि एक जातिमा केन्द्रित हुन पुगेको देखिन आउँछ। विशेषगरी 'खप्तडी' को लोकप्रियता एवं व्यावहारिकता आदि कारणले पनि क्षत्री जातमा मात्र कायम रहन आएको छ। अरू जातले जानेर होस् चाहे नजानेर होस् त्यागिसकेका छन् अथवा जरो टुप्पो बिर्सिसकेका छन्। त्यसरी बिर्सिसकेको वर्चस्वको पुनः उद्‌बोधन गराउन प्रशस्त समय लाग्न सक्दछ जुन समयको सहेतुक प्रयास मानवशास्त्र नृवंशशास्त्र-सम्बन्धी गहन अन्वेषण एवं मनन र चिन्तनद्वारा मात्र सफलीभूत हुने विश्वास गर्न सकिन्छ। अतएव यिनै कुरामाथि विचार विमर्श गरी अन्तमा खसडी सन्ततिको विकल्पमा **'कौशिकादि सन्तति'** नामकरण युक्तियुक्त देखिएको हो।

यो वंशावली अन्वेषण सन्दर्भको पारायण जस्तै सौभाग्यप्रद सिद्ध भएको वंशावली प्रकाशिनी समितिका संयोजकत्वमा नियमितरूपले बस्दै आएका कार्यसमितिका शुरूका बैठकहरूमा पनि नामकरणसम्बन्धी जिज्ञासा गरिएका हुन्। कौशिकादि सन्तति नामकरण गर्दा घृतकौशिक गोत्रधारी नेपाल थरमात्र नपरेर कौशिक गोत्र, घृतकौशिक गोत्र, द्रुमकौशिक गोत्र, इन्द्रकौशिक गोत्र, बाधुल गोत्र, जाबाली गोत्र र मधुच्छन्द गोत्रसमेत पर्दछन्, प्रवरान्तरका कारणले गर्ग गोत्र पनि छोइन्छ तब त्यस दृष्टिले कौशिकादि सन्ततिको परिभाषा पुराणकाल जत्तिकै व्यापकता हुन नआए पनि सामान्य सोचाइभन्दा व्यापक परिभाषाभित्र पर्दछ भन्ने छलफल भएकै हो। छलफलका क्रममा यो प्रकाशन घृतकौशिक गोत्रकै पनि पूरै प्रतिनिधित्व गर्दैन भन्ने कुराकानी विचार विनियम भएको हो र नेपाल वंशावली वा नेपाल थरको वंशावली राख्ने कि भन्ने चासोसमेत नगरिएको

होइन तथापि विभिन्न दृष्टिकोणबाट सोच-विचार गर्दा 'कौशिकादि सन्तति' बढी लालित्यपूर्ण, बढी अर्थपूर्ण र बढी श्रुतिमधुर हुने कुरा नकार्न सकिएन । यसमाथि चर्चा चलाइएका अनेक परिप्रसंगअनुकूल अर्थ लगाउन सजिलो पार्ने दुईवटा उपबन्ध पहिल्यै सम्बद्ध छन् प्रथम समूह र [नेपाल सन्तानको वंशावली]

अन्ततोगत्वा निष्कर्षमा अब 'कौशिकादि सन्तति' कै सम्बन्धमा कुरा गरौं-यसको संयुक्त प्रकाशन गर्ने ध्येयले विगत पच्चीस वर्षदेखि सशक्त प्रयत्न गर्न थालियो । कारण दैवयोगले हाम्रो थर अनि राष्ट्रको नाम पनि 'नेपाल' मिल्न आएकोले प्रारम्भमा यस कार्यमा पर्नुसम्म कठिनाइ पऱ्यो । त्यस अवस्थामा बहुधा नेपाली समाजमा थरको लेखापढीको प्रचलन त्यति थिएन । उपाध्याय ब्राह्मणहरू उपाध्याय लेख्दथे भने जैसी ब्राह्मणहरू जैसी लेख्दथे र क्षत्रीहरू खत्री, क्षत्री लेख्दथे । अनि थर कसलाई चाहिएको थियो र लेखून् ।

यद्यपि नेपालमा सातसालको परिवर्तन राजनीतिक परिवर्तनमात्र थिएन; वास्तवमा आर्थिक, सामाजिक परिवर्तनको चाप पनि सँगसँगै आयो । त्यसपछि नामका साथमा थर लेख्नुपर्दो रहेछ भन्ने ज्ञान बढ्दै गयो अनि सबैले आफ्नो थर प्रकाशमा ल्याउने प्रयत्न गर्न थाले । नेपालहरू पनि त्यसै लहरमा समेटिनु स्वाभाविक थियो, समेटिए, परन्तु एउटा संकट आइलाग्यो अब नेपालहरूले बराबर आफ्नो थरका सम्बन्धमा स्पष्टीकरण दिनुपर्ने भयो । यस्तो परेमा जस्तो जाने-सुनेका थिए चाहे मनगढन्त किन नहोस् एकथोक भन्दै टारे । फलतः मानिसमा आफ्नाबारेमा खोजी गर्ने जिज्ञासा भने बराबर बढ्दैगयो ।

"केही वर्षपहिले सत्यमोहन जोसीले मसित सोध्नुभयो— होइन, यात्रीजीले दु-दुईवटा टाइटिल किन राख्नु भएको ?' जोसीजीको सोधाइको आशय मैले झटपट बुझिन । दुईवटा उपनाम राखेको पनि थिइँन । तब त नबुझेर मैले स्पष्टीकरण मागें । पछि छलफल हुँदा ज्ञात भयो 'नेपाल' थरलाई पनि उहाँले उपनाम हो भनी ठान्नुभएको रहेछ । अनि मैले बताएँ तपाईको थर जोसी भएजस्तै मेरो थर हो नेपाल । त्यो सुनेर उहाँ झन् दंग पर्नुभयो । प्रकटमा भन्नुभयो पनि 'देशको नाम कसरी व्यक्तिगत थर भयो[६] ?'

यस्तै कतिपय असजिला अवस्थाहरू यस अनुसन्धानकर्ताले भोगेको छ । अनुसन्धानकै शिलशिलामा बागलुङ्० जिल्लामा पुग्दा एउटा आभिजात्य समारोहमा भाग लिनुपर्ने अवसर आइपऱ्यो । आयोजकले थर बताउन आग्रह गरे; नेपाल थर बताइयो । त्यस समारोहमा रिजाल, लामिछाने, रेग्मी, सुवेदी, पौडेल, गोतामे, पराजुली, पन्त, पन्थी, पुलामी, सापकोटा, लम्साल, अधिकारी आदि थरहरू थिए । सबै थरका जस्तै नेपाल थरको पनि व्युत्पत्ति सोधियो । अब के बताउने ? यो पनि असजिलै अवस्था मानियो ।

कतिपय नेपाल बूढा-पाकाहरूसँग सोधपुछ गर्दा उनीहरू बताउँथे 'हाम्रा पुरुखाले राम्ररी न्याय पालन गरेकाले 'नियापाल' भनिएको हो।' नभन्दै लेखपढमा पनि उनीहरू 'नियापाल' नै लेख्दथे। धेरै समय यस्तै अन्योल रहिरह्यो।

अन्ततोगत्वा २०३० सालमा योगी नरहरिनाथको आयोजनामा काठमाडौं वनकालीमा अखिल नेपाल हिन्दू धर्म सम्मेलन भयो। वनकालीमा सभा संचालन गरिएको थियो। त्यस सभामा अधिराज्यका विभिन्न भागबाट प्रतिनिधि आएका थिए। तिनमा एक प्रतिनिधिको थर 'गौली' र एक प्रतिनिधिको थर 'कुकुरकाटे' रहेछ तर कुकुरकाटेजी अचेल 'कुशकाट्टे' भएका रहेछन्। एक सायंगोष्ठीमा योगीजी, राजा तारकबहादुर शाह, राजेश्वर देवकोटा, नरेन्द्रकुमार प्रधान आदिका बीचमा त्यस सम्बन्धमा सोधनी गरियो। उत्तरमा योगीजीले भन्नुभयो "एघारौं शताब्दीमा सिजापति महाराजबाट धेरै नागरिकलाई बिर्ता, बितलब, गुठ, रहिकर इत्यादि भूस्वामित्व वितरण गर्दा जसले जुन नामको बिर्ता पाए उनका सन्तानलाई त्यसै गाउँको नामसित सम्बन्धित गराइयो। ती बिर्तावारहरू पनि आफ्ना बिर्ता क्षेत्रभरिमा अरू नागरिकका लेखि राजातुल्य मानिन्थे। सरकारका छत्तीस खाले करहरू तिर्नु पर्दैनथ्यो तर अरू थरका सन्तानहरू बिर्तावारका बिर्ताभित्र बसेका छन् भने बिर्तावारलाई सरकारतुल्य मानेरमात्रै बस्ने अनुमति पाउँथे। नत्र बिर्तावारले त्यस्ता नागरिकलाई निस्कासन पनि गर्दथे।

दुल्लू राजधानीसित जोडिएको ठूलो पाटोलाई 'नेपा' भनिन्छ। दुल्लू विजयनगरदेखि पश्चिमतर्फ कर्णालीका छालसम्म फैलिएको पाटोलाई अचेल औलनेपा, तलोनेपा, मलीनेपा, डाँडानेपा र कान्लानेपा आदि विभिन्न नामले पुकारिन्छ। तपाइँहरूको बिर्ता हो त्यो। त्यहीं गएमा सबै जानकारी पाउनुहुनेछ।"

वस्तुतः आजभन्दा पच्चीस वर्षअघिदेखि अन्वेषण शुरू गरिएको भए पनि; प्रस्तुतीकरणको पूर्वाभास मानिए पनि; आज जसले जति ठूला-ठूला कुरा गरे पनि लाभदायक र मार्गदर्शक प्रसंग यही हो। यसपछि—

अध्ययन अन्वेषणक्रममा नेपालीजगत् र पूर्वी सपादलक्ष अर्थात् प्राचीनकालको सुवर्णभूमि र मध्यकालको कर्णालीप्रदेश लगायतका बहुतायत भूभागको अध्ययन भ्रमण गरेपश्चात् टुंगोमा पुगियो, भेउ पाइयो, प्रमाण बराबर फेला परे। यद्यपि त्यति भएर पनि अगाडिको कार्य सुगमतासाथ बढ्न सक्ने र सर्वान्तिम सोचाइको परिपूर्णतासमेत एकपटकमा सम्भव हुने देखिएन। स्वभावतया खण्ड-खण्ड र भाग-भाग गर्नुपर्ने रहेछ भन्ने उद्‌बोधन भयो।

त्यस्तै घृतकौशिक गोत्रअन्तर्गत प्रवेश गरेपछि त एकपटकमा सम्पूर्ण घृतकौशिकान्वयी सन्ततिहरूमाथि प्रकाश पार्न सकिएला भन्ने लागेको थियो, निदानमा त्यसो पनि सम्भव देखिएन । त्यसमा के कारण पर्‍यो भने अद्यावधि ज्ञात हुन आएको घृतकौशिक गोत्रका सगोत्रीहरू सोह्र थरी छन् । ती हुन्-पंडित, नेपाल, बराल, खनाल, सुतारकार्की, भट्ट, जोसी, रेग्मी, कुशौला-पाण्डे, बिडाल, जीरे, नेमी, काशिया, कुशे, चलाउने, रोहताली, बाजपेयी आदि । त्यतिभरिमा मात्र बाजपेयी थर नेपालीमा पाइएको छैन तत्र अरू सबै प्रकारका थरहरू नेपालीमा छन् र महामण्डलीमष्टको उपासना गर्दै आएका बुझिन्छन् । जसलाई हामीहरू कुलपूजा अथवा देवाली गर्ने भन्दछौं । हो, तसर्थ उक्त सोह्र थरका नेपालीका सम्बन्धमा अभीप्सित प्रकाश पार्न एकपटकमा सम्भव हुने चिताउनुभन्दा प्रयुक्त नाम राखेर समूह-समूहमा निकाल्ने जमर्को गर्नु युक्तायुक्त हुने ठानिएको हो । त्यसमा पनि विधिगत कारणले पहिलो प्रयासमा नै आशानुकूल छवि आउन सकेजस्तो लागेको छैन जसका अनेक कारण हुन सक्छन् । बरु, इत्यादि प्रासंगिक तथ्य-हरू हृदयंगम गरेर नै यस 'कौशिकादि सन्तति'को मूल्य र मान्यता कायम हुने आशा राख्न सकिन्छ । यति भए र पनि यसलाई कौशिक सन्तानबाहेक समग्र मष्टपूजक नेपाली-लाई काम दिने खालको बनाउन निम्ति मानवशास्त्र-नृवंशशास्त्रका सैद्धान्तिक पक्षमा चञ्चुप्रवेश गरिएको छ तसर्थ 'नेपालीत्त्व बढाउने विषयमा हामी सबै एक छौं ।' भन्ने सूक्तिनजीक पुग्न चेष्टा गरिएको छ ।

### १. १. २ अन्वेषण-उपक्रम :

समय-समयमा अप्रत्यासितरूपमा घटेका घटनाहरू यस कार्यमा प्रेरणाका स्रोत मानिएका छन् । सम्भवतः यिनै प्रेरणाका स्रोतहरू भविष्यमा ऐतिहासिक पृष्ठभूमि बन्न नजालान् भन्न सकिंदैन । प्रायशः यस्ता घटनाहरू जुनसुकै अनुसन्धानकर्ताका पनि व्यक्ति-गत जीवनमा घट्ने गर्दछन् जस्तो लाग्दछ । त्यसो हुँदा अनुसन्धानकर्ताका व्यक्तिगत जीवनशैलीसित घनिष्ठ सम्बन्ध स्थापित गरेर नै सार्वजनिक जानकारीमा आउँछन् भन्ने सत्यता हृदयंगम गरेर यस कार्यको शुभारम्भ कसरी भयो त्यस सम्बन्धमा प्रकाश पार्नु कर्तव्य भएको छ—"बालकपनको घटना हो यो । एकदिन पुछारघरे नन्दलाल (कालुपाध्याय) काकाले मेरो पिताजीसित सोधेका थिए" दाजै ! एउटाले मसित सोध्यो 'तिमी कुन खालका बाहुन हौ ?' यसको जबाफ दिन मलाई असजिलो लाग्यो । के भन्नुपर्दथ्यो ? जान्न पाउँन ।"

पिताजीबाट आज्ञा भएथ्यो "हामी कान्यकुब्जीया बाहुन हौं । कान्यकुब्ज देशबाट आएको भन्नुपर्छ ।"

काकाको दोस्रो सोधनी थियो "दाजै ! हामीलाई किन 'नेपाल' भनेको ? अस्तिन पितम्लाका पराजुलीहरूले निकै खिज्याए । उनीहरूको भनाइ थियो—

"कहीं नपाएर देशको नाम पनि मान्छेको थर हुन्छ ?" यसमा के भन्नुपर्दो हो ?"

यसको जवाफ पनि यस्तो थियो "सबै कुरो त मलाई पनि थाहा छैन। श्री जावेश्वरले अघि हाम्रा पुर्खालाई 'नेपा' भन्ने ठूलो गाउँ बिर्ता बकस दिएका थिए अरे। नेपा गाउँका बिर्तावार भएकाले हामीलाई नेपाल भनेको भन्दछन्। साँचो झूटो केहो कसैले खोजी गर्लानि : नेपा भन्ने ठाउँ पनि कहाँ पर्छ। पछि थाहा होला। देशको नाम नेपाल संयोगले पर्न आयो। यसमा कसैले किन कपाल दुःखाउने [६]।

( सम्वत् १९९८ साल जेठ—देवाली पूर्णियाँ। कटुजे-नेपालगाउँ-भोजपुर। पिताजीको पत्रबासा पुराना थैलीको आधार अनि तत्कालको घटना संस्मरण। )

खोजीकार्यमा अघि बढ्दै जाँदा २०११ साल फाल्गुनमा पश्चिमबंगालको जलपाइगुडी जिल्लाअन्तर्गत रतीबगानमा नारदप्रसाद नेपाल मगरसित भेट भयो। त्यस समय उहाँको अवस्था लगभग असी वर्ष हुँदो हो। उहाँ 'सानेमन्त्री' नामले प्रख्यात हुनुहुन्थ्यो। नेपाल मगरका घरमा बास बस्न पुग्दा अलिअलि नौलो लाग्यो; अलिअलि हर्ष पनि लाग्यो। नौलो यस मानेमा कि मगरमा पनि नेपाल थर हुने रहेछ, हर्ष यस मानेमा कि नेपाल पनि मगरमा झर्दा रहेछन्।

संकोच नमानिकन आफ्नो आशय प्रकट गरें। उहाँले पनि चाख देखाउँदै भन्नुभयो मगरमा नेपाल मात्र होइन बराल, खँडका, बसेल, रजाल, समाल पनि हुन्छन्। तपाईं हाम्रो गोत्र मिल्दछ, दाजुभाइ हौं। त्यसैले त यस गाउँमा धेरै घरमा नगरकट्टाका नेपाल-बाहुन पुरेत आउँछन्। हामी दुई घरमा भने उनो आए पनि पुरेतका हिसाबले होइन दाजुभाइका हिसाबले आउँछन्।

हाम्रो पुर्ख्यौली थलो पाल्पा हो भन्छन् आफू गइएको छैन।

खोजीकै क्रममा नेपालबाहिर बर्मा, आसाम, भूटान, सिक्किम, पश्चिमबंगाल, विहार, उत्तरप्रदेश, हिमाचलप्रदेश, पंजाब आदि विभिन्न भागमा र नेपाल अधिराज्यका कुना कन्दराहुँदो घुमफिर गर्ने काम भयो। वर्षौं समय लाग्यो। यस भ्रमणबाट ज्ञात भयो नेपालहरू मूलतः दुई उपसमूहमा बाँडिन रहर मान्दा रहेछन् जसमा एक थरी मण्डने। अर्का थरी झिलटुंगे। यो धेरैपहिलेको कुरा भयो। पछि बुझ्दा यसप्रकारको विभाजन खास आधारभूत होइन भन्ने बुझियो।

२०२७ सालबाट स्वदेशदर्शन कार्यक्रम शुरू गरियो। यस कार्यक्रममा पनि परिस्थितिले साथ दिएसम्म बुझ्दै लगियो त्यसैभित्र पर्दछ पूर्वोक्त योगी नरहरिनाथ सँगको वार्तालाप! त्यसपछि खोज्ने बाटोसम्म पाइयो। समय मिलाएर त्यहाँ पुगियो पनि। गाउँको बनावटमा योगीजीको भनाइमा कुनै फरक परेन तर थरमा भने नेपाल बताउन

कोही तयार भएन । बाहुन जतिले आफूलाई खनाल बताए भने क्षत्री जतिले कार्की । रोचक प्रसंग के देखियो भने नेपाली थरको प्रादुर्भाव मूलतः दैलेख जिल्लाबाट भएको रहेछ । कान्यकुब्ज र फान्यकुब्ज भन्ने कुरा चाहिं कपोलकल्पित र तथ्यहीन रहेछ ।

वर्तमान जिल्ला विभाजनअनुसार पनि दैलेख जिल्लाभित्रै झण्डै दुईशय थरका प्रादुर्भावस्थलहरू टुंगो लागे । वर्तमान नेपाली समाजको जानकारीमा रहेका खश-बाहुन क्षत्रीका धेरैजसो मूलस्थलीहरू टपक्क मिल्दछन् । जस्तो लंजोको लंजेल, भूर्तिको भूर्तेल, लम्सुको लम्साल, कट्टीको कट्टेल, बासीको बसेल, दाहाको दाहाल, पराजुलको पराजुली, बाँस्तोलीको बाँस्तोला, चापागाउँको चापागाईं, गुरुगाउँको गुरागाईं, दूधपोखरीको दूधपोखरेल, पानीपोखरीको पानीपोखरेल, रिजुको रिजाल, बडको बडाल, बारलाको बराल, लुंयाटाको लुंइटेल, सुइयाका सुयल यस्तै अनेक थरहरूको प्रादुर्भाव तत्सम्बन्धी ताम्रपत्र, शिलापत्र, लालमोहर, सनद सवाल इत्यादि छेलोखेलाइ पाइए । अपसोच् ! नेपामा नेपाल पाइएनन्[६] ।

दुल्लू गाउँपंचायतका तत्कालीन प्रधानपंच गोविन्दबहादुर शाहको सहयोगले नेपागाउँका गन्यमान्य ठानिएका केही व्यक्तिहरू बोलाइए । जसमध्ये केही आए पनि । छलफलमा उनीहरूले भने हामीसित ताम्रपत्र, लालमोहर, सनद सवाल केही छैनन् । हाम्रो थर नेपाल होइन यसतर्फ नेपाल थर भएका बाहुन छैनन्, हामी गरा-खनाल हौं । हाम्रा पुर्खाहरू कुनै जुगमा भक्तपुर राज्यबाट यहाँ बसाइँ आएका हुन्; इत्यादि ।

पहिलोपटक नेपा बिर्ताबाट यससम्बन्धी लाभ भएन । अगाडि बढेर अछाम जिल्लामा पुग्दा त्यहाँ जिल्लापंचायत सदस्य लोकराज खनालसित भेट भयो । लोकराजको भनाइ पनि दुल्लू—नेपाकै भनाइसित हूबहू मेल खायो । त्यसपछि अछाम जिल्लाकै घुंघुरकोट गाउँपंचायतका तत्कालीन प्रधानपंच टीकेन्द्रराज भट्ट र उहाँका सुपुत्र शिक्षक हर्षप्रसाद भट्टसँग वार्तालाप भए । उहाँहरूले बताउनुभयो आफ्ना पुरुखाहरू जुम्ला शेरीढुस्का भन्ने गाउँबाट चौधौं शताब्दीतिर यसतर्फ बसाइँ सरी आएका हुन् । आफ्नो गोत्र घृतकौशिक हो । एक पुरुखाको नाम भास्कर पंडित थियो । भास्कर पंडितका एक छोरा पंडितै थिए जोपछि नेपाल, बराल कहलाए । आफ्नो बलो भने भट्ट थरमा प्रख्यात छ । एक शाखा पैतृकस्थलमा छ भन्ने सुनिएको हो जान सकिएको छैन ।

भट्ट पिता-पुत्रसँगको सम्वादले जानकारी मिल्यो जुम्ला गएपछि नितराम नयाँ उज्यालो पाइने रहेछ । यो समय २०३४ साल वैशाख थियो । यसका ठीक तीस महीनापछि पहिलोपल्ट जुम्ला जाने अवसर मिल्यो । महीना आश्विन थियो ।

जुम्ला शेरीढुस्कामा दुई थरी बन्धु फेला परे जोसी र रेग्मी । त्रिलोचन जोसीका अनुसार भास्कर पंडितका तीन छोरामध्ये एक छोराका खलक अछाम घुंघुरकोटमा रहन्छन् भन्ने सुनिएको छ तर आउनु जानु छैन । एक छोराका खलक दुल्लूतिर छन् भन्ने थाहा

छ कहिले-कहिले पादुकास्थानतिर काजकर्म गर्न जाँदा कसै-कसैसित जम्काभेट पनि हुन्छ। महामण्डलीमष्ट पुज्दैछौं। ताम्रपत्र लालमोहरहरू जो छन् हामीसित होइन गहीरागाउँका भू. पू. रा. प. स. रमाकान्त न्यौपानेसित छन् खोज गर्दा पाइन्छन्।

त्रिलोचन जोसीका भनाइले निकै आशा जगायो। सगोत्रीमा रेग्मी पनि पर्दा रहेछन् भन्ने जानकारीसमेत मिल्यो। तर संयोग नमिल्दा न्यौपानेसँग तत्काल भेट भएन। तथापि पछि माघमा हुम्लाबाट फर्किदा न्यौपानेसँग भेट भयो। त्यस भेटमा जति लालमोहर ताम्रपत्रका प्रतिलिपिहरू अध्ययन गराउनुभयो वास्तवमा हाम्रा अभीप्साका निर्मल ज्योति नै ठहरे। यसै सन्दर्भमा दिइएका अक्षयमल्लको ताम्रपत्रको प्रतिलिपि र सम्वत् १८५२ सालमा प्रसारित श्री ५ रणबहादुर शाहको रोक्का लालमोहर नै यस प्रयासका मूल ज्योति हुन्। यो उज्यालो दिएर हामीलाई लाभान्वित तुल्याउनुहुने श्री रमाकान्त न्यौपानेज्यू वास्तवमा हाम्रालागि झल्झलाउँदो ज्योतिरूप हुनुहुन्छ।

२०३३ साल फाल्गुनमा कैलाली जिल्लाको सोनाफाँटामा जुन ताम्रपत्र पढ्न पाइएको थियो त्यसकै प्रतिलिपि र त्यससँग सम्बन्धित हुन आउने विषयवस्तु एवं सन्तानका विषयमा भएका वाक्यांशहरू यसप्रयासका ज्यादै झरिला किरण मानिएका छन्! वास्तवमा यी दुईवटा प्रमाणपत्र निर्णायकै ठहरे भन्नुपर्दा अत्युक्ति हुँदैन। श्री ठाकुरप्रसादज्यू अचेल पूर्व असामतिर कहीँ हुनुहुन्छ भन्ने बुझिएको छ।

२०३१ साल वैशाखमा पढिएको वंशावलीको प्राचीन अंशले हामीलाई जुम्ला शेरी-दुस्कासम्म ल्यायो। अब अलमलमा परिएको थियो शेरीदुस्काबाट सन्तान के कसरी विस्तार भए अनि नेपाल थर कसरी खडा भयो ? बस् अन्तिम निष्कर्ष यति रह्यो।

न्यौपानेबाट प्राप्त प्रमाणहरू लिएर २०३७ साल वैशाखमा दोस्रोपटक नेपा जाने काम भयो। नेपा दह्थानमा पुगी भाइबन्दाला जम्मागरी प्राप्त प्रमाण अवगत गराउँदा पूर्वोक्त खनाल र कार्की हौं भन्ने उक्तिमा सत्यता नभएको ठहरियो। वास्तवमा ती सबै जाजागुरू जगतगुरूका आठौं पुस्ताका सन्तान र पूर्वोक्त लालमोहरसँग संबंधित सुपारीपाध्या नेपाल, मनुपाध्या नेपाल र चन्द्रुपाध्या नेपालका सन्तान रहेछन्। मध्यकालीन भक्तपुर राज्यअन्तर्गत सौपा-मण्डन बिर्ताबाट नेपा बिर्तातर्फ फिर्ता गएको घटनाको लोकोक्ति प्रामाणिक हुन आयो।

दैलेखमध्ये सिगौडी जाक्सी गाउँका मुखिया गोपी कार्की, सातालाका कवि विशाखर उपाध्याय नेपाल र नेपा बिर्ताका मूलघरे दह्थानका नायक नन्दराम नेपाल, औल्नेपा टिमूरगाउँका पं० भागीराम नेपाल, चाल्नेमूलका टीकाराम नेपालसमेतका संग्रहमा रहेका कागजपत्र साथै कान्ला नेपाका कृपाराम नेपाल, उदयराज नेपाल, धारखोलाका लोकराज नेपाल, देवीराम नेपालसमेतका सत्प्रयासले वंश प्रतिष्ठाकारक

शिवार्चन महायज्ञ सम्पन्न गराउने, दशधेनु दानसहित भाइ-भाइमा अज्ञानवश् चलाइएका वैवाहिक सम्बन्ध रोक्ने र आगामी वर्षमा पूर्वज जयविद्याधर पंडित, सर्वज्ञधर पंडितका मूल थडेरीमा श्रीमद्भागवत महापुराण सप्ताह पारायण गर्ने जस्ता वचनबद्धता पूरा गर्ने कार्य यसैअन्तर्गत पर्दछन्[६]।

अन्ततोगत्वा जुन जिल्लामा नेपाल छँदैछैनन् भनिएको थियो त्यस जिल्लामा पूर्वोक्त वचनबद्धताअनुसार २०३८ साल वैशाखमा **श्रीमद्भागवत महापुराण** सप्ताह **पारायण** गर्दा पत्ता लाग्न आयो झण्डै एघार सय परिवार रहेछन्। यो संख्या नेपाल बन्धुहरू बसोबास गरेका जिल्लामध्ये बढी संख्या हुने दोस्रो जिल्ला पर्दछ।

यसरी हिसाब गर्दा पच्चीस वर्षभन्दा अझ बढी समय लगानी गरी अनेक व्यक्तित्वको सातत्य प्रयत्नद्वारा यस प्रतिकृतिले मूर्तरूप लिएको छ भन्नुपर्‍यो। अन्तमा देश विदेशमा छरिएका विभिन्न शाखा प्रशाखामार्फत् प्राप्त नामावली र प्रकाशनका शिल-शिलामा भए गरेका संस्थागत प्रयासका सम्बन्धमा यथाप्रसंग प्रकाश पारिने छ।

## १. २. ०. अवलोकन एवं मूल्यांकन विधि :

### १. २. १. दिग्बन्धन :

नेपालीकरणका सांस्कृतिक पूर्वाधारको निजस्व एवं वर्चस्वको प्रत्याभूति मनन गरी खोजीनीति गर्दा सबभन्दा भरपर्दो सांस्कृतिक माध्यम 'मष्ट' भएको कुरामा अब शायदै दुई मत होला। स्पष्टतः 'मष्ट' नै नेपालीको अस्मिता सिद्ध भएको अनुभव गरिएको छ। सांस्कृतिक दृष्टिले यसो भन्न सकिन्छ नेपालमा वा नेपालबाहिर कहीं पनि बसेका नेपाली समाजले 'मष्ट' लाई भुलेको खण्डमा आफ्नू सत्व भुल्ने छ। विशेषगरी खश समुदायका नेपालीको सांस्कृतिक स्पन्दन नै 'मष्ट' हो भन्नु अत्युक्ति हुँदैन। फगत् आम-धारणा एवं लोकव्यवहारमा मष्टको प्रयोगमा अन्तर देखिन आएको छ। जस्तो कतै **मष्ट, कतै समैजी, कतै क्षेत्रपाल, कतै बेताल, कतै कुलदेवता, कतै कुलायन र कतै देवाली गर्ने, कतै कुलायन पुज्ने** जस्ता लोकव्यवहारहरू कायम रही आएका छन्। त्यसहिसाबले प्रयुक्त नेपाली समुदायको प्रादुर्भाव मष्टका माध्यमबाट भएको अड्कल काटिन्छ।

नेपालमा मानवशास्त्रको मूल आधार नृवंशशास्त्र हुने शाश्वत सत्यतालाई हृदयंगम गरिएको छ; त्यसउसले नृवंशशास्त्रको अध्ययन मनन गर्दा मौलिक दृष्टिकोणले साव-धानीपूर्वक अध्ययन मनन गर्नुपर्ने औचित्य सर्वथा सदैव मुखर हुन्छ[३२] किनभने नेपाली जातिको प्रादुर्भाव विभिन्न समयमा भएको छ[३३]। जसमध्ये कतिपय नेपालीहरू मूलतः नेपाली भूमिपुत्र नभएर पछि-पछिका अंगीकृत सन्तानमा पर्दछन् जो पूर्वोक्त स्थूलमुण्ड सन्ततिभित्र अंशतः पर्दैनन्। असली कुरो यसो हो तापनि वास्तवमा प्रारम्भमा नेपाली-

त्वको अध्ययन गर्न अग्रसर भएका विदेशी विद्वान्हरूले भ्रमवश् होस् चाहे जानी जानी बुझपचाएर होस् तिनै अंगीकृत नेपाली अंगको अवलोकन गरेको भरमा मनगढन्त नाम राखेकोले अद्यावधि नेपालीको मौलिक अस्तित्व उज्यालिन र सांस्कृतिक छविका उज्ज्वल किरणहरू प्रस्फूटित हुन पाएका छैनन् ! उनीहरूले नेपालीत्वका अन्तर्मुखतालाई महत्व दिएनन् , बरू आर्येनियन र मंगोलियन जस्ता मनगढन्त नाम राखेर नेपाली जातित्व-लाई दुई फ्याक पार्ने दुष्प्रयास गरे । एतावता जे होस् समयले प्रत्येक मानवसमाजलाई आत्मालोचना र आत्मदर्शनका निम्ति उत्कण्ठित तुल्याउँदै आएको क्रियमाण सत्य बडो मार्मिक सिद्ध हुँदैछ । यस सत्यको उज्ज्वल भविष्य लोभ लाग्दो हुने लच्छिन् देखिदैछ ।

युगको नव-उद्बोधनले राष्ट्रियताको नवजागरणलाई गति प्रदान गर्दै आएको छ । जसअनुसार प्रत्येक राष्ट्रिय जनजातिको जीवन्त अस्तित्व आफ्नै उत्पत्ति र स्थिति-माथि निर्भर रहने सत्यता नकार्न मिल्दैन । त्यसउसले प्रत्येकले आफ्नो पन केमा आश्रित छ र कसरी जीवन्त रहन सक्छ त्यस सम्बन्धमा मनन गर्नु परेको छ । बस्,नेपाली समाज पनि यस पुनरवलोकनदेखि अस्पृश्य, असम्बद्ध र अज्ञात रहने प्रश्नै आउँदैन तसर्थ केही वर्षदेखि नेपालीलाई पनि युग चेतनाले शंखघोष गर्न थाल्यो । केही प्रबुद्ध व्यक्तिहरू यसतर्फ अभिमुख भए । आफ्ना वंशगौरवका सम्बन्धमा खोजीनीति गर्ने लहर चल्यो । वर्तमान सभ्य युग सुहाउँदो यसलाई चेतनाको लहर संज्ञा दिन सकिन्छ । अतएव चेतनाको लहरले विस्तारै प्रभाव पार्दै ल्यायो । फलतः वर्तमान परि-पृष्ठमा कतिपय आधारमा समस्त ऐतिहासिक परिपृष्ठहरू पुनरवलोकनको दिग्बोध गर्न लागेका छन् । प्रस्तुत प्रकीर्ण पनि त्यसकै एक अंश सिद्ध हुन आएको छ ।

यसको अवलोकन विधिमा आफ्नै चालचलन कुलीनता र व्यवहारलाई अपनाइए-को छ । **जातिभास्कर, ब्राह्मण-सर्वस्व, हिन्दू जाति र संस्कृति** जस्ता एकदेशीय ग्रन्थ र ती ग्रन्थकर्ताहरूका एकलकाटे विचारका भर पर्नुभन्दा युगौंदेखि उपेक्षित रहेको आफ्नै चलन व्यवहारको भरमा परिश्रम गर्नु फलदायी हुने प्रत्याभूति मिलिसकेको छ[33] । यस साहसका निम्ति दोषदृष्टिकै उछित्तो पार्नुपर्छ भन्ने कुरो आउँदैन, समय र परिवेशगत बाध्यता पनि उत्तिकै मननीय छ । यसो ठान्नु मनासिब छ—अनादिकाल-देखि सुसम्पन्न र समृद्ध रही आएको कुश जाति कालक्रम र दैवयोगले गर्दा उपेक्षित हुन पुग्यो । अपितु ऊ स्वयं उपेक्षित भएको हो कि भन्ने मात्र सकिंदैन किनभने कालक्रमका विभिन्न उथलपुथलको अध्ययन मननबाट ज्ञात हुन आउँछ यस जातिमाथि पश्चिम उत्तर एवं दक्षिणबाट भएका दुर्दान्त र युगान्तकारी आक्रमणहरूबाट फाइदा उठाएर शक्तिदीर्घाको आडमा नै त्यस्ता परिपंचहरू रचिएका हुन् भन्ने सत्यता अब उद्घाटित

हुँदैछन् । त्यसो हुनाले जे जसो भयो त्यसतर्फ नलागेर सावधानीपूर्वक निजस्व र वर्चस्वका प्रत्याभूतिहरू प्रकाशमा ल्याउनु कर्तव्य हुन आउँछ ।

## १. २.२. अवलोकनको मापदण्ड :

विद्यमान पर्वताश्रयिन् प्रदेशहरूमा कुसुमित सांस्कृतिक ऊर्जस्वीताहरूको मननबाट ज्ञात हुन्छ आदिकालमा यी पर्वतराजको आड लिएर स्ववीर्य रक्षित रहन सफल मानव-समुदायहरू सजिलोका लागि एक नेतृत्वबाट पाँच नेतृत्वमा विभाजित हुन पुगे । यो दशा सृष्टिकालीन नवसौरभका प्रत्येक उद्बोधनसँग रहेको हुन सक्छ तथापि प्रस्तुत पंक्तिहरूमा ती तत्वलाई अंगीभूत पार्न खोजिएको होइन र त्यति प्रयोजन पनि परोइन तसर्थ प्रस्तुत पंक्तिमा कुश जातिका प्रारम्भिक प्रकीर्णमाथि कियदंश प्रकाश पार्नु कर्तव्य भएको छ । प्रस्तुत अवलोकनको मापदण्डमा गोत्रको विभाजन स्पर्श गर्नु अर्थ-पूर्ण हुने ठानिएको हो । यस विभाजनका भावी परिवर्तनमा पनि कतिपय बाह्यप्रभाव सक्रिय नभएका होइनन् जसअनुसार बहुतायत ऊर्जस्वीतामा सम्मिश्रण आएको अनुभव गरिन्छ । किन्तु यी सम्मिश्रणको प्रसंग जति अलग्ग राखेर मनन गर्दा जानिन्छ कुश जातिले प्रारम्भमा अपनाएका गोत्रहरू यसप्रकार थिए :—१. कुश गोत्र २. पर्वत गोत्र ३. सुवर्ण गोत्र ४. मानव गोत्र ५. वत्सल गोत्र । प्रकारान्तरले यसरी पनि व्यवहार गरिन्थ्यो-कुशको पर्यायमा काश, काशवृद्ध, काशेय, कश्यप, काश्यप र कश्शप । सुवर्णको पर्यायमा अग्नि, अग्निवृद्ध र कौत्स । वत्सलको पर्यायमा वत्स, वात्स्य, वत्सवृद्ध, र वंशल । यीमध्ये प्रस्तुत प्रसंग कुश गोत्रसँग सम्बद्ध छ ।

पंचगोत्र पंचकुलका आधारमा विकसित रहेका सामाजिक स्वरूपहरू विक्रमीय पाँचौं शताब्दीतिर पाँच कुलपर्वतमा आश्रित थिए । यस कथनको पुष्टि यसप्रकार भएको छ :—खमड, श्रीपाल, सिजा, कालीकोट, र खुलाली यी पाँच कुलपर्वतहरू वर्त्तमान कर्णालीप्रदेशमा पर्दछन् । मध्यकालमा पूर्वी सपादलक्षमा समुन्नत रहेका यी पर्वतहरू प्राचीनकालमा गणराज्यका रूपमा अस्तित्वमा आएका अनुमान गरिन्छन् किनभने खश समुदायमा यी पाँचवटा प्रस्रवणहरू सांस्कृतिक ऊर्जस्वीता सिद्ध भएका छन् । यद्यपि पाँचौं शताब्दी आधार मान्न सकिने यो एक पूर्वानुमान साथै वर्चस्वको प्रत्याभूति हो तथापि कश्यपगिरि त्यागेर यूराल, चित्राल तथा जालन्धर पर्वत हुँदै यस भूभागसम्म आइपुग्न यस जातिलाई लगभग अट्ठाईस सय वर्ष लागेको अनुमान गरिएको छ[१] ।

यस अन्तरालमा विशेषतः पूर्वी सपादलक्षमा दुई नेतृत्वहरू ज्यादै प्रबल रहेका अनुभव गरिन्छन् १. सुवर्णभूमि (खश मण्डल) को राजधानी ब्रह्मपुर २. सपादलक्ष-(कुलान्त मण्डल) को राजधानी ब्रह्मपुर । कालक्रमले दुवै ब्रह्मपुरमा सत्तारूढ हुन सफल प्रद्योतवंशीहरू जो पछि "श्रीपाली वंश" नामले परिचित भए[३]—तिनीहरूले

उक्त पाँच समुदायको संयुक्त नेतृत्व वहन गर्न सफल भएको स्पष्टता ऐतिहासिक परिपृष्ठ-को अध्ययन मननबाट हुन आउँछ[८]। भौगोलिक स्थितिले पनि दुवै ब्रह्मपुरका बीचमा पर्ने उक्त पाँच कुलपर्वतहरू जातीय प्रस्रवणका आधार मानिएका छन् । यी पाँच राज्यका राजधानी श्रीपालको यारी, खसडको श्रीकोट, खुलालीको रामारसुन उपत्यका, सिजाको सिजालामाथाडा (सिमन्तोन्नयनी) उपत्यका र कालीकोटको कालीकोट तथा गेला भग्ना-वशेषको पुरातनता मनन गर्दा यी पाँचै ठाउँका पुरातात्विक वैभवहरू आफ्नो प्रगाढ सम्प-न्नताप्रति गर्वान्वित छन् । अतएव एघारौं शताब्दीका प्रारम्भतिर सिमन्तोन्नयनी-सिजामा केन्द्रित हुन आएको श्रीपाली नागराजद्वारा निर्मित खशसाम्राज्य (कुलान्तमण्डल) को नव निर्माणभन्दा केही दशक पूर्वसम्म पूर्ण स्वाधीन रहेका उक्त पाँच राज्यहरू अन्दाजी दुई शय विक्रमपूर्वतिरै अस्तित्वमा आएका अनुमान गरिन्छन् । त्यसैले उक्त पाँचै प्रदेशका उद्भवहरू आ-आफ्नै मष्टमा प्रतिबद्ध, आ-आफ्नै इष्टदेवीमा सुरक्षित, आ-आफ्नै भैरव तथा झाँक्रीमा संबद्ध पाइन्छन् । यस हिसाबबाट यी पाँचै नवरश्मिलाई खश सभ्यताका जनक भन्न सकिन्छ ।

वस्तुतस्तु: पूर्वोक्त पाँच पाँचै नवरश्मिहरू अलग-अलग सभ्यताका द्योतक हुन् भन्ने प्रस्तुत पंक्तिका सर्जकको ध्येय होइन किन्तु यी पाँचका संयुक्त योगबाट प्रतिपालित एवं प्रतिफलित कुनै एक सभ्यता हुनु किमाश्चर्यं छैन[३३]। निस्सन्देह वर्त्तमान सिजा उपत्यका-देखि सुरक्षेत्र उपत्यकाका बीचमा धराशायी रहेका बहुधा पुरातात्विक स्थलहरू उक्त अनुमानमाथि प्रत्याभूति प्रदान गर्न सशक्त औ सबल छन् भन्ने अनुभव गरिन्छन् । संभवत: नेपाली पुरातत्त्व अध्ययनको वैज्ञानिक आभास पनि यही हुन आउला ।

यस मतमा पुगेर विहंगावलोकन गर्दा स्पष्ट हुन्छ यी सभ्यताका जनकहरू पूर्वोक्त जातिवाच्य ग्रन्थका प्रतिपाद्य विषय किन हुन सकेनन् ? ती स्रष्टाका हृदयमा खश जातिप्रति किन घृणा उब्जियो र खश जातिलाई बलपूर्वक लगेर पापयोनीमा दर्ता गरे ? इत्यादि प्रश्नमाथि प्रश्न उब्जिन्छन् । त्यसैकारणले यस प्रस्तुतीकरणमा ती ग्रन्थहरूको सहयोग स्वीकार गरिएको छैन बरू हाँक ठाने हाँकै सही भन्न पछि परिदैन ।

अन्ततोगत्वा कौशिकादि सन्ततिको विवेच्य क्षेत्र मध्यपर्वतीय शृङ्खला मानिएको छ र कश्यपगिरिदेखि पूर्व बडेर कर्णालीप्रदेशको प्रभुसत्तासम्म यसको अस्मिताको जनक मानिएको कुरा स्पष्ट पार्नु कर्त्तव्य भएको छ ।

## १. ३. ०. वैदिक कालीन कुश जाति :

## १. ३. १. सप्तद्वीपाश्रया सप्तसिन्धवा :

वैदिक युगमा पनि युगपुरुषहरूले आफ्ना प्रकारका जन-प्रशासनको प्रतिपादन गरेका थिए र अनुभवसिद्ध चतु: श्रेय साधनद्वारा मानवसमाजलाई उन्नतिको चरमशिखरमा

पुऱ्याएका थिए । उनीहरूका ती सुसम्पन्न वाग्वैभव स्मरण गर्न हामीमा पर्याप्त बुद्धि र विवेकको परिपाक हुनु आवश्यक छ । नत्र वेप्वाँकमा कुरा काट्न हामी पछि पर्दैनौं । यथार्थ के हो नबुझेसम्म हामीमा भ्रान्ति पैदा भइरहनेछ र आफैंप्रति शंका गर्न उद्यत रहनेछौं—यसो पनि होइन त्यसो पनि होइन । परन्तु बुद्धि र विवेकले साथ दिएको खण्डमा महशूस गरिने छ कि तत्कालीन समाजको बौद्धिक धरातलको नापजोख गर्ने मापदण्ड वैदिक साहित्य हो र त्यस साहित्यको प्रतिनिधि ऋग्वेद हो । ऋग्वेदको रचना सिन्धु पूर्वमा होइन सिन्धु पश्चिममा दजला र फुरात नदीका पश्चिमी उपत्यकामा भएको छ । इदमित्थम् अद्यावधि त्यसप्रकारका सांस्कृतिक प्रतिछविहरू सक्रिय छन् । अतः केवल त्यस्ता प्रतिछविहरू मनन गर्नु नै सर्वोत्तम कर्तव्य हुन आएको छ ।

वैदिककालका कुश जातिको निवास कुशद्वीपमा थियो र उनीहरूले आफ्नो निर्वाहको बाटो घोडा पालन रोजेका थिए । त्यसको पुष्टि कुश जातिको एक शाखाको जातीय नाम समेत भद्राश्व रहेकोबाट ज्यादै टड्कारो हुन आएको छ । असल घोडा उत्पादन गर्न समर्थ जातिको नाम भद्राश्व र असल घोडा उत्पादन गर्ने देशको नाम 'अश्वपति' ( स्पीती ) रहेकोले पनि यससम्बन्धी नवोन्मेष प्राप्तिका उज्याला किरणहरू झन् उज्यालिँदैरहेका अनुभव गरिन्छन् [७] ।

वैदिक साहित्यमा प्रचुर मात्रामा उल्लिखित सप्त सिन्धु र सात द्वीपसम्बन्धी पटकथाहरू पौराणिक कालमा पनि त्यत्तिकै उल्लिखित छन् जति वैदिक कालमा उल्लेख रहेको अनुभव गरिन्छ । अझ पुराणका विभिन्न प्रसंगहरूमा सिन्धु र सौवीरलाई अलग अलग विवेचना गरिएको छ । पुराणहरूमा कतिपय स्थानमा सिन्धु सभ्यताका सम्बन्धमा मधुर संकेत गरिएका छन् । ती संकेतहरू वर्त्तमान जगत्का निम्ति मार्गदर्शनका अमूल्य निधि बनिन आएका छन् । यथार्थमा सप्त सिन्धु औ सप्त द्वीप सिद्धान्तले दिएका देनहरू एक पक्षमा मात्र होइन बहुपक्षीय सम्पन्नताका द्योतक रहेका छन् । मानवीय सम्पत्तिहरू पुरातत्वमा, पुरासत्वमा, संस्कृतिमा, साहित्य संगीत र कलामा, मानवशास्त्र तथा समाजशास्त्रसम्बन्धी विविध विषयमा सिन्धु सभ्यताका अमिट छापहरू प्रतिबिम्बित रहेका अनुभव गरिन्छन् ।

अज्ञानवश् पुराणको नाम लिनासाथ नाक चेप्न्याउने बानी बसेको छ हामीमा, त्यसले गर्दा हाम्रै सत्वमा हानि पुगिरहेको तथ्य एकातिर स्पष्ट दृष्टिगोचर हुन्छ तापनि त्यसको अन्तर्मर्म बुझ्न सक्ने ज्ञानको कमी छ । नत्र पुराणभित्र गडेर हेरी मनन गर्न सकियो भने निःसन्देह पुराणबाट मानवशास्त्र, समाजशास्त्र, संस्कृति, इतिहास, पुरातत्व र पुरासत्वसम्बन्धी मानवीय मूल्यका अपार वैभवको विश्वस्त सूचना प्राप्त गर्न सुगम हुनेछ । महेन्जोदडो र हडप्पा जस्ता पुरातत्व एवं मानव सभ्यताका अपार भण्डारहरू नमूनाका रूपमा उद्दीपित छन् । तिनलाई पूर्वाभास ठानेर सम्भावित क्षेत्रहरूमा

पुरातात्विक उत्खनन गरिएको खण्डमा आशातीत उपलब्धि फलित हुनेछ । सप्त सिन्धु र सप्त द्वीप त्यस आभासका द्योतक रहेका छन् ।

वैदिक कालीन कुश जातिको पवित्रता एवं उच्चता सिद्ध गर्न ह्याम्रो सृष्टिक्रमले राम्ररी सहयोग दिएको छ । जस्तो जगतको उत्पत्ति स्थिति र लय आदि प्रकरणमा कसरी प्रकाश पारिएको छ त्यसमा मनन गरौं-सृष्टिको पहिलो विहानीमा यो चराचर सर्वत्र जलामय थियो, नदीनाला पहाड-पर्वत कतै केही थिएन । जलमाथि अनन्त फणा-धारी शेषनाग पलंग जस्तो बनेर नरम कोमल आसनको काम दिइरहेथे । त्यस नरम कोमल शय्यामा चतुर्भुज नारायण निश्चिन्त सुतेका थिए । नारायणका शयन अवस्थामा नै नारायणका नाभिस्थलदेखि कमलको अंकुर पलायो र यो हलहल बढेर सहस्रदल कमलको रूप लियो । समय पाएर कमल फुली ढकमक्क भयो । त्यस थुंगाको बीचमा जमेर रहेको केशरबाट चतुर्मुख ब्रह्मा उत्पन्न भएर त्यसै कमलदलभित्र अलमलिंदैरहे । सर्वत्र पानी पानी देखेकोले तीनछक्क परेर टोलाउन लागे ।

उता नारायणका कानमा धेरै मयल जम्मा भएर गजगजिंदा त्यस मयलबाट मधु र कैटभ नामका दुई दैत्य प्रकट भए । तिनीहरू पनि कहाँ के छ कहाँ के छ खोजीनीति गर्न लागे । त्यसरी खोज्ने शुरमा कमलको डाँठ पक्री माथि उक्लेर हेर्दा चकमन्न बसि-रहेका ब्रह्मालाई देखेर लौ लड्न आऊ भन्न थाले । ब्रह्मालाई पहिले त के गरौं कसो गरौं भयो । पछि झट्ट केही संझेजस्तो गरी ध्यानमग्न भए । त्यसरी ब्रह्माद्वारा योग-मायाको ध्यान गरियो र योगमायाद्वारा नारायणको नीद्रा भंग पारियो ।

नीद्रावाट ब्यूझिएका नारायणसमक्ष ब्रह्माले मधु र कैटभ दैत्यले आफूलाई हप्काए-को सबै बेलीविस्तार लगाए । अन्तमा सल्लाहले नै नारायणको र ती दैत्यको मल्लयुद्ध भयो । युद्धमा दुवै दैत्य मारिए । त्यसरी मरेका दैत्यको बोसो रगत र हाड मासुद्वारा यस चराचरजगत्को रचना भयो । यसरी जगत्को उत्पत्ति भएको प्रतीकात्मक वर्णन गरिएको छ ।

अब जगल्लयसम्बन्धी वर्णन पनि मनन गरौं—भाराक्रान्त पृथिवी अब धेरै दिन टिक्न गाह्रारो छ भन्ने बुझेका भगवन् श्राद्धदेव मनु भात्मसमाधि लगाई ध्यानमग्न भए । कामविशेषले आँखा उघार्दा आफ्नाअगाडि माछाको पुट्टु देखे । जीवमाथि दया गर्ने उनको स्वभाव हुँदा त्यस माछोलाई उठाएर पानीमा फ्याँक्ने विचार गरे । फेरि झट्ट संझे यस सानो माछोलाई ठूलो माछोले खाइदेला त्यसो गर्नु पनि अनर्थ हुनेछ । यस्तो सोचेर आफ्नै कमण्डलुको जलमा राखिदिए । त्यति गरेर फेरि ध्यानमग्न भए । अर्को-पल्ट आँखा उघार्दा माछो बढेर कमण्डलुभित्र नअटाउने भएछ । अब त समुद्रमा फालि-दिए पनि होला भन्ने चिताउँदा मान्छेको बोलीमा माछोले भन्यो "माफ गर्नुहोस्,

समुद्रमा मेरो सुरक्षा हुँदैन तसर्थ नगीचको सांगुरो दहमा सारिदिनुभए बांच्ने छु।" मनुले त्यसै गरे।

भोलिपल्ट मनु समाधि तोडी उठ्दा माछो असबाबको भएर समुद्रमा प्रवेश गर्ने-ताकमा रहेछ। मनुलाई सम्बोधन गरेर माछाले भन्यो "आजका सातौं दिनमा यो चराचरजगत् जलामय हुनेछ। तपाईंका सामु एउटा नाउ बग्दै आउने छ। तपाईं त्यस नाउमा बसेर नाउको डोरी मेरो सिंगमा बाँधिदिनू, अरू हुने कुरा हुँदैरहन्छ।"

यो पनि प्रतीकात्मक कथा हो। दुवै युगान्तकारी घटनाको वर्णन एक-अर्काका निकट छ र कार्य कारण पनि मिल्दछ—उत्पत्तिको कारण पनि जलामयरूपी शून्यका माझमा चुम्बक व्यापक छ र त्यस चुम्बकमाथि जगद्रष्टा नारायणका नाभि कमल र कमलको थुंगाका ब्रह्मा (पानीमाथि ठोस द्रव्यमय चट्टान, चट्टानमाथि पृथिवीको स्वरूप नारायण) नारायणको नाभिस्थल (पृथिवीको मध्यरेखा) सहस्रदल कमल (सुमेरू पर्वत याने मेरू शिखर) ब्रह्मा (चतुः श्रेयका साधक कर्मजीवी मनुष्यका पुरुखा) मधु र कैटभ (ढुंगो र माटोले बनेको अग्लो र होचो भाग अर्थात् मधुको तात्पर्य नवकोमल बालुवाले बनेको मलिलो भाग र कैटभको तात्पर्य कीटकादि कठोर जैविक तत्व लगायत पत्थरिलो भाग) मानुंको अभिप्राय सम्याउनु, बिराउनु र कमाउनु इत्यादि कारणहरूले पृथिवीका प्रकृतिलाई जनाउँछन् र जुनजुन भूभाग पानीभन्दा माथिमाथि उत्रिन्छ त्यस त्यस भूभागमा मानिसको आबादी बढ्दै जान्छ भन्नु र लयको कारण पनि (श्राद्धदेव काल-क्रम र माछोरूपी पृथिवीको सिंगरूप अग्लो शिखर) उत्पत्तिकै कारणसित अभिन्न छ। यसरी प्रतीकात्मक वर्णनबाट स्रष्टा र आस्थाको अन्योन्याश्रय सम्बन्ध दर्शाइएको छ।

यसक्रममा पुराणहरूमा सर्वप्रथम जल (पाताल अर्थात् सबभन्दा होचो भाग) स्थल (मर्त्यलोक मान्छे देखिने भाग अर्थात् ठोस र चुम्बकको वैशिष्ट्यद्वारा स्थिति कायम रहेको मध्य भाग र आकाश (खगोल=स्वर्गादिलोक) समेतको त्रिलोक वर्णन अत्यन्त मार्मिक औ बोधगम्य रहेको छ। त्यसपछि यस मर्त्यलोकलाई सात द्वीपमा बाँडिएको छ र प्रत्येक द्वीपहरू नौ नौ उपद्वीप समूहमा बाँडिएका छन्। सात द्वीपको स्थितिले सुमेरू पर्वतलाई वेष्टित गरेको देखाइएको छ। सात द्वीपमध्ये कुशद्वीप र शाकद्वीप पुष्करादि द्वीपभन्दा निकटवर्ती देखाइएको छ। कुशका कौशेय र शाकका शाक्य जाति दुवै सूर्य उपाशक हुन् भन्ने दर्शाइएको छ। कौशेयका काश्य र कुश औ कुचा अनि शाक्यका शाकल, तुषिक र मुषिक नामका उपजातिको सृजना भएको उपकथन पनि पुराणहरूमा नै अन्तर्भुक्त छ। तसर्थ वैदिक कालका कुश जातिहरू नै वर्तमान विश्वका कुल आबादीभित्र बढी अंश ओगट्न सफल छन् भन्ने दर्शाउनु यस प्रस्तुतीकरणको ध्येय रहेको छ।

उपर्युक्त सारांशको मनन गर्दै उपनिषदादि मानक ग्रन्थले सप्तद्वीपाश्रया सप्त सिन्धवाः भनेर आफ्नो विवेच्य प्रसंगमा जोडेका छन् । यसरी जोड्नुको अभिप्राय सप्त द्वीपमध्ये सप्त सिन्धुको जल उपभोग गर्ने जातिहरू अरूभन्दा शूरवीर, लडाकू मेघावी र दूरदर्शी हुन्छन् भन्ने दर्शाउनु हो ।

पौराणिक वर्णनअनुसार चराचरजगत् सुमेरू पर्वत र त्यसउपरको द्वीप शिखरलाई केन्द्रबिन्दु बनाएर आफ्ना गतिमा घुमिरहन्छन् भन्ने दर्शाइएको छ । त्यस आशयअनुरूप वर्त्तमान विश्वले प्रतिपादन गर्ने गरेका मानवशास्त्रीय नीतिगत मान्यतामा बहुधा मेल खान्छ र मानवका प्रादुर्भाव र विस्तार प्रसंगहरू समान मुखर छन् । परन्तु ती सबै पूर्वप्रयोगहरूको स्थिति र प्रयोजनबारे मानक अध्ययन अनुशीलन हुन सकेमा मात्र यो विवेचनाको अर्थपरक अध्ययन मनन फलदायी हुनजान्छ ।

## १. ४. ०. प्रतिपत्ति परिस्सर :

## १. ४. १. प्रतिपत्ति सार :

वैदिक काल र पौराणिक कालमाथि सौदामिनी प्रकाश पार्नको मुख्य ध्येय हो साध्य विषयको एतिहासिक शृङ्खला जोड्ने सुगमताको नाभिकीय प्रयत्न सार्थक पार्नु । पूर्व चर्चाले मानवको प्रादुर्भावका एक दुई छिटा छर्केर गन्तव्यको मार्गरेखा तयार पार्नु । त्यसहिसावले यतिसम्म जानकारी प्राप्त गर्न मद्दत गर्दछ कि केलाउँदा जताबाट जसरी केलाए पनि पाइने ठोस पदार्थ एउटै हो । जस्तो आधुनिक मानवशास्त्रको अनुशीलन गर्दा पनि मानव उद्गमसम्बन्धी मत व्यक्त गर्दा भनिन्छ मानवको पहिलो उद्गमस्थल मध्य एशिया थियो । फरक मात्र नाम रखाइमा पर्न आयो अरू होइन । वैदिक तथा पौराणिक कथनअनुसार मानवको पहिलो उद्गम सुमेरू पर्वतबाट भएको हो भन्ने बुझिन्छ भने मध्य एशियाको स्थिति सुमेरू पर्वतको दक्षिण पश्चिम पाटोसँग मेल खान अधिक सम्भव छ । जसलाई सुमेरू सभ्यताको जनकमा लिइएको छ । त्यसैले त संसारमा जेठो सभ्यता सुमेरू सभ्यता ( स्मेर सभ्यता ) शिरोमणि रही आएको छ ।

पुराणकालमा त विभिन्न समुदायका मानवहरू निर्वाहको खोजीमा उद्गमस्थल त्यागेर बाहिर निस्किसकेका थिए । जस्तो कुश जातिहरू तबसम्म खस, शक, पिशाच, पल्हव आदि नाम पाएर सुमेरूको मध्यरेखाबाट पूर्व बढेका थिए । त्यस्तै पुराणकालपछि प्राचीनकालमा कश्मीर गिलगीत हुँदै मानसप्रदेशमा आएर स्थिर भए । निदानमा मानिसले आफूलाई सुरक्षित ठानेको क्षेत्रलाई नै आफ्नो दीर्घो बसाइका लागि अनुकूल ठान्नु मानवीय स्वभाव हो । तसर्थ हाम्रा पुरूखाहरू यस पार्वत्य शृङ्खलामा आदिकाल-देखि रमाउँदै आएका थिए । अतएव कालान्तरमा पनि यसरी नै झट्टै ननासिने पर्वतीय भूभागमा केन्द्रित हुनेछन् भन्नु समीचीन छ ।

### १. ४. २. परिस्सरका जीवन्त प्रसंग :

यस शताब्दीमा प्रायः नेपालीहरू आफ्नो पुर्ख्यौलीबारे आद्योपान्त जान्न उत्सुक छन् । यस उत्सुकतालाई व्यतीत समयको देन मान्न सकिन्छ । स्वाभाविकै छ समयका गतिले चाकाचुली खेल्दा तलको माथि माथिको तल हुन्छ नै । त्यसकारण नेपाली जातिको चाकाचुली पनि त्यसै समयको फेरमा परेको मान्दा अन्यथा हुने छैन । स्पष्ट छ सृष्टिको पहिलो विहानी देखेका र भोगेका पर्वताश्रयिन् भूभागका देशहरूमध्ये नेपाल पनि एक हो भन्ने मानिएको छ[१०] । त्यसो हुँदा छिमेकमा पर्ने सुवर्णभूमि र देवभूमि दुवैको समान योगदान नेपालले पाएको छैन भनी ठान्नु युक्तिसंगत हुने छैन । निःसन्देह समान योग-दान पाएको छ ।

एक समय आफ्ना बाहुबल र पराक्रमले कश्मीर एवं देवभूमि जस्ता देशविशेषलाई आफ्ना कुशल छिमेकीको रूपमा पाएर बीचको कर्मभूमि सपादलक्ष नामक[११] भूभागमा उदीयमान रहेका नरशार्दूल श्रीपालवंशी खशराजा महाराजाहरूले आफ्ना शौर्य र वीर्य-द्वारा सम्पादन गरेका राष्ट्र निर्माणरूपी महायज्ञमा जो जसलाई सहभागी बनाएका थिए त्यस्ता सहभागीमध्येमा पूर्वोक्त पाँच समुदायका वीरशिरोमणिहरू पर्दथे ।

लगभग विक्रमीय पन्ध्रौं शताब्दीपूर्वसम्म अपराजेय रही एकछत्र शासन गरेका खश-साम्राज्यको स्वर्णयुग अभ्युदयको युग थियो भन्ने आलोक मिल्दछ भने पन्ध्रौ शताब्दीतिरै शुरू भएको विखण्डनले उग्ररूप लिई खश-साम्राज्यको सूर्यास्त हुँदा पूर्व ऐश्वर्य जति सारा गुमाउनुपरेका खश जातिका विभिन्न समुदायहरू विधिवश् परमुखा-पेक्षी हुन पुगे । त्यस उन्नति अवनतिका उपक्रममा हाम्रा पुर्खाहरू अपवाद हुने भन्ने प्रश्नै आउँदैन थियो । यो सत्य हो तथापि दक्षिण छिमेकमा लामो समय उपनिवेश जमाउन सफल अंग्रेजी उपनिवेशको प्रभावले नेपालीहरू आफ्नो अस्मिताको लागि अरूको भिक्षापात्र ग्रहण गर्न विवश बने ।

आफ्नो नाम अर्कालि राखिदिंदा खुशीसाथ स्वीकार गर्न बानी बसेका नेपाली समाजबाट नेपालका प्रथम मानवशास्त्री शिखरनाथ सुवेदीको जन्म हुनु यस परिप्रसंगको एक युगान्तकारी घटना हो नभनी सकिँदैन किनभने उनले देश काल र परिस्थितिसँग लुकामारी खेल्दै नेपालीको निजस्व खोजी गर्ने प्राथमिक प्रयासको रूपमा **'नेपाली थर गोत्र प्रवरावलि'** रचना गरी जनसमक्ष प्रकाशमा ल्याउने प्रशंसनीय कार्य गरे । यदि उनले यस प्रशंसनीय कार्यको श्रीगणेश गरेका हुँदैनथे भने नेपाली जातिमा अझ पनि तत्सम्बन्धी चेतनाको उदय हुँदैन थियो होला । इदमित्थम् उनले आफ्नो दिव्य मथिगल-द्वारा अनेक रोचक प्रसंगहरूको उद्‌घाटन गरिदिएकाले नेपाली जातिले पनि आफ्नो विषयमा खोज गर्ने आवश्यकता बुझ्न थाल्यो ।

यस पुरस्सर प्रवृत्तिको उल्लेख गर्दा यहींनेर बिर्सन नमिल्ने उपोद्घात के पनि स्पर्श गर्न आवश्यक छ भने शिखरनाथको प्राथमिक प्रयास आद्योपान्त नेपाली अन्तःस्करण सुहाउँदो थिएन भन्न सकिँदैन। उनका दृष्टिकोण र भावी अनुसन्धित्सुहरूका दृष्टिकोणमा मतान्तर हुन्छ नै, यस्तो मतान्तर हुनु अस्वाभाविक होइन। अपितु तत्कालका देश काल परिस्थितिजन्य बाध्यता र विवशता पनि उत्तिकै स्मरणीय हुन आउँछन्। तसर्थ सर्वान्तिम उपलब्धि मान्नुपर्दछ आत्माबारे अधीतव्य नेपालीले बुझ्न पाए; बुझे।

वस्तुतः नेपालीले बुझ्न त बुझे तर बुझेर पनि व्यवहारमा उत्रिने र क्रियमाण सत्यमा विश्वास राख्ने उचित अवसर पाएका थिएनन्। नेपालमा राणाशासनरूपी कालो बादल मडराइरहेका कारणले नेपालीको मथिंगल तीन तहमा विभाजित हुन पुग्यो। त्यसमा सत्य कुरा बुझ्नेको संख्या नगण्य थियो भने आफ्नो वास्तविकता छिपाएर ठूलो हुन खोज्नेको संख्या ज्यादा थियो। अन्तमा जसले जे भने तापनि मूकदर्शक बनेर चुपचाप सहने समाजको ठूलो अंग चाहिं अशिक्षित महाभट्ट थियो। वास्तवमा आफ्नो जातीय अस्मिता जस्ताको तस्तै सुरक्षित राख्ने बलियो स्तम्भको रूपमा यही तेस्रो वर्ग थियो भन्ने सत्यता सहसा नकार्न सकिंदैन। त्यसउसले प्रथम मानवशास्त्री शिखरनाथ सुवेदीले त्यस वर्गको कटुसत्य अभिव्यक्ति र स्वच्छ हृदयको चोखो भावनाको प्रतिनिधित्व गरेर निर्धक्कसित ती भावनाहरू पंक्तिबद्ध गराउँदै भनेका थिए :—

**"ठकुरीको वंशावली हराएर जान्छ।**
**मगरका गाउँतिर पसे पत्ता लाग्छ।[१२]"**

शिखरनाथको त्यस सत्य आवाजको स्वागत सर्वत्र गरिन्छ नकि वास्तविकतादेखि भाग्न खोज्ने कमजोर हृदयका थर्थराउँदा आवाजको स्वागत गरिएला? विचार गर्नुपरेको छ। कमजोर हृदयीहरूले मानवताको विकासको शाश्वत सत्य गतिलाई नबुझेर बरू उक्त पंक्तिका भावनालाई यसरी बंग्याउँदा आफ्नो जीत हुने ठाने :—

**"मगरको वंशावली हराएर जान्छ।**
**ठकुरीका गाउँतिर पसे पत्ता लाग्छ १३।"**

यस्ता दृष्टान्तहरू अनेक पाउन सकिन्छ जो संस्कृत र मानवशास्त्रीय सिद्धान्तका हिसाबले प्रतिकूल मानिन्छन्। यहाँ यसो भनेर भन्न चाहेको कुरो केहो भने पिता पुरूखाहरू जुन भूभागमा प्रादुर्भाव भए र जे जस्ता मानवीय प्रकृतिको उपभोग गरे त्यो सर्वथा पवित्र थियो। सम्भवतः उनीहरू पिशाच, यातुधान, राक्षस आदि थिए भने पनि पवित्र थिए। अथवा भावी सभ्यताको दृष्टिमा उनीहरू अपवित्र र घटिया थिए भने पनि हामीले चोख्याउन आवश्यक छैन। स्पष्टतः उनीहरूका पवित्र भावनाहरू स्वतः पवित्रताका शिखरमा थिए। अतएव पुरूखाहरू जुन भूभागमा प्रादुर्भाव भए र

उनीहरूका शाखा सन्तान जुनरूपमा मौलाउँदै आए त्यस्तै सत्यताको परिचय दिए के हानि नोक्सानी हुन जान्छ र ! आखिर समयले जसरी पनि सत्यको उद्‌घाटन नगरी छाड्दैन नै अनि किन ढाकछोप गर्ने ?

हामी जन्मना उच्चतामा हौइन कर्मणा उच्चतामा विश्वास राख्दछौं र क्रियमाण सत्यसँगै गतिशील रहन चाहन्छौं ।[30] सर्वमान्य छ हाम्रा पूर्वज प्रारम्भमा के थिए त्यो अनिवार्य सत्य अरू अरू प्रसंगहरूबाट जानकारी गर्दै आएका छौं । प्रागैतिहासिक कालमा स्थिति के थियो त्यस सम्बन्धमा जानकारी पाउन सकिएको छैन तापनि मध्यकालमा पूर्वोक्त पाँच कारकमध्ये एक समुदायमा पर्दथे र खश जाति र संस्कृतिका उन्नायक खसडी समुदायका प्रतिष्ठा बर्धक थिए । इत्यादि पुरातत्व जनक तथ्यहरू कुल शिरोमणि अघमर्षण प्रवर पुरूषका दिव्यताद्वारा अनुभव गर्दछौं ।

त्यस युगका प्रकरणमा पूर्वज पर्वत पंडितको सहकाल खश मण्डल-(केदारखण्ड) अन्तर्गत कर्णप्रयाग नजीकै देवझूल गाउँमा थियो । त्यस कालमा खश प्रभुसत्ता सुवर्ण-भूमिमा उदीयमान थियो । विस्तारै खशराजाहरू पूर्वी सपादलक्षमा अर्थात् श्रीपाल देशमा आए । क्रमशः नीलाचलतर्फ बढे★ । त्यस उपक्रममा हाम्रा पूर्वजहरू खप्तड भूमिमा आई बसोबास गर्न लागे । त्यसै बेला हाम्रो समाजको विभाजन मष्टको आधारमा हुँदा महामंडलीमष्ट (मष्टमंडली) का आस्थाभित्र अंगीभूत गरिए । त्यस अनुगमनको पालना अद्यावधि गरिएकै छ ।

कालान्तरमा खशसम्राट नागराजद्वारा सिमन्तोन्नयनी-सिजानगरमा साम्राज्यको केन्द्र बनाई शासन संचालन गर्दा हाम्रा पुर्खालाई जुम्लामध्ये शेरीढुस्का नामको सुन्दर गाउं बिर्ता दिई बसालियो[६] । तदनन्तर आफ्ना इष्ट देवता अर्थात् कुल देवता महमंडलीमष्टलाई खप्तड भूमिका खापडमष्टसँग याचना गरी बाजागाजासहित ल्याएर शेरीढुस्कामा गाउँका उच्च टाकुरामाथि स्थापना गरियो । अद्यावधि शेरीढुस्कामा रहेका बन्धुबान्धवहरू आस्था र श्रद्धापूर्वक आराधना उपासना गर्दछन् ।
शेरीढुस्काबाट हाम्रो एक शाखा पुनः खप्तड भूमितर्फ बढ्यो । त्यो शाखा सन्तान 'भट्ट' कहलाई अद्यावधि अछाम जिल्लाको घुंघुरकोट गाउँमा फैलिएको छ । त्यस शाखाबाट बिस्तार भएका काशिया, बिडाल, जिरे, पाण्डे, खंडका आदि डोटीतर्फ बढेका छन्[८] ।

शेरीढुस्काबाट महाराजाधिराज जितारिमल्लका उदयकालमा भास्कर पंडितको असल गुण विद्वत्ता र व्यक्तित्व टाढाटाढा प्रख्यात भएको आलोक मिल्दछ । यद्यपि भगवन् भास्कर पितामहका शौर्य एवं प्रत्युत्पन्नताका सम्बन्धमा पर्याप्त खोज हुन बाँकी रहेका कारणले हामी बिलकूल अनभिज्ञ छौं । दोस्रो कारण वित्तस्रोतको कमी पनि हो । यस

---

३०. महाभारत वन पर्व अध्याय.....नहुष-युधिष्ठिर सम्वाद ।

★. मुक्तिनाथ क्षेत्र ।

संबन्धमा जब महाराजाधिराज जितारिमल्लका सम्बन्धमा पर्याप्त खोजीनीति होला तबमात्र आफ्ना पितामहका व्यक्तित्वका आलोकको आस्वादन गर्न पाइएला भन्दै आशान्वित रहनु परेको छ[३]।

भास्करपुत्र जयविद्याधर पंडित महाराजाधिराज जितारिमल्लका शीतकालीन निवास दुल्लू विजयनगर राजप्रासादका नगीच 'नेपा' गाउँमा ल्याइए। जुन गाउँका विग्रहबाट हाम्रो घर नेपाल हुन आएको छ त्यही गाउँ सालङ्कार-बेस्मनी पंडित जयविद्याधरलाई बिर्तास्वरूप प्रदान गरियो। त्यस बिर्ताको प्रमाण खडा गर्दा महाराजाधिराज जितारिमल्लका सट्टामा तत्कालीन युवराजाधिराज अक्षयमल्लको नामाङ्कन भएको छ। त्यस्तै बिर्ता प्राप्त गर्नेमा पनि भगवन् जयविद्याधरका चार पुत्रहरूको नामाङ्कन भएको छ। युवराजाधिराजद्वारा महाराजाधिराज पदवी धारण गर्नका साथै सम्पूर्ण राजकीय विरूदावली धारण गरेकोले यसबाट अध्येता सबैलाई चकित तुल्याएको अनुभव गरिन्छ। कारण पिता महाराजाधिराज गद्दीनशीन छँदै युवराजले कसरी महाराजाधिराज पदवी धारण गरे ? नौलो कुरा हो। परन्तु यस सम्बन्धमा खास नौलो र असम्भव मान्नुपर्ने कारण छैन। स्वभावतः राज्य संचालन गर्दाका तत्कालीन संवैधानिक शासन प्रबन्ध जन्य अनेक प्रयोग हुन सक्छन् जसमध्ये सूक्ष्मावलोकन गरियो भने वैराज्य, संयुक्त राज्य आदि कारणहरू मुखर हुन्छन्। एक त महाराजाधिराज जितारिमल्ल विजिगीषु प्रकृतिका थिए भन्ने बुझिन आएको छ। पूर्वमा काठमाडौं उपत्यकामाथिका पटकपटकका आक्रमण र पश्चिममा सुवर्णभूमि खिरमयूर गिलगीतमाथिका आक्रमणहरू यसका पुष्टिदाता छन्।

सम्राट नागराजका कार्यकालदेखि नै वैराज्य व्यवस्था थियो भन्ने झलक मिल्दछ। सम्राट क्राचल्ल, सम्राट अशोकचल्ल आदि सबैका पालामा रहेका केन्द्रीय शासन र प्रान्तीय शासनका संयुक्त प्रयोगहरू अधीतव्य र मननीय देखिन आएका छन्। त्यसपछि युवराजाधिराज अक्षयमल्लले महाराजाधिराज पदवी धारण गरेका अरू थुप्रै प्रमाणहरू उपलब्ध छन् जसमा शाके १२००, १२०२, १२०३, १२०४ र १२०७ का शिलालेखहरू क्रमशः कालीकोटका गोत्रीधारा, काप्रीधारा, कोल्टी-फूलबारी, छातिकोट, कालाजगरा-बाजुरा र गोत्री विहारडाँडा भग्नावशेष, अछामस्थित विनायक पंचदेवल समेतमा उपलब्ध छन्। ती सबै शिलालेखमा महाराजाधिराज पदवी धारण गरिएका प्रमाण उपलब्ध भएकाले सबै शंका उपशंका समाधान भएको ठानिएको छ।

अन्ततोगत्वा यस अध्ययनको काल विभाजनका सम्बन्धमा पनि थोरबहुत प्रकाश पार्नु कर्तव्य भएको छ। जसअनुसार पुराणकाल, पूर्वप्राचीनकाल, उत्तरप्राचीनकाल, पूर्वमध्यकाल, उत्तरमध्यकाल र वर्त्तमानकाल गरी जम्मा छ भागमा विभाजन गरी

अध्ययन गर्दा सामाजिक इतिहास अध्ययनका प्रक्रियासँग मेल खाने अपेक्षा रहन्छ। वस्तुतः यस मानक प्रक्रियाको ख्याल गरी तालीका मिलाउने प्रयत्न भएको छ।

### १.४.३. पुण्यस्थली नेपा :

अन्वेषण उपक्रमका शिलशिलामा 'नेपा' एक नाभिकीय विन्दु मानिएको छ। त्यसहिसाबले अब यहाँनेर त्यस पुण्यस्थली नेपाका सम्बन्धमा यथामति प्रकाश पार्नु उचित हुनेछ। जुन गाउँको विग्रहबाट नेपाल थर बनियो त्यो गाउँ राजधानी दुल्लू विजयनगरसँगै जोडिएको छ। खालीचाखा र चाल्नेमूल नामक दुईवटा ससाना गाउँदेखि पश्चिमतर्फ लागेपछि कर्णालीका छालसम्म र दक्षिणमा पानीढलो डाँडादेखि तल फेदीमा नेपागाड ( नेपा नाम गरेको खोलो ) सम्म पाँच खण्डमा बाँडिएको नेपा बिर्ताका नामहरू यसप्रकार छन् :—तलीनेपा, मलीनेपा, औलनेपा, डाँडानेपा र कान्लानेपा। यी सबै गाउँहरू पश्चिमोत्तर मोहडा गरी बसेको एउटै अर्ध-घमाइलो पाटोमा छन्। सबै गाउँको रसानले नेपागाड बगेको छ।

विचारणीय पक्ष व्युत्पत्तिगत रहेको छ—यो गाड ठूलै बगरको रूपमा फिंजिएको भए पनि बगर सुहाउँदो पानी छैन। डाँडाको फेदमा बग्ने खोला अथवा डाँडाको फेदी पाँचमा रहेको स्थललाई मात्र संस्कृत शब्द भण्डारमा 'निप' भनिएको छ[१४] अर्थात् 'निप' को शाब्दिकार्थ डाँडाको फेदी अथवा पानी बेगरको मरीया बगर भन्ने हुन्छ[१५]। त्यसहिसाबले पानी नभएको खोलो भनेर प्रारम्भमा निपाने नाम रहेको भान पर्दछ। कालान्तरमा शब्दघर्षणबाट 'नेपा' बनियो होला र त्यसै खोलाको संगतबाट गाउँ-ठाउँको नाम पनि नेपा रहेको हुनुपर्छ। खोला र नदीका नामबाट क्षेत्रको वा गाउँ-ठाउँको नाम रहेका उदाहरण धेरै पाइन्छन् तसर्थ 'नेपा' को नाम पानी नभएको निपानेबाट बनेको हो भन्नमा शायदै दुई मत होला।

मध्यकालमा 'नेपा' दराको रूपमा विकसित थियो[१६]। अचेल दराको नाम 'माझखण्डदरा' बोलिन्छ[१७]। माझखण्डदरा कायम भएपछि अचेल 'नेपा' एउटा गाउँ-पंचायतमा टुंगो लागेको छ। सयला र परिवन नामका गाउँहरू नेपाबाट आंशिक रूपमा अलग्ग रहेका भए तापनि नेपा गाउँपंचायतभित्रै पर्दछन्।

लिखितरूपमा 'नेपा' उल्लेख भएको मूल प्रमाण पूर्वोक्त शाके ११९२ को ताम्रपत्र पहिलो हो[१८]। यसपछि दोस्रो प्रमाणको रूपमा मुखर छ पूर्वज पंडित कालुपाध्या नेपालका कंठकोकिलमा फुरेर लेखनीले लिपिबद्ध गराएको सम्वत् १७६९ सालतिरको संस्कृत कविताको अन्तिम पद्य 'नेपा ग्राम इहास्ति भूशुरवरान्नेपालमूलस्थलि'[१९]। अक्षरशः चरितार्थ अनुभव गरिएको छ। त्यसपछिको उल्लेखनीय प्रमाणमा सम्वत् १८५२ सालमा श्री ५ रणबहादुर शाहद्वारा गरिदिएको लालमोहर पर्दछ[२०]। एतदर्थ अर्थपरक अध्ययनका दृष्टिले अति उपयोगी लाग्ने सुन्दर मनोहर 'नेपा' गाउँको भौगोलिक

दृश्यावली रमाइलो र भिरालो स्थितिमा खेतबारी, वनपाखा, गाउँ-झाडी, डगर टम्म मिलेको दृष्टिगोचर भए तापनि खानेपानीको भने टामाटुमी छ। यद्यपि 'नेपा + आलयोः पुमान् इति यस्य सः नेपालयः इतिस्थिते यः लोपान्नेपाल जातः' यस्तो विग्रह युक्त हुँदा नेपाल थरका लागि नेपा आफ्नो कुलायन ठहरिन आएको छ[१८]। वस्तुतस्तुः नेपा गाउँ पवित्र मूलस्थली र प्रस्रवणक्षेत्र पर्दछ, यो मान्यता पूर्वोक्त विवेचनाद्वारा स्वतः सिद्ध हुन आएको छ।

## १.५.०. प्रतिपत्ति एवं उपसंहार :

### १.५.१. प्रतिपत्ति :

पूर्वोक्त प्रमाणको आधारमा वंश विस्तारका दृष्टिले नेपाल थरको प्रादुर्भाव शाके ११९२ तदनुसार विक्रम सम्वत् १३२७ ईस्वी सन् १३८४ मा भएको स्पष्ट हुन आयो। अतएव व्युत्पत्ति एवं प्रतिपत्तिका कारणबाट यस घटनालाई युगान्तकारी घटना मान्नु समीचीन छ। वस्तुतः त्यस पूर्वजभूमि नेपा गाउँमा कुलगौरव एवं सांस्कृतिक परम्परा धानेर बसेका दिवंगत दिव्यात्माहरू सुदर्शन नेपाल, पंडित कालुपाध्या नेपाल, जगदेउ पाध्या नेपाल र चिरमुषुप्ततालाई पुनर्जीवन दिने पूर्वज सुपारीपाध्या नेपाल, मनुपाध्या नेपाल, चन्दुपाध्या नेपाललगायत विद्यमान अवस्थाका भाइवृन्दालाहरू जो शिक्षा र अन्य कौशलका दृष्टिले केही पछि परेका अनुभव गरिन्छन् तापनि नितान्त स्तुत्य छन्, स्मरणीय छन्।

आजकाल नेपामा पूर्वज सर्वज्ञधरका शाखा सन्तान नेपाल मात्र होइन उनका सहोदर माहिला भाइ यशोधर अर्थात् जसु पंडितका शाखा सन्तान सुतारकार्कीहरू पनि भाइवृन्दालाबीच सौहार्दपूर्ण वातावरणमा रमाई आएका छन्[१९]।

### १. ५. २. उपसंहार :

एकथरी पितृसत्तात्मक सन्तानको ऐतिहासिक परिपुष्ठ तयार पार्ने उद्देश्य राखेर गरिएका मानवमितिशास्त्र अध्ययनको सन्दर्भगत अध्ययनमा जति सारांश प्रकाश पर्न सक्यो त्यसबाट नै यसको अभीप्सा पूरा भएको मान्न सकिन्थ्यो; पक्का हो। तथापि यस अध्ययनको भरपर्दो उपलब्धिमा चाहि पूर्वचर्चित संवत् १८५२ सालको श्री ५ रणबहादुर-शाहद्वारा प्रसारित लालमोहर ज्यादै मूल्यवान् ठहर्न आउँछ। यस लालमोहरका तुलना-मा अरू प्रमाणहरू खास केही होइनन् भन्दा पनि अनर्थ चाहि हुँदैन। कारण के भने समयमा यस लालमोहरको प्राप्ति हुँदैनथ्यो भने पचासौं वर्ष खोजमा समय बिताए पनि नेपा बिर्ता नेपालका पुर्खाले पाएका थिए; नेपाल सन्तानहरू अझ पनि नेपा बिर्तामा बसेकै छन्; श्रीपाली नागराजका सन्तान र रासकोटी मलयबम्मका सन्तानहरू दाता राजवंश

हुन् अनि ६२ हरणको घटनापछि पनि नेपाल सन्तानहरूसँग नेपा बिर्ता कायमै थियो भन्ने कुराहरू प्रमाणित गर्न गाहारो पर्ने खण्ड थियो ।

लालमोहरको महत्त्वपूर्ण एक अंश "····दह्थानका मनुपाध्या नेपाल सुपारीपाध्या नेपाल सिमगाउँ चन्द्रुपाध्या नेपाल" यसको समीक्षा गर्दा दहथान भन्ने एउटा टोलको नाम हो र अचेल पनि यो टोल नेपा बिर्ताका माझमा रहेकै छ र सबंशघरले दानमा पाएको घरघडेरी पनि यहीं पर्दछ । घर भत्केर गए तापनि घडेरीलाई चाकपाढो भन्दछन् त्यो अझ सम्मानित छ । घडेरीका सोझै माथिबाट माथिल्लो पाटोमा मष्टमण्डलीको माडो र घडेरीको दक्षिण पश्चिम पाखामा तिवारी श्मशानी र काणादेवताको स्थान छँदछ ।

लालमोहरको अत्यन्त मार्मिक र घीत पत्यारको बुकीसुन समानको निर्णायक अंश हो "····तिमी ब्राह्मणहरूका पुर्खालाई अघिका जितारीमल्ल मलैबम राजाले शिलापत्र तामापत्र लेखी साक्षी राखी बिर्ता बितल्प गरीदियाको अघिका राजा राजाले नहऱ्याको हिजोको किलाभित्र आजसम्म चलन चली आयाको जग्गा आज हामीले पनि थामिबक्स्यौँ" यस अंशले ठूलो निर्णय दियो कि अघ्येतालाई थाहा छ पहिलोपल्ट तिनै सुपारीपाध्या नेपालका खास नाति पनातिले कस्सिएर मसँग भनेका थिए "यस भेकमैं नेपाल थरधारी तागाधारी छैनन्; हामी त खनाल हौं" तर जब यो लालमोहर साथमा लिएर दोस्रोपल्ट म त्यहाँ पुगेर नौलाघर उदयराज नेपालका आँगनमा आसपासका दाजुभाइहरू भेला गराई भेलाका माझमा मैले पहिलो वाक्य भनें "हाम्रा पुर्खा मनुपाध्या नेपाल र सुपारीपाध्या नेपालले नेपालका राजाबाट बिर्ता थमौती गराई ल्याएको दुल्लूका अमलमध्येको नेपा गाउँ यही हो त्यस-कारण निज बिर्तावारका शाखासन्तान हामी खडा छँदाछँदै तपाईंहरू खनाल बन्धु कसरी गाउँ ढाक्न सफल हुनुभयो ? मलाई बताएर सहयोग गर्नुहोस् । कदाचित् हाम्रा पुर्खाले तपाईंहरूका पुर्खालाई हकमेटी, बिक्री बितरण गरेका हुन् भने तपाईंहरूसँग त्यसको प्रमाण होला सो देखाएर सहयोग गर्नुभएमा जग्गा तपाईंहरूले भोग चलन गरेकोमा प्रसन्नता जनाउँदै हाम्रा पुर्खाले बिर्ता बेचेर खाएको थैली हामी फिर्ता दिन राजु छौं ।"

मैले यसो भन्दा उदयराज नेपाल र नायक नन्दराम नेपालले मसँग भएको प्रमाण देखाउन अनुरोध गरे । मैले सगर्व प्रमाणित नक्कल झिकेर देखाएँ । त्यो प्रमाण पढी बाँची सुनाउँदासाथ उदयराजले हाँस्दै भने "जीउँदाका फेला परिएछ; हजूरले हामीलाई कायल गराएरै छाड्नुभयो, यस लालमोहरका भलाद्मीहरू मनुपाध्या नेपाल, सुपारीपाध्या नेपाल र चन्द्रुपाध्या नेपालका सन्तान भनेका हामो नै हौं ।

चाल्नेमूलका बाजे टीकाराम अझै तर्पण दिंदैछन्। त्यसमा झन् खुशी भयौं हजूर पनि तिनै भलाद्मीका शाखा सन्तानमा पर्नु हुँदो रहेछ।"

उदयराजको कुरा सुनिसकेपछि मलाई घेरामा हालेर वरिपरि बसेका भाइवृन्दालाका मुखमा पालैपालो दृष्टि दिएँ। सबैका मुखमण्डलमा स्वातिले पगालेका हिउँको झलक पाएँ। अघि मसँग पहिलो भेटमा 'हामी त गरा खनाल हौं' भन्ने भू० पू० उपप्रधानपंच देवीराम खत्री पनि त्यहीं हुनुहुन्थ्यो। मेरो हेराइको आशय बुझेर सलज्ज मुस्कुराउनु भएथ्यो।

अन्ततोगत्वा हाम्रो चिर आकांक्षा सफलीभूत बनाउन यस लालमोहरको B. प्रथम प्रकाशन पनि योगी नरहरिनाथले इतिहास प्रकाशको सामग्रीसंख्या १०६ मा प्रकाशित गरिसक्नुभएको रहेछ। पछि त्यो थाहा पाउँदा झन् श्रद्धावनत रहनुपर्ने खण्ड परेथ्यो। जे होस् लालमोहरमा प्रयुक्त प्रत्येक शब्द तथा वाक्यहरू अर्थपूर्ण रहेका छन्। जस्तो "राजा राजाले नहऱ्याको" यस वाक्यांशमा झट्ट हेर्दा राजा शब्द दोहरिएको देखिन्छ; वास्तवमा यो शब्द अर्थ नपाई दोहरिएको होइन किनभने यस प्रकारका विर्ता दिने दाता राजाको राज्यकाल शताब्दियौं पहिले नै सकिएको थियो। ती दाता राजाका शेषपछि त्यसै राजगद्दीमा गेलालवंशी राजाहरू आए; तिनीहरूले पूर्ववर्ती राजाद्वारा प्रदान गरिएका दातव्यमा प्राप्त जनताका सम्पत्तिको समान संरक्षण गरे, अपहरण गरेनन्। गेलालवंशी राजाका शेषपछि त्यसै गद्दीमा रासकोटका प्रह्लादवंशी राजा मलयबम्म बसे। राजा मलयबम्म संबत् १४४५ पछि अरु एक वर्ष जीवित थिए भन्ने जानकारी पाइएको छ। त्यस आधारमा १४४५-४६ पछि वर्तमान नेपाल एकीकरणको समयसम्म अर्थात् संबत् १८३९ सम्म दुल्लू स्वतन्त्ररूपमा प्रह्लादवंशी राजाका अधीनमा थियो। एकीकरणपछि पनि मलयबम्मकै सन्तान गद्दीनसीन रहे। राजवंश फेरिए तापनि पूर्ववर्ती श्रीपालवंशी राजा गेलालवंशी राजाले बाँधेका थितिबन्देज र बसालेका सामाजिक मान्यता र व्यवस्थाहरू नखलबल्याइकन जोगाएर राखेका थिए। नेपा बिर्ताकै कुरा लिऔं—पहिला दाता भए श्रीपालवंशी राजा जितारीमल्ल, अक्षयमल्ल, आदित्यमल्ल। त्यसपछि आए गेलालवंशी राजा पुण्यमल्ल, पृथ्वीमल्ल, अभयमल्ल। गेलालवंशी राजाले पनि श्रीपालवंशीकै अनुशरण गरे। त्यसपछि प्रह्लादवंशी राजा मलयबम्म र उनका उत्तराधिकारीले पनि पूर्व कीर्तिहरू भत्कन विघ्न दिएनन्। आफू सजग प्रहरी रहेर पूर्व परम्परा कायम राखे।

नेपा बिर्ता अरु ब्राह्मण बिर्ता जस्तो राजधानीका अदेखमा होइन किन्तु राजधानीसँगै जोडिएको एउटै पानीपनेरो सन्निसर्पन जोडिएका बिर्ता हो। यसकारण कुनै

घचारो नपर्ने कुरा थिएन तापनि कुनै राजाका पालामा कुनै प्रकारका टकराव परेको थिएन । जस्तो श्रीपाली राजाका पाला पर्वत पण्डितका पालादेखि सर्वज्ञधर पण्डित-का पालासम्म राजगुरू पदमा सुशोभित रहेका लोकोक्ति र कतिपय लिखित प्रमाण समेत पाइन्छन् भने सुदर्शन नेपाल, पं० कालुपाध्या नेपाल, जगदेउपाध्या नेपाल-हरू रासकोटी राजाहरूका गुरु पदमा थिए । बश्, यो अन्तस्करण बुझेपछि पूर्वोक्त उक्तिको मर्म स्पष्ट हुन आउँछ ।

अन्तमा लालमोहरको अन्तिम वाक्य "अघि अघिका राजालाई ज्यारीतले मान्दथ्यौ आज पनि त्यस जग्गाका अमालीलाई परापूर्वदेखि मानी आयाका रीतले मान्या गर" यो वाक्यांशको मूल्य र महत्त्व उत्तिकै गरिमामय प्रतीत हुन्छ । जस्तो वास्तविकता थाहा हुन नपाउँदा अनेक भ्रान्तिहरू पैदा हुन सक्छन् र भएका पनि छन् । त्यसो हुनाले यस वाक्यले बीचबचाउ गर्ने रहस्य त्यो हो कि ग्राम बिर्ता जग्गामा बिर्तावारका शाखासन्तानको बसोवास नयाँ होइन । बश् सारांशमा यति कुतकुती पैदा गराएर यस प्रसंगको यहीं समाहरण गर्न विद्वद्वृन्दसमक्ष अनुमति माग्दछु ।

●

# २. कुशद्वीपको अवस्थिति

## २. १. ०. विषयप्रवेश :

सन्दर्भ-आमुखमार्फत् स्पष्ट पारिएको छ कि यस अध्ययनको मौलिकता कुशद्वीपीय मानव वंशमा आधारित छ । यथार्थमा यो प्रागैतिहासिक कालदेखि विद्यमान अवस्था-सम्मको मानवमिति शृङ्खला हो । यसलाई तत्काल पूर्वानुमान मानेमा खास फरक पर्दैन । वस्तुतः सैद्धान्तिक अध्ययनमा अनुकरणात्मक प्रवृत्ति अर्थात् परावलम्बनको भन्दा पूर्वानुमान ( Hypothesis ) को मूल्य उच्च एवं आशाप्रद रहन्छ । भन्नको मतलब विषयवस्तुको निराकरण गर्न पाउने अवसर भावी अनुसन्धातामा रहन्छ । साथै प्रमाण-पुष्टिको एकोहोरो छट्पटि रहँदैन र पुराना कुराको अन्धानुकरण तथा बुँदाचोरीको सम्भावना कम रहन्छ । सम्भवतः यिनै कुराको ख्याल राखेर मानव मनीषिहरूले समान-धर्मी तथा पूर्वाचार्यहरूका मतमा आफ्नो प्रतिक्रिया प्रकट गर्दै आफ्नो अभिमत व्यक्त गरेका छन् । त्यसैकारणले प्रस्तुत अध्ययनमा पनि सकेसम्म मौलिकतातर्फ ध्यानदृष्टि पुऱ्याई सही कुरा यसो रहेछ भनेर विवेचना गर्ने अनि विवेचनामा समेत सकेसम्म वैज्ञा-निकता ल्याउने प्रयत्न गरिएको छ।

## २. २. ०. कुशद्वीप अवस्थितिको औचित्य :

मानवशास्त्रमा प्रमुख विषय नृवंशशास्त्रको अध्ययन अनुसन्धानको सिलसिलामा कौमोदकीय प्रकाशपार्दा यस सन्दर्भको 'कौशिकादि सन्तति' नामकरण हुन आयो । यस अन्तहीन यात्राको पहिलो प्रयास हो किनभने नेपाल राष्ट्रका भूमिपुत्रहरूको अस्मिता र अहन्ता खोज्नेक्रममा बहुधा नेपाल सौरभीहरूको दिव्यालोक प्रकाशमा ल्याउन थालिएको कुरा प्रायः सर्वविदित छ । जस्तो श्रीपाली सन्ततिको पूर्वाधार प्रकाशमा ल्याउँदा अलग-अलग पुष्पिकामार्फत् ल्याइयो[१] । त्यसरी नै श्रीपाली वंशीय पाराशर्य पंडितका सम्बन्धमा समेत यथामति प्रकाश पार्ने प्रयत्न भएको छ[२] । एवं क्रमले हाम्रो ध्येय तथा धारणा के हो तत्सम्बन्धमा पनि सैद्धान्तिक विवेचना गरिएको थियो[3] । पणी जातिको अस्तित्व तथा प्रकृतिका सम्बन्धमा प्राथमिक प्रयास भएको छ[४] । एवं क्रमले नेपालमा नेपालीत्वको मौलिक प्रकृति जान्ने ध्येयले गरिएको सर्वाङ्गीण अध्ययन अनुसन्धानको परिणाम सूचक मानवमितीय प्रतिकृति सर्वप्रथम प्रकाशमा आएको कुरा सर्वविदित छ र यस प्रतिकृतिले नेपालमा गर्न सोचिएको मानवशास्त्र तथा समाजशास्त्र

अध्ययनका बहुतायत सम्भावनाको पूर्वाभ्यास अध्ययन मनन गर्न सुअवसर प्रदान गरेको छ भनी मात्र सकिन्छ । निःसन्देह यो पहिलो आलोक हो[५] ।

यस अनवरत अध्ययनको दोस्रो आलोकको रूपमा प्रस्तुत अध्ययन 'कौशिकादि सन्तति' प्रथम समूह प्रकाशान्वित छ । मूलतः यसका प्रकीर्णहरूले कुशद्वीपसँग सोझो सम्बन्ध राख्दछन् । तसर्थ प्रस्तुतीकरणका ध्येयले पूर्णताका सम्भावनाको लागि पनि कुशद्वीपको पुराणकालीन अवस्थिति जान्नुपर्ने भएको छ । स्वभावतः कुशद्वीपको भौगोलिकस्थिति नजानिकन कुश जातिका सम्बन्धमा स्पष्ट दिग्बोध हुन र तत्कालीन सप्तर्षि मण्डलको प्रवर-सिद्धान्तबारे स्पष्ट जानकारी प्राप्त गर्न सकश पर्नेतर्फ ख्याल गरेपछि कौशिकादि सन्ततिको अन्तरालोक स्वतः स्पष्ट हुन्छ ।

कुशद्वीपको भौगोलिक स्थिति मनन गर्दा महाभारत ग्रन्थमा दुई स्थानमा यसको उल्लेख भएको छ जसमा एउटाको स्थिति क्षिरोद नामको समुद्रद्वारा परिवेष्ठित बताइएको छ । यो कुशद्वीप वैदिककालीन विश्वका सात महाद्वीपमध्ये दोस्रो महाद्वीपमा पर्दछ । छवटा उत्तम पर्वतहरूले सुशोभित कुशद्वीपको उल्लेख यसप्रकार भएको छ :—

कुशद्वीपे कुशस्तम्बो मध्ये जनपदस्य ह ।
सम्पूज्यन्ते शाल्मलिके द्वीपे शाल्मलिके नृप ॥
कुशद्वीपे तु राजेन्द्र पर्वतो विद्रुमैश्चितः ।
सुधामा नाम दुर्धर्षो द्वितीयो हेमपर्वतः ॥
द्युतिमान् नाम कौरव्य तृतीयः कुमुदो गिरिः ।
चतुर्थो पुष्पवान्नाम पंचमस्तु कुशेशयः ॥
षष्ठो हरिगिरिनाम षडेते पर्वतोत्तमाः ।
तेषामन्तर विष्कम्भो द्विगुणः प्रविभागशः ॥११॥भीष्मपर्व अध्याय १२

(हे राजन् ! क्षिरोद समुद्रपारि पवित्र कुशद्वीपमा कुश जातीय जनपद भरिएको छ । जसरी शाल्मलिद्वीपमा शाल्मलि वनस्पतिको घनत्व छ त्यसरी नै कुशद्वीपमा पनि कुश नामको घाँसको घनत्व रहेको छ । हे राजेन्द्र ! यस द्वीपका माझमा दोस्रो मेरूपर्वत समान सुशोभित सुवर्णको पर्वत भन्न सुहाउने अत्यन्त अग्लो र दुर्धर्ष मानिने सुधामा नामको विशाल पहाड छ । यसका अगल-बगलमा हेमपर्वत, द्युतिमान्पर्वत, कुमुदपर्वत,

---

१. प्राचीन नेपाल संख्या ७७ एवं ८१ (२०३९–४१) पुरातत्व विभाग ।
२. धर्मदर्शन (त्रैमासिक) वर्ष ५ अङ्क २ (२०४१) गुठीसंस्थान ।
३. नेपाली संस्कृति २ (२०४२) सांस्कृतिक संस्थान ।
४. राउटे लोकजीवन (२०४०) सूचना विभाग ।
५. पूर्ववत् ।

पुष्पवान्पर्वत, कुशेशयपर्वत तथा हरिपर्वतहरू क्रमशः खडा छन् । हे कौरवपति ! ती प्रत्येक पर्वतहरूको उच्चाइ, विशालता तथा जनघनत्व एकभन्दा दोस्रोमा दोब्बर बढ्ता छ ।)

यसरी नाम चलेका प्रख्यात पहाडहरूको उल्लेखपछि उपद्वीपहरूको पनि उल्लेख भएको छ जो यसप्रकार छ :—

> औद्‌भिदं प्रथमं वर्षं द्वितीयं वेणुमण्डलम् ।
> तृतीयं वै रथाकारं चतुर्थं पालनंस्मृतम् ॥
> धृतिमत्पंचमं वर्षं षष्ठं वर्षं प्रभाकरम् ।
> सप्तमं कापिलं वर्षं सप्तैते वर्षपुंजकाः ॥१३॥ पूर्ववत् १३

(पहिलो उद्‌भिदवर्ष, दोस्रो वेणुमण्डलवर्ष, तेस्रो रथाकारवर्ष, चौथो पालनवर्ष, पाँचौं धृतिमान्वर्ष, छैठौं प्रभाकरवर्ष तथा सातौं कपिलवर्ष नामका उत्तम मलिला रमाइला सातवटा वर्ष गिरिहरू छन् ।)

यस कुशद्वीपको स्थिति र महानताका सम्बन्धमा महाभारत, श्रीमद्‌भागवत महापुराण तथा श्रीमद्विष्णुपुराणमा एकरूपता पाइन्छ । तथापि इष्टदेवताका सम्बन्धमा तथा समुद्रका सम्बन्धमा किंचित् अन्तर पाइएकोले लोकव्यवहारअनुरूप यसमा श्रीमद्‌भागवत महापुराणको उद्धरण मनन गर्नु आवश्यक छ । सो यसरी विवेचना गरिएको छ :—
एवं सुरोदाद्बहिस्तद्द्विगुणः समानेनावृतो घृतोदेन यथापूर्वः कुशद्वीपो यस्मिन् कुशस्तम्बो देवकृतस्तद्द्वीपाख्याकरो ज्वलन इवापरः स्वशस्परोचिषा दिशो विराजयति ॥१३॥ तद्द्वीपपतिः प्रैयव्रतो राजन् हिरण्यरेता नाम स्वं द्वीपं सप्तभ्यः स्वपुत्रेभ्यो यथाभागं विभज्य स्वयं तप आतिष्ठत वसुवसुदान दृढरुचि नाभिगुप्तस्तुत्यव्रत विविक्तवामदेव नामभ्यः ॥१४॥ तेषां वर्षेषु सीमागरयो नद्यश्चाभिज्ञाताः सप्तसप्तैव चक्रश्चतुः श्रृङ्ग कपिलश्चित्रकूटो देवानीक उर्ध्वरोमा द्रविण इति रसकुल्या मधुकुल्या मित्रविन्दा श्रुतिविन्दा देवगर्भा घृतच्युता मन्त्रमालेति ॥१५॥ यासां पयोभिः कुशद्वीपौकसः कुशलकोविदाभियुक्तकुलक संज्ञां भगवन्तं जातवेदस्वरूपिणं कर्मकौशलेन यजन्ते ॥१६॥

> परस्य ब्रह्मणः साक्षात् जातवेदोसि हव्यवाट् ।
> देवानां पुरूषाङ्गानां यज्ञेन पुरूषं यजेत् इति ॥१७॥ पंचमस्कन्ध २० ।

(यसैगरी सुरोद समुद्रपारि दोब्बर ठूलो उसैगरी समुद्रद्वारा घेरिएको घृतोद समुद्र परिवेष्ठित जम्बुद्वीपादि पहिले उल्लेख गरिएका द्वीपसँग मिल्ने कुशद्वीप छ जसमा कुश नामको वनस्पति ज्यादा छ र त्यस्तै चम्किलो ज्वालामुखी समेतले सुशोभित छ, त्यस द्वीपको तेज अत्यन्त चमकयुक्त छ ।१३। त्यस द्वीपका भूपतिमा प्रियव्रतका छोरा हिरण्यरेता

राजा भएर राज्य गरेका थिए जसले पछि आफ्ना सात छोरालाई एक-एक खण्डको राजा तुल्याई आफू चाहि तपस्या गर्नका लागि वनमा गए । ती सात छोराको नाम यसप्रकार थियो—वसु, वसुदान, दृढरूचि, नाभिगुप्त, स्तुत्यव्रत, विविक्त, वामदेव । त्यतिका राजाहरूले राज्यगरिएका सबै भूभागको नाम त जानेर साध्य छैन तापनि सात गिरिवर्ष, सात महानदी र मुख्य जनजाति कुलको नाम यसप्रकार छ—चक्रवर्ष, चतुःशृङ्गवर्ष, कपिलवर्ष, चित्रकूटवर्ष, देवानीकवर्ष, उर्ध्वरोमावर्ष ( कुशेश्वरवर्ष सं० ) तथा द्रविणवर्ष जस्ता गिरिवर्ष र रसकुल्या, मधुकुल्या, मित्रविन्दा, श्रुतिविन्दा, देवगर्भा, घृतच्युता र मन्त्रमाला नामका महानदीद्वारा अभिषिचित त्यस उत्तम रसिलो मलिलो भूभागमा कुशल, कोविद, अभियुक्त र कुलक नामले जनिने जनजातिका समुदायहरू एकमतो भएर भगवान् अग्निदेवको आराधना उपासना गर्दछन् ।

यज्ञमा भगवान् जातवेदस्वरूप अग्निदेवको आवाहन यसरी गर्दछन्—हे हव्यवाह ! तिमी साक्षात् परब्रह्मस्वरूप जातवेद हौ । समस्त देवता र मानव कुलका अंग प्रत्यंगमा व्याप्त छौ तसर्थ हे यज्ञमय ! हे हविर्भोक्ता !! हामी यज्ञद्वारा तिम्रो तृप्तिको कामना गर्दछौं ।

## २. २. १. स्थिति परिवर्तनसम्बन्धी अवलोकनः

वेद, महाभारत, पुराण इत्यादिमा दिग्दर्शित कुशद्वीपको पूर्वोत्तर भाग वर्तमान उत्तर अफ्रिकासित मिल्ने अनुमान गरिन्छ । त्यसरी नै घृतोद समुद्रको स्थिति पनि वर्तमान प्रशान्त महासागरसँग मिल्ने अड्यान काटिएको छ र पुराणकालीन जम्बूद्वीप तथा कुशद्वीपको निकटता वर्तमान मध्यपश्चिमएशिया र पूर्वोत्तर अफ्रिकासँग प्रायः मिल्दछ । त्यसरी नै केही भाग पूर्वीयूरोपभित्रपर्ने अड्यान काटिएको छ । अतएव पूर्वोक्त विशाल कुशद्वीपको जनपद परिवर्तनशील संसारको गतिसँगै दोस्रो लघूत्तर कुशद्वीप ( वर्तमान कश्यपद्वीप अर्थात् काशगर ) मा आएन होला भनिठान्नुपर्ने कुनैकारण देखिदैन । त्यस्तै हाम्रा विवेच्य आपिशली, चापिशली, कुशली, माण्डली शाखामा विभक्त मानवकुलमध्ये कुशली शाखा जसलाई पुराणमा 'कुशल' संज्ञा दिइएको छ त्यसैको साध्यरूप कुशली हुनमा के असम्भव होला । त्यस्तै कुशद्वीपका कुशेश्वरमा घृतच्युता नदीका उपत्यकामा रमण गर्ने मानव समूहलाई आदिकालमा 'घृतकौशिक कुल' भनिएको भए त्यसमा पनि आश्चर्य मान्नुपर्ने कारण देखिदैन । दोस्रो कुरा समाजको प्रकृतिगत आलोकतर्फ नियालौं-पुराणकालमा सवर्णसमाजको अस्तित्व कुशद्वीपमा पनि थियो केवल जम्बूद्वीपमा अथवा भारतवर्षमा मात्र थियो भन्न मिल्दैन । त्यसको शंका समाधान महाभारतको यस प्रमाणले गर्दछ—

कुशद्वीपेषु राजेन्द्र भगवन् जातवेदसम् ।
सम्पूज्यन्ते उपास्यन्ते चातुर्वर्णैनःनित्यदा ॥७॥ पूर्ववत् १३

( हे राजेन्द्र ! कुशद्वीपमा सदाकाल त्यहाँका बासिन्दा (ब्राह्मण, क्षेत्री, वैश्य तथा शूद्र आदि चार वर्ण) हरू भगवान् जातवेदस अग्निदेवको आराधना उपासना गर्दछन् । )

यस प्रमाणको आधारबाट भन्न मिल्दछ अग्नि इष्टदेवता हुनेहरू परापूर्वकालमा कुशद्वीपबाट यत्र तत्र फैलिए । पश्चिमएशियामा अग्निउपासना ( जरथुस्त्र मान्ने विश्वास ) धेरैपछिसम्म कायम रहनुको पूर्वाधार यही हुन सक्छ । विक्रमपूर्व एक हजार वर्षका आसपास कुश जाति पनि अग्नि उपासनाबाट पृथक् थिएनन् । मरुत्त उपासक मित्र जाति, सूर्य उपासक शक जाति र सोमउपासक आत्रेयहरूको बीचमा सांस्कृतिक आदान-प्रदान भएपछि कुश जातिले मरुत्त (मष्ट) इष्टदेवता स्वीकार गरे तापनि काशवृद्ध, शाकटायन, अपिशल, वराहमिहीर जस्ता पारदर्शी विद्वान्हरूले 'अग्निगुरूर्द्विजातिनाम्' भन्ने सूक्तिवाक्य यस परम्पराको आधारमा लिएको भए कदाचित् असम्भव भन्न मिल्दैन । अभिचार प्रसंगमा नियाल्दा अग्निसंस्कार मध्यकालसम्म प्रबल थियो भन्ने बुझिन्छ । यसरी अग्नि र वायु अर्थात् मरुत्तेश्वर (मष्ट) एकै मानव समूहद्वारा स्वीकार गरिनुमा एकातिर अग्नि र वायुको मित्रतासम्बन्धी कार्यकारण अन्वेषणीय हुन आउँछ भन्ने निवारण-उपचारतर्फ पनि परिशीलन गर्नुपर्ने देखिन आउँछ । स्वभावतः मानव प्रकृति कुनै अभीष्टको संधानबाट मात्र सन्तुष्ट हुँदैन । उसले ईहाको ज्ञानसँगै वसीकरण ज्ञान पनि गर्न चाहन्छ । संधान-ज्ञानको ईहासँगै निवारण-ज्ञानको अभीप्सा समेत राखेको हुन्छ र लगनशीलताद्वारा सफलता पनि पाउँछ । यसै क्रममा अग्निउपासक र मरुत्तउपासककाबीच सांस्कृतिक समन्वय कायम भएको हुनु पर्छ[६] । त्यसरी नै मरुत्तउपासक र सूर्यउपासक समूहका बीचमा पनि सांस्कृतिक समन्वय भएतर्फ गवेषणा गरिएको हो[७] । वस्तुतः यिनै तीनथरीको सांस्कृतिक समन्वय तथा सहिष्णुताको परिणाम नै यस कालबाट मष्ट सम्प्रदाय अस्तित्वमा आएको अनुमान गरिन्छ[८] ।

लगभग तीन हजार वर्षपहिले अस्तित्वमा आएको मष्ट सम्प्रदायको आविर्भाव वर्तमान मध्यएशियाका हिन्दू-कुश पर्वत शृङ्खलाका मध्यवर्ती प्रदेश ( सम्भवतः तरिम उपत्यका ) मा भएको अत्यान काटिएको छ । सर्वतोभावेन कुशद्वीपका वासिन्दाहरूको आवर्तनद्वार पनि त्यतै हो । आल्पस पर्वत शृङ्खलादेखि पूर्व चित्राल तथा जालन्धर पर्वत शृङ्खलासम्म यसका सम्भावनाहरू मुखर हुन्छन्भन्दा अत्युक्ति हुँदैन[९] ।

६. सिजाको ऐतिहासिक रूप-रेखा—सिजा विश्लेषणको सांस्कृतिक पक्ष ।

७. ग्रन्थकर्ताको पूर्वानुमान ।

८. प्राचीन नेपाल संख्या ९१ (२०४२) ।

९. कुमाऊँका इतिहास (कस्साइट्स) ।

आदिमानवको उत्पत्तिस्थल अफ्रिकामा भएको हो भनिठान्ने विद्वान् मानवशास्त्रीहरूको मत अर्थात् पूर्वानुमान पनि यस पूर्वानुमानसँग मेल खान्छ । यसो भन्नुको आधार दृष्टिकोण हो किनभने पूर्ववर्ती विद्वान्हरूले मानवसत्व तथा पुरातत्वको आधार लिएका छन् भने यो विवेचना पौराणिक आधारमा गरिँदैछ । त्यसउसले यी दुवै पूर्वानुमानको तालमेलको ज्वलन्त उदाहरणको लागि वर्तमान इरानको सांस्कृतिक आस्थातर्फ पुनः एकपटक दृष्टिपात गर्नु आवश्यक छ । जसले स्पष्ट गर्दछ प्राचीनकालमा इरानीहरू मष्टका अनुयायी तथा उपासक थिए । त्यसको ताजा प्रमाण इरानीहरूको प्राचीन देवता 'अहुरमज्दा' छ । आजकाल पनि इरानको एलाम प्रान्तका नागरिकहरू अहुरमज्दाका अनुयायी छन् [१] । अहुरमज्दाको अर्थ हुन्छ असुरमष्ट ।

सँगै असवद कावा र कावाशिल्ला मष्टका सम्बन्धमा मैले कर्णाली-प्रदेश दिग्दर्शनमा तुलनात्मक विवेचना गरेको छु । जस्तो किंचित् स्पर्श गरौं-हाम्रा कालीकोटे समुदायमापर्ने केही आनुवंशिक नेपालीहरूका मष्टदेवताको नाम कावाशिल्ला पाइएको छ । त्यस्तै अहुरमज्दा र असुरमष्टको लोकव्यवहारका सम्बन्धमा पनि तुलनात्मक अध्ययन अनुशीलन हुनुपर्ने औचित्य पनि अवश्यम्भावी भएझैं लाग्छ ।

हामी नेपालीहरूको मूल अस्तित्व मष्टसँग अभिन्न रहेको बुझिदैछ किनभने मष्टको इयत्ता प्राप्त गर्ने इच्छाद्वारा अभिप्रेरित कतिपय विश्वका अनुसन्धानकर्ताहरू नेपालप्रति आकर्षित हुनुले यस कुराको पुष्टि गरेको छ । हो, आदिम अवस्थादेखि असुरमष्टका उपासक रहिआएका खश मगरहरूबीच लोकव्यवहारमा असुर छुटेर मष्ट मात्र कायम रहेको छ । यसो किन भयो यस सम्बन्धमा पनि यथासमय खोजीनीति हुन सकेमा केही न केही नवोन्मेष पाइँदो हो । सम्भवतः त्यसै नवोन्मेषद्वारा मष्टका गुरुत्तर प्रतिष्ठामा मानिन आएका सिद्ध मष्टपाका दिव्यालोकहरू समेत आलोकित हुँदा हुन् । त्यस्तै प्राणवाची असुर शब्द के कति कारणद्वारा लोकव्यवहारमा छोडियो तत्सम्बन्धमा यथासमय खोजी हुनुपर्ने देखिन्छ ।

असुर भनेको त नजाती अर्थ लाग्ने दैत्य अथवा राक्षस हो भन्ने अर्थभ्रम पर्न थालेपछि होकित भन्न सकिने एउटा गाँठो छ यद्यपि लाक्षणिक अर्थमा भने असुर भनेको शूरवीर अर्थमा अझतक प्रयोग गरिँदैछ[२] । कुनै बलिष्ठ एवं हृष्टपुष्ट जन्तुविशेषलाई भक्कार भन्नु र असुर भन्नुमा निकै ओजन रहेको अनुभव हुन्छ । त्यसले आभास दिलाउँछ असुर शब्द जीवन्तताको प्रतीक हो । त्यसैले कुनै कालमा असुरब्राह्मणको सामाजिक मर्यादा विशेषरूपमा गरिन्थ्यो । अतएव उपसंहार वाक्यमा भन्नुपर्दा यसो भन्नु समीचीन

१ कुमाउँका इतिहास (कस्साइट्स)

२ पूर्ववत् ।

होला असुर भनेको दैत्य वा राक्षस कुनै होइन असुर भनेको प्राण हो। उच्च मनोबल भएको साहसिलो निर्भीक व्यक्तित्वलाई हामी महशूर भन्दछौं। महाअसुरको छोटो रूप महशूर हो। त्यसउसले असुर दैत्य राक्षस दानव आदि भनेका कालक्रमवशात् रहन गएका मानिसकै वर्गविशेषका नाम हुन्। अन्यथा होइन। आर्य अनार्य भनेजस्तै सुर असुर साक्षर (ज्ञानीको) व्यत्यय राक्षस मानवको प्रतिकूल अमानुषिक व्यवहार तथा खराब आचरण गर्नेवर्गलाई दानव भनिएको मात्र हो। समयको गतिसँग चल्न नजान्ने-लाई आजकाल पनि 'असभ्य' अथवा 'अविकसित' ठानिन्छ। बरु यो विषय पनि त्यस्तै हो भनी मान्दा किमाश्चर्यं नहोला।

## २. २. २. कुशद्वीप एवं कौशेय तथा मष्टानुयायीहरू एकै होलान् त ?

कुशद्वीपका पैदावारहरू कौशेय हुन सक्छन् कि सक्दैनन् ? यो एक चाख लाग्दो विषय भए तापनि खोजीनीतिका लागि नवीनतम आलोक मानिन सक्ला। जस्तो परापूर्वकालमा कुश जातिका शाखा प्रशाखा विस्तार हुँदा काशी, काश तथा काश्य जातिको सृजना भएको सम्बन्धी छलफल अन्यस्तम्भमार्फत् गरिएको छ। त्यस्तै कौशेय पनि सर्वत्र उपलब्ध नहुने एक मूल्यवान् पैदावार 'रेशमी वस्त्र' मानिएको छ र पारस्कर गृह्यसूत्रमा 'कौशेय' लाई कामदुघा पृथ्वीका पर्वताश्रयिन् जनपदको निधि एवं अनुपम उपहारमा गन्ती गरिएको छ। साथै कपिला कन्या, कपिला गौ र कौशेय वस्त्र सर्वसाधारण जनताका लागि दुर्लभ हुन् भनिएको छ। अथर्ववेदको पिप्पलाद शाखा अन्तर्गत शौनक संहितामा कौशेयको अर्थ कुशको गुबो अर्थात् अत्यन्त नरम कोमल भागद्वारा तयार पारिएको वस्त्र भनिएको छ।

कुशद्वीपबाट उद्‌गमित जातिको नाम कुश, कुश जातिले आविष्कार गरेका परि-धानको नाम कौशेय, कुश जातिले जातीय वर्चस्वको अर्थमा मानेका इष्टदेवताको नाम असुरमष्ट, मष्टका अनुयायी उपासकहरू एउटै ज्योतिपुञ्ज हुन्। कालक्रमवशात् नाममा ध्वनिगत परिवर्तन हुँदैरहनु प्रकृतिको नैसर्गिक प्रवृत्ति हो। त्यसै आधारबाट जातिको नाम 'खश' हुनु अनि इष्टदेवताको नाम मष्ट हुनु आश्चर्यको विषय नहुन सक्छ।

## २. ३. उपसंहार :

भूगोलशास्त्रीका मतमा कुनै पूर्वानुमानहरू त्यसै बेवास्ता गरिने खालका हुँदैनन्। पृथिवीका कण-कण केलाएर, औषधोपयुक्त परीक्षण गरेर मात्र ठोस कुरा पत्ता लगाएका हुन्छन्। उनीहरूको पूर्वानुमान बहुपक्षमा आधारित रही प्रायः यथार्थमा उत्रिएको हुन्छ तथापि मानव तथा मानवमितिशास्त्रका हिसाबमा पश्चिमेशिया र पूर्वोत्तर अफ्रिकाका मानवमितितत्वहरू अझ चहकिला तथा प्रमाण-पुष्टिका दाता हुन्छन्। सादृश्य विवेचनामा कतिपय त्यस्ता तथ्यहरू देखा पर्दछन् जसलाई सहसा उपेक्षा गर्न मिल्दैन। जस्तो मानव-मितिकै कुरा लिऔं आज पनि पश्चिमो सागर तटवर्ती तुषार जातिहरू र मानसरोवर क्षेत्रका

पूर्व पश्चिम जतातर्तै फैलिएका यायावरी प्रवृत्तिका अल्पसंख्यक जातिहरू, त्यस्तै आल्पस पर्वतमालाका काखमा बस्ने अल्पाइन जातिहरू, उक्राइन जातिहरू तथा मानसरोवरकै आसपास उत्तरप्रदेश तथा हिमांचल प्रदेशका जोहार, उपरिशतलज तथा सिरा उपत्यकाका आदिवासीहरू, ककेशश पर्वतमाला तथा कज्जाख प्रान्तका सोवियतहरू र कर्णाली-प्रदेशका नयाँ परिभाषाका खशहरू अनि किरघिज प्रान्तका सोवियतहरू र नेपालका किरातीहरू औ इरानको एलाम प्रान्तका इलम प्रजाति र नेपालका लिम्बू प्रजातिका बीचमा तुलनात्मक अध्ययन अनुसन्धान गर्दा हुबहू समानता नपाइएला तापनि बहुधा प्रजातिका बीच अनेक समान लक्षण मुखर हुनेछन् ।

मानवमितिका रचनाधर्मितामाथि दृष्टिपात गर्दा मकरानका अफगान र नेपालका मगर जातिकाबीच प्रकृतिगत सादृश्य, आनुवंशिक नाता, मुखमण्डलमा उद्भासित हुने कान्तिगत समानता, नासिकादेशना, नेत्रासन, कर्णास्थि, कपोलास्थि, शिरासन, कद तथा मुण्डवृत्ति इत्यादि सारा लक्षणहरू एकसमान दृष्टिगोचर हुन्छन् । अतएव त्यसै मिलानको आधारमा वर्तमान विश्वका बहुसंख्यक मानवसमुदायहरू आ-आफ्ना निजस्व तथा वर्चस्व निश्चित गराउन उत्सुक बुझिन्छन् । यसै प्रसंगमा मध्यएशिया नाघेर दिशा विदिशातर्फ बढेका विभिन्न मानवसमुदायका कालावधिको किटान गर्ने प्रयत्न त्यतिकै जटिल भएतर्फ पनि बहुधा मानवशास्त्रीको ध्यानाकर्षित भएको बुझिन्छ ।

अन्ततोगत्वा निकै लामो सश्रम बौद्धिक लगानीद्वारा आफ्नो अस्मिता स्थिर गर्नुपर्ने हुन्छ र जाति तथा संस्कृतिका ती ऊर्जस्वी प्रकीर्णहरूको राम्ररी विवेचना गरेर प्रकाशमा ल्याइने समयको प्रतीक्षा गर्न आवश्यक पर्न जान्छ । अब रह्यो प्रस्तुतीकरणको कुरो । यस सम्बन्धमा विविध पुराण तथा महाभारतका प्रमाणहरू मननीय जँचेका छन् जसलाई स्थान तथा प्रसंगानुकूल उद्धरण दिइएको छ किनकि स्वभावैले नेपाली समाजको वर्चस्वको मूल आधार पौराणिक पृष्ठभूमि हो यसमा तिलबराबर सन्देह छैन। परन्तु पुराणको अन्तस्करण तथा मर्म नबुझेसम्म पुराणको वाग्वैभव तथा क्रियमाण सत्यमाथि सकारात्मक भावना खद्किनु किमाश्चर्यं हुँदैन । किन्तु बुझेर पनि बुझ पचाउनेका लेखि भने कुनै ओखति नहोला ।

सर्वान्तिम जान्नुपर्ने कुरा हो नेपालमा मानवशास्त्र, मानवमितिशास्त्र, नृवंशशास्त्र एवं मानवसत्वसम्बन्धी अध्ययन अनुसन्धान निर्विवाद पुराणमुखी हुनुपर्छ, पश्चिमाभिमुखी कदापि होइन । पुराणले निस्पक्षरूपमा सवर्णसमाज र असवर्णसमाजको तर्कपूर्ण विवेचना गरेको छ । कतै त्रुटि देखा पर्न सक्छन् दृष्टिकोणका फरकले गर्दा । अपवादस्वरूप एकदुईवटा बढी चल्तीका पुराणहरू ब्राह्मणवादका मनोपोलीमा परेका होलान् त्यसो भए तापनि अल्पज्ञको अनुकरण गरी एक दुई पुराणमा पाइने क्षेपकका कारणले समस्त पुराणको सत्यतामाथि शंका सन्देह गर्नुभन्दा ब्राह्मणवादको कालो छायाको मात्र छानबीन गरी आलोचना प्रत्यालोचना गर्नु बुद्धिमानी होला भन्ने लाग्दछ, इति ।

●

# ३. कौशिक वंश : चन्द्रवंशको प्रादुर्भाव र विश्वामित्र

## ३. १. कौशिक वंश

प्रस्तुत सन्दर्भ मानवशास्त्रसँग सम्बन्धित छ। सम्भवतः यो घोषणा पहिले गरिसकिएको छ। यद्यपि क्रमशः एकांगी बनिंदै जाने यसको गन्तव्यको ख्याल राखी किटान गर्नुपर्दा यसलाई सर्वाङ्गीण मानवशास्त्र हो भनेर दावी गर्न नमिल्ला तापनि उपाङ्गको रूपमा नृवंशशास्त्र रहेको स्पष्ट गर्नु कर्त्तव्य भएको छ। त्यसो भएकोले प्रयुक्त पंक्तिहरूमा सान्दर्भिक छविमाथि विहंगावलोकन गर्नु वान्छनीय हुनेछ।

कौशिकादि सन्ततिको मानव परिभाषा पुराणकालदेखि भएको र प्रयुक्त विषय-वस्तुको प्रतिपादन समेत पुराणकालका पृष्ठभूमिसँग अविच्छिन्न रहेकोले वंशको प्रादुर्भाव सम्बन्धमा जो सक्दो ज्ञान राख्न सक्नु समस्त कौशिकादि सन्ततिका निम्ति कल्याणदायी हुने सत्यता हृदयंगम गर्नुपरेको छ। त्यसकारण चासो गरिएको विषयमा पुराणहरूमा के कस्तो छवि प्रतिभासित छ तत्सम्बन्धमा मनाक् मनन गरिन्छ।

हामी जसलाई कौशिकादि सन्तति मानेर अध्ययन मनन गर्न उद्यत छौं यसलाई पौराणिक इतिहासमा चन्द्रवंश भनिएको छ। पौरस्त्यशास्त्रअनुसार मानवशास्त्रका दुई समान शाखामध्ये प्रबल एक शाखा हो यो। वस्तुतः पौराणिक अभिप्रायः होस् अथवा विद्यमान मनुष्य समाजको मान्यता होस् जे जसो भए तापनि मानव सृष्टिको नवप्रभात प्रसूत भएदेखि शताब्दीयौं निकै पुस्ता चन्द्रवंश प्रख्यात रह्यो। कदाचित् त्यस कालावधि-लाई क्षात्रधर्म प्रधान ठानिएको छ। त्यस क्रमले आएर ब्रह्मर्षि विश्वामित्रका पालामा कायापलट गर्‍यो।

प्रारम्भका महाराज विश्वामित्र मध्यावधिका बाहुबल पराक्रमी राजर्षि विश्वामित्रले नृपत्व त्यागी विप्रत्व प्राप्त गरेर जीवन्त संघर्षको दीक्षान्त गरेपछि परम्परित चन्द्रवंश अब कौशिक वंशमा परिणत भयो। फलतः अरू शाखा प्रशाखालाई बाधा-विरोध नपारिकन केवल विश्वामित्रका शाखा सन्तान मात्र कौशिकादि सन्ततिमा परिणत भए। शायद ब्राह्मणधर्ममा सूर्यवंश, चन्द्रवंश, अग्निवंश, राक्षसवंश, मानववंश नामकरण गरी प्रति-पादन गर्नुभन्दा अन्वयार्थमा युक्तिसंगत हुने अपेक्षाले समष्टिमा बरू ब्राह्मणवंश भनियो। यद्यपि ब्राह्मणवंशमा पनि आ-आफ्ना हिसाबका थरी थोकी नभएका भने पक्कै होइन। परन्तु तदनन्तर्गत धेरैजसो व्यक्ति पटाक्षेप परेको कुरा मनाक् मननीय छ। सम्भवतः

यस्तै पटाक्षेपको निराकरण गर्ने सामर्थ्यको अभावमा बहुधा मानवशास्त्रीहरू सशंक दन्किन खोज्दछन् ।

वस्तुतः नीतिगत कुरामा जे जस्तो नीति अवलम्बन गर्नु अपेक्षित हुन जान्छ तद-नुसार हुने अपेक्षा रहेन भने दन्किनु बुद्धिमानी हुन्छ नै । तसर्थ प्रस्तुत सन्दर्भलाई परि-मार्जन गराउने ध्येयले पनि ब्राह्मणवंशको प्रत्याभूतितर्फ इंगीत गर्नुभन्दा उपर्युक्त चन्द्रवंशका सम्बन्धमा परिशीलन गर्नु कर्त्तव्य भएको छ ।

पुराण भए तापनि ज्यादाजसो आख्यान उपाख्यान मानवशास्त्रसँग सम्बद्ध र विश्व-सनीय केही पुराणहरू छन् । तिनमा विष्णुपुराण, वायुपुराण, मत्स्यपुराण, श्रीमद्-भागवतमहापुराण, ब्रह्मवैवर्तपुराण, र महाभारत उल्लेखनीय छन् । तसर्थ प्रस्तुत सन्दर्भ विष्णुपुराणबाट सारांश ग्रहण गरिएको छ ।

विशेषतः विष्णुपुराणमा वर्णित मानववंशवृक्ष अनुसार राजा प्रियव्रतदेखि अग्निवंशको प्रादुर्भाव, वैवस्वत मनुका पालादेखि सूर्यवंशको प्रादुर्भाव, कश्यप नामक प्रथम प्रजापतिका पालादेखि मानववंशको प्रादुर्भाव, कश्यपका नाति प्रह्लादका पालादेखि राक्षसवंश र प्रज्ञा-परमेष्ठी भगवन् कमलासनका मानसपुत्र अत्रि ऋषिकी पत्नी अनसूयातर्फका पुत्र चन्द्रदेखि चन्द्रवंशको प्रादुर्भाव एवं विस्तार भएको वंश-शृंखला दर्शाइएको छ । पौराणिक मान्यता अनुसार वर्तमान परिप्रेक्ष्यमा यिनै वंशानुवंशका सन्तानदरसन्तानले मानव संसार ढाकिएको मानिएको छ । त्यसै उपक्रममा चन्द्रवंशका वंशवृक्षको विस्तार गर्ने यस प्रसंगको उद्देश्य रहेको छ ।

जुन वंशमा पुराण पुरुषोत्तम भगवन् श्रीकृष्णचन्द्र जन्मिएर आफ्नै राजनीतिक कुटिलताको प्रभावले अवतारी पुरुष अर्थात् असाधारण युगपुरुष कहलाए । जुन वंशमा नहुष, ययाति, कार्तवीयार्जुन, महाबलशाली अर्जुन, नल, अम्बरीष आदि अनेकौं अतिबली पराक्रमशाली महापुरुषहरू उदाएर प्रख्यात भए अनि अथक श्रमशील लगन-शील स्वभावले मनुष्यका कोटिमा कान्तिमान्, द्युतिमान्, क्रियावान्, कर्मवीर औ सद्गुण सम्पन्न जनताजनार्दन ( महामानव ) कहलाए । जुन वंशमा विश्वामित्र जस्ता पुरस्सर प्रवृत्तिका अद्वितीय साहसी पुरुष जन्मिएर असाधारणकोटिको कर्म गरी देखाए, राज-राजर्षिको महोच्च पद त्यागेर दीर्घकालीन बौद्धिक संघर्षमा कम्मर कसेर ब्रह्मवेत्ता ब्रह्मर्षि, तत्ववेत्ता महर्षि, मंत्रद्रष्टा परमर्षि एवं अखिल ब्रह्माण्डका सप्तर्षिमध्ये एकमा स्थापित स्वनाम धन्य आत्मनाख्यात तपोपूत दिनचर्याद्वारा कैयौं समाश्रितका उद्धारकर्ता मानवताका परम आदर्श एवं धूतपापा पूतात्मा कहलाए बस् तिनकै वंशवृक्षका विषयमा न्यूनाधिक शब्दपुष्पद्वारा प्रकाश पार्न यो लेखनी उद्यत भइरहेछ ।

### ३.२. चन्द्रवंश वर्णन—

सम्पूर्ण चराचरजगत्का स्रष्टा अनादि परमेश्वर शक्तिपुंज नारायणका नाभि कमलदेखि उत्पन्न प्रज्ञाचक्षु-परमेष्ठि-कमलासनका मानसपुत्रमध्ये द्वितीय प्रजापति भगवन् अत्रिकी पत्नी अनसूयाका गर्भदेखि चन्द्रको उत्पत्ति भयो। प्रज्ञाचक्षु कमलासनका अनुग्रहद्वारा चन्द्रले जगत् संचालनका प्रभूत अधिकारहरू प्राप्त गरे। सम्पूर्ण औषधि वनौषधि, बुद्धिवादी जन, नक्षत्रगण औ श्रोत्रीय ब्रह्मनिष्ट इत्यादि सबै अंग प्रत्यंगको नेतृत्व र आधिपत्य पाएका थिए। विस्तारै आफूलाई निरंकुश अधीशास्ता ठानेपछि आफ्नो राजकाजका समयमा राजा चन्द्रले सर्वगुण सम्पन्न राजसूय यज्ञको आयोजना गरे। निरतिशयानन्द आनन्दको अनुभव गरी एक सम्वत्सरभरमा पूर्ण गरिने त्यस राजसूय यज्ञको सम्पादन गर्ने आचार्यको भार देवगुरु बृहस्पतिले वहन गरे। लामो साहचर्य, संसर्ग र निरंकुश एवं उत्कृष्ठ आधिपत्यको कारणले उन्मत्त चन्द्रको मानस विकृतिले ग्रस्त भयो। राजमदको अभिमानमा मदोन्मत्त भएर कर्तव्याकर्तव्य बिर्सी गुरुपत्नी रमणी तारासँग सहवास गरे।

राजमदका वसीभूत बनेका अधीशास्ताबाट एकातिर समस्त बुद्धिवादीका प्रतिनिधि बृहस्पतिकी पत्नी हरण गर्नु, एकातिर चतुश्रेय साधन जस्तो उच्च अभिलाषा राखेर सम्पादन गर्न थालिएको यज्ञको अनुष्ठान हुँदाहुँदै प्रतिष्ठापूर्व नै स्वयं कर्ताको आचरण भ्रष्ट हुनु अर्कातिर त्यसरी राजपुरुषबाट मर्यादा पालन नभएकोले समस्त बुद्धिवादी गणमा खलबली मच्चियो। अन्तमा सबै बुद्धिवादी मिलेर समाधानको उपाय पत्ता लगाउँदा तारा बृहस्पतिलाई नै फिर्ता दिनु उचित ठानियो र त्यसै गरियो। तबसम्म ताराले राजा चन्द्रको गर्भ धारण गरिसकेकी थिइन्। तसर्थ गर्भ पैदा भएपछि सन्तति चाहिं चन्द्रले पाउने निर्णय भयो।

बुद्धिवादीगणको निर्णय कार्यान्वयन गराउँदै बृहस्पतिले तारा फिर्ता लिए। केही दिनपछि ताराका गर्भबाट तेजस्वी बालक बुधको जन्म भयो। न्यायविद् बुद्धिवादीगणले पूर्वनिर्णय अनुसार नवजात बालक चन्द्रका जिम्मा लगाए।

बुधकी प्रत्याभिजाता पत्नी इलाका गर्भबाट पुरूरवाको जन्म भयो। त्यसरी नै पुरूरवाले पनि प्रत्याभिजाता पत्नी ऊर्वसीबाट आयु, श्रुतायु, सत्यायु, अयुतायु, वसु र विश्वावसु नामका छ छोराहरू पैदा गरे। यसमा अरू भाइको वर्णन थाती राखेर केवल वसुका सन्तानको मात्र वर्णन गरिन्छ।

वसुकी पत्नी गर्भबाट कांचनपुरुषको जन्म भयो। कांचनपुरुषका सुहोत्र, सुहोत्रका होत्रक, होत्रकबाट जन्हुको जन्म भयो। यी पराक्रमी राजा जन्हु गद्दीनशीन भएकै समयदेखि सुवर्णभूमिअन्तर्गत गंगातटमा भव्य राजसूय यज्ञ आरम्भ गरे। वेदविधिद्वारा

अनुष्ठान गरिएको त्यस यज्ञको अवधिभित्र संयोगवश् गंगानदीमा भयंकर बाढी आयो र याज्ञिकहरूमा खलबली पैदा गरिदियो। राजा जन्हुसमक्ष याज्ञिकहरूले त्यस घटनाबारे निवेदन गरे। सार्वभौम स्वामीको अवज्ञा गरेको ठानी गंगानदीसँग रुष्ट हुँदै राजा जन्हुले यज्ञभूमिको निरीक्षण गरे। सारा यज्ञभूमि जलमग्न हुन लागेको दृष्टिगोचर भयो। गंगानदीको यस्तो अवज्ञा देखेर राजा झन् कुपित भएर गंगालाई सदाको लागि ठेगाना लगाउने धम्की दिए। उनका योजनाअनुसार गंगाको वेग मोडेर आफ्नै अन्ता-गारमा लगी पाताल भोगवतीमा मिलाइदिने शुरु थियो।

समस्त याज्ञिक एवं बुद्धिवादीहरू राजा जन्हुका दैवीशक्ति र अद्भुत चमत्कारदेखि परिचित थिए। कार्यान्वयन गर्न नसक्ने कुरा राजा जन्हु बोल्दैबोल्दैनथे। तसर्थ व्यक्त धम्की कार्यान्वयन भएमा सम्पूर्ण सुवर्णभूमि नदी विहीन सुखा मरुभूमि हुन्छ भन्ने भयले समस्त बुद्धिवादीहरूले राजा जन्हुसँग कोप समन गरी बाढी रोकथामको सामान्य उपचार मात्र गर्नें अनि गंगालाई पुत्रीभावले क्षमा दिने परामर्श दिए। त्यस घटनापछि गंगाको दोस्रोनाम जान्हवी रह्यो।

राजा जन्हुका छोरा पुरूराज सुमन्तु भए। सुमन्तुका अलक, अलकका बलकाश्व, बलकाश्वका छोरा कुश भए। यिनले लामो समय अकंटक राज्य गरेका भूभागको नाम कुशद्वीप रहन गयो। कुशकी पटरानी सुमनाका गर्भदेखि कुशाम्ब, कुशनाम, अधूर्तकुश र कुशाम्बुज समेत चार छोरा भए। यी चारैका सन्ततिहरू कौशेयवंशी अर्थात् कुश जाति कहलाए। यसरी कुश जातिको उत्पत्ति भयो।

कुश चतुःसनमध्ये कुशाम्बले इन्द्रसमान बलशाली पुत्र प्राप्तिका उद्देश्यले गन्धमादन-मा गई कठोर तपस्या गरे। उनको यस तपस्याले मै हुँ भन्ने जतिका मनमा हलचल पैदा गरायो। यसबाट सबभन्दा बढी चिन्ता स्वर्गेन्द्रलाई पर्‍यो। कहीं म समान बलशाली पुरुष जन्मिएर मेरो अधिकार हरण नगरोस् भन्ने भयले कम्पित इन्द्रले सामुमा परेर राजा कुशाम्बको पुत्रत्व स्वीकार गरे। यिनै कुशाम्बपुत्रको नाम 'गाधी' रहनगयो। राजा गाधी इन्द्रसमान बलशाली प्रतापशाली शौर्य एवं वीरोचित गुणले परिपूर्ण प्रख्यात भएर समस्त कौशेयवंश अर्थात् कुश जातिका दीपक **'कौशिक'** भनिए। तसर्थ नव प्रभातदेखि चन्द्रवंश भनी प्रख्यात रहेको वंशमध्ये यस वंशको नाम कौशिकवंश रहन गयो।

गाधीराजा कौशिकको पत्नी प्रतिमाका गर्भबाट सत्यवती नामकी छोरी जन्मिन्। तबसम्म यस भूतलमा **कौशिक, वाशिष्ठ, काश्यप, आत्रेय, आंगीरस** आदि गणलाई उछिनेर भार्गवगण ज्ञान-विज्ञानमा निकै अगाडि बढेका थिए। परन्तु केही प्रतिष्ठाको तल-माथिको कारणले गर्दा कौशिक र भार्गवका बीचमा प्राजापत्य सम्बन्ध स्थापित

भएको थिएन । त्यस कार्यमा भार्गव कुलभूषण ऋत्विक मुनि अर्थात् ऋचिक मुनि अघि सरेर गाधीराजा कौशिकसमक्ष इच्छा प्रकट गरे । भार्गव ऋत्विकको प्रार्थना सशुल्क स्वीकार गरियो । शुल्कबापत् कुशराजले एक हजार श्यामकर्ण घोडा मागे । वास्तवमा त्यो शर्त ऋत्विकका विद्वत्ताको परीक्षा थियो । भार्गवले अविलम्ब राजा वरूणकहाँ पुगी आफ्नो विद्वत्ता एवं अपार अनुभवद्वारा राजा वरूणलाई खुशी तुल्याई एक हजार श्यामकर्ण घोडा ल्याएर राजा गाधीलाई बुझाए । शर्त पूरा गरेर सत्यवतीको पाणी ग्रहण गरे ।

विवाह गरेका निकै वर्षपछि पनि सन्तान पैदा नभएकाले भार्गव र कौशिकका बीचमा सन्तानोत्पादनका उपायमाथि छलफल भयो; फलदायी विचार विमर्श गरियो । तबसम्म स्वयं कौशिक पनि पुत्रहीन थिए । तसर्थ ज्वाईसमक्ष कुशराजले संयुक्तरूपमा पुत्रेष्ठि यज्ञको अनुष्ठान गर्ने गराउने विचार प्रकट गरे । भार्गवले पनि अनुकूल मिलाई कौशिक राजभवनमा गई पुत्रेष्ठि यज्ञ सम्पादन गरे । यस यज्ञको परिणतिस्वरूप आमा प्रतिमा र छोरी सत्यवती दुवैमा पुत्र प्राप्ति होस् भन्ने उद्देश्यले अभिमंत्रित अवभृत युगल स्वर्ण कलशमा जलाभिमंत्रण गरी अन्तागारमा युगल कलश सुरक्षित राखेर ऋत्विक अन्य प्रकोष्ठतर्फ निरीक्षणमा लागे । तत्पश्चात् आमा छोरी देवमन्दिर गई आउँदा बाटैदेखि तृषार्त आएका हुँदा अन्तागारमा प्रवेश गरी पहिले राख्ने गरेकै स्थानमा राखिएका स्वर्ण कलशको जल पान गरे । त्यो जल अभिमर्षण गरिएको होला जानकारी नलिकन पान गर्दा त्यस्तो कुनै प्रतिकूल परिणाम पर्नजाला भन्ने उनीहरूका मनमा परेन ।

मंत्रद्रष्टा महर्षिको अध्ययन परिपाकअनुसार सत्यवतीका गर्भदेखि घृतपापा, ब्रह्मवादी परमज्ञानी छोरो जन्माउने र आमा प्रतिमाका गर्भबाट क्षात्रधर्म विशारद पराक्रमशील छोरो जन्माउने विचार थियो तर दैवसंयोग त्यो प्रयोग उल्टापाल्टी पर्न गएकोले प्रतिमा-बाट पैदा हुनुपर्ने ठानिएको नरशार्दूल सर्वेश्वर्य पराक्रम शूरता र बलरूपी सम्पत्तिको प्रतीकको रूप सत्यवतीबाट पैदा भयो । सत्यवतीबाट पैदा हुनुपर्ने ठानिएको शान्ति ज्ञान तितीक्षा आदि दया दाक्षिण्यले युक्त ब्रह्मवादी बुद्धिवादी गुणले परिपूर्णताको प्रतीक प्रतिमाबाट पैदा भयो ।

जमदग्नि नामक पारदर्शी पुत्र पैदा गरेपछि सत्यवती नदीको रूप धारण गरी कोशी नदीका नामले प्रख्यात भइन् । त्यसै अर्थले समस्त कौशिक सन्ततिहरू कौशिकी नदीप्रति विशेष ममता राख्दछन् र श्रद्धावनत रहन्छन् । मातृत्यक्त जमदग्निकी पत्नी रेणुकाका गर्भ-बाट यथासमय क्षात्रधर्म विशारद भीमकाय अवतार पुरूष परशुरामको जन्म भयो । यिनले भार्गवगणको प्रतिष्ठा बढाए ।

### ३. ३. विश्वामित्र :

यता आमा प्रतिमाका गर्भदेखि ब्रह्मवादी परमज्ञानी विश्वामित्रको जन्म भयो । यिनले प्रभूत मनन चिन्तनद्वारा विद्वत्व र नृपत्वको तुलनात्मक अध्ययन गरे । पिता

गाधीराजका उत्तराधिकारमा गद्दीनशीन भएपछि यिनको शौर्य दूरन्त प्रख्यात भयो। बडा पराक्रमी राजामा कहलाए।

राज-पराक्रमको ख्याति दिगदिगन्त फैलिएकै अवसरमा एकदिन आफ्नै कुलगुरू वशिष्ठसँग पेच पर्नाको कारणले विप्रत्व र नृपत्वको तत्काल तुलना गरिहेरे। तुलना गर्दा विप्रत्व नृपत्वभन्दा दशौं गुणा गहकिलो एवं व्यापक देखेकोले राजगद्दी परित्याग गरी गहन वैप्र सम्पत्ति आर्जन गर्न दीर्घकालीन सश्रम तपश्चर्यामा अग्रसर भए। परिणामतः उद्भट विद्वान् परमज्ञानी तेजस्वी तमस्वीमा प्रख्यात भई फिर्ता आएपछि आफूलाई पूर्वोक्त क्षात्रधर्म प्रधान चन्द्रवंशदेखि ब्राह्मणवंशमा परिणत गराई वंश प्रवर्तन गर्नमा अभूतपूर्व सफलता प्राप्त गरे। तत्पश्चात् पनि उनका चिन्तन मनन र अनुभवको कौलीय परीक्षण गरियो। यसरी खरीखोटो कसी लगाउँदा विश्वामित्र पारंगत विद्वान् तेजस्वी सिद्ध भए। समस्त ऋषिकुलसँग ज्ञान विज्ञानका विविध पक्षमा अनुमान सिद्ध गर्न अभूतपूर्व सफलता प्राप्त गरे। अन्तमा कुलपरम्परादेखि कुलका गुरू प्रोहित रही आएका ब्रह्मवादी वशिष्ठद्वारा सर्वात्मना विप्रत्वमा स्वीकार गरेपछि ऋषिकुल प्रवरमा स्थापित भएर पूराणकालीन सप्त वैज्ञानिकमध्ये एक; सप्तर्षिमण्डलमा एक; स्मृतिकार संहिताकार उपनिषदीय व्याख्याता एवं प्रमुख सापोद्धारक ब्रह्मज्ञानी ब्रह्मर्षिमा प्रख्यात भए।

अब विश्वामित्रले नृपत्वत्यागी विप्रत्व ग्रहण गर्न उद्यत भए सम्बन्धको रोचक प्रसंग पनि जान्नै लायक छ—पहिले चुस्त उल्लेख गरिएको छ ज्ञान विज्ञानका दिशामा भार्गवगणले निकै उन्नति गरेका थिए। त्यसको तात्पर्य केवल भार्गवगण मात्र होइन किन्तु कौशिकगणबाहेक आंगीरसगण, वाशिष्ठगण, काश्यपगण, आत्रेयगण, औपमन्यव र कौत्सगणहरू विद्वत्ता र बौद्धिक प्रतिस्पर्धामा तुल्य बलाबल थिए। तिनमध्ये वाशिष्ठगणको प्राबल्य विभिन्न जनपददेखि साम्राज्यका अधीशास्तासम्म निर्बाध प्रवेश थियो।

कौशिकगणमा राजशक्तिको मदान्धताले भोग विलाश र अयश आरामतर्फ आकृष्ट पारेको हुँदा ज्ञान विज्ञान त परै रहोस् सामान्य शिक्षासम्म पनि सर्वसुलभ थिएन र उचित अवसर पाएकाहरू पनि गहन चिन्तन मननतर्फ त्यति लाग्दैनथे। त्यस्तैमा एकदिन महाराज विश्वामित्र आफ्ना कुलगुरूका आश्रममा सदलबदल पुगे। कारणवश् उनले त्यस आश्रममा मुकाम नगरी नहुने भयो, बसे। तर राजकर्मचारीको आधिक्य उनले खड्किदो सम्झे; किनभने त्यतिको राजकर्मचारीले के पाएर खाला भन्ने चिन्ता पऱ्यो।

स्वभावतः विश्वामित्र आलोचनाधर्मी र प्रत्यक्ष प्रमाणमा विश्वास राख्दथे; कम शिक्षित र झगडालु मानी स्वभावका हुँदा गहन गवेषणा र अन्तस्करणतर्फ पहुँच थिएन।

त्यसोहुँदा त्यस समयसम्म त्यस सर्वोच्च शक्तिमान् महाराज विश्वामित्रका अगाडि साधारण पाण्डित्य र कर्मकाण्ड गरी खाने पुरोहितका रूपमा जानिएका तपस्वी वशिष्ठ-को कुनै सामाजिक मूल्य नहुनु स्वाभाविक थियो। त्यसउसले देखावटी श्रद्धा जनाए तापनि अन्तस्करणदेखि विश्वामित्रको वशिष्ठप्रति द्रवित श्रद्धा थिएन।

साम्राज्य लिप्सा र पदलोलुपताका खग्गू विश्वामित्रका सामु आत्मविज्ञापनको औचित्य नठान्ने अनि सदैव क्रियमाण कर्मप्रति विश्वास राख्ने शान्त दान्त दयावन्त जस्ता गुण शीलद्वारा धूतपापा पुण्यात्मा वशिष्ठ ज्ञान विज्ञानका साधारण चमत्कारभन्दा कैयौंगुणा अगाडि छन् भन्ने कुरा गौण थियो। त्यस कोटिदेखि विश्वामित्र कोसौं टाढा थिए। त्यसोहुँदा विश्वामित्रले कदापि यस्तो विश्वास गरेका थिएनन् कि त्यस जोगीको कुटीमा आफ्नो दलबल पुग्दा यथेष्ठ खान पाउला। तर ब्रह्मज्ञानी वशिष्ठले कति आश्चर्य नमानी मर्यादा अनुकूल आतिथ्य पूरा गरे। वस्तुतः परम वैज्ञानिक वशिष्ठसँग विज्ञान-को प्रभूत चमत्कार पूर्व क्रियान्वित रहेकोले जति बेला जस्तो भन्यो त्यस्तै खाद्य तयार पार्ने बौद्धिक प्रबलता थियो।

भोलिपल्ट आश्रमबाट बिदा हुने अवस्थासम्म स्थिति बुझ्दा राजाका सवारीसाथ आएको कुनै पनि पदाधिकारी भोको रहेको शिकायत मिलेन बरू जो जसलाई जे जस्तो खाद्य खान छुछे छ : यस्तै खाद्य खाएको तथ्य महाराजले गुप्तचरबाट बुझे। त्यसले महाराजमा आश्चर्यको सीमा रहेन। अन्ततोगत्वा महाराजले कुलगुरूबाटै त्यस अदृश्य-तर अपार वैभवका सम्बन्धमा जानकारी लिन खोजे। कुलगुरू वशिष्ठमा यो ज्ञान थियो विश्वामित्र महाराज राजमदले माथि उठेका हुन्, उनी भौतिक चमत्कारमा विश्वास राख्दछन्; आध्यात्मिक ज्ञान र विद्यामा एकरत्ती गति छैन। त्यसउसले शुरू-शुरूमा महाराजलाई यस्ता ससाना व्यक्तिगत कुरामा चासो किन र भन्दै टार्न खोजे तथापि अन्तमा केही सीप नलाग्दा यस्तो प्रलोभन देखाएर महाराजको चित्तवृत्ति अरू लोभ्याए 'यस आश्रममा एउटी कामधेनु छन् उनैका अनुग्रहद्वारा सबै खाँचो टर्दै आएको छ।'

शुरूमा महाराजले कुलगुरूका भनाइको मर्म पटक्कै बुझेनन्; उनका अज्ञानी घटमा पक्कै दुधालु गाई हुनु पर्छ भन्ने पऱ्यो। त्यसकारण गाईमा लोभिएका विश्वामित्र त्यो गाई नलिई नछाड्ने हठ गर्न थाले 'तिमी त्यस्ती गाईको सेवा गर्न लायक छैनौ' भनेर कुलगुरूले नभनी भएन। तसर्थ बातैबातमा भनाभन भयो। विश्वामित्रले आश्रमका गाई खोलेर हाँक्न राष्ट्रभृत पदाधिकारीमा आदेश दिए; वशिष्ठले आफ्नो गोधनको सुरक्षा गर्न आश्रमका बटुलगायत आश्रमवासीहरूलाई अह्राए। दुई थरीका बीचमा घमासान युद्ध भयो। युद्धको कारणीमा आश्रमकी अदृश्य कामधेनु थिइन्।

विश्वामित्रको अपार सैन्यशक्तिको नाश भयो। आफ्नो सेनाको विनाश देखेर विश्वामित्र नांगो तरवार मच्चाई कुलगुरू वशिष्ठमाथि झंटन पुगे। वशिष्ठले आफ्ना हातमा धारण गरेको कौशेय देखाएर विश्वामित्र प्रहारको स्तम्भन गरे। यस घटनाले विश्वामित्रका घटमा शानैषणाको वीजारोपण भयो। कामधेनु त केवल बहाना मात्र हो भन्ने उनले बुझे। आफ्नो मूर्खतामा आफैं सर्माए।

त्यस घटनाले महाराज विश्वामित्रका घटमा विद्वत्त याने विप्रत्व र नृपत्वको कदापि तुलना हुनै नसक्ने शाश्वत सत्य ज्ञान फूर्‍यो। विद्वत्त सर्वजयी र अविनाशी सम्पत्ति हो; नृपत्व फीका हो क्षणभंगूर हो भन्ने शाश्वत सत्य ज्ञान स्फूरण भएकोले तत्काल राजमुकुट आफ्नै हातले उतार्दै यस्तो उद्‌गार प्रकट गरे :—

> 'धिग्बलं क्षत्रीयबलं ब्रह्मतेजोबलंबलं।
> एकेनब्रह्मदंडेन हतानि च शराणि मे॥'
> 'विद्वत्वं च नृपत्वं च नैवतुल्यं कदाचन।
> स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते॥'*

यथार्थमा यो आशय कथा हो। त्यसो भए तापनि भाव कथामा ब्राह्मण र क्षत्रीको तुल्य बलाबलको भाव दर्शाइएको छ। मर्म कथामा वा प्रतीक कथामा तत्कालीन समाजमा पढेका विद्वान् जो मुखजीवी छन् तिनीहरूलाई ब्रह्मज्ञ अथवा ब्राह्मण भनिन्थ्यो र बाहुबलजीवी क्षेत्ररक्षकलाई क्षत्रीय भनिन्थ्यो तसर्थ यी श्लोकमा प्रयुक्त विद्वत्व र विप्रत्व एक अर्काका पर्याय हुन् भन्ने संझिनु पर्दछ।

वस्तुतः राजमुकुट त्यागेर विश्वामित्र ज्ञानको खोजीमा अर्थात् अध्ययनमा गए। जबसम्म उनी निष्णात पारदर्शी बनेनन् अथवा प्रत्यक्ष प्रमाणमा र अन्तस्करण-चेतनामा पारंगत बनेनन् तबसम्म अध्ययनरत रहे, त्यस्तो एकाग्रता र तन्मय लगनशीलताको खारिएको नाम तपस्या हो। त्यस्तो अभिलषित तपस्यामा सफलता पाउन समर्पित व्यक्तित्वमा प्रभूत धैर्यशक्ति चाहिन्छ। धैर्यको कमी छ भने त्यस्तो अधीर व्यक्तित्वले लक्ष्य प्राप्ति गर्न सक्तैन। त्यसैले कि गरी छाडौंला कि मरी छाडौंला भनेर कम्मर कसेका व्यक्तिको धैर्यशक्ति बुझ्न प्रकृतिले भगवद्‌परीक्षा गर्ने अनादिकालदेखिकै चलन छ।

---

* तुजुक र दर्पका भरमा बाँचेको राजबल विप्रत्व (विद्वत्व) का अगाडि धिक्कार हो। एउटा कलमका भरले मेरो हतियारको सेखी चकनाचूर पार्‍यो। विद्वत्व र नृपत्वको (विद्वान् र राजाको) बीचमा कदापि तुलना हुनै सक्तैन किनभने राजाको धाक आफ्नै देशभित्र मात्र चल्छ तर विद्वान्‌को धाक संसारमा चल्न सक्छ।

वस्तुतः दैवीसम्पत्ति दुस्तर कष्टसाध्य हुन्छ । यस सम्पत्तिको प्राप्ति साधारण कष्टले हुँदैन । त्यसैले दैवीसम्पत्तिको विजिगीषा राख्ने पुरस्सर प्रवृत्तिका परीक्षामा अनेक व्यवधान पर्न आउँछन् । त्यसैकारणले दैवीसम्पत्ति प्राप्त गर्न अग्रसर विश्वामित्रको धैर्यशक्ति तन्मयभाव र लगनशीलता बुझ्न अनेक भगवद्परीक्षा भएका छन् । परन्तु उनी त्यस्ता परीक्षामा विचलित नभइकन कर्त्तव्यपथमा अडिग रहेर धीरोद्दात्तताको परिचय दिए । यसहिसाबले विश्वामित्र प्रत्येक स्वाभिमानी कर्मजीवी व्यक्ति विशेषका लागि प्रेरणाका स्रोत बनेका छन् ।

यिनै विश्वामित्रका मधुमती, शरद्वती र माधवी नामकी तीनवटी पत्नीबाट पैदा भएका आत्मजहरू अनि भार्गवगणका अजिगर्तका पुत्र शुनशेफ जसलाई नरबलिका निति बेचिएको थियो र विश्वामित्रले निर्भीकतासाथ त्यस निन्दित यज्ञमा हस्तक्षेप गरी शुनशेफको ज्यान बचाई धर्मपुत्र ग्रहण गरेर कौशिक वंशको विस्तार गर्नका साथै मानवता विरुद्ध गरिने कुकृत्यको सशक्त विरोध गरी कीर्तिमान् कायम गरेका छन् । यस्ता परमतेजस्वी विश्वामित्र पिताका पुत्रहरू पनि पिता जस्तै साहसी, कुशाग्र, तीक्ष्णबुद्धि, पारदर्शी विद्वान् एवं बलशाली भएकाले कौशिकादि सन्ततिको व्यापकता अधिक छ ।

**वंशप्रवर्तक, गोत्रप्रवर्तक; विश्वामित्रका गोत्रप्रवर्तक पुत्रहरू हुन्—कुशिक वा अघमर्षण, मधुच्छन्द, बाधूल, अष्टक, गोभिल, गोथूम, अवलाश्व, हारित, जयन्त, मृत्कण्डी,, कच्छप, कृतदेव, ऋतधाम, पारावत, शंख, लिखित, सुश्रुत, सम्भव, भविताश्व र देवरात समेत बीस भाइ । यो सबै गोत्रप्रवर्तक ऋषिकुल भएकाले अचेलका धेरैजसो चन्द्रवंशीहरू तत्तत् गोत्रमा अनुगृहीत छन् ।**

यसप्रकार चन्द्रवंश र विश्वामित्रको उत्पत्तिसम्बन्धी सार-संक्षेप मनन गर्नका साथै विश्वामित्रको ब्रह्मत्व प्राप्तिसम्बन्धी प्रेरक प्रसंग अनुभव गरियो । यस अगाडि जान्नुपर्ने अरू केही कुरा छन् जो नजानेसम्म कौशिकादि सन्तति अध्ययन मननको खास अर्थ लाग्दैन । जान्नुपर्ने कुरामा विश्वामित्रपुत्रको नाम अघमर्षण रहनु र प्रवरपुरुषमा गनिनु अनि कतिपय आचार्यले विश्वामित्रलाई प्रवरान्त पुरुषमा नलिनु आदि पर्न आउँछन् ।

सर्वान्तिम गूठिल भर्नौ जान्नुपर्ने कुरामा कुशजातिको निर्माणमा अन्य गणको के कति योगदान रहेको छ तत्सम्बन्धमा समेत यथाप्रसंग परिशीलन हुनु आवश्यक ठानिने छ । प्रत्येक चरित्रहरू पठनीय अनुकरणीय एवं स्मरणीय भए तापनि सर्वप्रथम अघमर्षणका दिव्यालोकमाथि विहंगावलोकन गर्नु लाभदायक हुनेछ ।

### ३.४.१. अघमर्षण दृढव्रतः

अथर्ववेद अन्तर्गत पीप्पलाद शाखाको कौशिक संहितामा अघमर्षणका सम्बन्धमा प्रेरक प्रसंग दिएको छ। त्यसमा यसरी प्रकाश पारिएको छ :—पितृभक्तपरायण दृढव्रत अघमर्षणका सम्बन्धमा जतिसुकै वर्णन गरे पनि कमै हुने छ तथापि उनको वास्तविक नाम अघमर्षण होइन कुशिक हो। त्यसकारण पनि जान्न रहर लाग्दछ कि कुशिकबाट किन अघमर्षण भनिए। त्यसको कारण यस प्रकार छ—परम तेजस्वी र कुशल साहसी ऋषीपुंगव एवं आत्मजयी विश्वामित्र आफ्नो कठोर तपस्या भनौं अग्निपरीक्षा पूर्ण गरी ब्रह्मर्षि पद प्राप्त गरेर भर्खरै फर्केका थिए। त्यसै अवसरमा एकाएक पश्चिम दिशा-तर्फ एक अनौठो प्रकाशपुंज अधोपतनको गतिमा भूतलतर्फ गिर्दैरहेको अशुभ दृश्य ऋषिपुंगव विश्वामित्रका तीखा दृष्टिमा पऱ्यो। तपोपूत दिनचर्या भएका त्रिकालदर्शी-मुनिले त्यस प्रकाशको रहस्य नजान्ने कुनै कारण थिएन तथापि तत्काल परिसम्वादमा संलग्न पत्नी विदुषी मधुमतीका मर्यादाको ख्यालराखी अनभिज्ञकै पाराले सहजभावमा प्रश्न गरे "कल्याणी ! म के देखिरहेको छु त्यो अनौठो प्रकाश जो क्रमशः अधो-मुख पतन हुँदैछ ?"

पति विश्वामित्रका विनोदपूर्ण प्रश्नको उत्तरमा विदुषी मधुमतीले पनि उस्तै विनोद-प्रिय शब्दावलीमा यसरी भनिन् "आर्यपुत्र ! आफू तपस्यामा पाल्नुभएपछिका दर्दनाक घटनाहरूसँग सम्बन्धित त्यस प्रकाशभित्र बडो सम्वेदनशील कथा र व्यथा लुकेको छ। त्यससम्बन्धी आद्योपान्त वर्णन गर्ने हो भने त बढी समय लाग्न सक्छ। जसले आर्यपुत्रका सफलताको प्रशंसा र शुभागमनको अगुवाइ गरेका छन् तिनीहरू नै कुनै समय हाम्रा सत्प्रयासको उपहास गर्दथे साथै अन्त-स्करणदेखि विफलताको सातत्य कामना गर्दथे। विवशमित्र त पागल भएर वेपत्ता भए, सन्की मिजासका मानिसको त्यस्तो दुर्गति हुन्छ भन्दथे। यसले स्पष्ट गर्दछ बलेको आगो सबकोही ताप्छ तर निम्न लागेको आगो जो कोही ताप्दैन।"

साध्वी मधुमती कस्तो वेदना व्यक्त गर्न उत्सुक छन् त्यो बुझ्ने अभिप्राय लिएका ब्रह्मर्षि विश्वामित्रले विदुषी मधुमतीका धैर्य एवं रूप लावण्यको प्रशंसा गर्द उस्तै विनोदप्रिय वाक्यमा भने "कल्याणी ! तपश्चर्या त यहाँ पनि चल्दैथियो जुन अद्‌भूत साहसको वलिवेदीमा यत्रो पारिवारिक बोझ खपेर तिमी जस्ती साध्वी नारी धर्मशीलाको तन्मय भाव सदा जाग्रत र एकाग्र थियो। त्यस्तै उता तपोवनमा जहाँ तिम्रा पतिलाई अभीप्सा प्राप्त नगरून्जेल कर्त्तव्यपथबाट विच-लित नहुन प्रेरित गरेकी थियौ। यद्यपि फरक यति हो त्यस बेला पनि आगो त आफ्नो स्थितिमा बलेकै थियो। रह्यो अब अरूले चाना पखालेको कुरो; त्यस-

लाई पनि प्रेरक प्रसंग मान्नु पर्छ। यदि त्यसरी चाना नपखालेका भए हामी स्वयं कर्त्तव्यच्यूत हुने थियौं कि ?"

पतिका अन्तस्करण स्पर्श गर्न सफल मधुमतीले व्यतीत दुर्घटनाहरू अक्षरशः अवगत गराउँदै भनिन् "आर्यपुत्र ! श्रीमान् राजपाट त्यागी तपस्या गर्न पाल्नुभएपछि राज्यका सत्तारूढ पक्षबाट उपेक्षित र तिरष्कृत यी अनाथ बालकहरू सहित हामी निराभरणाहरू स्वेच्छाले निर्वासित जीवन बिताउन विवश बन्यौं। गाउँ शहर राजभवनको निवास त स्वप्न तुल्य भयो भयो वनजंगलमा पनि मन परेको ठाउँ मिलेन। लुको छिपी बसेका झाडीहरूमा पनि विभिन्न तरीकाले सताउने दुःख दिने काम भयो। विभिन्न दुःख कष्ट झेलेर पनि निर्भय रहन पाइएन। त्यस्तो दुःख कष्टका बेला कुलगुरूको समेत हामीमाथि एकरती सहानु-भूति रहेन। अरू कोही दयावन्तले हामीमाथि करूणा जनाउन चाहे पनि त्यो सह्य भएन। त्यस्तो थाहा पाएमा ती दयावन्त समेत त्यस दिव्यताका कोप-भाजन बनिए। हाम्रो कारणबाट ती भाग्यवन्तले आफ्नो भाग्यदेखि हात धुनु-पऱ्यो। त्यस्तै हतभागी व्यक्तिका पंक्तिमा कौशल राज्यका भावी कर्णधार सत्यव्रत पर्नुभएको छ। यो अनाथलाई उपकार गर्न खोजेको अभियोगमा पुण्यात्मा सत्यव्रतदेखि कुपित भएर कुलगुरूले श्राप दिनुभयो, त्रिताप ग्रस्त 'त्रिशंकु' नाम राख्नुभएको छ।

आर्यपुत्रका अनुपस्थितिमा हाम्रो दुःख कष्टमा सहयोगी बनिन चाहनुभयो। माइतीका कठैवरीको उपेक्षा गर्न नसक्दा हामी उहाँका सहयोगप्रति कृतज्ञ रह्यौं। उहाँ प्रायजसो वनका कन्दमूल, सागपात, फलफूल, मृगादि शिकार खोजमेल गरी ल्याएर वनका एक निश्चित कुनामा राखिदिनुहुन्थ्यो; बालकहरू त्यस उपकारदेखि रमाउँथे। यत्रो परिवार त्यस प्राप्तिले जीवन धान्दथ्यो। अन्तमा त्यो कार्य पनि कुलगुरूलाई सह्य भएन र कुपित भएर श्राप दिनुभयो। त्यसै श्रापको भोग गर्न निम्ति पुन्य क्षीण भएर राजकुमार सत्यव्रत स्वर्गासन त्यागी धरातलतर्फ झर्दैछन्। धरातलमा उहाँले कतिपय दारूण कष्ट र यातना भोग्नु पर्ने होला।"

साध्वी मधुमतीका मुखबाट राजकुमार सत्यव्रतमाथि अनर्थमा आईपरेका दारूण विपत्तिले भरिएका करूण कथा सुनेर ब्रह्मर्षि विश्वामित्र केही क्षण हत-प्रभ रहे। उनको सम्वेदनशील हृदय द्रवित बन्यो। प्रत्युपकारमा तत्काल के गर्न आवश्यक छ सो पत्ता लगाउन क्षणभर ध्यानमग्न रहे। तत्काल उपाय पत्ता लगाई आज्ञार्थ सामु खडारहेका ज्येष्ठपुत्र कुशिकलाई सम्बोधन गर्दै भने

"बाबू ! तिमीले आर्जेको संचित पुण्य ज्ञापन गरेर उद्धार गर, प्रतिदानसँगै उभय कल्याण हुनेछ ।"

कर्त्तव्यपरायण कुशिकले पिताको आज्ञा तत्काल पालन गरे, राजकुमार सत्यव्रतको उद्धारभयो । तर तत्कालै पितृभक्त परायण कुशिक रूप-लावण्य र कान्तिविहीन बने । उनको शरीर विकलांग र विरूप बन्यो । त्यस घटनाले सबैलाई आकुल बनायो, किंकर्तव्य बने । यद्यपि दूरदर्शी विश्वामित्रले भने केही जस्तो ठानेनन् । कत्ति विचलित नभइकन पूर्ववत् निर्देश दिँदै भने "वंशदीपक ! तिमी ज्ञानी छौ, प्रवुद्ध छौ, शुद्ध छौ, कर्त्तव्य परायण छौ ! तिमीलाई ज्ञान छ मानव जीवनका चारवटा अमूर्त आभूषण हुन्छन् जसको धारण विना जीवन फिका र मूल्यहीन हुन जान्छ । जीवनका विभिन्न पक्षमा बिर्सनै नसकिने ती चार बहुमूल्य आभूषण हुन् दानशील, पुण्यशील, धर्मशील, क्षमशील । यी चार सदैव एकसाथ रहने तत्व हुन्, चारमा एक नभएमा अरू तीन तत्व पनि मृतप्रायः रहन्छन् । तिमी अहिले त्यस्तै छौ ।

स्वेच्छाले तिमी अहिले पुण्यशील रहित भयौ । किनभने तिमीले आजसम्म जे जति पुण्य आर्जन गरेका थियौ त्यो सबै राजकुमार सत्यव्रतका उद्धारखातिर समर्पण गरिसक्यौ । पुण्यशीलसँगै दानशील र धर्मशील पनि सुशोभित रहन्छन् । तिनको अभावमा मनुष्य जीवनको मूल्य हुँदैन । तिमीमा त्यसै भएको हो । त्यसको निवारणखातिर तिमीले श्रीशैलमा गएर सीतानदीका पवित्र जलधारामा मलस्नान गरी भगवती शैलेश्वरीको आराधना गर ! शैलेश्वरीका अनुकम्पाद्वारा तिम्रो उद्धार हुनेछ र लोकमा छूततपापा पुण्यात्मा अघमर्षण नामद्वारा प्रख्यात हुनेछौ ।"

प्रतिज्ञा परायण पिताका पुत्र कुशिक मुनिलाई मार्गदर्शनको मात्र बेर थियो कार्यान्वयनमा बेर थिएन । त्यसैले मनमा समन्वित भावनाका अनन्त अभिलाषा एवं प्रचुर आनुकल्पिक सामग्री बोकेर कुशिक मुनि शैलदेशतर्फ लागे ।

श्रीपाल हिमालयका न्यानो वक्षस्थलमा बसी सीतानदीका उत्ताल तरंगमा नित्य स्नान गरी बर्षौं तपस्यारत रहँदा उनीमाथि भगवती शैलेश्वरीका कृपादृष्टि परे । उनको विकलांगपन साथै कुरूपता निर्मूल भयो र परम तेजस्वी साधकमा परिणत भए । त्यहीं नै शैलेश्वरीको अमोघ बचन स्फुरित भयो "धूतपापा ! तिमी आफ्नो एकाग्रता तन्मय भाव र आहार तथा व्यवहार शुद्धि जस्ता पवित्र आचरणले अघमर्षण भयौ । तिम्रा पूर्वसंचित सबै प्रकारका शीलहरू तिमीसँग छन् । तसर्थ अब निश्चिंत बनेर सावित्रीको समाराधना गर । त्यसै माध्यमबाट भविष्यमा प्रवरपुरूषका आर्षजीवन, सुन्दर सपना साकार पार्नेछौ ।"

यस घटनापछि उनी अघमर्षण नामबाट प्रख्यात भए । पछि आंगीरसगणले आफ्नी कन्या ग्रहण गरी प्राजापत्य सम्बन्ध कायम गर्न आग्रह गरेकोले स्वीकृति लिन पिता-समक्ष पुगे । यथासमय पितामाताको अनुमति प्राप्त गरी सौभाग्यवती विन्दुमतीसँग विवाह गरेर श्रीशैलका उत्तर भागमा खेचराद्रि पर्वतमा बसे । त्यही स्थलमा विन्दुमतीबाट चारपुत्र पैदा भए । पुत्रहरूको नाम रह्यो घृतकौशिक, इन्द्रकौशिक, देवकौशिक र द्रुमकौशिक ।

भविष्यमा यी चारजना महामना तपस्वीहरू गोत्रप्रवर्तक भएकाले प्रवरपुरुष बन्ने अघमर्षणको सुन्दर सपना साकार भयो । यी चारमा हाम्रा विवेच्य नायक पर्दछन् घृत-कौशिक मुनि । यसरी धूतपापा अघमर्षण चरित्रको दिव्यालोकमाथि सौदामिनी प्रकाश पारेपछि यस अगाडिको ज्ञातव्य रहन्छ घृतकौशिकलाई कुन हीन व्यत्यय स्थापित गरी ब्राह्मण स्वर्वस्व जातिभास्कर जस्ता प्रयत्नले कम प्रवरान्वित ठम्यायो । वस्तुतः यससम्बन्धी ज्ञातव्य एक सार्वभौम सनातन मानिए तापनि तत्काल यकीन गर्न सम्भव हुँदैन । यद्यपि प्रवरपुरुषको नाम ग्रहण गर्ने परिप्रसंगमा समेत के कस्तो प्रयोग हुँदै आएको छ त्यसमाथि विहंगावलोकन गरी मनन गर्दा आशानुकूल स्पष्ट हुने अपेक्षा रहन्छ ।

## ३. ४. २. कौशिकादि सन्ततिका प्रवरपुरुषहरू

पुराणहरूमा आंशिकरूपमा मतभिन्नता पाइनु स्वाभाविक हो । वंशानुवंश चरित्रको वर्णन गर्दा आचार्यभेदले एक व्यक्ति अनेक नाम दिग्दर्शित छन् । जस्तो श्रीमद्भागवत महापुराणमा विश्वामित्रको मधुमती, अभिमती, यशोवती र माधवी नामकी चारवटी पत्नीबाट जम्मा १०८ भाइ पुत्र पैदा भएको उल्लेख छ जसमा यशोवतीतर्फका आष्ठिसेन प्रमुख छोराहरू पिताका श्रापले मुलसमान भए भनिएको छ । माधवीका अष्टक विन्दुमान आदि आठ भाइ क्षात्रधर्ममैं रहेर राजवंश चलाएको उल्लेख छ र यो कुरा महाभारतमा पनि मिल्दछ । मधुमती र अभिमतीतर्फका मधुच्छन्द, शलंक, अघमर्षण आदि पचास भाइ विप्रत्वमा नै स्थिर रही ब्राह्मणवंश चलाएर प्रवर पुरुष भए भन्ने कुरा चाहिं मत्स्यपुराण (उत्तरार्ध) अध्याय १९८ मा लेखिएको छ अनी ती सबै प्रवरपुरुषको नाम दिएकोले निकै रोचक प्रसंगमा परेको अनुभव गरिएको छ । त्यसकारण कौशिकादि सन्ततिको अध्ययन पूर्णताको अभीप्साले यस प्रसंगमा उद्धृत गरिएको छ :—

> अत्रेरेवापरं वंशं तव वक्ष्यामि पार्थिव ।
> अत्रेः सोमः सुतः श्रीमांस्तस्य वंशोद्भवो नृप ॥
> विश्वामित्रस्तु तपसा ब्राह्मण्यं समवाप्तवान् ।
> तस्य वंशमहं वक्ष्ये तन्मे निगदतः शृणु ॥
> विशवमित्रो देवरातस्तथा वैकृति गालवः ।

वतण्डश्च शलंकश्च द्रुमकौशिक सायनः ॥
श्यामायना याज्ञवल्क्या जाबालाः सैन्धवायनाः ।
बाभव्याश्च करीषाश्च संश्रुत्या अथ वाष्कलाः ॥
उलूपा औपहावाश्चामर्षणिर्जनपादपाः ।
खरवाचो हलययाः साधिता इन्द्रकौशिकाः ॥
वास्तुकौशिक विज्ञाता सर्वेषां परिकीर्तिताः ।
विश्वामित्रो देवरात उद्दालश्च महायशाः ॥
परस्परमवैवाह्या ऋषयः परिकीर्तिता ।
देवकौशिकः जातेयाः सौमुकाः कारूकायणा ॥
तथा वैदेहराता ये कुशिकाश्च नराधिप ।
त्र्यार्षेयोभिमतस्तेषां सर्वेषां प्रवरः शुभः ॥
देवश्तवाः देवरातो विश्वामित्रस्तथैव च ।
परस्परमवैवाह्या ऋषयः परिकीर्तिताः ॥
धनंजयः कपर्दयः परिकूटश्च पार्थिव ।
पाणिनिश्चैव त्र्यार्षेयाः सर्व एते प्रकीर्तिताः ॥ १० ॥

विश्वामित्रस्तथाद्यश्च माधुच्छन्दस एव च ।
त्र्यार्षेयाः प्रवरा ह्यते ऋषयः परिकीर्तिताः ॥
विश्वामित्रोमधुच्छन्दास्तथा चैवाघमर्षणः ।
परस्परमवैवाह्या त्र्यार्षेयाः परिकीर्तिताः ॥ १२ ॥

कामलायनिजश्चैव अश्मरथ्यस्तथैव च ।
वञ्जुलिश्चापि त्र्यार्षेयाः सर्वेषां प्रवरो मतः ॥
विश्वामित्रश्चाश्मरथ्यो वञ्जुलिश्च महातपाः ।
परस्परमवैवाह्या ऋषयः परिकीर्तिताः ॥
विश्वामित्रो लोहितश्च अष्टकः पुरणस्तथा ।
विश्वामित्रः पुरणश्च त्र्यार्षेयः प्रवरास्मृता ।
परस्परमवैवाह्या पुरणाश्च परस्परम् ।
लोहिता अष्टकाश्चैषां त्र्यार्षेयाः परिकीर्तिताः ॥ १६ ॥

विश्वामित्रो लोहितश्च अष्टकश्च महातपाः ।
अष्टका लोहितैर्नित्यमवैवाह्या परस्परम् ॥
आर्षेयोभिमतस्तेषां सर्वेषां प्रवरः स्मृतः ।
ऋणवन् गतिनश्चैव विश्वामित्रस्तथैव च ॥

परस्परमवैवाह्या ऋषयः परिकीर्तिताः ॥
उदुम्बरः सैषिरिटि ऋषिस्त्राक्षायणीस्तथा ॥
शाट्यायनिः करीराशी शालंकायनि वाष्कली ।
मौञ्जायनिश्च भगवांस्त्र्यार्षेयाः परिकीर्तिताः ॥ २० ॥

खिलिखिलिस्तथा विद्यो विश्वामित्रस्तथैव च ।
परस्परमवैवाह्या ऋषयः परिकीर्तिताः ॥ २१ ॥

एते तवोक्ताः कुशिका नरेन्द्र महानुभावाः सततं द्विजेन्द्राः ।
येषांतुनाम्नां परिकीर्तितेन पापं समग्रं पुरुषो जहाति ॥ २२ ॥

राजन् ! अत्रिकै वंशमा बडा तपस्वी धृतिमान् राजा विश्वामित्र भए । उनी कठोर तपस्याद्वारा विप्रत्वमा प्राप्त भए । त्यसकारण म तिनका वंश प्रवरका सम्बन्धमा वर्णन गर्दछु सुन्नुहोस् । विश्वामित्रका गोत्र प्रवर चलाउन सफल छोराहरूको नाम यसप्रकार छ—देवरात, विकृति, गालव, वतण्ड, शलंक, द्रुमकौशिक, सायन, श्यामायन, याज्ञवल्क्य, जाबाल, सैन्धवायन, बाभ्रव्य, करीष, संश्रुत, वाष्कल, उलूप, औपहाव, अमर्षणी, जनपादप, खरबाच, हल्य, साधित, इन्द्रकौशिक, वास्तुकौशिक आदि यी सबै गोत्रप्रवर्तक प्रवर पुरुष हुन् । विश्वामित्र, देवरात र उद्दालक यी तीन प्रारम्भमा भिन्न अभिजन भए तापनि यी तीनै प्रवर पुरुष भएकाले यी गोत्र प्रवरभित्र आपसमा विहावरी हुनु हुँदैन ।

त्यसरी नै देवकौशिक, जातेय, सौमुक, कारूकायन, वैदेहरात कौशिक अभिजनभित्र पर्ने हुनाले महाराज ! यी सबै तीन-तीन प्रवरधारी सन्तति हुन् । त्यसरी नै देवश्रवा, देवरात र विश्वामित्रका सन्ततिबीच विहावरी हुनु हुँदैन । त्यस्तै हे राजन् ! धनंजय, कपर्देय, परिकूट, पाणिनी आदि पनि तीन तीन प्रवरधारी सन्तति हुन् यी गोत्रकाबीच विहावरी हुनु हुँदैन । त्यस्तै विश्वामित्र, आद्यप ( औदल ) मधुच्छन्द, अघमर्षण यी सबै तीन प्रवरधारी सन्तति हुन् यिनमा परस्पर विहावरी हुनु हुँदैन ।

त्यसरी नै कामलायनिज, अश्मरथ, बञ्जुलि, लौहित, अष्टक, पुरण आदि सबै विश्वामित्र प्रवरका सन्ततिहरूकाबीच परस्पर विहावरी हुनु हुँदैन । त्यसरी नै उदरेणु, क्रथक, उदावह, ऋणवन्, गतिन, उदुम्बर, सैषिरिटि स्त्राक्षायणी, शाट्यायनि, करीराशी, शालंकायनि, वाष्कलि, मौञ्जायनि, खिलिखिलि, विघूम आदि विश्वामित्र प्रवरका तीन तीन प्रवरधारी सन्ततिहरू परस्पर विहावरी गर्न नहुनेमा पर्दछन् ।

हे राजन् ! यी सबै कौशिकादि सन्ततिहरू उच्च अभिजनमा पर्दछन् । यिनमा कतिपय प्रतिभाशाली प्रभावशाली पुरुषहरू भएका छन् यिनको विस्तापूर्वक नाम जान्न चाहने पुरुषहरू कतिपय नजाती कामबाट पार लाग्दछन् ।

**विवेचना**—सर्वसाधारण पाठकका मनमा पर्न सक्छ यतिको वर्णनमा घृतकौशिकको नाम खोइ त ? यसको समाधान वंशवृक्षले गर्नेहुँदा वंशवृक्षमा याद गर्नुपर्छ र जान्न चाहेको कुरा छलंग जान्न पाइन्छ । घृतकौशिक विश्वामित्रका छोरा नभएर नाति हुन् । बरू यसमा देखाइएका प्रवर पुरुषमा इन्द्रकौशिक, द्रुमकौशिक, देवकौशिकको नाम देवरात, शलंक, अघमर्षणसँगै छोराका क्रममा देखाएको छ । किन त्यसो भएको हो तत्काल यसै होला भन्न सकिदैन । अन्य उपक्रममा यी कौशिकहरू अघमर्षणका छोरा औ घृतकौशिकका भाइका पंक्तिमा देखाइएको छ । वस्तुतः यी कौशिकहरू विश्वामित्रका छोरा नभएर नाति हुन सक्छन् । प्रस्तुत सन्तति सन्दर्भमा नातिकै पंक्तिमा लिइएको छ ।

अब प्रश्न उठ्छ घृतकौशिक कसका छोरा हुन् उनका बाबुको नाम के हो ? घृत-कौशिक गोत्रको प्रवर उच्चारण गर्दा सगोत्र बन्धुमा भिन्नता पाइएको छ । जस्तो पात्पातिर प्रवर उच्चारण गर्दा 'घृतकौशिक देवरात विश्वामित्र इतित्रिप्रवर' भनेको पाइयो भने तनहूँतिर प्रवरोच्चारण गर्दा घृतकौशिक शालंकायन विश्वामित्र भनेको पाइयो । यसो होभने अभिजन परम्पराअनुसार घृतकौशिकका बाबु देवरात वा शलंक हुन सक्छन् । त्यसकारण कौशिकसंहिताको आधार लिनु शंकारूपी गौंडोबाट सहजै पार पाउने एक उपाय देखियो । कौशिकसंहिता अनुसार **'विन्दुमत्यां चतस्त्रपुत्रोरजायन्त'** तिर दृष्टिपात गर्दा विन्दुमती अघमर्षणकी पत्नी हुन् । उनी भारद्वाज तनया थिइन् । अघमर्षणको वास्तविक नाम कुशेशय थियो । कुशेशयले राजकुमार सत्यव्रत (त्रिशंकु) लाई पुण्यदान गर्दा पुण्यशील क्षीण भई विकलांग र विद्रूप भएकोले पापमोचका लागि श्रीशैलमा गई शैलेश्वरीको तपस्या गर्दा पापमोचन अर्थात् अघमर्षण गर्न सफल भएकाले पंचजनका भूपति वैतहव्यले आफ्नो पुत्री विन्दुमतीको विवाह अघमर्षणसित गरिदिए भन्ने प्रसंग कौशिकसंहिता, विष्णुपुराण आदिमा परेको छ र अघमर्षण कृतकर्म तथा तज्जन्य फलप्राप्तिका सम्बन्धमा यथाप्रसंग प्रकाश पारिएको छ ।

अन्ततोगत्वा यस प्रसंगमा लेख्नुपर्ने कुरा छ प्रवरमा देखापरेका भिन्नताको निरा-करणबारे के गर्ने ? साधारण हिसाबले हेर्ने हो भने माथिका हरपद्वारा यथोचित निराकरणत भइसक्यो नै । घृतकौशिक वंश अभिजन परम्पराद्वारा चलेको वंश हो, गुरुकुल परम्पराद्वारा संस्कार गरी उठाइएको संस्कृत कुल होइन । त्यसउसले यस गोत्रको प्रवरोच्चारण गर्दा **'तातक्षितयेति'** सूक्तिवाक्य अनुसार **'घृतकौशिक, अघमर्षण, विश्वामित्रेति त्रिप्रवर'** गर्नु पर्छ ।

यसका लागि एकदृष्टि श्रीमद्भागवत महापुराणतर्फ पनि दिनु उचित छ। नवम-स्कन्ध सोह्रौं अध्यायमा यस्तो उल्लेख छ—

गाधेरभून्महातेजाः समिद्ध इव पावकः।
तपसा क्षात्रमुत्सृज्य यो लेभे ब्रह्मवर्चसम् ॥२८॥
विश्वामित्रस्य चैवासन् पुत्रा एकशतं नृप।
मध्यमस्तु मधुच्छन्दा मधुच्छन्दस एव ते ॥२९॥
पुत्रं कृत्वा शुनः शेषं देवरातं च भार्गवम्।
आजीगर्तं सुतानाह ज्येष्ठ एष प्रकल्प्यताम् ॥३०॥
यो वै हरिश्चन्द्रमखे विक्रीतः पुरुषः पशुः।
स्तुत्वा देवान् प्रजेसादीन् मुमुचे पाश बन्धनात् ॥३१॥
यो रातो देवयजने देवैर्गाधिषु तापसः।
देवरात इतिख्यातः शुनः शेपः स भार्गवः ॥३२॥
ये मधुच्छन्दसो ज्येष्ठाः कुशलं मेनिरे च तत्।
असपतान्मुनिः क्रुद्धो म्लेच्छा भवत दुर्जनाः ॥३३॥
स होवाच मधुच्छन्दाः सार्धं पंचशता ततः।
यन्नो भवान् संजानीते तस्मि स्तिष्ठामहे वयम् ॥३४॥
ज्येष्ठं मन्त्रदृशं चक्रुस्त्वामन्वञ्चो वयं स्महि।
विश्वामित्रः सुतानाह वीरवन्तो भविष्यथ।
ये मानं मे ऽनुगृह्णन्तो वीरवन्तमकर्तमाम् ॥३५॥
एष वः कुशिका वीरो देवरातसमन्वित।
अन्ये चाष्टक हारीतजयक्रतुमदादयः ॥३६॥
एवं कौशिकगोत्रं तु विश्वामित्रै पृथक् विधम्।
प्रवरान्तरमापन्नं तद्धि चैवं प्रकल्पितम् ॥३७॥

जल्दो आगो जस्ता रापिला र तेजस्वी पुरुष गाधिपुत्र विश्वामित्र भए जसले राजपाट क्षात्रकर्म त्यागेर कठोर तपस्याद्वारा विप्रत्व प्राप्त गरे। तिनै विश्वामित्रका एकशय छोरा थिए जसमा शुरू पचास भाइ आष्टिसेन प्रमुख र पछिल्ला पचास भाइ मधुच्छन्द प्रमुख थिए। एक समय भार्गवगोत्रीय अजीगर्तपुत्र शुनशेपलाई राजा हरिश्चन्द्र-का नरमेध यज्ञबाट जीवनदान दिलाएर त्यसपछि सबै छोराका सामु नवानीत शुनशेफ भनिएका देवरातलाई जेठो भाइ मान्न सल्लाह दिनुभयो। पिताको सल्लाह नमानेर

तिरस्कार गरेकोमा आष्टिसेन प्रमुख पचास भाइलाई धिक्कार दिंदै भन्नुभयो 'तिमी दुर्जनहरू मुसलमान हुनू ।'

मधुच्छन्दादि पचास भाइले पिताको सल्लाह मान्न इच्छा प्रकट गरे । आज्ञापरायण छोराहरूसँग यिनीले भने 'तिमीहरू वीर्ययुक्त विद्वान् वंशप्रवर्तक हुनू ।' यसरी देवरात सहित कौशिकादि संततिका प्रवरपुरुषहरू कीर्तिमन्त भएर बढे । मधुच्छन्दादि पचास भाइपछि पनि अष्टक, हारीत, जयन्त, क्रतुमद आदि आठ छोरा अरू जन्मिए र यो संख्या ५८ पुग्यो । यसरी विभिन्न गोत्र तथा प्रवरपुरुषमा संगठित वंशको विस्तार विश्वामित्रद्वारा नै कल्पना गरिएको छ ।

यस अगाडि अघमर्षण चरित्र, घृतकौशिक प्रवरपुरुष आदि विभिन्न प्रसंगमा शंकासमाधानार्थ ताछिल्य प्रयत्नहरू भएका छन् । त्यसउसले यस प्रसंको यहीं अन्त गर्नु उचित हुनेछ ।

●

## ३. ५. घृतकौशिक गोत्र प्रवर्तक प्रवरपुरुष

प्रस्तुत सन्दर्भ कौशिकादि सन्ततिको पुराणकालीन परिपृष्ठका शिलशिलामा अन्तिम पुष्पिका भनेमा खास फरक पर्दैन । अतएव यस अर्थमा गन्तव्यको लक्ष्मण रेखा अर्थात् नाभिकीय बिन्दुनगीच पुग्न लागिएको छ । कौशिकवंशको प्रभूत अन्तस्तल परिदर्शन गर्न पर्याप्त समय लाग्ने सत्यता मनन गरी भरिसक्य मन्तव्य छोट्याइँदै छ । यसक्रममा बहुधा विवेच्य विषयवस्तुहरू अलग्ग राखेर केवल वीर्यवान् गाधि महाराजका शौर्य-माथि, महामन्त विश्वामित्रका सातत्य संघर्षमाथि प्रवरपुरुष अघमर्षण मुनिका कर्तव्य परायणतामाथि एक झिल्का उज्यालो छर्ने प्रयाससम्म भयो । त्यस क्रमको अन्तिम पुष्पिकामार्फत् महर्षि घृतकौशिक मुनि र प्रवरपुरुषका मतमतान्तरमाथि त्यस्तै एक झिल्का प्रयास छर्ने प्रयत्न गरिंदैछ । यसपछि चन्द्रवंशका शौर्यकथामा महाराज रजिका सम्बन्धमा चञ्चुप्रवेश गरिनेछ ।

जातिभास्कर तथा ब्राह्मण सर्वस्व नामका ग्रन्थहरूमा ग्रन्थकर्तालि के कति कारणले हो कौशिकगणमध्येका घृतकौशिक गोत्रलाई दुई प्रवरमा गणना गरेका छन् । साथै धर्मसिन्धु निर्णयसिन्धु जस्ता निर्णायक ग्रन्थहरूले पनि उक्त ग्रन्थकै अनुशरण गरेको अनुमान गरिन्छ । नेपालका पहिला मानवशास्त्री शिखरनाथ सुवेदी समेतले पूर्वोक्त ग्रन्थकारको अनुशरण गरी एकै गणभित्रका प्रवरपुरुषहरूमाथि भेदनीति अपनाएका छन् । जस्तो नेपालमा विशेष गरी नेपाली मूलका समाजमा पाइने कौशिकवंशीहरूमा

अद्यावधि प्रकाशमा आएका गोत्रसंख्या ६ प्रवरसंख्या १० छन् जसमध्ये वत्सगणका निकट हुने र गार्ग्यका निकटवर्तिबाहेक अरु प्रवरहरू त्रिप्रवरान्त छन् । गर्ग र सांडिल्य गोत्रमा विकल्पले पाँच प्रवर पनि चलेको पाइन्छ। नत्रअरु गोत्र प्रवरहरू तीन प्रवरमै व्यवहृत छन् ।

घृतकौशिक गोत्रको प्रवर निर्णय गर्दा निर्णयकर्तालि कुनै स्पष्टीकरण बिना 'घृत-कौशिक वैश्वामित्रेति द्वौ, केचिद्देके' उल्लेख गरेका छन् । तथापि यस पर्वताश्रयिन् भूतलमा कौशिकगणमा एक प्रवर कतै देखिएको छैन । कानीन, जातुकर्ण्य र जाबाल गोत्रहरूमा भने विकल्पले कतै-कतै एक प्रवर चलेको देखिन्छ । किन त्यसो गरेको होला त्यो जान्नुभन्दा पहिले उक्त गोत्र तथा प्रवरपुरुषको तालिकामाथि विहंगमदृष्टि दिनु कर्तव्य भएको छ :—

**गोत्र-प्रवर तालिका—(१)**

| गोत्र | प्रवरपुरुष | संख्या |
|---|---|---|
| १. कौशिक गोत्र | क. कौशिक, देवरात, औदल | ३ |
| | अथवा | |
| | ख. कौशिक, मृत्कण्डी, विश्वामित्र | ३ |
| | अथवा | |
| | ग. कौशिक, भार्म्य, अजगर्त | ३ |
| २. घृतकौशिक गोत्र | क. घृतकौशिक, वैश्वामित्र | २ |
| | अथवा | |
| | ख. विश्वामित्र | १ |
| ३. देवकौशिक गोत्र | क. देवकौशिक, अघमर्षण, विश्वामित्र | ३ |
| | अथवा | |
| | ख. देवकौशिक, जयन्त, विश्वामित्र | ३ |
| ४. धनंजय गोत्र | धनंजय, माधुच्छन्द, विश्वामित्र | ३ |
| ५. बाधूलगोत्र | बाधूल, सालंकायन, विश्वामित्र | ३ |
| ६. आश्वलायन गोत्र | आश्वलायन, देवरात, विश्वामित्र | ३ |
| ७. पारामरिचि गोत्र | पारामरिचि, भार्म्य, विश्वामित्र | ३ |

| | | |
|---|---|---|
| ८. गर्ग गोत्र | क. गर्ग, गार्ग्य, च्यवन, भार्म्य, विश्वामित्र | ५ |
| | अथवा | |
| | ख. गार्ग्य, गोभील, साम्भव, कौत्सा, विश्वामित्र | ५ |
| ९. वत्स गोत्र | क. वत्स, भार्गव, च्यवन, ओर्व, जामदग्न्य | ५ |
| | अथवा | |
| | ख. वत्स, भार्गव, देवलास्व, पर्वत, विश्वामित्र | ५ |
| १०. सांडिल्य गोत्र | क. सांडिल्य, भार्गव, कृष्णांजनी, गृत्समद शातप | ५ |
| | अथवा | |
| | ख. सांडिल्य, शातप, कृष्णांजनी | ३ |

यस तालिकाबाट विश्वामित्र प्रवरको अध्ययन गर्न सहयोग मिलेको छ। यसबाट के जान्न सकिन्छ भने विश्वामित्र प्रवर कुल परम्परा र गुरुपरम्परा दुवैमा व्यापक रहेछ। वंशगतप्रवर कुल परम्परामा पर्दछ र त्यस प्रयोजनलाई जन्मना ब्राह्मण अथवा कुलीनताका छवि दिन सक्ने मानिन्छ। गुरुकुलहरूमा अग्निसंस्कार वा सूर्यसंस्कारद्वारा शुद्ध-संस्कार गरी ब्राह्मण बनाइएका कर्मणा ब्राह्मण अथवा संस्कृत-ब्राह्मण अर्थात् गुरु परम्परागत भएमा वंश-शृंखला मिल्न सम्भव हुँदैन। यद्वा मिल्नुपर्छ भन्ने धारणा पनि रहँदैन। दृष्टान्तका लागि गर्ग गोत्र र वत्स गोत्रका वैकल्पिक प्रयोग 'ख' पर्याप्त छ। जसमा प्रवरपुरुषहरू भिन्न भिन्न कुल र गणबाट लिइएका छन्। यसको तात्पर्य हो वात्स्य गुरुकुलमा अध्ययनरत केही असवर्ण सन्तानलाई अग्निसंस्कार वा सूर्य संस्कार-द्वारा सवर्ण दीक्षा दिइयो; उपनयन संस्कार गराई वत्स गोत्र दिंदा वा गर्ग गोत्र दिंदा देवलास्व, पर्वत, विश्वामित्र कुलका आचार्यहरूलाई पनि समाहित गराइयो। कुत्सकुल, भार्गवकुल, कौशिककुल, पर्वतकुलका आचार्यहरू प्रायः समन्वित रहेका छन्।

यद्यपि घृतकौशिक गोत्रको प्रवर वंशगत भए पनि सूत्रानुसार भएको देखिंदैन र प्रवर ग्रहणमा अन्याय गरेर पनि एकरूपता दिन सकेको देखिंदैन। प्रवर उच्चारणको नीति अर्को पनि छ—त्रिमांगल्य प्रयोग। पितृपरम्परा ( वंशगत ) र गुरुकुल परम्परा ( संस्कारगत ) प्रयोगसम्बन्धी पहिले उल्लेख गरियो। तेस्रो प्रकार त्रिमांगल्य प्रयोग-समेत बुझ्न सजिलोको लागि यस तालिकाले सहयोग पुऱ्याउन सक्छ :—

## प्रवर अनुग्रहण तालिका (२)

क. तातस्त्रित्रयेति—वंश-शृङ्खला यकीन छ भने आफ्ना वंशका मर्यादापुरुषहरू-बाट तीनवंशप्रवर्तक, गोत्रप्रवर्तक र अनुवंशस्कन्ध—पिता

पितामह र प्रपितामहका नाम लिइन्छ। जस्तो कश्यप, असीत, देवल पहिलो मर्यादामा पर्दछन् भने काश्यप, आवत्सर नैध्रुव अर्थात् कश्यपका सन्तान, अवत्सरका सन्तान र निध्रुवका सन्तान दोस्रो मर्यादामा पर्न आउँछन्।

ख. त्रिकुल्य त्रिमांगल्यश्चेति—पितृकुल, मातृकुल र गुरुकुल

अथवा

देश काल वंशमूल

( दृष्टान्त :—जावाली गोत्र सत्यकाम-जावाल; जातुकर्ण्य, पौलस्त्य, औद्दालक लिई पांच प्रवर। सत्यकाम मुख्य व्यक्ति भए; जावाल मातृकुल अर्थात् सत्यकामकी आमा जावालका माइतीहरू। भार्गवकुलका जातुकर्णका सन्तान एक आचार्य; पुलस्त्यकुलका सन्तान एक आचार्य र भार्गवकुलका उद्दालकका सन्तान एक आचार्य मिलेर चलाइएको गुरुकुलमा पिताको ठेगान नलागेका जावालापुत्र सत्यकामको अग्निसंस्कार गरियो। अग्निसंस्कारद्वारा ब्राह्मण तुल्याई तीनै आचार्यका सम्मतिबाट जावाली गोत्र प्रदान गरियो। यसबाट त्रिमांगल्य प्रयोग सिद्ध भयो। )

ग. अंगीकृत वा दातव्य प्रयोग—आफ्नो गोत्र के हो त्यो ज्ञान भएन अथवा गोत्र भिन्न सन्तानलाई गोत्रात्मक दीक्षा दिईंदा अथवा स्वेच्छाले स्वगोत्र त्यागी भिन्न गोत्र लिनुदिनु गर्नुपर्ने अवस्था आइपरेमा त्यसरी ग्रहण गरेका गोत्र चलनलाई अंगीकृत प्रयोग भन्न सुहाउँछ। त्यसबाहेक उहिले कुनै युगमा गोत्रात्मक संगठनको प्रचलन पनि थियो—कुनै प्रयोजन सिद्ध गर्नका उद्देश्यले एउटा गोत्रमा संगठित हुने—जस्तो सुवर्ण देशका बासिन्दा जति सबैको सुवर्ण गोत्र। अनि धर्मपुत्र ग्रहण गर्दा वा मावली ससुराली अथवा भिन्न गोत्रीय नातापाताको अपुताली सह्यारो बसेमा धन सम्पत्तिवालाको गोत्र ग्रहण गर्ने चलन छ त्यस्तोमा दातव्य प्रयोगले काम गरेको देखिन आएको छ। अतः यस प्रयोजनमा पर्ने गोत्रहरू अक्सर नेपालमा मात्र बढीमा छ गोत्र देखापरेका छन्—काश्यप गोत्र, सुवर्णगोत्र, मानवगोत्र, पर्वतगोत्र, रविगोत्र। यिनै गोत्रहरू वंशगत पनि छन्: प्रवरमा विकल्प छ।

अंगीकृत गोत्रको प्रयोगमा पांच प्रकारका पिताहरू पैत्र्यसूत्र ( CROMOSOM ) मा पर्दछन् भन्ने नीति वचनको छाप परेको आभास पाइन्छ। जस्तो जन्मदिने, कर्म दिने, शिक्षा दिने, पालन पोषन गर्ने र संरक्षण गर्ने यी पाँचप्रकारका पिता हुन्छन्—

जनक श्चोपनेताश्च यश्च विद्या।प्रयच्छति।
अन्नदाता भयत्राता पंचैते पितरस्मृता॥

यस तालिका अनुसार घृतकौशिक गोत्रको प्रवर कम गर्नुपर्ने कुनै कारण दृष्टिगोचर हुँदैन। घृतकौशिक ऋषिको वंश-शृंखला सर्वतोभावेन स्पष्ट छ। उनी स्वयं गोत्रप्रवर्तक पुरुष र अनुवंश स्कन्धमा पर्दछन्। वाजसनेय शाखाका ऋषिमण्डलका सदस्य यजुप साथै गायत्री शापोद्धारक मंत्रद्रष्टा महर्षिमा गनिएका छन्। पिता अघमर्षणको स्थिति स्पष्ट छ र उनी यजुषमा गनिएका छन्। ब्रह्मर्षि विश्वामित्र त सारस्वत समष्टि हुँदैहुन्। गुरुकुल आवासको स्वप्न मनोरथ पूरा गर्नके लागि त गायत्री शापोद्धारक बने; साथै सिद्धान्ततः समर्थन नगर्दासम्म ब्रह्मर्षि वशिष्ठसँग जीवन्त संघर्ष गरेको गर्न्यौरहे। अनि उनको कौलीय सम्बन्धमा शंका सन्देह गर्ने खण्ड कतैबाट पर्दैन।

वस्तुतः 'तातस्त्रितयेति' सूत्रानुसार घृतकौशिक गोत्र सर्वतोभावेन तीन प्रवर हुन्छ। प्रवरपुरुषमा घृतकौशिक, अघमर्षण विश्वामित्र पर्दछन्। कारण घृतकौशिक ऋषि गोत्रप्रवर्तक मात्र होइनन् प्रवरपुरुष पनि हुन्। उनका पुत्र सम्बर्तबाट गोत्र चलेकोले प्रवर पुरुषमा विवाद रहेन। रह्यो लोकमा प्रचलित प्रवरको वैकल्पिक प्रयोग। त्यो पनि यथासमय निराकरण हुने अपेक्षा रहन्छ। विकल्पमा प्रयोग भएका प्रकार यस्ता छन्—घृतकौशिक, सालकायन, विश्वामित्र वा घृतकौशिक, कुशिक विश्वामित्र।

यसरी पाइएका विविध प्रकारान्तरहरूमा पूर्वोक्त 'द्वि प्रवर' वाच्यभित्र कूटकूट कपट भरिएको शंका हुन्छ। सो कसरी भने—'विश्वामित्रापत्यो पुमानिति यस्य सः पुरुष वैश्वामित्र' (जो मान्छे विश्वामित्रको छोरो हो त्यही वैश्वामित्र कहिन्छ।) यसरी यथार्थमा कृष्णको पुत्र कार्ष्णी, मधुको पुत्र माधव, मधुच्छन्दको पुत्र माधुच्छन्द हुनजाने नियम अनुसार विश्वामित्रका छोरालाई वैश्वामित्र भन्नु पर्छ नै। कुशानपत्येति कौशिक पनि त्यसरी भएको हो। पर्वतको समास पार्वत्य हुने हिसाबले पनि वैश्वामित्र समास विश्वामित्र पुत्रमा हुन्छ; अघमर्षण कुशेशय र कुशिक नाम वैश्वामित्रकै खास नाम हो इतरपुरुष होइन। तसर्थ 'द्विप्रवर' वाच्यभित्र विश्वामित्र पुरुष अनुगृहीत छैनन्; जानीजानी छोडिएका छन्। यसरी छोड्नमा के चलाकी होला मनन गर्न आवश्यक छ।

ब्राह्मण सर्वस्व र मनुस्मृतिलाई नै आफ्नो जातीय सर्वस्व मान्ने पक्षले मानवमितिशास्त्रका आदर्शहरू हनन गरेका छन्; मानवशास्त्रका मूल्य र मान्यताको उपेक्षा गरेका छन्। असलाई अतिवादिताको कारणबाट मानवतावादीहरू ब्राह्मणवादी भन्न बाध्य

भएका छन् तिनै ब्राह्मणवादीहरूको पक्षपातपूर्ण व्यवहार यसरी नै उद्घाटन हुँदैछ। ब्राह्मणवादको उद्भव हुँदा सिन्धु र सरस्वतीका बीचको भूभागमा भएको भए तापनि यसले यमुना र गंगाका बीचको अन्तर्वेदी नामक भावरप्रदेशमा प्रवेश गरेपछि उग्ररूप धारण गरेको अनुभव हुन्छ। स्पष्ट छ पुराण तथा स्मृतिसन्दर्भमाथि विहंगावलोकन गर्दा प्रत्येक पुराण तथा स्मृतिग्रन्थहरूका रचना अक्सर नैमिषारण्य भूमिबाट भएको झलक मिल्दछ। यस हिसाबले उक्त सीमांकनभित्रको अन्तर्वेदी देशका बासिन्दाले मानव सर्वस्वको रचना गरेका हुन्थे भने निस्सन्देह मानवताका विरूद्ध कुनै त्यस्ता अव्यवहारिक र एक देशीय नीति नियमको प्रतिपादन गर्ने थिएनन्। सार्वत्रिक, सार्वकालिक र सर्व-ग्राह्य नीति नियमको प्रतिपादन हुने थियो।

माथिको विवेचनाबाट मन्थन गर्न खोजिएको अभीप्सित नौनी यसो हो—ती संकीर्ण घेरामा प्रतिबद्ध संकुचित विचारवादी ब्राह्मणवादीहरूले गोत्र प्रवरको निरूपण गर्दा अरूमा जे जसो गरेका होलान् त्यो पर्यालोचन तत्तत्सम्बन्धमा नै विवेचनीय हुनसक्छ परन्तु यसमा भने उनीहरूले विश्वामित्रलाई जन्मना ब्राह्मणको मर्यादामा नलिएर कर्मणा ब्राह्मणको मर्यादामा लिए। त्यसकारण विश्वामित्रलाई प्रवरपुरुषमा अंगीभूत नगरेको हुनुपर्छ। स्पष्टतः वैश्वामित्रको अन्वयार्थ जो माथि दर्शाइएको छ सो बुझिसकेपछि सत्यताका निकट पुगिन्छ नै।

पुनश्च: ब्राह्मणको अस्मिता गायत्री उपासना र हव्य-कव्य प्रकरणमा सन्नीभूत र जीवन्त रहेको छ। ब्राह्मणनीति एवं ब्राह्मणग्रन्थका अनुसार ब्राह्मण शब्दको अर्थ गर्दा पनि ब्राह्मण वेदविद् हुनै पर्छ, ब्राह्मण वेदवादी हुनु आवश्यक छ जसले वेदको मर्म बुझेको छ; ब्राह्मण कर्मठी हुनु आवश्यक छ जसले हव्य-कव्य एवं तंत्र-मंत्रका शाश्वत नियम विधानहरू मनन गरेको छ। यस आधारमा पनि विश्वामित्रलाई हेय दृष्टिले हेर्नु त सूर्यतर्फ फर्केर थुक्नु जत्तिकै हुनेछ। विश्वामित्रप्रति उपेक्षाभाव राख्नाले सामाजिक न्याय हुँदैन किनभने विश्वामित्रका साधना अवधिभित्र नै त्यस्ता घटना घटे जसका कारणले गर्दा बेलाबेलामा विश्वामित्रले तपस्समाधि भंग गर्नुपरेको थियो। विश्वामित्र-कल्पमा यस्तो कथालिका अध्ययन गरिएको छ :—ब्राह्मणकल्पका शिरोमणिहरू आफ्नै साधना प्राबल्यका भरमा मंत्रद्रष्टा महर्षिमा स्थापित हुन पुग्दछन्। त्यस अनुसार विश्वामित्रको ध्येय एवं प्रबल आकांक्षा त्यस कोटिमा थियो। उनी साधारण विद्वत्ता र विप्रत्व प्राप्तिमै सन्तुष्ठ हुने व्यक्ति थिएनन्। उनलाई कुलगुरु वशिष्ठबाट पर्नुसम्म पेच परेकोले वशिष्ठ समान मर्यादित नभएसम्म उनको बौद्धिक संघर्ष केही गरे पनि शिथिल हुने थिएन र तपस्या अवधिभर भएन भने हुन्छ।

सामान्य प्रकारका विघ्नबाधाहरू उनका लेखि केही थिएनन् तसर्थ उनको धीषणा साधारण कोटिभन्दा माथि उठ्दैगयो । उनी प्रारम्भिक अवस्थादेखि नै प्रयोगवादी र आलोचनाधर्मी स्वभावका हुनाले अध्ययन प्रवृत्ति पनि तदनुकूल नै चालू राखेका थिए। त्यसउसले आफू वेदविज्ञ मंत्रविज्ञको श्रेणीमा उत्तीर्ण भएपछि आफ्ना अध्ययन अनुभवको प्रयोग गर्न अग्रसर भए। प्रयोगकै माध्यमबाट उनी सरस्वती कंठाभरणमा गनिइसकेका थिए; अब उनीलाई सावित्री कंठाभरण बनिने प्रबल धोको थियो। त्यसैले उनले प्रातःकाल जलसमाधि लगाएर गायत्रीस्तम्भन गर्न खोजे मंत्रावृत्तिद्वारा ब्रह्मस्वरूपा गायत्रीको दिव्यता आफूतर्फ आकर्षित गर्न खोजे। गायत्रीले विश्वामित्र-अभ्यर्थना स्वीकार गरिनन्। त्यस्तो बुझेर विश्वामित्रले गायत्रीलाई आफ्नो तपोबलका प्रभावले स्तम्भन गरिदिए। गायत्री हलनचल भइन्। अन्तमा गायत्रीले विश्वामित्रका कंठमा रहन मंजूर गरिन्। त्यसपछि विश्वामित्रले सावित्री कंठाभरणमा समेत ख्याति प्राप्त गरे। फलतः साधना पद्धति अनुसार अद्यावधि गायत्री वन्दना गर्दा **'विश्वामित्र शापाद् विमुक्ता भव'** भन्ने चलन छ।

अन्ततोगत्वा यसरी मंत्रद्रष्टा महर्षि वेदपुरुष, सप्तर्षि मंडलका एक सदस्य, **षड्रसायनशास्त्रका प्रकाण्ड पण्डित, वैदिक प्रमंडलका छन्दविद् महर्षि साथै शब्द मर्मज्ञ एवं ब्रह्मवेता समेत ठम्याएर सर्वान्तिम अनुमोदन वाशिष्ठगणबाट** भएको हो भनिएको छ। तसर्थ विश्वामित्रको तपोपूत कामना जन्मना र कर्मणा जस्ता सामान्य परिभाषाभित्र पर्दैन। हव्य-कव्य प्रकरणमाका एक निर्णायक मुनि सिद्ध भएका छन्।

अज्ञान वा विद्वेषभन्दा पर तेस्रो कारण हुन सक्तैन। जावाली, जातुकर्ण्य, कानीन, भार्म्यश्व, गार्ग्यायन र मौद्गलायन जस्ता प्रवर्गले प्राप्त गरेको विप्रत्व र कौशिकगणले प्राप्त गरेको विप्रत्वमा कौशिकगणको विप्रत्व अपेक्षाकृत खारिएको, आत्मनाख्यात, दीर्घकालीन संघर्षका ठोस परिणाममा लिइएको छ। वस्तुतः विश्वामित्रलाई प्रवर पुरुषमा नलिनु सोझै फक्याईं र कपट हो। तसर्थ अन्तमा यति उल्लेख गर्नु पर्याप्त हुनेछ घृतकौशिक गोत्रका प्रवर पुरुषहरूमा विकल्प हुनसक्छ किनभने त्यसरी वैकल्पिक प्रयोग हुनका बहुधा कारणहरू हुनसक्छन् जसको निराकरण गर्न दीर्घकालीन अध्ययन अन्वेषण र मनन चिन्तनको खाँचो महशूस गरिन्छ। परन्तु प्रवरसंख्यामा भने इदमित्थम् द्विविधामा पर्नुपर्ने कुनै कारण देखिदैन। त्यसकारण कौशिकादि सन्ततिमा यस्तो आत्मविश्वास निर्लिप्त हुनु आवश्यक छ—इदमित्थम् **घृतकौशिक गोत्र त्रिप्रवर हो** यसमा कुनै सन्देह छैन। अतएव समस्त घृतकौशिक गोत्रभित्र समेटिने कौशिकादि

सन्ततिले आफ्नो अहन्ता यसरी घनीभूत पार्न पूर्वोक्त तालिका संख्या २ लाई यसरी संशोधन गरी प्रयोग व्यवहारमा लिनु कर्तव्य भएको छ र श्रेयस्कर ठान्नुपरेको छ।

संशोधित तालिका संख्या २—

| गोत्र | प्रवरपुरुष | संख्या |
|---|---|---|
| घृतकौशिक गोत्र | घृतकौशिक, अघमर्षण, विश्वामित्र | ३ |

अस्मिता—खसडी प्रमण्डल, महामण्डलीमष्ट, गंगा भवानी सरस्वती इष्टदेवी, धौले झाँकी, काँडा ब्रह्म थानी, तिवारी श्मशानी बेताल पार्षद्; शिवैश्वर्य समाराधना; ऊर्ध्वशिखा, दक्षिण पाद, कुशान्त काया; शुक्ल यजुर्वेद वाजसनेय शाखा; खश गण; पंचगौड समूह।

## ३. ६. निष्कर्ष :

जसको वंशवृक्ष आरोपित हुन लागेको छ उसका सम्बन्धमा सन्देहास्पद विषय-वस्तुले महत्व पाउनु वाञ्छनीय हुनेछैन। द्विविधा पर्न गएका विषयवस्तु हटाई निर्णित र प्रतिपादित अंश मात्र अन्तर्भूक्त हुन सकेको खण्डमा भावी पींढी र भावी अनुसन्धाता-का निंति सुविधा पर्न जाने अपेक्षा रहन्छ।

अन्ततोगत्वा विश्वामित्र अघमर्षण घृतकौशिक यी प्रवर पुरुषहरू सदैव निर्विवाद र निर्वैर छन्। त्यसकारण प्रयोग र धारणामा एकरूपता आउनु दुवै समान कर्तव्य हुन्। सम्भवतः सार्वत्रिक नियात्मकताको निंति केही बढी समय लाग्नु अस्वाभाविक हुँदैन र आत्मलोचना एवं आत्मदर्शन जस्ता मूलभूत विषयमा अधैर्य तथा असावधानीका छिटा पर्नदिनु पनि बुद्धिमानी हुँदैन। इति।

# ४. कुश जातिः

## ४. १. चन्द्रवंशका केही शौर्यकथा

यसपहिलेका प्रसंगहरूमा चन्द्रवंश, कौशिकवंश र विश्वामित्र, अघमर्षण र घृत-कौशिक आदि प्रवर पुरुषसम्बन्धी प्रसंगहरू पढिए। अब वंशानुवंशका प्रेरक प्रसंगमध्ये केही यस्ता प्रसंगहरू जान्न लायक छन्। वस्तुतः जसले वंश-प्रतिष्ठा माथि उठाउन जीवन्त योगदान पुऱ्याएका छन् त्यस्ता दिव्य चरित्रका बारेमा यथायोग्य जानकारी राखेर अध्ययन गर्दा आत्मगौरव बढेको अनुभव हुन्छ नै। त्यस प्रलोभनलाई सम्वरण गर्न नसकी कुश जातिका प्रभावशाली व्यक्तित्वका सम्बन्धमा जानकारी पाउने ध्येयले यो जिज्ञासा गरिदैछ।

हुन त एक विशाल छाति भएका जातिको सम्बन्धमा एउटा वंशको रचनात्मक योगदान कति हुनसक्छ विचारणीय छ तथापि पानीका थोपाथोपा मिलेर समुद्र बनिने सत्यता मननीय हुन आउँछ र कतिपय ज्वलन्त दृष्टान्तको उपेक्षा गर्न पनि सकिंदैन। पूर्वप्रसंगमा कौशिकवंशको उत्पत्ति प्रसंगबारे छायांकन गरिएथ्यो अब काश्यवंश काशी जाति र रजा जातिको उत्पत्ति प्रसंगको छायांकन पनि गरौं—

वसुका सन्तानको वर्णन गरियो र वर्णन क्रममा वसु सन्तति कौशिक सन्ततिमा प्रवर्तन भएसम्बन्धी जानकारी लिइयो। अब पुरूरवाका जेठा छोरा आयुका सन्ततिको वर्णन गरिन्छ। आयुले राहुकी छोरी अनेनासित विबाह गरे। अनेनाका गर्भदेखि नहुष, क्षत्रवृद्ध, रम्भ, रजि र अनेनस नामका पाँच छोरा जन्मिए तीमध्ये क्षत्रवृद्ध-का प्रतिक्षत्र र सुहोत्र नामका छोरा भए। तिनमा सुहोत्रका काश्य, काश र गृत्समद नामका तीन छोरा भए तिनमा पनि गृत्समदका शौनक आदि अनेकानेक छोराहरू भए र कर्मानुसार चारै वर्णका सन्तान चलाउन समर्थ वंशप्रवर्तकमा गनिए।

काश्यका सन्तानको विस्तार यसप्रकार भएको छ—काश्यका पुत्र काशेय काशीराज नामले काशी जातिको नेतृत्व गर्ने जातिनायक भए। यिनका छोराको नाम राष्ट्रभृत रह्यो। राष्ट्रभृतका छोरा दीर्घतपा भए, दीर्घतपाका छोरा धन्वन्तरी भए। यिनको जन्म देव-दानवयुद्ध अर्थात् दासराज युद्धका समयमा भएको थियो। यिनका शरीर तथा इन्द्रियहरू जरा आदि विकारले रहित समस्त शास्त्रज्ञ प्रकाण्ड विद्वान् एवं आयुर्विज्ञान-का प्रथम प्रणेता भएर अमरत्व प्राप्त गरे। यो प्रसंग बौद्धिक पराकाष्ठाको एक नमूना हो।

धन्वन्तरीका छोरा केतुमान भए; केतुमानका भीमरथ, भीमरथका दिवोदास र दिवोदासका छोरा प्रतर्दन भए। प्रतर्दनको जन्म दासराज युद्धका अन्तिम चरणतिर भएको थियो। यिनले आफ्नो प्रतिपक्षी भद्रश्रेणी वंशको विनाश गरेर शौर्यको पदक 'शत्रुजीत' जस्तो उपाधि ग्रहण गरेका थिए। यिनका पितामह भीमरथले यिनलाई बालककालमा प्रेमवश भई अत्यन्त प्यारो शब्दमा 'वत्स:' भनेर बोलाउने गरेकोले यिनैलाई वत्सराज भनेर चिन्हाइएको छ। त्यसकारण काशी जातिभित्र 'वत्स' उपजाति खडा हुनमाको कारणी पनि यिनैलाई मानिएको छ। यिनी आफ्ना समयका मृदुभाषी, वचनका पक्का, सत्यपरायण र कर्त्तव्यपरायण न्याय परायण सिद्ध भए। त्यसउसले याज्ञिकहरू, बुद्धिवादीहरू र वार्ताजीवीहरूले यिनलाई 'ऋतध्वज' भनेर सम्बोधन गरे। तसर्थ इतिहासमा यिनको नाम उल्लेख गर्दा 'ऋतध्वज' पनि उल्लेख गरिएको छ। तदनन्तर यिनैले देवराज इन्द्रबाट उपहारस्वरूप कुवलय नामको अश्व प्राप्त गरी त्यस अश्वमा सवार भएर देव-दानव समरमा विजय प्राप्त गरेकोले यिनैको अर्को नाम कुवलयाश्व रह्यो। यसरी एक व्यक्तिका अनेक नामको उदाहरण कुवलयाश्वका व्यक्तित्वको अध्ययन मननबाट पाइन्छ।

कुवलयाश्वका छोरा अलर्क भए। महाराज अलर्कले पूरा ६६ वर्ष लामो समय राज्य गरेर अकंटक राज्यको सुनौलो उदाहरण स्थापित गरेका छन्। चन्द्रवंशमा पूर्ववर्ति राजाहरूभन्दा लामो समय राज्य गर्ने यो पहिला राजा हुन् भन्ने लेखिएको छ[२*]। अलर्कका सन्तति नामका छोरा भए। सन्ततिका छोरा सुनीथ भए। सुनीथका सुकेतु भए। सुकेतुका धर्मकेतु भए। धर्मकेतुका छोरा सत्यकेतु भए। सत्यकेतुका छोरा विभु भए; विभुका छोरा सुविभु भए; सुविभुका छोरा सुकुमार भए; सुकुमारका छोरा धृष्ठकेतु भए, धृष्ठकेतुका छोरा वीतिहोत्र भए। वीतिहोत्रका छोरा भार्ग भए; भार्गका छोरा भार्गभूमि र भार्गभूमिका छोराहरू सबै ब्राह्मणमा परिणत भएर काश्यवृद्ध गोत्र, वत्सलगोत्र तथा सुवर्णगोत्रका प्रवर्तक भई चातुर्वर्ण्य नियमानुसार वर्ण-व्यवस्था चलाउन सफल भए।

यसप्रकार कुश जातिका समानेतर काशी जातिको योगदानबाट केही जाति उपजातिको संरचना साथै काश्यवृद्धगोत्र, वत्सलगोत्र तथा सुवर्णगोत्रको निर्माण भएसम्बन्धी वर्णन गरियो। अब प्रबल शौर्यकथाको एक सुगन्धित पुष्प जोड्नु युक्तिसंगत हुनेछ। यस निति रजिवंशको उल्लेख गरिन्छ। महाराज रजिका अनेकौं पत्नीहरूबाट पाँचशयभन्दा पनि अधिक छोराहरू भए। यो एक सालको रोचक प्रसंग हुनसक्छ। यसपछि शौर्य र वीर्यले परिपूर्ण अर्को एक प्रसंग छ। एकपटक देव-दानव युद्धको तयारी हुन लाग्यो। त्यसै घिलघिलामा दुबैपरोले पालैपालो ब्रह्माजीसित सोधे 'भगवन्! यसपटकको युद्धमा कसको जीत होला?' आफूसँग यस्तो प्रश्न सोधेको-

मा ब्रह्माजीले प्रसन्नतापूर्वक भनिदिए 'महाराज रजिको साथ जसले पाउँछ उसको जीत हुनेछ।'

ब्रह्माजीको त्यस भनाइपछि समस्त दानवहरूका प्रतिनिधिले गएर महाराज रजिसित अनुरोध गरे 'महाराज नरपति ! तपाईं हाम्रो पक्षको भएर युद्धमा भाग लिइदिनुहोस्।' दानव-प्रतिनिधिको अनुरोध सुनेर महाराज रजिले स्मितहास्यमा भने 'हुन्छ, युद्धमा जीत भएको खण्डमा तपाईंहरू मलाई आफ्नो राजा मान्नुहुन्छ भने तयार छु।' दानव-प्रतिनिधिले भने 'हामी त्यसरी एकथोक बोलेर अर्कोथोक गर्ने पक्षमा छैनौं; हाम्रा राजा प्रह्लाद हुँदै हुनुहुन्छ।'

त्यसपछि देवगणले गएर त्यही व्यहोरा अनुरोध गरे। देवगणसित पनि महाराज रजिले त्यही प्रस्ताव राखे। देवराज इन्द्रले महाराज रजिको प्रस्ताव सहर्ष स्वीकार गरे। तदनन्तर देव-दानव युद्ध भयो। महाराज रजिका अगाडि दानव पक्षको केही जोड चलेन। युद्ध विसर्जन भयो।

युद्धको समाप्तिपछि देवगणले विजयोत्सव मनाए। महाराज रजिको अभिनन्दन गरियो। त्यसै समारोहमा देवराज इन्द्रले महाराज रजिका पाउमा शिर राख्दै भने 'भयदेखि रक्षा गर्ने र अन्न दान दिने दाता निःसन्देह पिता हुन्छन्। तसर्थ हजूर हाम्रो पिता हुनुहुन्छ, हजूर सम्पूर्ण लोकमा सर्वोत्तम वीराग्रणी हुनुहुन्छ। म त्रिलोकको इन्द्र हजूरको काखमा सुरक्षित छोरो हुँ।'

देवराज इन्द्रको चतुऱ्याइंले भरिएको अनुनय सुनेर हर्षले गद्गद हुँदै महाराज रजिले भने 'अच्छा, ठीक छ। शत्रुपक्षको भए पनि चाटुवाक्ययुक्त अनुनय-विनय टार्न उचित हुँदैन भनेपछि यो कुरो त आफ्नै पक्षको भयो, नसुहाउँदो भन्न मिल्दैन।' यति भनेर देवराज इन्द्रका पीठमा धापमारी आफ्ना तर्फबाट अभयदान दिंदै महाराज रजि आफ्नो राजधानी कुशद्वीपतर्फ फिर्ता भए।

यसरी शौर्य र उदारताका प्रतिमूर्ति महाराज रजिका समयदेखि कुश जातिमा अरू एक बिन्दु थपिन आयो—फलतः महाराज रजिका सन्तानहरू 'रजा' कहलाए। यसरी रजा जातिको प्रादुर्भाव भयो। यिनै रजा जातिका उन्नायकबाट मानवगोत्र ग्रहण गरियो र मानव जातिको प्रकार तथा गोत्रमा थप योगदान मिल्यो।

कालान्तरमा कुश जाति, काशी जाति र रजा जातिको संयुक्त योगदानबाट एक संगठित जातिको विकास भयो। यसरी विकास भएका जातिको कथालाई खश जातिको प्रादुर्भावमा लिइएको छ[२०]। खश जातिको प्रारम्भिक नेतृत्व त्रिविक्रमका पिता प्रजापति कश्यप महर्षिले गरे।

विवेकहीन अत्याचारी राजा वेनको दमन गरी युगान्तकारी कार्य गरेकोले समस्त मानव जातिले महर्षि कश्यपको नेतृत्व स्वीकार गऱ्यो । त्यसैले यस घटनालाई इतिहासविद्हरू 'काश्यपी सृष्टि' नामकरण गरी कल्पान्त घटना मान्ने पक्षमा छन् । वस्तुतः काश्यपीसृष्टि पूर्वीय संसारमा प्रायशः मानवीय स्वभावमा मूर्धन्य रहेको अनुभव गरिन्छ र काश्यपगोत्रको व्यापक मान्यता दृष्टिगोचर हुन्छ । सम्भवतः काश्यपगोत्रको विकल्पमा रविगोत्रको प्रतिपादन पनि काश्यपीसृष्टिकै प्रतिफल मानिएको छ ।

यसरी चन्द्रवंशका शौर्यकथामा प्रतर्दन अर्थात् कुवलयाश्व लगायत रजि जस्ता प्रभावशाली पुरुषका दिव्य चरित्रहरू अध्ययन मनन गरिन्छन् । यस अगाडि ब्रह्मर्षि विश्वामित्रको दिव्य चरित्र एक उत्तम मानक कथामा रहेको तथ्य सर्वविदित छ ।

यहाँसम्मका साझा प्रयासहरू समग्र कौशिकादि सन्ततिका लागि आधारशिला मानिन्छन् । अब यस अगाडि पण्डित, खनाल, बराल, कार्की, भट्ट, खड्का, पाँडे, जोशी आदि शाखा-प्रशाखाको विवरणबाहेक केवल नेपाल थरको विवरणमात्र प्रस्तुत गरिन्छ । यस प्रथम समूहमा नेपाल थरको मात्र विवरण प्रस्तुत गरिएकाले यसपछिका प्रयासहरू अन्य समूहका विस्तारमा क्रियान्वित हुनेछन् ।

## ४. २. नेपाल थरको प्रादुर्भाव

मानवशास्त्रको नीति अनुरूप अध्ययन मनन गर्दा मानवताको विकासस्तम्भको श्रेय जाति तथा समाजले ग्रहण गरेको हुन्छ । त्यसैले मानवताको धुकधुकी समाजमाथि रहन्छ भनेर मानवशास्त्री एवं समाजशास्त्रीहरूका समान अभिव्यक्ति मुखर भएका छन् । यसरी मानवशास्त्री एवं समाजशास्त्रीका समान अभिव्यक्ति र मतैक्यलाई मनन गरी मानवशास्त्र एवं समाजशास्त्रको अन्योन्याश्रयी सम्बन्धको पुष्टि गरिएको छ ।

मानवशास्त्र एवं समाजशास्त्रका अन्योन्याश्रयी सम्बन्ध साकार पार्नकै अभिप्रायले मानवमितिशास्त्रको परिकल्पना भएको अनुमान गर्न सकिन्छ[४] । यद्यपि जे होस् तर मानवमितिशास्त्रको प्रयोजन भने उक्त दुवै मूलभूत विषयलाई प्रभूत रूपमा पर्दछ । मानवमितिशास्त्रको समानेतर स्वरूपलाई नृवंशशास्त्र नामकरण गरिएको छ र यस अभिमुखीकरणका सम्बन्धमा मानवशास्त्रीहरूले समानार्थी संज्ञा 'सामुदायिक मानवशास्त्र' नामकरण गरेका छन् । यसलाई पाश्चात्य मानवशास्त्रीहरूले 'एथनिकग्रुप' अर्थात् 'समूहगत जनजाति अध्ययनशास्त्र' मानेका छन् । वस्तुतः प्रयोजनअनुसार नाम रखाइमा इतरेतर अर्थ मनन गरिए पनि मानवशास्त्र र समाजशास्त्रको सांगोपांग अध्ययनमा उपलब्धिमूलक योगदान दिन समर्थ हुनेमा 'मानवमितिशास्त्र (एन्थ्रोपमेट्री ) हुने मतमा शायदै द्विविधा पर्ला ।

नेपालमा मानवशास्त्र अध्ययन र विकासको अरुणोदय अवस्था छ भनेर मनन गरिएको छ। यसको कारण के होला सो मनन गर्न आवश्यक छ। संसारका प्रत्येक खण्ड प्रखण्डमा उद्गमित मानव जाति समान सिद्धान्तमा प्रतिबद्ध रहे तापनि त्यसलाई विकास पथमा डोऱ्याउने समाजको संरचनामा समानता हुँदैन किनभने प्रस्तुत अनुभव सिद्ध सूक्तिले भन्दछ—'यस्य देशस्य यो: जन्तुतंद्देशस्यौषधं स्मृतम्।' अर्थात् प्राणीको प्रजनन हुंदा जुन देश र खण्डमा भएको छ त्यस प्राणीका निति औषधिको प्रयोजन पनि त्यसै देश र खण्डले मात्र पूरा गर्न सक्तछ भन्ने कटुसत्य उक्ति बिर्सन मिल्दैन। भनाइको सोझो अर्थ प्रकृतिले प्राणी र औषधिको सृष्टिमा स्थानीय जलवायु र वातावरण प्रवृत्तिमाथि ध्यान पुऱ्याएको हुन्छ। त्यसकारण मधेशको जन्तु हिमाली भेकमा र हिमालको जन्तु मधेशमा परेमा फष्टाउन नसक्ने कुरा राम्ररी मनन गर्नुपरेको छ। यस उपमानले अरू धेरै कुराहरू बुझ्न मद्दत गर्दछ र एक गहकिलो जिज्ञासाको मार्मिक उत्तर दिएको अनुभव गरिन्छ।

प्राचीनकालमा नेपाल राष्ट्रको स्वरूप कस्तो थियो त्यसबारे हामी द्विविधामा छौं। अझतक एक मत हुन नसकेकोले आफूसँग जस्तो अनुभव छ त्यस्तै उत्तर दिने गरेको बुझिएको छ। यद्यपि प्रायः सबैको उत्साहमा भने एकरूपता पाइएको छ कि निकट भविष्यमा निश्चित टुंगोमा पुग्ने छौं। प्राचीन नेपालका सम्बन्धमा हामीसँग तीनथरी धारणा छन् :—

(१) जुन समयमा पूर्वीय भारतमा कान्यकुब्ज नामको देशले ससानो साम्राज्यको रूप ग्रहण गरेको थियो त्यस समयमा कान्यकुब्ज देशको निर्माण छत्तीस लाख गाउँहरूको सहयोगले भएको थियो भने तत्कालीन नेपालको निर्माणमा एक लाख गाउँहरूको सहयोग थियो। यस्तो किटान कुरा पद्मपुराण एवं स्कन्दपुराणमा लेखिएको छ—त्यो पद्य यस्तो छ :—

**(क) एकोलक्षन्तु नेपाले ग्रामास्तत्र प्रवर्तते।**
**षड्स्त्रिंसल्लक्षमानन्तु कान्यकुब्जे प्रतिष्ठित॥**

**पद्मपुराण पाताल खण्ड ४१ अ. २०१ पद्य।**

**(ख) एकोलक्षश्च नेपाले ग्रामाणां परिकीर्तित:।**
**षड्स्त्रिंसल्लक्षमानन्तु कान्यकुब्जे प्रकीर्तितम्॥**

**स्कन्दपुराण कौमारिका खण्ड अध्याय ३६ पद्य १२६।**

(२) पूर्वमा कामरूपदेखि पश्चिममा कर्तृपुर ( सुवर्णभूमि ) सम्मको भूभाग नेपाल थियो। यो प्रमाण इलाहाबाद ( भारत ) स्थित सम्राट समुद्र गुप्तको शिलाभिलेखमा उत्कीर्ण छ भनेर नेपालका प्रायः विद्वान्हरूको मत केन्द्रित भएको बुझिन्छ। अभिलेखको अंश एवं आशयार्थ भने सर्वसाधारणको जानकारी यस्तो छ :—

'कामरूप, तावोद, दवाक, समतट, नेपाल, कर्तृपुर प्रभृति' यसको अभिप्राय उक्त धारणाको पुष्टिकारक होला जस्तो लाग्दैन । अथवा जे होस् सही लिच्छविकालीन नेपालका प्रान्तहरू केही अंशमा उक्त अभिलेखको अनुशरण गर्दछन् । जस्तो लिच्छवि-शासकहरू पूर्वदेश, मध्यदेश, मगरात, मल्लदेश, खशदेश, दरददेश आदिबाट कर ग्रहण गर्दथे । यो कुरा धेरै अंशमा सही ठहर्दछ तथापि कामरूपदेखि कर्तृपुरसम्म नेपाल पर्दथ्यो भन्नु चाहिं त्यति युक्तिसंगत देखिदैन, कल्पनातीत ठहर्छ ।

(३) तेस्रो मत पूर्वमा सुनकोशी पश्चिममा त्रिशूली, दक्षिणमा चन्द्रमाला पर्वत र उत्तरमा नुवाकोटसम्म नेपाल थियो भन्ने छ र कतिपयले अझ पनि यस्तै भावना राखिरहेको बुझन पाइन्छ । सम्भवतः वर्तमान नेपालको निर्माणभन्दा पूर्वको राजनीतिक नेपाल करीब यस अवस्थामा रहेकोले त्यसभित्रको नेपाली जनजाति भावनामा त्यस अनुरूप छाप रहेको हुनसक्छ । अन्ततः सांस्कृतिक नेपालका विरुद्ध मानिने यो मत पनि सर्वमान्य हुँदैन ।

नेपाल समष्ठिमा पाँच सांस्कृतिक व्यष्ठिको तन्मय र प्रभूत योगदान प्राप्त भएर नै 'नेपाल' निर्मित छ भन्ने सत्यता नकार्न मिल्दैन । ती पाँच व्यष्ठि हुन् खश, नागर, किरात, मगर, मैथिल । मध्यकालमा आ-आफ्ना जनराज्यको रूपमा रहेका यी जनजातिहरू आपसमा कतिपय समानता जन्य सूत्रमा सम्बद्ध रहेका थिए । त्यसको पुष्ठि र यथार्थ दिग्दर्शन नेपाल एकीकरण अवस्थामा प्रतिभाषित रहेका समाज-संस्कृति-का स्वरूपको अध्ययन मननबाट हुन सक्छ[१] ।

यसबाट हामीले जान्न चाहेको गुठिल यो हो—करीब पन्ध्रौं शताब्दीमा क्रियान्वित हुन थालेको मानवशास्त्र-समाजशास्त्र अध्ययन नेपालमा मात्र किन अरूणोदय अवस्थामा रहेको हो त ? यसको सही उत्तर यस्तो हुनसक्छ—संसारका जुनसुकै भूभागमा पनि दुई प्रकृतिका मनुष्य जाति रहन्छन् १. भूमिपुत्र मानव ( स्थानीय आदिवासी जाति ) २. यायावर मानव ( फिरन्ते जाति ) सामान्यतया यी दुईथरीका चलन व्यवहारमा फरक पर्दछ । यसलाई प्रकृतिको नित्यनूतन श्री सार्वभौम सनातन नियम हो भन्नु अत्युक्ति हुँदैन । तसर्थ मानवशास्त्रीहरूका दृष्टिकोण पनि तदनुकूल नै हुनु आवश्यक छ । नत्र मानवीय निजस्व र वर्चस्वमा भयंकर अनर्थ हुन जान्छ ।

जुनसुकै राष्ट्रको स्वरूप भूमिपुत्र मानवका छविद्वारा प्रतिभासित रहन्छ यो पनि सार्वभौम सनातन नियम हो । राष्ट्रिय समाजका मौलिक स्वरूपको संरचनामा स्थानीयताको प्रभूत प्रभाव पर्दछ यो पनि सर्वमान्य र अपरिहार्य सत्य हो । राष्ट्रिय अस्मिता बँचाउने प्रमुख जिम्मेवारी भूमिपुत्र मानवका योगदानद्वारानिर्मित समाजमाथि रहन्छ । यस प्रकारका समाजको अस्तित्व तबसम्म जीवित रहन्छ जबसम्म राष्ट्रिय

अस्तित्व रहिरहन्छ । राष्ट्र एक जातिको मात्र पैदा हुँदैन यो पनि ध्रुवसत्य हो । तसर्थ भावी प्रकीर्णतर्फ दूरन्त दृष्टि दिएर नै राष्ट्र निर्माताले अविलम्ब घोषणा गरेको हुन्छ कि यो जाति यस राष्ट्रको धुकधुकी हो । लिच्छवि सम्राट जयदेव, कर्तृपुर नरेश ललितशूर, खशसम्राट जितारिमल्ल तथा वर्तमान नेपाल निर्माता पृथ्वीनारायण शाह प्रभृतिले यस तथ्यको पुष्टि गरेका छन् ।

हाम्रो विवेच्य प्रसंग उक्त सबै दूरदर्शी नरेशका अभिव्यक्ति अन्तर्गत पर्न जान्छ तापनि विशेषरूपले यो प्रसंग खशसम्राट जितारिमल्लका प्रायः निकटमा रहेको छ। हाम्रो विवेच्य प्रसंग हो 'नेपाल थरको प्रादुर्भाव' त्यसकारण यस थरको प्रादुर्भाव के कसरी हुन गयो तत्सम्बन्धमा संक्षिप्त प्रकाश पार्नु कर्त्तव्य भएको छ । पूर्वोक्त मान्यता अनुसार पाँचै स्रोतका नेपालीहरू नेपाली राष्ट्रिय संस्कृतिका कारक हुन् भन्ने कुरामा अब कुनै सन्देह छैन । तथापि यस समष्ठिभित्र पछि आएर अन्य स्रोतको योगदान पनि प्राप्त छ । त्यसो हुनाले प्रारम्भमा नेपालका जनजाति र समाजको अध्ययन गर्ने प्रवृत्ति ती योगदातामाथि केन्द्रित रह्यो जो पछि आएर नेपाली समष्टिभित्र अंगीभूत रहन आए । त्यसले गर्दा प्रवृत्ति यति बहिर्मुखी हुन गयो र नेपाली मानवशास्त्र-समाजशास्त्र रूपी अगाध समुद्रमा भिज्न नसकेर पानीमाथिको पत्कर सरह हुन गयो, प्रयत्नले मर्म भेट्टाउन सकेन । त्यस अर्थले नेपालमा मानवशास्त्र-समाजशास्त्र अध्ययनको अवस्था अरूणोदय अवस्थामा छ भन्नु परेको हो ।

नेपाली समाजको रचनात्मक इतिहासको शुरूआत विक्रमीय नवौं शताब्दीपछि भएको मान्न सकिन्छ। किनभने त्यसपूर्व पर्वताश्रयिन् भूभागमा द्वादश प्रकृति, अष्टादश प्रकृति तथा षड्स्त्रिंसत् प्रकृति एवं ब्राह्मण प्रधान सवर्ण जातिहरूको उल्लेख पाइए तापनि ती प्रकृतिहरू वैदिक तथा पौराणिक कालका स्मारक एवं अपरिवर्तित रूप थिए भन्नुपर्ने हुन्छ । जस्तो उदाहरण लिन सकिन्छ पूर्वोक्त पाँच कारकहरू तत्कालीन समाजका जातिवाचक संज्ञा थिए समुदायवाचक होइन । ती जातिवाचक संज्ञाहरू नवौं शताब्दीपछि समुदायवाचकमा परिवर्तित भए र जनजातिको प्रभूत विकास भयो । तसर्थ पूर्वोक्त वैदिक कालदेखि विकसित रही आएका खश र किरात जस्ता समर्थ जातिहरूको समुदायमा पदोन्नति भयो र तदनन्तर्गत बहुधा जातिको सृजना भयो । यस प्रवृत्तिका नियन्तामध्ये खशसम्राटहरू अग्रणी रहेका थिए भन्ने बुझिन आएको छ ।

खशसम्राटहरूको सार्वभौमिक विस्तार राजनीति प्रधान होइन संस्कृति प्रधान थियो । तसर्थ उनीहरूले राज्य-शासनको प्रमुख जग नै संस्कृति हो भन्ने मानेर महत्व दिए । त्यसले गर्दा राज्य बढाउने काममा सर्वोत्तम योगदाता संस्कृति र समाजका प्रकीर्णहरू पर्न पाए । समाजका प्रत्येक अंगहरू राज्य-शासनप्रति उत्तरदायी

रहन्थे । पूर्वोक्त पाँच कारकहरूका आ-आफ्ना समाज र राज्य-शासनका ढाँचा आ-आफ्नै अनुकूल थिए जसले गर्दा गतिविधि एकसमान रहन नसकेको स्पष्ट हुन्छ। यस्तै ढाँचामाथि दृष्टिपात गर्दा खशसम्राटहरूको राज्य-संचालन अनुकरणीय थियो भन्ने प्रतीति मिल्दछ । सम्भवत: त्यसै नीतिबाट प्रभावित भएर नै पृथ्वीनारायणले पनि त्यस नीतिको प्रतिपादन गर्न खोजेका थिए भन्ने आभास मिल्दछ । उनका सोचाइ अनुकूल सर्वत्र साथ पाएका भए उनको स्वर्णिम परिकल्पना अझ झझंराउँदो हुँदो हो भन्ने लोभ गर्न सकिन्छ ।

खशराजाहरूका राज्य-शासनको ढाँचामाथि विहंगावलोकन गर्न सकिन्छ पहिलो तह शीर्षस्थ पद परमभट्टारक महाराजाधिराज अथवा महामंडलेश्वर, दोस्रोतह मंडलेश्वर, मांडलिक, सामन्त र राउतराज, तेस्रोतह अधिकारी, अमात्य, चौथोतह अडे तथा कार्की [११]। सम्राटदेखि कार्कीसम्मका पदहरू संवैधानिक विशेषाधिकारसम्पन्न पद थिए जसमा सम्राटको सीधा दृष्टि पर्दथ्यो । यो राजनीतिक प्रशासनिक संगठनको शक्तिदीर्घा थियो । यसमन्तिरको ढाँचा प्रशासनिक र सामाजिक समन्वयमा समन्वित रहेको छ । त्यस समन्वयको अन्तस्करण बुझ्न शक्तिदीर्घाको संवैधानिक प्रयोजनमाथि पुनरवलोकन गर्नु आवश्यक हुन्छ । तसर्थ बोधगम्य पार्ने अभिप्रायले निम्न तालिका मनन गर्नु आवश्यक छ :—

### तालिका 'क'

१. परमभट्टारक महाराजाधिराज महामंडलेश्वर—राष्ट्रशक्तिका सर्वोच्च केन्द्र ।

२. (क) मंडलेश्वर—राज्यशासनका सामान्य अधीकरणबाहेक न्यायिक अधिकार प्राप्त राजाहरू जो धार्मिक मामिलामा सम्राटलाई नसोधिकन स्वयं निर्णय दिन समर्थ रहन्थे ।

(ख) मांडलिक—खशसाम्राज्य अन्तर्गतका कुनै कुनै राज्यहरू गणराज्यका लक्षणमा थिए जसमा केन्द्रद्वारा नियुक्त अडे, कार्की आदिले राज्यशासनमा ती गणनायकहरूलाई सहभागी गराइराख्न अनिवार्य थियो । साथै केन्द्रीय महासभामा ती मांडलिकहरूको सदस्यता रहन्थ्यो ।

(ग) सामन्त—जुन राज्य अथवा थर्पुमा अडे अथवा कार्की पदस्थ छन् त्यस्ता राज्य वा थर्पुका करद राजाहरू जसले राज्यको त्रिकर ( भाग, भोग र कर ) केन्द्रमा दाखिला गर्ने काममा कार्कीको सहयोग प्राप्त गर्दथे ।

(घ) राउतराज—कारणवश् जनपदमा अमनचैन कायम हुन नसकी गडबडी पैदा हुने अवस्था परी आएमा कार्की वा सामन्त र मांडलिकमाथि रेखदेख पुऱ्याउन खटिएका सर्वाधिकार सम्पन्न केन्द्रीय सैनिक पदाधिकारी ।

(ङ) अधिकारी— साम्राज्यका प्रधानमंत्री वा अमात्य र तिनीद्वारा राज्य तथा थर्पुहरूका लागि नियुक्त जन-प्रशासन प्रमुख।

(च) अडे तथा कार्की— राज्य तथा थर्पुका सर्वाधिकार सम्पन्न शासक ( वर्तमान शासनका क्षेत्रपाल तथा अंचलाधीश जस्ता पदहरू । )

३. राष्ट्रको राजनीतिक विभाजनका स्वरूपहरू समेत यिनै संवैधानिक पदसँग मर्यादित रहेपछि प्रशासनिक एकाईको विभाजन गर्दा एक राज्य वा थर्पुलाई अनेक दरामा विभाजन गरिएको थियो। जस्तो सपादलक्ष वा सिजा केन्द्रित खशसाम्राज्यभित्र १५ राज्य (देश) ३६ गढ (सामन्त निवेश) ८४ थर्पु (सैनिक प्रशासनका आधारमा विभाजित क्षेत्र) र १३६ दरा (दराको तुलना थुम अथवा प्रगन्ना वा इलाकासँग गर्न मिल्दछ) अनि एक लाख पच्चीस हजार गाउँहरू थिए। तदनुसार राष्ट्रमा संकट परी आएका बखत केन्द्रीय सुरक्षा सेना बाहेक झराला सेनामा राजाहरू १५, अडेहरू ३६, कार्कीहरू ८४, द्वारे तथा महन्तहरू १३६ र गाउँ गाउँका मुखिया अथवा ग्रामराज्यका प्रमुख ग्रामाधीशहरू १२५००० गरी जम्मा जवान १२५२७१ उत्तरदायी रहन्थे। यस पूर्णाङ्कलाई रूड मानो तेर्छो जोड गर्दा १८ हुन्छ तसर्थ 'अष्टादश राष्ट्रभृत:' भनेर साम्राज्यका लागि १८ राउतराज नियुक्त गरिएका हुन्थे। यसबाट राष्ट्रिय सेनाका अपार चतुरंगीणी प्रकृतिको समेत सांकेतिक अर्थ लाग्न सक्छ। केन्द्रीय सुरक्षा सेनाको संचालनको नेतृत्व राजकुमार, अधिकारी, अमात्य वा खँडकामध्ये एकले परिस्थिति हेरी गर्दथे। जस्तो सम्राट जितारिमल्लका समयमा शिरमौर राज्यमा गडबडी पैदा हुँदा सो गडबडी निवारण गर्न राजकुमार जालन्धरीमल्ल सेना संचालनको नेतृत्व ग्रहण गरी शिरमौर पुगेका थिए।

## ४. ३. स्थलको आधारमा थरको अस्तित्व :

अब जिज्ञासा पैदा हुन्छ एकलाख पच्चीस हजार गाउँका मुखिया वा ग्रामराज्यका प्रमुखहरू झराला सेना (तत्कालीन प्रयोगमा भृतसेना) मा सामेल हुन किन बाध्य हुन्थे ? के निरंकुश शासन चलाइन्थ्यो भन्ने सम्बन्धमा ? यी दुवै प्रश्नको समाधान गर्ने सूत्ररूपमा राष्ट्रिय समाज संगठनको तालीकामाथि विहंगावलोकन गर्नुपर्ने हुन्छ।

सपादलक्षका १३६ दरा बाहेक १४ ओटा गर्खा इकाई रहेको बाईस शय गाउँ गाभेर गठित डोटीराज्य (तत्कालीन मल्लराज्य जसलाई रहिकर राज्य र शासकलाई रैका शासक भनिएको छ) लाई छाडेर बाँकी गाउँहरू प्रायजसो बिर्ता वितरण गरिएका थिए। बिर्ता प्रदान गर्दा जातीयता र कुलीनता जनाउनैपर्ने सामाजिक बन्धन थिएन जोसुकै योग्य व्यक्तिले पाउन सक्थ्यो। बिर्ता पाउने बिर्तावारसँग राज्यले तोकेबमोजि-

मको कर लिन्थ्यो, भाग र भोगमा दखल गर्दैनथ्यो । त्यसमा पनि बहुधा ब्राह्मणबिर्ता-हरू राष्ट्रमा लागू गरिएका छत्तीस प्रकारका करभारबाट मुक्त रहन्थे । छत्तीस कर अकर गरिएका बिर्तावारहरू अनिवार्यरूपमा राज्यसभाका सहभागी गराइन्थे भने भाग र भोग मात्र माफ गरिने बिर्ताका बिर्तावारहरू राज्यमा परी आएका बखत सामेल गराइन्थे ।

प्राचीनकालको विशाल खशसाम्राज्य जो मुषिक देश र कुचा देशलाई छुट्याउने तारीम नदीभन्दा पूर्वमा पर्ने खोतान, मकरान, सुषा लगायत त्रिशूली नदीसम्मका पर्वतीय भूभागमा फैलिएको थियो कालान्तरमा टुटेर पूर्वी सुषा, पश्चिमी सुषा, कश्यपगृह, जालन्धर, पश्चिमी सपादलक्ष र पूर्वी सपादलक्ष आदि नाममा विभाजित भयो । त्यसरी बाँडिएका खशमंडलमा जालन्धरबाट यारी र खारी हुँदै सिजामा आएर शक्ति सम्पन्न भएका श्रीपालवंशी शासकहरूले खशराज्य मजबुत पार्ने नवीनतम सांस्कृतिक उपाय सोचेर त्यसलाई तत्काल कार्यान्वयन गरे । त्यस कार्यान्वयनले सामाजिक तथा सांस्कृतिक प्रकीर्णलाई एकसाथ विस्तार गरी राज्य अभीप्सा सफलीभूत पारेको थियो । त्यस प्रथाको शिलान्यासलाई बिर्ताप्रथा भनिन्छ । बिर्ता वितरण गर्दा राष्ट्रिय अंगमा सम्मिलित गराइने खालका प्रत्येक व्यक्तित्वहरूलाई एक एक साना ठूला गाउँहरू बिर्ता दिएर बिर्ता पाउने व्यक्तिको त्यसै बिर्तासँग विग्रह गरिदिने परिपाटि बसालिएको थियो भन्ने दिग्बोध अभिलेख साहित्यको अध्ययनबाट स्पष्ट हुन आएको छ[१७] । त्यस उपक्रममा समय समयमा प्रसारित लगभग आठ नौ शय अभिलेखहरू एकपछि एक क्रमैसँग प्रकाशमा आइरहे छन्[२१] । यस्ता अभिलेखहरूको अधिकतम कालावधि नवौं शताब्दीदेखि चौधौं शताब्दीकाबीच रहेको अनुभव गरिएको छ । यसै लहरमा ती खशराजाका गुरूको रूपमा पूज्यमान रहेका पंडित प्रवरले 'नेपा' नाम गरेको गाउँ बिर्ता पाए छन् । यो घटना विक्रम सम्वत् १३२७ सालको हो भन्ने छर्लङ्ग हुन आएको छ[१६] ।

घटनाको पूर्णविवरण यसप्रकार छ—कौशिक कुलभूषण भगवन् पारस पंडितका योग्य उत्तराधिकारीहरू खशराजदरबारमा चौबीसपुस्ता अविच्छिन्न राजगुरू पदमा रही खश-साम्राज्यको जग खँदिलो गराउनमा प्रभूत योगदान पुऱ्याएका थिए भन्ने किम्बदन्ती छ[२२] । सत्यासत्य के हो सो त विस्तारपूर्वक अध्ययन अनुशीलन गरेमा विदित हुने हो । त्यसै लहरमा सुवर्णभूमिको देवझूल नामको पैतृकस्थल त्यागेर आफ्ना महाराजसँग लागि भगवन् सुपर्व पंडित वर्तमान जुम्ला जिल्लाअन्तर्गत शेरीढुस्का नामको गाउँमा आई बसे । यसै सन्दर्भमा सुपर्वका काका सुबल पंडितका सन्तानहरू उत्तर प्रदेशको मुजफ्फरनगर जिल्लामा सरेका हुन् र हालसाल बढी संख्यामा फैलिएका छन् भन्ने जानकारी पाइएको छ[२२] । सम्भवतः बराल वंशावलिको खोज गर्ने शिलशिलामा

पं० शिवराज बरालले हाम्रो वंश शृंखला लगेर अनुप दुवेसँग जोडेका छन् । उनका अनुसार अनुप दुवेका सन्तानमा वीरभट्ट भए र वीरभट्टका तीन छोरा हुन् भन्ने देखिन आएको छ । ती तीन छोराको नाम जयतु, भगीरथ र भगीवन्त देखाएका छन् । त्यसमा जयतु बरालमाथिका पुस्ता काल्पनिक छन् । त्यस कुराको खंडन यथासमयमा गरिएको छ[६] । भनौं पं० शिवराज बरालको आधार विश्वसनीय देखिएन र खण्डन गरियो ।

सुपर्व पंडितको शेरी हुस्का प्रवेश सम्भवतः सिंजामा सम्राट नागराजको प्रवेशपूर्व नै भएको हुनु पर्छ किनभने पूर्वोक्त पाँच कुलराज्यको अस्तित्व[१] पूर्ण सार्वभौम सत्ता सम्पन्न रहँदाकै अवस्थामा खप्तड राज्यमा भएको तथ्य हाम्रा कुलायन (महामंडलीमष्ट) को प्रादुर्भाव प्रसंगबाट मननीय हुन आएको छ । यद्यपि सिंजा वा खप्तड प्रवेशको समय यतिले स्पष्ट हुँदैन र यकीन गर्न सकिँदैन । केवल सम्राट नागराजका लगभग सात आठ पुस्तापछिका खशसाम्राज्यका प्रतापवर्धक ओजस्वी महाराजाधिराज जितारिमल्ल देवका श्रद्धेय राजगुरु पदमा भगवन् भास्कर पंडित सुशोभित थिए भन्ने ज्ञात हुन आएको छ[२१] । भगवन् भास्कर पंडित आफ्ना समयका उद्भट विद्वान्, प्रकाण्ड ज्योतिषी थिए भन्ने जानकारी विज्ञ सूत्रहरूले दिएका छन्[११] । उहाँका माहिला छोरा जयविद्याधर पंडितले सम्राट जितारिमल्लका उदयकालमा उक्त गाउँ बिर्ता पाई अधिराजकुमार अक्षयमल्लबाट सालंकार वेशमनी रजतपत्र पाएको तथ्य प्रकाशमा आएको छ[१६] । यस आधारबाट नेपा + आलयोः पुमानिति यस्य स नेपालः थर रहन आयो । पछि नेपाल थर विग्रह भई व्यवहारमा लागू हुनुभन्दा केहीपूर्व नै भगवन् जयविद्याधर पंडितका माहिला छोरा जसु पंडितलाई सम्राटबाट सुतारकोट नामको थर्पुका 'कार्की' पदमा नियुक्त गरी पठाइएछ । त्यसैकारणले जसु पंडितका सन्तानहरू थरै 'सुतारकार्की' कहलाए । जसुका साहिला भाइ जयतु पंडितलाई दुल्लू राजधानीभन्दा केही पश्चिम र सुतारकोटभन्दा केही दक्षिण कर्णाली नदीको पश्चिमी तटमा रहेको 'बारला' नामको गाउँ बिर्ता उपलब्ध भयो र बराल थर विग्रह भयो । यस प्रमाणले पूर्वोक्त शिवराज कृत बरालवंशावलीमा दर्शाइएका वीर भट्टका छोराहरू जयतु, भगीरथ र भगीवन्तका स्थानमा जयविद्याधरपुत्र सर्वज्ञधर, जसुधर, जयधर एवं गुणरत्नाकर ( सर्वु पंडित, जसु पंडित, जयतु पंडित र गुनु पंडित) संशोधन गरिएका छन् ।

जयविद्याधरका कान्छा छोरा गुणरत्नाकर पंडितलाई प्रतिष्ठान याने प्रत्यन्त ( हाल प्यूठान ) राज्यअन्तर्गत 'खन' नामक गाउँ बिर्ता उपलब्ध भयो । उनका सन्तानहरू 'खन + आलयोः पुमानिति यस्य स खनालः' नियमानुसार विग्रहीत भए ।

---

६. बदलिंदो घामछाया पृष्ठ २४६–४८ पूर्ववत् ।

१. सांग्रिला पूर्ववत् ।

२१. भेरी लोकसाहित्य पूर्ववत् ।

जयविद्याधरका चार छोरा यसरी अलग्ग अलग्ग थरमा विग्रहीत भई नेपाल, सुतारकार्की, बराल, खनालमा परिणत भएपछि जेठा सर्बु पंडितका सन्तान मात्र पूर्वोक्त नेपा बिर्तामा बसेर नेपाल थरमा विग्रहीत भए। यसरी नेपाल थरको प्रादुर्भाव भएको हो। यसरी स्थलको आधारमा थरको अस्तित्व कायम भएको कुरो ऐतिहासिक अध्ययन तथा उपलब्ध अभिलेख प्रमाणद्वारा पुष्टि हुन आएको छ र यस्ता स्थलसँग सम्बन्धित थरको संख्या २८४ जति प्रकाशमा आएका छन्।

यस प्रवृत्तिले पुगनपुग चार सय जति थरहरू अस्तित्वमा आएका छन्। यसरी अस्तित्वमा आएका थरहरू खश समुदायमा नब्बे प्रतिशत, मगर समुदायमा साठो प्रतिशत र गुरुङ प्रजातिमा पन्ध्र प्रतिशत जति भएको अड्कल गरिएको छ, अथवा दुई प्रतिशतभन्दा बढी फरक पर्दैन। राष्ट्रिय संस्कृतिका मूलप्रवाहमा लिइने सामाजिक संरचनाको नवीनतम प्रकाश यसरी देदीप्यमान रहेकोले नेपालीत्वको अन्तस्करण बुझी मनन गर्न 'नृवंशशास्त्र' को अध्ययन मनन गर्नु परमावश्यक भएको छ। यसो नगरिएसम्म नेपाली जाति र संस्कृतिका निजस्व र वर्चस्व प्रकाशमा आउन कदापि सम्भव हुने छैन।

यो त भयो 'नेपाल थरको प्रादुर्भाव' सम्बन्धित वृतान्त। अब यसपछि घटेका घटनामाथि पनि सिंहावलोकन गरिन्छ। नेपा बिर्ताका प्रमुखदाता अक्षयमल्लको युवराज अवस्थामा नै असामयिक निधन भएकोले पिताका शेषपछि गद्दीका उत्तराधिकारीमा आदित्यमल्ल आए। आदित्यमल्लले पूर्वतर्फ खशराज्यको विस्तार गर्ने मन गरेर एक दुई-पटक काठमाडौंका मल्लशासकसँग भिडिए पनि।[२४] परन्तु काठमाडौंका राजा महा-राजासँग उनको के कस्तो सम्बन्ध कायम रह्यो त्यससम्बन्धमा स्पष्ट जानकारी नपाइए तापनि नुवाकोट भने खशराज्य अन्तर्गत थियो भन्ने जानकारी नेपाल थरका वंश विस्तारको अध्ययनबाट पाइन्छ। अस्तु, किनभने भगवत् जयविद्याधरका नाति द्वय धैबु पंडित र दैबु पंडितलाई महाराज आदित्यमल्लले आफ्ना पूर्ववर्ति महाजनका पन्थानुगमन गरी साथमा लगेर कान्छा दैबु नेपाललाई सर्वदेवा र बर्धदेवा नामका पारकोटपावा राज्यभित्रका दुई गाउँ र जेठा धैबु नेपाललाई नवकोट राज्यभित्रका झिलतुंग र बरीतुंग नामका दुई गाउँ बिर्ता दिएर खशराज्यका परिभृत प्रतिनिधि गराएका थिए। बरीतुंग नामको गाउँ कहाँ पर्दथ्यो त्यो आज खोजीको विषय भएको छ। झिलतुंग गाउँ चाहि झिलटुंग नै हो भन्ने निश्चय ध्वनि साम्यका आधारबाट गरिएको छ।

सम्भवतः आदित्यमल्लद्वारा नवकोट सिन्धुकोटतर्फका तैनायीमा सामन्त शिशुमल्ल नियुक्त गरिएका हुनुपर्छ किनभने धैबुका सन्ततिका पालामा बसुदाखर बरालको मंडन बिर्ता र बसुपाध्या नेपालको कोलपुटार बिर्ता सट्टापट्टा गर्दा सिन्धुकोटका राजा शिशुमल्लद्वारा गराएका थिए।

यसरी प्रबुद्ध सन्ततिहरू पूर्व लाग्नाले पैतृकभूमि नेपाको महत्व कम भएको आशंका पैदा हुन्छ । यद्यपि पुस्ताका हिसाबले भन्ने हो भने 'नेपाल'ले बढी शून्यता अनुभव गर्नुपरेको बुझिंदैन । किनभने धँवु र देँवुका छैटौं पुस्ताका सन्तति जाजागुरु, जगतगुरु 'नेपा' प्रेम र ममतावश फिर्ता भई पैतृकभूमिको सेवा पुऱ्याएका छन् । त्यसपछि केही शताब्दी 'नेपा' पुष्पस्थली र नेपाल थर सार्वजनिक जानकारीबाट प्रायलोप जस्तै रहेको बुझिन्छ । त्यसपछि संवत् १७६९ सालतिर जुम्लाका राजा विक्रम शाहीको सीमातिक्रमण, थिचोमिचो सहन नसकी ढंडेसो खुस्काउन अधिसर्दा राजा विक्रम शाहीले क्षमा मागी आफ्नो प्रमुख सहयोगी र कुशल छिमेकी मानिएका पंडित कालुपाध्या नेपालको रचनामा 'नेपा' र 'नेपागाड' अनि नेपाल थरका सम्बन्धमा प्रकाश पारेको पाइएको छ ।[१७] त्यसमार्फत संस्कृत शब्द कल्पद्रुमका व्याख्याकारले गरेको 'निप' शब्दको परिभाषा समेत सार्थक भएको अनुभव हुन्छ । निप शब्दबाट 'नेप' भएको र त्यसको अर्थ दीर्घाकार उत्तुंग-शृंग पर्वतको फेंदी भन्ने जनिने हुँदा नेपागाडको अस्तित्वले झन् बढी विश्वास दिलाएको बुझिन्छ । यस हिसाबबाट 'नेपा' ग्राममा आलय निर्माण गरी बस्ने भूस्वामी (बिर्तावार) जसको सर्वकर अकर (माफ) भएको छ त्यस अस्तित्व र स्वामित्व जनाउने अर्थमा भएको विग्रह सदैव अविस्मरणीय रहने विश्वास गरिएको छ ।

अन्ततोगत्वा नेपाल थरको प्रादुर्भावसम्बन्धी सर्वान्तिम चहकिलो प्रकाशको रूपमा पूर्वोक्त संवत् १८५२ सालमा सुपारीपाध्या नेपाल, मनुपाध्या नेपाल र चन्दुपाध्या नेपाल समेतले प्राप्त गरेको रूक्का लालमोहर मानिएको छ । सम्भवतः यस प्रमाणको लोप भएको भए पुर्ख्यौलीस्थल पत्ता लगाउन जति सकस पर्दोहो त्यसभन्दा बढी सकस नेपाल थरको व्युत्पत्ति पहिल्याउनमा पर्ने थियो ।

## ४.४.० नेपाल सन्तानको विस्तार

वर्तमान नेपाल एकीकरणपछि बिर्तावार गुठीयारसँग भएका प्रायः प्रमाणहरू सरकारद्वारा जफत गरिए । त्यसपछि परम्परादेखि धानी ल्याएका रिथतिरीति चालचलन कुलायन परम्परामा नराम्रो धक्का लाग्यो । अनादि जस्ता चली आएका चलनचल्तीहरू एक्कासी बन्द हुने स्थितिपर्दा एकप्रकार सामाजिक इतिहासको धारा नै बदलियो । यस घटनाले देशव्यापीरूपमा देशवासी क्षुब्ध भए । यसको अप्रत्यक्ष असर महाराजाधिराज श्री ५ रणबहादुरमा पऱ्यो । आखिर संवत् १८५२ सालतिर प्रायः बिर्तावारका बिर्ता र गुठीयारका गुठीहरू थमौती गरिए । पुराना प्रमाण हराए मासिएका कारणले नयाँ प्रमाण खडा गरिए । यस प्रतिकृतिको चर्चित लालमोहर त्यसै क्रमको एक झिल्का मानिन्छ ।

प्रमाण थमौतीका प्रकरणमा नेपा बिर्ताबाट मनुपाध्या नेपाल र सुपारीपाध्या नेपाल र साताल बिर्तामध्ये सीमगाउँका चन्दूपाध्या नेपाल समेतका त्रिमूर्तिले

नेपालको पुनरुद्धार गर्न जे जस्तो भूमिका खेले त्यही भूमिका नै समस्त नेपाल बन्धुहरू-का निति पुनर्नवाशैं कायाकल्पी घटना साबित भयो। उनीहरूले त्यस प्रकरणमा सक्रिय भूमिका नखेलेका भए नेपाल थर नै काल्पनिक र मनगढन्त बनिन जान्थ्यो[१]। दैवयोग-ले इतिहासले बिर्सिएको पातोमा रंगरोगन भरिन पाउँदा समस्त नेपाल बन्धुहरू धन्य भएका छौं। पूर्वजका पावनगाथाको मधुरस्मरण मुक्तकंठले गर्न पाएका छौं।

वस्तुतः नेपाल थरको प्रादुर्भाव एवं व्युत्पत्तिबारेमा सम्बन्धित प्रसंगबाट ज्ञान गरियो। अब यस प्रसंगमा नेपाल बन्धुहरू विभिन्न गाउँ जिल्ला र देश देशावरहुँदो कसरी फैलिएर डाँडाकाँडा डाक्दैरहे त्यसबारे चर्चा गरिन्छ।

सुवर्णभूमि अथवा खशमंडल (केदारखण्ड) बाट शेरीठुस्का आउँदा पंडित थर थियो भन्ने जानियो। शेरीठुस्काबाट दुल्लू राजधानी नगीचै नेपा गाउँमा आउँदा पनि पंडितै थिए भन्ने पनि जानियो। नेपामा जयविद्याधर पंडित आए तापनि नेपा बिर्ता पाउने थाहिँ छोरा सर्वज्ञधर (सर्बु पंडित) रहेछन् भन्ने बोध भयो। माहिला भाइ जसु पंडितका सन्तान कार्की, साहिंला भाइ जयतु पंडितका सन्तान बराल र कान्छा भाइ गुणरत्नाकर पंडितका सन्तान जति खनाल कहलाएसम्बन्धी विवरण पनि पढिए। सर्वज्ञधरको षष्ट्यन्त विग्रह नेपा बिर्तासँग भएको जानकारीसमेत विभिन्न प्रसंगबाट भएको छ। अब सर्वज्ञधरका सन्तानदरसन्तान कसरी फैलिए त्यो जानकारी प्राप्त गर्ने काम बाँकी रह्यो। तसर्थ अब त्यसमाथि विहंगावलोकन गरिन्छ।

## ४. ४. १. नेपाबिर्ताबाट सिंगौडी-साताला सीमगाउँ :

दुल्लू राज्यभित्रै नेपा बिर्ताका सोह्रौं पारिपट्टिको कुरो भए पनि उसको पनि आफ्नै पृष्ठभूमि छ। रासकोटी राजा मलयबम्मका कान्छा छोरा त्रैलोक्यबम्म भनेको तिलकीबम्म विलासपुरमा राजा रहेका बेला रोलगाउँ तिलेपाटा भेकमा बहुवाल राजा धामैराज राजा थिए। बिनाशकालमा बुद्धि बिपरीत हुन्छ भन्ने उक्ति अनुसार धामैराज पात्तिए र जनता सताउन थाले। त्यस भेकमा यजमानी वृत्तिमा पं० सुदर्शन नेपाल जाने गर्दथे। सुदर्शन नेपालको राजा तिलकीबम्मसँग राम्रो सम्बन्ध थियो। धामैराजद्वारा सताइएका जनताले भित्री कुरो बुझेर सुदर्शन नेपाल-सँग दुःख दर्द पोखे।

जनताको पीरमर्का सुदर्शन नेपालमार्फत् तिलकीबम्मले र बहुवाल राजाका पंजाबाट जनतालाई छुट्कारा दिलाउने अभिप्राय राखी तिलकीबम्म तिलेपाटा गए। गाईजात्रे डाँडामा भयंकर लडाइँ पऱ्यो। बहुवालराजा धामैराज लडाइँमा मारिए। त्यस लडाइँमा सहयोग पुऱ्याएकोमा पं० सुदर्शन नेपालले साताला, चोनटाकुरा, सीमगाउँ, श्रीकोट, डाडागाउँ, सिंगौडी आदि गाउँहरू तिलकी बम्मबाट बिर्ता पाए

र त्यसतर्फ नेपाल सन्तानको निर्बाध विस्तार भयो । राजा तिलकीबम्मले भर्ताकोटमा दरबार निर्माण गरी हालीमुहाली गर्दा सुदर्शन नेपाल उनका प्रमुख परामर्शदाता थिए भन्ने किम्वदन्ती छ ।

### ४. ४. २. नेपाबिर्ताबाट पाल्पा :

वंशावलीअनुसार सर्वज्ञघरका दुई छोरा थिए । यो खशसम्राट महाराजाधिराज आदित्यमल्लका समयको कुरो हो । ती दुईमा जेठा धैबुपाध्या नेपाल र कान्छा दैवुपाध्या नेपाल हुन् । दुवैले नेपा बिर्तामा नबसिकन अन्यत्र लाग्नुको अर्थ त्यस बिर्तालि गुजारा नचलेर वा मन नपराएर वा मन बरालिएर बसाइँ सर्न बाध्य भएका होइनन् । खास कुरा हो खशराजाहरूले साम्राज्य विस्तार गर्दा प्रारम्भमा पश्चिम र दक्षिणतर्फ दृष्टि दिएको बुझिन्छ । त्यसैले सम्राट क्राचल्ल अशोकचल्ल जस्ता प्रतापी राजाहरू पूर्व बढेको कुनै प्रमाण प्राप्त छैन तर सम्राट जितारिमल्लका पालादेखि पूर्वतर्फ दृष्टि पर्न थालेको बुझिन्छ[२४] ।

सम्राट जितारिमल्ल दुईपटक काठमाडौं आएको उल्लेख गोपाल वंशावलीले पनि गरेको छ[२४] । यद्यपि गोपालवंशावलीकारले धेरैपछि मात्र सम्झना र अनुमानको भरमा लेखेको सो वंशावली शतप्रतिशत पत्यारिलो मान्न कतिपय कारणले मिल्दैन तापनि स्वीकारोक्ति चाहिं त्यति भए पुग्यो । खास कुरा बुझ्न त्यस लेखले सहायता गरेको छ । जस्तो उपत्यकामा खशसेनाको प्रवेशले अस्तव्यस्त जनजीवन घरगाउँ त्यागेर वनजंगल-तर्फ लाग्यो भन्ने आशय दर्शाएको छ । त्यसअनुसार उपत्यकामा प्रवेश भएको हिउँद-मासमा रहेछ भन्ने स्पष्ट भएको छ । खशराज्यका मौसमी राजधानी दुईवटा थिए— ग्रीष्मकालीन राजधानी सिजा र शीतकालीन राजधानी दुल्लू । यी कुराहरू विभिन्न प्रसंगबाट जानिएकै छ । सिजामा बस्दा सिजापति भनिने र दुल्लूमा बस्दा दुलाल नाम चलेको पनि समाज-संस्कृतिका परिप्रसंगबाट जान्न नसकिने कुरा होइन । तसर्थ दुलाल राजाहरूको पूर्वसीमाना दुलालघाट लोकव्यवहारमा अझ छँदैछ त्यसो भएकोले सत्यासत्य विवेचना गर्दा यस्ता प्रमाणहरू स्वयं बकपत्र गर्न अघि सर्दछन्, त्यो यहाँ चरितार्थ भएको छ ।

खशराजाहरूको महत्वपूर्ण विशेषता पाइएको छ सांस्कृतिक समन्वयको विजय । रक्तपातपूर्ण संघर्षको विजयभन्दा आफ्नो जातीय संस्कृतिको विस्तार गर्नु र लोकजातीय संस्कृतिमा सामंजस्यको भावना ल्याई सांस्कृतिक सहिष्णुताको वृद्धिद्वारा सांस्कृतिक समन्वयको विजय गर्नु थियो । त्यसको उदाहरण जातीय सौमनस्यमा हेरी मनन गर्नु आवश्यक छ । हाम्रो सामाजिक तथा सांस्कृतिक इतिहासको अध्ययनबाट बोध हुन्छ सवर्ण जातिको पति र असवर्ण जातिकी पत्नीबाट पैदा भएको सन्तान स्वीकृत सवर्ण

जातिमा लिइने उदारनीति पुरातन समयदेखि नै व्यावहारिक थियो। यस्तो उदारता संसारका अन्य जातिमाभन्दा हिन्दू धर्मावलम्बी सवर्ण जातिमै हेरेमा के रहेछ सो छर्लंग हुन आउँछ।

यस भूमिकाका माध्यमबाट भित्री मर्म बुझ्न सजिलो भएको छ—महाराजाधिराज आदित्यमल्लसँग विजय अभियानमा पूर्व लागेका हाम्रा पुर्खा दैवुपाध्या नेपाललाई पारकोटे मगरराजाबाट विजीत सर्धदेवा र बर्धदेवा नामका गाउँ बिर्ता दिएर पाल्पामध्ये तैनाथ गरियो। रहँदा बस्दा आफ्नी औरस पत्नी कट्टेल कन्याबाट ब्राह्मण सन्तान र मगरराजकन्याबाट क्षेत्रीय सन्तान पैदा गरेको वंशावलीबाट विदित हुन आएको छ र बूढापाकाको भनाइअनुसार ती क्षत्रीय सन्तानहरू कुशौला पाँडे कहिन्छन्। परन्तु ती सन्तानहरू कहाँ कहाँ छन् खोजीको विषय भएको छ।

दैवुपाध्याले पाएका सर्धदेवा र बर्धदेवा ग्रामको त्यति राम्रो खोजी भएको छैन। सम्भवतः हालको सर्देवा सर्धदेवाको घर्षित रूप हो जस्तो लाग्दछ। वस्तुतः विभिन्न लक्षण, लोकव्यवहार, सन्तानमा विद्यमान पूर्वजोक्ति किम्बदन्ती साथै अभिलेखादि प्रमाण परिबन्दबाट नियालेर हेर्दा विचार गर्दा सर्देवाको स्थिति ठीक अनुमान गरिएको छ। एक कोणबाट यसो पनि देखिन्छ कालक्रमले गर्दा ताम्रपत्रादिका मूलप्रतिहरू लोप हुँदैगए, कतिपय अज्ञानवश् नष्ट पारिए। बहुधा प्रतिलिपि र प्रतिलिपिका पनि सरोट-मात्र पाउन सकिन्छ, त्यसोहुँदा प्रतिलिपीकरणका कारणले वर्णको परिवर्तन वा फरक अध्ययन गरिएको भए 'स' को सट्टा 'ब' हुनजानु कदाचित् असम्भव होइन।

## ४. ४. ३. पाल्पाबाट देश विदेशतिरः

दैवुपाध्याका सन्तानहरू पाल्पामा जस्तो हिसाबले फैलिएका छन् त्यसरी नै मकवानपुर, जनकपुर, हड्चुर, लिस्पू, इलाम, सिक्किम, भूटान, पश्चिम बंगाल, आसाम, बर्मा, सिंगापुर, हिमांचलप्रदेश, कश्मीरलगायत एशियाका विभिन्न भूभागमा र एशियाबाहिरका देशहरू अष्ट्रेलियाको फिजीद्वीप, मध्य अमेरिका ट्रिनिडाड र अफ्रीकाहुँदो पनि फैलिएका छन्। सबैको खोजीखबरी हुन सकेको छैन।

यसक्रममा भएका पत्राचार एवं प्रचार-प्रसारका माध्यमबाट विदित हुन आएको छ मध्य अमेरिका ट्रिनीडाडमा पन्ध्र परिवार अनि अस्ट्रेलियाको फिजीद्वीपमा चालीस परिवार जति छन्। साथै केही परिवार सिनेगलमा पनि छन् भन्ने बुझिएको छ। परन्तु जानकारी पाउन आवश्यक तथ्य बाँकी छ। यद्यपि यो सर्वथा स्वीकार्य छ कि नेपाल बन्धुहरूको अत्यधिक संख्या पाल्पा जिल्लामा छ र नेपाल थरको बढी-संख्या भएको पहिलो जिल्ला पाल्पा हो। यसमा सन्देह छैन। तथापि समस्त नेपाल

बन्धुमा नितान्त जानकारी हुनु आवश्यक छ कि पाल्पाली शाखा सबै दैवुपाध्याको सन्तान होइन। पाल्पा शाखामा विभिन्न शाखा-प्रशाखाको योग रहेको छ—जस्तो यसअधिको वर्णनमा नेपा बिर्ताबाट सोझै पाल्पा आउनेको कुरो पऱ्यो। यसपछि झिल्टुङ्गबाट पाल्पा जाने देउदत्तको खलक, मंडनबाट पाल्पा जाने देवगुरुको खलक, कानपुर-सिन्धुबाट पाल्पा जाने मणिकण्ठका खलक र कास्की बेगनासबाट पाल्पा जाने भगीरथका खलक अद्यावधि पाल्पामै आवाद रहेको विश्वास गरिएको छ। तसर्थ प्रत्येक शाखा-प्रशाखाको इयत्ता पत्ता लगाएर स्थिति बसाल्न लामै समय लाग्ने अनुमान गरिन्छ।

## ४. ४. ४. नेपाबिर्ताबाट झिल्टुंग-नुवाकोट :

भगवन् सर्वज्ञवरका छोरा धैंवुपाध्या नेपाल र दैवुपाध्या नेपालको चर्चा पहिले गरिएको छ। दैवुका खलक पाल्पामा फैलिएको कुरो लेखियो। त्यसरी नै अब धैंवुपाध्याका खलकको चर्चा गरिन्छ—सम्राट आदित्यमल्लद्वारा धैंवुपाध्या नेपाललाई त्रिशूली र बेत्रावतीका बीचको भूभाग झिल्तुंग, बरितुंग आदि गाउँहरू बिर्ता दिएर त्यस भेकमा भृतसेनाका तैनाथवाला बनाएकाले धैंवुका खलकहरू त्यस भेकमा फैलिए। झिल्तुंगको झिल्टुंग हुनु ध्वनि साम्यका कारणले सम्भव छ भन्ने पहिले पनि उल्लेख भएको छ र बरीतुंग विचारणीय छ। हुन त बरीतुंगको बोर्लाङ भएको हो भन्ने बूढापाकाको भनाइ छ, हो होइन सोच्नु राम्रो हुने छ। त्यस भेकमा अर्चले, नेपालथोक, पीपलडाँडा, खिचेत, कोल्पुटार, जीवनपुर, धैंबुङ आदि अनेक गाउँहरू पछि-पछिका राजा महाराजाहरूले पनि बिर्ता बितलब दान दातव्य गरिदिएका प्रमाणहरू उपलब्ध छन् र ती गाउँबस्तीहरूमा नेपाल बन्धुहरू अद्यावधि बसोबास गरेकै छन्। नेपाल थरको आबादी र विस्तारका हिसाबले यस जिल्लाको स्थिति तेस्रो रहेको छ।

## ४.४.५. झिल्टुंगबाट सीपा-मण्डन :

झिलटुंग बिर्ताबाट चिमा, चिन्तु आदि अठभैयाका सन्तानमध्ये चिन्तु, क्रमदु—( कौमुदीपाध्या ) र वसुपाध्याका सन्ततिहरू मण्डनमा र चिमाका सन्ततिहरू सीपा भेकमा फैलिएका छन्। पहिलोपल्ट मण्डन प्रवेश गर्दा सगोत्र बान्धव वसुदाखर बरालका हितमा कौमुदी र वसुपाध्याले सिन्धुकोटका राजा शिशुमल्लका (सम्भवतः शिव मल्ल-सं.) रोहबरमा कोल्पुटार र बेत्रावती बिर्ता मण्डन र पाँचखालसँग सट्टापट्टा गरेर सरेका हुन् भन्ने जनश्रुति छ। लिखित प्रमाण देख्न पाइएको छैन। त्यस्तै शिशुमल्ल राजाकै समयमा चिमापाध्याले सीपा, सिन्धु, कानपुर, बाँसबारी, डढुवा, सिरुबारी, गैरागाउँ, बाह्रबीसे आदि बिर्ता बितलब पाएका हुन् भन्ने छ। आशानुकूल प्रमाण उपलब्ध हुनै छ।

वसुदाखर बराल, कौमुदीपाध्या नेपाल, वसुपाध्या नेपाल एवं चिमापाध्या नेपालका उपर्युक्त उपलब्धिले नवोन्मेष दिन्छ त्यस कालमा त्रिशूली बेत्रावती पूर्व सुनकोशी पश्चिम काठमाडौं उपत्यका बाहेक एउटै शासक शिशुमल्लका अधीन रहेछ तव उनले सजिलै सट्टापट्टा गरिदिए। एक झिल्का प्रकाश यो भयो। दोस्रो झिल्कामा राजा शिशुमल्लको स्थिति विचारणीय छ। खशमल्ल र नागरमल्लको झकाझकी परेको अवस्थामा खशसम्राट आदित्यमल्ल र उनका उत्तराधिकारी सम्राट पुण्यमल्लका कार्यकालमा उपत्यकाका नागरमल्लहरू खशसम्राटका विश्वासभाजन हुन सम्भव थियो थिएन यस सम्बन्धमा चासो गर्न सकिन्छ। असम्भव सिद्ध भएमा राजा शिशुमल्ल कुन वंशका थिए त्यस कुराको खोजी हुनुपर्ने छ। राजा शिशुमल्लको अस्तित्व थिएन भन्ने चाहि कदापि होइन,थियो। किनभने सिन्धुकोटे राजा शिशुमल्ल, सापकोटा, न्यौपाने, सत्याल, पराजुली, गुरागाईं, खरेल आदिका वंश-विस्तारमा समेत चर्चित र सम्बन्धित छन्। अतएव उपत्यकामा स्थितिमल्लको स्थिति जस्तै उपत्यकाबाहिर त्रिशूली बेत्रावती र सुनकोशीका बीचमा कुनै समय पृथक् शासन व्यवस्था रहेछ भन्ने झल्क मिल्दछ।

वंशावली अनुसार सीपा र मंडनबाट नेपाल सन्ततिहरू त्यस अनुपातमा फैलिएका छन् जुन अनुपातले नेपाल थरको आबादी र विस्तारका दृष्टिले सीपा र मंडनलाई चौथो केन्द्र साबित गर्दछ। सीपा र मंडनलाई अलग्ग अलग्ग विस्तार केन्द्र मान्न कति उपयुक्त छ यस सम्बन्धमा पर्याप्त विचार विमर्श भएको हो त्यस हिसाबले अलग्ग संझिनु उपयुक्त लागेन। प्रशासनिक दृष्टिले पनि सीपा र मंडनलाई अलग्याएको धेरै भएको छैन। तसर्थ सीपा-मंडन एउटै समष्टिमा युगौंदेखि टम्बक एकजीउ भएर आएको हो र दरसन्तानले बाहिरफेरबाट जान्दा पनि सीपा-मंडन भनेको एउटै स्थल हो भन्ने जान्दछन्। प्रशासनिक सुविधा र भौतिक विस्तारका लागि हालसाल सीपा सिन्धु-पाल्चोकमा र मंडन काभ्रेपलान्चोकमा पारिएको भए तापनि वास्तवमा नेपालहरूको बिर्ता र सन्तान विस्तारको केन्द्र सीपा-मंडन सदैव अभिन्न रहने विश्वास गरिन्छ।

नेपालहरू बसोबास गरेका गाउँहरू-पाँचखाल, पनौती, दाप्चा, मंडन, श्रीचौर, चण्डीभंज्याङ, मंडनब्याँसी, सीपा, सिन्धु, कानपुर, बाँसबारी, डढुवा, सिल्बारी, पोखरी, गैरागाउँ, धुपिसे, बाह्रबीसे आदि हुन्। यिनै गाउँबाट कालक्रमवश् बसाई सरी गएका बन्धुबान्धवहरू पुर्ख्यौलीस्थल बताउँदा सीपा-मंडन बताउँछन्। विस्तारका हिसाबले सीपा-मंडन केन्द्र अझ बढी चर्चित छ। जस्तो पाँचखाल, पनौती, दाप्चा, लिस्पु, पाल्पा, कास्की, दैलेख, तनहुँ, उदयपुर, हङचुर, चुइचम्मा, भोजपुरका सिक्तेल, कटुजे, बोखिम, पालुवा, पोखरे, दिङला, चैनपुर, धनकुटा, तेह्रथुम, जनैपोखरी, धुपु-माल्टा, आँखीभूई, छुम्लिङ, मालबाँसे, बोया, चौबीसे, एकतिम्मा, सिन्ताम, जीतपुर, नामयला, नामसालिङ्,

विराटनगर, जनकपुर, रौतहट, कलैया, वीरगंज, हेटौंडा, भरतपुर, भक्तपुर, कटुजे, सिम्नेरी, ललितपुरका चाल्नाखेल, टौदह्-चोभार, काठमाडौंका डिल्लीबजार, बत्तीस-पुतली, सिफल, बानेश्वर, चावहिल, बौद्ध, पानीटंकी, फैंका आदि र गोकर्ण एवं काके-श्वरी, बागेश्वरी आदि अनि नेपालबाहिर सिक्किम, दार्जिलिङ, कालिम्पोङ, भूटान, आसाम, बर्मा आदि अनेक देश विदेशमा पुगेका छन् । को कसको खलक हो वंशलताद्वारा पत्ता लगाउनु पर्छ । झिलटुंगे र मंडने भनेर भेद गर्नु कुनै अर्थ छैन । केवल आँत बलो पत्ता लगाउन सजिलोको लागि दैलेख, पाल्पा, नुवाकोट, काठमाडौं, सीपा-मंडन, भोजपुर, हङ्चुर, शंखुवासभा आदि स्थलको जानकारी राख्नसके पुग्दछ ।

## ४. ४. ६. सीपा-मंडनबाट कास्की, पाल्पा, दैलेख :

मानिस यायावर प्राणी हो भन्ने मान्यता प्रायः सबैमा लागू हुन्छ । अनि नेपालहरू मात्र किन अपवाद हुने ? कहिले दैलेखबाट पाल्पा, झिल्टुङ्ग, सीपा-मंडन त कहिले सीपा-मंडनबाट झिल्टुङ्ग कास्की, पाल्पा, दैलेख आदि फन्को मारेका छन् । त्यस्तै क्रममा मंडनमा छँदा कुनै दिन पाल्पा राज्यका राजा वसुसेन (रूद्रसेन, मणिमुकुन्दसेनका पूर्वज) का दरबारमा आहिताग्नि मंत्रद्रष्टा एवं ज्योतिर्विद ब्राह्मणको खूब मानमनितो गरिन्छ रे भन्ने हल्ला चलेछ । एक त यस हल्लाले प्रभाव पार्‍यो दोस्रो मंडन मूलघरमा परिवारका सदस्यमा छलफल हुँदा समय समयका राजा महाराजाहरूले विद्वत्ता, न्याय-प्रवीणता एवं व्यक्तित्वको सम्मान तथा कदर गरी प्रदान गरिएका बिर्ता बितलबहरू आफ्नै भोगचलनमा राख्ने भन्ने सरसल्लाह भयो । त्यस्तो सल्लाह भएपछि अठंघका जेठा चिमापाध्याका दरसन्तान र कान्छा भाइ परमगुरुलाई सीपा मंडनको आंशो ( अंशभाग ) जिम्मा लगाई जेठा माहिला र साहिला भाइ जाजागुरु, जगतगुरु र देवगुरु तीनै भाइ पश्चिम लागे । पश्चिम कास्कीका राजा जगतिखानबाट बेगनास गाउँ केही पहिले बिर्ता मिलेको थियो जाजापुत्र केशुपाध्या र भगीरथपाध्या नेपाललाई बेगनास बिर्तामा छाडी आफू तीनै भाइ पाल्पातर्फ लागे । मंशीरको समय थियो ।

जतिबेला आहिताग्निहरू राजा वसुसेनका दरबारमा पुगेर हाजिरी दिए त्यतिबेला राजाको बाहिर सवारी भएको रहेछ । आहिताग्निहरूले महाराजको सवारी फिरेपछि यो आशीर्वाद सुनाइदिनू भनी पातीको पात दरबार अगाडि मौलोमा राखी बिदा लिई कास्की राज्यको बेगनासतर्फ फिर्ता भए ।

महाराज वसुसेनको सवारी राजदरबारमा फिरेपछि बस्नेतले आहिताग्निहरू आई आशीर्वाद छाडी गएको व्यहोरा जाहेर गरे । महाराजबाट आशीर्वाद दाखिला गर्नु भन्ने आदेश भएपछि पातीको पात लिन जाँदा आशीर्वादस्वरूप भनी मौलोमाथि राखेको

पातीको पात त जरा पलाई झांगिएर लहलह भएको रहेछ। त्यस्तो देखेर आई महाराज-समक्ष जाहेर गरे। त्यस्तो सुनेर महाराजको आश्चर्यको सीमा रहेन। सआश्चर्य महा-राजको आदेश भयो 'आहिताग्नि मंत्रद्रष्टा ब्राह्मणमा त्यस्तो उत्तम लक्षण हुन्छ; तिनलाई कसैगरी खोजेर ल्याउनू।' खोजी गरी ल्याउन खटिएका राजकर्मचारीहरू सुराक पत्ता लगाउँदै कास्की—बेगनाश पुगी फेला पारे। विद्वान्‌त्रयमा महाराजको आदेश अवगत गराइयो।

पाल्पालीराजा वसुसेनका आदेशको स्वागत गरी साहिंला भाइ देवगुरुलाई पाल्पा जान खटाई; छोरा केशुपाध्या र भगीरथपाध्यालाई बेगनाश बिर्ता जिम्मा लगाई आफूहरू साविक नेपा बीर्तातर्फ लागे। वंशावलीमा दिइएको विवरणअनुसार वर्तमान अवस्थामा दैलेख, दुल्लू, सुरखेत, अछाम, डोटी, कैलाली, बर्दिया र बाँके जिल्लाहुँदो फैलिएर बसेका नेपालबन्धुहरू जाजागुरू र जगतगुरूका सन्तान हुन्।

यता देवगुरू राजकर्मचारीका साथ लागी पाल्पा राजदरबारमा पुगे। महाराज वसुसेनबाट राम्रो कदर गरियो। देवगुरूका आहिताग्नि साधना र उपाध्याय अनुकूल कर्म-साधनाले महाराजलाई प्रसन्नता दिलाएकाले पश्चिम पाल्पामध्ये भैरवस्थान पश्चिमका प्रशस्त गाउँहरू बीर्ता प्रदान गरी सम्मानपूर्वक बसालियो। देवगुरूका सन्तानहरू हाल पाल्पामा रहन्छन् र पाल्पाबाट कपिलवस्तु, नवलपरासी, चितवन, जनकपुर, लिम्बु, हङ्चुर, मोरंग, झापा, असाम, सिक्किम, उत्तरबंगाल, भूटान आदि पूर्वोक्त देश विदेशमा फैलिएका छन्।

### ४.४.७. सीपा-मंडनबाट पूर्व-दक्षिण तथा काठमाडौं उपत्यकातर्फ :

सीपा-मंडन बीर्ताबाट नेपाल बन्धुहरू पूर्व-दक्षिणतर्फ फैलिनमा पनि सांस्कृतिक समन्वय पूर्ति गर्ने निहित उद्देश्य थियो। कदापि निरूद्देश्य र स्वार्थपरक थिएन। जस्तो एकछत्र सिजा प्रभुसत्ताको विखंडनपश्चि उदाएका बाईसी चौबीसी राज्यमध्ये चौबीसीमा पर्ने पाल्पाराज्य अरू राज्यका तुलनामा विशेष शक्तिशाली थियो। त्यस राज्यको बागडोर मगरराजाबाट सेनवंशमा पुगेको थियो। सेनराजाहरूले पनि श्रीपाली खशराजाहरूका नीतिको अवलम्बन गरी सांस्कृतिक समन्वयको माध्यमबाट बलियो शक्तिशाली राज्य निर्माण गर्न चिताएका थिए। केही समय त्यस नीतिले थाम्यो पनि। तर पछिका उत्तराधिकारीहरूको शक्तिलिप्सा र पदलोलूपताका कारणले राजनीतिक एकता कायम रहन सकेन र पाल्पा, तनहुँ, मकवानपुर, सिन्धुली र विजयपुर (मोरंग) गरी पाँच राज्यमा विभाजित हुन पुग्यो। भर्ले राजनीतिक अनेकता स्पष्ट देखापरे अनि बाणगंगा, माडीखोलापूर्व तिष्टापश्चिमको महाभारत एवं शिवालिक शृंखलामा सांस्कृतिक एकता कायम राख्न सार्वभौम प्रयास गरेको दृष्टिगोचर हुन्छ।

विजयपुरका राजा प्रवरसेन भनेका विक्रमसेन, जगतसेन र कर्णसेनका समयमा सीपा-मंडनबाट दुई नेपालबन्धुहरू पूर्व लागे। ती दुई थिए परमानन्द नेपाल र लक्ष्मीनारायण नेपाल। त्यतिबेला सेनराजाका दरबारमा ब्राह्मणहरूले बीर्ता माग्दा फलानो गाउँ बीर्ता पाऊँ भनी किटेर माग्नुपर्दो रहेछ। सो अनुसार परमानन्दले भुल्के गाउँ र लक्ष्मीनारायणले सिक्तेलमध्ये बूढीलोहोसे, सल्लेनीखर्क आरूस्वारा, गैरीस्वारा आदि समेतका गाउँहरू बीर्ता मागे। संयोगबश् परमानन्दले रोजेको भुल्के गाउँ पहिले नै बृहस्पति भट्टराईले मागेका रहेछन् तसर्थ परमानन्दलाई भुल्केसँगै जोडिएको ससानो खर्कौला नामको गाउँ मात्र मिल्यो। लक्ष्मीनारायणले भने रोजे-बमोजिम बीर्ता पाए। साथै उनका नातिका पालामा सिक्तेलकोटको तैनाथी र गैरीस्वारा चाहिं कुशबीर्तामा परिणत गराउनमा पनि सफलता पाए। त्यसरी परमानन्दका सन्तान खर्कौलापछि कटुजे गाउँमा र लक्ष्मीनारायणका सन्तान सिक्तेलमध्ये आरूस्वारा, कुशबीर्ता, गुठ, ददिपुर, भोटेछाप, सल्लेनी, बाना, बोखिम, पालुवा, पोखरे, दिङ्ला, झापा इत्यादि गाउँ-ठाउँमा फैलिएका छन्। परमानन्दका सन्तान खर्कौला-कटुजेमा नअटाई खोटाङ-सीमपानी, सप्तरी, ताप्लेजुंग, सिनाम, आंखीभुइं, सुनसरी, मोरंग, झापा, दार्जिलिङ, असाम, सिक्किम-सिन्ताम र अस्ट्रेलियाको फिजिद्वीपतर्फ समेत फैलिएका छन्।*

वर्तमान नेपाल एकीकरणपछि पूर्व नेपालमा सिक्तेलको कुशबीर्ता मात्र नेपालको बीर्ता थामियो, खर्कौला लगायत अरू कतिपय बीर्ताहरू कट्टीमा परे भन्ने बूढापाकाको भनाइ छ। यसरी दुई भाइका सन्तानहरू पूर्व नेपालतर्फ बढेपछि विस्तारै अरू केही सन्तान पनि पूर्व बढे। त्यस क्रममा दाप्चा, लिस्पु, हङ्चुर, छुलुवार, चैनपुर, धनकुटा-छुमलिङ, चौबीसे, नामसालिङ, नामथला, सिक्किम, भूटान, पश्चिम-बगाल, असाम, मेघालय, बर्मा आदि मुलुकमा नेपालहरूको संख्या प्रशस्त छ।

जागीर तथा राष्ट्रसेवाको उद्देश्यले काठमाडौं, भक्तपुर, ललितपुरका पूर्वोक्त गाउहरूमा सरेर बसेको संख्या पनि त्यति नै बढी छ भने मदेशका जग्गा जमीन बीर्ता पाएर बसाईं सरी जाने र हालआबादी गराई जानेको संख्या पनि महोत्तरी, रौतहट, कलैया र पर्सामा कम छैन। जो जहाँ बसेर भए पनि राजनीतिक, प्रशासनिक तथा बौद्धिक सन्दर्भबाट आफ्नो सामर्थ्यअनुसार राष्ट्रसेवामा तत्पर रही आएका छन्। इति।

*

*. नेपाल सन्तानहरू मंडनबीर्ता छाड़ेर पूर्व लाग्नाका कारणबारे भोजपुर शाखामा विस्तारपूर्वक प्रकाश पार्ने प्रयत्न गरिएको छ।

## नेपालहरूको

## देवाली गर्दाको कुलायन पूजन प्रकोष्ठ




| | | |
|---|---|---|
| १ | २ | ३ |
| ४ | ५ | ६ |
| ७ | ८ | ९ |
| १० | ११ | १२ |

पार्षद पूजा




आशागुर्जा, नगरा

## ४. ५. ०. नेपाल भाइवृन्दालाले गर्ने कुलायन-पूजाविधि

यसपहिलेका पृष्ठमा दिइएको कुलायन-पूजा प्रकोष्ठमा हाम्रा दृष्टि परे। यस कुरा-लाई हामीले मनन गर्‍यौं। पूजाआजामा स्थानीयताको प्रभाव पर्नु स्वाभाविक हो कदाचित् यसलाई अस्वाभाविक मानिँदैन तापनि स्थानीय आचार्यभेद, द्रष्टाभेद, वक्ताभेद, पूजा अर्चनाभेद इत्यादि कारणले गर्दा निःसन्देह पार्थक्य दृष्टिगोचर हुन्छ नै। त्यस-कारण नेपाल वंशपरिषद्को बहुमतले कुलपूजा भनौं अर्थात् कुलायन-पूजा गर्दा कुन क्षेत्रमा कस्तो पूजाविधि गर्ने चलन छ त्यसबारे विचार विमर्श गरी लेख्नुपर्ने निर्णय गर्‍यो। त्यस निर्णयअनुसार कार्यसमितिका सदस्यद्वय श्रीज्ञानमणि नेपाल (भोजपुर) एवं श्रीटंकनाथ नेपाल शास्त्री ( मण्डन पाँचखाल) का जिम्मा लगाइयो पनि। तदनुसार जो जसले आवश्यक ठान्नुभयो उहाँहरूले आफ्ना शाखामा पूज्य पितापुर्खाले लेखेर राखेका, आफ्ना दृष्टिमा परेका, सुनेका, बुझेका चालचलनका बारेमा जो सम्भव भयो त्यही पठाएर वंशपरिषद्लाई लाभान्वित तुल्याउनुभएको छ। त्यसैले यस प्रसंगमा ठाउँ ठाउँमा गरिने कुलपूजा विधिको प्रकार दर्शाई अन्तमा भविष्यमा अवलम्बन गर्न सजिलो कस्तो विधि अपनाउन उचित होला त्यसबारे अनुकूल सुझाव राखिएको छ।

## ४. ५. १. प्रवृत्तिगत धारणा :

१. एक नम्बरमा यी पंक्तिका लेखकले देखेको विधिबारे नै चर्चा गरौं—बीचमा एक वर्ष छाडेर वा तेस्रो वर्ष पारेर देवाली गर्ने भन्दै कुलदेवताको स्थानमा भाइवृन्दाला जुट्दछन्। यसमा कुलको दीयो मूल अगुवा रहन्छ। भन्नुको मतलब कुलको दीयो अघि नलगाइकन देवालीस्थानमा प्रवेश गर्नु उचित नहुने ठानी गाउँको अथवा त्यस शाखाको नायक (मूली बूढो) अर्थात् कुलवृद्ध भन्न सुहाउने जेठो घरमा कुलको दीयो रहन्छ त्यस दीयोलाई भिन्न गोत्रकाले छुनुहुँदैन। संरक्षक कुलवृद्धले यत्नले जोगाइराखेको दीयो निकाल्नु पर्दा खास गरी देवाली गर्ने दिनमात्र घरबाट बाहिर निकाली स्थानमा पुर्‍याइन्छ।

मैले लेख्न लागेको चलनअनुसार वैशाखको पूर्णिमा अथवा पंचमीका दिन देवाली गर्ने भनिन्छ। देवालीमा मुख्यतः महामण्डलीमष्टको आराधना पूजन गरिन्छ। बूढापाका-को भनाइ र मष्टबारे जति अध्ययन अनुसन्धान हुन सकेको छ त्यसअनुसार हाम्रा कुल-देवताको नाम महामण्डलीमष्ट पर्दोरहेछ। बाह्रमष्टमध्ये महामण्डलीमष्ट कान्छा रहे-छन्। यिनकी बहिनीको नाम गंगा, भवानी र सरस्वती हो। भाञ्जा देवताको नाम हो काणाब्रह्म। यी भाञ्जाको गोत्र वत्स हो भनिन्छ। तीन बहिनीमा यी भाञ्जा कुन बहिनीका छोरा हुन् त्यो भने कसैले खुलस्त गरी बताएजस्तो लाग्दैन। यद्यपि जे होस् जुम्लाको शेरीदुस्का; नेपाको दहयान, पाल्पाको सर्देहवा, झिल्टुङको नेपालथोक, मण्डनको महादेवस्थान र भोजपुर कटुजे अथवा सिक्तेल कहीं पनि यथार्थमा मष्टका धामी

भएजस्तो लागेन र देखिएको छैन। त्यसोहुनाले धामीबेगरै कोरिपूजा गर्ने चलन प्रधान रही आएको बुझिन्छ। देवी-देवताको नाम र पूजा प्रकोष्ठ चित्रमा दिएकै हिसाबमा छन् जसमा यसअगाडिको सन्दर्भ लेखमा पं. दिवाकर नेपाल-(महाराजगंज-काठमाडौं) ले दर्शाउनु भएको हो।

दुल्लू-नेपाबोर्तामा कुलदेवतालाई मष्ट भनिन्छ र जुम्ला-शेरीढुस्कामा पनि मष्ट नै भनिन्छ। पूर्वतर्फ बढेपछि भने मष्टको नाम कसैलाई थाहारहेनछ। कुलायन पूजा अथवा कुलदेवताको पूजा वा देवाली भनेर नै मष्टको आराधना र उपासनाको अर्थगहनता अनुभव गरिन्छ।

लोकायतका कारणले होला पाल्पालगायत पूर्वतर्फ कुलदेवता भनेर शिला स्थापना गरी बलि दिदा त्यसै शिलामा दिने गरेको पनि देखिएको छ। वास्तवमा त्यसो गर्नाको कारण मष्टको मर्म नबुझेर होला भन्न सुहाउँछ। स्पष्ट शब्दमा भन्नुपर्दा मष्टको कुनै मूर्ति हुँदैन किनभने मष्ट परम्परा निराकार उपासनाको द्योतक हो कदाचित् साकार उपासनाको द्योतक होइन।

(धामी विजयराम नेपाल—नेपा धारखोला)

अघिअघि देवाली गर्दा अघिल्लो दिन सबै बन्धुबान्धवका घर लिपपोत गर्ने; लुगा कपडा धोएर, मूलो मान्छेहरूले नुहाइधुवाइ एकछाकी बस्ने अनि भाइबृन्दाला जुटी देवालीस्थानमा गएर सफा सुग्धर पार्ने, घेरा बारा लगाउने र भोलिपल्ट देवालीका दिन दोस्रो प्रहरभित्र कुलको दीयो, घण्ट, चमर, आधागूर्जा औ जामा पगरी र जोर जोर आलम जनै सुपारीसमेत डोलीमा रातो झापनले ढाकेर सुरक्षासाथ बाजा बजाउँदै कुलवृद्धका घरबाट लावालस्कर निकाली देवालीस्थानमा भित्र्याउने गर्दथे।

लावालस्करका अगाडि पंचैबाजा उराहा लगाउँदै हिंडने दमाई र वैदिक मंत्रद्वारा स्वास्तिवाचन गर्दै अघि बढ्ने पुरोहित बाबुबाजेकै पालादेखि वंशपरम्परागत तोकिई आएका हुन्थे जो अद्यापि छँदैछन्। पुजेको पुरोहित भिन्न गोत्रको भए तापनि देवाली स्थानमा बसी वेदमंत्र पाठगर्न र रुद्राभिषेक गर्नका साथै फूल प्रसाद ग्रहण गर्न वर्जित गरिँदैन।

पूजाप्रकारमा छागबलि (बोका काटेर रगतको बलि) दिने र रगत पार्ने कुरै नचलाई पायसबलि दिने वा फलफूलद्वारा सन्तुष्ट पार्ने दुवै चलन छ। यथार्थमा एक वर्ष बिराएर देवाली गर्ने र छ छ महीनामा गैडुपूजा (गोठधूप) अर्थात् उँधौली उँभौली गर्ने अनि एक वर्ष बिराएर कोरीपूजाद्वारा कुलदेवतालाई सन्तुष्ट राख्ने चलन चलिआएको छ।

(पूर्णप्रकाश नेपाल 'यात्री')

### ४. ५. २. पूजनीय कूलायन देवताको बीजमंत्र यो हो :

**ओम् किं ओम् । ॐ कारायनमः ॐ काराब्रह्मणेनमः ॐ महामण्डलिमष्टायनमः ॐ गंगाभवान्यैनमः ॐ सरस्वत्यै नमः ॐ विन्दबासिन्यैनमः ॐ जालपार्यैनमः ॐ सुनाझांक्र्यैनमः ॐ ब्रह्मणेनमः (सात्विक पूजामा मात्र)**

**सह्योगी पूजा अर्चना हुनेमा ॐ भपिन्यैनमः ॐ भागिनेय देवेभ्योनमः ॐ भूमिदेवेभ्योनमः ॐ श्मशानेनमः ॐ घाटदेव्यैनमः ।**

यतिबाहेक अरु जे जति देवी देवता, सिमे भूमे, नाग नागीनी, आइतबारे सिद्ध शिकारी, लामालमेनी, झाँक्री झँक्रेनी र गैंडु गोसाईंलाई पनि भाग दिनु पर्दछ तर कति खाले देवी देवतालाई भने स्थानबाहिर पारेर छुट्टै आगो ल्याई धूप दीप गर्ने चलन पनि छ । बुझ्नु पर्छ ।

घर-गोठमा मोही पार्दा माथिका मंत्र जपी धूप हाल्नु पर्छ । गाई भैंसी जे भए पनि मूल ठेकामा दही मथन गरी मोही छिल्बिल्याएपछि धूप ध्वाँर नगरी हुँदैन, गर्नै पर्छ । धूप ध्वाँर गर्दाको छुट्टै घुपौरो हुन्छ । तर कालीपारे बागलुङ, गुल्मी, प्यूठान-तर्फ र आसपासमा भने कोही कोहो 'लाटो' भन्दा रहेछन् । चुल्हामा या अँगेनामा धूप ध्वाँर पारेको (गरेको) कहीं देखिएन तसर्थ उक्त पात्रमा आगाका भुङ्ग्रामा धूप दिदा चाहिं 'नमः' को सट्टा 'स्वाहा' उच्चारण गर्नुपर्छ तर कतै स्त्री जातिले मोही पार्नु र बेलुका दही मथन गर्नु उचित हुँदैन । कुलायन पूजामा विचार पुऱ्याउने कुरा यस्तै हो ।

**( पं० दिवाकर नेपाल )**

### ४. ५. ३. नेपाल बन्धुबान्धवका कुलदेवता :

**कुलदेवताको पूजा गर्दा हामी नेपाल दाजु भाइको परम्पराअनुसार चौथो कोठामा रहेका गौरा-पार्वताका स्थानमा रूद्रि एक आवृत्ति जलधारा थापिकन गर्ने चलन छ । यसलाई कुलदेवता पूजा परिचयमा राखिदिनु हुनेछ । पहिले दिएकोमा छुट भएको छ ।**

हामी कौशिकवंशी घृतकौशिक गोत्रधारी नेपाल थरका नेपाली हौं । वैदिक परम्परा आर्य संस्कृति जस्ता कल्पतरूका छायामा हुर्केका नेपालीको आचारविचार संस्कार संस्कृति, चालचलन, वेषभूषा एकनासको हुनु स्वाभाविक हो । त्यस्तै चाडपर्व आराधना, उपासना पूजा पद्धति मान्ने चलन पनि झण्डै एकखालको छ तर पनि कुलपरम्परा गोत्रपरम्परा अनुसार चाडपर्वको निर्वाहमा केही फरक हुन्छ ।

हामी घृतकौशिक गोत्रका नेपाल दाजु-भाइहरूले वार्षिक पर्वका रूपमा आफ्ना कुलपरम्परा अनुसार मान्दै आएका मण्डली-मष्ट कुलदेवताको आजापूजा-देवाली गर्ने विधि-आफूले जाने बुझेसम्म निम्नप्रकार लेखी प्रस्तुत गरेको छु—प्रत्येक वर्षको वैशाख

शुक्लपूर्णिमा ( चण्डीपूर्णिमा ) र मार्ग शुक्लपूर्णिमा ( धान्यपूर्णिमा ) पारेर कुलदेवताको पूजा गर्ने चलन छ ।

पूजा गर्नुभन्दा अघिल्ला दिन आफ्ना भाइवृन्दाला अर्थात् विभिन्न जिल्ला-गाउँमा बसेका एकै कुलका मूलबाट फैलिँदै आएका दाजु-भाइ मिली देवी-देवताको आराधना पूजा गर्नाका लागि अघिल्ला दिन राति जम्मा भई देवता बोलाउने र धामीका जीउमा चढाउने गरिन्छ सार्वै ऊचनीच स्पष्ट पार्ने गरिन्छ । भोलिपल्ट पनि धामी काम्दै कुलायनका स्थानसम्म पुग्ने र मुख्य पुजाहारीले गर्ने काम जति स्वयं धामीले गर्ने चलन छ । त्यसरी अन्तमा कुलदेवतालाई बलि दिने चलन थियो तर विस्तारै अब त्यस्तो चलन हराउँदै र पुरानिँदै गयो ।

आजभोलि कुलदेवताको पूजाबारे बढी जान्ने वयोवृद्ध ज्ञानवृद्धहरूले अह्राए-सिकाए-बमोजिम अघिल्ला दिन लुगा धुने, घर लिपपोत गर्ने, कपाल खौरने, नुहाउने चलन छ र गाईको घ्यूको धूप हाली कुलदेवताको आराधना गरिन्छ । भोलिपल्ट पूर्णिमाका दिन चोखा र सफा कपडा लगाई कुलको दीयो अगाडि लगाई देवाली गर्ने ठाउँमा गइन्छ । गाईको दूध, पूजाको सामान चामल पीठो पानी कपडा जनै सुपारी जम्मा गरी कुल धर्ममा श्रद्धा राखी कुलपरम्परामाथि अपार निष्ठा जनाउन कुलायनका स्थानमा जाने चलन छ ।

कुलायनका स्थानमा पुगेपछि चामल पीठो घ्यू-चीनी सक्खर बराबर पारी मल्नु-पर्छ । प्रत्येक घरबाट आलम भेटी अक्षताको रूपमा चाहिंदो सामान जम्मा हुन आउँछ र त्यसरी जम्मा हुन आएको सामानबाटै नैवेद्य पक्वान्न तयार पारिन्छ ।

कुलायनस्थानको आँगन चौको लिपपोत गरी यज्ञमण्डल तयार पारी विधिपूर्वक अग्निस्थापना गरी यज्ञ गरिन्छ । स्थापित देवता ( जो यसै सन्दर्भको प्रारम्भमा दिएको पूजा प्रकोष्ठ छ त्यसअनुसार ) लाई आसन पाद्यादि षोडश उपचारले पूजा गर्ने, हवन स्तवन गर्ने गरिन्छ । कुलदेवताका अन्तरंग छ कोठा र सर्वतोभद्रमण्डल तयार पार्न चामलका पीठाको रेखी हालिन्छ । सर्वतोभद्रमण्डलका ६४ कलापूर्ण २५६ ससाना मध्यान्तर कोठा बनाइन्छ र त्यस चक्र प्रकोष्ठभित्र ३६० अहर्निशको परिकल्पना र आराधना गरिन्छ । प्रत्येक कोठावा कुलायन स्थानको हाताभित्र पारी लोग्ने मानिसले पकाएको गाईका दूधको खीर र आधामाना पीठाको बाबर नामको रोटी पकाई ६४ टुक्रा पार्नु पर्दछ । तीनपाते सिमालीका पातमा वा पातीका पातमा भाग राखिन्छ । सबै भाइवृन्दाला मिली बूढापाकाले लाए अह्राएको काम गरिन्छ । अचेल धामीको चलन लोप हुँदै गयो तसर्थ उमेरमा पाको र साइनोमा ठूलो पर्ने मध्येकै व्यक्तिविशेषको आज्ञा-पालन गरिन्छ । त्यसअनुसार पूजा मण्डपका ६ कोठामा कल्पना गरिएका सर्वतो-

भद्रमण्डलभित्र प्रत्येक कोठामा **आसन, जल, अर्घ्य, चन्दन, अक्षता, फूल, अबीर, जनै, सुपारी, भेटी, सूत्र, कपडा, धूप दीप, नैवेद्य, बासन, उपायन** पुन्याई पूजाविधि पूरा गरिन्छ । बाजागाजा बजाई भारी उत्सव मनाइन्छ ।

पूजा सकेपछि भाइवृन्दाला बसेर प्रसाद खाइन्छ । जो पक्वान्न तयार छ त्यसबाट प्रत्येक परिवार मूली र दीयोको भाग पर सारेर मात्र प्रसाद वितरण गरिन्छ । विगोत्री र स्वास्नीमान्छेलाई सहभागी गराइंदैन । पुरोहित र भान्जाले प्रसाद पाउंछन् ।

वर्षदिनभित्र घटेका प्रिय अप्रिय घटनाहरू, तीता पीरा टर्रा मीठा कुराहरू त्यहाँ बसेर छलफल गरिन्छन् । पकाउने भांडा र यज्ञपात्रको गुठी राखिएको हुन्छ र ती भांडाहरू माथबरी कुलवृद्धका जिम्मा रहन्छन् ।

पूर्वोक्त ६ कोठामा स्थापना गरिने कुलदेवता दश थरी हुन्छन् । जस्तो १. **मुख्य कुलायन महामष्टमण्डली र उनका शिरोभागमा महासरस्वती र मल्लेश्वर देवता, २. काणाब्रह्म (भान्जा थानी) ३. ऐरा शिकारी, ४. देवीदेउराली ५. गौरा पार्वता ६. विन्दवासिनी ७. गंगा भवानी सरस्वती ८. श्मशानी ९. सुनाझांक्री १०. बेताल भैरव ।**

पहिलो कोठामा मष्ट भनेका शिवका प्रतीक बाह्र भाइ मष्टमध्येका एक हुनाले **महामष्टमण्डली** भनिएको हो । दोस्रो कोठामा ऐरा देवता भनेका अहीर अर्थात् **पशुपालकका प्रतीक गोठदेवता** हुन् र शिकारी भनेका **वनजंगलका रक्षक वनदेवता** हुन् । तेस्रा **काणाब्रह्म भनेका कुलका भान्जा** हुन् । चौथो वर्गमा **देवीदेउराली भनेर अन्नपूर्णा र सिमे भूमे क्षेत्रपाललाई** भनेको हो । **गौरा पार्वता भनेका देशका शिव शक्ति र विन्ध्यवासिनी** भनेका **ग्रामदेवीका प्रतीकमा** लिइएको छ । **गंगा भवानी र सरस्वती भनेका** कुल गोत्र र थरले सृष्टिकालदेखि मानिएका इष्टदेवी हुन् जसको विकल्प छैन । श्मशानी देवता गौतम गोत्रका तिवारीका छाया हुन् । खशसम्राट जितारीमल्ल जालन्धरीमल्ल, अक्षयमल्ल आदित्यमल्लहरूले हाम्रा पुर्खालाई दिएको नेपा बिर्ता तिवारी जगंनाथबाट कट्टा गरी दिएको र पछि जगंनाथ तिवारीको अपुतालो पर्दा कल्याणकारी छोरीका सन्तानका हैसियतले सेखीबांकी सम्पत्ति समेत सम्हालेको अर्थमा दाता मानेको हो भन्ने कौलीय धारणा छ । सुनाझांक्री र बेताल भैरव भनेका बाह्य आक्रमणबाट जोगाउने रक्षकका प्रतीक हुन् । साथै बज्रपात, बाढी पहिरो, आँधीबेरी इत्यादि प्राकृतिक प्रकोपबाट त्राण पाउने आशाले कुलायन पार्षद्‌मा मान्यता पाएका हुन् भन्ने अनुभव हुन्छ ।

मलाई लाग्छ यी कुलायनहरू सबै हिन्दू धर्मावलम्बीका साझा वर्चस्व हुन् त्यसो भएकाले प्रत्येक सवर्ण समाजमा देवाली गर्ने प्रथा खश जाति र संस्कृतिसँगै अन्योन्याश्रय रहिआएको छ । **(टंकनाथ नेपाल शास्त्री, काभ्रे पलाञ्चोक पाँचखाल)**

## ४. ६. मूल्य तथा मान्यताजनित केही समीक्षा :

एकछिनका लागि सोचौ देवाली गर्ने चलन कति व्यावहारिक अनि कति उपयुक्त हो अनि वर्तमान परिपृष्ठमा यस प्रवृत्तिका मूल्य र मान्यता कुन रूपमा मुखर छन् । प्रस्तुत सन्दर्भमा मुख्यतः तीनवटा स्रोत-बाट छोटकरीमा प्रकाश पारिएको महामष्टमण्डली नामको मष्ट मान्ने कौशिकान्वयी खसड अभिजनका घृतकौशिक गोत्रधारी बन्धुबान्धवमध्ये केवल नेपाल थरका बीच चलिआएको कुलपूजा गर्ने चलनको एकझिल्कोमात्र हो । हुनसक्छ यसैभित्र पनि कतिपय अन्तर अवान्तर होलान् ।



वस्तुतः देवाली गर्ने चलनको मर्म नबुझेसम्म अवश्य भ्रम पर्न जान्छ र यस चलनमाथि अविश्वास पैदा हुन्छ । अज्ञानवश् अथवा बढी भावुक भएर अथवा आफूलाई बढी आधुनिक औ बढी सभ्य ठानिएको खण्डमा देवाली गर्ने अथवा कुलायन पुज्ने चलनलाई रूढीवूढी र कुरीति भन्न उद्यत होइएला । परन्तु यो क्षणिक भ्रान्ति हो ।

कतिपय गवेषकले मष्ट उपासनालाई अज्ञानताको प्रतीक ठानेका छन् । त्यसो पनि होइन । वास्तवमा मष्ट उपासना एकताको प्रतीक हो । मानवशास्त्र समाजशास्त्रका मौलिक पक्षमा विवेचना गर्दा हाम्रो पर्वताश्रयिन् जाति र समाजका गतिविधिलाई जीवन्त बनाइराख्ने बलिया कडीको रूपमा मष्ट उपासना ज्यादै उपयोगी रहेको अनुभव हुन्छ । जस्तो नेपाली समाजको विकास एवं विस्तारमा मष्ट सनातन प्रमुख कारकको रूपमा सर्वमान्य रहिआएको स्पष्ट छ । मध्य एशियादेखि पूर्वतर्फ फैलिएको नेपाली समाजलाई एकताबद्ध बनाइराख्न मष्टले प्रभावकारी भूमिका खेल्दै आएको छ । त्यति-मात्र होइन मष्ट सनातन नेपालीको मौलिक वर्चस्व सिद्ध भएको छ यस ध्रुवसत्य तत्वलाई कदापि नकार्न मिल्दैन ।

देवाली गर्ने चलनको भित्री मर्म राम्ररी केलाएर हेरिएका खण्डमा यसको मूल्य र मान्यता अपरिमेय देखिने छ । जस्तो प्रत्येक एक वर्ष बिराएर कुलपूजा गर्नु र प्रत्येक छ महीनामा उँधौली र उँभौलीको नामले गैडुपूजा (गोठको धूप) गर्ने चलनले स्पष्ट बोध गराउँछ यो चलनको मुख्य ध्येय हो बन्धुबान्धवको सम्मेलन । छ छ महीनामा गरिने उँधौली उँभौली क्षेत्रीय सम्मेलनको द्योतक मानिएको छ भने वर्ष वर्षमा एक वर्ष बिराएर पुर्ख्यौली मूल थलोमा गरिने देवाली अथवा कुलायन पूजा बृहत्सम्मेलनको द्योतक हो । सम्मेलनमा खसी बोका काट्नु वा नकाट्नु र पायसबलि अथवा रोटा

बाबर पकाएर खानु खुवाउनुको माने हो लामो समयपछि एकत्र भएका भाइबन्दालाका माझ मीठो मसिनु परिकार बनाएर रमाइलो गर्नु ।

अज्ञानवश् अथवा व्यस्ततावश् टोल टोलमा फुटाएर देवाली गर्दा मष्ट सनातन परम्पराको अन्तस्करण फेला पर्दैन बरु एकतामा आँच आउन सक्छ तसर्थ टोल टोलमा वा ठाउँ ठाउँमा फुटाएर देवाली गर्न पट्टि लाग्नुभन्दा एकै मूलमा जम्मा भएर बन्धु-बान्धवका बीचको एकता कायम राख्नु र कुल परम्पराप्रति निष्ठा जनाउँदै जानु राम्रो र कल्याणदायी हुनेछ । सम्मेलनमा आफू उपस्थित हुन कारणवश् नभ्याइएका खण्डमा भाइसल्लाहले प्रतिनिधि पठाउन सकिन्छ ।

कौलीय सम्बन्ध टुट्यो भने सांस्कृतिक दृष्टिले न घरको न घाटको होइन्छ त्यसकारण अन्यथा नसम्झी कुलपूजा कायम राख्नु मौलिक वर्चस्वका दृष्टिले लाभदायक हुन जान्छ ।

आदिकालमा पितापुर्खाले दूरदर्शी विचार राखेर नै यस परम्पराको अस्तित्व स्वीकार गरी जीवन्त राखिआएका हुन् । त्यस मर्मको ख्याल गरी निःशंकभावले प्रचलित परम्पराको अनुशरण गर्नु वर्तमान पुस्ताको कर्तव्य हुन आउँछ । यसो गर्दैमा रुढिबूढीको अन्धानुशरण गरेको ठानिनु बुद्धिमानी हुँदैन । अन्ततोगत्वा यस परम्पराको जीवन्तता निरवच्छिन्न कायम रहनु जातीय वर्चस्वको दृष्टिले अपरिमित मूल्य र मान्यता सजीव रहेको ठानिन आउँछ । इत्यलम् ।

●

# ५. ऐतिहासिक पृष्ठ

## ५. ०. केही प्रभावशाली व्यक्तित्व :

यस स्तम्भमा उल्लेखनीय वंशदीपकहरूमध्ये कतिपय ऐतिहासिक पृष्ठमा स्थान पाएका हुन सक्छन् खोजीखबरी हुनु परेको छ अनि कतिपय इतिहासका पृष्ठमा समन्वित हुनुपर्ने व्यक्तित्वहरू छन् जसको चर्चा परिचर्चा हुनु आवश्यक छ । त्यस्ता व्यक्तित्वका सम्बन्धमा चञ्चुप्रवेश गरिनेछ ।

कौशिकादि सन्ततिमा पूर्वइतिहासकालको कुरा नगरिकन इतिहासकालमा आउँदा केही प्रभावशाली व्यक्तित्वका दिव्यतामाथि दृष्टिपर्नु आवश्यक छ तिनमा कतिपय कारणवश् ऐतिहासिक पृष्ठमा समन्वित हुन नपाई छुटेका हुन सक्छन् । त्यस्तो परेको भएपनि जानकारी प्राप्त गर्न सजिलो हुने अपेक्षा राखिन्छ त्यसउसले यस प्रसंगमा त्यस्ता केही प्रतिभाशाली पुरुषका सम्बन्धमा चर्चा गरिनेछ ।

## ५. १. ०. राजनीतितर्फ :

वर्तमान नेपालको निर्माण हुनुभन्दा पहिले विभिन्न बाईसे चौबीसे राज्यमा र त्यसपहिले खश अधिराज्य कालमा कौशिकादि सन्ततिका प्रभावशाली पुरुषहरू राज-परम्परा, देश र व्यवस्थाका विरुद्ध लड़ेभिडेको जानकारी पाइएको छैन । जतिसुकै बेला पनि राजाको पक्षमा, देशको हितमा; देशवासी नागरिकका भलाइमा र संकटबाट राजा देश र जनताको उद्धार गर्ने कार्यमा आफूलाई उत्सर्ग गर्दै आएका वीरोचित घटनाहरू सुन्न र केही मात्रामा अध्ययन मनन गर्न पाइएको छ । आधुनिक नेपाल खनाल, बराल जस्ता थरको विभाजन नहुँदै दशौं पुस्तासम्म खशाधिराजका सम्मानित राजगुरु र मर्यादित राजपार्षद्मा हाम्रा पुर्खाहरू बसेका थिए भन्ने जानकारी पाइएको छ ।

लोकोक्ति, लोकगाथा, खश-अधिराज्यको इतिहास, श्रीपाली वंशावली र प्रस्तुत वंशावलीका विभिन्न प्रसंगमा चर्चा भएअनुसार भगवन् भाष्कर पंडितको बहुमुखी व्यक्तित्व र प्रतिभा तत्कालीन राजनीतिदेखि अलग थियो भन्न सकिँदैन । निस्सन्देह् खश-अधिराज्यका संरक्षण र सम्वर्धनमा एक कुशल चिन्तक हुनुहुन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । यद्वा जे जसो होस् इतिहासकालमा समन्वित हुन आउने पहिलो पुर्खा उहाँनै हुनुहुन्छ ।

राजनीतिक सन्दर्भबाट देश नरेश र व्यवस्थालाई प्राणपणले सहयोग पुऱ्याउने कर्मजीवी पुर्खाहरूको उल्लेख गर्दा पुर्खा जशु पंडित ( सुतार कार्की बलाका मुख्य पुरुष ) को नाम संज्ञना नगरी हाम्रो मनले सन्तोष मान्दैन। उहाँलाई नीतिवान् प्रभावशाली पुरुष मानेर नै सिजापति खश-सम्राट जितारीमल्लबाट सुतारकोट प्रान्तको सामन्त-शासक-कार्कीमा नियुक्त गरियो होला। तत्कालीन कार्की पदको अर्थ गौरव र मर्यादा बोध गर्दा राज्य संचालनमा प्रशासन मात्र होइन कि एक वरिष्ठ राजनीतिज्ञको उत्तरदायित्व वहन गर्नुपर्दथ्यो भन्ने आभास पाइन्छ। यद्यपि चर्चित दिव्यताका नाम सिवाय उनीहरूका कार्यकुशलताका बारेमा जान्न पाइने आधार-सामग्रीको हामीसँग अभाव छ।

## ५. १. क. सुदर्शन नेपाल :

सहकाल सम्वत् ( १४७०-१५४२ ) मा घटेका स्थानीय राजनीतिक घटना अर्थात् तत्कालीन परिस्थिति अनुकूल दुई राज्यका बीचका लड़ाइ भीड़ाइहरूमा अग्र-गामी भूमिका खेल्न सफल सुदर्शन नेपाल पहिले प्रान्तीय शासक बडुवालराजा घामै-राजका समर्थक रहेका थिए। विनाशका नजीक पुगेका बडुवालराजा उन्मत्त भएर जनता सताउन थाले। जनतामा परेको पीर मर्का सहन नसकी यिनले प्रतिज्ञा गरे बडुवालराजालाई नहटाएसम्म म चैनसित बस्ने छैन। आफ्नो प्रतिज्ञा पूरा गर्ननिम्ति जनता साथ लिएर उनी तत्कालीन दुल्लूका राजा प्रतापबम्मसमक्ष पुगे। प्रतापबम्मले यिनको कुरा सुनी तुरुन्त भाइ तिलकी-बम्मको नेतृत्वमा आफ्ना भृतसेनाहरू पठाए। वर्तमान बेडुपाटा र तिलेपाटाका बीचमास्थित गाइजात्रेको डाँडामा दुईथरी सेनाको भीडन्त भयो। विजयश्रीले दुल्लू राजाको साथ लियो।


सुदर्शन नेपाल (-१४७०-१५४२)

यसरी संकटका बेला सक्रिय सहयोग गरेका कारणले पछि तिलकीबम्मले दैलेख विलासपुर र भर्ताकोटको राज पाउँदा सुदर्शन नेपाललाई अमात्य गराएका थिए भन्ने केही वंशावली र तत्कालीन केही टिपोटहरूमा लेखिएको छ। यस सम्बन्ध-मा बढी खोजीखबरी हुन सके न्याय र सुधारका निम्ति आफूलाई उत्सर्ग गर्ने दिव्य व्यक्तित्वका बारेमा अरू स्पष्ट हुने थियो।

## ५. १. ख. पं. कालूपाध्याय नेपाल :

न्यायका पक्षमा निर्भीकतापूर्वक डटेर मुकाबिला गर्ने पं० कालूपाध्याय नेपाल आफ्ना समयका संस्कृतज्ञ विद्वान् र न्यायका पक्षपाती थिए भन्ने आभास पाइएको छ । त्यसको पुष्टि केही अंशमा यस ग्रन्थमा समाविष्ट क्रमसंख्या २ को 'पं० कालूपाध्याय नेपालसम्बन्धी पत्र' ले गरेको छ ।



पं. कालूपाध्याय नेपाल-(१७४३-१८४४)

यिनको संस्कृतज्ञ विद्वत्ता झल्काउने एक रचना प्राप्त छ र केही हस्तलिखित प्रतिलिपी ग्रन्थहरू पनि पाइएका छन् । प्रतिलिपिमा व्याकरणगत त्रुटि नरहनु र रचना ललितमय शिष्ट हुनु बलियो पुष्टि हो ।

यिनी कति न्यायप्रिय रहेछन् भन्ने जानकारी प्राप्त गर्न उक्त चर्चित पत्रमाथि विहंगावलोकन गर्न सकिन्छ - तत्कालीन दुल्लू राज्यका राजा पृथ्वीपति शाही थिए भने जुम्लाका राजा विक्रम शाही थिए । दुल्लूको भोटसितको व्यापारमा जुम्लाको सहयोग अपरिहार्य थियो । राज्यको ऊन नूनको आवश्यकता कित जुम्लाले पूरा गर्नु पर्दथ्यो र त्यसको सट्टामा दुल्लूले जुम्लालाई आवश्यक खाद्यान्न र माल मदेशको लत्ताकपडा पुऱ्याउनु पर्दथ्यो कित भोटको बाटो खुला गरिदिनु पर्दथ्यो । अर्थात् यसो संझौं तत्कालीन बाईसी राज्यका बीच र भोट मुगलानतर्फ समेत व्यापार व्यवसाय गर्दा जिन्सी विनिमयमा गरिन्थ्यो । त्यसो हुँदा जुम्लाले दुल्लूलाई कित भोटतर्फको व्यापार मार्ग खोलिदिनु पर्दथ्यो कित दुल्लूको आवश्यकता आफैंले पूर्ति गरिदिनु पर्दथ्यो ।

तत्कालीन रासकोटमा साइमल शाही राजा थिए । तिवृकोटमा श्रीपालवंशी महीपतिबम्म राजा थिए । खोजरनाथ र घौल्याती अनि चावाखोला तीनवटै भोटमार्ग झम्पन करानीका हैकममा थिए । विक्रम शाही र झम्पन करानीका बीच खटपट परेकाले खोजरनाथ र चावाखोलातर्फ आउने जाने व्यापारीलाई जुम्लाले अनुमति दिँदैनथ्यो, कसैले आफूखुशी गर्न खोज्यो भने जुम्लाले कडाकार्यवाही गर्दथ्यो । त्यस्तै क्रममा एकपटक दुल्लूका केही व्यापारीहरू ( तत्कालीन व्यवहार सुहाउँदो भरियाहरू ) लाई रासकोटका सीमाभित्र समाती जुम्ला छिनासिम पुऱ्याइएछ । ती व्यापारीहरू नेपा बिर्ताका बासिन्दा थिए ।

आफ्ना जनताका विषयमा त्यस्तो खबर सुनेर पं० काल्पाध्याय नेपाल रीसले आगो भए। त्यसबेला शायद उनको स्थिति अमात्य वा गुरुका पदमा हुनु पर्दछ। त्यसैले जुम्लाका लागि माल मदेशको आवागमन बन्द गराउने धम्कीले भरिएको पत्र जुम्ला राजदरबारमा पठाए। त्यस धम्की-पत्रले अनुकूल प्रभाव पाऱ्यो। बस्, पूर्वोक्त पत्रको आशय त्यसो हो।

कार्यकारणले गर्दा वंशका प्रमुख उद्धारक र समसामयिक राजनीतिज्ञको पंक्तिमा प्रतिष्ठित पं० काल्पाध्यायका सम्बन्धमा विस्तृत खोजीनीति हुनु परेको छ किनभने जुम्लाका राजा विक्रम शाही, रासकोटका राजा साइमल शाही, डोटीका राजा मान्धाता शाही आदि सबैसँग पं० काल्पाध्यायको व्यक्तिगत सम्बन्ध राम्रो थियो भन्ने बुझिएको छ।

पं० काल्पाध्यायको निधन १८४४ सालमा भएकोले वर्तमान नेपाल एकीकरण अभियानमा उनले कस्ता प्रकारको सहयोग गरेका थिए त्यो जान्न पाइएको छैन। यद्यपि यस अभियानलाई दुल्लू राज्यले कसरी भिड्यायो त्यो पनि त्यति स्पष्ट खुलेको छैन। इतिहासकारहरू दुल्लू राज्यप्रति त्यति विज्ञ थिए जस्तो बुझिदैन। उनीहरूका लेखाइको आशयले त देखिन्छ—बिलासपुर राज्यपछि पश्चिमतर्फ सोझैं अछाम राज्य-मात्र देखाएको छ जसद्वारा जिज्ञासु जनका मनमा भ्रम पर्न सक्छ कि दुल्लू नामको राज्य नै थिएन।

प्रसंगवश् यहाँनेर एक अंश ऐतिहासिक घटनामा समाहृत हुन आएका बाईसी राज्यका सम्बन्धमा सूक्ष्म प्रकाश पार्नु आवश्यक देखियो। यसो गर्नाले एक त दुल्लू राज्यको स्थिति स्पष्ट देखिने अनि दोस्रो दुल्लूका स्पष्टताले हाम्रा विवेच्य नायकको ध्येय बुझ्नमा केही सहयोग मिल्ने अपेक्षा रहन्छ। खास गरी बाईसी राज्यहरू नेपाल एकीकरणताका दुई समूहमा विभाजित हुन पुगे। त्यसमा दूरदर्शी पृथ्वीनारायण शाहका भेदनीतिले ठूलो काम गरेको थियो। त्यसैलाई पृष्ठभूमि बनाएर नायब बहादुर शाहले पश्चिम नेपालको विजयमा आशानुकूल सफलता पाएका थिए।

बाईसी समूहको सल्यान राज्यसँग योगी भगवन्तनाथलाई माध्यम बनाएर वैवाहिक सम्बन्ध स्थापना गर्न पृथ्वीनारायण पहिले नै सफल भए। त्यसपछि सल्यानका माध्यम-बाट जाजरकोट राज्यका राजा हरिशाहलाई पृथ्वीनारायण शाहसँग काशी जाँदाका अवसरमा भेट्ने योजना बनाइयो। योजनाअनुसार भेट गरी धर्म संझौता गर्नमा समेत चतुर पृथ्वीनारायण सफल भएका थिए[13]। सल्यान र जाजरकोटलाई फुटाली आफूतिर पार्नाले डब्बल फाइदा भएको थियो किनभने राज्य समूहको नाताले ती दुई राज्यहरू बाईसी समूहमा पर्दथे भने समाल वंशको नाताले पर्वत गलकोट लगायतका

बाह्र ठकुराइका सदस्य थिए। त्यसरी दुवैतर्फबाट विमुख गराई आफूतर्फ पानलि भविष्यमा समालवंशी बाह्र राज्यमध्ये पर्वतराज्य र अछामराज्यसँग मात्र युद्ध गर्नु परेको थियो। दशओटा समालराज्यहरू त स्वेच्छाले एकीकरण अभियानमा सामेल भएका थिए। त्यस्तै बाईसी समूहका अरू वंशराज्यहरूमा रासकोटी दुल्लूराज्य, रासकोटी तिखाशूली; राठौरवंशी बझाङ, बाजुरा, थलारा आदि राज्यहरू सल्यान र जाजरकोटका माध्यम-बाट समर्थन गराई सहयोगमा जुटाइएका थिए। त्यस आधारबाट दुल्लूराज्य सहयोगी समूहमा पर्न आएको स्वतः स्पष्ट हुन आउँछ। एकीकरणपछि दुल्लूराज्य करदराज्यको रूपमा थामिनु र दैलेख बिलासपुर राज्य नथामिनुको कारण केत? स्वतः स्पष्ट भएको छ।

पश्चिम नेपाल विजयमा गोरखाली सेनाले जम्मा ५ ओटा निर्णायक युद्ध गर्नु परेको थियो; यो बाईसे समूहभित्रको कुरा। ती ५ ओटा राज्य थिए—१. जुम्ला २. दैलेख (दुल्लू होइन) ३. अछाम ४. डोटी ५. बैतडी। यी बाहेक अरू राज्यहरू एकीकरण अभियान सफल पार्नमा दत्तचित्त रहेका थिए तसर्थ निष्कर्षमा मनन गर्न सकिन्छ दुल्लूराज्यलाई सहयोगी समूहमा पारी एकशक्ति बनेर बाँचौं जस्ता उच्च आकांक्षाका अगाडि पं० कालूपाध्याय नेपालको दृष्टिकोण प्रतिकूल रह्यो होला भन्न सकिंदैन। साथै एकीकरण कालमा अधीग्रहण गरिएका दुल्लू राज्यभरका बिर्ता जग्गाहरू पूर्ववत् थामि-एका प्रमाणको पुष्टि पनि यसै ग्रन्थको क्रमसंख्या ३ को लालमोहरले गरेजस्तो लाग्दछ।

## ५. १. ग. चन्द्रशेखर उपाध्याय

पं० कालूपाध्याय नेपालपछि राष्ट्र निर्माण र संरक्षण जस्तो शौर्य एवं वीर्यले परि-पूर्ण कार्यमा लाग्ने पुरुषमा सम्वत् १८७२ मा सम्पन्न सुगौली सन्धिमा हस्ताक्षर गर्ने चन्द्रशेखरउपाध्यायको नाम लिनुपर्छ। उनी पाल्पा निवासी नेपाल थिए। भलै उनले आफ्नो थर नलेखेकाले तानातानीमा पर्न सक्छन् तथापि विज्ञ सूत्रबाट जान्न पाएअनुसार उनी पाल्पा निवासी नेपाल थिए। आभास पाइएपछि केही हदसम्म खोज्ने कार्य हुँदा तथ्य-का नजीक पुग्ने सम्भावना देखिएकाले नै यसस्तम्भमा सामेल गर्ने साहस गरिएको हो।

विवेचकहरूका दृष्टिमा चन्द्रशेखर उपाध्याय राजनीतिक सन्दर्भमा नपर्न सक्छन्; उनी प्रशासनिक परिपृष्ठमा पर्न सक्लान्। परन्तु हाम्रा विचारमा अझ उनको स्थान सामान्य राजनीतिमा मात्र होइन वरिष्ठ कूटनीतिज्ञसँग तुलना गर्न सकिन्छ। सुगौली सन्धि नेपाल सरकार र इष्ट इण्डिया कम्पनी सरकारका प्रमुखहरूका मान्यतामा सम्पन्न भएको हो। सन्धिमा उल्लेख गरिएका बुँदाअनुसार नेपाल नरेश र इष्ट इण्डिया कम्पनी सरकारका अधिकारी मान्यता प्राप्त राजप्रतिनिधिहरूका उपस्थितिमा भएको छ[३१]।

त्यस कार्यमा नेपालका महाराजाधिराजका प्रतिनिधि भई राजगुरु गजराज मिश्र गएका थिए। पहिलोपटक उनले असफलता भोग्नु पऱ्यो। दोस्रोपटक जाँदा यस बौद्धिक प्रतिनिधिका अर्थमा चन्द्रशेखर उपाध्याय पनि जान्छन्। चन्द्रशेखरले केही दिन राजबन्दीको रूपमा कम्पनी सरकारका अधीनमा रहनु परेको थियो। अन्तिमपटक नेपाल सरकारबाट अनुमोदनमा हस्ताक्षर भएपछि सन्धिपत्र लिएर चन्द्रशेखर उपाध्याय मात्र जान्छन्। त्यस अवस्थामा उनले देशको अस्तित्वका लागि काम गर्दा भारी अपमान सहनु पर्दछ; गाली सहनु पर्दछ। ती जाती नजाती परिणाम केका लागि पर्दछन् त! आफू देश नरेश र जनताका हितमा उत्सर्ग हुन खोज्दा। त्यसैले उनलाई सम्मान ज्ञापन गर्नुपर्दा वरिष्ठ कूटनीतिज्ञको सम्मान ज्ञापन गर्न रहर लागेर आउँछ र जोडसँग भन्न मन लाग्छ उनका राजनीतिक सौष्ठवको सम्मान गरियोस्; उपेक्षा नगरियोस्।

चन्द्रशेखर उपाध्यायका सम्बन्धमा विस्तारपूर्वक प्रकाश पर्न बाँकी रहेकाले उनको शिक्षा-दीक्षा; पारिवारिकस्थिति, आभिजात्य संस्कार के कस्तो थियो त्यो सब जान्न पाइएको छैन। देशका निम्ति जीवन समर्पण गर्नुभएका चन्द्रशेखर उपाध्याय जस्ता कैयौं व्यक्तित्वका सम्बन्धमा अक्षरशः खोजीनीति गर्ने वातावरण बन्न सके उभय कल्याण हुने थियो नै।

## ५. १. घ. शंकरप्रसाद नेपाल : (जन्म संवत् १९६४–दिवंगत २०४२ चैत्र)



जन्मस्थल काठमाडौं मखनटोल। स्थायी बसाइ धोबीधारा–डिल्लीबजार काठमाडौं। शिक्षा बि. एस्सी. कृषि र स्वाध्याय ज्ञान।

नेपालमा चर्चित लाइब्रेरी पर्वका एक सहभागी। संलग्नता बुझेर पनि निवारण हेतु श्री ३ जुद्धबाट छात्रवृत्ति अन्तर्गत भारतको कृषि कलेजमा पठाइए। उताबाट फर्केर आएपछि सेवा शर्तमा कचपच परी पलायन भएका। वाराणसीमा देवीप्रसाद सापकोटा, पद्मनाभ सापकोटाका संगतमा परी प्रजातान्त्रिक विचारमा प्रवेश गरेका शङ्करप्रसाद नेपाल सातसालको आन्दोलनपछि नेपाली राष्ट्रिय कंग्रेसमा सम्बद्ध रहन्छन्। हृषीकेश शाह, जीवराज शर्मा, कृष्णप्रसाद रिमाल आदिका सहयोगमा एक अवधि केन्द्रीय सभापति रहेका शंकरप्रसाद नेपाल आफ्नो प्रजातान्त्रिक विचारलाई बुकी सुनसँग दाँजेर व्याख्या गर्दछन्।

२०१७ सालको परिवर्तनका क्रममा सर्वाधिकार सम्पन्न दौडाहाध्यक्ष भई लुम्बिनी अञ्चलमा गई आफ्नो प्रशासनिक क्षमता र दक्षताको परिचय देखाउने अवसर पाएका शङ्करप्रसादको वक्तृता शक्ति ओजपूर्ण र विशेषतायुक्त निर्भीक रहनु गजबको त्रिकोणात्मक संगम हुन पुगेको छ। केही काल फिलिंगो पत्रिकाको सम्पादन गरेकाले सम्पादन कुशलता समेत थपिन आएको छ। स्वाध्याय र अध्यवसायमा कसैसँग तुलना गर्न सकिदैन। निर्द्वन्द र स्पष्ट विचारका धनी रहेर देशविदेशका गतिविधिका समीक्षा गर्नसक्ने व्यक्तित्व राष्ट्रमा नगण्य हुन सक्छन्। शंकरप्रसाद नेपालको व्यक्तित्व कति बलियो थियो अनि उनी कती स्पष्टवक्ता थिए भनी जान्न उनको दैनिकी प्रकाशमा ल्याउन अत्यावश्यक छ।

## ५. १. ङ. (०). रामहरि शर्मा : (जन्म संवत् १९७३) मङ्शीर पूर्णिमा

नेपालमा जनअधिकारका लागि आत्मोत्सर्ग गर्ने वीर सेनानीहरूमा रामहरि शर्माको ख्याति शायदै कसैबाट छिपेको होला। विस्तारपूर्वक नेपालको जन-आन्दोलनसम्बन्धी इतिहासका पाना पल्टाउँदै जाँदा मनन गर्न सकिन्छ यस देशका कति सपूतहरू हाँसी-हाँसी बलिदान भएका रहेछन्; उनीहरूको उच्च आकांक्षा के रहेछ, लक्ष्य के रहेछ अनि उनीहरूको परिकल्पना देशले कति साकार पार्न पाएछ इत्यादि रहस्यमय कुराहरू ज्यादै नजीकबाट बुझ्न शहीदका गाथाहरू अध्ययन मनन गर्नु आवश्यक छ। वर्तमान परिपृष्ठमा बुझ्न सरोकारपर्ने सत्य तथ्य कुराहरू अनेक छन्; विचार मन्थन गर्ने कुराहरू अनेक छन्। जस्तो नेपालमा जनजागरणको बीजारोपण कसरी भयो; त्यस नवाङ्कुरित बिरुवालाई उचित मलजल कसरी कसबाट पुऱ्याइयो इत्यादि शाश्वत सत्य कुराको मनन गर्न पूर्वलिखित इतिहासका पृष्ठहरू पर्याप्त छैनन्। ती पृष्ठहरू इतिहासको रूपरेखा तयार पार्ने उद्देश्यले हडबडमा लेखिएका हुन् त्यसकारण तिनै पृष्ठहरू पर्याप्त छन् भनेर चूप लागेर बस्यौं भने जो जति जान्न लायकका र नजानी नहुने कुराहरू छुटिरहेका छन् ती छुटेका छुट्यै रहने छन्।



नेपालमा रक्तपातपूर्ण काण्ड गरी एकाएक सत्तामा पुगेको राणाशासन संस्कारका

कारणले पनि स्वेच्छाचारी बन्नु स्वाभाविक थियो भने भोग विलास र पदलिप्सारूपी महारोगले बुद्धिभ्रष्ट पारेर झन् झन् निरंकुश र जहानीयाँ शासनमा पुग्दा राजा र देशका समस्त नागरिकलाई सामान्य हक र अधिकारबाट वंचित गराएका घनघोर अन्धकार अवस्थामा जनजागरणको बिगुल फुक्ने शूर वीरहरू, संघ संस्थाहरू, आन्तरिक र बाह्य तत्वहरू के कस्ता थिए र के कति छन् तो सबैको वृतान्त जानकारी वर्तमान पीढीले पाएन भने भविष्य अरू अन्धकारमय हुन जाने सम्भावना रहन्छ। वर्तमान पीढीले समयमा अन्तस्करण जान्न बुझ्न नपाए भावी पीढीलाई के दिने ? देशको वास्तविकता एकातिर छ आफ्नो सोचाइ एकातिर भयो भने गन्तव्यमा अवरोध पैदा हुन्छ।

यो हाम्रो नेपाल सन्ततिको सौभाग्य हो कि देशका जीउँदा शहीद रामहरि शर्मा नेपाल वर्तमान पीढीका लागि मार्गदर्शक हुनुभएको छ र संयोगले उहाँ प्रायः नेपाल भाइबन्धुका बीचमा 'दाजु' नाताले सम्मानित हुनुभएको छ अनि वंशावली प्रकाशमा ल्याउने कार्यका लागि अग्रणीको दायित्वसमेत उहाँमा सुम्पेका छौं।

राजनीतिक र सार्वभौम नाताले उहाँ नेपाल बन्धुको मात्र पेवा होइन र संकीर्ण मनोवृत्तिले प्रश्रय पाउनु पनि हुँदैन, ठीक हो। इदमित्थम् त्यसो भए तापनि परिवारका नाताले गरिने माया ममता सदा विजयी छ र साना ठूला व्यक्तिविशेष सबैमा यो एक अपरिहार्य सत्य बनेको छ तथा सर्वत्र लागू छ। त्यसकारण उहाँको समग्र पृष्ठभूमि केलाएर भन्नुपर्दा यसो भन्न सकिन्छ उहाँ दुई परिवारको साझा सदस्य हुनुहुन्छ। १. राष्ट्र-परिवार, २. कुल-परिवार।

राष्ट्र-परिवारका तर्फबाट देखाइने स्नेह र माया ममता विशेष प्रकारको हुन सक्छ। परन्तु कुल-परिवारमा अन्तरंगसम्म भिजेको स्वादिलो स्निग्ध माया ममता चिरकालतक नमेटिने प्रकारको ज्यादै गाढा हुन्छ। ग्रन्थकारको यो तर्क सबै नेपाल भाइबन्धुका दृष्टिमा सही जँच्दछ भने दाजुलाई सम्मान गर्न सुहाउने कुन रूपका शब्द पुष्पहरू तयार पार्ने त ? एकछिन विचार गरौं।

ग्रन्थकारका विचारमा उहाँको जन्मस्थल, जन्ममिति; मातापिताको नाम, शिक्षा-दीक्षा र राजनीतिक काण्डमा जेल परेका इत्यादि कुराहरू सबैले सजिलोसँग लेख्न सकिने बुँदा हुन् र प्रायशः लेखिएका पनि छन्। त्यसकारण यस अवसरमा तिनै कुरालाई दोहऱ्याउनभन्दा अरू नै कुरामाथि प्रकाश पार्नु उचित हुनेछ। त्यसमा समय अलिकति लाग्न सक्छ झर्को मानिदिनु भएन—

युगले रामहरि शर्मा जन्मायो, ऊ स्वयं पुरस्सर प्रवृत्तिको राजनीतिक कार्यकर्ता होइन उत्प्रेरित र अनुदेशिक कार्यकर्ता हो। शायद छुचोमुख भएका पचमुखाहरू यति भनेर सन्तोष मान्लान् तथापि भन्ने र सुन्नेको मन यतिले अघाउँदैन; चित्त बुझ्दैन। उत्प्रेरणाको पनि त मूल्य हुन्छ, अनुदेशित हुन पनि समय चाहिन्छ। त्यसै लहैलहैमा लागेर

बहकिएको होइन खारिएर खरी धोटी बंचरो भएरै समर्पित हुनुभएको हो। त्यसकारण यस प्रेरक प्रसंगको स्पष्टताका लागि तीनवटा घटनाको उल्लेख गर्नु प्रासंगिक दुनेछ विवरण ज्यादै सारांश हुनेछ :—१. **कोतपर्व र राणाशासनका जन्मदाता जंगबहादुरको उदय २. नेपालमा आर्यसमाजको स्थापना र प्रजापरिषद्को पृष्ठभूमि। ३. उद्बुद्धताका प्रेरक रामराजा।**

## ५. १. ङ. (१). कोतपर्व र राणाशासनका जन्मदाता जंगबहादुरको उदय :

यी तीनवटा घटनाको विवरण कुन रूपमा पेश भएको छ र इतिहासका पृष्ठमा कस्तो रूप दिइएको छ त्यो त सबैले बुझेकै कुरा हो। त्यसउसले यहाँ किन दोहऱ्याइ-रहों तथापि यति भन्नु आवश्यक छ त्यो विवरण सत्यताका निकट छैन।

जंगबहादुर कँवर प्रधानमन्त्री हुनु एक विडम्बना हो; अप्रत्याशित घटना हो। यसका लागि कुनै पनि पूर्वयोजना थिएन। एकाएक आवेगवश् व्यक्तिगत बदला लिन बढ्दा पासो त्यता पल्टियो।

जंगबहादुर कँवर ज्यादै उद्दण्ड स्वभावका थिए भन्ने कुरा सबैले लेखेका छन् र अरू अरू छानवीनका प्रसंगबाट पनि यो भनाइ र लेखाइको पुष्टि भएजस्तो लाग्छ। पहिले पहिले यस उद्दण्डताले सार्वजनिक रूपमा कुनै हानी नोक्सानी पुऱ्याएन होला अथवा पुऱ्याएकै भएपनि काजी बालनरसिंह कँवरका आडमा भित्रभित्रै दबियो होला त्यो अलग कुरा भयो तर उनका साख्यै मामा माथबरसिंह थापा प्रधानमन्त्री भएपछि त जंगबहादुरको उद्दण्डता र अत्याचारले सरकारमा पनि केही न केही असर पार्ने भयो। त्यस अवश्यम्भावीको ख्याल गरेर माथबरसिंहले आफ्नो भानिजलाई बानी व्यहोरामा सुधार आउला, मानिस सप्रला भन्ने विचारले सुबेदार बनाएर आफ्ना निगरानीमा राखे। त्यसपछि कतिपय कुरामा सुधार पनि आयो।

जंगबहादुर अशिक्षित र मूर्ख भएपनि उनको साहस अदम्य र सोच्ने शक्तिमा विलक्षणता थियो। आफ्नो आलोचना गर्न पनि पछि पर्दैनथे। उनका जेठी आमापट्टिबाट जन्मेका जेठा दाजुको नाम थियो देवीबहादुर कँवर। देवीबहादुर तत्काल सुसारे अड्डाका हाकिम थिए। उनले कामवश् भएर एउटी राम्री हिस्सी परेकी सुसारे केटीसित अनुचित सम्बन्ध राखेछन्। केटीले गर्भधारण गरेको थाहा पाएपछि देवीबहादुर आत्तिए। उपाय-का खोजीमा उनले भाइ जंगबहादुर र बमबहादुरलाई आफ्नो गल्ती सुनाएर त्यस गल्ती-बाट कसरी बच्ने भन्ने सल्लाह मागे।

अर्कातिर गर्भवती केटीले गर्भधारण नहुँदैमा कुनै अवसर मिलेका दिन महारानी लक्ष्मीदेवीलाई प्रसन्न तुल्याई आफ्नो माइतीपर्ने देवीबहादुरको पदोन्नतिका बारेमा विन्ती

पारेकाले पदोन्नति भएसम्बन्धी चर्चा पनि त्यहाँ गरियो। अन्तमा यस फाल्बाट बच्ने विचारले केटी लिएर भाग्नमा भाइहरूले सहयोग गरून् भन्ने देवीबहादुरका मनमा थियो। दाजुको मनोभावना बुझेका जंगबहादुरले भने **'जब आफ्नै मामा प्रधानमन्त्री हुनुहुन्छ त भानिजले यति साधारण गल्तीमा देश छाड्नुपर्ला? नचाहिंदो चिन्ता? अहिले नै हामी गएर मामालाई मनाउँछौं। बाजु पर्खिरहे हुन्छ।'** दाजुलाई यस्तो आशा र भरोसा देखाएर जंग र बम्म प्रधानमन्त्री निवासतर्फ लागे। भएको सारा वृत्तान्त प्रधानमन्त्रीका कानमा परेपछि स्थिति सप्रलाभन्दा परिणाम उल्टो भयो। प्रधानमन्त्रीले देवीबहादुरलाई पक्रेर थुनामा राखी कार्यवाही गरेर क्षणैमा शोभाभगवती-मा लगी कटाए। दाजुको सफाइ माग्न आएका जंगबहादुर र बमहादुर खिन्न भएर सकोप मामासित भने **'मामाबाट परेका बेला सहयोग पाइँदोरहेनछ अनि अरूबाट के आशागर्ने?'** उत्तरमा मामाले भनेका थिए **'न्याय गर्दा तिमीले मलाई गोली हान्न परेपनि पछि पर्नु हुँदैन।'** यस उत्तरलाई जंगबहादुरले पहिला निशानामा लिएका थिए।

जंगबहादुरलाई सत्तामा ल्याउने वातावरणको बीजारोपण थापा, पाँडे र बस्नेतको त्रिकोणात्मक संघर्ष एवं राजदरबारभित्र मौलाएको सौतिने झगडाले गरेको थियो। भीमसेन थापाको पतन र आत्महत्यापछि थापा खलक र उनका पक्षका राष्ट्रसेवकहरूको निर्मूल हुनु र मायवरसिंहलाई नेपाल झिकाएपछि थापा परिवारलाई लाञ्छनाबाट चोख्याउने बहानामा पाँडे खलक र उनका समर्थक जतिको निर्मूल पार्नु जस्ता अप्रिय घटनाले राष्ट्र संरक्षणखातिर सोच्न सक्ने तथा सम्भावित विपत्तिप्रति चिन्तित रहने प्रायः व्यक्तित्वहरू सखाप पारिएका थिए।

महाराज राजेन्द्रका दृष्टिमा माथबरसिंह अयोग्य भानपर्नु अनि महारानी लक्ष्मीदेवी-को अभीप्सा माथबरसिंह मार्फत् पूरा नहुने प्रायः निश्चय हुनु इत्यादि कारणहरू जुट्न जाँदा माथबरसिंहको हत्या उनकै भानिज जंगबहादुरद्वारा गराउने तालमेल मिलाउन सक्दा लोकोपगालबाट पनि बचिने जुक्तिले मुख्य भूमिका खेल्नु जस्ता प्रसंगहरू जोडिन आउँछन्। मामालाई मार्न अघि सर्नै कि आफू काटिन कबोल गर्ने भन्ने खालका कष्टदायक प्रश्नलाई बाध्यतामा लिन सकिन्छ। जानी जानी आफ्नो ज्यान फाल्नतर्फ लाग्नुभन्दा मामा भएपनि परी आएका खण्डमा बचाउ गरिंदो रहेनछ भन्ने जंगबहादुरका मनमा पर्नु र अन्तस्करणमा युवराज सुरेन्द्रप्रति सद्‌भावना रहनु तथा राजइच्छा पूरा गर्दा आफ्नो पदोन्नति हुने आशा रहनु यी जंगबहादुरका हर्ष विष्मय बाहक परिवेश हुन्। माथबरसिंहको हत्यापछिका पागल प्रलापको दिग्दर्शन प्रायः इतिहाससम्मत रहेकाले यस प्रसंगमा उल्लेख गरिरहनु आवश्यक देखिँदैन। अन्तमा पागल प्रलापको दुष्परिणाम कोतपर्वमा उब्रिनुको तारतम्य जंगबहादुरका लागि बरदान मात्रु पर्दछ।

महारानी लक्ष्मीदेवीका स्वेच्छाचारिताले उत्पन्न गरेका विषम परिस्थितिको आकलन

गर्दा युवराज सुरेन्द्रका उन्मत्त क्रियाकलापले उत्तिकै सहयोग पुऱ्याएको छ । यसमा जंगबहादुरले परिस्थिति बुझी अन्तिम अवस्थामा अवसरवादी नीति लिए भन्ने हो भने पनि राजपरम्परा र लोकमर्यादा तोडी महारानी लक्ष्मीदेवीको दुराग्रह पूरा गर्नतर्फ लागेका भए उनी दोषी हुन्थे परन्तु परिआउने आपत्ति विपत्ति जति थाप्लो थापेर पनि युवराज सुरेन्द्रको पक्ष लिनु जंगबहादुरको ईमान्दारिता हो भन्नु उचित हुनेछ । योग्य शासकमा हुनुपर्ने गुण नपाउँदा महाराज राजेन्द्रविक्रमप्रति अरुचि पैदा भएको थियो भने पनि नियमित राजगद्दीका वास्तविक हकदारको पक्ष लिएर जंगबहादुरले राजमुकुट-का लागि बफादारी गरेका हुन् बेईमानी गरेका होइनन् ।

उपर्युक्त विषय परिस्थितिमा रचिएको कोतपर्वका आयोजक र घटनाको नायक जंगबहादुर होइनन् तापनि मामाको हत्यापछि नृशंसहत्या गर्ने बानी बसेका जंगबहादुर र उनका सहयोगीहरूका क्रूरता औ निर्ममताको चरमोत्कर्ष परिणाम भयो कोतपर्व । यस सम्बन्धमा इतिहासकार बालचन्द्र शर्माका केही वाक्यांशहरू मननीय छन्—'**माथबरसिंह व्यर्थमा मारिए । उनको दोष यदि केही थियो भने त्यो उनको प्रचण्ड स्वभाव मात्र । उनका धेरैजसो कार्यमा स्वयं राजेन्द्रविक्रम शाह र राज्यका अधिकांश भारादारहरू-को पूर्ण सहमति थियो । व्यक्तिगत स्वार्थका निमित्त मात्र उनको रोमाञ्चकारी हत्या भयो । तर, जे होस् यो पनि भन्नु पर्दछ कि जमाना बदलिसकेको थियो र त्यसमा भीमसेन थापा र माथबरसिंह थापा जस्ता पुराना व्यक्ति अनुपयुक्त भइसकेका थिए जो निमकको सोझो गर्नु नै आफ्नो परम कर्तव्य ठान्दथे, माथबरसिंहले देवी-बहादुरको मृत्युदण्डका सम्बन्धमा जंगबहादुरलाई जो उत्तर दिए, भनिन्छ—त्यसैबाट पनि सिद्ध हुन्छ कि अब इतिहासलाई उनीजस्ता व्यक्तिको आवश्यकता थिएन । इतिहास खोज्दथ्यो जंगबहादुर जस्तो व्यक्ति, जो नयाँ जमानाको राजनीतिलाई अत्यावश्यक अवसरवादिताको प्रतीक होस् । राजेन्द्रविक्रम शाह, लक्ष्मीदेवी र सुरेन्द्र-विक्रम शाहका स्वार्थको त्यो अल्झिएको जाल, जसमा परेर अनेकको सर्वनाश भयो र जो अझै पनि जस्ताको तस्तै थियो; महत्त्वाकांक्षी र अतिशय साहसी युवक जंग-बहादुरका तरवारको चोटको प्रतीक्षा गर्दैथियो र त्यो चोट कोत र भंडारखालमा पूर्ण प्रभावको साथ ठीक ठाउँमा शीघ्र नै लाग्यो पनि**[३२] ।'

यस लेखाइअनुसार कोतपर्वमा जंगबहादुरको दोष देखिदैन । सर्वथा दोषीमा रानी लक्ष्मीदेवी देखिन्छिन् । परन्तु यहाँनेर विचार गर्नुपर्ने कुरा देखिन्छ तत्कालीन बृतानीयाँ लेखक आयट्किन्सन र ओल्डफिल्डका लेखका आधारमा लेखिएको नेपालको ऐतिहासिक रूप-रेखाका लेखकले कति सत्य तथ्य पाए होलान् ? यी दुई लेखकले जस्ता आधार तय गरेका छन् तिनबाट नेपालको वास्तविक छवि दिग्दर्शित हुन्छ नै भन्न कसरी

३२. नेपालको ऐतिहासिक रूप-रेखा पृष्ठ २०५ ।

सकिन्छ र ? तत्कालीन इस्ट इण्डिया कम्पनीको लागि-पुगेसम्म नेपालीलाई अयोग्य, उल्लू र पटमूर्ख साबित गराउनु थियो । त्यसै निहित विचारभित्र राजा रानीलाई दुश्चरित्र, स्वेच्छाचारी शासक र षड्यन्त्रका मूलनायक सिद्ध गराएर जन सद्भावना आफूतर्फ तान्न कम्पनी सरकारले आफ्नो जाल बिछ्याएन होला भन्न कदापि सकिँदैन । पूर्वीय आकाशमा अंग्रेजी साम्राज्य बढाउन प्रयोग गरिएका भेदनीतिको प्रकृति प्रायः त्यस्तै त्यस्तै अध्ययन गरिन्छ ।

कोतपर्व घट्नुभन्दा अगाडि र सुबेदारीमा पदोन्नति भएपछि बृटिश दूतावाससँग जंगबहादुरको बेरोकटोक आउनु जानु चलिसकेको थियो र बृटिश कूटनीतिक नियोगका सदस्यहरूले राजदरबारको कुरो दुहुने कामधेनु गराइसकेका थिए । त्यसमा पनि कर्णेली पद र तीन बटालियनको तैनाथी पाएपछिको कुरा सहजै अनुमान गर्न सकिन्छ । जंग-बहादुर जस्ता कठोर दिलको मान्छेलाई कठपुतली बनाएर अंग्रेज-कम्पनी सरकारले नेपाललाई दासताको पाइतलामनि हाल्न चाहेको हुँदा रचिएका षड्यन्त्रको लोमहर्षक परिणाम हुन सक्छ कोतपर्व । तसर्थ तथ्य केहो त्यस यथार्थको खोजीनीति गर्ने चासो-प्रति अनिच्छा औ उपेक्षा गरेर होइन इच्छा र जिज्ञासा जगाएर सत्य तथ्यमाथि पुनरवलोकन गर्दा ऐतिहासिक भाव-धारामा परिवर्तन आउन नसक्ने होइन । किन्तु त्यसरी ऐतिहासिक मूल्यबोध हुने अनुकूल वातावरणको सिर्जना भएजस्तो लाग्दैन ।

अन्ततोगत्वा ऐतिहासिक कोतपर्वले रक्तपातपूर्ण अप्रिय एवं विभत्स घटनाकासाथ जन्माएको राणाशासनको सालनाल गर्ने जंगबहादुर हुन् भन्ने कुरामा एक लेस बराबर सन्देह छैन । त्यसमा झन् कर्णेली दर्जा र तीन पल्टनको तैनाथीका तागतको विवेचना दोर्ने पाराको हुने कुरा हुँदैहो ।

रक्तपातपूर्ण संस्कार लिएर जन्मिएका राणाशासनले बाचुञ्जेल खाली रक्तपातै त मच्चाइरह्यो । जस्तो अड्तीस सालपर्व, बयालीस सालपर्व इत्यादि उल्लेखनीय घटनामा पर्न सक्छन् । त्यसउसले यस जंगबहादुरको उदयसँग सम्बन्धित छलफलको अन्त्य गर्दै इतिहासले समन्वित गर्न बाँकी रहेका विषयतर्फ ध्यान केन्द्रित गर्न आवश्यक छ ।

## ५.१ ङ०. (२.) नेपालमा आर्यसमाजको स्थापना र प्रजापरिषद्को पृष्ठभूमिः

कोतपर्वले जन्माएको रक्तरंजित घटनाको प्रतीक एकतन्त्री जहानीयाँ शासनको निरंकुशता १९४२ सालको हत्यापछि अरू उग्र हुँदै बढ्यो । बडाबाबु रणोद्दीप र जंगबहादुरका परिवारको निर्मम हत्या गरेर प्रधानमन्त्री बनेका वीरसमशेरले भित्रभित्रै दन्किरहेको जन-असन्तोषका ज्वालामा आफ्नो अत्याचारी बर्तन थपेर दोहोरो काम गरे । लगभग १९५० सालसम्मको पचास वर्ष अति पूर्वोक्त घटना र यस समयभित्र घटेका सारा घटनाहरू दरबारीया षड्यन्त्र, आपसी कलह र पदलोलूपतासँग प्रतिबद्ध थिए ।

यसको असर जनतामा परेको थिएन । केही कुरो बुझेका जनपदका भद्रभलाद्मीहरूमा एक पक्ष रजवालि कुरा जतासुकै जेसुकै होस् भन्नेमा थियो भने एकपक्ष किमकर्तव्य विमूढ थियो । सर्वसाधारण जनतालाई कुनै ज्ञान थिएन ।

काठमाडौंस्थित चेतनशील समाजका प्रयासले वीरसमशेरका प्रधानमन्त्रीत्व कालमा निकैपल्ट गडबडी भयो । त्यस्ता गडबडीहरू दबाउँदै लगिए । अन्तमा वीरसमशेर कलकत्ता पुगेर काशीको बाटो हुँदै नेपाल फर्कने अवसरमा वीरसमशेरलाई काशीमै सिध्याउने प्रयत्न गरियो । यसमा काठमाडौंका जोशी परिवारले सक्रिय भाग लिएको थियो जसमा दुई तीनवटी महिला पनि सहभागी भएका थिए । त्यसरी षड्यन्त्रमा भाग लिन अग्रसर हुने महिलामा दिव्यलक्ष्मी जोशी प्रमुख थिइन् । अरू सदस्यसंख्या लगभग ५५।६० जति थियो ।

चलाक गुप्तचरहरूको सहयोगले वीरसमशेरले त्यस षड्यन्त्रको जानकारी पाए । फलतः जनताको त्यसपल्टको प्रयत्न विफल भयो । वीरसमशेर काठमाडौं पुगेपछि षड्यन्त्रमा संलग्न हुनेहरूलाई मार्ने, निर्वासन गर्ने, जातिच्युत गर्ने, जन्मकैद, सर्वस्वहरण गर्ने आदि काम गरेर जन-असन्तोष दबाए ।

दिव्यलक्ष्मीलगायत जोशी परिवारका केही सदस्यहरू काशी प्रयागतिरै बसे; शायद त्यसमा युवक माधवराज जोशी पनि पर्दथे । माधवराज जोशी दिव्यलक्ष्मीका भतिजा नाता पर्दथे भन्नेसम्म जानकारी पाइएको छ[१] । दिव्यलक्ष्मीका रेखदेखमा माधवराजको शिक्षा दीक्षा चल्यो । केही वर्षमा माधवराज प्रकाण्ड विद्वान् भएर निस्किए । विद्यार्थी अवस्थामै उनी भारतीय आर्यसमाजमा प्रवेश गरेका थिए ।

विद्यार्जनको आवश्यकता पूरा भएको र उनलाई नेपाल प्रवेशमा सोझै प्रतिबन्ध नलागेकाले नेपालमा पसी आर्यसमाजको प्रचार गर्ने विचारले गोरखपुर भैरहवाको बाटो नेपालमा आए । राणाशासनको वक्रदृष्टिबाट बच्दैबर्दै बुटवल, पाल्पा पोखरा र बागलुङमा आर्यसमाजका प्रचारको आवश्यक व्यवस्था गरी काठमाडौं आए । काठमाडौं, पाटनहुँदो पनि आर्यसमाजको कार्यालय स्थापना भयो । अवसर मिल्दा कुनै समय माधवराज कुनै जुक्तिले पूर्व नेपालतर्फ पनि गएको छनक पाइएको छ । केही बयोवृद्धहरूका जानकारीअनुसार माधवराज पंडितले दीक्षित गराएका आर्यसमाजका प्रचार केन्द्रहरूको अस्तित्व कताकति पाइन्छ । पूर्व नेपालमा बुझेसम्म नवीनतम चेतना भएका माधवराज नामक पंडित कतै थिए भन्ने जानकारी मिलेको छैन ।

राणाशासकमा वीरसमशेर, देवसमशेरको पालो सकिएर चन्द्रसमशेर प्रधान-

---

१. राजधानी साप्ताहिक शहीद विशेषांक—२०४१ ।

मन्त्री बनेपछि आर्यसमाजका गतिविधिमाथि निगरानी राख्न थालियो । माधवराज बारभंज्यांगभित्रै रहन थाले । १९६४–६५ सालतिर प्रधानमन्त्री चन्द्रसमशेरसमक्ष केही कर्मकाण्डी ब्राह्मणहरूले आर्यसमाज र माधवराज जोशीका उपर पोल गरे । राजगुरु प्रयागराज पंडितसँग परामर्श गरेर सनातन धर्मावलम्बी कर्मकाण्डवादी पंडित र आर्यसमाजका प्रचारक पंडित माधवराज जोशीका बीच शास्त्रार्थको आयोजना गरियो । चन्द्रसमशेरका उपस्थितिमा शास्त्रार्थ शुरू भयो ।

शास्त्रार्थमा पंडित माधवराजले आफ्नो प्रकाण्ड विद्वत्वको परिचय दिए । कर्मकाण्डवादीहरूको केही जोर चलेन । स्वयं चन्द्रसमशेर माधवराजको विद्वत्तादेखि प्रभावित बने र आर्यसमाजका समर्थक बने । परन्तु पराजीत पंडित प्रयागराजले छलको सहारा लिएर चन्द्रसमशेरलाई नहुँदो कुरा लगाई माधवराजको बेइज्जती गर्न उकासे । माधवराज पशुपतिनाथलाई ढुंगो भन्दछ, यो नास्तिक मतको प्रचारक हो भने । त्यस छलका पछि लागेर चन्द्रसमशेरले माधवराजमाथि अनेक दुर्वाच्य शब्द प्रयोग गर्दै सभास्थलमै मर्मान्त पिटाए । माधवराजलाई दुई वर्षको जेल सजाय र त्यसपछि देश-निकालाको सजाय सुनाए । आर्यसमाजमा लाग्नेको पानी नचल्ने प्रचार गरियो ।

त्यसबेला माधवराजका दुई छोरा अमरराज र शुक्रराज दरबार हाईस्कूलमा अध्ययन गर्दथे । राजकाज अभियोगमा लाग्नेका छोरा भनेर निकाला गरियो । यसरी माधवराजको परिवार निर्वासित हुन पुग्यो । अमरराज र शुक्रराज काशीमा गएर दिव्यलक्ष्मीका देखभालमा अध्ययन गर्नथाले । माधवराज दुई वर्षको जेल यातना पूरा गरी इलाहाबादमा गएर बस्न लागे । तबसम्म अरू दुई छोरा वाक्पतिराज र चैतन्यराज पनि अध्ययन योग्य भएका थिए । त्यसउसले चारै भाइका पठन-पाठनको प्रबन्ध सिकन्दराबादस्थित आर्यसमाजका गुरुकुलमा भयो ।

अमरराजहरूको माध्यमिक तहको शिक्षा पूरा हुँदासम्म आर्यसमाज र जोशी परिवारप्रति लागेको प्रतिबन्ध खुकुलो भएकोले शुक्रराजबाहेक अरू भाइ वीरगंज माई-थान नजीकै गोहवा भन्ने गाउँमा आएर बसनथाले । राणाशासनका कडाइले गर्दा शुष्क रहेको आर्यसमाजको स्थितिमा सुधार ल्याउन र राणाशासनको वक्रदृष्टिदेखि जोगिँदैवर्दै उनीहरू पुनर्जागरण ल्याउने कार्यमा लागे । शुरुशुरुमा निकै सफलता पनि मिल्यो । काठमाडौं बांगेमूढास्थित फत्तेबहादुरका घरमा आर्यसमाजको कार्यालय खोलियो । प्रशस्त सदस्य बने ।

१९७७ सालतिर सुविधा हेरी बांगेमूढादेखि सो कार्यालय पुल्चोकमा सारियो तर सारेका केही दिनमा आर्यसमाजमाथि दोस्रोपटक विपत्ति आइलाग्यो । तुलसीमेहर, फत्तेबहादुर अमात्य, चक्रबहादुर अमात्य लगायत अमरराज जोशी, वाक्पतिराज जोशी, चैतन्यराज जोशीहरू पक्राउ परे । आर्यसमाजमाथि प्रतिबन्ध लाग्यो । तुलसीमेहर,

चक्रबहादुर र अमरराज कैद गरिए। अरूहरूलाई साधारण किसिमको सजाय गरी सफाइ दिइयो। केही दिनपछि यसै अभियोगमा अमरराज, वाक्पतिराज र चैतन्यराज जोशीलाई देशनिकाला गरियो।

तबसम्म शुक्रराज शास्त्री भारतमै बसी उच्च अध्ययन गर्दै थिए। अध्ययनकालमा नै हिन्दू महासभाका केन्द्रीय सदस्य र एक अवधि सचिव समेत भए। त्यस अवसरमा महामना मदनमोहन मालवीय, महात्मा गान्धी, डा० राममनोहर लोहिया आदि भारतीय नेताहरूसँग सम्पर्क राखेर सद्भावना र सहानुभूति प्राप्त गरेका थिए।

भनिन्छ, त्यसबेला दशरथ चन्द बनारसमा आफ्नो अध्ययन पूरा गरी कलैया-बरेहवा रामदरबारमा रामराजाको संगतमा बस्दथे। उनी युगानुकूल शिक्षित युवक भएकाले देशमा जरा गाडी रहेको निरंकुश जहानियाँ शासनको चंगुलबाट देशवासीलाई मुक्ति दिलाउने उपायको खोजीमा थिए। त्यसै खोजीका क्रममा उनको र शुक्रराजको मनोभावना मिलेकाले आपसमा भेटघाट गर्ने नियमित क्रम बसालेका थिए। तदनुसार कलैया-बरेहवानजीकै बरियारपुरका जंगलमा गढीमाईका स्थानमा भेट्ने तर्जुमा मिला-एका थिए। त्यस प्रकारका भेटघाटमा देशमा कुनै एउटा राजनीतिक संस्था खोली संचालन गर्नेबारेमा सोच-विचार गर्दथे।

पूर्वयोजनानुसार १९९२ सालको अन्ततिर शुक्रराज शास्त्री नेपाल आए। काठमाडौं आउने क्रममा केही दिन भीमफेदीमा रहेका थिए। उनी काठमाडौं आइपुग्दा केही सचेत नवयुवकहरू महावीर इन्स्टिच्युट खोलेर काम गर्दै थिए। कुनै जुक्तिले उनीहरू संघर्षमा उत्रिने उपायको खोजी गर्दै थिए। परन्तु राणाशासनको अतिशय अनुदारपन उनीहरू-लाई केही गर्न दिन चाहँदैनथ्यो। त्यस अवसरमा शुक्रराज शास्त्रीको आगमन केही गर्न चाहनेका लागि प्रसन्नताको विषय बन्यो। फलतः असनमा राजालाल कलवारका घरमा केही संघर्षप्रिय नागरिकहरू भनौं शुक्रराज शास्त्री, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, देवीप्रसाद रिमाल, मुरलीधर शर्मा, आनन्दराज, हरिकृष्ण, शंकरप्रसाद शर्मा नेपाल, चिनियामान, चन्द्रमान कम्पाउण्डर, गंगालाल, सूर्यबहादुर भारद्वाज, पूर्णबहादुर आदि २२।२५ जनाका मिलोमतोमा **'नागरिक अधिकार समिति'** नामको संस्था खोलियो। बाहिरफेर देख्नेका लागि यो एक सामाजिक संस्था थियो। यस समितिले सरकारको आँखा छली कुनै उपायद्वारा जनतामा राजनीतिक चेतना जगाउनका लागि मेलापर्वमा सहयोग पुऱ्याउने, घुम्तो पुस्तकालय चलाउने, कथा पुराण सुनाउने, धार्मिक प्रवचन दिने, भजन कीर्तन पूजा पाठ इत्यादि गर्ने कार्यक्रम तयार पारेको थियो। त्यसै कार्यक्रमअनुसार इन्द्रचोक उत्तरतर्फको पेटीमा उभिएर शुक्रराज शास्त्रीले गीताको कर्मयोगमाथि सारगर्भित प्रवचन गरे। फलतः राणासरकारले यसै काण्डमा उनलाई

गिरफ्तार गरी **'नेवार भएर सार्वजनिक स्थलमा गीता पाठ गर्ने'** भन्ने खालको उट्पट्याङ्गे अभियोग लगाई तीन वर्षको कैद सजाय तोकी जेलहाल्यो ।

## ५. १. ङ. (३). उद्‌बुद्धताका प्रेरक रामराजा :

हुनत यो कुरा रामहरि शर्मामा मात्र लागू हुने होइन सम्पूर्ण देशको राजनीतिक परिप्रसंग र घटनाचक्रसँग जोडिन आउँछ तथापि संगठनात्मक ज्येष्ठताको आधारबाट हेरी मनन गर्दा विवेच्य विषय प्रजापरिषद्‌को पृष्ठभूमि रहेकाले अप्रासंगिक र वैयक्तिक संकुचनको प्रतिबद्धताभित्र नपर्ला । प्रजापरिषद्‌का संस्थापक महामन्त्रीको राजनीतिक पृष्ठभूमिका शब्दचित्रसमेत यसैमार्फत् विहंगावलोकन गर्नु कर्तव्य भएकाले पनि यस प्रसंगलाई समष्टिमा हेर्नु आवश्यक छ ।

बरेहवा-बरियारपुरस्थित गढीमाईस्थानमा शुक्रराज शास्त्री र दशरथ चन्दका बीचमा बराबर भेटघाट हुने गरेको परिचर्चा पहिले गरियो । अब यस अगाडिका उपोद्‌घात भनौं अर्थात् घटनाचक्रहरू नियाल्नु कर्तव्य भएको छ । वस्तुतः त्यसरी शुक्रराज शास्त्री र दशरथ चन्दकाबीच आपसमा सरसल्लाह भयोभने दोस्रोतर्फ नेपालका भूतपूर्व प्रधानमन्त्री टंकप्रसाद आचार्यका पिता भूतपूर्व बडाहाकिम टीकाप्रसाद आचार्यका आश्रयदाताको रूपबाट पनि रामराजाको नाम नेपालको राजनीतिक चेतनाका लहरमा जोडिन आउँछ ।

केही काल बडाहाकिम पदमा रहेपछि टीकाप्रसाद आचार्य अकारण प्रधानमन्त्री चन्द्रसमशेरका कोपभाजन भने । उनको जागीर मात्र गएन कि तहविलको रकम हीनामीना गरेको अभियोगमा सिफलेमा रहेको सबै पूँजि सानो घर पनि सरकार लाग्यो । कक्षा ४ मा पढ्‌दैरहेका टंकप्रसाद आचार्यसमेत बाबुका कसुरको कारण शिक्षा सुविधादेखि वंचित गरिए ।

टीकाप्रसाद आचार्य त्यसरी घरबासविहीन गराइकाले आश्रयको खोजी गर्दै बरेहवास्थित रामराजा दरबारमा पुगे । त्यहाँ उनले उचित सहयोग प्राप्त गरे । यी आश्रयदाता रामराजाले पहिलेदेखि नेपाल माताको त्यस होनहार सपूतलाई आश्रय दिइरहेका थिए जसको परिचर्चा पहिले भएको छ । तसर्थ यी सहृदयी रामराजा को थिए तिनका सम्बन्धमा संक्षिप्त प्रकाश पार्नु युक्तिसंगत हुनेछ ।

रामराजा वास्तवमा भारतको उत्तर प्रदेश अन्तर्गत रामनगर राज्यका राजा थिए । उनका पिताको निधनपछि कम्पनी सरकारले उत्तराधिकारीका सम्बन्धमा कचपच उठायो । अधिकार पाउनाका निम्ति यिनले बेलायतस्थित बृतानीयाँ सर्वोच्च न्यायालयसम्म जानपर्‍यो, गए । अन्तमा मुद्दा जितेर आफ्नो पैतृक उत्तराधिकार थामे ।

राणाशासकसँग सारी-नाता भएकाले यिनलाई कलैयानजीक बरेहवामा योग्य

उब्जाउ जमीन बीर्ता मिलेको थियो । त्यसै जमीनमा रामदरबार नामको हवेली बनाएर बसेका थिए. आफ्नो रुचिले र सहजले गर्दा रामनगरभन्दा नेपालमा बस्न मन पराएका थिए ।

राणा शासकसँग सारी-नाता भए तापनि यिनी सुधारवादी स्वभावका व्यक्ति हुनाले नेपालमा पनि केही होस् भन्ने यिनको चाहना थियो । यिनी राजसी अयश आरामका त्यस्ता लालसी थिएनन् नत थिए महत्वाकांक्षी नै । वास्तवमा उनी आफ्नो समयका पोख्त विद्वान् र तन्त्र विद्याका साधक हुनाका साथै भारतीय जन-आन्दोलनको पाठ सिकेर केही अगाडि बढिसकेका चेतनशील नागरिक थिए भन्ने स्पष्ट भएको छ । एतदर्थ नेपालमा राणाशासनको जरा उखेली प्रजातान्त्रिक वातावरणको सिर्जना गर्ने कार्यमा उनको पनि अभीष्ट योगदान रहेको छ ।

वस्तुतः दशरथ चन्द पनि भारत–बनारसतिर अध्ययन गरी शैक्षिक योग्यता हासिल गरेर आएका कर्तव्यपरायण निर्भीक युवक थिए । त्यस्ता निर्भीक संगठनकुशल चेतनशील युवकले रामराजा जस्ता उदारमना सुधारवादी व्यक्ति विशेषको संगत पाउनु निःसन्देह तत्कालीन परिप्रेक्ष्यमा लाभदायक सिद्ध भयो साथै रामराजाको उदार सहयोग पाएर टीकाप्रसाद आचार्य पनि लाभान्वित बनिएकामा कुनै आश्चर्य भएन ।

रामराजाले टीकाप्रसादलाई सहयोगस्वरूप तत्काल सवारीलायक चारवटा घोडा र बाह्र हजार नगद दिई भीमफेदीदेखि चित्लाङबीचका बाटोमा कहीं होटेल चलाउने र आवतजावत गर्ने यात्री-बटोहीका माग र सुविधा हेरी घोडा सवारी उपलब्ध गराएर केही कमाउने वातावरण बनाइदिए । फलतः भीमफेदीमा तत्कालीन वातावरण सुहाउँदो होटल (ब्राह्मण भोजनालय) चल्न थाल्यो ।

पिता त्यसरी व्यापार-व्यवसायमा संलग्न रहेपछि पिताका काममा सहयोग पुऱ्याउन टंकप्रसाद आचार्य गए र उनी भीमफेदीमा होटल चलाएर बस्न थाले ।

आचार्य टंकप्रसादले काठमाडौं त्यागेपछि उनका बालसखा रामहरि शर्मा जो त्रिचन्द्र कलेजमा दोस्रो वर्षको छात्र थिए समेत उतै आकर्षित भएर होटल संचालनमा आवश्यक सहयोग पुऱ्याउन जुटे ।

काठमाडौंको बाहिरफेर सम्पर्क गर्ने एकमात्र मूलगोंडी भीमफेदीमा होटल चलाएर बस्नु र भीमफेदीदेखि चितलाङसम्मको अप्ठ्यारो बाटामा घोडा सवारीको बन्दोबस्त मिलाउनु तत्कालका लेखि सेवा र मेवा दुवै फल मिल्ने भए । त्यस कार्यको निकै प्रशंसा फैलियो । भेटघाट र सही सम्पर्कका माध्यमले त्यो कार्य कैयौं सुधारवादीका दृष्टिमा अँध्यारोको बत्तीतुल्य भयो किनभने त्यसका माध्यमले देश र जातिको अवस्थासम्बन्धी विचार-विमर्श गर्ने चिन्तन मनन गर्न पाइयो, बास बस्न आउने बटोही र भेटघाट-

खातिर आउने इष्टमित्रका सौजन्यबाट देश विदेशका सही समाचारको ज्ञान पनि हुने भयो।

तत्काल कामविशेषले धर्मभक्त माथेमा काठमाडौं र कलकत्ता बराबर ओहोर-दोहोर गर्दथे। उनी राजदरबारभित्र व्यायाम शिक्षक रहेकाले श्री ५ त्रिभुवनसँग निकटता थियो। त्यसउसले श्री ५ त्रिभुवनका इच्छा आकांक्षा र भावनाहरू उनीमार्फत् यी जिज्ञासु युवावृन्दसम्म पुग्न पाउँथे।

दशरथ चन्द एक योग्य शिक्षित र क्रांतिकारी स्वभावका युवक भएकाले जनजागरणका निम्ति उपयुक्त अवसर पर्खिरहेका थिए। शुक्रराज शास्त्री र रामराजाबाट उपयुक्त सरसल्लाह र आवश्यक सहयोग मिलिरहेकै थियो। त्यसमाथि पनि दिइएको सहयोग पर्याप्त भयो भएन काम चलिरहेको छ कि छैन बुझेर आउनू भनी रामराजाले पठाएका मानिसलाई कतै रोकटोक गर्ने कुरो पनि आएन किनभने सर्वसाधारणका दृष्टिमा रामराजा राणाशासकका नातेदार र सरकारी पक्षका मानिस थिए अनि भीमफेदी–चित्लाङतर्फ भइरहेको होटल चलाउने र भाडामा घोडासवारी लगाउने व्यापारी काम रामराजाको व्यापार ठानिन्थ्यो र संचालन गर्ने कार्यकर्ताहरू रामराजाका तलबी कारिन्दा मानिन्थे। अतएव रामराजाले लाए अह्राएको काममा दशरथ चन्दलाई अनुकूल मिल्दासाथ भीमफेदीतर्फ आउने जाने निहुँभएको थियो। युवा कार्यकर्तालाई देश विदेशका पत्र पत्रिका सही समाचार उपलब्ध गराउने माध्यम समेत उनै भए।

उता बनारसमा दिव्यलक्ष्मीका सरसल्लाहअनुसार शुक्रराज शास्त्री पनि नेपाल प्रवेश गर्ने भए। यसपहिलेका कलैया बरेहवाहुँदो आउनु जानु गुप्तरूपले हुन्थ्यो तर अब भने प्रकटमा नेपाल प्रवेश गरी स्थायीरूपले देशभित्रै बस्ने निधोमा पुगे। त्यसकारण काठमाडौं जाने क्रममा भीमफेदी आएर केही दिन त्यहीं बसे। युवक जीवराज शर्मा पनि संयोगवश् त्यहीं पुगे। ६ जना अग्रणी कार्यकर्ताका बीच पारस्परिक लाभ त्यहीं भयो।

बाहिरफेर देख्नमा र प्रशासनका दृष्टिमा दोबाटोमा बसी होटल चलाउनु जस्तो निम्नकोटिको व्यापार थियो तर भित्रभित्रै चाहि राणाशासन कसरी देशबाट उखेलेर फ्याँक्न सकिन्छ र प्रजातन्त्र स्थापना गर्न सकिन्छ जस्ता प्रश्नको समाधान खोज्ने एक सजिलो उपाय थियो। त्यसका लागि राणाशासन र त्यसले पैदा गराएको हीनभावना र संस्कारका संसर्गदेखि असन्तुष्ठ रहेका जनबलको उपयोग गर्न सम्भव हुने एक सूत्ररूपी पुलको तयारीमा जगहाल्ने काम राजदरबारदेखि बरेहवास्थित रामदरबारसम्मको भित्री वातावरणले गऱ्यो। त्यस्तो ठोस उपायको कर्णधार रामराजा बनिए। अतएव आवश्यक वातावरण तयार पार्न र आवश्यक खर्चबर्चको व्यवस्था समेत मिलाई सृजन-

शील मस्तिष्कहरूको साक्षात्कार गराउनामा रामराजाले जस्तो भूमिका खेले, जे जस्तो तारतम्य मिलाए वास्तवमा त्यसैका परिणतिले प्रजातन्त्रको स्थापना भएको मान्नुपर्दा उद्बुद्धताका प्रेरक रामराजा रहेछन् भन्ने रहस्य खुल्दछ ।

भोमकेरीमा होटलमा बसेर **दशरथचन्द, टंकप्रसाद आचार्य, रामहरि शर्मा, धर्मभक्त माथेमा र जीवराज शर्मा** समेत बसी जे जसो गर्ने सरसल्लाह भयो त्यसको छिटै कार्यान्वयन गर्ने उद्देश्यले पाँचै जना काठमाडौं आए । अन्तत: गुह्येश्वरीनजीक जंगलमा बसेर त्यस्तो निधो गरियो कि अब छिटै जुन राजनीतिक संगठन खोलिनेछ त्यसको नाम **प्रजापरिषद्** राख्ने ।

अस्तु, रामहरि शर्मा नेपालको राजनीतिक पृष्ठभूमि विस्तारपूर्वक जान्नका लागि यी तीनवटा प्रसंगको गहन अध्ययन नगरी हुँदैन । यसमा जति सम्भव भयो यो सार-संक्षेप मात्र हो, पूर्ण अध्ययन होइन । यसबाट यति जान्न पाइन्छ साथै यस अध्ययनले पाठकवृन्दमा रहेको एउटा सन्देहको उछित्तो पार्दछ जो आजसम्म प्रायः अस्पष्ट एवं विवादास्पद बनिरहेको थियो । त्यो के थियो भने शहीद शुक्रराज शास्त्री र प्रजापरिषद्बीचको राजनीतिक सम्बन्ध अनि रामहरि शर्मा स्वस्फूर्त भावना र उद्बुद्ध चेतना भएका स्वनीत कार्यकर्ता मात्र हुन्; उनको कुनै राजनीतिक पृष्ठभूमि स्थिर छैन जस्ता बिना अध्ययन मननका भ्रान्त धारणाहरू । त्यसो भएकाले निर्णायक निष्कर्षमा पुग्न यस्तो मत प्रकट गर्न सकिन्छ :—

**१. शहीद शुक्रराज शास्त्री नै क्रान्तिपूर्वको नेपाली राजनीतिक धरातलका पहिला अगुवा थिए ।**

**२. शहीद शुक्रराज शास्त्रीमा पदलिप्सा थिएन त्यसकारण प्रजापरिषद्को कार्यसमिति गठन गर्दा उनी कुनै पदमा बसेनन् केवल विश्वस्त गराए कि आवश्यक सरसल्लाह र सहयोग तथा नीति निर्देशन गरिरहने छन् । यसको अर्थ स्थितिदेखि पलायन हुनु होइन तथा राजनीतिक गतिविधिसँग अनभिज्ञ रहनु पनि होइन ।**

**३. रामहरि शर्मा एक चिन्तनशील, खारिएका, ठोस र स्वनीत कार्यकर्ता हुन् भन्न उनका अटल राजनीतिक सोचाइले मदत पुऱ्याएको छ किनभने निर्देशित र अनुदेशित कार्यकर्ता भएमा त्यसप्रकारको राजनीतिक स्थिरता सम्भव हुँदैन, ऊ स्वयं बारम्बार लकपकाइरहने अस्थिर कार्यकर्ता हुन्छ ।**

यस तर्क र अनुशीलनअनुसार पाँच जोशिला युवकहरू गुह्येश्वरीनजीकै जंगलमा जम्मा भए । विस्तृत विचार विमर्श भयो । अन्तमा **शुभस्य शीघ्रम्** भन्दै उठे । त्यस-अनुसार मिति १९९३ साल ज्येष्ठ २० गतेका दिन यी युवकहरू काठमाडौं–झोंछें ओम-

बहालस्थित शहीद धर्मभक्त मायेमाका घरमा जम्मा भई त्यस राजनीतिक संगठनको जन्म दिए जसको नाम **'प्रजापरिषद्'** दिइयो ।

मूल प्रेरक शुक्रराज शास्त्री भए तापनि उनी कुनै पदमा बसेनन् त्यो चर्चा पहिले गरिएको छ । त्यस्तै दशरथ चन्द पनि उमेरमा पाको शिक्षा दीक्षामा पूरा तथा राजनीतिकुशल अनुभवमा निपुण एवं चिन्तन मननमा आफू परिपक्व भएपनि प्रोत्साहित पार्न आफू पछि रही युवक टंकप्रसाद आचार्यलाई अग्रसर गराएका हुनु पर्छ । फलतः **टंकप्रसाद आचार्य सभापति, दशरथ चन्द उपसभापति, रामहरि शर्मा महामन्त्री** (तत्कालीन प्रयोगअनुसार जनरल सेक्रेटरी), **धर्मभक्त मायेमा कोषाध्यक्ष र जीवराज शर्मा** कार्यालय-सचिव पदमा रहे । सदस्यमा **गोपालप्रसाद रिमाल, प्रभुनाथ दवाडी, गङ्गालाल श्रेष्ठ, पुष्करनाथ उप्रेती, बलबहादुर पांडे, हरिकृष्ण, गणेशमानसिंह, चूडाप्रसाद शर्मा, गोविन्दप्रसाद शर्मा, फणीन्द्रराज हमाल, सूर्यबहादुर 'भारद्वाज',वाचस्पतिराज जोशी ( रामजी शास्त्री )** आदि रहे । अपितु रामहरि शर्माका भनाइअनुसार यतिका सदस्यहरू पहिलो दिन बनिएका होइनन् क्रमशः पछि-पछि सदस्यता थप गर्दै जाने क्रममा भएका हुन् ।

हाम्रो विवेच्य विषयअनुसार यहाँ के कुरा स्पष्ट हुन आवश्यक छ भने कलैया–बरेहवानजीक बरियारपुरमा शुक्रराज शास्त्री र दशरथ चन्दका बीच जुन क्रान्तिकारी विचारयुक्त सल्लाह भएको थियो त्यसलाई भीमफेदीस्थित होटलमा पहिलोपल्ट पुनरावृत्ति गरियो । पुनः त्यसैलाई गुह्येश्वरीका जंगलमा दोस्रोपल्ट पुनरावृत्ति गरियो । बस, त्यसरी मन्थन गरेर जुन परिपक्व नौनी तयार पारियो त्यस आधारमा शुक्रराज शास्त्रीबाट, दशरथ चंदबाट टंकप्रसाद आचार्य र रामहरि शर्मा अनुप्रेरित रहेका अनुमान यहाँ सिद्ध हुन आउँछ । राजनीतिक इतिहासका विवेचकहरू यस्तो अनुभव गर्दछन् । त्यसहिसाबले प्रभाव र प्रेरणाको क्रमबद्धता स्पष्टरूपमा स्थिर गर्न सकिन्छ । बस, यसै स्पष्टताका लागि उपयुक्त हुने लागेर ऐतिहासिक क्रमसँग जोडेर मूल्यांकन गर्न प्रयत्न गरिएको हो ।

राजनीतिक संगठन खोलेपछि संगठनको उद्देश्य पारित गरियो **'नेपालमा जहानीयाँ राणाशासन हटाई श्री ५ को वैधानिक नायकत्वमा प्रजातन्त्रको स्थापना गर्ने ।'** यस संगठनभित्र थोरै समयमा नै ठूलो संख्यामा युवकहरूको प्रवेश भयो । रामहरि शर्माका अनुसार वाचस्पतिराज जोशीको प्रवेशलाई लिएर कार्यकारिणीका पदाधिकारीहरूमा मतान्तर भएको थियो किनभने उनी बबरसमशेरका छोराहरू पढाउन पहिलेदेखि नै बबरमहल जान्थे । तसर्थ होस्‌विहोस्‌मा कतै कुरा खुस्काए भने विश्वास पर्ला भनेरै सावधान रहन त्यसो गरिएको थियो । त्यसमा दशरथ चन्दले रामहरितर्फ

लक्ष्य गर्दै यसो भनेका थिए—'तुम क्या जानते हो बच्चे ! यह आदमी हमारे यहाँ **बारीको आचुका है ।'** अन्तमा त्यही मतान्तर अचूक निशाना बनियो ।

१९९५ सालको आखिरीसम्ममा प्रजापरिषद्ले भूमिगत आन्दोलन निकै तीव्ररूपमा अघि बढायो । तबसम्म ओमबहालमा रहेको प्रजापरिषद्को मूल कार्यालयको भेद गोप्य रहेको थियो । पचासौं युवा कार्यकर्ताहरू पार्टीको निर्देशनमा रही मरीमेट सेवा गर्न लागे । आन्दोलनको सनसनी वातावरणको रन्को जनजीवनमा व्याप्त हुन थाल्यो । नेपालमा राजनीतिक वातावरणको लहर आएका कुराको नेपालबाहिर भारतका विभिन्न भागमा जोडतोडका साथ प्रचार प्रसार भयो । काठमाडौंमा पनि पर्चाबाजी गरियो । प्रजापरिषद् नामको कुनै भूमिगत राजनीतिक संस्था छ भन्ने राणाशासकलाई जानकारी मिलेकाले सरकारी प्रचार-प्रसार गरियो कि त्यस संस्थासँग संलग्न व्यक्तिहरू पक्राइदिएबापत् पाँच हजार नगद ईनाम दिइनेछ । बस त्यसै पाँच हजार नगद ईनाम पाउने लोभमा परी वाक्पतिराज जोशी भनेका रामजी शास्त्रीले पोल खोली आफ्नै खप्परमा बंचराले हान्ने काम गरे । फलस्वरूप १९९६ साल कार्तिक २ गतेदेखि प्रजापरिषद्का सदस्यहरूको धरपकड़ प्रारम्भ भयो । प्रजापरिषद्का सबै कार्यकर्ता, नागरिक अधिकार समितिका कार्यकर्ता, महावीर इन्स्टिच्युटका कार्यकर्ताहरू प्राध्यापकहरू तथा आर्यसमाजका पदाधिकारीहरू प्रायः नछोडिकन गिरफ्तार गरिए । देशमा सन्त्रस्त वातावरणको सिर्जना भयो ।

चेतनशील नागरिकमाथि राजद्रोहको मुद्दा चलाइयो । राणाशासकका भाइ भतिजा सहितको विशेष अदालत बसेर व्यापक छानबीन गर्न थाल्यो । प्रजापरिषद्सँग **श्री ५ महाराजधिराज त्रिभुवनको** पनि अप्रत्यक्ष सम्बन्ध देखिन आएकाले राणाको विशेष अदालतसमक्ष अपमानसाथ उपस्थित गराइयो र मौसूफकै समक्ष राजनीतिक गतिविधिमा संलग्न सपूतहरूमाथि अभियोग सिद्ध गरियो । अन्तमा १९९७ साल माघ ५ गते विशेष अदालतले यनामा रहेका कार्यकर्ताहरूलाई कठोर सजाय दिने फैसला सुनायो । त्यस फैसलाअनुसार **शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठलाई मृत्युदण्ड र अंश सर्वश्वको सजाय भयो, टंकप्रसाद आचार्य, रामहरि शर्मा, चूडाप्रसाद शर्मा, गणेशमानसिंह, हरिकृष्ण, गोबिन्दप्रसाद शर्मा, पुष्करनाथ उप्रेती र बलबहादुर पांडेलाई अंश सर्वश्वसहित जन्मकैदको सजाय भयो । जीवराज शर्मा ध्रुवनाथ दवाडीलाई क्रमशः अठार वर्ष र बाह्र वर्षको कठोर कारावास अनि फणीन्द्रराज हमाललाई ६ बर्षको जेल सजायहुने भयो ।**

काटिने सजायमा परेका **गणेशमानसिंह र सूर्यबहादुर 'भारद्वाज'** लाई सरदार भूपध्वजका प्रार्थना जोडबलले सजाय बदली आजन्म कारावास दिइने भयो । त्यसमा

सूर्यबहादुर 'भारद्वाज' गुप्तरूपले भगाइएकाले भारततर्फ पसेर आन्दोलनको तयारीमा शरीक रहे ।

कतिपय ब्राह्मण युवकलाई चारपाटा मुडी मोसो घसेर शहरमा प्रदर्शन गराई जातिच्युत समेत गरियो भने कतिपय मेधावी युवकको मानसिकस्थितिमा आघातसमेत पुर्‍याइयो । बाँकी रहेकामध्ये ३२ जनालाई साधारण नगद जरिमाना गरेर अनि १८ जनालाई जरिमाना नसिहत दिएर छाडियो ।

यसप्रकार राणाशासनको विशेष अदालतले रामहरिशर्मालाई जेलमा राख्यो । उहाँ पुरापुर दश वर्ष जेलमा बस्नु भई अन्तमा राणाशासन ढलेपछि २००७ साल माघ ५ गते छुटकारा पाउनुभयो । त्यस्तै काकताली मिल्नाले बाच्ने अवसर पाएको हुँदा आफू जेलबाट छुट्दा राणाशासन ढलेर प्रजातन्त्रको सूत्रपात भई देशमा झलमल्ल घाम लागेको पाउँदा बढी सुखद अनुभव भएको थियो भन्ने कुरा अचेल संस्मरणको रूपमा सुनाउनुहुन्छ ।

दिल्ली संझौताले निराश पार्दा प्रजापरिषद्को पुर्नगठन गर्नुपर्ने खण्ड परिआएकाले टंकप्रसाद आचार्य दिल्लीदेखि फिर्ता आएर नयाँ कार्यकारिणी गठन गर्नुभयो । त्यस पुनर्गठनमा पनि रामहरिशर्मा पार्टीको महामन्त्री छानिनुभयो । अन्ततोगत्वा यो स्थिति नेपालमा दलगत राजनीतिक व्यवस्था कायम रहेँदासम्म अविच्छिन्न रहिरह्यो !

पंचायत व्यवस्थाको सूत्रपात भएपछि पुगनपुग ६ वर्ष उहाँ मौन रहनुभयो र अन्तमा २०२३ सालमा नेपाल किसान संगठनमार्फत पंचायत व्यवस्थामा प्रवेश गर्नु-भएको हो । तबदेखि उहाँ कर्मठ पंचकार्यकर्ता हुनुहुन्छ ।

२०२३ सालमा नेपाल किसान संगठनको केन्द्रीय सदस्य भएपछि एक अवधिका लागि केन्द्रीय सचिवमा छानिनुभयो । त्यसै सालका अन्ततिर वर्गीय संगठनमार्फत राष्ट्रिय पंचायत सदस्यमा छानिनुभयो र चार वर्ष सेवा पुर्‍याउनु भयो । यस चार वर्ष अवधि-का पछिल्लो एक वर्ष राष्ट्रियपंचायतका माननीय अध्यक्षमा निर्वाचित भई देश नरेश र व्यवस्थाका हितमा समर्पित भावले सेवा पुर्‍याउनु भएको थियो !

२०२८ सालमा सम्पन्न वर्गीय संगठनमार्फत् रा. प. स. को चुनावमा उहाँ नगण्य मतले पराजित हुनुभयो । त्यसपछि २०२९-३० को एक वर्ष जेलसुधार समितिका अध्यक्ष पदमा श्री ५ महाराजाधिराजबाट मनोनीत हुनुभएको थियो । २०३३ सालको प्रारम्भमा श्री ५ महाराजाधिराजबाट रा. प. स. मा मनोनीत भई त्यसका भोलिपल्टै राष्ट्रियपंचायतका माननीय अध्यक्षमा निर्विरोध छानिनु भई चार वर्ष सेवा गर्नुभयो । यस अवधिमा राष्ट्रिय पंचभेला समितिका अध्यक्ष, अन्तर्व्यवस्थापिका नेपाल समूहका

अध्यक्ष, अनेक सद्भावना र शिष्टमण्डलको नेतृत्व गरी राष्ट्रीय तथा अन्तर्राष्ट्रीय ख्याति आर्जनुभएको छ ।

२०३६ सालमा भएको राष्ट्रीय जनमतसंग्रहको घोषणापछि निर्दलीय प्रचार समितिका अध्यक्ष, राष्ट्रीय पंचभेला केन्द्रीय समितिका अध्यक्ष आदि उच्च पदमा रही सेवा पुन्याउनुभएको छ । २०३६ सालको प्रारम्भतिर श्री ५ महाराजाधिराजबाट विभिन्न राजनीतिक उच्च निकायहरूसँग प्रधानमन्त्रीका लागि सिफारिस मागिबक्सँदा सिफारिसकर्ताहरूले उहाँको नाम उपयुक्त उम्मेदवारमा सिफारिस गरेको कुरा केही समय चर्चित रहेको थियो । यसले उहाँको लोकप्रियतामाथि केही प्रकाश पारेको अनुभव गरिएको छ । सुनिन्छ त्यस सिफारिसमा सबभन्दा बढी मत उहाँमा थियो ।

प्रवेशकालदेखि नै पंचकार्यकर्तामा अपेक्षित राजनीतिक ईमान्दारिता र विशुद्ध आचारणको यथार्थ नमूना बन्नु भई राष्ट्र राष्ट्रियता र देशगत समसामयिक गतिविधिप्रति सदैव समर्पित भावको आत्मना परिचय दिई आत्मनास्थात रहिआउनु भएकाले उहाँका राजनीतिक चरित्रमा कतैबाट शंका उपशंका गरिरहनुपर्ने खण्ड देखिदैन । विरोधका निम्ति विरोध गर्न चाहनेका लागि बेग्लै कुरा हो । दुई अवधि माननीय राष्ट्रियपंचायत अध्यक्ष पद ईमान्दारीपूर्वक सम्हाली अपार योग्यता र अनुभवको परिचय दिनुभएको छ । यसरी देश नरेश र पंचायत व्यवस्थाको अग्रणी कार्यकर्ताका रूपमा परिचित भइसक्नुभएकाले वैचारिक स्थिरताको विशुद्ध परिचय दिन कहीं कतै बाँकी रहेजस्तो बुझिदैन ।

२०३७ सालदेखि चार वर्ष पश्चिम जर्मनीका लागि शाही नेपाली राजदूत पदमा रहनुभयो । त्यसपछिका दिनहरू आरामीका दिन देखिन आएका छन् । सम्भवतः देशको राजनीतिक ज्येष्ठताको पंक्तिमा रहेर देश निरवच्छिन्न अन्धकार अवस्थामा गुज्रिन विवश रहेका बखत मुक्तिसंघर्षका लागि उपयुक्त वातावरण तयारपार्न कटिबद्ध रहनुपर्दा जनतामा राजनीतिक जागरणको शंखघोष गर्न अग्रसर हुँदा अपमानित, प्रताडित, दण्डित भएर दश वर्ष जेलयातना भोग्नुपरेको; लामो अवधि राजनीतिक पार्टीको प्रमुख निर्देशक पदमा बनिरहनु यी संयोग हरेक व्यक्तिलाई पुग्न सक्छन् भन्न किमार्थ सकिदैन ।

पंचायत व्यवस्थामा प्रवेश गरेका अवसरदेखि अनेक उच्च ओहदामा रही कर्मठ पंचकार्यकर्ताका अग्रणीको भूमिका निर्वाह गर्दै आएर अनेक आपद विपद सम्पद आदि जुनसुकै अवस्थामा पनि अधैर्य नहुनु नलकपकाउनु उहाँका चारित्रिक गुण र मूलभूत विशेषता मानिन आएका छन् ।

विश्वका बहुधा देशहरूमध्ये आष्ट्रेलिया र न्यूजिलैण्डबाहेक अरू देशको राजनीतिक सांस्कृतिक भ्रमण सम्पन्न गरी अपार अनुभव हासिल गर्नुभएका रामहरि 'दाजु' अमेरिकाको भ्रमण चाहिं व्यक्तिगततवरमा सम्पन्न भएको बताउनु हुन्छ ।

मानपदवीका हकमा **'प्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु'** मात्र पाउनु भएका रामहरि शर्मा कहिलेकहीं वार्तालापका क्रममा प्रसंग मिल्न आउँदा तुक मिलाएर भन्ने गर्नुहुन्छ—**जसले क्रान्तिका बलिवेदीमा चढेर राणाशासनरूपी कठोर पिंजडाबाट देश नरेश तथा जनताका मुक्तिका लागि हांसी हाँसी जीवन उत्सर्ग गरे त्यस्ता निर्भीक कार्यकर्ता र तिनका सन्तानहरू कति अभाव र अभियोगद्वारा ग्रस्त बनी देशका विभिन्न भागमा दुःख र पीडाले सन्तप्त जीवन यापन गर्न विवश छन् भने राणाशासनको विरोध गर्दा जसले राणाविरोधीको जिब्रो थुत्नु पर्छ, झुण्ड्याउनु पर्छ भने, कतिलाई झुण्ड्याए, कतिलाई गोली ठोके, कतिलाई देशनिकाला गरे गराए, विरोधी राजनीतिमा मुछिएका महाराजलाई सत्ताच्युत गर्नुपर्छ इत्यादि अक्षम्य प्रलाप गरे गराए आज तिनै भ्रष्ट चरित्रका व्यक्ति र तिनका शाखा सन्तानहरू राष्ट्रका उच्च ओहदामा रही हालीमुहाली गरिरहेका छन् । यस विसंगतिलाई समय-को विडम्बना त भन्नुपर्ला !**

वार्तालापको क्षण हास्य-विनोद मिश्रित मधुर स्वरमा गुञ्जिने हुँदा मर्म गुरित वाक्य भान परे तापनि स्वस्फुरण अन्तश्चेतनाको द्योतक लाग्ने हुँदा यस्तै कटु सत्य उक्तिले पनि हम्मेसी सन्तुष्टि दिलाउन नसकेको आफू स्वयंलाई अनुभव हुन आउँछ ।

धन्य ! रामहरि शर्मा तिमी हौ नेपालहरूका कुलको दीयो; चिरकालपर्यन्त झरिलो र चहकिलो प्रकाश दिंदै बाँचिरहू !!

**'मुहूर्तमपिजीवेत नरः शुक्लेनकर्मणा ।'**

हामी समस्त नेपाल बन्धुहरू सादर अभिवादन गर्दछौं—**त्वं जीव शरदशतम् !**

## ५.१ च. टंकनाथ शास्त्री नेपाल :

राजनीतिक चेतना भएका स्वनीत कार्यकर्ताहरूमा बागमती अंचल काभ्रेपलाञ्चोक जिल्लाबाट टंकनाथ शास्त्री नेपाल प्रजातन्त्रको स्थापनाकालदेखि नै सक्रिय रही आउनु-भएको छ । दलगत राजनीतिक समयमा नेपाली कांग्रेसको क्षेत्रीयस्तरको कार्यकर्ता हुनु-हुन्थ्यो । पञ्चायत व्यवस्थाको स्थापना भएपछि केही वर्ष भूमिगत रहेर पछि नेपाली कांग्रेसका '३८' समूहमा सम्मिलित भई व्यवस्था र संविधानको समर्थन गर्नुभएको हो । बागमती अंचलमा विशेष गरी काभ्रे-पलाञ्चोक जिल्लाका चर्चित पञ्चकार्यकर्तामध्ये पर्नुहुन्छ ।

## ५.१. छ. दण्डपाणि नेपाल :

करीब तीन दशकदेखि क्रियाशील राजनीतिमा संलग्न रहेका दण्डपाणि नेपाल एकसमय नेपाल किसान संगठनबाट केन्द्रीय कार्यसमितिका सदस्य हुनुहुन्थ्यो । गाउँ-पञ्चायतदेखि जिल्लापञ्चायत सदस्यसम्म रही आफ्नो लगनशीलताको परिचय दिइसक्नु भएका दण्डपाणि नेपाल केही वर्ष गाउँफर्क राष्ट्रिय अभियानअन्तर्गत धनकुटा जिल्ला समितिका सदस्य रहनुभएको थियो ।

## ५.१. ज. भवकृष्ण नेपाल :

लगभग सातसालको जन आन्दोलनदेखि नै भनेजस्तो राजनीतिक गतिविधिलाई नै रुझान बनाई कार्यरत रही आउनुभएका भवकृष्ण नेपाल गाउँदेखि जिल्लासम्मका पञ्चपदमा रही अनुभव हासिल गर्नुभएको छ । उहाँ पनि केही वर्ष गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति भोजपुरका सदस्य रहनुभएको थियो । तसर्थ भोजपुर जिल्लाका पञ्चकार्यकर्तामा उहाँ निकै चर्चित पञ्च हुनुहुन्छ ।

## ५.१. झ. गोपालप्रसाद नेपाल :

कोशी अंचल मोरंग जिल्लाअन्तर्गत विराटनगर क्षेत्रबाट सात सालको जन-आन्दोलनदेखि सक्रिय राजनीतिमा कार्यरत रही आउनुभएका गोपालप्रसाद नेपाल विराटनगर नगरपञ्चायत र विभिन्न समितिमा सेवा पुऱ्याउँदै अंचलस्तरमा निकै चर्चित रहनु भएको थियो । परन्तु जनमत संग्रहको घोषणापश्चात् सक्रिय राजनीतिबाट पछि हटी सामाजिक सेवातर्फ झुक्नुभएको छ । हाल उहाँ भगवती क्याम्पस सुनसरीमा क्याम्पस प्रमुख हुनुहुन्छ ।

## ५.१. ञ. पीताम्बर नेपाल :

काभ्रे-पलाञ्चोक जिल्लापञ्चायतका सदस्य रहनुभएका पीताम्बर नेपालको सामाजिक योगदान पनि स्तुत्य छ । एकतर्फी शुष्क राजनीतिक गतिविधितर्फ मात्र संलग्नता होइन राजनीतिक क्रियाकलापसँगै रचनात्मक कार्यमा समेत उत्तिकै संलग्न रही आउनुभएका पीताम्बर नेपाल आफ्नो जिल्लामा राजनीतिक दृष्टिकोणबाट भन्दा पनि सामाजिक कार्यकर्ताका रूपमा बढी चर्चित रहनु भएको छ ।

## ५.१. ट. देवीराम उपाध्याय नेपाल :

दैलेख जिल्लामा राम्रो राजनीतिक पृष्ठभूमि भएका देवीराम उपाध्याय नेपाल साताला गाउँपञ्चायतका प्रधानपञ्च, जिल्लापञ्चायत सदस्य रही गाउँ तथा जिल्ला-

स्तरीय रचनात्मक कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनेमध्येका योगदाता हुनुहुन्छ। हाल उहाँ बर्दिया जिल्लाको नौलापुर गाउँपञ्चायतको प्रधान-पञ्चमा सेवारत हुनुहुन्छ।



राजनीतिक संलग्नतासँगै साहित्यिक प्रतिभा समेत भएका देवीराम नेपाल बडो विनोदप्रिय व्यक्ति हुनुहुन्छ भन्नुमा अत्युक्ति हुँदैन। यहाँनेर एउटा घटना उल्लेखनीय हुन आउँछ यसै वंशावलीको खोज गर्ने सिलसिलामा दैलेख जिल्लामा पुग्दा केही नेपाल पुरोहितहरूले सुतारकार्की भाइबन्धुकहाँ पुरोहित्याइँ गर्ने, दान दक्षिणा लिने गर्दा रहेछन्। त्यो कुरा अवगत गराउँदै स्रोत-सन्दर्भका वयो-वृद्ध मुखिया गोपी कार्कीले दुःखमनाउ गर्नुभयो। भोलिपल्ट साताला गाउँमा भर्नौ देवीरामज्यूका घरमा प्रशस्त मानिसका उपस्थितिमा यस कुरामाथि छलफल शुरू भयो त्यसमा कतिपय नेपालबन्धुहरू निर्णयमा पुग्न लकपकाए तर देवीरामज्यूले स्पष्ट शब्दमा भन्नुभयो **'थर बेग्लै छ भन्दैमा पराइ ठान्नु पाप हो, सुतारकार्की हाम्रै साखभाइ हुन्'** यो उक्ति उहाँको ज्यादै स्पष्टवादिताको परिचायक थियो।

दोस्रो प्रसंग भ्रमवश दैलेख जिल्लाका नेपाल भाइबन्धुहरू खनाल थर लेख्दथे भन्ने चर्चा यथास्थानमा गरिएको छ। त्यस सम्बन्धमा वास्तविक कुरा अवगत हुना-साथ **'अज्ञानवश भएका गल्तीमा पितृले क्षमा गर्छन्; ,तर सही कुरो थाहा पाएपछि गल्ती दोहोरिन दिनु हुँदैन सच्याइहाल्नु पर्छ'** भन्दै सर्वप्रथम थर सच्याएर लेख्नेमा उहाँ नै हुनुहुन्छ।

तेस्रो प्रसंग छ उहाँको साहित्यिक प्रतिभाको। यदि चंचल स्वभाव नभएको भए उहाँमा आशुभाव छ; प्रयुक्त विषयमा उहाँ तुरुन्त लालित्यमय रचना गर्न सक्नुहुन्छ। लोकलयमा पद्य-रचना गर्न उत्तिकै निपुण हुनुहुन्छ। आशुभावका सम्बन्धमा प्रत्यक्ष घटना यस्तो छ—तत्काल उहाँ साताला गाउँपञ्चायतका प्रधानपञ्च हुनुहुन्थ्यो; तत्कालीन पञ्चायत नियमावलीअनुसार प्रधानपञ्च उपप्रधानपञ्च पदेन जिल्लासभासद् हुने हुँदा जिल्लासभामा भाग लिन दैलेख खलंगामा आउनुभएको थियो। संयोगले खलंगास्थित माध्यमिक विद्यालयले जिल्लास्तरीय साहित्यगोष्ठीको आयोजना गऱ्यो। यी पंक्तिका लेखकका सभापतित्वमा कार्यक्रम संचालन भयो। तत्काल उहाँले एक टुक्रा कागज मागेर सुन्दर कविता रचना गर्नुभयो र कविता पाठ गर्नुभयो। श्रोताहरू मन्त्र-मुग्ध भए।

कवितामा समसामयिक परिस्थितिको सुन्दर चित्र कोरिएको छ। कविताको भावले दर्शाउँछ अधिराज्यका अरू जिल्लाहरू साधन र सुविधा सम्पन्न हुँदा अघि बढे तर हामी चाहिं साधन र सुविधाको अभावमा पछि पर्‍यौं।

यसमा स्थानाभावका कारणले कविता सबै दिन त सम्भव हुँदैन; समाहारका लागि दुई पंक्ति दिनु प्रासंगिक साथै उपयुक्त हुन जाला :—

> हाम्रा सामु गरी सके अरूहरूले उन्नती जे गरे।
> हाम्रो ता अब के भनौं कति भनौं आँगर् सबैका मरे ॥"

केवल एक त्रुटि देखियो 'यति' को र उन्नतिको 'ती' छन्दशास्त्रका नियमअनुसार दीर्घ हुनुपर्ने हुँदा शब्दको प्रकृति नमिलेर असजिलो पर्दा दीर्घ प्रयोग भएकालाई वैयाकरणिक दोष मानिन सक्छ परन्तु छन्द गुम्फन गर्दा ह्रस्वलाई दीर्घ, दीर्घलाई ह्रस्व गर्न सकिने विनियम हुनाले त्यो दोष मानिदैंन। त्यसउसले सामान्य बोलीचालीका शब्दमा रचिएका रचनामा अपेक्षित लालित्य र मिठास दुवैको योग समन्वित हुँदा आशुभाव स्पष्ट झल्किएको अनुभूति मिल्दछ।

## ५.१. ठ. देवीप्रसाद नेपाल ( देवानन्द खनाल ) :

दैलेख सिंगौडी गाउँपंचायतका भूतपूर्व प्रधानपंच र एक अवधि जिल्लापंचायत सदस्य रहेका देवीप्रसाद नेपाल केहीवर्ष पहिलेसम्म देवानन्द खनालद्वारा परिचित थिए। उनको राजनीतिक पृष्ठभूमि पंचायत राजनीति नै हो तापनि अपेक्षित सामाजिक पृष्ठभूमि समेत नभएको होइन। उनको सामाजिक योगदान निकै स्तुत्य रहेको अनुभव गरिन्छ। राजनीतिमा भने कित आफूले छोडएको समूहमा दोष विद्यमान रहेर हो कित कुसंगतको छाया परेर हो कार्यकर्ता योग्य भएर पनि माथि उठ्न नसकेको प्रतीति मिल्दछ।

## ५.१. ड. वासुदेव शर्मा नेपाल :

स्थानीय समाजमा 'वासु बाबू' द्वारा प्रख्यात वासुदेव शर्माको राजनीतिक सोचाइ त्यति दीर्घो नभएर होला राष्ट्रियस्तरका कार्यकर्तामा अपेक्षा गरिने ल्याकत भएर पनि स्थानीयतहबाट माथि उठ्न नसकेको आशंका हुन्छ। दलगत राजनीतिक जमानामा प्रारम्भमा राष्ट्रिय कंग्रेस ( शंकर गुट ) मार्फत सक्रिय राजनीतिमा प्रवेश गर्नु भयो। पछिल्ला अवस्थामा प्रजापरिषद्‌मा संलग्न रहनुभयो। पंचायत राजनीति लागू हुँदाका बखत उहाँ मौन रहनुभयो परन्तु केही समयपछि व्यवस्थामा प्रवेश गरी सक्रिय पंचकार्यकर्ताका हैसियतले समाजसेवा गर्नुभयो। फलतः संविधानको दोस्रो संशोधन २०३२ पछि गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति बर्दियाको सदस्य-

सचिव भएर जनमत संग्रहको घोषणा भएपछि गाउँफर्क राष्ट्रिय अभियान निलम्बन नहुँदासम्म त्यस पदमा रहनुभएको थियो ।

गाउँफर्कको निलम्बनपछि उहाँले बहुदलवादी समूहमा समर्थन जनाउनुभयो । वर्तमान अवस्थामा बहुदलवादी–प्रजातन्त्रवादी–विचारधाराको संविधान बहिष्कार-वादी समूहमा हुनुहुन्छ । नेपाल वंशको झिल्टुङ० शाखाका एक योग्य सन्ततिको राजनीतिक सोचाइ निर्विवाद एवं स्थिर हुनु अपेक्षित थियो । यदि त्यसो हुन पाएको भए वासुदेवशर्मा नेपालका योगदानबाट राष्ट्र र नेपाल कुलले महत्वपूर्ण योगदान पाउने थियो भनी ठान्नु समीचीन छ ।

## ५.१. ढ. सन्दर्भ सारांश :

राजनीतिक परिप्रसंगबाट राष्ट्रसेवामा संलग्न अनेक नेपाल बन्धुहरू हुनुहुन्छ तथापि सूचना र प्राप्तिका अभावमा ती अमूल्य व्यक्तित्वको नाम दिन सकिदैन । जाग्र पाइएसम्म सक्रियतासाथ राजनीतिलाई नै दिनचर्या बनाएर कार्यरत रहनुभएका केही पंचकार्यकर्ताको नाम यसप्रकार छ :—प्रधानपंचमादैलेख जिल्ला साताला गाउँका लीलाराम उपाध्याय नेपाल, नेपा गाउँपंचायतका नन्दराम नेपाल, उपप्रधानपंच देवीराम नेपाल, साताला गाउँपंचायतअन्तर्गत श्रीकोटझिंगेतोलाका महाजित हमाल नेपाल, साताला गाउँपंचायत अन्तर्गत सिमगाउँका झमकदत्त नेपाल, सिन्धुपाल्चोक सिन्धुकोटका पुण्यप्रसाद नेपाल, शंकरप्रसाद नेपाल, आँखीभुई गाउँपंचायतका इन्द्रमणि नेपाल, नेत्रमणि नेपाल ।

गाउँपंचायत सदस्यमा दैलेख जिल्ला सिंगौडी गाउँपंचायतका मु. जयप्रसाद नेपाल, सिमगाउँका मुखिया नन्दप्रसाद नेपाल, नेपा गाउँका जयप्रकाश नेपाल, लोकराज नेपाल, डिल्लीप्रसाद नेपाल, भैरीकाली गाउँपंचायतअन्तर्गत डाँडीमाडी गाउँका खड्गानन्द नेपाल, पाल्पा भैरवथानका नवराज नेपाल, पाल्पा चिदीपानीका खगेन्द्रनाथ नेपाल, झापा धुलाबारीका हरिप्रसाद नेपाल, जयपुर बुधवारेका सूर्यप्रसाद नेपाल, बुटाबारीका भवानीप्रसाद नेपाल, चन्द्रगढीका डिल्लीरमण नेपाल, लखनपुर गाउँपंचा-यतअन्तर्गत सीतापुरका होमबहादुर नेपाल, रमाकान्त नेपाल 'जेन्टिल' र शिवगंज गाउँपंचायतका कुबेरप्रसाद नेपाल इत्यादि ।

## प्रशासन तर्फ :—

नेपाल सन्ततिहरू राष्ट्रका प्रशासन सेवामा प्रारम्भिक अवस्थातिर कुन अनुपातमा थिए त्यस सम्बन्धमा तत्काल यकीन गर्न सकिएको छैन । कारण धेरैपछिसम्म पनि थर लेख्नैपर्ने बाध्यता थिएन । त्यसउसले बिना थरको उल्लेखले केही जानकारी गरा-उन नसक्ने तथ्य सामु पर्दछ । त्यसो हो तापनि कतिपय भविष्यद्रष्टा सन्ततिले टिपेर

राखेका अथवा परम्परागत संज्ञनाका श्रुतियुक्त आधार राखेका हुन्छन् र मात्र जानकारी पाइने हो ।

देशको प्रशासनमा संलग्न हुनेमध्येका चन्द्रशेखर उपाध्यायका सम्बन्धमा राज-नीतितर्फ चर्चा गरिएकै छ । तसर्थ फेरि दोहऱ्याउने आवश्यकता रहेन । त्यसउसले यस स्तम्भमा सर्वप्रथम चर्चा गर्नुपर्ने पहिला पुरुषमा सुब्बा कुञ्जरमणि नेपाल देखिएका छन् । सुब्बा कुञ्जरमणिभन्दा पहिले सम्भवतः डिट्ठा रत्नमणि नेपाल पर्न सक्छन् तथापि दुवैको समयावधि नभिडाएसम्म यकीन गर्न सकिने स्थिति छैन । यस प्रसंगमा अरू विचार नगरिकन कुञ्जरमणिकै नाम लिनको तात्पर्य हो उहाँ मीरसुब्बा (अचेलको तहअनुसार शाखा अधिकृत तृतीय श्रेणी) हुनुहुन्थ्यो । मंडन शाखामा उहाँ नै पहिलो व्यक्ति हुनुहोला जो राणाशासनका समयमा पनि आफ्नो योग्यता र दक्षताले उच्च ओहदामा पुग्नुभयो ।

मीरसुब्बा कुञ्जरमणिपछि यसै शाखामा मीरसुब्बा बद्रीनाथ नेपाल, लेफ्टिनेन्ट लेखनाथ नेपाल, मीरसुब्बा देवीरमण नेपाल प्रभृति चर्चित प्रशासकमा गनिएका छन् । न्यायाधीश गोविन्दप्रसाद उपाध्याय, न्यायाधीश मुक्तिनाथ शर्मा नेपाल, प्रमुख जिल्ला-अधिकारी माधवप्रसाद उपाध्याय (अध्यक्ष वंशावली प्रकाशिनी समिति) डा० केशवनाथ उपाध्याय रा० प० द्वितीय श्रेणी-पशु स्वास्थ्य सेवा विभाग त्रिपुरेश्वर काठमाडौं; बैंक सेवाका महाप्रबन्धक मथुराप्रसाद नेपाल, हवाइ विभागका महाप्रबन्धक लक्ष्मणप्रसाद नेपाल (कोषाध्यक्ष वंशावली प्रकाशिनी समिति) रामप्रसाद नेपाल प्राविधिज्ञ केन्द्रीय सेवा विभाग, सहसचिव केशवप्रसाद नेपाल, उपसचिव जगदीश नेपाल, नारायणप्रसाद नेपाल, उपसचिव जीवनाथ शर्मा ( राष्ट्रिय पंचायत सचिवालय ) केशवराज शर्मा (उपनिर्देशक तथ्यांक विभाग) स्वास्थ्य-सेवामा महाप्रबन्धक डा० ताराबहादुर खत्री, न्यायाधीश दधिराम नेपाल (नेपाल वंशजपरिषद् उपाध्यक्ष); कर्णेल जगतबहादुर खत्री, शाखा अधिकृत जनार्दन नेपाल, प्रकाशकुमार नेपाल, विष्णु नेपाल, दामोदर नेपाल, वासुदेव नेपाल, जीवनाथ नेपाल (कटुजे), चन्द्रप्रसाद नेपाल, (भैरहवा) प्रभृति पचासौं दक्ष प्रशासकहरू प्रख्यात छन् ।

पाल्पा शाखामा चन्द्रशेखर उपाध्यायको नाम पहिले लिइएको छ । वर्तमान पुस्तामा उपसचिव नलराज शास्त्री (सदस्य-सचिव नेपाल वंशजपरिषद् एवं वंशावली प्रकाशिनी समिति) विद्यानाथ नेपाल, प्रमुख जिल्ला अधिकारी शोभाकान्त उपाध्याय, स्थानीय विकास अधिकारी भगवतीदेवी नेपाल, प्रमुख प्रशासक शोभाकान्त नेपाल, निर्देशक रामबाबु नेपाल, स्थानीय विकास अधिकारी खेमराज नेपाल, बैंक सेवामा देवीप्रसाद नेपाल ( इलाम नामसालिङ ) र बैंक प्रबन्धक माधवप्रसाद नेपाल इत्यादि कतिपय दक्ष प्रशासकहरू चर्चित छन् ।

झिल्टुङ शाखामा पुरुषोतम नेपाल, चिरंजीवीप्रसाद नेपाल, जगदीश नेपाल, ध्रुव-कुमार नेपाल, गिरीश नेपाल, मधुसुदन नेपाल, कृष्णबहादुर खत्री, लक्ष्मीप्रसाद नेपाल, ध्रुव नेपाल आदि क्रमशः बडाहाकिम, न्यायाधीश, उपसचिव, शिक्षा अधिकारी, सम्पादक—प्रेस काउन्सिल, प्राविधिज्ञ, उपसचिव, भूमिसुधार अधिकारी, शाखा अधिकृत इत्यादि प्रशासनमा योग्य प्रशासक कहलाएका छन् ।

भोजपुर शाखामा सर्वप्रथम डि० रत्नमणि, डि० कृष्णप्रसाद, डि० रामप्रसाद, स्थानीय विकास अधिकारी देवीप्रसाद नेपाल, प्र० जि० अ० रेवतीरमण नेपाल, शाखा अधिकृत एकमणि नेपाल, फणिराज नेपाल आदि कतिपय ज्ञाताज्ञात व्यक्तित्वहरू दक्ष प्रशासकमा नाम कमाएका छन् ।

राजनीतिक र प्रशासनमा संलग्नता रहेजस्तै प्रहरी सेवा तथा सैनिकसेवामा पनि बहुधा नेपाल सपूतहरुको संलग्नता रहिआएको छ। प्रहरीसेवामा उच्चायुक्त प्रहरी-महानिरीक्षक (आइ. जि. पि.) पदमा पुग्नुहुने व्यक्तित्व दुण्डीराज उपाध्याय हुनुहुन्छ। दक्ष प्रशासक, उच्च देशभक्ति, एवं अनन्य राजभक्ति आदि



विशेष गुणले गर्दा प्रहरी-महानिरीक्षक, अञ्चलाधीश, स्वास्थ्य सचिव, रक्षा सचिव, मुख्य सचिव तथा महाप्रबन्धक जस्ता उच्च पदमा पुगी प्रशासन कुशलता र योग्यताको परिचय दिन उचित अवसर पाउनुभएको थियो। नेपालतारा, गोरखा दक्षिण बाहु, दीर्घसेवापट्ट आदि विभूषणद्वारा सम्मानित उपाध्याय सम्वत् १९७१ सालमा काठमाडौंमा जन्मी बम्बई विश्वविद्यालयबाट राजानीति शास्त्रमा आइ. ए. पास गर्नुभएको थियो। उहाँको निधन सेवाकालमै भयो। उहाँको स्थायी निवास काठमाडौं डिल्लीबजारमा पर्दछ। निधन तिथि सं. २०३१ माघ ९ गते निवासस्थान डिल्लीबजारमा ।

प्रहरीसेवामा संलग्न नेपाल बन्धुहरूमा डि. एस. पि. शारदाप्रसाद उपाध्याय काठमाडौं कमलपोखरी; डि. एस. पी. कुलानन्दठाकुर पाल्पा, प्रहरीनिरीक्षक बद्रीनाथ नेपाल—मंडन श्रीचौर हाल बौद्ध पानीटंकी, प्रहरी निरीक्षक श्यामप्रसाद नेपाल भोजपुर कट्जे; जनसम्पर्क अधिकारी भरतराज शर्मा बारा कलैया आदि र ससाना पोष्टहरूमा पशुपतिप्रसाद नेपाल हुङचुर हाल विराटनगर खदराटोल; सुरेन्द्र नेपाल काठमाडौं डिल्लीबजार, सोमनाथ नेपाल रौतहट हाल बौद्ध महाकाल काठमाडौं; कृष्णबहादुर खत्री दैलेख नेपा; नरबहादुर नेपाल पाल्पा आदि ।

सैनिक सेवामा लेफ्टिनेण्ट कर्णेल जीतबहादुर खत्री ( बडाहाकिम नयाँ मुलुक गोश्वारा नेपालगंज सम्वत् १९५० का वारपार ) सुबेदार जीतबहादुर नेपाल; नरेन्द्र-बहादुर नेपाल भोजपुर कटुजे; लेफ्टिनेन्ट हरिप्रसाद नेपाल, लेफ्टिनेन्ट कुसुमाकर नेपाल, लेफ्टिनेन्ट विष्णुप्रसाद नेपाल पाल्पा, कर्णेल जगतबहादुर खत्री भक्तपुर; कर्णेल सिंह-राज नेपाल काठमाडौं डिल्लीबजार आदि । त्यस्तै विदेशी सेनामा सेवा गरेर उच्च पदमा पुगेका नेपाल-बन्धुमा पाल्पा शाखाबाट कर्णेल टंकध्वज खत्री प्रसिद्ध हुनुहुन्छ। उहाँ बर्मेली सेनाको फूलकर्णेल पदमा सेवारत हुनुहुन्छ साथै बर्मिज टुरिज्म एसोसिए-सनको अध्यक्ष पनि ।

बहाली अवस्थामा कर्णेल सिंहराज नेपाल ( शाही नेपाली सेना वैदेशिकसेवा ) डा० ताराबहादुर नेपालखत्री श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्यसेवा विभाग—महाप्रबन्धक नेपाल परिवार नियोजन तथा मातृशिशु कल्याण योजना; भू. पू. डि. एस. पी. शारदाप्रसाद नेपाल; कृष्णबहादुर नेपाल खत्री ( हाल शाही नेपाल वायुसेवा निगम बजार-सेवा विभाग प्रमुख, केन्द्रीय कार्यालय; ) कुलानन्दठाकुर नेपाल ( हाल महाप्रबन्धक-गोरखा विस्कुट फैक्ट्री सिद्धार्थनगर भैरहवा ) शोभाकान्त उपाध्याय नेपाल प्र० जि० अ०; शोभाकान्त उपाध्याय नेपाल ( प्रधान अधिकृत नगर-पंचायत ) भगवतीदेवी नेपाल ( स्थानीय विकास अधिकारी ) देवीप्रसाद नेपाल ( स्थानीय विकास अधिकारी ) एकमणि नेपाल ( प्रकाशकोष अधिकृत ) तुलसीराम नेपाल ( लेखाअधिकृत ) दामोदर नेपाल ( लेखापरिक्षक ) रामबाबू नेपाल (लेखा-परीक्षक) देवीप्रसाद नेपाल, छविरमण नेपाल, केशवप्रसाद नेपाल, फणीराज नेपाल, ईश्वरीप्रसाद नेपाल (बैंकिङ्गसेवा) श्यामप्रसाद नेपाल, भरतप्रसाद नेपाल, मोहनप्रसाद नेपाल , मेदिनीप्रसाद नेपाल तथा उपसचिव माधवप्रसाद उपाध्याय नेपाल, विद्यानाथ नेपाल, चन्द्रमोहन नेपाल आदि सेवारत हुनुहुन्छ। त्यस्तै संस्थान सेवातर्फ मुकुन्द नेपाल, आनन्द नेपाल, पशुपति नेपाल, देवमणि नेपाल, भीमप्रसाद नेपाल, पीताम्बर नेपाल, खोमराज नेपाल, हरिवंश नेपाल, हरिकुमार नेपाल, शम्भुप्रसाद नेपाल, रामदत्त नेपाल, अमरराज नेपाल, विश्वनाथ नेपाल, गोविन्दप्रसाद नेपाल, हृषीराज नेपाल, नेत्रमणि नेपाल, रमेश नेपाल, चन्द्रमणि नेपाल आदि सेवारत हुनुहुन्छ ।

### ५. २. १. प्रविधि सेवातर्फ :—

१. **श्रीरामप्रसाद नेपाल** ( जन्म ज्ञानेश्वर काठमाडौं; स्थायी बसाइ हाँडीगाउँ काठमाडौं ) लामो अवधिसम्म श्री ५ को सरकारको प्रविधि सेवामा रही दक्षता हासिल गरिसकेका प्राविधिज्ञ हुनुहुन्छ। सेवा निवृत्त जीवन बिताइरहनुभएका नेपाल इञ्जि-नियर्स यसोसियसनसँग सम्बन्धित हुनुहुन्छ ।

२. श्री लक्ष्मणप्रसाद नेपाल ( जन्म ज्ञानेश्वर काठमाडौं स्थायी निवास सिफल काठमाडौं) पेशागत प्राविधिज्ञ (इञ्जिनियर) हुनुहुन्छ। श्री ५ को सरकार प्रशासन-सेवामा रहँदा विभिन्न उच्च पदमा रही काम गर्नुभएको थियो। हाल अवकास प्राप्त जीवनमा पनि विभिन्न सामाजिक सेवामा सम्बन्धित रही आउनुभएका नेपाल प्रस्तुत नेपाल वंशज-परिषद् तथा वंशावली प्रकाशिनी समितिका कोषाध्यक्ष पदमा हुनुहुन्छ। सम्पर्कस्थल काठमाडौं नगरपंचायत वडा नं. ७ सिफल. फोन नं. ४-१४६५९



३. श्री रमेश नेपाल ( जन्म विराटनगर नगर-पंचायत-हाटखोला मोरंग, स्थायी बसाइ ज्ञानेश्वर काठमाडौं ) श्री ५ को सरकार प्रशासन सेवामा सेवारत प्राविधिज्ञ।

४. डा. केशवनाथ उपाध्याय नेपाल ( जन्म गौर रौतहट जिल्ला, नारायणी अंचल, स्थायी बसाइ बौद्ध-कुमारीगाल काठमाडौं ) पशु-स्वास्थ्य सेवा विभाग त्रिपुरेश्वरमा सेवारत।

५. पोषणनाथ नेपाल (जन्म पाल्पा सर्देहवा) हालश्री ५ को सरकारको प्रशासन-सेवा अन्तर्गत खानेपानी तथा ढलनिकास समितिको कार्यकारी महाप्रबन्धकमा सेवारत प्राविधिज्ञ।

६. रामदत्त नेपाल (जन्म पोखरा धुम्की गाउँ, स्थायी बसाइ पोखरा नगरपंचायत-अन्तर्गत भानुचौतारी (चिप्लेढुंगा) श्री ५ को सरकारको प्रशासन सेवाअन्तर्गत सिंचाइ विभागमा सेवारत प्राविधिज्ञ।

७. अजय नेपाल ( जन्म र बसाइ बत्तीसपुतली-काठमाडौं) हाल श्री ५ को सरकार प्रशासन सेवाअन्तर्गत वैदेशिक सेवासँग सम्बद्ध।

८. मधुसुदन नेपाल (जन्म···बसाइ महाराजगंज-काठमाडौं) श्री ५ को सरकारको प्रशासन सेवाअन्तर्गत प्रविधि सेवामा कार्यरत।

## ५.३. ख. विश्वविद्यालय सेवामा :

विश्वविद्यालय सेवामा लामो समयसम्म इतिहास अध्यापनमा मोरंग कलेजमा सेवा पुऱ्याई अचेल कानून व्यवसायी बनिन बाध्य हुनुभएका प्राध्यापक गणेशप्रसाद शर्मा नेपाल नेपाली शिक्षाजगत्मा ख्याति प्राप्त हुनुहुन्छ। प्राचार्य उषा नेपाल, प्राध्यापक डा० मीनाक्षी नेपाल, सरस्वती नेपाल, प्राध्यापक मेदिनीप्रसाद नेपाल (उपलब्ध विद्यावारिधि) मोरंग क्याम्पस, प्रा० बालकृष्ण नेपाल (क्याम्पसप्रमुख—मटिहानी

संस्कृत क्याम्पस) सरस्वती नेपाल (ठाकुर राम क्याम्पस वीरगंज) डा० गोविन्दप्रसाद नेपाल, हरिप्रसाद नेपाल, हेमचन्द्र नेपाल, सुदर्शन नेपाल, (भैरहवा क्याम्पस) तोयराज नेपाल, गोविन्दप्रसाद नेपाल, गोविन्द नेपाल, शंकरकुमार नेपाल, (रौतहट) मंगलकुमार उपाध्याय नेपाल (क्याम्पस प्रमुख-रौतहट निजी क्याम्पस गौर) टंकमणि नेपाल, शिवप्रसाद नेपाल (सहायक क्याम्पस प्रमुख-त्रिचन्द्र क्याम्पस) माधवप्रसाद नेपाल, डा० नारायणदत्त नेपाल (उपलब्ध विद्यावारिधि) भरतराज शर्मा नेपाल (क्याम्पस प्रमुख शिक्षाशास्त्र क्याम्पस सुरखेत) डा० लक्ष्मणकुमार नेपाल, शंकरप्रसाद नेपाल (भैरहवा क्याम्पस) शिवप्रसाद नेपाल भरतपुर क्याम्पस, रमण नेपाल (कालिम्पोङ-उत्तरबंगाल) कुलप्रसाद नेपाल (पाल्पा), घनश्याम नेपाल (सिक्किमगाण्टोक—'उत्तर बंगाल विश्वविद्यालय) अनुसन्धानरत प्राध्यापकमा इतिहासविद् ज्ञानमणि नेपाल, मानवशास्त्री पूर्णप्रकाश नेपाल 'यात्री' र प्रशासनतर्फ होमनाथ शर्मा नेपाल, प्रेमप्रसाद नेपाल आदि सेवारत छन्। यस्तै कतिपयको जानकारी पाइएको छैन।

### ५.३. ग. डा० नारायणदत्त नेपाल :

जन्म मिति वि० सं० २००२ ज्येष्ठ १३ गते शनिबार।

जन्मस्थल—गण्डकी अंचल कास्की जिल्ला फल्याङकोट—थुम्की गा० प० अन्तर्गत देवपुर।

पिता—काशीनाथ नेपाल माता : नन्दकला नेपाल।

शिक्षा—घरसारमा संस्कृत ज्योतिषको शिक्षापछि मौजा रात्रि पाठशालाबाट माध्यमिकतह पूरा गरी पृथ्वीनारायण बहुमुखी क्याम्पस (तत्कालीन पृथ्वीनारायण कलेज) बाट आइ० ए० र बी० ए० उत्तीर्ण। त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम० ए० तथा विद्यावारिधि (पी० एच्० डी०)

सेवा —पृथ्वीनारायण कलेजको प्राध्यापक पदमा २०२७ साल ज्येष्ठ १ गते नियुक्ति भई प्राध्यापन सेवा शुरु। यसै साल कार्तिक १७ देखि लमजुङ इण्टर कलेजमा प्राध्यापन। २०३० सालदेखि उपप्राध्यापक स्थायी भई पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा सरुवा भई हालसम्म सेवारत। अर्थशास्त्र तथा गृहविज्ञान शिक्षण समितिको अध्यक्ष।

पारिवारिक जीवन—श्रीमती मंगला नेपाल, छोरा-सूर्यदत्त नेपाल, प्रमोद नेपाल। छोरीहरु-शर्मिला नेपाल, विमला नेपाल, अञ्जना नेपाल।

स्थायी बसाइ—पो० न० पं० ४ चिप्लेढुङ्गा।

### ५.४.१. बौद्धिक तथा प्राज्ञिक सेवामा :

नेपाल बन्धुहरू बढी मात्रामा श्री ५ को सरकारको प्रशासनिक निकायमा भन्दा

देशको बौद्धिक प्राज्ञिक सेवामा बढी भएको अनुभव गरिन्छ। शिक्षा क्षेत्रमा विशेषरूपले सेवाप्रवेशमा थोरबहुत सुविधा अनुभव गरिने र सेवा उपलब्ध गराउँदा पनि रचनात्मक एवं उत्पादनमूलक परिणाम देखिने हुँदा बहुधा शिक्षित पुरुष तथा महिलाहरू अध्ययन अध्यापन सेवामा समर्पित भावले संलग्न बन्न रुचि राख्दछन्। शिक्षा मन्त्रालय अन्तर्गत प्राथमिक तथा माध्यमिक तहमा व्यापकरूपमा सेवा पुऱ्याएको अनुमान गरिएको छ भने त्रिभुवन विश्वविद्यालय तथा मातहतका कतिपय महाविद्यालयहरूमा अध्ययन अध्यापनमा समर्पित रहेका छन्। तिनमा सबैको परिचय प्राप्त नभएकाले पूरा विवरण दिन सम्भव भएन तथापि केही उल्लेखनीय व्यक्तित्वको सार-संक्षेप परिचय दिनु कर्तव्य भएको छ।

## ५.४.२. क. शिक्षक-प्राथमिक तथा माध्यमिक तहमा

**१. सरस्वती उपाध्याय नेपाल**—पिता पं. काशीनाथ नेपाल माता....नेपालकी कान्छी छोरी, जन्म सवत् १९९२ साल ताप्लेजुङ० वर्तमान निवास लालपानी धूलाबारी झापा मेची अंचल। अविवाहिता, उपनीता ब्रह्मचारिणी। शिक्षा : संस्कृतमा भागवताचार्य, शिक्षा शास्त्रमा बि. एड. नेपालीमा एम्. ए. पूरा हुन केही अंश बाँकी रहेको जानकारी मिलेको छ। लगभग बीस वर्षअघिदेखि शिक्षण कार्यमा सेवारत स्वनीत स्वभावकी उत्साही मानवतावादी विदुषी।

ब्रह्मचारिणी सरस्वती नेपालपछि यिनकै सहोदरा दिदी भगवती नेपाल पनि भागवत ज्ञान प्राप्त गरेर अविवाहिता रही कुलको गौरव बढाएकी छन्। उनमा पनि उत्तिकै आध्यात्मिक चेतना एवं सेवापरायणता विद्यमान छ।

यसै स्तम्भमा कुशला नेपाल, सुधा नेपाल, प्रभा नेपाल, नर्मदा नेपाल, कमला नेपाल, सिन्धु नेपाल, सुशीला नेपाल, मीनाक्षी नेपाल, ऊषा नेपाल, गायत्री नेपाल प्रभृति कुलवधुहरू आ-आफ्नातहबाट राष्ट्रका शैक्षिक जागरणमा दत्तचित्त रही आएका छन्। यसरी सेवासम्बद्ध शिक्षिता विदुषीहरू अनेकौं आफ्ना स्थानमा कर्तव्यपरायण रही आएका तथ्यहरू मनन गर्नलायक छन्।

शिक्षण पेशामा रमाएका बन्धुजनमा तिलकप्रसाद नेपाल शास्त्री, नवराज नेपाल, ज्वालाप्रसाद नेपाल (दैलेख शाखा) भीमप्रसाद नेपाल, विजय नेपाल, (वर्तमान क्षेत्रीय शिक्षा निर्देशनालयमा उपनिर्देशक) माधवशरण नेपाल, गणेशप्रसाद नेपाल, नारायणप्रसाद नेपाल, शैलेन्द्रप्रकाश नेपाल, पंकजप्रकाश नेपाल, डिल्लीरमण नेपाल, डिल्लीराम नेपाल, मोहनप्रसाद नेपाल, पं. राजेन्द्रप्रसाद नेपाल, हेमसागर नेपाल, चक्रपाणि नेपाल, तीर्थराज नेपाल, पं. हरिशरण नेपाल, जगदीश नेपाल (भोजपुर शाखा) तथा पाल्पा शाखामा पद्मनाथ नेपाल; जयनारायण नेपाल; कुलप्रसाद नेपाल, दाताराम नेपाल आदि शिक्षित बन्धुहरू शिक्षण पेशासित सम्बद्ध रहेको जानकारी प्राप्त भएको छ।

त्यस्तै झिल्टुङ् शाखामा वसन्तकुमार नेपाल, सिंहबहादुर नेपाल, सुशीलकुमार नेपाल, बसन्तराज नेपाल, प्रमोद नेपाल, मोहन नेपाल, केदार नेपाल आदि मेधावी बन्धुहरू शिक्षण पेशामा लामो अवधिदेखि सेवा सम्बद्ध रही आएका छन्। यसप्रकार शिक्षण क्षेत्रमा पचासौं पुरुष तथा महिलाजनहरू कार्यरत रहेका अनुमान गरिएको छ किन्तु तिनीहरूका सम्बन्धमा पूरापूर जानकारीको अभाव रहेको छ।

## ५. ४. ख. पत्रकारिता सेवामा :

नेपालको पत्रकारिता सेवामा विराटनगरस्थित चन्द्रप्रिण्टिङ्प्रेसका व्यवस्थापक राजेन्द्रप्रसाद नेपालको योगदान स्तुत्य रही आएको छ। सुशील नेपाल, अभय नेपाल, विद्यानाथ नेपाल, नीलमणि नेपाल, रमण नेपाल प्रभृति पूर्वक्षेत्रमा एकताका पत्रकारिता सेवामा चर्चित थिए। पूर्वाञ्चलमा पूर्णप्रकाश नेपाल, सन्तोषमणि नेपाल, देवीप्रसाद नेपाल प्रभृतिका दीर्घकालीन योगदानहरू अविस्मरणीय रहेका छन्।

जनकपुरमा लेखनाथ नेपालद्वारा संचालित नौलो पाइलो छापाखानाद्वारा प्रकाशित तथा सम्पादित नौलो पाइलो चर्चित पत्रिका हो भने काठमाडौंमा एकताका शंकरप्रसाद नेपालद्वारा सम्पादित र प्रकाशित 'फिलिंगो' पत्रिकाले नेपाली पत्रकारिताजगत्मा निकै लोकप्रियता पाएको थियो।

पत्रकारिता पेशालाई नौलो आकर्षण दिंदै काठमाडौंमा सेवारत रहनुभएको छ किशोर नेपाल। उहाँको सम्पादनमा प्रकाशित **'देशान्तर साप्ताहिक'** समाचारजगत्मा ख्यातिप्राप्त रहेको छ। केही समय काठमाडौंका सन्तोष नेपालले पनि पत्रकारिता पेशामा हात हालेको जानकारी मिलेको थियो भने पत्रकारिता विषयबाट श्री ५ को सरकारको सेवामा सम्बद्ध हुनुहुन्छ निरीश शर्मा नेपाल। त्यस्तै त्रि० वि० सेवामा समन्वय शाखाप्रमुख होमनाथ शर्मा नेपालको नाम पनि पत्रकारिता क्षेत्रमा सम्बद्ध रहेको जानकारी मिल्न आएको छ।

साहित्यिक पत्रकारितामा शैलेन्द्रप्रकाश नेपाल; कुमार नेपाल, मनोज नेपालका योगदानको उल्लेख गर्न आवश्यक छ। त्यस्तै विजयकुमार नेपाल, सुशीलकुमार नेपाल, फणीन्द्र नेपाल, जयन्त नेपाल आदि युवा प्रतिभाहरू सम्बद्ध रहेका छन्।

## ५.३. ग. व्यापार व्यवसायमा—

जानकारी पाइएसम्म व्यापार व्यवसायमा प्रवेश गरी अन्तर्राष्ट्रियजगत्मा ख्याति आर्जन गर्ने व्यापारीमा काठमाडौं निवासी रामेश्वर नेपाल हुनुहुन्छ। उहाँकै भनाइअनुसार बेल्जियम, युगोस्लाभिया तथा भारत पाकिस्तानलगायत एशियाली तथा युरोपेली गरी २५/३० देशहरूसित उहाँको व्यापारिक सम्बन्ध कायम भएको छ।

त्यसरी विकसित गराएर व्यापारिक क्षेत्रमार्फत् अघि बढेका र बढ्दैरहेका कतिपय नेपालबन्धुहरू हुनसक्छन् परन्तु जानकारीका अभावमा यसभन्दा बढी भन्न सक्ने स्थिति छैन ।

आर्थिक कारोबारद्वारा राष्ट्रिय उद्योग उन्नतिमा लागिपर्ने बन्धुहरूमा प्रमोद नेपाल ( नेपालगंज ) नारायणदत्त नेपाल ( पोखरा ) शिवराज नेपाल, खेमराज नेपाल ( पाल्पा ) हरिप्रसाद नेपाल, पशुपतिप्रसाद नेपाल, कुमार नेपाल, गणेशबहादुर नेपाल (झापा—भद्रपुर, धूलाबारी) आदिको जानकारी प्राप्त भएको छ ।

व्यापारिक संस्थानसित सम्बद्ध रहनु हुनेमा मुकुन्द नेपाल, आनन्द नेपाल, प्रकाश नेपाल, सूर्यप्रसाद नेपाल ( विराटनगर ) अमरराज नेपाल, शम्भु नेपाल, धरणी नेपाल ( जनकपुर ) कुलानन्दठाकुर नेपाल, माधव नेपाल, रामप्रसाद नेपाल ( पाल्पा— भैरहवा ) लीला नेपाल, नरेश नेपाल, पवन नेपाल, सुरेश नेपाल आदि काठमाडौंमा सेवारत छन् ।

अधिराज्यमा बसव्यवसायका माध्यमबाट सेवारत रहनुहुनेहरूमा नरनाथ नेपाल ( इटहरि—सुनसरी ) रामनाथ नेपाल, भवनाथ नेपाल ( पाल्पा भैरहवा ) आदिको जानकारी पाइएको छ ।

### ५. ३. घ. कानून व्यवसायीमा—

कानून व्यवसायीमा दीर्घकालीन सेवा पुऱ्याउँदै आउनुभएका भूतपूर्व मीरसुब्बा एवं समय समयमा निमित्त बडाहाकिम पद सम्हाली प्रशासन सेवाबाट अवकाश प्राप्त गरेपछि कानून सेवामा समर्पित भावले लागिपर्नुहुनेमा अधिवक्ता **विष्णुकुमार उपाध्याय** (भैरहवा—सिद्धार्थनगर) को नाम अविस्मरणीय रहेको छ । त्यसरी नै अञ्चल न्यायाधीश पदबाट अवकाश प्राप्त गरेपछि कानून व्यवसायमा लाग्नुभएका चिरंजीवीप्रसाद नेपाल ( चितवन ) हुनुहुन्छ भने लामो अवधि त्रिभुवन विश्वविद्यालय सेवामा प्राध्यापक पदमा रही इतिहासको शिक्षणमा विशेष चर्चित भएर पनि नयाँ शिक्षा योजनाको प्रहारमा पर्नुभएका गणेशप्रसाद शर्मा नेपाल ( अधिवक्ता-विराटनगर ) हुनुहुन्छ ।



**विष्णुकुमार उपाध्याय**

न्यायसेवामा सम्बद्ध रही पछि कानून व्यवसायलाई राष्ट्रसेवाको माध्यम रोज्नुहुने नेपालबन्धुहरूको संख्या यस दशकमा कम अनुभव भए पनि यसअगाडि प्रचलित न्यायप्रणालीमा सेवारत रही ख्याति आर्जनगर्नुहुनेमा डिट्ठा रत्नमणि नेपाल, डिट्ठा कृष्णप्रसाद नेपाल तथा डिट्ठा राम-

प्रसाद नेपाल ( भोजपुर शाखा ) मीरसुब्बा देवीरमण नेपाल, मीरसुब्बा बद्रीनाथ नेपाल, न्यायाधीश गोविन्दप्रसाद उपाध्याय नेपाल ( मण्डन शाखा ) जस्ता दिवंगत प्रतिभाहरूका नाम अविस्मरणीय रहन आएका छन् ।

त्यसरी नै वर्तमान अवस्थामा न्यायसेवामा सेवारत रहनुभएका न्यायाधीशहरूमा दधिराम नेपाल, मुक्तिनाथ नेपाल प्रभृतिको नाम उल्लेखनीय छ । यसमा अञ्चलतह-भन्दा माथि कोही पुगे नपुगेको जानकारी उपलब्ध भएन ।

## ५.३. ङ. वैदेशिक-सेवामा—

आफ्ना योग्यता तथा क्षमताले ज्याएसम्म नेपालबाट बाहिर विदेशमा गई प्रशासन, सैनिकजीवनमा नाम कमाउने र लेखकजगतमा प्रसिद्धि प्राप्त गर्नुहुने नेपालबन्धुहरूमा केही उल्लेखनीय व्यक्तित्वहरू यसप्रकार छन्—

## ५. ३. (अ) लीलानाथ नेपाल (शिल्टुङ्)

**जन्म**—उहाँका सुपुत्र गिरीश शर्मा नेपालले उपलब्ध गराउनुभएको विवरण यस-प्रकार छ :—स्वर्गीय लीलानाथ नेपालको जन्म वि० सं० १९५० साल भाद्र २० गते कृष्णाष्टमीका दिन पश्चिम १ नं० नुवाकोट जिल्लाको अर्चले गाउँमा भएको हो । उहाँका प्रपितामह मंगल-नाथ नेपाल, पितामह लक्ष्मीनारायण नेपाल तथा भगीरथ नेपाछ ।



लीलानाथ नेपाल

**बाल्यकाल**—जन्मस्थलमा लगभग किशोरावस्था पूरा गर्नुभयो । घरको स्थिति सुहाउँदै हुनाले तत्कालीन समाजको प्रचलनअनुसार घरसारमैं लेखपढमा समय लगाउनुभएको थियो भन्ने उहाँका मुखारविन्दबाट सुनिएथ्यो ।

**शिक्षा**—प्रारम्भिक शिक्षा घरसारमैं प्राप्त गरी पछि वाराणसीबाट संस्कृतमा सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण र अंग्रेजी भाषाको विशेष अध्ययन ।

**बसाइ सराइ**—पिताको परलोक भएपछि नुवाकोट अर्चलेको बसाइ कारणवश छोडियो र काठमाडौंमा चाबहिल, इन्द्रचोक हुँदो बसाइ सर्दै अन्तमा महाराजगंजमा स्थायीरूपको बसाइ भई काल क्षपन भयो ।

**सेवा**—वि० सं० १९८५ सालमा श्री ३ चन्द्रसमशेरका सुपुत्र जनरल कृष्णसमशेर-का दरबारमा धार्मिक कृत्यहरू र खानसामाको निरीक्षण गर्ने कार्यमा नियुक्ति । निज

जनरलसित ज्यादै घनिष्टता हुन गई विदेश भ्रमणमा जाँदा साथ रहन पाएकाले वैदेशिक सेवाको अवसर पाएको ।

**विदेश भ्रमण**—वि० सं० १९८६ मा ६ महीना बम्बैमा बसेको । वि० सं० १९८७ मा ६ महीना कलकत्ताको बसाइ । वि० सं० १९८८ मा ३ महीना दार्जीलिङ्को बसाइ । भारतमा बसेका समयमा द्वारिका, रामेश्वर, जगंनाथ आदि चारधामको तीर्थयात्रा गरेको ।

१९९३ सालमा त्यतैबाट वेलायततिर प्रस्थान । जनरल कृष्णसमशेर जबरा बेला-यतका लागि राजदूत भएर जाँदा निजका साथमा सांस्कृतिक सहचारी भई चार वर्ष लण्डनमा बसाइ भयो । उक्त अवसरमा फ्रान्स, इटली, स्विट्जरलैण्ड, ग्रीस आदि युरोपेली मुलुकहरूको विस्तृत भ्रमण गरेको । साथै युरोपेली मुलुकको भ्रमणबाट फिर्ता हुँदा श्रीलंकामा १ महीनाको बसाइ ।

द्वितीय विश्वयुद्धताका जबरा भारतका लागि राजदूतमा रहँदा ६ वर्ष दिल्लीमा बसाइ । त्यस अवसरमा कश्मीर तथा राजस्थानको विस्तृत भ्रमण गरेको । साथै २००४ सालतिर निज जनरल नेपाली शिष्टमण्डलको नेतृत्व गरी चीन जाँदा सँगसँगै गएको । त्यसपछि २००५ सालमा निज जनरल नेपाल छाडी भारत-बैंगलोरमा बस्न जाँदा निजसँगै गएर १७ वर्ष बिताएको । त्यस अवसरमा पटक पटक भारतका बम्बै, मद्रास, केरल आदि स्थानको भ्रमण । यसै अवसरमा आफ्नो जातीय तथा धार्मिक गौरवको स्थान बदरीनाथको तीर्थयात्रा पनि सम्पन्न भएथ्यो ।

**विवाह**—सुब्बा भीमकेशरी उपाध्यायकी सुपुत्री वदनकुमारीदेवीसित प्रथम विवाह । प्रथम पत्नीको देहावसान भएपछि कोटेश्वरका पं० गंगानाथ पोखरेल शास्त्रीकी सुपुत्री लोककुमारीसित दोस्रो विवाह सम्पन्न भएको ।

**सन्तति**—कान्छी पत्नीबाट निरीश नेपाल र मधुसुदन नेपाल दुई पुत्र र मनकुमारी नामकी एक पुत्री ।

**निधन**—८९ वर्षको उमेरमा २०३९ साल भाद्र २ गते कृष्णपक्षको तृतीया तिथिमा आफ्नै निवास महाराजगंजमा देहावसान ।

**कृति**—नेपाली, संस्कृत, हिन्दी, अंग्रेजी, उर्दू आदि निकै भाषामा धाराप्रवाह प्रवचन दिने र बहस गर्ने क्षमता थियो तापनि लेख्ने गरेको पाइएन ।

**मानपदवी**—खाली ।

## ५. ३. (आ) कर्णेल टंकध्वज खत्री (पाल्पा)

बंशावली प्रकाशिनी समितिका पश्चिमांचल क्षेत्रका अध्यक्ष कुलानन्दठाकुरका अनुसार कर्णेल टंकध्वज खत्रीको व्यक्तिगत विवरण प्राप्त नभएकाले दिन सकिएन ।

## ५. ३. (इ) भि० यस० नेपाल—( ट्रिनीडाड-मध्ययुरोप )

सोझै पत्राचार गर्न प्रयास गर्दा गर्दै पनि सफलता मिलेन। यद्यपि विश्वस्त सूत्रबाट मिलेको प्राप्त जानकारी अनुसार उहाँको पैतृकस्थल पाल्पा हो। पाल्पाबाट पान्है-माझखण्ड अथवा गोरखपुरतिर बसाइ सरी गएमध्येका नेपाल परिवार लगभग एक सवा सहे वर्षअघि अंग्रेजकालीन भारतका मजदूर व्यापारीहरूले जसलाई जहाँ जति प्रयोजन पर्दछ त्यति मात्रामा भारतीय नागरिकहरू विभिन्न देश विदेशमा लगिए। त्यसैक्रममा भि० एस० नेपालका बाबु बाजे ट्रिनिडाड-मध्ययुरोपतिर पुऱ्याइए। त्यहीं यिनको जन्म भयो र त्यहींको वातावरण रहनसहनमा हुर्किए। नेपाल लेखन नबुझेर हो वा कसो भएर 'नैपाउल' लेखेका छन्। पूर्णरूपमा जानकारी उपलब्ध छैन तापनि यस शताब्दीमा विश्वप्रसिद्ध लेखकमा स्थापित छन्। यिनका कतिपय पुस्तकहरू विश्व-मा बहुचर्चित छन् जसमध्ये एक पुस्तक हो 'एरिया अफ द डार्कनिस' यसभन्दा बढी जानकारी भविष्यमा पाउने अपेक्षा राख्न सकिन्छ।

## ५. ४. ०. साहित्यकार : साहित्य सेवातर्फ—

अरू सन्दर्भका तुलनामा नेपाल सन्तानहरू साहित्य साधनामा निकै कम भएको महशूस गरिन्छ। संस्कृत रचनाकार पं. कालूपाध्याय नेपाल र दार्शनिक पंडित मीनप्रसाद नेपाल साथै संस्कृत ग्रन्थ तथा नेपाली भाषाका पनि अरूका ग्रन्थहरू प्रतिलिपिकारको नाम अलग्ग राखेर केवल नेपाली भाषा तथा साहित्यका साधना तपस्वीहरूको मात्र नाम लिनुपर्दा सर्वप्रथम वैयाकरण नेपालको नाम लिनु कर्तव्य भएको छ। त्यसपछि छविलाल नेपाल, तारानाथ नेपाल, नरहरि नेपाल, बसन्तकुमार शर्मा नेपाल, ज्ञानमणि नेपाल, पूर्णप्रकाश नेपाल 'यात्री' डा. मेदिनीप्रसाद शर्मा नेपाल, कुमार नेपाल, नलराज शास्त्री नेपाल, देवीप्रसाद नेपाल, हरिप्रसाद नेपाल, बालानाथ नेपाल; अभय नेपाल, बद्रीनाथ नेपाल, किशोर नेपाल, हेमचन्द्र नेपाल, गोविन्द नेपाल, शैलेन्दुप्रकाश नेपाल, नयना नेपाल, नीलमणि नेपाल, सुशीलकुमार नेपाल, फणीन्द्र नेपाल, जीवनाथ नेपाल, एकमणि नेपाल, सन्तोष नेपाल, आनन्दप्रकाश नेपाल आदि प्रतिभाका नाम उल्लेखनीय छन्।

उल्लिखित नामका अतिरिक्त कतिपय नामहरू छुटेका हुनसक्छन्, प्रकाशमा नआएका हुनसक्छन् किन्तु जानकारी पाइएको छैन।

उपर्युक्त प्रतिभाहरूमा पनि कतिपय नवोदित प्रतिभाहरू फाट्फुट् रचनामा सन्तुष्ट रहेका हुनसक्छन् परन्तु कतिपय भने अनवरत साधनामा तन्मय रहेका छन्। त्यसउसले खास ग्रन्थकारहरूका सम्बन्धमा यथासम्भव प्रकाश पार्नु आवश्यक हुन जान्छ, परन्तु ज्यादै विस्तृतीकरणतर्फ सोच्दा पनि विषयातिरेक हुने र ग्रंथ विस्तारको भय रहने हुँदा यस सम्बन्धमा छुट्टै प्रयास हुनुपर्ने आवश्यकता अनुभव गरिन्छ।

वस्तुत: हाम्रा प्रतिभाशाली र प्रभावशाली व्यक्तित्वहरूका सम्बन्धमा मोटामोटी जानकारी गराउने ज्यादै क्षीण प्रयासमात्र यसमा सम्भव भएको छ। यसभन्दा बढी विस्तारमा जानका लागि अपेक्षित सरसामग्रीको प्राय: अभाव रहने कुरा सर्वविदित छँदैछ। तसर्थ यसमा अभाव नै सर्वोपरि ठानेर यथायोग्य प्राप्तिमा सन्तोष मात्र विवश बन्नु परेको छ भन्दै विस्तारमा नगएर यथोपलब्ध सूत्रात्मक जानकारीसम्म गराउने प्रयत्न गर्दछु :—

## ५. ४. १. पं. वैयाकरण नेपाल

मूलपुरुष तुलसीदासका आठौं पुस्तामा भोजपुर शाखामा पिता बलभद्र नेपालका आठ छोरामध्ये कान्छा छोराका रूपमा पैदा भएर विद्वत्व तथा कवित्वमा राम्रो नाम चलेका पं० वैयाकरण नेपालको जन्म वि. सं. १९१२ सालमा भोजपुर पोखरेमा भएको थियो।

प्रारम्भिक शिक्षा-दीक्षा काठमाडौंमा भई पछि काशीमा गएर संस्कृत उच्चशिक्षा हासिल गरे। कुन परीक्षा हासिल गरेका थिए त्यस सम्बन्धमा खास जानकारी हुन नपाए पनि घरमा आएपछि प्राय: पूर्वनेपालमा राम्रो प्रतिष्ठा पाएका थिए भन्ने बुझिन्छ।

यिनका विषयमा खोजी गर्ने विद्वान् घटराज भट्टराईले आफ्नो कृति **'प्रतिभै प्रतिभा र नेपाली साहित्य'** मा यसरी उल्लेख गरेका छन् —**'घर फर्केर उनले पुराण भन्ने र कर्मकाण्ड चलाउने काममा ठूलो नाम कमाए। उनी निजी अध्ययन र अनुभवका आधारमा नेपाली, संस्कृत र हिन्दी भाषा राम्रो जान्दथे। अंग्रेजी भाषामा पनि उनले सामान्य ज्ञान पाएका थिए। पुस्तकप्रेमी भएकाले रुचिका पुस्तक उनले संकलन गरेका थिए भने अन्याय र अपमानका विरुद्ध उनी लड्दैनथे। पढाउने काम पनि उनी गर्थे।'**

अंग्रेजी भाषाको ज्ञानबाहेक अरू बुँदामा शंका सन्देह गर्ने ठाउँ छैन। वास्तवमा भोजपुर जिल्लाबासी ब्राह्मण समाजमा भौतिक शिक्षाको प्रभाव सात सालपछिमात्र परेको हो भन्नु अत्युक्ति हुँदैन। झण्डै २०२० सालेतिरको सामाजिक वातावरणको ख्याल गर्दा स्थानीय ब्राह्मण-पण्डितहरू **नपठेत् यावनिं भाषा नगच्छेज्जैनमन्दिरम्** भन्न पछि पर्दैनथे। त्यसकारण पनि पं. वैयाकरणले अंग्रेजीको नाम लिएहोलान् भनेर विश्वास गर्न गाह्रारो छ। हुनत यो हाम्रै पुर्खाको कुरो हो—कसैले उनी त बि. ए. पास गर्नेमध्येमा पो पर्दथे भने पनि हामीले खण्डन नगरे हुने हो परन्तु सत्य कुराको कसी लाउन त सत्य नै चाहिन्छ। पढाउने गर्थे भन्ने कथन सत्य हो; घरैमा गुरुकुल संचालित थियो।

पं. वैयाकरणको विद्वत्ता उच्च थियो भन्ने बुझ्न उनको कृति **'शालिहोत्र'** सहायक हुनसक्छ। खश जातिका शौर्य कथा तथा प्राचीन परम्पराहरूलाई सजीव इतिहासको रूपमा परिचय दिलाउने शालिहोत्र ग्रन्थ घोडाको लच्छिन कुलच्छिन जनाउने एक सिंगै विषय हो र यसको मूल संस्कृतमा छ। यद्यपि केही क्लिष्ट संस्कृत भएको र भावार्थ समेत उतिकै कठिन भएकै कारणले होला घोडचढीमा कहलाएका नेपालीहरू सबैले यस ग्रन्थको उपयोगिता बुझ्न पाएहोलान् भन्न कठिन छ।

लगभग एकै समयमा भनेजस्तो दुई जना संस्कृत विद्वान्ले नेपालीमा शालिहोत्रको अनुवाद गरेका रहेछन्। तिनमा एक विद्वान् थिए डोटी थलारा डुबौलीचोर निवासी रामचन्द्र जोसी। जोशोको अनुवाद गद्यमा छ भने यिनको अनुवाद पद्यमा छ। एक कठिन विषयलाई सरल अनुवादद्वारा लोकबोध गराउन सुधारवादीहरू मात्र अघि सर्दछन्। तसर्थ पं० वैयाकरण समयानुकूल सुधारका पक्षपोषक थिए भन्ने कुरा जनाउन समेत यस प्रयत्नले सहयोग पुऱ्याएको छ।

सामाजिक उपयोगिताका दृष्टिले रचिएका विनोदात्मक कृतिहरू अरू पनि छन्। जस्तो **तर्कारी कल्प**, **टकसार वर्णन** आदि। पौराणिक प्रसंगका अनूदित तथा काव्यात्मक कृतिहरू हुन्—**रामायण किष्किन्धाकाण्ड**, **लङ्कावर्णन**, **विराटवर्णन**, **व्रतमाला** आदि। मूल कृतिका भावार्थमा प्रशस्त मौलिकता थपेर रचिएका यी कृतिहरू देश काल परिस्थिति सुहाउँदा छन् र कविको चाहना के थियो भन्ने बुझाउन समर्थ छन्।

हाम्रा वंशवृक्षमा **सुदर्शन नेपाल**, **पं० कालुपाध्या नेपाल** पछि साहित्यिक बिंडो धान्ने तेस्रा पुरूषमा **पं० वैयाकरणको नाम** आउँछ। अतएव पं० वैयाकरणको प्रयत्नलाई लाघवताका दृष्टिले नहेरी उच्चादर्शगत मूल्य र मान्यताका आधारमा हेर्न आवश्यक हुन्छ अनिमात्र सामाजिक परिपृष्ठमा उनको योगदान के रह्यो त्यसबारे लख काट्न सजिलो हुनेछ।

संस्कृत परम्परा तथा आश्रम धर्मका कुशल अनुयायी हुनाले उमेरका तेस्रो चरणतिर घर-व्यवहारदेखि विरत भई तीर्थाटन तथा योगसाधनातर्फ अभिमुख भए। अन्तमा १९७९ सालमा जनकपुरधाममा नश्वर शरीर विसर्जन गरी अमरत्व प्राप्त गरे।

## ५.४.२. पं. छविलाल नेपाल

पाल्पा शाखामध्ये बेली प्रशाखामा वि. सं. १९२९ साल मार्ग महीनामा पिता धरणीधर नेपालका साहिलो छोराका रूपमा पैदा भएका पं० छविलाल प्रारम्भिक शिक्षा-दीक्षाका लागि केही समय बागलुङ पाङस्थित निजी गुरूकुलमा बसेका थिए। यिनका सहपाठी विद्वान् पं० शालिग्राम रेग्मी ( बागलुङ नाग्लीवाङ ) का अनुसार

निकै लामो समय मथुरा बृन्दावनमा साथै अध्ययनरत रहेर विशिष्ठाद्वैत दर्शन अध्ययन गरेका थिए ।

भक्तिमार्गका प्रश्नमा पछि आपसमा छुटानाम भयो किनभने छविलाल कृष्ण उपासकतर्फ लागेर पाल्पा घरमा आई बसे । घरमा बस्दा गाउँघरमा उनको कुशल पौराणिकमा खुबै नाम चल्यो । परन्तु उनी धेरै समय गाउँघरमा नबसिकन फेरि बृन्दावनतर्फ लागे । पौराणिक साहित्य तथा विशिष्टाद्वैत दर्शन–वेदान्तमा राम्रो दखल हुनाको कारणले मथुरा-वृन्दावनका वैष्णव सम्प्रदायमा उनको राम्रो मानमनितो थियो । त्यसै माध्यमबाट शालिग्राम र छविलाल ( पछिल्ला चरणका **स्वामी शठको-पाचार्य** ) का बीच फेरि आत्मीयता गाँसियो ।

पं० शालिग्रामका अनुसार तुर्यावस्थामा नारायणपरायण बनेका यी विद्वान् २००९ सालसम्म बद्रीनाथ धाममा तपस्यारत थिए । त्यसपछि कतागए के भए कसै-लाई थाहा भएन ।

भाषासप्तरत्नबाट उद्धृत '**गोपीगीत**' नामको एउटा कविता बुईंगल पहिलो संस्करण २०१८ मा छापिएको छ । यो कविता उनको प्रारम्भिक अभ्यास हो जस्तो छ । बुईंगलका सम्पादकले परिचयस्तम्भमा **छविलाल** ( पाल्पाली ) भनेर **भाषासप्तरत्नबाट** उद्धृत कविता दिएका छन् ।

बुईंगलको भनाइ यस्तो छ '**यिनको एउटा गोपीगीत भन्ने कविता मात्र -भाषासप्तरत्न' मा छापिएको फेला परेको छ । अरू कुनै कविता मात्र फेला नपरेको होइन यिनका बारेमा पनि केही थाहा छैन । तर मोतीरामले उल्लेख गरेका 'छविलाल' यी होइनन् भन्ने इतिहास शिरोमणिज्यूको तर्कमा विश्वास लाग्दो प्रमाण केही छैन ।**

कवि मोतीरामका छविलाल, इतिहास शिरोमणिका छविलाल, बुईंगलका सम्पादक कमल दीक्षितका छविलाल तथा कौशिकादि सन्ततिका विवेच्य नायक छविलाल एउटै हुन् वा भिन्न-भिन्न पुरुष हुन् सो जान्न निकै कठिन हुँदै गएको अनुभव हुन्छ तापनि कविज्यूका खास नातिहरू (पाल्पा अमलाखर्क) सँग थप जानकारी पाउन सकिने क्षीण आशा भने बाँकी नै छ । त्यसबाहेक पनि पाल्पा निवासी दार्शनिक पं. मीनप्रसाद नेपाल-का विषयमा खोजीनीति गर्दा कतै केही जानकारी पाइएला कि भन्ने अपेक्षा रहन्छ ।

## ५. ४. ३. पं. तारानाथ नेपाल

पिता पं. नरनाथ नेपाल तथा माता मनोरमा देवीका एक दर्जन छोराछोरीमा आफू-लाई सबैभन्दा जेठो सन्तान भनेर परिचय गराउने पं. तारानाथ नेपालको जन्म वि. सं. १९४४ सालमा नारायणी अंचल रौतहट जिल्लाको अर्नाहा भन्ने गाउँमा भएको हो ।

यो जानकारी बुइँगल तेस्रो संस्करणमा सम्पादक कमल दीक्षितले यसप्रकार दिनुभएका यी कविको जन्म रौतहट जिल्लाको अर्नाहा गाउँमा १९४४ सं. मा भएको थियो। यिनका पिताको नाम नरनाथ हो। बाल्यावस्थादेखि अध्ययनका लागि यी आफ्ना बाजेका साथमा बनारसमा रहे तर स्वास्थ्य खराब भएकाले यिनले पढाइमा प्रगति गर्न सकेनन्। १९६४ सालतिर यिनले वीरगंजमा पुस्तक पसल पनि खोलेका थिए तर त्यो धेरै चल्न सकेन। यिनको पहिलो छापिएको कृति भारतीय देवीहरूको चरित्र (१९६५) हो। श्री श्यामप्रसादले यिनका रचनाका लगतमा ग्रन्थ ४० छन् भन्ने देखाउँनु भएको छ। तापनि छापिएका कृति चाहिं ७/८ ओटामात्र देखिन्छन्। यिनका मुख्य 'राघव विलाप' र 'ऊर्मिला, नै हुन्। पत्रपत्रिकामा छापिएका ४०/४५ लेखको श्री श्यामप्रसादले गन्ती गराउनुभएको छ।

**श्रीपारसमणिले २००६ सालमा (भारती १।६ मा) सबभन्दा पहिले यिनका बारेमा परिचय छापेपछि पूर्ण विवरण सहितको परिचय 'प्रगति' पुर्णाङ्क १२ अंक ६ मा श्रीश्यामप्रसादले छपाउनुभएको पाइन्छ।**

अब श्यामप्रसादका लेखाइको अवतरण मनन गर्नु आवश्यक छ। लेखाइ यसप्रकार छ :—पं. तारानाथ नेपालको जन्म सं. १९४४ साल कार्तिक (अक्टोबर १७/१८८२) रौतहट जिल्ला नारायणी अंचल। बाजे भूतनाथ नेपाल पिता नरनाथ नेपाल। बाल-कमा बोलाउने गरेको फूलनाम सीताराम। पुर्खाहरूका पालादेखी मंगलागौरी वाराणसीमा आफ्नो घर थियो। मण्डनबीर्ता छोडी वीरगंज सरेपछि पनि पुर्खाहरू बार्धक्य प्राप्त गरेपछि काशीवास गर्न जान्थे। यसै क्रममा बाजे-पितामह-भूतनाथ वाराणसी बास गर्न गएपछि तारानाथजीको बसोबास वाराणसीमैं भयो र प्रारम्भिक शिक्षा-दीक्षा पनि उहीं सम्पन्न भयो। लोकनाथ पौड्यालसँग छ पर्वसम्म लगातार संस्कृतको पढाइपछि घर व्यवहारमा लाग्नु भए तापनि स्वाध्यायद्वारा शैक्षिक योग्यताको वृद्धि र साहित्यिक प्रतिभाको विकास गर्दै बढनुभयो। उहांको बयानअनुसार पुत्र नभएको र सानैदेखि साहित्यमा चाख भएको बुझिएकौ छ—'जब मेरो उमेर कच्चै थियो, जब मैले जीवनमा राम्ररी अनुभव प्राप्त गर्न पाएको थिइन, मैले धेरै रचनाहरू तयार गरें। अहिले जब म उमेरबाट पाको भएँ र जीवनका अनुभवहरूबाट पनि निचोड निकाल्न सक्ने भएँ, घरबार हेरिदिने मानिस नहुँदा केही लेख्न पाउँदिन।'

उहांले आफ्ना विषयमा परिचयात्मक पद्य-रचना यसरी गर्नु भएको छ :—

**'नेपालै घर हो अथो थर पनी नेपाल नै हो अरे।**
**तारानाथ भनेर नाम जनमा प्रख्यात् सबैले गरे।**
**बाबुको नरनाथ नाम बुझनू छोरो उहांके महुं।**
**पांच् भाई अनि एक बैनिहरूमा जेठो सबैको महुं।**

देवीतुल्य मनोरमा जननिकै सन्तान हौं यीसब ।
पूरा दर्जन एकमा अरू बितो बाँचिरहेका अब ।
मण्डन् आदिनिवास हो कुलपुरुष् बस्ने अगाडी तहीं ।
बासिन्दा अब वीरगंज मइछू गाँस् बास् छ ऐल्हे यहीं ।
छेनन् पुत्र कलत्रहेरू दुइ छन् छोरी दशौटो भए ।
तीमध्ये दुइटी त छोडि जग यो चाँडै परम्पद गए ।
लेखें लेख्नत लेख, पुस्तक कती बस्दा यसैमा रतो ।
केवल् भो तर धृष्ठता अधिक नै छोटो हुँदा यो मती ।'
'म मुख्ले जो बोलूँ वचन ती पनि पूर्ण गरिद्यूँ ।'

रस-सदिच्छा कविता भन्ने मतका हुँदा पण्डित तारानाथले साहित्यप्रति प्रेम, नारी जातिको आदर, शिक्षाको प्रचार, उद्योग-वाणिज्यको महत्व र लोकोपकारी भावना इत्यादि आफूले लेखेका विषयहरूलाई जीवनमा क्रियात्मकरूप दिने प्रयास गर्नुभएको पनि देखिन्छ । अघिदेखि नै उहाँकहाँ अनेक लेखक, कवि, साहित्यप्रेमी व्यक्ति र देश-भक्तहरूको आवत-जावत रहेको छ र तिनको उहाँ उचित कदर गर्ने हुनुहुन्छ । उहाँले केही पुराना पुस्तक र पत्रिकाहरू पनि जोर्नुभएको रहेछ तर तीमध्ये निकै त कीराले खाएछन् । त्यसो भएपनि अलिकति अझै सुरक्षित छन् । साहित्यको प्रचार गर्ने उद्देश्यले सं. १९६४–६५ सालमा उहाँले वीरगंजमा पुस्तक पसल पनि खोल्नुभएको रहेछ जो यस क्षेत्रमा शायद सबभन्दा पहिलो पुस्तक पसल थियो । उहाँले बेला बेलामा पत्र-पत्रिकाको ग्राहक बढाउन निकै ध्यान दिनुभएको र प्रकाशक नपाउँदा आफ्ना रचना-हरूलाई आफैले भएपनि प्रकाशित गर्ने प्रयास गर्नुभएको देखिन्छ ।

| प्रकाशित कृतिको नाम | रचनाकाल | प्रकाशनकाल | विषय |
|---|---|---|---|
| १. ज्ञानमाला (२२४ श्लोक) | १९५८ साल | – | खण्डकाव्य |

यसका नमूना २ श्लोक—

जस्ले सदा यहि त माफिक काम गर्लान् ।
गैह्री अपार भवसागर पार तर्लान् ।
राजन् ति कर्म र अकर्महरू इनै हुन् ।
अर्जुन्‌जिलाई हरिले गइ भन्नुभो जुन् ॥२२३॥
विस्तार् कह्याँ भनि परीक्षितलाई ताहाँ ।
भन्नूभयो शुकजिले उहि श्लोकमाहाँ ।
आद्यान्त थयै लघु जनाइ बनाइ मैले ।
अर्पण् गर्‍याँ सुजनलाई सहर्ष ऐले ।।२२॥

२. श्यमन्तकोपाख्यान (६८ श्लोक) १९९१ — बालुन
यसको पहिलो श्लोक :—

'हो हो ! लेख्दछु श्यमन्तक पाख्यान बालुन गर्नुहुओस् सबै मालुम।
द्वापर युगमा द्वारिका नाम नगर थियो सुन्दर धाम।
राज गर्थ्या महाराजा उग्रसेन दु:ख पाउँथ्या कोई जन किन ?
मन्त्री थिए यादव नरनजीत वीर बुद्धिमान गम्भीर धीर।'

३. अनुवाद शतक (श्लोक १००) १९६२ केही अंश पत्रिकामा प्रकाशित।
४. कलि-चरित्र — १९६३ चम्पू काव्य।
५. रम्भा-शुक सम्वाद — १९६४ हिन्दी काव्य। संस्कृतको हिन्दी।
६. शुक्र प्रार्थना १९७९ काव्य।
७. राघव विलाप (श्लोक ४४) १९८० ,,
८. चन्द्रगुणावलि (श्लोक २६३) १९८४ चम्पू काव्य।

यसको नमूना श्लोक—

नगम्को धेरै र जुलुम पनि नगर्।
न दर्प केही लिई शासना तंगर्।
न दीर्घकालैतक बस्न मन् तंगर्।
रहेन कोही पनि लोकमा कहीं।

९. तारा तरंग (१२०) — १९९० उपदेशात्मक काव्य।
१०. उत्तरा विलाप (२७५) १९९१ खण्ड-काव्य।
११. मन शतक (१००) १९९४ ,, ,,
१२. सीता विलाप (१२३) १९९५ ,, ,,
१३. तारा-तरंगिणी (५६०) तीन भागमा १९९४-९६ काव्य।

यसको पहिलो नमूना श्लोक :—

पढला संझला जसले मित्र तारा-तरंगिणी।
अवश्य उसको होला दुवै लोक सदा ऋणी॥

१४. प्रिय-प्रवास (२००) १९९५ खण्ड-काव्य।
(महाकाव्य हिन्दीको सप्तम सर्गमात्र नेपालीमा अनुवाद प्राप्त।)
१५. उर्मिला (२०९) लेखिएको १९९८-९९ तिर, प्रकाशित मिति थाहा नभएको।
१६. दशरथ विलाप (१३६) २००४।
१७. भातृ विलाप २००५।
१८. नेपाल शतक २००८।

यस कृतिमा अचेलको वातावरणलाई स्पर्श गरी लेखिएको छ। त्यसका केही मर्म-स्पर्शी पद्यहरू यसमा दिइन्छ :—

श्रमिकवर्गले मरीमरी गरी। पाउँदैन त्यो खान पेट्भरि।
बस्त्रतक नभै लाज छोप्न हा। आंशु: काढ्दछन् मर्मंमा परी॥२१॥

भनिदिदैन कि मन्त्रीवर्गमा। लोकको दशा गुप्तचर पनि।
कि सुने पनि मौन साद्धछन्। जेसुकै हवस् देश यो भनी॥२२॥

उठन देशका देश-भाइ हो। देश-बैन्ही हो देशभक्ति लो।
गर सबै मिली त्यागभाव लौ। देशकै भलो आफनै भलो॥६३॥

देशका बूढा बुद्धि पोख बयै। बल लगाऊ लौ देशका युवा।
बन सहायिका देश-बैन्ही हो। फल चखाऊ यो लोकतन्त्रको॥६४॥

कवि तारानाथजीका 'देव्यापराध क्षमापन स्तोत्र, शिवस्तुति, महाकाली स्तुति, गङ्गजीको स्तुति, श्रीकृष्णलीला, यही प्रजातन्त्रीय होकि पद्धति ? नाउँका दशदेखि बीशश्लोकसम्मका स-साना पुस्तिकाहरू पनि प्रकाशित भएका छन्। सम्बत् १९६० देखि २००९ सम्मका आफ्ना केही प्रकाशित र अप्रकाशित गरी जम्मा १७३ श्लोकको पद्य संग्रह प्रकाशित।

नाटकमा उपदेश (एकांकी) २००९ भाद्र ९ गते, शची वियोग (रूपक व्यायोग १९६४ सालमा लेखिएको तर अप्रकाशित, रामशबरी (हिन्दी एकांकीको भावानुवाद) १९८८, गणिका, विश्वास, पश्चाताप, (१९९५ तिर लिखित) भक्त विजय १९९९, कृष्ण-सुदामा २००२-२००६ का बीच, निशाफ (२००९) राम-प्रतिज्ञा, भरत (१९९०-९१ तिर नयाँ नेपाल (२०१०) आदि।

जीवन चरित्रहरूमा १ भारतीय देवीहरूको चरित्र २, हाम्रा देवीहरूका चरित्र ३ पाश्चात्य धनकुबेरहरूको जीवन चरित्र (गोरखाली पत्रिकाका क्रमश: चार अंकमा प्रकाशित।

४. राजा कीर्त्यानन्दसिंह (अप्रकाशित) श्रीकृष्ण (२००७)

५ नेपाली कविहरू र तिनका रचना (२००८ सालदेखि लेख्न थालिएको)

कथा उपकथामा १. झ्याउँकीरीको उपकथा २. कथासंग्रह।

कहानी एवं लेख निबन्धमा १. तारा बुद्धिप्रकाश २. विदेशी आक्रमण वा दिल्ली-को बादशाही ३. सूर्ति, सिगरेट तमाखु ४. मानिसका बत्तीस लक्षण ५. उपदेशसंग्रह ६. वर्षेनी चाड ७. तारा विलाप ८. स्त्री शिक्षाको आवश्यकता। इत्यादि।

पत्र-पत्रिकामा प्रकाशित फुट रचनाहरू :—

बनारस-माधवी तथा सुलोचना (१९६५-६६ चैत्र ज्येष्ठ) दार्जिलिङ्ग-चन्द्रिका आदिमा-गर्व गरौं केही गरौं अनि मरौं, गोरखा सैन्यप्रति, पुरुषार्थ, ग्रन्थ गुणगान, इशारा, उद्योग गरौं उद्योग, संसार, शतत ईश्वर छन् रमता तहीं, विज्ञानको महत्व, परोपकार, उद्यम, भारतीय देवीहरूको चरित्र इत्यादि ।

गोरखाली (बनारस-) १. परोपकारनिम्ति नै मनुष्यको शरीर हो ।
२. पाश्चात्य धनकुबेरहरूको जीवन चरित्र ।

गोरखापत्र (काठमाडौं–) १. श्री ३ महाराजमा शुभ कामना (२००५ पौष ७ गते
२. श्री ३ महाराजमा शुभाशीर्वाद (२००६ वैशाख १८ गते)

शारदा (नेपाल) १. कामना २. प्रार्थना ३. दृढता ४. जीवन ५. प्रेम ६. वर्षा ७. सदिच्छा ८. सिकन्दर ९. कुसुम, १०. यही श्रुतिसम्मत पुण्य देश हो, ११. झिजी ।

युगवाणी (बनारस–) १. राष्ट्रिय गीत २. कर्तव्य ३. नेपालका वर्तमान शासकहरूको भूल ४. उपदेश ५. निराशा ।

भारती (दार्जिलिङ–) १. जोर्नी २. विलाप ३. अबला हुन् कि सबला हुन् ? ४. वनबेली ५. चिन्ता ६. संसार ७. गति ८. म, ९. ज्ञानाष्टक १०. वेदना ।

चित्रमय जगत् (पुना–) १. भारत की सब गई सम्पति हाथ लगा लौहा,(१९६५) २. सुकवि कालपो-जन्मभूमि स्तुति ।

विश्वनाथ (बनारस–) शम्मी गुरुबर डमरू त्रिशूल धर ।'

यो विवरण प्रगति अङ्क ६ पूर्णाङ्क १२ मा छापिएको छ । यसको सत्यतामा कमल दीक्षितले शंका उठाउनुभएको छ तापनि उहाँको शंका गराइमाथि पनि उपशंका गर्न नसकिने होइन गर्न सकिन्छ । तथापि उहाँका विवेचनामाथि टिप्पणी गर्ने कुरालाई एकछिन अलग्ग राखेर यो कुरा स्पष्ट गरिहाल्नु परेको छ । कविले आत्मपरिचय दिने क्रममा 'छैनन् पुत्र कलत्र हरूदुई छन् छोरी दशोटी भए' भनेका छन् तापनि पछि यो कुरा खण्डन भएको छ । कारण कविका ज्वाइँ हरिहरप्रसाद रेग्मी (जनकपुर) तथा कविका सहोदर कान्छा भाइ सूर्यप्रसादका छोरा अभयकुमार नेपाल (विराटनगर) का भनाइअनुसार कविकी **कान्छी पत्नीबाट** एक छोरा छन् उनको नाम लक्ष्मीनाथ हो अचेल उनी कलैया बीर्ता अर्थात् कलैया नगरपंचायतमा रहन्छन् ।

अब केहीबेर टीका टिप्पणी नै सहो । कमल दीक्षितले सोझै शंका गर्नुभएको भन्ने पनि कुनै कारण छैन । सोझै कविता विषयमा पर्याप्त खोज नभएको तथ्य सामु

छ । त्यो तथ्य हो वुईंगल ( पहिलो संस्करण ) को हार लमाइ र तलो थपाइ । तल्लो तलो छाप्दा उहाँले कवि तारानाथ नेपालको नाम समावेश गर्न पाउनुभएन किनभने मदन पुरस्कार गुठीको स्थापना हुनुपूर्वका प्रकाशनहरू यसरी नै छुटेका होलान् जसरी कवि तारानाथका पूरा कृतिहरूको जानकारी छुटेको छ । वास्तवमा श्यामप्रसादको परिश्रम तथा नारायणप्रसाद बाँसकोटाको सम्पादनमा प्रगति पत्रिकाले कोरलेका जानकारीहरू बढाइ-चढाइमा परेका हुन् कि भन्ने शंका गर्नु व्यर्थ छ किनभने नत प्रगति यसअघि कतै कसैबाट लाञ्छित छ नत सम्पादकका चरित्रमा कतै कसैबाट शंका उपशंका नै उठाइएको छ । यस आधारबाट प्रगतिको योगदान आधारभूत तथ्यले युक्त छ भन्नै पर्छ ।

वस्तुतः उक्त कुरा गरेर यसो भन्न खोजेको कदापि होइन कि कमल दीक्षितले उठाउनुभएको शंका सोह्रैआना निरर्थक हो, प्रगतिमा प्रकाशित सबै तथ्यहरू पूरापूर निशंक मननीय हुन् र कवि तारानाथ नेपालका विषयमा खोजीनीति गर्ने काम टुंगिएको छैन । यथार्थमा वुईंगलमार्फत् उहाँले हामी काम गर्न खोज्नेहरूलाई समयमा घच्चघच्याइ-दिनुभएको छ । त्यसकै उज्यालोमा प्रगतिको योगदान देखापर्‍यो; श्यामप्रसाद जस्ता आधुनिक मोतीरामका योगदानको मूल्याङ्कन गर्ने अवसर पाइयो र अन्त्यमा कवि तारा-नाथ नेपाल के हुन्, उनका विषयमा आजअघि के कति खोज भएका छन् ती खोजमा पुनर्मूल्याङ्कन हुनु आवश्यक छ कि छैन राम्ररी सोच्न पाइनेभयो । यिनै तथ्यहरूका आधारमा के पनि भन्न आवश्यक संझिन्छ भने यदि भावी अनुसन्धान प्रयत्नद्वारा प्रगतिमार्फत् प्राप्त जानकार सूत्रहरूमाथि पुनरवलोकन गर्दा अक्षरशः सत्य ठहरिएभने कवि तारानाथ नेपाल केवल कवि होइनन् महाकवि रहेछन् । तब त त्यसबखत विश्वास गर्नुपर्नेछ नेपाली साहित्याकाशमा दोस्रो तारा महाकवि उदाइसकेछन् । तसर्थ यस सम्बन्धमा यसो भन्नु उचित छ—कवि तारानाथ नेपालका प्रतिभाको खोज गर्ने पूर्व-प्रस्तोतामार्फत प्राप्त जानकारीको सत्यता परीक्षण गर्दा नेपाली साहित्यले अर्कै ऐश्वर्य पो पाउने हो कि ?

हामीले कवि तारानाथ नेपालका प्रतिभा, विद्वत्ता, कवित्व व्यक्तित्वका विषयमा नयाँ खोज गरेका छैनौं, लाजै नमानिकन अरूका कमाइमा मोज गरेका छौं तथापि लाचारवश् यति नाक ठड्याउने साहस गर्दछौं । कविज्यूका भौतिक सन्तान छैनन् भनेका-मा नयाँ खोजद्वारा रहेछन् भन्ने जानकारी पायौं ।

प्रसंगवश् अब कविका प्रतिभाको चर्चा गर्नुभन्दा पहिले कविका शाखा बलाका सम्बन्धमा चर्चा गर्नु कर्तव्य भएको छ । पुर्खा परमानन्द जसलाई वंश-शृंखलामा परमगुरु भनेर परिचय गराइएको छ । परमगुरुका पाँच छोरा हुन्—जेठा रमानन्द

नेपाल माहिला बालानन्द नेपाल, साहिंला नित्यानन्द नेपाल, काहिंला देवानन्द नेपाल र कान्छा श्रीनन्द नेपाल। बालानन्दका दुई छोरा भूमिनन्द नेपाल र जयानन्द नेपाल। जयानन्दका तीन छोरा आत्मानन्द केशवानन्द र धर्मानिन्द नेपाल। धर्मानिन्द नेपाल आफ्ना समयका कुशल पौराणिक एवं मण्डनस्थित महादेवस्थानका गुठियार थिए भन्ने बुझिएको छ। यस सम्बन्धमा पं० त्रैलोक्यनाथ नेपाल ( काठमाडौं डिल्लीबजार ) तथा पं० डिल्लीराज नेपाल (भक्तपुर-कटुंजे) बाट निकै कुरा जान्न बुझ्न पाइएको हो, वास्तविकता के कसो हो खोजी हुन्यै छ।

पं० धर्मानन्दका तीन छोरा जो मण्डनमध्ये दियाले भन्ने गाउँमा बस्दथे तिनमा जेठा होमनाथका सन्तति दियालेतर्फ रहन्छन्। माहिला जगदीश्वरको अपुताली परेको र कान्छा पं० मुक्तिनन्द नेपाल हुन्। पं० मुक्तिनन्दका एकनाशका बीशवटी छोरी थिएर तो बीशवटीका सन्तानले प्रायः डाँडा-काँडा भरेका थिए भन्ने लोककथन छ। बीशवटी छोरीपछि सीताराम नामका छोरा जन्मेका हुन् भन्ने छ। पं० सीताराम पनि आफ्ना समयका चर्चित थिए भन्छन्।

पं० सीतारामका छोरा पं० कृष्णदत्तले मकवानपुरे राजा शुभसेनबाट रौतहट मध्ये अर्नाहा बीर्ता पाएपछि त्यतै बस्न थाले। पं० लीलानाथको जन्म त्यतै भयो। पं० लीलानाथपछि उनका छोरा पं० भूतनाथ विशेषरूपले काशी मंगलागौरीमा निजी घर लिई बस्न थाले। उनका छोरा पं० नरनाथको शिक्षा-दिक्षा काशीमै भयो। सं. १९३७ पछि पं० नरनाथ नेपाल एक धनाढ्यका छोरा पढाउने काममा कलैया बीर्तातर्फ बस्न थालेकाले छोरा तारानाथको शिक्षा-दीक्षाको भार पितामा सुम्पेर काशी पठाए।

पं० तारानाथको शिक्षा-दीक्षासम्बन्धी श्यामप्रसादको उल्लेख मिल्दछ। यिनीहरू पाँच भाइ थिए जसमा यी जेठा हुन्। २०२९ सालमा ७६ वर्षको उमेरमा कलैया बीर्तास्थित आफ्नै घरमा यिनले नश्वर शरीर त्यागे। सन्तान छैनन् भनेको साँचो होइन पछिल्ली पत्नीबाट बुढेसकालमा एक छोरा जन्मेका हुन् उनको नाम लक्ष्मी-नाथ हो।

यी बहुश्रुत सारस्वत प्रतिभाका धनी कविको जीवन काव्यमय थियो भन्ने आभास पाइन्छ र यिनमा राजनीतिक चेतनाको प्राचुर्य थियो भन्ने ज्ञान पनि यिनका पूर्वोक्त पद्यद्वारा पाइँदैछ।

अन्त्यमा अपेक्षा राख्नु कर्तव्य भएको छ यी कविका व्यक्तित्व तथा कृतित्वका सम्बन्धमा गहन खोज गरेर समग्र रचनाहरूको संग्रह प्रकाशन गर्न सकियोस् तबमात्र आद्योपान्त काव्यानुसन्धान सफलीभूत हुन जाला।

साहित्यकारका क्रममा पं. कालुपाध्याय नेपालपछि पं. वैयाकरण नेपालको नाम पढियो। उहाँपछि छविलाल नेपालका सम्बन्धमा जानकारी पाएपछि कवि तारानाथ नेपालका सम्बन्धमा प्रकाश पारियो। भि. एस. नेपालका बारेमा पूर्ण जानकारी नपाइकाले नामोच्चारणसम्म कर्तै परेको छ। अब यसपछि मैले बुझेसम्म कुमार नेपालका व्यक्तित्व सम्बन्धमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ। अरू प्रतिभाका बारेमा जानकारी प्राप्त गरेपछि क्रमबद्धताबारे पुनरवलोकन गर्नु पऱ्यो भने दोस्रो संस्करणमा हेरफेर गर्न पनि सकिनेछ।

## ५. ४. ४. कथाकार कुमार नेपाल—

**जन्म** :—वि. सं. १९८७ भाद्र ऋषिपंचमी गुरुवार।

**जन्म स्थान** :—मखनटोल काठमाडौं, स्थायी निवास धोबीधारा डिल्लीबजार। काठमाडौं। पिता—शंकरप्रसाद नेपाल माता.......



**शिक्षा** :—एम. ए. (अर्थशास्त्र) सेवा :—श्री ५ को सरकारको प्रशासन सेवामा २०१३–२०३५ राजपत्रांकित तृतीय श्रेणीसम्मका विभिन्न तहमा रही सेवा पुऱ्याएको। **तालिम** :—संयुक्त राज्य अमेरिकामा प्रौढशिक्षा तालिम २०२१–२२ को १ वर्ष। **विदेश भ्रमण** :—भारत, वेलायत, अमेरिका तथा केही मध्य यूरोपीय देशहरूको भ्रमण गरेको। **नेपाल दर्शन**:—पूर्व मेचीदेखि पश्चिम महाकाली-सम्मका कतिपय जिल्लाहरूको पैदल भ्रमण।

**मानपदवी** :—..........

**पुरस्कार** :—मानवाधिकार संस्थाहरूद्वारा श्री महेन्द्रविक्रम शाह पुरस्कार २०३९ उपलब्ध।

**प्रकाशित कृतिको विवरण** :—

१. चर्कको पर्खाल (कवितासंग्रह)

२. तुवांलोको कल्ला (कथासंग्रह)

फुटकर लेखरचना, कथा, कविता, निबन्ध आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित। कथाकारितामा स्थापित हस्ताक्षर।

## ५. ४. ५. डा. मेदिनीप्रसाद नेपाल :

**जन्म** :—वि. सं. २००४ साल पौष २३ गते। **जन्म स्थान** :—चुङ्वाङ् धनकुटा



कोशी अंचल पिता नेत्रप्रसाद नेपाल माता······ **शिक्षा** :—एम्. ए. (इतिहास) लिच्छविकालीन नारी विषयमा उपलब्ध विद्यावारिधि। त्रिभुवन विश्वविद्यालय नेपाल। **पेशा** :—खेतीपाती। **सेवा** :—उपप्राध्यापक त्रिभुवन विश्वविद्यालय–महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पस विराटनगर। अध्यक्ष इतिहास शिक्षण समिति। **सदस्य** :—नेपाल वंशज परिषद् पूर्वाञ्चल क्षेत्रीय समिति।

**क. प्रकाशित कृतिको विवरण :—**

१. के सोची होली (कथासंग्रह)
२. मधुगंगा (कवितासंग्रह)
३. गोरखा राजघरानाको इतिहास
४. नेपालको आधुनिक इतिहास
५. जापानको आधुनिक इतिहास
६. चीनको आधुनिक इतिहास
७. विश्वको इतिहास दोस्रो शृंखला (सहलेखन)
८. भारतको प्राचीन इतिहास (सहलेखन)
९. यूरोपको आधुनिक इतिहास (सहलेखन)

**ख. प्रकाशोन्मुख कृतिको विवरण :—**

१. अन्धो र म
२. नेपालको आधुनिक इतिहास भाग ३
३. विश्वको आधुनिक इतिहास

**(ग) फुटकर लेखरचनाहरू :—**

मधुपर्क, म्वाइस अफ हिस्ट्री, आँकुरा, सज्जन, काफल, विराट, हिडम्पा, साइत, प्रारम्भ, किसान, साहित्यसंसार आदि पत्रपत्रिकामा कथा, कविता, ऐतिहासिक लेख, निबन्ध आदि प्रकाशित।

पं० ज्ञानमणी नेपाल र पं० पूर्णप्रकाश नेपालका सम्बन्धमा 'कार्यसमितिका सदस्यहरू' शीर्षकमा लेखिएको छ। अस्पष्टरूपमा जानकारी पाइएसम्म पं० हरिप्रसाद नेपाल, बद्रीनाथ नेपाल 'प्रतीक', अंजनिकुमार उपाध्याय नेपाल, नीलमणि नेपाल, मेघनाथ 'मंजुल', फणीन्द्र नेपाल, वसन्तकुमार नेपाल, रत्नश्री पुरस्कारले विभूषित कवि

घनश्याम नेपाल ( सिक्किम, भारत ), वासुदेव नेपाल, सिन्धु नेपाल, भुवनेश्वरी उपाध्याय, बालकृष्ण उपाध्याय, रेवतीरमण नेपाल, देवीप्रसाद नेपाल, जीवराज नेपाल, आदि कतिपय प्रौढ तथा नवोदित प्रतिभा हुनुहुन्छ जसका सम्बन्धमा विस्तृत प्रकाश पार्न इच्छा भएर पनि व्यक्तिगत विवरणको अभावमा केही लेख्न सकिएन। विवरण प्राप्त भएसम्म दोस्रो संस्करणमा विस्तृत विवरण दिइनेछ। पछि विस्तृत परिचय तथा पारिवारिक विवरण पाउन नसके पनि भारतको आसाममा बसोबास गर्ने युवाकवि तुङ्गनाथ नेपालको नाम पाइएको छ। कवि नेपालका कविताहरू ( विशेषगरी आसामतर्फका ) विभिन्नपत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् र २०४१ सालतिर एउटा कविता संग्रह 'यहाँ यस्तै हुन्छ' पनि प्रकाशित भएको छ।

### ५. ४. ६. शैलेन्दुप्रकाश नेपाल :—



**जन्म** :—वि० सं० २०१९ मार्गशीर्ष २९ गते शुक्रबार।

**जन्मस्थान** :—कटुजे नेपालगाउँ, भोजपुर, कोशी अंचल।

**पिता** :—पूर्णप्रकाश नेपाल "यात्री", माता चारुवदना नेपाल।

**शिक्षा** :—संस्कृत साहित्य तथा सांस्कृतिक मानवशास्त्र स्नातकोत्तरतहमा अध्ययनरत (बाल्मीकि विद्यापीठ तथा त्रिचन्द्र क्याम्पस)

**सेवा** :—अध्यापन ( नेपाली ) तरुण माध्यमिक विद्यालय, बालाजु काठमाडौं।

**साहित्य सेवा** :—हिमाली सौगात, साहित्य सौगात, शिक्षा सौरभ ( मासिक ) को सम्पादन।

### क. प्रकाशित कृतिको विवरण :—

१. प्रेमपूजा ( गीतिकाव्य ) २०४० प्रथम संस्करण।

२. विन्देश्वरी ( खण्डकाव्य ) २०४१

३. कामना ( उपन्यास ) २०४२

४. नमिता सुनिता ( खण्डकाव्य ) २०४२ प्रथम संस्करण

५. वेदना बोल्छ ( शोककाव्य ) २०४२

६. दिग्बोध ( खण्डकाव्य ) २०४३

७. कल्पनाकुसुम ( खण्डकाव्य ) २०४४

**(ख) प्रकाशोन्मुख कृतिको विवरण :—**

१. जुनु ( महाकाव्य )
२. जलन ( खण्डकाव्य )
३. आमाको अस्तित्व ( गद्यकाव्य )
४. मोनालिसा ( खण्डकाव्य )
५. आहुति ( नाटक )
६. नयाँ फूल नयाँ राग ( उपन्यास )
७. जिन्दगीका पच्चीस वर्ष ( निबन्ध संग्रह )
८. यात्रामय जीवन ( नियात्रा )
९. गोसाईंकुण्ड हेलम्बु ( नियात्रा )
१०. मुक्तिनाथको यात्रा ( ,, )

**(ग) फुटकर लेखरचनाहरू :—**

गोरखापत्र, मधुपर्क=कविता, हिमाली सौगात, साहित्य सौगात, सांग्रिला, झंकार, नेपाल, वाग्मती आदि पत्रपत्रिकामा कथा, कविता, लेख, निबन्ध आदि रचनाहरू प्रकाशित छन् ।

## ५.५.०. दार्शनिक पृष्ठभूमिमा उल्लेखनीय व्यक्तित्व :

यस सन्दर्भमा हाम्रा नेपाल बन्धुमा कुनै क्षेत्रबाट लब्धप्रतिष्ठव्यक्तित्व निर्माण गर्न सफलता पाउनुभएका जीवित प्रतिभा तथा कथावशेष छाडी अमरत्व प्राप्त गरिसक्नुभएका दिव्यताहरूका विषयमा न्यूनातिरिक्त नै भए पनि शब्दपुष्प अर्पण गर्ने एक प्रयत्न गरिएको हो तदनुसार सारांशमा केही उद्गार प्रकट गर्न चाहन्छु ।

## ५.५.१. सोमनाथ नेपाल :

उहाँको नश्वर शरीर अब छैन । लगभग १९८५-८६ सालतिर दिवंगत हुनुभएको हो भन्नेसम्म जानकारी उहाँका सतीर्थ पद्मनाभकेशरी कोइराला—भीषगाचार्य वेदान्ताचार्यका भनाइबाट मिलेको थियो । कोइरालासँग २०२९ सालमा सुनसरी जिल्लाको चानबेलामा भेटघाट भई सम्वाद हुँदा नेपालमा विशेष व्यक्तित्वका सम्बन्धमा जानकारी गराउँदै भन्नुभएथ्यो 'एकजना पश्चिम डोटी बैतडीतिरका पनेरु, एकजना गुल्मी अर्घातिरका पन्थी एकजना झिल्टुङ अर्चलेका सोमनाथ नेपाल र आफूसमेत चार जनालाई श्री ३ चन्द्रसमशेरले संस्कृत र आयुर्वेदको उच्च अध्ययन गर्न पठाइएकामा पनेरु र पन्थीले आयुर्वेद शास्त्रीसम्म गरेपछि अद्वैत दर्शनको अध्ययन गर्ने भए । सोमनाथ नेपाल र पद्मनाभकेशरीले शुरुमा समान विषयमा अध्ययन गरेर एक वर्ष भीषगाचार्य परीक्षा उत्तीर्ण गरी अर्को वर्ष शांकर वेदान्तमा आचार्य गरेर केशरी नेपाल फर्के तर सोमनाथ नेपालले श्री ३ चन्द्रलाई मेरो पढाइ पूरा भएको छैन भनी लेखी पठाएर अरु दुई वर्ष काशीमैं बसेर जटापाठ घनपाठको

विश्लेषणपूर्वक चारै वेदको अध्ययन गरी वेदाचार्य प्रथम श्रेणीमा उत्तीर्ण गरी नेपाल फर्केका हुन् ।

अध्ययनकालमा पनि गायत्री पुरश्चरणमा अनेकपटक भाग लिई सिद्धित्व प्राप्त गरेकाले पं० नित्यानन्दन पन्त '**पर्वतीय**' पं० गंगाधर आदि उनलाई '**अग्निव्रत**' भनी सम्बोधन गर्दथे ।

उनी नेपाल फर्किदा म सिंहदरबार वैद्यखानाको कविराज पदमा सेवारत थिएँ तवसम्म हेड कविराजको पद खाली थियो । श्री ३ चन्द्रसमक्ष उनले आफ्ना कुराहरू पेश गरेको मलाई थाहा छ तर के निधो गरिएको थियो त्यो चाहिं थाहा भएन । अफसोच ! उनी आफ्नो घर झिल्टुङ गई फर्केर सेवामा लाग्ने भनी घर गएका त्यसका केही दिनपछि उनले त आत्महत्या गरे भन्ने खबर आएथ्यो । मेरो विचारमा उनले आत्मसमाधि लगाएको हुनुपर्छ । बाँचेका भए उनीबाट नेपालले कुनै एक नयाँ दर्शन पाउने थियो ।'

कोइरालाबाट प्राप्त जानकारी लिई २०३३ सालका हिउँदमा झिलटुङ अर्चले र खिन्चेत तथा कोल्पुटारहुँदो जानिफकारहरूसँग सोधपूछ गर्दा प्रायजसोले आत्म-हत्या गरेका हुन् भनेथे र आत्महत्या गर्नाको कारणमा उनकै सहपाठी कविराज पद्मनाभकेशरी कोइरालाले श्री ३ चन्द्रसमशेरसमक्ष अनावश्यक पोल गरेकाले कतिपय कुरामा पैरवी नै गर्नुपर्ने खण्ड आइपरेको थियो पनि भनेथे ।

यस कुराको बढी जानकारी कोइरालाबाट पाउन सकिने आशा राखी २०३९ सालमा चानबेला जाँदा कोइराला पहिले नै बितिसकेकाले कुरो अधुरै रह्यो । यद्यपि यिनका सम्बन्धमा विस्तृत खोज हुन नसक्दा दर्शनसम्बन्धी केही आलोक पाइन्थ्यो कि जस्तो लाग्दछ । अहिले यत्ति ।

### ५.५.२. दार्शनिक पं० मीनप्रसाद नेपाल :



शांकर वेदान्तमा विशिष्ट स्थान प्राप्त गर्नुहुने पं० मीनप्रसाद नेपाल आफ्ना समयका प्रकाण्ड विद्वान् कर्मठ नैष्ठिक हुनुहुन्थ्यो । सत्तरी वर्षभन्दा कम उमेरमै नश्वर शरीर त्याग्नुहुने दाजुसँग अन्वेषकको २०३० सालमा एकदिनभरी उहाँकै निवास-मा कुराकानी भएका हुन् । ती कुराहरू प्रसंगवश यताउति परेका छन् । उहाँले संकलन गरेका प्रचुर सामग्रीहरू, वंशावलीको एक पुरानो ठेली देखाई मलाई दुल्लू नेपा पुगेर यही बाटो फिर्ता आउँदा नयाँ उपलब्धि

पनि ल्याउने; यहाँ संकलित सामग्रीहरू पनि लैजाने भन्नुभएथ्यो। परन्तु नेपा... नयाँ उपलब्धि प्राप्त गर्न नै सात वर्ष लाग्यो। तबसम्म दाजु यसदुनियाँबाट बिदा लिइसक्नुभएछ। अध्ययन गरिएका सरसामग्री पनि दुर्लभ भए।

उहाँका सम्बन्धमा प्राध्यापक वेणीमाधव ढकालले रोचक जानकारी गराउनु भएको छ साथै उहाँको दर्शनात्मक कृति 'ईश्वरास्तित्वे मानानि' हालसालै ... जस्तो श्री ५ को सरकार सूचना विभागद्वारा प्रकाशमा आएको छ। योगी नरहरिनाथज्यूका प्रबल धारणाअनुसार विश्वमा यो सातौं दर्शन हो। यसअगाडि सम्म सर्वमान्य रहेका दर्शनहरू ६ वटा थिए त्यसैले षड्दर्शन भनिन्थ्यो। ती षड्दर्शनको प्रसवन गराउने पनि सुरभारती भाषा नै थियो जसमध्ये चार्वाक दर्शन संसारका बहुधा भाषाहरूमा अनूदित भएकोले बढी व्यापक छ। संयोगले प्रस्तुत सातौं दर्शनको प्रतिपादन पनि संस्कृत सुरभारती भाषामा नै रचियो। यसका प्रतिपादक विद्वान् नेपाली भए भन्ने छ।

हामीले दार्शनिक पं० मीनप्रसाद नेपालका सम्बन्धमा चासो गर्ने बेला आएको छ। उहाँद्वारा रचित कतिपय अनुपम कृतिहरूको खोजीनीति हुनु आवश्यक छ साथै उपर्युक्त कृतिको विवेचना विश्लेषण र सार अनुशीलन परिशीलन गरिनु लाभदायक छ।

दोस्रो संस्करणमा यसै स्तम्भमा उहाँका सम्बन्धमा केही बढी जानकारी गराउन सकियो भने बन्धुबान्धवबीच प्रतिभाको कदर गर्ने एक परिपाटी बस्न जाँदो हो।

पं० मीनप्रसाद वास्तवमा व्यवहारवादी वेदान्ती हुनुहुन्थ्यो अर्थात् भनाइको अभिप्राय यो हो उहाँले जस्तै शांकर वेदान्तमा आचार्य गर्ने अरू कतिपय हुनसक्छन् परन्तु अध्ययन गरिएका विषयवस्तुलाई व्यवहारमा उतार्ने र प्रयोग र मूल्याङ्कन गर्ने विद्वान् भने दुर्लभ हुनसक्छन्। अतएव उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्न र कुलको प्रतिष्ठा बढाउननिम्ति पनि केही गर्नु हामी समग्र बन्धुबान्धवको कर्तव्य हो।

### ५.५.३. पं० हरिप्रसाद नेपाल-(वेदान्ताचार्य)

कुन व्यक्तित्व कति मूल्यवान् औ कति दुर्लभ छ त्यसप्रति बेला छउन्जेल पटक्कै वास्ता नगर्ने तर बेला भड्किसकेपछि भने लोकाचार गरिटोपल्ने झारा टार्ने बानि बसेको छ हामी नेपालीमा। त्यसो भएकाले हामी नेपाल बन्धुहरू पनि त नेपाली परिवेशभित्र अटाउन खोज्ने भयौं। यसो भनेर हामीले प्रतिभाको कदर गर्न सिकेकै छैन भन्न खोजेको होइन किन्तु बेलैमा सोचविचार गर्ने बानी बसेन र मनोवृत्ति नै पछि पर्ने खालको भयो भन्न खोजेको चाहिं पक्कै हो। छोटो उदाहरण त पं० मीनप्रसादकै सन्दर्भ छ त्यसपछि अरू कतिपय खोजे नपाइने होइनन्।

अब म विषयवस्तुतर्फ ध्यानाकर्षण गराउन चाहन्छु । हामी नेपालबन्धुका वर्तमान पुस्तामा वेदान्त विषयमा आचार्य गरी बाँच्नका लागि जसरी पनि बाच्नै-पर्ने रहेछ भन्नेमध्येमा पं० हरिप्रसाद नेपाल हुनुहुन्छ । मैले यत्तिको भूमिका बाँधेर भाइबन्धुको ध्यानाकर्षण गराउन चाहेको ध्येय यही हो । शायद तपाईहरू अचम्म मान्नुहोला लगभग अढाइदशकपहिले वेदान्ताचार्य ससम्मान उत्तीर्ण गरेर नेपाली-एम० ए० उत्तीर्ण भई अध्ययनोप्रान्त अध्यापन, पेशामा लागेको पनि शायद दुई दशक पुग्नै लाग्यो होला । तत्काल उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गत पद्मकन्या क्याम्पसको उपप्राध्यापक पदमा सेवारत हुनुहुन्छ । शायद त्यो पनि कदाचित आश्चर्य नमानिएला-मानिसले जसरी पनि बाँच्नु परेको छ, त्यो अकाट्य हुन सक्छ परन्तु कसद्वारा कस्तो प्रकारको सेवा लिन सकिन्छ र उसको मेधाशक्ति कस्तो प्रकार-को छ त्यसको पारख गर्न सक्ने वा योग्यता र प्रतिभाको मूल्यांकन गरिने अनुकूल, वातावरणको सृजना भएमा धर्तीलाई स्वर्ग सजाउने सपना साकार हुँदोहो ।

प्रथमतः वेदान्त विषय अन्य विषयको अपेक्षा जटिल हुनाले त्यस्तो जटिल विषय अध्ययन गर्न जस्तातस्ताले आँट गर्ने कुरो आएन । यदाकदा एक दुई व्यक्ति-त्व संलग्न भइहाले पनि उनीहरू उचित मूल्यांकनबाट वंचित रहनुपर्छ । यस्तो अवस्थामा जिम्मेवारतहबाट विवेक गर्न नसकेमा विभिन्नथरी प्रश्न उपस्थित हुन सक्छन् ।

पूर्वाञ्चल क्षेत्रमा वेदान्ताचार्य समुत्तीर्ण गर्ने नेपाल अरू कोही भएजस्तो जानकारी मिलेको छैन । डा० स्वामी प्रपन्नाचार्यका भनाइअनुसार त ध्रुवलाल पोखरेल र उमानाथ पोखरेलपछि श्रीहरिप्रसाद नेपाल पूर्वाञ्चल क्षेत्रमा एक्लो हुनुहुन्छ ।

श्रीहरिप्रसाद नेपालको जन्म भोजपुर पोखरेमा भएको हो । उहाँका पिताको नाम हो पं० तीर्थप्रसाद नेपाल ।

आफूले हासिल गरेका विषयको समुत्थान तथा प्रयोजनसिद्ध गराउननिम्ति उहाँले के कति प्रयत्न गर्नुभएको छ त्यो पनि एक जिज्ञासा हुनसक्छ तथापि विशिष्टता भनेको निश्चय नै कुनै व्यक्तिविशेषका उन्मादको विषय नबनेर समयका साझा भावनाको सुख बर्द्धक कारणमा पर्न सक्ने सत्यता नकार्न मिल्दैन ।

## ५.५.४. पं० मंगलकुमार उपाध्याय नेपाल

यस सम्बन्धमा तत्काल रौतहट निजी क्याम्पसका क्याम्पसप्रमुख रहनुभएका गौरबजार निवासी पं० मंगलकुमार उपाध्याय नेपाल सर्वदर्शनमा लब्धप्रतिष्ठ हुनुहुन्छ भन्ने मधुर शंकेत उपलब्ध छ । उहाँसँग दश दिन जति साहचर्य मिलेको संझना छ । शील स्वभाव तथा जीवनशैली सुहाँउँदो आहारशुद्धि व्यवहारशुद्धि बुझ्दा

प्राप्त सूचना सत्यताका नजीक भएजस्तो लागेको छ । सम्भवतः सम्बन्धित विषयमा उहांका कृतिहरू प्रकाशित हुनसक्छन् । खोजखबर गरी योग्यताको कदर गर्न सकेमा उभय कल्याण हुने सत्यता नकार्न नमिल्ला ।

यस स्तम्भमा त्यस्ता व्यक्तित्वहरू परिचित हुनसकून् । समग्र बन्धुबान्धवको साझा भावना मुखर रहोस् ।

## ५. ६. कार्यसमितिका पदाधिकारीहरू

### केन्द्रीय समिति—

### ५. ६. १. अध्यक्ष श्री रामहरि शर्मा नेपाल

नेपाल वंशज परिषद् केन्द्रीय समिति (परिचय विस्तार पूर्वक ऐतिहासिक व्यक्तित्व परिचय शीर्षकमा परेको छ ।) का अध्यक्ष श्री रामहरि शर्माको जन्म वि० सं० १९७३ मा ललितपुर जिल्लाको गोदावरीमा भएको हो । स्थायी निवास बत्तीसपुतली काठमाडौं । नेपाल प्रजापरिषद्का संस्थापक र महामन्त्री । राजकाज अभियोगमा कारावासको सजाय पाई सं० १९९७ साल मार्गदेखि २००७ साल माघ १६ गतेसम्म जेलयात्रा-दशवर्ष । २०२१ सालदेखि नेपाल किसान संगठन केन्द्रीय समितिमार्फत् पंचायत व्यवस्थामा प्रवेश भई दुई अवधि राष्ट्रिय पंचायतका सम्माननीय अध्यक्ष । एक अवधि पश्चिम जर्मनीका लागि शाही नेपाली राजदूत । विभिन्न समयमा भएका राष्ट्रिय अर्थात् केन्द्रीय पंचभेलाका आयोजक एवं अध्यक्ष । एक अवधि राष्ट्रिय जेलसुधार समितिका अध्यक्ष । विभिन्न सामाजिक संघ संस्थाका संस्थापक सदस्य ।

**विदेश भ्रमण**—संसारका प्रायः देशको भ्रमणमा सद्भावना-मंडल तथा अन्तर्व्यवस्थापिका संघ मार्फतका भ्रमणमा सद्भावना मंडलको नेतृत्व वहन गरेको ।

राष्ट्रिय परम्परा, राजमुकुट तथा समाज-संस्कृतिको संरक्षणमा समर्पित ।

श्रद्धेय दाजुका व्यक्तित्व र राजनीतिक पृष्ठभूमि तथा क्रियाकलापका सम्बन्धमा त पूर्व प्रसंगमा उल्लेख गरिसकिएको छ तसर्थ यसमा तिनै कुराहरू दोहऱ्याइरहन आवश्यक परेन । अतएव यसमा केही विनोदप्रिय कुराहरू उल्लेख गर्न लागेको छु; रमाइलै होला ।

व्यक्तिगत तवरबाट रामहरि शर्माको थर गोत्रका सम्बन्धमा मलाई ज्ञान थिएन र आपसमा जानपहिचान पनि थिएन । हुन त सापिण्ड्य भाइले यस्तो कुरा गर्न संकोच मान्नुपर्ने हो तापनि जिजुबाजेकै पालामा छुटिभिन्न भई दर्गादिशा लागिएको र राजनीतिक तथा अन्य कतिपय कारणहरूले भेटघाट सही सम्पर्क नरहेकाले संकोच मान्नंपर्ने कुरो पनि आएन ।

२०३३ सालतिर केही महीना मेरो डेरा असन-कमलाक्षीमा थियो । एकदिन कुनै प्रसंगवश् मेरा मामा नेहनाथ भट्टराई (भूतपूर्व अञ्चलाधीश) ले मलाई सुनाउनुभयो—भान्जा ! रामहरिशर्मा पनि नेपाल हुनुहुन्छ । जानपहिचान छ ? मैले वास्तविक कुरा सुनाएँ । त्यसपछि मामाबाट सहर्ष वचन पाएँ—त्यसो भए भोलि तपाईंलाई योगी नरहरिनाथ र रामहरि शर्मासँग भेट गराउँछु ।

साउनको महीना थियो । मृगस्थलीस्थित गोरखनाथ अखाडामा गई योगी नरहरिनाथसँग भेटघाट गरी फिर्ता हुँदा दाजुको घर बत्तीसपुतलीमा पस्यौं (त्यसअघि विभिन्न श्रोतबाट सुनेका कुराको आधारमा रामहरि शर्माप्रतिको धारणा अर्केरूपमा थियो मानौं ती भनेका कुनै अद्‌भुत जनावर हुन् । अतीततिर फर्केर हेर्दा शायद यस्तो धारण मेरा आँतमा मात्र होइन किन्तु बहुतायत जिज्ञासुका आँतमा यस्तै धारणा हुनुपर्छ ।

हामी बाहिर दलानमा पुग्दासाथ उहाँ भित्रबाट बाहिर आउनुभयो, नमस्कारको आदान-प्रदान गर्दै दलानमा बस्यौं । मामाले परिचय गराउनुभयो । मलाई नेपाल थरबाट चिनेपछि आफूले भन्नुभयो म पनि नेपाल हूँ । मण्डनबाट छाडेर गोदावरीमा आउनेमध्ये परें ।' लामा कुराकानीबाट अन्तस्करण बुझ्दा हतपत नरिसाउने विनोदी प्रकृतिको हुनुहुन्छ भन्ने लाग्यो र मैले भनें—हाम्रा मदेशतिर त कामीले, बरहीले पो शर्मा लेख्दछन् । हजूरले शर्मा लेखिदिनाले भाइबन्धुले परिचय पाउन गाह्रारो भएको हुनुपर्छ ।'

मेरो भनाइ सुनेर हाँस्नुभयो र सप्रसन्न भन्नुभयो '**हैन, के गर्ने ! 'शर्मा' लेखेर भूल भयो । अब फेर्ने कुरो भएन । आफूले नलेखे पनि छोराहरू त 'नेपाल' नै लेख्दछन् ।**'

त्यसपछि मेरो देशाटनका सम्बन्धमा अवगत गराएँ । नेपाल थरका सम्बन्धमा पनि अवगत गराएर वंशावली प्रकाशन गर्न नामावली संकलन गर्दैरहेको कुरो सुनाएँ । साथै केही उद्‌गार लेखिमाग्न दैनन्दिनी टक्र्याएँ । दैनिन्दिनीमा लामो व्यहोरा लेख्नुभएन तर छोटो र सारगर्भित वाक्य लेख्नुभएको छ जो '**बदलिंदो घामछाया**' ग्रन्थमा प्रकाशित छ । अनि प्रसन्नता जनाउँदै भन्नुभयो—'यहाँद्वारा हुँदै गरेको प्रशंसनीय कामको जानकारी पाउँदा मलाई खुशी लाग्यो । म व्यक्तिगतरूपमा यहाँसँग घनिष्टता बढाउन चाहन्छु । भाइबन्धुको माया लाग्छ । वंशावली, तयार पार्नुहोस् म प्रकाशनको व्यवस्था मिलाउनेछु ।' त्यसपछि चिया फलफूल खाएर हामी विदा भयौं ।

दोस्रोपटक म धनगढीमा थिएँ । त्यहाँ कसैले मलाई सुनायो रामहरि शर्मा आएर अतिथिगृहमा बस्नुभएको छ । सुन्नासाथ गएर भेटें । शायद यो सत्ताईस

महीनापछिको कुरा थियो । भेट हुँदासाथ ठम्याउनु भयो । पहिलेको सन्दर्भ भुल्नु भएको रहेनछ, खुशी लाग्यो । आपसमा बोलचालको नाता थाहा नहुँदा अब के साइनु गर्ने ? भन्ने छलफल गरियो । खोज गर्दा पत्ता लाग्ने कुरा हो, तत्काललाई जेठालाई दाजु कान्छालाई भाइ मान्नु नै ठीक पर्ला भन्ने कुरा भयो, त्यसै गरियो।

मैले आफ्नो देशाटन कार्य सकेर फिर्ता आउँदा राजदूत भएर पश्चिम जर्मनी जानु भएको थियो । यता हामी आफ्नो कार्यक्रम अघि बढाउन लाग्यौं । माथवश पुस्ता भिड्याउँदा दाजु नै पर्नुभयो । उहाँको सौम्यपन र सौहार्दताले जितेकाले होला सिफलेमा सम्पन्न बन्धुसम्मेलनमा समिति गठन हुँदा नेपाल वंशज परिषद्को अध्यक्ष पदका लागि मैले दाजुको नाम प्रस्तावित गरें । तत्काल विदेशमा हुनाले यता काममा बाधापर्ला कि भन्ने कुरा पनि उठ्यो । कामको चाप वहन गर्ने त वंशावली प्रकाशिनी समिति छँदैछ भनेर चित्त बुझाइयो । त्यसपछि उपाध्यक्षमा न्यायाधीश दधिराम नेपालको नाम प्रस्तावित भएपछि यस कुरामा सर्वसम्मति आयो ।

पश्चिम जर्मनीबाट फिर्ता आएका लगत्तै सदस्य-सचिवबाट कुरो जान्न पाउनुभएकाले दाजुले भाइ-बन्धुहरूलाई बोलाउनु भयो । खबर पाएजति टाढा नजीक नभनी भाइ-बन्धुहरू भेला भइयो । साँच्चै नै दाजुका आँतमा आफ्ना वंशका भाइ-बन्धुमाथि बाक्लो माया ममता र प्रेम रहेछ भन्ने विश्वास गर्न पाइयो । हामी केन्द्रीय सम्पर्कस्थलका लागि छटपटिएका थियौं । त्यसबारेमा कुरा चल्दा दाजुले सप्रसन्न भन्नुभयो 'म यतिका भाइको दाजु भएको के काम ! केन्द्रीय सम्पर्कस्थल हामीले तयार नपारेसम्म मेरै घरलाई उपयोगमा लिने । पछि व्यवस्था गरौंला ।' दाजुका उदारताको सबैले हार्दिक स्वागत गरियो ।

केही दिन भीमसेन गोलातिर सरेर बस्नु भएकाले भाइहरू त्यहीं जाने गर्यौं। दाजु सत्तरी वर्ष पुग्नुभएका उपलक्ष्यमा मेचीदेखि महाकालीसम्मका भाइ-बन्धु निम्तो मान्न आए । हार्दिकता प्रगाढ थियो । त्यसपछि दाजु र म पूर्वाञ्चलको भ्रमणमा गयौं । खबर पाएसम्मका भाइ-बन्धुले रमाएर भेट गरे । मलाई लाग्छ दाजुलाई यस चहलपहलमा पाएर समग्र नेपाल सन्तानले आफूलाई सनाथ अनुभव गर्न पाएका छन् ।

## ५.६.२. श्रीमाधवप्रसाद उपाध्याय नेपाल

**अध्यक्ष**—वंशावली प्रकाशिनी समिति एवं **सदस्य** नेपाल वंशज परिषद् केन्द्रीय समिति काठमाडौं ।

**जन्म**:—विक्रम संवत् १९८६ फाल्गुण ३ गते ।



**जन्मस्थान**:—रौतहट नारायणी अञ्चल ।

**स्थायी निवास**:—कुमारीगाल चाबहिल काठमाडौं, बागमती अञ्चल ।

**पिता** :—लेफ्टिनेन्ट लेखनाथ नेपाल, **माता**............

**शिक्षा**:—यस संबन्धमा २००७ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी श्रीमहाराणा प्रताप इण्टर कलेज वाराणसीबाट इण्टरमिडियट र काशी हिन्दू विश्वविद्यालयबाट २०१३ सालमा स्नातक उपाधि प्राप्त गरेको ।

**सेवामा प्रवेश** :—अध्ययनपश्चात् २०१६ सालमाघ ६ गते विकासतर्फ श्री त्रिभुवन ग्रामविकास केन्द्र ग्रामविकास विभागअन्तर्गत समाज शिक्षा आयोजक पदमा नेपालगंज केन्द्रमा नियुक्ति पाई खटिएको। २०१७ साल मार्ग १० गते असिस्टेण्ट ब्लक डेभलपमेण्ट अफिसर भई ग्रामविकास केन्द्र गौरमा सरूवा भएको। तत्पश्चात् २०१८ साल ज्येष्ठ ३२ गतेको विभागीय निर्णयअनुसार साधारणतर्फको ब्लक डेभलपमेण्ट अफिसर (राजपत्रांकित तृतीय श्रेणी) मा नियुक्ति पाएको ।

श्री ५ को सरकारबाट विकेन्द्रीकरण योजना लागू भएपछि २०२५ वैशाख १५ गते सर्लाही जिल्लाको पंचायत विकास अधिकारीबाट सोही जिल्लाको प्रमुख जिल्ला अधिकारी (राजपत्रांकित द्वितीय श्रेणी) पदमा कायममुकायम मुकरर भएको। लगभग ३ वर्ष सर्लाही जिल्लाको प्र०जि०अ० को हैसियतले विविध विकास कार्यहरू संचालन गरे गराएको। तत्पश्चात् क्रमशः कर्णाली अंचलको तत्कालीन तिबृकोट जिल्लाको का० मु० प्र० जि० अ० भेरी अंचलअन्तर्गत सुर्खेत जिल्लाको कामु प्र० जि० अ० र २०३२ सालमा राजपत्रांकित द्वितीय श्रेणीमा बढुवा भै बागमती अंचलअन्तर्गत भक्तपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी। मिति २०३६।७।१ देखि २०४२।९।१० सम्म बागमती अञ्चलको सहायक अञ्चलाधीश र मिति २०४२।९।१२ देखि २०४४ चैत्र सम्म गण्डकी अञ्चलअन्तर्गत तनहू जिल्लाको प्रमुख जिल्ला अधिकारीमा। हालसाल नारायणी अञ्चल अन्तर्गत चितवन जिल्लाको प्र० जि० अ० मा सेवारत।

यसरी विभिन्न पद र ओहदामा रही लगभग २९ वर्षदेखि जिल्लाका विभिन्न विकास निर्माण कार्यदेखि लिएर जिल्लाको प्रशासन संचालन गर्नु, शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राख्नु जस्ता कुरामा सक्रिय योगदान पुऱ्याउँदै

आउनुभएका श्री माधवप्रसाद उपाध्याय नेपाल वास्तवमा श्री ५ को सरकारको एक दक्ष प्रशासक, राष्ट्रसेवाका लागि योग्य अनुभवी सेवक साथै नेपाल वंशजका एक प्रतिभाशाली व्यक्तिका रूपमा देखा पर्नुभएको छ । विकास निर्माणप्रतिको अभिरुचि तथा प्रशासनिक दक्षताका लागि आवश्यक पर्ने प्रशस्त तालिमहरू प्राप्त गर्नुभएको छ । प्रशासन सेवामा प्रवेश गर्नुअघि काठमाडौंमा सामुदायिक विकास (COMMUNITY DEVELOPMENT) सम्बन्धी तीन महीने तालिम हासिल गरेको । तत्पश्चात् COMMUNITY DEVELOPMENT अन्तर्गत ORITANTION AND STUDY CENTER RANCHI विहारबाट तीन महीने BLOCK DEVELOPMENT OFFICER को तालिम प्राप्त गर्नुभएको छ । तेस्रो मुलुकमा सामुदायिक विकाससम्बन्धी अध्ययन भ्रमण गर्न भारत, फिलिपिन्स, उत्तरकोरियाको भ्रमण गरेको । यसै सालमा भिक्टोरिया विश्वविद्यालय अन्तर्गत D. Mantal of Ousseus Administrator Study अन्तर्गत एक वर्ष जनप्रशासनसम्बन्धी विषयमा विस्तृतरूपमा तालिम हासिल गर्नुभएको छ । २०३४ सालमा श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालय र आर्थिक प्रशासन केन्द्रको संयुक्त आयोजनामा संचालित प्रमुख जिल्ला अधिकारीहरूलाई उपलब्ध गराएको तालिममा पनि सफलता हासिल गर्नुभएको छ । साथै नेपाल स्काउटको कमिस्नर बेसिक ट्रेनिङ् कोर्स पनि सफल गर्नुभएको छ ।

**विदेश भ्रमण—**

विदेशको भ्रमण पनि ज्ञान हासिलको महत्त्वपूर्ण पक्ष हुँदा प्रत्येक आत्मोत्थान चाहने व्यक्तित्वहरू अवसर पर्दासाथ भाग लिन्छन् । त्यसअनुसार श्री उपाध्यायले पनि भारतका चर्चित शहर तथा राज्यहरू, फिलिपिन्स, उत्तरकोरिया, जापान, वेलायत तथा आयरिस गणतन्त्रसमेतको भ्रमण गर्नुभएको छ ।

**समाजसेवा**

सामाजिक तथा सार्वजनीन सेवामा पनि उपाध्यायको उल्लेखनीय योगदान छ । जस्तो अध्ययनवाट फर्केपछि केही समय शिक्षा र साहित्य क्षेत्रमा पनि संलग्नता थियो । काशी हिन्दू विश्वविद्यालयमा विद्यार्थी छँदा नेपाली छात्रसंघको साहित्य मन्त्री पदमा अत्यधिक बहुमतद्वारा विजयी हुनुभएको थियो साथै 'छात्रदूत' भन्ने पत्रिकाको सम्पादन प्रकाशन सफलतासाथ पूरा गर्नुभएको थियो । नेपाली छात्रसंघद्वारा आयोजना गरेको कथा प्रतियोगितामा उहाँले तेस्रो स्थान प्राप्त गर्नुभएको थियो । त्यस्तै शिक्षण योगदानमा पनि स्नातकतह उत्तीर्ण गरेपश्चात् केही वर्ष माध्यमिकतहको शिक्षक पदमा कार्यरत रहनुभएको जानकारी प्राप्त छ ।

सहायक अञ्चलाधीश पदमा सेवारत रहँदा स्थानीय पशुपति मित्र माध्यमिक विद्यालयको संचालक समितिको अध्यक्ष पदमा रही त्यस अवस्थासम्म दर्ता

हुन नसकेको विद्यालय भवनले चर्चेको जग्गा विद्यालयका नाममा दर्ता गराई ठूलो श्रेय प्राप्त गर्नुभएको छ । संचालक समितिको अध्यक्षका हैसियतले विद्यालय भवनका थप कोठाहरू निर्माण गर्ने अठोट गरी शुभारम्भ गराउनु भएको थियो । उहाँको कार्यकालमा विद्यालयको भौतिकस्तर उठ्नका साथै शैक्षिक गुणस्तर तथा आर्थिक अवस्थामा सुधार ल्याउने कार्यमा पनि ठूलो सहयोग पुग्न गएको कुरा अविस्मरणीय रहेको छ ।

आफ्नो क्षेत्रमा उच्च शिक्षाको विकास गर्नेक्रममा पनि श्रीपशुपति मित्र माध्यमिक विद्यालयकै भवनमा पशुपति रात्रिक्याम्पस संचालन गर्ने सन्दर्भमा सक्रिय भूमिका खेली २०३७ साल भाद्र २७ गतेदेखि निजी क्याम्पसको स्थापना र संचालन गर्न गराउन सक्रिय भूमिका खेल्नुभएको थियो । त्यसैले आजभोलि उक्त क्याम्पसका संस्थापक सदस्यमा अन्य सदस्य महानुभावहरू भूतपूर्व शिक्षासचिव दीर्घराज कोइराला, वरिष्ठ समाजसेवी श्रीमती पुण्यप्रभा ढुंगाना, सानूकाजी शाक्य तथा कविराज कृष्णबहादुरसिंह आदिसँगै उहाँको नाम अमिट रहेको छ ।

तनहूमा प्र० जि० अ० नियुक्ति पाएपछि तनहूमा आदिकवि भानुभक्त निजी क्याम्पसको स्थापनार्थ पनि सक्रिय भूमिका खेल्नुभएको तथ्य सर्वविदित छ । तत्काल चितवन जिल्लामा प्रमुख जिल्ला अधिकारीमा सेवारत हुनुहुन्छ ।

**मानपदवी तथा विभूषण**

१. गोरखा दक्षिणबाहु चौथा—२०३१।९।१४

२. त्रिशक्तिपट्ट चौथा—२०४३।९।२४ उपलब्ध ।

## ५.६.३. श्रीवधिराम नेपाल

**उपाध्यक्ष**—वंशावली प्रकाशिनी समिति एवं **उपाध्यक्ष** नेपाल वंशज परिषद् केन्द्रीय समिति ।



**जन्म** :—विक्रम संवत् १९९५ श्रावण ३२ गते ।

**जन्मस्थान** :—कागेश्वरीगाउँ पंचायत वार्ड नं० ७ जिल्ला भक्तपुर, बागमती अञ्चल । माता अजुध्यादेवी नेपाल पिता जयमंगल नेपाल ।

**शिक्षा**:—एस० एल्० सी० र निजामति मध्यमा पास गरी बेला बेलाका न्यायसेवा-तालिम प्राप्त ।

**मुख्य पेशा** :—खेतीपाती ।

**सेवा** :—प्रारम्भदेखि विभिन्न तहमा

यान्य सेवा। लामो अवधि जिल्ला न्यायधीश पदमा रही सेवा गरेको। केही वर्ष मध्यमाञ्चल क्षेत्रीय अदालतमा रजिष्टार। वर्तमान सर्वोच्चअदालतमा न्यायाधीश।

**प्राप्त पदकहरू**:—प्रसिद्ध गोरखा दक्षिण बाहु चौथा।
राष्ट्रिय जनमत पदक।
जनपद सेवापदक।

हाल बसाइ र सम्पर्क—काठमाडौं नगरपंचायत वाडं नं० ३१ ज्याठा-टोल। फोन नं० २—१६.१६४

## ५.६.४. सदस्य-सचिव श्री नलराजशास्त्री नेपाल

जन्म-संवत् १९९६ साल लुम्बिनी अंचल, पाल्ला-धौराली। स्थायी बसाइ गौशाला काठमाडौ। शिक्षा स्नातकोत्तरतह (आचार्य, एम् ए. दुवै) त्रिभुवन विश्वविद्यालय। श्री ५ को सरकार प्रशासन सेवामा।



**सेवाको विवरण**—सामाजिक सेवामा २०१३ सालमा आफ्नू जन्मथली पाल्पा-खस्यौली धौरालीमा स्थानीय बालबालिकाहरूलाई पढ्न सुविधा नभएकाले सर्वप्रथम विद्यालय भवन बनाई आदर्श विद्यालयका नामले आदर्श विद्यालय स्थापना गरी दुई वर्षसम्म अवैतनिक सेवा गरेको। त्यसपछि उक्त विद्यालय आदर्श मा. वि. कै रूपमा कायम राख्न सक्दो सहयोग पुऱ्याएको; यसमा पहिले संस्कृत पाठशाला चल्दथ्यो।

गुरु नानक निर्मल संस्कृत विद्यालय चेतनमठ विश्वेश्वरगंज बाराणसीमा एकवर्षसम्म मध्यमासम्मका छात्र छात्रालाई अवैतनिक रूपमा पढाएको। यो सन् १९६१ को कुरा हो।

**सरकारी सेवा**—२०२२ सालमा श्री ५ को सरकारको राजपत्रांकित पदमा प्रवेश गरी नारायणी अंचलस्तरीय सूचना केन्द्र बीरगंजमा दुई वर्ष सेवा गरेको। २०२५ सालमा एक वर्ष सल्यान जिल्लामा पंचायत विकास अधिकारी र का. मु. प्र. जि. अ. भै एक वर्ष सेवा गरेको। २०२६ सालमा शुरूका चार महीना गुल्मी जिल्लामा का. मु. प्र. जि. अ. मा रही; नवलपरासीमा पंचायत विकास अधिकारी तथा का. मु. प्र. जि. अ. समेत भै २०२८ सालमा सेवा गरेको। २०२९ का शुरू ६ महीना बारा जिल्लामा पंचायत विकास अधिकारी। त्यसपछि २०२९ को अन्त-

सम्म कैलाली जिल्लाको पंचायत विकास अधिकारी तथा का. मु. प्र. जि. अ. पदमा रही सेवा गरेको। त्यसपछि शाखा अधिकृत तथा उपसचिव पदमा पदोन्नति भई करीब अढाई वर्ष विशेष प्रहरी विभागको सेवामा रहेको। २०३३ आश्विनदेखि २०३६ आश्विनसम्म बारा जिल्लाको प्रमुख जिल्ला अधिकारी पदमा रही सेवा गरेको। केही समय प्रशासन व्यवस्था विभागमा रहेको। त्यसपछि सूचना विभागमा उपनिर्देशक भै सेवा गरेको। यसबीचमा केही समय वनमन्त्रालयमा काजमा खटी माननीय वनमन्त्री रामानन्दप्रसाद यादवको व्यक्तिगत सल्लाहकार रही सेवा गरेको। यसरी अविच्छिन्न सरकारी सेवा बाईस वर्ष पूरा भएको छ। वर्तमान मध्य-माञ्चल क्षेत्रीय हुलाक निर्देशनालयमा निर्देशक पदमा सेवारत।

## राजनीतिक गतिविधिको रोकथाम र लाञ्छना अनि सफाइ—

२०३६ सालको बैशाख १५ गतेदेखि १७ गतेसम्म कलैया-बारामा विद्यार्थी हडतालका शिलशिलामा विभिन्न प्रदर्शनहरू भए। स्थिति असामान्य हुँदै गयो। पटक पटक भएका विद्यार्थी प्रदर्शनकारीहरू र प्रहरीकाबीच मुठभेड हुँदा स्थिति झन् उग्र हुँदै गयो प्रदर्शनकारीले ढुंगा मूढा गर्ने बाटो लिएकाले प्रहरीको लाठीप्रहारले नथेग्दा गोली चल्यो। गोलीद्वारा हताहत नभए पनि लाठीप्रहारले धेरै विद्यार्थीहरू घायल भए। यस अप्रिय घटनामा धेरै विद्यार्थीहरू पक्राउ परेकाले प्रशासनको विरोधमा बजार हडताल भयो।

बैशाख १९ गते राति वीरगंजबाट कलैया जाने सडकको दुधौरा खोलाको काठको पुलमा उपद्रवीहरूले डिजल छिटी आगो लगाइदिए। ७३ मिटर लामो पुल क्षतिग्रस्त हुँदा सवारी आवागमनमा बाधा पर्‍यो; अरू अनेक ध्वंसात्मक घटना घट्न थाले। यस्तै अप्रिय घटनाहरू हेटौंडा, पोखरा लगायतका शहरी क्षेत्रमा पनि घटेका समाचारहरू प्रकाशमा आएका थिए।

२०३६ बैशाख १९ गते बिहान श्री ५ महाराजाधिराज सरकारबाट शाही जाँच आयोग गठन भयो र यस आयोगले लगातार चार दिनसम्म कलैयामा गएर छानबीन गर्‍यो। अन्ततोगत्वा अरू जिल्लाको वस्तुस्थितिसमेत अध्ययन गरी २०३६ साउन ९ गते मौसूफमा प्रतिवेदन चढायो। प्रतिवेदनअनुसार २०३६ साल बैशाख १६ गते निस्केको विद्यार्थी जुलुसले शुरूदेखि नै ध्वंसात्मक रूप लियो र जीप, बस आदि सवारीका साधनमा ढुंगा ईंटाका टुक्रा प्रहार गरी शिशा फोर्ने आगो लगाउने जस्तो उपद्रो गर्‍यो। बारा जिल्लाअदालत, जिल्लापंचायत भवन इत्यादिका शिशा फोर्ने, भत्काउने बिगार्ने काम गर्‍यो। त्यस्तो उपद्रो टार्न अनुरोध गर्दा पनि नमानी वाणिज्यबैंक लुट्न बढेकाले प्र. जि. अ. को आदेशले लाठी चार्ज गरी विद्यार्थीहरूलाई तितरबितर गराएको मनासिब देखिन्छ—

१७ गते हाटको दिन भए तापनि विद्यार्थीहरूले बन्द गराएका दोकान-पसल खोल्ने क्रममा प्रशासनले राजी खुशी गराई काम गराउने बदलामा रीस जोशको विवादमा उत्री प्रहरीद्वारा लाठी प्रहार भएको मनासिब देखिएन तर घटनाक्रममा जनताले प्र. जि. अ. समेतलाई ईटाका टुक्राले हानेको, जिल्लापंचायत भवनको शिशा फोरेको अवस्थामा भीड तितरवितर पार्न हावामा गोली चलाएको मनासिब देखिन्छ भन्ने प्रतिवेदन पेश गऱ्यो।

उपरोक्त प्रतिवेदनका आधारमा श्री ५ को सरकारले २०३६।४।२८ मा निम्नबमोजिमको विज्ञप्ति प्रकाशित गऱ्यो—

तत्कालीन का. मु. गृहसचिव सूर्यप्रसाद श्रेष्ठलाई नसीहद।

तत्कालीन नारायणी अंचलाधीश रत्नबहादुर गुरुङ्लाई एक वर्षको ग्रेड रोक्का।

बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी नलराजशास्त्रीलाई प्रशासन व्यवस्था विभागको अतिरिक्त समूहमा सरूवा गर्ने, अरू कुनै कारवाही गर्नु नपर्ने।

बिस्तारमा यो ऐतिहासिक घटनासम्बन्धी विस्तृत अध्ययन मनन गर्न ग्रीष्म-बहादुर देवकोटाद्वारा लिखित **'नेपालको राजनीतिक दर्पण-जनमत संग्रह र त्यस पछि'** हेर्नु उपयुक्त छ।

**मानपदवी**—जनमतपदक, शुभराज्याभिषेक पदक, जानपद पदक।

**तालीम**—तीनमहीने प्र. जि. अ. तालीम त्रि. वि. सेडाद्वारा प्राप्त।

**कृति**—१. प्रथक सप्ताहव्यापी विकास उद्घाटन महोत्सव बारा २०३४ एक संस्मरण।

२. विकेन्द्रीकरण एक दर्शन ०४३

३. आर्य संस्कृति (प्रकाशोन्मुख)

४. हाम्रो राष्ट्रिय झण्डा (प्रकाशोन्मुख)

**केही स्मरणीय घटनाहरू—**

बारा जिल्लाको प्र. जि. अ. मा नियुक्त हुँदा निजलाई विशेषरूपमा दुई निर्देशन प्राप्त भएका थिए—(१) भ्रष्टाचारको गतिलाई निरूत्साहित गर्ने (२) विकासको वातावरण सृजना गर्ने।

भ्रष्टाचारको काम कारवाहीका शिलशिलामा करीब छ महीनाको 'अवधि-मा ९१ जनामाथि कारवाही चल्यो; केही कर्मचारीहरू सेवामुक्त पनि भए। यसले गर्दा भ्रष्टाचारको गतिमा शिथिलता त आयो नै साथसाथै गलत दिशातर्फ उन्मुख जनशक्ति विकास र निर्माणतर्फ उन्मुख भएकाले स्वतः विकासको वातावरण देखा

पऱ्यो। २०३४ सालको शुरूमा विकासको अभूतपूर्व लहरको सृजना भयो। अरू जिल्लामा प्राप्त गरेका अनुभवलाई त्यस जिल्लामा प्रयोगात्मक रूपमा सफलता-पूर्वक हेर्ने मौका पाएकोमा सन्तोष अनुभव गरें।

यसको प्रतिफल २०३४।८।५ देखि सात दिनसम्म प्रथम सप्ताह् व्यापी विकास उद्घाटन महोत्सवको रूपमा मनाउने सौभाग्य द्वारा जिल्लाले प्राप्त गऱ्यो। सो उद्घाटन महोत्सवमा तत्कालीन प्रधानमन्त्री श्री कीर्तिनिधि बिष्टद्वारा महोत्सवको उद्घाटन भएर तत्कालीन राष्ट्रिय पंचायतका अध्यक्ष श्री रामहरि शर्मा नेपालद्वारा महोत्सवको विसर्जन गरिएको थियो। त्यस महोत्सवमा गृहमन्त्री दामोदरसमशेर राणा, स्वास्थ्यमन्त्री रामानन्दप्रसाद यादव, शिक्षा राज्यमन्त्री पशुपतिसमशेर राणा; सहायक शिक्षामन्त्री हीरालाल विश्वकर्मा, सहायक उद्योग वाणिज्यमन्त्री गोपाल-चन्द्रसिंह राजबंशी समेतले त्यस विकास महोत्सवमा भाग लिएर विभिन्न विकास आयोजनाको उद्घाटन शिलान्यास गरेर सहयोग पुऱ्याएका थिए। साथै त्यहाँ भए गरेका विकाससम्बन्धी काम कारवाहीको मुक्तकंठले प्रशंसा गरेका थिए। सात दिन-सम्म लगातार विभिन्न आयोजनाहरूको उद्घाटनले विकासको नौलो वातावरण ल्याएको थियो।

त्यस उद्घाटन महोत्सवमा ३७,६४,४००।-को लागतमा ५९ आयोजनाहरू उद्घाटनका लागि तयार गरिएका थिए। करीब ६ महीनाका अन्तरालमा १८,१७,-३००।-को जनसहयोग जुटेको थियो। यससम्बन्धी पूर्ण विवरणको लागि पूर्वोक्त सं. १ को पुस्तक अधीतव्य छ।

**वर्तमान**—नेपाल वंशजपरिषद् महासमितिका महासचिव तथा कौशिकादि सन्तति प्रकाशिनी समितिका सदस्य-सचिव।

## ५.६.५. पूर्णप्रकाश नेपाल 'यात्री'



**जन्म** :—संवत् १९९१ साल श्रावण ४ गते बुधवार सायं। फूलनाम सीताराम।

**जन्मस्थल** :—भोजपुर सिक्तेल कटुजे, कोशी अञ्चल, पूर्वाञ्चल क्षेत्र; नेपाल।

**स्थायी बसाइ** :—प्रकाशनिकुंज, फैंकाटार कपन गा० पं० वार्ड नं० १, काठमाडौं।

**बाल्यकाल** :—कटुजेको लालिखाम, होम-तोकका खेतका फाँट र वनपाखाहुँदो कहिले कहीं खेल्न रमाउन पुगेको संझना छ। यथार्थमा वृद्ध पिता डि० कृष्णप्रसाद नेपाल र माता हरिप्रियाका लालनपालनमा हुर्किन पर्नु र तोते बोलीदेखि वेद

व्याकरणको अभ्यास गर्नुपर्दा अनि कर्मकाण्डविज्ञ ज्योतिर्विज्ञ पिताज्यूका साथमा डुलफिर गर्नुपर्दा छोको फुकाएर खेल्न पाएको संझना चाहिं छैन । अहिले पनि ताजा संझना छ पाँच वर्षको छँदा फागुनमा अन्नप्राशन, चूडाकर्म, उपनयन-संस्कार तथा वेदारम्भ कर्म पाँच दिनसम्म लगातार गरिएको थियो र स्वयं पिताज्यूले गायत्री सुनाउनु भएथ्यो ।

वेद एघारौं अध्यायसम्म र लघुकौमुदी, शतशति, हितोपदेश-मित्रलाभ थोरै अनि भास्वतीको आधाउधि पाठ तयार पार्दा नपार्दा सातवर्षको बालकलाई पितृ-विहीन र अट्ठाईस वर्ष युवतीलाई पतिविहीन तुल्याई पिताज्यूको देहान्त भएपछि त हाम्रो इतिश्री नै भयो भने फरक पर्दैन । हिजोका लखपति आजका हरिकंगालको अवस्थामा परिणत भइयो । दाजुभाइ र इष्टमित्रले विभिन्न अत्तो थापी थापी हाम्रो सर्वस्व गरेको कुरा मेरा आँतमा छँदैछ ।

तीनवटी आमाबाट सात भाइ र १३ बहिनी गर्दा हामी एकवीस पुगे तापनि पिताज्यूको दशगात्र गर्ने अवसरमा मैंले उतार्नु परेथ्यो । त्यसबेला भाइ विष्णुप्रसाद तीन वर्ष पुगेकै थिएनन् । तेन्हवटी दिदीबहिनीमा त्यसबेला पाँचवटी जीवित थिए अनि पाँचवटीका शाखा सन्तान र एउटी आफू मरेर गए तापनि भिनाजु पछि पनि आउनुहुन्थ्यो । एक दाजुका छोरामात्र जीवित, दुई दाजुहरू पछि आउँदा पाँचको लेखो गरी सोह्र जनाको खुट लगाउन सक्छु तर पनि पिताज्यूको देहावसान हुँदा र एक वर्षसम्म एक्लैले सारा कष्ट व्यहोर्नु परेकाले होला आँत रूखिएको छ र सहोदर कोही छन् जस्तो लाग्दैन ।

बाल्यकालमा भाइबन्धुले आडपीछा नदिए पनि नियतिले एक अभिभावक जुटाइदियो—स्वामी श्यामचैतन्य ब्रह्मचारी । पिताको बरखी गरेका भोलि पसिपल्ट मेरी आँमासँग मागेर लैजानुभयो र भोजपुरको दक्षिण भेक, गोगने, दिङ्ला, चैनपुर धनकुटा र धरानमा गरी दश वर्ष समय बित्दा बाल्यकाल पनि विदा भयो । पिता-ज्यूबाट पूरा हुन नपाएका वेद व्याकरण ज्योतिषको शिक्षणमा वेदको शिक्षा दीक्षा पं० भानुभक्त नेपालबाट; ज्योतिषको शिक्षा मामा पं० गणेशप्रसाद न्यौपानेबाट र व्याकरणको पठनपाठन गुरू पं० जयदेव अधिकारीबाट पूरा भएथ्यो ।

**शिक्षा** :—घरसारको शिक्षापछि विद्यालयीय शिक्षाको शुरूआत भएको हो दिङ्ला संस्कृत पाठशालाबाट । त्यहाँका गुरूहरू पिता पं० लक्ष्मीभक्त अधिकारी र छोरा पं० शिवभक्त अधिकारीका आपसी वैमनस्यबाट पैदा भएको भातेमुद्दा र कचि-गलका कारणले गर्दा दिङ्लामा लामो समय बसी अध्ययन गर्न मिलेन र चैनपुरमा गुरू पं० त्रैलोक्यनाथ भण्डारीसँग कहिले चैनपुर कहिले धनकुटा गर्दै एक वर्षसम्म बिताइयो ।

पहाडपर्वतमा प्रायः मानिसहरू छुल्याईं फटाईं, मुद्दामाम्लामा समय गुजार्दै- छन् भन्ने मेरो अनुभव छ। रचनात्मक कामतिर ज्यादै कम ध्यान दिएर अचाडू मनोवृत्तितर्फ छिट्टै लेपासिने संस्कार बसेकाले गुरुहरू पनि त्यस परिवेशबाट जोगिन नसकेको उदाहरण त पं० लक्ष्मीभक्त र पं० शिवभक्तको भाते कचिंगलबाट पाइहा- लियो। साथै गुरू पं० त्रैलोक्यनाथ पनि अपवाद बन्ने कुरा आएन। जे होस् स्वामी- ज्यूको बसाइ स्थायी जस्तो भयो धरानमा झरेर। गुरू पं० छविलाल पोखरेलका समयानुकूल समाज सेवाबाट पूर्व नेपालमा प्रायः जनता रसाएका थिए त्यसैले उहाँका विनयशीलता र सादगीपनका समीपमा थोरै अवधि भए पनि आफूलाई पुऱ्याउन पाएको थिएँ। अन्तमा २००८ सालको सम्पूर्ण मध्यमा परीक्षा दिन काशी जानुपर्दा पोखरेलज्यूका सामीप्यलाभबाट आफू वंचित हुनु परेको थियो।

काशीमा स्वामीज्यूसँग रामघाटको बसाइ र सन्यास संस्कृत कलेजको पढाइ अनि काशी हिन्दू विश्वविद्यालयको परीक्षा गर्दै गर्दै २०१२ साल बित्यो। तबसम्म परीक्षाका हकमा त साहित्याचार्य, साहित्यालंकार, विशिष्टशास्त्री, कर्मकाण्डमणि आदि दिइयो सफलता पनि पाइयो तर पछि ज्ञान गुणको दृष्टिले हेर्दा त ती सबै कानो ओखरभन्दा बढी केही थिएनन्। औपन्यासिक रूपमा चालू रहेको शिक्षा त्यसै साल स्वामीज्यूले आत्मसमाधि लिनुभएपछि टुङ्गो लाग्यो।

परीक्षा दिने काम त पछि आएर २०२६ सालमा पनि एक जमर्को गरेको हूँ—मानवशास्त्रमा एम० ए० उत्तीर्ण छ तथापि त्यसपछिका स्वाध्याय र स्वलगत अध्ययनद्वारा नेपाली भाषा साहित्य, संस्कृति, इतिहास, लोकसाहित्य, मानव- शास्त्रका मानवमितिशास्त्र तथा नृवंशशास्त्रमा जति ज्ञान हासिल गर्न पाएँ त्यसबाट बल्ल आत्मसन्तोष मानेको छु।

## तालिम तथा सेमिनारमा सहभागिता—

शिक्षक प्रशिक्षण केन्द्र (नर्मल शिक्षक तालिम) पाल्पाबाट १० महीने तालिम प्राप्त। पंचायत तथा ग्रामीण अगुवा प्रशिक्षण केन्द्र झापाबाट १ महीने अल्पकालीन तालिम दुईपटक २०२३ र २०२४ मा प्राप्त गरेको। ग्रामीण कार्यकर्ता प्रशिक्षण कार्यक्रमअन्तर्गत पाँच महीने प्रशासनिक तालीम २०२५; गाउँपंचायत-सचिव प्रशि- क्षण तालीम २०२५ तथा ६ महीने लेखापरीक्षण तालीम २०२६ प्राप्त गरेको। अनिवार्य नेपाली तथा नेपाली अभिमुखीकरण कार्यशाला गोष्ठी २०४३ को त्रि० वि० वि० पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास केन्द्रद्वारा आयोजित पन्ध्र दिने गोष्ठी- मा भाग लिएको। नेपाल सांस्कृतिक विश्वकोश निर्माण परियोजना काठमाडौंको एक सदस्य।

### स्वदेश तथा विदेशको भ्रमण—

भारत तथा फिलिपिन्सको युवा सद्भावना भ्रमण गरेको।

भारतका लक्षद्वीपीसमूह र अण्डमान निकोबर उपद्वीपबाहेक अरू राज्यहरूको अध्ययन भ्रमण गरेको।

स्वदेशको बाह्रवर्षे योजनाबद्ध अध्ययन भ्रमण सम्पन्न।

**समाजसेवा :—**

सकेसम्म सरकारी जागीरमा नलाग्नू, सार्वजनिक सेवामा समर्पित रहनू भन्ने उपदेश पाएको थिएँ अभिभावकबाट। त्यसैले समाजसेवाको माध्यम सोच्ने बखतमा श्रीमती दिव्यभावनाबाट खोज कार्यमा लाग्न आउने भन्ने पत्र आए-काले पश्चिम नेपालतर्फ लागें। त्यहींदेखि मेरो समाजसेवा शुरू हुन्छ। त्यसबेलाका सेवामूलक क्रियाकलापको सारांश यसप्रकार छ—ग्राम सुधारक विद्या सत्य प्रचारिणी समिति बलेवाको संस्थापक महामन्त्री २०१३। त्रिभुवन हाईस्कूल बलेवाको स्थापना-कालदेखि २०१७ फाल्गुन २५ गतेतक पाँच वर्ष प्रधान अध्यापक। डि० एस० वि० मिडिल स्कूल बलेवा चौरको केही समय प्रधान अध्यापक। हंसवाहिनी पुस्तकालय, जनता वाचनालय, जनसंगीतालय बलेवाको संस्थापक र दुई अवधि सभापति।

बलेवा हवाई-विमानघाट निर्माण समितिको सेक्रेटरी तथा जनप्रिय प्राथमिक विद्यालय दमेक; विनामारे निम्न माध्यमिक विद्यालय थन्थाप; जनजागृति प्राथमिक विद्यालय बलेवा अमलाचौर; रानीपानी विहादी प्राथमिक विद्यालय वाच्छा विहादी तथा महेन्द्र मिडिल स्कूल भृम्रे-बाघखोर पर्वत आदि विद्यालयहरूका स्थापना र संचालनमा सक्रिय योगदान पुऱ्याएको।

पंचकन्या भगवती जुनियर हाईस्कूल भुल्के पीपलचौर भोजपुरको संस्थापक र प्रधानाध्यापक २०१८—२०२०। अमर भारती पुस्तकालय भुल्के पीपलचौर; नागछाँगा प्राथमिक विद्यालय कटुजे; कोशी पुस्तकालय चतरा; हिमाली पुस्तकालय महेन्द्रनगर सुनसरी; जीतपुर सहकारी पशुपालन; सौंठा माध्यमिक विद्यालय सिजुवा मोरङ, नेपाल सेवाश्रम मृगस्थली काठमाडौं आदिका संस्थापक संचालक तथा ग्राम-शिक्षा मन्दिर माध्यमिक विद्यालय कपन काठमाडौंमा केही समय स्वयंसेवक शिक्षक रही नेपाली विषयको अध्यापन गरेको।

कोशी नदी बाढपीडित समिति चतरा २०२१ को प्रतिनिधि सदस्य, कोशी टप्पू ६६ प्लट समितिको सदस्य २०२२—२६, कोशी नदी बाढपीडित समिति २०२५ को सदस्य-सचिव, गाउँपंचायत-सचिव, वर्गीय संगठन जिल्ला-सचिव इत्यादि पदमा रही सेवा पुऱ्याएको।

**बौद्धिक तथा प्राज्ञिक सेवा :—**

करूणा, नागछाँगा तथा हिमाली सौगातको सम्पादन, स्वतन्त्र पत्रकारिता पूर्वाञ्चल क्षेत्रको २०२८—२०३२ सूचना विभागको पत्रकार, स्वाध्याय तथा स्थल-

गत अध्ययनार्थ स्वदेश दर्शन कार्यक्रममा २०२७—२०३८ जम्मा बाह्रवर्ष यात्रा साथै पूर्वमा बर्मा र असामको सीमादेखि पश्चिममा कश्मीरको सीमासम्मका पर्वतीय राज्यहरू तथा हिमालयाश्रयिन् क्षेत्रहरूको अध्ययन भ्रमण । निजी क्षेत्रमा संचालित श्री पशुपति रात्रि क्याम्पस चावहिल काठमाडौंमा नेपाल परिचय विषयको अध्यापन २०३९—२०४१ ।

मानवशास्त्र, मानवमितिशास्त्र तथा नृवंशशास्त्रमा निजी हैसियतले स्थलगत अध्ययन भ्रमण तथा अनुसन्धान गरी मानवशास्त्रमा राउटे लोकजीवन, नृवंशशास्त्रमा खश जाति र संस्कृति (प्रज्ञा) मानवमितिशास्त्रमा श्रीपालीवंश (प्राचीन नेपाल) मगन्ते लोकजीवन, राजी लोकजीवन, पणाल लोकजीवन इत्यादि प्रकाशमा ल्याउनाका साथै कर्णालीप्रदेशको लोकसंस्कृति सर्वेक्षण विषयमा त्रिभुवन विश्वविद्यालय-अन्तर्गत नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुरमा प्राज्ञिक सेवा २०३६—२०४१। वर्तमान नेपाली भाषाको ध्वनितत्व तथा समाज संस्कृति परिशीलन विषयमा छुट्टा छुट्टै उच्चस्तरीय अनुसन्धान कार्यमा सम्बद्ध तथा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र अध्ययन संस्थानतर्फको भाषा शिक्षण संकायसँग सम्बद्ध उपप्राध्यापक पदमा सेवारत—पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा ।

**साहित्य सेवा** :—दिङ्लामा बसेका बेला ख० यज्ञनिधि चापागाईंको 'आवाल ब्रह्मचारी चरित्र' भन्ने खण्डकाव्य हात पर्‍यो । त्यसका रचनात्मक मिठासले कोमल स्पर्श गरेकाले '**वर्णाश्रम धर्म**' भन्ने खण्डकाव्य लेखें । यो कृति रामचरित्रमा आधारित छ । यस रचनासँगसँगै एघारवटा छोटा छोटा निबन्धहरूको संग्रह '**वर्णाश्रम व्यवस्था किन** ?' पनि लेखें । यी दुवै कृति २००८ र ९ मा पं० टीकादत्त धिताल नेपाली सौभाग्य पुस्तकालय वाराणसीद्वारा प्रकाशित छन् । त्यसपछिको **कृति विवरण यसप्रकार छ** :—

| | | |
|---|---|---|
| क. | ३. शान्तिपुष्पोपहारम् (चम्पुकाव्य) | २०१० |
| | ४. आँधिमय जीवन (उपन्यास) | २०११ |
| | ५. यौवन र विवाह ( ,, ) | २०१२ |
| | ६. जोगमाया ( ,, ) | २०१६ |
| | ७. महाकाली अंचल दिग्दर्शन (अनुसन्धान) | २०३३ |
| | ८. सेतीको नालीबेली (नियात्रा) | २०३४ |
| | ९. सेतीका तारा (भाषा-साहित्य) | २०३४ |
| | १०. सेती अंचल दिग्दर्शन (अनुसन्धान) | २०३५ |
| | ११. रूपान्तर (उपन्यास) | २०३६ |
| | १२. काशीपुरी परिदर्शन (नियात्रा) | २०३६ |

१३. बदलिँदो घामछाया (नियात्रा) २०३७

१४. राजा गगनिराजको यात्रा (भाषा) २०३८

१५. नियात्राको नौलो सुसेली (नियात्रा) २०३९

१६. राउटे लोकजीवन (मानवशास्त्र) २०४०

१७. भेरी लोकसाहित्य (संस्कृति) २०४१

१८. सिजाको ऐतिहासिक रूपरेखा (इतिहास विवेचना) २०४२

१९. पर्दाभित्र (उपन्यास) २०४३

२०. कौशिकादि सन्तति (प्रस्तुत—मानवमितिशास्त्र) २०४५

२१. पहलमान स्मृतिग्रन्थ संयुक्त वा सहलेखनमा—नेपाली शिक्षा परिषद्

२२. मोतीस्मृति ग्रन्थ ,,

२३. पच्चीस वर्षका भाषिक चर्चा— ने० रा० प्र० प्र०

२४. नेपाली व्याकरणका केही पक्ष —ने० रा० प्र० प्र० २०४४

२५. लेखनाथ पौडेल स्मृतिग्रन्थ—साझा प्रकाशन

२६. २०१७ सालपछिको नेपाल—२०४४ पंचायत रजतजयन्ती उपसमिति

२७. भोजपुर २०४५—भोजपुरे सेवासमिति काठमाडौं

ख. प्रकाशोन्मुख कृतिहरू:—

१. काव्यतर्फ :—

१. मान्छेको अस्तित्व (खण्डकाव्य)

२. मेरो नागछाँगा (गीतिकाव्य)

३. सपूत सोमाली (खण्डकाव्य)

४. गेलाल बाला (महाकाव्य)

५. सिजापति बाला (महाकाव्य)

६. कविता संग्रह

७. मेरो भोजपुर (गीतिकाव्य)

८. बाँसको खेती ( ,, )

२. उपन्यासतर्फ :—

१. एकझुत्तो पोते

२. भावना

३. आत्महत्या

४. मलाई पर्खन मन लाग्छ

५. एक नदी दुई दोभान

६. खशिनी

७. प्रणय
८. मैयासाहेब
९. दीर्घतमा
१०. बालशोभा
११. फेरि भेटौंला
१२. संघर्ष
१३. सिउँदाको सिन्दूर

३. निबन्धतर्फ :—

१. निबन्ध मंजरी
२. नेपालीत्वका पाँच पूर्वाधार
३. जीवनवृत्त

४. नियात्रातर्फ

१. राराको सौंराई
२. भेरीका गाउँघर
३. कर्णालीको नालीबेली
४. रापतीको चौतारी
५. नेपाल र नेपाली
६. हाम्रो सीमाना
७. नागछाँगा
८. मेचीमा बरालिंदा
९. कोशीका लहर
१०. नेपाली बूढ़ा

५. इतिहासतर्फ :—

१. कर्णालीप्रदेश दिग्दर्शन
२. कर्णालीप्रदेश भाषा साहित्य
३. नेपाली समाज संस्कृति परिशीलन १
४. कर्णालीप्रदेशको मध्यकालीन इतिहास
५. मध्यकालीन कर्णालीप्रदेशको आर्थिक इतिहासमा छत्तीस कर
६. सुरखेत इतिहासमाला
७. केही ऐतिहासिक पृष्ठहरू
८. नेपाल दिग्दर्शन

६. भाषा तथा साहित्य :

१. नेपाली सजिलो व्याकरण
२. अभिलेख संग्रह (भाग १ देखि ५ सम्म)
३. नेपाली भाषामा ध्वनितत्त्व अध्ययन
४. भाषिक सर्वेक्षण प्रतिवेदन
५. नेपाली शब्द-सागर कौस्तुभ
६. नेपाली भाषाको ऐतिहासिक मीमांसा
७. नेपाली साहित्याकाशका नौलाख तारा
८. नेपाली साहित्यमा समालोचनाको इतिहास

७. लोकसाहित्यतर्फ :—

१. नेपाली लोकरामायण
२. वियोगान्त लघु लोककाव्य
३. नेपाली लोककौमुदी
४. नेपाली लोकगीतमा संवेदनशीलता
५. नेपाली लोकायत

८. समाज संस्कृतितर्फ —

१. नेपाल सौरभो
२. नेपालमा नृवंशशास्त्र
३. कौशिकादि सन्तति (बाँकी ४ भाग)
४. नेपाली वंशावली : मध्यवर्ती अध्ययन
५. तीन लोकजीवन
६. नेपाली समाज संस्कृति परिशीलन २, ३
७. खसजाति तथा संस्कृति

९. मानवशास्त्रतर्फ :—

१. नेपाली भाषा एवं नृतत्व अध्ययनमा मानवसत्त्व
२. राउटे लोकजीवन (परिवर्द्धित संस्करण)

(द्रष्टव्य—ठाकुरनाथ वेदान्ती, वि० पुण्यप्रसाद उपाध्याय, जीवन हिमाली नामबाट पनि केही कृतिहरू प्रकाशित छन् र केही प्रकाशोन्मुख पनि छन् ।)

१०. विविध :—

१. हिन्दू धर्म शिक्षा
२. नेपालमा संस्कृत वाङ्मयको इतिहासमा पंडित दधिराम पौडेल
३. समसामयिक सन्दर्भ

४. नेपाली राजनीति र व्यक्तित्व

५. यो माम् जयति संग्रामे

**११. फुटकर लेखरचनाहरू :—**

विगत २००६ सालयता संस्कृत तथा नेपाली भाषामा रचित भई नेपाल तथा भारतका पत्रपत्रिकामा प्रकाशित रचनाको संख्या कति होला त्यसको निश्चित अंक बताउन त संभव छैन तथापि पत्रिकाको नामसम्म उल्लेख गर्नु लाभदायक हुन सक्ला। जस्तो:—पण्डितपरिषद्, छात्रवाणी, नेपालपुकार, सत्यपुकार, करुणा, मंजरी, फेवा, कोशी, कोशीको-लहर, कोशी-पाक्षिक, हिमाली-रमझम, हिमालचुली, हिमाली-सौगात, शंखध्वनि, सज्जन, बरगाछी, काफल, पीपल, नेपाल, विवेचना, साहित्यालोक, डोली, विश्वदीप, जनवार्ता, कोसेली, युगबोध, भानु, साहित्य-दर्पण, समर्पण, जुही, मुस्कान, सांग्रिला, साहित्य-सौगात, सही-आवाज, विश्वदूत, आरती, गोरखापत्र, मधुपर्क; नेपाली, प्रज्ञा, मुस्कान, सिन्दूर, उपहार, जिज्ञासा वाणी-साधना, रचना, गरिमा, मिर्मिरे, नयाँ रचना, ओखलढुंगा, मिलन, राजधानी, पखेरू, संचय, वार्ता, सिर्जना, नेपालप्रभा, महेन्द्रप्रभा, कंट्री-व्युसन, वाङ्मय, धर्मसन्देश, धर्मदर्शन, रूपरेखा, भारद्वाज, शिक्षा-सौरभ, झंकार, वाग्मती, ऐश्वर्य, प्राचीन-नेपाल, नेपाल, नेपाली; पाँचौं पीढी, हाम्रो संस्कृति, हिमदूत, किसान, चिन्तन; ट्राभल्स-राइटर्स, पार्वती, कर्मचारी मिलन स्मारिका आदि। यिनमा कथा, कविता, समीक्षा, लेख, निबन्ध, समालोचना, प्रबन्ध, नियात्रा, तथा अनुसन्धानसम्बन्धी रचनाहरू प्रकाशित छन्। कूलसंख्या एक हजार जति पुग्न सक्लान्।

**१२. कार्यपत्र:—**

नेपाली समाजको वर्तमान स्वरूप (बदलिंदो घामछाया) नेपाली भाषाको वर्तमान स्थिति (रचना) नेपाली ध्वनितत्त्व (नेपाली व्याकरण अधिगोष्ठी-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) प्रकाशित; अप्रकाशितमा नेपालमा मानवशास्त्रको मौलिक प्रकृति; नेपाली लोकसाहित्य: तुलनात्मक अध्ययन, नेपालीत्वको निजस्व तथा वर्चस्व आदि।

**१३. सार्वजनीन प्रवचन:—**

पचासभन्दा बढी। मानवशास्त्र, नृवंशशास्त्र, मानवमितिशास्त्र एवं जन-जातिशास्त्रमा तथा नेपाली भाषामा विशेष बढी अध्ययन अनुशीलनपूर्ण प्रवचनहरू भएका हुन सक्छन्।

**सदस्य**—साउथ एशिया कंसल्टेडिङ् सर्भिस पोखरा नेपाल।
उपलब्ध पुरस्कार—नेपाली लोकसाहित्य पुरस्कार। २०४०
नागरिक अभिनन्दन—चतरा सुनसरी २०३८।
प्रतिभाप्रति सम्मान—विराटनगर २०४३

## विवाहित जीवन—

पहिलो विवाह सिक्तेल वितलब निवासी श्रीमान् मधुसूदन घिमिरेकी सुपुत्री चारुवदनासित र दोस्रो विवाह तत्काल धरानका वेणीमाधव आचार्यकी सुपुत्री दिव्य-भावनासित आफू नाबालक छँदै सम्पन्न भएका तर पहिलो विवाहमैं कचपच परी वातावरण धमिलिएकाले वैवाहिक जीवन अर्थपूर्ण हुन नसकेको। अध्ययनका क्रममा देश विदेश गरिरहँदा र ससुरालीहरू बसाइ सरी कतै गएकाले दिव्यभावना बेपत्ता भएकी। पछि २०२० सालमा भोजपुर हतुवा सल्ले निवासी श्रीमान् आदौराम निरौलाज्यूकी सुपुत्री भुवनेश्वरीसँग तेस्रो विवाह भएको हुँदा तीनवटी पत्नी संग्रह गर्नमा परिएको हो। यद्यपि वास्तविक दाम्पत्यजीवन दुईटीसँग चलिरहेछ र गार्हस्थ्यजीवन सुखमय रहेको छ।

## सन्तति सुख—

चारुवदनाबाट शैलेन्दुप्रकाश, आनन्दप्रकाश, भास्करप्रकाश र पारसप्रकाश समेत चार छोरा र भुवनेश्वरीबाट पंकजप्रकाश, जीवनप्रकाश र ओमकारप्रकाश समेत तीन छोरा पैदा भई सात छोरा छन्। यसरी ठूलो पारिवारिक संख्या बन्न गए पनि संग्रहित परिवारमा सबै सकुशल अध्ययन अध्यापनमा संलग्न रहेकाले शिक्षा तथा साहित्यका दृष्टिले शिक्षित परिवारमा परिएको छ। प्रायः छोराहरू शिक्षा र साहित्यका प्रेमी हुँदा आफ्नातर्फबाट राष्ट्रका सर्वाङ्गीण विकासमा यथायोग्य योगदान पुग्दैरहेजस्तो लागेको छ। त्यस्तै काकताली पर्दा कतिपय विषम परिवेश-भित्र रुमलिनुपर्ने खण्ड आइपरे तापनि वर्तमान गार्हस्थ्यजीवनको सम्पन्नता सन्तो-षजनक बनेको महशूस भएको छ।

जीवनका प्राप्ति र उपलब्धिको समीक्षा गर्दा प्रारम्भिक चरणतिरका विपन्नताहरू कतिपय अभिशापग्रस्त पनि देखापर्दछन् तथापि सामु परी आउने समस्यासित संघर्ष गर्न पछि नपरिएकाले अब खास विपन्नता र विषम परिस्थिति-बाट त्राण पाइएको अनुभव गरिँदैछ।

**बसाइ सराइ**—भोजपुरमा एक प्रकार जन्ममात्र भयो नाना ठाउँका बसाइका क्षणहरू अल्पतामा परे। मैले जन्मभूमिका लागि जन्मस्थलमैं बसेर उपयुक्त सेवा गर्न नसक्नुका कारणमा शायद निर्वाहको खोजी नै भन्नुपर्ला। पिछडिएका एकान्त कुनामा पैदा भई बाल्यकाल पनि पूर्णरूपमा सुखमय बन्न नपाएको र आफ्नो कुल-घराना-समाजको मौलिक भावना भाग्यवादमा प्रतिबद्ध रहेकाले त्यसलाई नकार्न-निम्ति हरदृष्टिकोणबाट संघर्ष नगरी सुखै पाइएन। मुख्यतः जिजीविषा जीवन्त राख्न चाहने व्यक्तिले कार्यक्षेत्रको खोजी नगरी घर पाइँदो रहेनछ त्यसैले गर्दा जन्मस्थल त्यागेर बाहिर जान कर लाग्यो। दोस्रो कुरा सानैदेखि बाहिरको बाहिरै

रहनुपरेको र प्रारम्भमा केही गर्ने उत्कण्ठा साथै उपयुक्त वातावरण पनि बाहिरै जुटेकाले होला जन्मस्थलप्रतिको मोह त्यति मौलाउने पाएन र अन्तमा तेस्रो कारण मानेको छु परम्परागत अवधारणा र वर्तमान परिवेशका बीचको निरन्तर द्वन्द्व। यस द्वन्दका बीच आफूलाई उपस्थित गराउनपर्दा कतिपय सामाजिक मूल्य र मान्यताहरू नै विषमताले ग्रस्त नपाइएका होइनन्। अनेकौं झंझावात र विषम परिस्थितिसँग भीडनुपर्ने वातावरण परी आउँदा आफ्नो उत्थान र कुल-घरानाका प्रतिष्ठाका खोजीमा, कार्यक्षेत्रका खोजीमा अनि **म र मेरो कर्तव्य** जस्ता सूक्तिको सार्थक चयनकै खोजीमा भाग्यवाद र परम्परागत अवधारणालाई बिर्सिदिन कर लाग्यो त्यसैले मैले जन्मस्थलबाट टाढा झन् टाढा रहने निर्णय लिनुपऱ्यो; लिएँ।

भोजपुरबाट सुनसरी जिल्लाको चतरा अनि महेन्द्रनगरमा बसाइ सर्नुको मुख्य कारण यो थियो तर चतरा महेन्द्रनगरले पनि चिताएको पूरा गर्ने आशानुकूल सहयोग गर्न सकेनन्। उल्टै अनेकौं महामारी, बाढीपीडा, अग्निपीडा, चोर तस्कर तथा दुःषित वातावरण र परिवेश साथै अनेक भवितव्यले पर पर धकेल्दै लगेर मोरंग जिल्लाको सीमावर्ती प्रक्षेत्रसम्म पुऱ्याए। त्यहाँ पनि **लेखला भावी मेटला को?** चरितार्थ हुन आयो। खुल्ला अन्ताराष्ट्रिय सीमानाको कटु अनुभव गर्नुपर्ने र पाइलैपिच्छे तस्कर, ठगलुच्चा र जाली-फटाहाका पंजाबाट सत्यको उद्धार गर्नुपर्ने हुँदा मानिसलाई नै आडपीछाको खाँचो पर्दो रहेछ त्यसैको परिपूर्तिस्वरूप विराटनगरको बसाइ अनिवार्य भएको विश्वास मानेको छु। सिजुवा सौंठा पुनर्वास क्षेत्रदेखि विराटनगरसम्मका समसामयिक परिवेशहरूले पनि मेरो उत्कण्ठालाई आत्मसात् गर्न सकेनन् उल्टै अझ यात्रा टुंगिएको छैन भने। त्यस परिस्थितिमा अन्धकारबाट उज्यालोतिर लम्कनकै लागि देवकोटाको उक्ति '**कि गरिछाड्यो कि मरी छाड्यो मर्दको इरादा**' रोज्नुपऱ्यो।

## विचारधारा तथा त्यसको जग—

श्रोताजन तथा प्रिय पाठकवृन्दमा नौलो पत्यार पार्नुपर्ने केही नौला प्रकृतिका कुराहरू मसँग जीवनमा भिजेका छन्। जस्तो मेरो जन्म बाबुआमाका साठी वर्ष उमेरको फरक र बाबुछोराको एकासी वर्षका जेठकान्छी सबैमा पर्न सक्छ सक्दैन? एक यो कुरा, दोस्रो पाँच वर्षको अबोध शिशुको चूडा उपनयन व्रतबन्ध, वेदारम्भ संस्कार सम्पन्न हुनु र सात वर्षको लाग्दासाथ पितृवियोग हुनु जस्ता दैवी प्रहारहरू सबैका जीवनमा आइपर्ने खालका स्वाभाविक घटनाहरू भन्नै मिलेनन्। अप्रत्याशितरूपमा करुणामूर्ति महात्मा साधुको संरक्षण पाएकाले मात्र शिक्षा-दीक्षाबाट वंचित परिएन छ नत्र त्यो पनि विरलाकोटि भन्नुपर्ने सोचनीय हुन धेरै असम्भव रहेन छ। आफूमाथि ल्याई पारिएका छलछाम र धोकाधडीका निमित्त विचार राख्नुपर्नेमा

वर्तमान समाजमा विद्यमान सामाजिक विडम्बना र विसंगति, अन्याय अत्याचार, शोषण दोहन तथा उत्पीडनजन्य अनेक कठिनाइसँग संघर्षरत रहनु पर्दा शायद मनमा एक प्रकारको विद्रोह पैदा भयो । परन्तुमा त्यसरी पैदा भएको विद्रोह नै जीवनको मार्गदर्शक बनेको हो कि भनेर सोच्नुपर्ने ठाउँ पनि छ ।

बाल्यकालको पितृवियोग, शोषक सामन्त र जाली फटाहाद्वारा सताइनु, धन र धर्मका आडमा अनेक प्रकारका ताडना र यातना दिलाइनु सताइनु र बाल-विवाहको शिकार हुनु, गरीबी र दारिद्र्यको कटु अनुभव गर्नुपर्ने अवसर आई पर्नु इत्यादिले कमजोरवर्गप्रति सहानुभूति राख्ने प्रवृत्तिको थालनी गरेको हो भनी ठानेको छु । अतएव कमजोरवर्गप्रति सहयोग, सद्भावना र सहानुभूति राख्न, आफूलाई राष्ट्रिय चरित्रका नजीक पुऱ्याउन र सेवापरायण बनाउन, विना महत्त्वाकांक्षा परोपकारमा अग्रसर रही कसैका कृपापात्र नबन्न; राष्ट्रिय चिन्तनधारादेखि अपरि-चित नरहन, नेपालीत्वका मूलभूत विशेषताहरूको खोजीनीति गरी यथासंभव प्रकाशमा ल्याउन र जिन्दगीमा सादगीपन अपनाउँदै अन्तिम अवस्थातिर परिव्राजक बन्नका लागि प्रारम्भमै समाजसेवाको दीक्षा लिएको छु । यसलाई कसैले समाजवादी दर्शनद्वारा प्रभावित भनेमा कदाचित् आश्चर्य मान्दिन होला ।

साधुको संरक्षण प्राप्त भएकाले हरप्रयत्नद्वारा जननी जन्मभूमिको, जाति र समाजका सेवामा निशंक समर्पित गराउने बानी बस्यो । हुनत निश्छल र ईमान-दारिता समयसापेक्ष अभिशाप मानिन पनि सक्लान् तथापि आफूलाई आफ्ना काबुमा राख्न हरप्रयत्नद्वारा दृढ प्रतिज्ञ रहने छु ।

मेरा पिताज्यू आफ्ना जीवन कालमा प्रकाण्ड ज्योतिषी हुनुहुन्थ्यो । उहाँका भविष्यवाणीहरू आजसम्म व्यर्थ गएका छैनन् त्यसैले ज्योतिषशास्त्रप्रति मेरो अगाध विश्वास रहेको छ । मेरो जन्म स्थिर लग्नमा भई पंचम त्रिकोणमा तीन ग्रहको वर्गोत्तमयोग परेको, जीवयोग, सफरियोग, गजछायायोग, चतुश्रयीयोग र अद-मन प्रभाकर योग जस्ता योगहरू परेकाले हेरी ठहराई आफूलाई अध्ययन अनु-सन्धानतर्फ समाहित गराएको हुँ । संभवतः भविष्यमा विद्यावारिधि गर्ने अवसर मिल्यो भने शायद मैले मानवशास्त्र विषय रोज्नुपर्ने छ किनभने मेरालागि यो विषय रूचिप्रद सिद्ध छ । यद्यपि नेपालमा मानवशास्त्र विषयको अध्ययन गर्दा मौलिक तथा पौरस्त्य दृष्टिकोण राखेर गरिनु हितकर हुनेछ परन्तु पाश्चात्य दृष्टिकोणले नेपालीत्वका अस्मितामा एकरत्ती हित पुऱ्याउने छाँट मैले देखेको छैन ।

मानवशास्त्रका अनेक प्रभेदमध्ये मलाई **'मानवमितिशास्त्र'** प्रिय लागेको हुँदा नेपालमा नृवंश अध्ययनको स्थलगत अभ्यासमा आफूलाई अग्रसर गराएको हुँ। सामान्यतः यस अभ्यासबीच पर्न आउने कठिनाइहरू निकै छन् तथापि आफूद्वारा संकलित सामग्रीहरू यथासम्भव अनुशीलन तथा सम्पादन गरी प्रकाशमा ल्याउन

सकें भने भविष्यमा राष्ट्रियस्तरको '**मानवमिति पुरस्कार गुठी**' स्थापना गरौंला भन्ने चिताएको छु, जसो होला । त्यसमा शर्त रहने छ नेपाली राजनीति र संस्कृतिको सीमाभित्र रही नेपालमा नेपालीद्वारा तयार पारिएको उच्चस्तरीय अनुसन्धानात्मक कृति ।

मानिसले चिताउँदैमा चिताएको पुगिहाल्दछ भन्न मिल्दैन तापनि कसैको कुभलो नचिताएमा आफ्नो भलो हुने कुरा निश्चित छ । जीवनको पहिलो शर्त हो अर्काका गुणको प्रशंसा गर्नु अनि अवगुणतिर चासो नदेखाई आफ्नो बाटो लाग्नु । भलो गर्न सकेमा आ-आफ्ना स्थानबाट सबैको भलो चिताएको ठहर्छ भन्ने सल्लाह दिनु हुन्थ्यो मेरा संरक्षक **स्वामी श्याम चैतन्य ब्रह्मचारी** । उहाँको सल्लाह पूर्णरूपमा पालन गर्न नसके पनि छिद्रान्वेषण गर्ने, अरूलाई छास्न र होच्याएर कुरा गर्ने, सानो ठूलोको, धनी गरीबको, सुखी र दु:खीको बीचमा भेदभाव राख्न आफ्ना विद्यार्थीसँग पैसा धुतेर ट्यूसन पढाउन र आहारशुद्धि व्यवहारशुद्धि त्यागेर टाढा जान चाहेको छैन । समाजका सदस्यमाथि आइपरेका आपत्ति विपत्तिमा कसरी सहयोग पुर्‍याउन सकिन्छ र उद्धार कार्यमा संलग्न हुन सकिन्छ यसबारेमा सदा चिन्तित रहने बानी छ । ईश्वर खोज्न मन्दिरमा जाने, पवित्रता खोज्न नदीमा जाने, बड्प्पन खोज्न चाकरी र चापलुसीमा लाग्ने बानी छैन अनि कुनै पनि बहु खर्चिला काम गर्ने, खेलबाडमा समय बिताउने र पिठ्यूँपिरि अरूको धोती धुने जस्तो काम सिक्न मन लागेन ।

सिजुवास्थित सौंठा माध्यमिक विद्यालयले आयोजना गरेको साहित्यिक समारोहबीच भाषाशास्त्री महानन्द सापकोटाले गराउनु भएको प्रतिज्ञा नबिर्सनकै लागि अग्रसर हुनेक्रममा राजधानी काठमाडौंको स्थायी बासिन्दा बन्न आएको छु । अब यसलाई कार्यक्षेत्र बनाएर भविष्यमा केही कर्तव्य पूरा गर्नुपर्ने छ ।

भन्नका हकमा जानीफकारहरूले भनेको सुनिन्छ मानिसलाई कहिल्यै सन्तोष मिल्दैन । म विचार गर्दछु यस भनाइमा कति सत्यता छ ! तर मैले यसलाई हो भन्न सकेको छैन किनभने सन्तोष मान्दा मानिन्छ । असन्तोषीलाई मात्र सन्तोष दुर्लभ छ । यो व्यक्तिगत स्वभावमा निर्भर रहने कुरा हो ।

हो, प्रत्येक व्यक्तिको एउटा न एउटा धोको हुन्छ जुन धोको पूरा भयो भने उसले सन्तोष अनुभव गर्दछ । नयाँ कुरा चिताउनु असन्तोष होइन ।

त्यस्तै धोकोको डोको बोकेर हिड्ने डोकेमध्ये म पनि एउटा यात्री हूँ । मेरो धोको थियो यस '**कौशिकादि सन्तति**' लाई प्रकाशमा ल्याउने, यो यति भए पनि भयो । यसलाई कच्ची मार्गरेखा मानेमा अब भावी अनुसन्धाताहरूले यसका अरू आवश्यकताहरू पूरा गर्दै लैजाने छन् त्यसैले म पूर्ण सन्तुष्ट छु—

**पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥** ●

## ५.६.६. ज्ञानमणि नेपाल



**जन्म** :—वि सं. १९८९ साल माघ शुदी श्रीपंचमी ।

**जन्मस्थल** :—खोटाङ् पुरानागाउँ, सगरमाथा अंचल । पिता पं० भानुभक्त नेपाल, माता अम्बिकादेवी नेपाल ।

**वासस्थल** :—सिक्तेल बतासे ददिपुर, भोजपुर, कोशीअंचल ।

**बाल्यकाल** :—जेठी आमाको प्रसूति व्यथाले निधन भएको हुँदा पुनः त्यस्तो अनिष्ट नहोस् भनी आमालाई मावलमा पठाइएको अवस्थामा मावलीमा जन्म भयो । न्वारानको नाम चक्रपाणि । एउटी बहिनीको जन्मपछि २००० सालमा आमाको अकस्मात् निधन । कान्छी आमा विष्णुमायाबाट ५ भाइ छोरा र २ बहिनी छोरी पैदा भएपछि ६ भाइ ३ बहिनी गरी ९सन्तान अहिलेसम्म जीवित । पण्डितघरानाको जन्म भएकाले खेलबाडमा समय खेर फाल्ने कुरा थिएन त्यसोहुँदा पाँचवर्षकै उमेरदेखि पढाइमा लागेर सिक्तेल बतासेदेखि गोगने पाठशालाको वातावरण र परिवेशभित्र तत्कालीन समाजको प्रचलनअनुसार पहिला किताब, रुद्री, चण्डी, भानुभक्तीय रामायण पितामह प० वैयाकरण नेपालका लेखरचनाहरू पढ्दा पढ्दै शैशव अवस्था पार भएको । आठवर्षको लाग्दा उपनयन व्रतबन्ध सम्पन्न भएको ।

**शिक्षा दीक्षा** :—पहिला किताबबाट घरसारमा शुरू भएको शिक्षा रुद्री चण्डी स्त्रोत्र पाठ, रामायण आदिद्वारा अघि बढ्दै गएपछि वाचन पठनक्रम बढ्दै गयो । व्रतबन्ध भएपछि वेदारम्भ, लघुकौमुदी, अमरकोश, चाणक्य-नीतिदर्पण र हितोपदेश मित्रलाभको पढाइ दाजु पं. वासुदेवसँग भयो । त्यसपछि गोगने पाठशालामा गुरु पं. जयदेव अधिकारीसँग मध्यकौमुदी, अमरकोश, रघुवंशको पढाइ । साथै श्रुतबोध र केही तर्कसंग्रहको पढाइ पनि पूरा भयो ।

उच्चशिक्षाका लागि काशी जाने वा काठमाडौं जाने भनी घरमा छलफल हुँदा काठमाडौं जाने निधो भएकाले पिताज्यूले पं. लक्ष्मीप्रसाद पोखरेलका साथ लगाई काठमाडौं पठाउनुभयो । हिंड्ने वेलामा काशी गए पनि पाठशालामा नखानू, क्षेत्रको अन्नपानी नखानू, तीर्थको दान नलिनू भनेर बाले मलाई बताउनुभएको थियो । पहिले पहिले पनि पितामही र पिताज्यूका उपदेशले म यी कुराहरू गर्न हुँदैन भन्नेमा पूरा विश्वस्त थिएँ ।

म काठमाडौं आइपुगें । अब कोसँग पढ्ने ? कहाँ पढ्ने ? भन्ने चर्चा चले । त्यसबेला तीनवटा विकल्प थिए—

१. रानीपोखरी संस्कृत प्रधान पाठशालामा भर्ना भएर पढ्ने, परीक्षा दिने ।

२. शेषराज गुरुसँग पढ्ने चाँडै पास हुने ।

३. नयराज गुरुसँग पढ्ने अष्टाध्यायीको पढाइ गर्ने, परीक्षा नदिने ।

यी तीनमध्येमा रानीपोखरी प्रधान पाठशालाको पढाइ राम्रो छैन भन्ने कुरा मेरा कानमा परिसकेको थियो त्यसकारण त्यहाँ पढ्ने, तीनधारा पाठशालामा भर्ना भएर भात खाने कुरै भएन । दोस्रा कुरामा पं० लक्ष्मीप्रसादको पनि अनुमति थियो । तेस्रामा जाँच नदिने पढाइ हुँदा पछि अपजश आउँछ कि भनी पं. लक्ष्मीप्रसादको विचार पनि शेषराजकहाँ पढ्नेमा ढल्केको थियो । परन्तु उहाँका छोरा भने नयराजकै पाठशालामा पढ्दथे । अब कहाँ पढ्ने भन्नेमा केही दिन बिते । मैले नयराज गुरुसँग पढ्ने निधो गरें ।

दाजु पं. वासुदेवले पंचतन्त्रको **अनन्तपारम्** भन्ने श्लोकको व्याख्या गर्दा ! व्याकरणशास्त्र अनन्त छ, पढेर सकिँदैन यसको मूल अष्टाध्यायी हो सो पढे सबै व्याकरण जानिन्छ तर त्यो पढाइ अहिले छैन, पढ्नुपर्ने चाहिं त्यही हो भन्ने कुरा गर्नुहुन्थ्यो त्यसले मेरा मनमा अष्टाध्यायी पढ्नुपर्छ भन्ने छाप पारेको थियो त्यसैले मैले नयराज गुरूको पढाइ रोजें । त्यहाँ केवल चारवटा पुस्तक पढ्नुपर्दथ्यो तर समग्र कण्ठस्थ पार्नुपर्ने निर्देश थियो । ती पुस्तक हुन्—१. अष्टाध्यायी २. अमरकोश ३. रघुवंश र ४. भट्टिकाव्य । हर्षचरितको सार विश्लेषण गर्ने अरू संस्कृतका काव्य नाटकका शय पुस्तक हेर्ने भन्ने नियम निर्देश थियो । यसबाहेक इतिहास, भूगोल पनि पढ्नुपर्दथ्यो । इतिहासलाई मूलस्रोत पहिल्याई गुणदोष परीक्षा गरी हेरी जाँची पढ्ने चलन थियो । बाँकी समय आफूभन्दा तलका अरू विद्यार्थीलाई पनि पढाउनुपर्दथ्यो । यसरी दिनको सात आठ घण्टा एकै ठाउँमा बसी परिश्रमपूर्वक अध्ययन अध्यापन चालू रह्यो । आठ वर्ष यसरी एकत्व भई पढेर अष्टाध्यायीसम्मको पाठ समाप्त पारी ग्रन्थ कण्ठस्थ सुनाई म गुरूसँग विदा मागेर घर गएँ ।

**समाजसेवा :—**

सर्वप्रथम घरमा फर्केपछि बतासेमा पाठशाला स्थापना गरेर आठ वर्ष निरन्तर सेवा गरें । त्यो मेरो निःशुल्क सेवा थियो । त्यसैमा काशीमा पढ्न बसेका न्यायाचार्य पुरूषोत्तम भट्टराईलाई बोलाएर त्यही पाठशालामा अरु अरू विषय पढाउन अनुरोध गरें । त्यस्तैमा गाउँपंचायतका प्रधानपंच सुवेदार हरिभक्त कटुवाल र उपप्रधानपंच भवकृष्ण नेपाल तथा स्कूलका हेडमास्टर मिलेर गाउँमा प्राइवेट पाठशाला खोलेर सरकारी स्कूललाई बाधा पुऱ्याए भन्ने खालको उजुर पारे । त्यस-

बेला अराष्ट्रिय तत्वलाई मास्नुपर्छ भन्ने लहर चलेको थियो । प्रधानपंच उपप्रधान-पंचहरू जस्तोमुकै भए पनि उनीहरूका भनाइको समर्थन नगरे त्यो अस्त्र प्रयोग गरिहाल्थे । उजुर पर्नासाथ सरजमीन गर्न डोर खटी आयो । सारा गाउँलेसज्जन-हरूले यो शुद्ध संस्कृतको पढाइ हो यसले कसैलाई बाधा विरोध पारेको छैन, आफ्नो शिक्षा संस्कृतिको रक्षा गर्न यो पाठशाला चालू रहनुपर्छ भन्ने व्यहोराको सरजमीन मुचुल्का गरे । तर पंचायतका प्रधानपंच उपप्रधानपंचले जालझेल गरी स्कूललाई बाधा पुऱ्याएकै छ तसर्थ संस्कृत पाठशाला बन्द हुनुपर्छ भन्ने राय दिएकाले त्यसैका आडमा जि० शि० नि० ले हाम्रो पाठशालालाई रोक्का पठाए । त्यसका विरोधमा वैदिककालदेखि चली आएका पठनपाठनमा यसरी रोक लगाइनु अन्यायमात्रै होइन मानवाधिकारको निर्मम हनन पनि हो भनेर हामीले आवाज उठाएपछि घरमा पढ्न पढाउनसम्म खुला गर्न जि० शि० नि० सहमत भए ।

त्यसपछि पनि म गाउँका पाठशाला, पुस्तकालयहरू चालू राख्न र तिनको संरक्षण सम्वर्धन गर्न गराउनमा दत्तचित्त रहें । आफ्नो प्राइवेट पाठशाला बन्द भए पनि चालू संस्कृत पाठशालाका गुरू पं० जयदेव अधिकारीसँग मैले पढेको थिएँ । त्यहां गुठीको संस्कृत पाठशाला र सरकारी भाषा पाठशाला सँगै चल्दथे । दुवैलाई एकै गरी मैले गुठी समितिको अध्यक्षको काम र पाठशालालाई प्रधान पाठशाला बना-उने योजना गरें । त्यसका लागि चाहिने आर्थिक प्राविधिक विधि पुऱ्याउँदै थियौं त्यत्तिकैमा त्यहाँ पानीमुद्दाको कचिंगल उठ्यो । खानेपानी योजना गाउँमा ल्याउने सोचाइ थियो । पंचायतका जनता दुई दलमा विभाजित बनेर एक दल पानी योज-नाको उग्र विरोधी उत्रियो । गाउँका सारा सामाजिक कार्यहरू भाँडिए । गुठीको संस्कृत पाठशाला पनि मासियो ।

२०२८ सालमा नयाँ शिक्षा योजना लागू भएदेखि गाउँमा संचालित सबै संस्कृत पाठशालाहरू खारेज गरिए । मेरो पनि मन उठ्यो । त्यसै बेला पुत्रशोक समेत थपिन आएकाले मन बुझाउनाका लागि पनि जन्मस्थल त्यागी राजधानी काठमाडौंमा आएर एकाग्र भई अनुसन्धान कार्यमा लागें । हाल त्रिभुवन विश्व-विद्यालय-अन्तर्गत नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुरमा सम्बद्ध रही इतिहास तथा संस्कृतिको अनुसन्धान कार्यमा लागेको पनि दशवर्ष पुग्न लाग्यो । त्यसपहिलेका गरी इतिहास, संस्कृति र साहित्यमा दर्जनौं अनुसन्धानात्मक कृतिहरू लेखिए; प्रकाशमा आए । यतिका कृतिहरू प्रकाशमा ल्याउंदा पनि मैले कुनै क्षेत्रबाट प्रोत्साहनको अनुभव गर्न पाएको छैन ।

विश्वविद्यालयद्वारा अनुसन्धानात्मक कृतिका आधारमा विद्यावारिधि उपाधि प्रदान गरिन्छ । प्राध्यापक वा वरिष्ट गवेषक पनि कृतिका आधारमा प्रदान गर्न

गरेका दृष्टान्तहरू ताजा छन् । यथार्थ त्यसो भए तापनि जीवनभर अध्ययन अनुसन्धानमा संलग्न ज्ञानमणि नेपालका लागि विश्वविद्यालयमा स्थापित मान्यता नमिल्नु यसमा कुनै विडम्बना भएझैं लाग्दछ । शायद भविष्यले यसको विवेचना गर्ला ?

**बौद्धिक तथा प्राज्ञिकसेवा :—**

अध्ययन अध्यापन कार्यबाट निवृत्त भएपछि राष्ट्रिय इतिहासका उत्थानमा आफूबाट यथायोग्य योगदान पुऱ्याउने उद्देश्यले (नेपाल इतिहास विकास समिति भोजपुर)को स्थापना गरी त्यसका माध्यमबाट इतिहास, संस्कृति तथा साहित्यिक क्षेत्रमा अनुसन्धानात्मक कार्यहरू भएका छन् ।

केही गर्न चाहनेले सितिमिति प्रोत्साहन नपाउने धूमिल वातावरण र परिवेश पूर्णरूपमा नहटेसम्म काम गर्न बाधा अनुभव गर्नुपर्ने कुरा सर्वविदित छ । मैले उक्त समितिका माध्यमबाट जन्मस्थलमा बसेर केही रचनात्मक कार्य गर्न चाहेको थिएँ तर राजधानीबाहिर त्यसमा पनि यातायात सञ्चार सुविधाविहीन पहाडी क्षेत्रमा ताकेजस्तो काम हुन सकेन त्यसैले नचाहेँदा नचाहेँदै पनि जन्मस्थलको मायामोहदेखि टाढा रहन बाध्य हुनु परेको हो ।

संस्कृतको उत्थानका लागि केही वर्षपहिले पिण्डेश्वर संस्कृत विद्यापीठ-अन्तर्गत स्थापना गरिएका केही छात्रवृत्तिमा आफूले पनि यथासक्य प्रयास गरेको छु ।

**साहित्य सेवा :—**

बाल्यकालमा पितामहीका प्रेरणाबाट रामायणको लयोहालेर पाठ गर्नेक्रममा पितामहरचित किष्किन्धा काण्ड-रामायण पनि पढ्ने गर्दथें । त्यसो गर्दा वाचक चल्छ बोली फट्कारिन्छ भन्ने अर्थ लगाइन्थ्यो । त्यसपछि नयराज गुरूसँग पढ्दा अनुसन्धानमा बानी बस्नका साथै इतिहासका खोजमा रुचि बढ्न लाग्यो । घरमा गएपछि निजी संस्था '**नेपाल इतिहास विकास समिति**'को स्थापना गरेर त्यसका माध्यमबाट केही काम गरें । अरूसँग मिलेर लेखेका, आफूले लेखेका पहिले र अहिले हालसम्मका इतिहास, संस्कृति, साहित्य इत्यादिका शोधखोज गरी निकालेका मौलिक र सम्पादित गरी जम्मा कृतिहरू निम्नबमोजिम छन् :—

**क. पहिले अरूसँग मिलेर लेखेका कृतिहरू :—**

१. रघुवंश पाठ्यपुस्तक (संस्कृत)

२. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १—२ भाग
(यसमा कौटिल्यको अर्थशास्त्रका उक्तिलाई इतिहासमा घटेका घटनासँग तुलना गरी उदाहरणसहित व्याख्या गरिएको छ । )

३. इतिहास संशोधन १—५ सं०
(इतिहासमा लेखिएका अशुद्धिहरूको सप्रमाण संशोधन ।)

४. ऐतिहासिक पत्रसंग्रह—नेपाल सांस्कृतिक परिषद्
(शाहकालका मूल चिठीपत्रहरू र तिनको विस्तृत व्याख्या )

५. जयरत्नाकर नाटक—नेपाल सांस्कृतिक परिषद्

**ख. सं० २०१८ सालपछिका निजी कृतिहरू**

उत्तर ऋग्वैदिक कालमा हिमालयको बाटो गरी सिन्धभूमि पार गरेर कश्मीर उपत्यका हुँदै केदारभूमि (खशमण्डल) र पूर्वीसपादलक्ष (वर्तमान पश्चिम नेपाल) मा प्रवेश गर्ने उक्त सन्ततिका शारीरिक लक्षण, शीर्षदिशना, नासिका-देशना, नासिकावरण, कपोलास्थि, नेत्रासन, भ्रूबन्ध, केश-कटिबन्ध, ग्रीवा, त्वचा, प्रकृति, दण्डास्थि, उच्चाइ आदि शरीर-मापक तत्त्वका आधारमा मानव-सन्तानका मौलिकता एवं अस्मिताको विवेचना गर्ने मानक प्रयत्न गरिएको हो।

आदिम अवस्थादेखि वर्तमान पुस्तासम्मका मानवमितिगत अध्ययन अन्वेषण प्रक्रियाद्वारा मान्यता स्थिर गरेअनुसार यो सन्तान उच्चकद, आजानुबाहु, गोल मिलेको कपाल, वर्तुलाकार मुखमण्डल, बाघमुखे खप्पर, ताम्रपीताभ प्रकृति, उठेको तर पुष्ट फराकिलो लामो प्रकारको निधार, गाढा कालो केश र विकल्पमा कतै कसैको कपिला केश, अपेक्षित कोमलताशून्य खस्रा रोम, ठिक्क

मनासिब उठेको आँखीभूइँ, पातलो तर कोमलाधिक्य छाला, कमलका दाना जस्ता चिटिक्क मिलेका गाढा काला आकर्षक आँखाका नानी, कपोताकृतिको नेत्रासन, आवश्यकता सुहाउँदो पुष्ट कपोलास्थि, उठेको लामो र तीखो नाकको डाँडी, ०·०७ देखि ०·०११ का बीचको नासिका देशना, पातलो नासिकावरण, पातला ओष्ठबिम्ब, पातलो जिब्रो, ज्यादै कम पातलो आँखाको ढकनी, लम्बाकार सुडौल ग्रीवा, लाम्चो पेट, गठिलो सुडौल शरीर र केही उच्च उठेका स्कन्ध इत्यादि यस समूहका शारीरिक लक्षणमा पर्दछन् । सन्तानमा पैत्र्यमूत्रको अधिक प्रबलता पाइन्छ ।

यसप्रकारको शारीरिक संरचना मंगोल, इतरमंगोल, आर्य, आर्येतर समूहमा भन्दा खश, खशेतर समूहमा बढी पाइन्छ । कश्मीरदेखि वर्माका सीमानासम्म फैलिएका सम-शीतोष्ण जलवायुमा बस्ने खशमूलका मानवसन्तानमा अपेक्षाकृत पाइन्छ । अपवादस्वरूप यदाकदा वातावरण, परिवेश, साहचर्य जस्ता छापहरू पनि नपाइने होइनन् यद्यपि उनका मौलिक कौलीय लक्षणको प्रबलतामा खास असर परेको हुँदैन ।

खश जातिमा शारीरिक लक्षणले जस्तो मौलिकता कायम राखेको प्रतीत हुन्छ त्यस अनुपातमा प्रजातिक विशुद्धता एवं रक्तसम्मिश्रणजन्य प्रश्न भने खट्कने खालको पाइन्छ । यसका कारणहरू भूवनोट, जलवायु, परिवेश एवं साहचर्यभन्दा अरू केही हुन सक्छन् ।

स्वभावतः सन्तान उत्पादनक्रममा परापूर्वदेखि खश जाति अपेक्षाकृत बढी उदार रही आएको प्रतीत हुन्छ । सम्भवतः त्यसै उदारताका अगाडि केवल पैत्र्यसूत्र वा केवल मात्र्यसूत्रको अपेक्षा अप्रतिबद्धतामात्र होइन संसृति तथा मानवसत्ताका प्रतिकूल हुने हुँदा प्रजातिक विशुद्धताको दावी मूर्खतापूर्ण र हास्यास्पद मानिएको हुन सक्छ ।

आदिम अवस्थामा मानवसन्तान मातृसत्तात्मक थियो भन्दा सायद अत्युक्ति नहोला । यसको पुष्टि हामीसँगै छ । जस्तो—शास्त्रीय तथा लौकिक मान्यता-अनुसार पनि मानवसन्तानका आदिपुर्खा कश्यप मानिएका छन् । वर्तमान मानवी-सृष्टिलाई 'काश्यपी सृष्टि' मानिएको छ र मानव उत्पत्तिका मूल केन्द्रविन्दुमा पनि कश्यपसागरको पूर्वी तट कश्यपद्वीपलाई लक्ष्यित गरिएको छ । हामी जहाँ जुन भूखण्डबाट वंशोत्पत्तिको उपक्रम थालिरहेका छौं त्यसै कुशद्वीपलाई पनि कुनै कालमा कश्यपद्वीप भनिन्थ्यो । सम्भवतः कुशद्वीप र कश्यपद्वीप हाराहारी पर्दथे भन्न पनि सकिन्छ किनभने कश्यपद्वीपको अपभ्रंस 'कसगर' तथा हिन्दूकुश वा कुशद्वीपको इरानी नामकरण 'काफिरीस्तान' आजभोलि पनि हाराहारीमा छन् ।

पौराणिक हिसाबले पनि कश्यपद्वीपको एक भाग कुशद्वीप थियो र कश्यपको कार्यकाल पहिले बितेर कुशको कार्यकाल आएको मान्न नसकिने कारण देखिदैंन। कुशद्वीप र राजा कुश पनि समष्टि र व्यष्टिका अलग तत्त्व हुन्।

यसको अभिप्राय हो आदिपुर्खा कश्यप भए पनि मानवसन्तानहरू कश्यपका नामसँग प्रत्यक्ष सम्बन्धित पाईंदैनन्। अप्रत्यक्ष रूपमा गोत्रात्मक सम्बन्धमात्र पाइन्छ। नत्र प्रायः मानवसन्तानहरू अझ पनि मातृसत्तात्मक परिचयमा पाइन्छन्। जस्तो—अदितिका सन्तानहरू आदित्य, दितिका सन्तानहरू दैत्य एवं मरुद्गण, दनुका सन्तानहरू दानव, मनुका सन्तानहरू मानव, राकाका सन्तानहरू राक्षस हुन् भन्ने जानकारी पाइन्छ। विचारणीय विषय यो छ मातृसत्तात्मकताबाट पितृसत्तात्मकतातिर लाग्न मानवसमष्टिले कहिलेबाट सिक्यो र वर्तमान अवस्था-सम्म आइपुग्न कुन कुन परिवर्तनका लहरसित प्रवाहित हुनु पऱ्यो होला? सायद यो प्रश्न अझसम्मै अनुत्तरित रहेको छ। यद्यपि प्रायशः मानवशास्त्रीहरू यसको सही उत्तर फेला पार्न दत्तचित्त रहेका हुनु पर्छ।

कोल, द्रविड, आर्य, खश, मंगोल, आग्नेय आदि मूलका बहुधा मानव-सन्तानमा मूल हस्तिपछि 'इतर' शब्द अभिहित रही आएको छ। यो कुनै निराधार कल्पना होइन। त्यसमा पनि खश + इतर = खशेतर चाहिं अपेक्षाकृत बढी सार्थक रहेको प्रतीत हुन्छ। यसरी सजातिक परिचय दिने क्रममा 'इतर' शब्द अभिहित रहनाका कारणहरू सामाजिक हितका दृष्टिले गोपनीय रहेर पनि, तज्जन्य हितमा प्रकटीकरणको अपेक्षा राखिनुपर्ने विभिन्न कारणहरू दृष्टिगोचर रहेर पनि, प्रजाति-गत विस्तारमा प्रत्येक समूहमा आफ्ना-आफ्ना प्रकारका अस्मिताहरू विद्यमान रही आएका छन्। यसो हुनाका सबल तत्वहरू हुन् मानववंशविस्तारका उपक्रममा अनुद्घाटित रही आएका रक्तसम्मिश्रणजन्य कारणहरू। जस्तो प्रत्यक्षमा पैत्र्य-सूत्रको निर्णय प्रत्यक्ष हुन सक्नु तर सृष्टि—संरचनागत प्रक्रियामा नितान्त संवेदन-शील मानिने मात्र्यसूत्रका अन्तर्निहित तत्त्वहरू अनुद्घाटित रहनु। त्यसैले सन्तान-को निर्णय पैत्र्यसूत्रका आधारमा गरिने परिपाटि रहेर विकसित भयो। परन्तु मात्र्यसूत्रलाई रहस्यमय बनाइराख्नमा मानवसमाजले आफ्नो अन्तर्निहित प्रतिष्ठा रहने र कल्याण हुने ठान्यो।

मातृप्रधान समाजमा प्रजातिसम्मिश्रण, रक्तसम्मिश्रण गौण रहेंदैन र खासतबरमा त्यसको आवश्यकता पनि ठानिंदैन तर पितृप्रधान सन्तानमा वास्त-विकता एकातिर गौण रहेको हुन्छ किन्तु सामाजिक अवधारणा भने नाक जोगाउने अभिमानतर्फ अभिमुख रहन्छ। यसले गर्दा प्रजातिक विशुद्धतामा अनेक प्रश्न-चिह्नहरू दृष्टिगोचर रहेर पनि वास्तविकता चाहिं रहस्यमय नै रहन्छ। एतावता

मानवशास्त्रीहरूले उभय कल्याण सोचेर नै मूल हस्तिसँगै 'इतर' शब्द अभिहित गराएका हुन सक्छन् ।

मतमतान्तरमा यदाकदा 'इतर' भनेको नितान्त भिन्न हो भन्ने अर्थ पनि कतिपयले लगाएका छन् । परन्तु इतर शब्दले नितान्त भिन्न अर्थ द्योतन गर्दैन । इतर शब्द अर्थभिन्नताका लागि होइन किन्तु अर्थसामीप्यका लागि प्रयोग भएको अनुभव हुन आउँछ । जस्तो—'**खश**' भनेको मूल हस्ति भयो । मूल हस्तिमा **प्रजातिक सम्मिश्रण** तथा **रक्तसम्मिश्रणजन्य** साहचर्यलाभ जस्ता प्रभावले गर्दा एवं परिवेशभित्र सामीप्य तथा सादृश्यसूचक शब्द '**इतर**' जोडिन आउँदा **खशेतर** भेद खडा हुन आयो । **सिङ नभए पनि गोरु गोरु नै हो** भनेजस्तो सक्कली जात नभए पनि संकरीकरणद्वारा त्यही जातको बनाइएको हो भन्ने अर्थमा बोलव्यवहारमा एउटा प्रयोग कायम भएको भए कुनै आश्चर्य छैन । त्यसउसले यसरी उपजातिका सर्जकतत्वहरू मानवसन्तानका विकासमा निरन्तरता प्राप्त गर्न सफल रहेका अनेक उपोद्घात तथा घटनाहरू मानवसमाजका विकासमा इतिहास सम्बद्ध छन् ।

**प्रजातिक सम्मिश्रण, रक्तसम्मिश्रण** तथा साहचर्य प्रभाव जस्ता उपोद्घातहरू एक समूहका, एक प्रजातिका बीचमा मात्र पाइने होइन किन्तु **विश्वजनीन सार्वभौम** घटना हुन् । त्यस्ता घटनालाई आत्मसात गर्ने प्रवृत्तिका प्रमाणीकरणका लागि नेपालमा केही समाजहरू उपयोगी हुन सक्छन् । इतिहासतिर फर्केर हेर्दा मानवसमाज आदिम अवस्थादेखि नै मातृत्वप्रति संवेदनशील रहेको पाइन्छ र बेला बखतमा आइपरेका तज्जन्य समस्यालाई बुद्धिमत्तापूर्ण निर्णय दिएको बताउने इतिहासका पृष्ठहरू पर्याप्त छन् ।

प्रत्यक्षमा अनुलोम सन्तान र प्रतिलोम सन्तानका प्रकृतिबीच अस्मिताजनक अध्ययन गर्दा समाजका प्रतिग्रहहरू अधोपतनतर्फ होइन किन्तु उत्थानका सूचक रही आएका पाइन्छन् । जस्तो :—एक जातिको पुरुष र अर्को जातकी नारीका योगद्वारा प्रसवित सन्तान पुरुषका गोत्र समूहमा अङ्गीकार गर्ने प्रवृत्ति वैध विकसित भएका घटनालाई **प्रजातिक विशुद्धताका** प्रसंगमा लिइने वा सन्तान अपनाउने प्रवृत्ति प्रकटमा मूर्त छ भने एक जातकी नारी र भिन्न जातका पुरुषका गुप्त सम्बन्धबाट जन्मेको सन्तान **रक्तसम्मिश्रणको** कारण बन्न जान्छ[1] । दैहिक सम्बन्धलाई रहस्यमय बनाई राख्ने नारीले लोकलज्जाका कारणबाट पनि सत्यता प्रकट नगर्नु र परपुरुषका सन्तानलाई मूल हस्तिमा समन्वित गराइदिनु जस्ता घटनाहरू स्मरणीय हुन आउं-

---

१. अनादौ खलु संसारे दुर्वारे मकरध्वजे । कुले च कामिनी मूले का जाति परिकल्पना ? (मीमांसा पादुका—वेदान्त देशिक) ।

छन् । त्यसैले मानवशास्त्रीहरू प्रजातिक विशुद्धता तथा रक्तसम्मिश्रण जस्ता प्रसंगमा प्रथम त दिलचस्पी राख्दैनन्, कदाचित राखिहाले पनि शंकालु दृष्टिकोण त्याग्न चाहँदैनन् ।

प्रस्तुत विवेचनाको अभिप्राय हो पूर्वोक्त शारीरिक लक्षणमा प्रतिबद्धता नरहेर देखापरेका जातीय विकृतिका सम्बन्धमा अपनाइने उदार दृष्टिकोण जसमा द्रष्टा-समक्ष यस्तो समस्या उपस्थित नहोस् कुनै अमुक समाजमा निर्दिष्ट शारीरिक लक्षणको अभाव किन रह्यो ? यस्ता समस्या परी आएमा समाधानको शास्त्रीय उपाय खोज्नु ।

तेस्रो कारण हो मानवसन्तानमाथि साहचर्यको प्रभाव पर्नु र भूबनोट, वातावरण, परिवेश जस्ता नैसर्गिक प्रभाव पर्नु । हिमालयका अगलबगलमा सम-शीतोष्ण जलवायुबीच रमाएका मानवसन्तानहरू कारणवश समुद्रका आसपास या भावर प्रदेशमा गएर बसे भने उनीहरूको प्रकृतिप्रदत्त स्वभाव नरहन पनि सक्छ । उदाहरणका लागि भक्तपुरका अमात्य र केही पुस्तापहिले भक्तपुरबाट उठेर गई मोरंगका भावरमा बसेका अमातहरूको स्मरण गर्न सकिन्छ । ती दुई सापिण्ड्य बन्धुको प्रत्यक्ष भेटघाट हुँदा आफन्त भनेर विश्वास गर्न गाह्रारो पर्दछ । दोस्रो उदाहरण लिन सकिन्छ लमजुङ जिल्लाका गुरुङ र सुनसरी जिल्लाका आमडुवा, रामगञ्ज-बेलगछियामा नेपाल एकीकरणपछि गई बसेर मुखिया कहलाएका गुरुङ-हरू । ती दुईको पनि आपस-आपसमा भेटघाट हूँदा आफन्त भनेर कल्पना गर्न नसकिने खण्ड पर्न सक्छ । त्यसउसले स्थानीय भौगोलिक वातावरण मानिसका प्रकृति-परिवर्तनको प्रमुख कारण हो । स्थानीय वातावरण तथा परिवेशका आधारमा पर्न जाने परिवर्तित कारणहरू मानवसन्तानमा प्रजातिक वशिुद्धतामाथि प्रश्न-चिह्न खडा गर्ने कारक हुन्छन् भने विभिन्न जातिप्रजातिका नारीपुरुषका साहचर्य र सामीप्यलाभका कारकहरू रक्तसम्मिश्रण अर्थात् रक्तप्रदुःषणका तत्व बन्दछन् । सम्भवत: यस्तै कतिपय अवश्यम्भावी मानवीयगुणमाथि दृष्टिगोचर गरेर नै मानवशास्त्रीहरूले सिद्धान्ततः मानवसन्तानलाई दुईवर्गमा वर्गीकरण गरेका छन् । त्यस वर्गीकरणअनुसार प्रत्येक भूखण्डका मानवसन्तानहरू मूल र इतरमा परिचित हुन आउँछन् । यो भयो जन्मका नाताले गरिने आन्तरिक वर्गीकरण । त्यसपछि सार्वत्रिक एवं सार्वकालिक नाताले अर्थात् भ्रमणशीलता र स्थानीयताका नाताले गरिने वर्गीकरण पनि दुई प्रकारकै छ । त्यो वर्गीकरण हो स्थानीय भूमिपुत्र मानव र बहिरागत यायावर मानव । यायावर मानव र भूमिपुत्र मानवका वर्गीकरणमा पनि जटिलतम समस्याहरू आई नपर्ने होइनन् । प्रजातिक विशुद्धता र रक्तसम्मिश्रण जस्ता प्रश्नहरू जसरी अनुत्तरित रहेका छन् त्यसरी नै वा त्यसभन्दा पनि

जटिलता **यायावर मानव** र **भूमिपुत्र मानव** भनेर पर्गेल्नमा छ। मानवीय स्वभावका आधारमा भन्ने हो भने संसारमा **भूमिपुत्र मानव** विरलै पाइएला। स्वभावतः **मानव यायावर प्राणी हो** जो कदापि एक स्थलमा अचल वा स्थिर बनेर रहनै सक्दैन तथापि त्यस जटिलताको समाधान खोज्न त्यस्ता ठोस आधारहरू स्वीकृत छन् जसका आधारमा यसो यसो भनेर विश्वस्त बनिन सकियोस्।

घटीमा एक हज्जार वर्षदेखि जुन मानव समूह त्यस भूभागमा रही आएको छ र उसका आस्था तथा विश्वासहरू स्थानीय **भौगोलिक** वातावरणमा भिजी सकेका छन् अनि स्थानीय भूगोलका सजावटमा उसका योगदानहरू अमिट बनिसकेका छन्, स्मृतिका छापहरू वातावरणका प्रभावमा तदाकार बनिसकेका छन् त्यस मानव समूहलाई त्यहांका **भूमिपुत्र मानवमा** स्वीकार गर्नु पर्दछ भन्ने आशय प्रायशः **मानवशास्त्रीबाट** प्रकट हुँदै आएको छ। मानवशास्त्रका विद्यार्थीहरू यस अभिमत-सँग सहमत नहुने विरलाकोटि नै होलान्। दृष्टान्तका लागि नेपालका **किरात अस्मिता, नेवार अस्मिता तथा मगर अस्मिताको** स्मरण गर्न सकिन्छ। यी जातिहरूका लागि **पितृभूमि** भने पनि **मातृभूमि** भने पनि नेपाल अनिर्वचनीय सिद्ध भइसकेको छ। त्यस्तै नेपालका कतिपय अल्पसंख्यक समूहमा पर्ने **राउटे, राजी, पणी, थामी, बरामू, दूरा, दरै, मूर्मो** जस्ता जनजातिहरूका उत्पत्ति र विस्तार नेपालबाहिर खोज्न जानु मृगमरिचिका नै नभए पनि स्वप्नील कल्पना भन्नु पर्दछ। त्यस्तै **थारू, दनुवार, बाँतर, तामाङ** जस्ता जातिका बारेमा पनि अनेक प्रश्न-चिह्नहरू उपस्थित हुन आउँछन्। अतएव यस्ता विषयवस्तुका निरा-करणका लागि उपयोगी मानिएका केही ठोस आधारहरू यी हुन् :—**१. बसोबास २. लोकास्था ३. भौगोलिक तदाकारता ४. मानवमितिक लक्षण ५. नृवंशगत विशेषता ६. प्रजातिक वर्चस्व ७. जातीय अस्मिता।**

यी लेखिएका आधारमा गरिने **मानवशास्त्रीय अस्मिताका** परिशीलनलाई समष्टिमा **मानवमितिशास्त्र** नामकरण भएको स्मरण गर्न सकिन्छ। मानवमिति-शास्त्रका पनि अनेक आन्तरिक भेदहरू छन् यद्यपि समष्टिमा यी सबै भेदहरूका अध्ययन सुविधाका लागि **वंश-मानव** र **पुरा-मानववर्गमा** वर्गीकरण भएको पाइन्छ। यिनै प्रमुख भेदमध्ये प्रस्तुत अध्ययन **वंश-मानव** अर्थात् **नृवंशशास्त्र**-सँग सम्बद्ध छ। यसले वंशावलीका आधारमा मानव समूहका गोत्र एवं जातीय अस्मिताको विस्तृत अध्ययन गर्दछ। यसका दोस्रा भेदले **पुरा-मानवका जीवास्म, फोसिल, मानव-कंकालको** पुरातात्त्विक अध्ययन गर्दछ। यी दुवै अध्ययनहरू पूर्ण वैज्ञानिक अध्ययन हुन्। यसमा दोस्रा भेदका सम्बन्धमा चर्चा परिचर्चा गरिएको छैन तापनि यस सम्बन्धमा अन्य प्रसंगहरूमा आफ्ना अभिमतहरू प्रकट

गरिएका छन*। यसमा चर्चा नल्याउनाको कारण चाहिँ यसको मूलभूत उद्देश्य व्यापक नभएर निर्दिष्ट समूहका एक गोत्रको अध्ययन हो।

प्रस्तुत अध्ययनमा पूर्वोक्त आधारहरूको पूर्णरूपेण पालन गरिएको छ जस-अनुसार लगभग एक हजार वर्षयता अविच्छिन्नरूपमा नेपालभूमिमा बसोबास गरी आएका कौशिक वंशावतंस घृतकौशिक गोत्रधारी मानवसन्तानहरू पर्दछन्। विशेषतः प्रस्तुत अध्ययनलाई कुश जातिका उत्तराधिकारी 'खश-समष्टि'मा उपस्थित गराउनुपर्ने प्रबल ध्येय हो वंशगत, जाति, लोकास्था प्राचीन मरुद्गणका मष्ट उपासनामा प्रतिबद्ध रहनुका औचित्यलाई उठाउनु। यसलाई अर्को शब्दमा भनौं भन्दा 'मष्ट सम्प्रदाय' भन्न मिल्दछ। कुशद्वीप त्यागेर हिमालयाश्रित बन्न आएका सवर्ण तथा गोत्रात्मक संगठनमा प्रतिबद्ध खश समूहका नेपालीहरू अद्या-वधि मष्ट उपासनासँग प्रत्यक्ष वा अप्रत्यक्षतवरले सम्बद्ध रही आएका छन्।

भौगोलिक तदाकारता जस्ता आधारमा यो समूह लगभग चौध पन्ध्र सय वर्षदेखि खसड भूमिबाट प्रवेश गरी नेपालमा आफ्नो मौलिक वर्चस्व तथा अस्मिता कायम राख्नमा सर्वतोभावेन सफल छ जसलाई दोस्रा शब्दमा भन्नुपर्दा 'स्थलका आधारमा संगठित समाज' भन्न सकिन्छ।

यस्ता जातीय गरिमापूर्ण सांस्कृतिक आलोकहरू नेपालमा खश, किरात, मगर जस्ता समाजमा प्रचुर मात्रामा विद्यमान छन्। यी तीन समूहका तुलनामा नेवार अस्मितावीच कम मात्रामा पाइन्छ भने मैथिल अस्मितावीच केवल घटनाको बहुलता पाइन्छ। खश समूहमा पनि स्थलगत आधारपछि कमै मात्रामा भए पनि घटना-प्रधान थरहरू अस्तित्वमा आएका पाइन्छन्। केही पेशागत र व्यवसायमूलक थर पनि छन्। त्यसका साथै अत्यल्प मात्रामा राजकीय सम्मानसूचक थरहरू पनि छन्। दृष्टान्तका लागि केही नतिजाको उल्लेख गर्न सकिन्छ—

१. स्थलगत थर—नेपाल, बराल, खनाल।
२. घटनाप्रधान—नेमी, काशिया, जीरे।
३. पेसागत—पण्डित, कुवो, बिडाल, कुशौला-पाँडे।
४. व्यवसायगत— जोशी, पुरोहित, बाजपेयी।
५. राजकीय सम्मानसूचक—आचार्य, भट्ट, कार्की।

---

*. मानवास्थि र मानवसमाधि अध्ययनद्वारा कर्णाली अञ्चलमा पाइएका संयुक्त समाधिको परिचय 'राजारानीको चौंरो' शीर्षकमा प्रज्ञा ५५ मा प्रकाशित छ। भोजपुर जिल्लाका केही भागमा प्राप्त फोसिलका सम्बन्धमा प्रकाशोन्मुख कृति 'नेपाली भाषा एवं नृतत्त्व अध्ययनमा मानवसत्त्व'मा यथासम्भव अध्ययन गरिएको छ।

यस्ता विवरणहरू सबै गोत्रमा पाइन्छन् । त्यसमा राजकीय सम्मानसूचक, घटनाप्रधान र व्यवसायमूलक थरहरू खश समूहमा भन्दा नेवार समूहमा अझ बढी पाइएका छन् । मगर समूहमा स्थलगत र गणबोधक बाहुल्य, किरात समूहमा प्रायः गणबोधक र मैथिल समूहमा व्यवसायमूलक थरहरू ज्यादा पाइएका छन् ।

मानवमितिक लक्षणका सम्बन्धमा समूहको मौलिकता जे जसो दृष्टिगोचर भएको छ तत्सम्बन्धी सारांश पहिले उल्लेख गरिसकिएकाले पुनः उल्लेख गरिरहन आवश्यक छैन । त्यसमा पनि **ब्राह्मण, क्षत्रीय, खत्री, ठकुरी, सन्यासी, घर्ती, खवास, दमाईं, कामी, सार्की, गाइने, बादी, नटुवा** इत्यादि उपजातिहरू यस समूहका अभिन्न एकात्मना व्यवसायजीवी सम्पत्ति हुन् । शारीरिक लक्षणमा, आकृति प्रकृतिमा देखापर्ने नगण्य र आंशिक भिन्नताहरू पूर्वोक्त **मात्र्यसूत्रका** द्योतक हुन् जसले खशेतर भेदको अस्तित्व बोध गराउँछन् ।

नृवंशगत विशेषतामा आदिकालदेखि कुश नामको घाँस अथवा तृणात्मक वनस्पतिलाई पवित्रताको सूचक मान्ने, गोपूजक, कपिला गाई र कैला केश गरेकी छोरी पैदा भएमा शुभसूचक ठानी हर्षबढाईं गर्ने, छोरी-ज्वाईंलाई पूज्यभावमा आदर सम्मान गर्ने; भानिज वा दौहित्रलाई देवता भावमा लिने; कुलदेवता मष्टप्रति अपार आस्था प्रकट गर्दै जातीय गौरवका अर्थमा पालन गर्ने; जुनसुकै जातकी कन्या विवाह गरे पनि सन्तान आफूमा लिने; भान्जी-सँग विवाह सम्बन्ध गर्न पाप ठान्ने; आइतवारका दिन दुहेको गाईको दूध सूर्यमा अर्पण गर्ने; गैडूगोसाइँ, सिद्धशिकारी, सिमेभूमे, नागनागिनी, झाँकी वनस्खण्डो आदिलाई कुलदेवताका पार्षदका रूपमा मान्ने, उँधौली उँभौली गर्ने, सगोत्र बान्धवप्रति भ्रातृत्व र सौहार्दभाव कायम राख्न चाहने यस समूहका नृवंशगत विशेषताहरू स्थापित छन् ।

यस समूहको प्रजातिक वर्चस्व हो प्रकृतिमा **ताम्रपीताभ** प्रकृति, चौडा छाति, उठेका काँध, कोमल आकृति, तीक्ष्ण मर्मभेदी दृष्टि; शौर्य र मेधाशक्तिको पोषक, विजिगीषु स्वभाव, स्वावलम्बनतर्फ विशेष झुकाव, स्वाभिमानी, लडाकु र साह-सीपन, अदमित कामना; शारीरिक श्रमबाट पछि नहट्ने बानी; नाटीकुटीविहीन सादगिता र आत्मनाख्यात वीरत्व आदि ।

जातीय अस्मितामा उहिलेदेखि कसैको हुकडक नमानी शासक जातिमा परि-चित रही आएको बहादुर जाति हुँदै हो । कसैको कृपापात्र बन्न नचाहने, पाखुरी-का भरमा बाच्ने नेपाली सांसर्गिक अस्पृश्यता र छलछामदेखि टाढै रहन चाहन्छ । निजस्वका कतिपय विशेषतादेखि कारणवश पराङ्मुख रहनुपरेका कारणबाट सांस्कृतिक उपनिवेशको लाञ्छना सहनुपरेका कतिपय कटु अनुभवहरू सायद

गरिएका छन★। यसमा चर्चा नल्याउनाको कारण चाहिं यसको मूलभूत उद्देश्य व्यापक नभएर निर्दिष्ट समूहका एक गोत्रको अध्ययन हो।

प्रस्तुत अध्ययनमा पूर्वोक्त आधारहरूको पूर्णरूपेण पालन गरिएको छ जस-अनुसार लगभग एक हज्जार वर्षयता अविच्छिन्नरूपमा नेपालभूमिमा बसोबास गरी आएका कौशिक वंशावतंस **घृतकौशिक गोत्रधारी** मानवसन्तानहरू पर्दछन्। विशेषत: प्रस्तुत अध्ययनलाई **कुश** जातिका उत्तराधिकारी 'खश-समष्टि'मा उपस्थित गराउनुपर्ने प्रबल ध्येय हो वंशगत, जाति, लोकास्था प्राचीन मरुद्गणका **मष्ट** उपासनामा प्रतिबद्ध रहनुका औचित्यलाई उठाउनु। यसलाई अर्को शब्दमा भनौं भन्दा **'मष्ट सम्प्रदाय'** भन्न मिल्दछ। **कुशद्वीप** त्यागेर हिमालयाश्रित बन्न आएका सवर्ण तथा गोत्रात्मक संगठनमा प्रतिबद्ध **खश** समूहका नेपालीहरू अद्या-वधि **मष्ट उपासनासँग** प्रत्यक्ष वा अप्रत्यक्षतबरले सम्बद्ध रही आएका छन्।

भौगोलिक तदाकारता जस्ता आधारमा यो समूह लगभग चौध पन्ध्र सय वर्षदेखि खसड भूमिबाट प्रवेश गरी नेपालमा आफ्नो मौलिक वर्चस्व तथा अस्मिता कायम राख्नमा सर्वतोभावेन सफल छ जसलाई दोस्रा शब्दमा भन्नुपर्दा **'स्थलका आधारमा संगठित समाज'** भन्न सकिन्छ।

यस्ता जातीय गरिमापूर्ण सांस्कृतिक आलोकहरू नेपालमा **खश, किरात,** मगर जस्ता समाजमा प्रचुर मात्रामा विद्यमान छन्। यी तीन समूहका तुलनामा नेवार अस्मिताबीच कम मात्रामा पाइन्छ भने मैथिल अस्मिताबीच केवल घटनाको बहुलता पाइन्छ। खश समूहमा पनि स्थलगत आधारपछि कमै मात्रामा भए पनि घटना-प्रधान थरहरू अस्तित्वमा आएका पाइन्छन्। केही पेशागत र व्यवसायमूलक थर पनि छन्। त्यसका साथै अत्यल्प मात्रामा राजकीय सम्मानसूचक थरहरू पनि छन्। दृष्टान्तका लागि केही नतिजाको उल्लेख गर्न सकिन्छ—

१. स्थलगत थर—**नेपाल, बराल, खनाल**।

२. घटनाप्रधान—**नेमी, काशिया, जीरे**।

३. पेसागत—**पण्डित, कुशे, बिडाल, कुशौला-पाँडे**।

४. व्यवसायगत— **जोशी, पुरोहित, बाजपेयी**।

५. राजकीय सम्मानसूचक—**आचार्य, भट्ट, कार्की**।

---

★. मानवास्थि र मानवसमाधि अध्ययनद्वारा कर्णाली अञ्चलमा पाइएका संयुक्त समाधिको परिचय **'राजारानीको चौंरो'** शीर्षकमा प्रज्ञा ५५ मा प्रकाशित छ। भोजपुर जिल्लाका केही भागमा प्राप्त फोसिलका सम्बन्धमा प्रकाशोन्मुख कृति **'नेपाली भाषा एवं नृतत्त्व अध्ययनमा मानवसत्त्व'**मा यथासम्भव अध्ययन गरिएको छ।

यस्ता विवरणहरू सबै गोत्रमा पाइन्छन् । त्यसमा राजकीय सम्मानसूचक, घटनाप्रधान र व्यवसायमूलक थरहरू खश समूहमा भन्दा नेवार समूहमा अझ बढी पाइएका छन् । मगर समूहमा स्थलगत र गणबोधक बाहुल्य, किरात समूहमा प्रायः गणबोधक र मैथिल समूहमा व्यवसायमूलक थरहरू ज्यादा पाइएका छन् ।

मानवमितिक लक्षणका सम्बन्धमा समूहको मौलिकता जे जसो दृष्टिगोचर भएको छ तत्सम्बन्धी सारांश पहिले उल्लेख गरिसकिएकाले पुनः उल्लेख गरिरहन आवश्यक छैन । त्यसमा पनि **ब्राह्मण, क्षत्रीय, खत्री, ठकुरी, सन्यासी, घर्ती, खवास, दमाईं, कामी, सार्की, गाईने, बादी, नटुवा** इत्यादि उपजातिहरू यस समूहका अभिन्न एकात्मना व्यवसायजीवी सम्पत्ति हुन् । शारीरिक लक्षणमा, आकृति प्रकृतिमा देखापर्ने नगण्य र आंशिक भिन्नताहरू पूर्वोक्त मात्र्यसूत्रका द्योतक हुन् जसले **खशेतर** भेदको अस्तित्व बोध गराउँछन् ।

नृवंशगत विशेषतामा आदिकालदेखि कुश नामको घाँस अथवा तृणात्मक वनस्पतिलाई पवित्रताको सूचक मान्ने, गोपूजक, कपिला गाई र केला केश गरेकी छोरी पैदा भएमा शुभसूचक ठानी हर्षबढाईं गर्ने, छोरी-ज्वाईंलाई पूज्यभावमा आदर सम्मान गर्ने; भानिज वा दौहित्रलाई देवता भावमा लिने; कुलदेवता मष्टप्रति अपार आस्था प्रकट गर्दै जातीय गौरवका अर्थमा पालन गर्ने; जुनसुकै जातकी कन्या विवाह गरे पनि सन्तान आफूमा लिने; भान्जो-सँग विवाह सम्बन्ध गर्न पाप ठान्ने; आइतवारका दिन दुहेको गाईको दूध सूर्यमा अर्पण गर्ने; गैडूगोसाईं, सिद्धशिकारी, सिमेभूमे, नागनागिनी, झाँक्री वनस्खण्डो आदिलाई कुलदेवताका पार्षदका रूपमा मान्ने, उँधौली उँभौली गर्ने, सगोत्र बान्धवप्रति भातृत्व र सौहार्दभाव कायम राख्न चाहने यस समूहका नृवंशगत विशेषताहरू स्थापित छन् ।

यस समूहको प्रजातिक वर्चस्व हो प्रकृतिमा ताम्रपीताभ प्रकृति, चौडा छाति, उठेका काँध, कोमल आकृति, तीक्ष्ण मर्मभेदी दृष्टि; शौर्य र मेधाशक्तिको पोषक, विजिगीषु स्वभाव, स्वावलम्बनतर्फ विशेष झुकाव, स्वाभिमानी, लडाकु र साह-सीपन, अदमित कामना; शारीरिक श्रमबाट पछि नहट्ने बानी; नाटीकुटीविहीन सादगिता र आत्मनाख्यात वीरत्व आदि ।

जातीय अस्मितामा उहिलेदेखि कसैको हुकडक नमानी शासक जातिमा परि-चित रही आएको बहादुर जाति हुँदै हो । कसैको कृपापात्र बन्न नचाहने, पाखुरी-का भरमा बाँच्ने नेपाली सांसर्गिक अस्पृश्यता र छलछामदेखि टाढै रहन चाहन्छ । निजस्वका कतिपय विशेषतादेखि कारणवश पराङ्मुख रहनुपरेका कारणबाट सांस्कृतिक उपनिवेशको लाञ्छना सहनुपरेका कतिपय कटु अनुभवहरू सायद

निश्छलताका अभिशाप तथा विवशताका छाप बनिन गएका हुन सक्छन् । वर्तमान विश्वमाझ आफ्ना सांस्कृतिक छविका स्पष्टताका लागि राष्ट्रियस्तरबाट केही कसर बाँकी नराखी गर्नुपरेका कष्टसाध्य प्रयत्नहरू इतिहासका पानामा लेखिए-का छन् ।

वर्तमान सन्दर्भमा **कौशिकादि सन्ततिका** सातत्य प्रयासहरू पूर्वोक्त विशेषता-हरूका आधारमा गरिएका **मानवमितिशास्त्रीय** अध्ययनको एक जिजीविषायुक्त प्रयास हो । सांगोपांग अध्ययन मनन नगरिएसम्म जिज्ञासु बन्धुजनमा एकांगी प्रयासजन्य भ्रान्ति पर्न सक्ला । त्यसो हुनाका पनि केही मूर्धन्य कारण एवं जटि-लताहरू प्रस्तुत सन्दर्भभित्रै दृष्टिगोचर हुन जालान् । परन्तु तत्सम्बन्धमा आवश्यक जानकारी विभिन्न प्रसंगमा गराएकै छ जस्तो लागेको छ । नीरक्षीर विवेक गर्ने पारखीका दृष्टिपर्ने अपेक्षामा पुनः यसमा उल्लेख गरिरहन आवश्यक नपर्ला ।

**कौशिकादि सन्ततिका** पृष्ठपोषकमा केवल नेपाल सन्तानहरू लाभान्वित हुनु-हुने कुरा सत्य होइन । यस प्राथमिक प्रयासमा आधारशिलाकै लागि अलमलमा पर्नु नपरोस् भन्ने दृढतामात्र हो यो । यस आधारमा निकट भविष्यमा प्रस्तुत ग्रन्थ-लाई नै परिवर्धित र परिमार्जित पार्न सकिने प्रशस्त सम्भावनाहरू छन् । भाग प्रभागको प्रसंग पनि मूर्तिमान बन्न सक्ने अठोटमा छँदैछ । अतएव समस्त **घृतकौशिक गोत्रधारी** अहन्ताहरूले यसप्रति विशेष उत्साह र चाख लिइदिनुभएमा नै हामी सबैका संकल्प र चाहनाहरू तदाकार बन्न जानेछन् नत्र त भावी प्रयत्नले पनि चिरप्रतीक्षित रहनुपर्‍यो भने हामी सबै नै त्यसका दोषभागी बन्नेछौं भन्नु अन्यथा नहोला ।

उपसंहारका उपक्रममा सम्पादित ग्रन्थका सम्बन्धमा लागेका मनका कुरीकुरी प्रकट नगरी ग्रन्थोपसंहार गर्नु न्यायोचित नलागेकाले मनका बह पोख्नु कर्तव्य ठान्दछु । त्यसनिम्ति उपयुक्त प्रश्न मसँगै छः त्यो यहाँ प्रकट गर्दछु—के त वंशा-वली जस्ता महत्वपूर्ण विषयमा पनि मातृवर्ग उपेक्षितै रहनुपर्ने ? पुरूषवर्गको एक-सरो नाम लेखिएकै भरमा यसको पूर्णता सार्थक होला त ? वीरप्रसूता वीराङ्गना मातृसत्ताको अस्तित्वविना वंशवृक्ष खडा गराउनु सुशोभनीय हुने हो त ?

यस सम्बन्धमा सर्वप्रथम समस्त **मातृवर्गसँग** अन्वेषक तथा सम्पादकका हैसि-यतले विनम्रतापूर्वक क्षमा याचना गर्नु आफ्नो कर्तव्य ठान्दछु । यसरी मातृवर्ग उपेक्षित रहेसम्म प्रस्तुत प्रयास अपूर्ण नै रहने कुरामा सन्देह छैन, कटु सत्य हो । नामावली संकलनका क्रममा सायद स्थानीय प्रतिनिधिहरूले यसप्रति ख्याल नगर्नु-भएजस्तो लाग्यो जसले गर्दा **पुरुषहरूका** नाममात्र संकलन गरिए । एक यसो भयो । दोस्रो यसअघि जुनजुन थरका वंशावलीहरू प्रकाशमा आएका छन् तिनमा

पनि पुरूषवर्गलाई मात्र महत्व दिएको देखियो । प्रकाशित सामग्रीहरू कुनै एक जाति वा समूहविशेषका पेवा हुन नसक्ने हुनाले पाएसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चाख हुनेहरूले अध्ययन गर्ने नै भए । समाजमा त्यसको प्रभाव पर्नु स्वाभाविक हुन जान्छ अनि त्यही प्रभाव भावी प्रयासहरूका लागि उदाहरण बन्न जान्छ ।

यसपछि तेस्रो कारण हुन सक्छ समाजमा विद्यमान अशिक्षा र अज्ञानता । समाजमा विद्यमान धारणाअनुसार कतिपय अशिक्षित महिलाहरू पराइसँग आफ्नो नाम बताउन संकोच मान्दछन्; अनिष्ट हुने ठान्दछन् अनि पुरुषवर्ग पनि नारीहरू अग्रसर भएको निको मान्दैनन् । अशिक्षित पुरूषहरू आ ! आइमाईको नाम किन चाहियो ! भनेर तर्किन्छन् । अनि कसरी काम गर्ने ? नगण्य मात्रामा सचेत साक्षर तथा शिक्षित नारीहरू नाम बताउन संकोच मान्दैनन् बरु हर्षान्वित रहन्छन् । परन्तु सर्वत्र त्यस्तो अपेक्षा गर्न सकिने स्थिति छैन । यो भयो वर्तमान सन्दर्भको कुरो, त्यसपछि अतीतको स्मरण गर्न आवश्यक छ ।

नामावली टिपिराखेका टिपोटहरूमा, अभिलेखहरूमा आत्मनाख्यात वीराङ्गना-हरूका नाममात्र यदाकदा उपलब्ध हुने गर्दछन् नत्र नारीको नाम टिपिएको हुँदैन । सन्तानका जानकारीमा कतिपय यस्ता व्यक्ति हुन्छन् जो आफ्नी आमाको नाम, आफ्नी श्रीमती पत्नीको नामसम्म जान्दैनन् । कतिपय दम्भी र आफैंआफ जान्ने हुँ भन्ने खालका पुरूषहरूसँग नारीहरूका नाम जान्न चाँहदा उल्टै मुखभरीको जबाफ पाइन्छ; विभिन्न शंकालु दृष्टिले हेर्दछन् र अनर्थमा खप्की खानु परेका तीता अनुभवहरू ताजै छन्—'हाम्रा तरुनी छोरीबुहारीका नाम टिपी लगेर के गर्न लाग्नुभएको छ ?' जस्ता प्रश्नहरू मजासित सुन्न पाइन्थे । त्यसैले स्थानीय प्रति-निधिहरू अग्रसर हुनुभएन होला ।

उपलब्ध नामावलीहरूमा जम्मा तीन ठाउँबाट संयुक्त नामावलीहरू प्राप्त भएका थिए । ग्रन्थमा प्रविष्ट १४० जति प्रशाखाका नामावलीमाझ तीनवटामात्र विभिन्न शाखाका संयुक्त नामावलीहरू सम्पादन गर्न सुहाउला जस्तो लागेन र प्राप्त नामा-वलीहरू सुरक्षित राखिएका छन् ।

अबउप्रान्त गरिने प्रयासहरूमा सम्बन्धित सबै बन्धुबान्धवद्वारा जानकारी पाए-सम्म नारीपुरुष दुवैका नामावलीहरू समानरूपमा लेखी पठाउने सहयोग गर्नु-भएमा वंशलता तयार पार्न सजिलो हुनेछ र नामावली विवरण प्रकाशन गर्दा पनि एकांगी नरहेर पूर्णताको द्योतक हुनेछ । त्यसमा ख्याल राखिनुपर्ने कुराहरू पर्दछन् आमाबुहारीहरूमा माइतीको थर ठेगाना उल्लेख गरिनुपर्ने, छोरीहरूमा के थरमा कहाँ विवाह भएको त्यो उल्लेख भएको हुनुपर्ने र एक पुरूषका दुई वा धेरै पत्नीहरू भएमा जेठीका सन्तानको उल्लेख गरिसकेपछि कान्छीका सन्तान उल्लेख गर्नुपर्ने ।

१९. **ग्रीवा**—( ना० ) सं० टाउको र धडलाई जोडने उपाङ्ग; घाँटी, गर्दन । मानवशास्त्रअन्तर्गत मानवमितिक अध्ययनमा मानवशरीरको मापन गर्दा घाँटीको अध्ययन गरिन्छ । गर्चे, लामो, घोंद्रे, असुन्दर घाँटीका लक्षणलाई वर्तुलग्रीवी, समवर्तुलग्रीवी, विषमवर्तुलग्रीवी तथा समदीर्घवर्तुलग्रीवी जस्ता पारिभाषिक प्रकार मानिएका छन् । आचार्यभेदले सुग्रीव, संग्रीव ग्रैवेय तथा ग्रीविक पनि स्वीकृत नामकरण हुन् ।

१२. **भ्रूबन्ध**—( ना० ) सं० यस समस्त पदको प्रयोग आँखाका ढकनीको लक्षणमापनमा गरिन्छ । मानवशरीरको मापन गर्दा शरीरका प्रत्येक उपांगको समेत मापन गरिन्छ । समभ्रूबन्ध, विषमभ्रूबन्ध, घनभ्रूबन्ध, विघनभ्रूबन्ध आदि पारिभाषिक शब्दहरू भ्रूबन्ध अध्ययनखातिर प्रयोग गरिन्छन् । अंग उपांगको परस्पर तुलना गर्दा नासिकावरणअनुकूल भ्रूबन्ध-सन्तुलन हुनु आवश्यक रहेतर्फ मानवशास्त्रीहरू आकर्षित पाइन्छन् ।

१३. **कटिबन्ध**—( ना० ) पारिभाषिक सं० मानवशरीरका कम्मरको मापनद्वारा शरीरका अन्य लक्षणसँग मेल खान्छ कि खाँदैन त्यसको अध्ययन गरिन्छ । वर्तटाकटि, अनुवर्तटाकटि, समवर्तटाकटि, विषमवर्तटाकटि आदि कटिलक्षण हुन् । जस्तो वृत्तमुण्डसमूहका मानवशरीरहरू प्रायः समवर्तटाकटि हुनु आवश्यक छ भन्ने आग्रह पनि पाइन्छ तर यस्तो संयोग कल्पनातीत हुन पनि सक्छ । वातावरण, परिवेश, साहचर्य तथा पैत्र्यसूत्र (Cromosome) रक्त संवाहक तत्व आदिमा भरपर्ने मानवशरीरको संरचनाको प्रत्याभूति दिन सम्भव नहुने तथ्य पनि विचारणीय मानिन्छ ।

१४. **आजानुबाहु**—( ना० ) सं० लामा लामा हात भएको, सहजै घुँडा छुन सक्ने हातको एक प्रकार । दीर्घबाहु अथवा सुबाहु । मानवशरीरमापनमा हातको उत्तिकै प्रमुखस्थान रहन्छ शीर्षदिशनाको जस्तो भूमिका रहन्छ । आजानुबाहु, समजंघीयबाहु, मुण्डबाहु तथा अधमुण्डबाहु आदि हातका लक्षण बताइएका पाइन्छन् । शिरको, मुखमण्डलको, ग्रीवाको, कटिबन्धको सुन्दरताअनुकूल हातको पनि सादृश्य सम्बन्ध हुनु पर्छ भन्ने आग्रह रहेको पाइन्छ ।

१५. **नेत्रासन**—( ना० ) सं० आँखाको स्थिति । आँखाको आकार गोल, वृत्तगोल, लम्बगोल तथा समगोल हिसावले एक थरी नामकरण भेटिन्छ । पुराणहरूमा मानिसका आँखाका विभिन्न लक्षणहरू बताइएका छन् । जस्तो— शार्दूलानन, मृगानन, हयानन, मर्कटानन, गजानन, कमलानन, मृणालाक्ष, विडालाक्ष, धूमाक्ष, नलिनाक्ष आदि कियदंश उदाहरण हुन् । तर मानवशास्त्रमा भने मानवोपयोगी अत्यावश्यक लक्षणहरूमात्र स्वीकार गरेको बुझिन्छ ।

१६. **बिम्बोष्ठ**—( ना० ) सं० ओठको लक्षार्थ दिने शब्द । मानवशरीरमापनमा बिम्बोष्ठ विधान प्रमुख रहेको पाइन्छ । ओठको सुन्दरता वृत्तमुण्डसमूहकाले गोलकाँक्रीका आकारको अपेक्षा गर्दछन् भन्ने आग्रह हो । आग्नेयवंशी, अष्ट्रोलोइड तथा निग्रिटो आदि समूहका लागि यसको विपरीत पनि हुन सक्छ । विशेषतः सार्वत्रिक सार्वजनीन लागू हुने आकार चाहि बिम्बोष्ठ नै हो भन्न सकिन्छ र प्रस्तुत अध्ययनमा पातला ओठ, पीपलपाते ओठ, बाक्ला ओठ तथा भद्दा अनावश्यक बाक्ला ओठ आदि प्रकार अध्येतव्य छन् । स्वभावतः शिरोमापनसँग बिम्बोष्ठमापन मिल्नु आवश्यक ठानिन्छ ।

१७. **स्थूलमुण्ड**—( ना० ) सं० गोलाइ नमिलेको ज्यादै ठूलो भद्दा खप्पर ( गोरु-मुखे ) एक थरी मानवसमूह अर्थात् स्थूलमुण्डसमूह । स्त्री-स्थूलमुण्डिका ।

१८. **पृथुकमुण्ड**—( ना० ) सं० गोलाइ नमिलेको लम्बाकार ठूलो खप्पर ( घोड-मुखे ) एक थरी मानवसमूह अर्थात् पृथुकमुण्डसमूह ।

१९. **वृत्तमुण्ड**—( ना० ) सं० गोलाइ मिलेको बाटुलो ठूलो खप्पर ( बाघमुखे ) साधारणतः घन्टाउके; एक थरी मानवसमूह अर्थात् वृत्तमुण्डसमूह ।

२०. **कपित्थमुण्ड**—( ना० ) सं० कतिपयले यसलाई कपीमुण्ड नामकरण गरेका छन् । यद्यपि लक्षणार्थ भने दुवैको लगभग मिल्न खोज्दछ । शरीरका अनु-पातमा नसुहाउँदो ज्यादै सानू खप्पर अर्थात् बाँदरमुखे भन्न खोजेको बुझिन्छ । नसप्रिएको मेवा जस्तो अथवा जंगलको प्रकृत बेल जस्तो साना खप्परको नाम । एक थरी मानवसमूह अर्थात् कपित्थमुण्डसमूह ।

२१. **नासिकावरण**—( ना. ) सं. नाकको बसाइ सुहाउँदो बाहिरी भाग कोमलता-सूचक छ कि कठोरतासूचक छ भनेर अध्ययन गरिने एक शारीरिक अध्य-यन । बाक्लो र कठोरतासूचक रौद्राकृतिको नासिकावरण र पातलो समतुल कोमलाकृतिको सौम्य नासिकावरण प्रमुख दुई भेद छन् । मानवशरीरको मापन गर्दा नाक, नासिकावरण, नासिकाविल, नासिकादण्ड साथै नाकको बसाइ, फैलावट, उठाइ फुराइ आदिको विशेष ख्याल गरिन्छ ।

२२. **अकि**—( क्रि. ) प्राचीन नेपाली–लौकिक संस्कृत वा खश प्राकृतको रूढ शब्द । संस्कृतको 'अकार्षित्' रूपसँग तुलनीय । भूतकालीन क्रियापदको अर्थ द्योतन गर्ने यस शब्दको प्रयोग मध्यकालीन अभिलेखहरूमा पर्याप्त अध्ययन गर्न पाइन्छ । अचेलका बोलव्यवहारमा 'गरें' सँग प्रत्यक्ष तुलनीय ।

२३. **रस्यो-वस्यो**—( ना. ) क्रि.यो. सँग बढी सामीप्य । रासोवासो चल्ने । जीवन गुजारा गर्न सकिने । रसबस मिल्ने ।

२४. **करिपाइ**—( क्रि. ) प्राचीन नेपाली–यसको लक्षणार्थ ध्वनित हुने चाँहि 'गरि-पाए' सँग तुलनीय छ तर भावार्थ गहिरो भएको अनुभव हुन आउँछ। त्यसर्थ तत्काल यति नै उल्लेख गर्नु उचित होला।

२५. **सर्व कर अकर घालि पसा करि अक्षि**—( एक पूर्ण वाक्य ) प्राचीन नेपाली। आशयार्थ 'सबै प्रकारका करहरू नलाग्ने गरी पास गरिदिएको' भन्ने हुन्छ तथापि वाक्यका अन्तस्करणले अरू केही भनिरहेको अनुभव हुन आउँछ। घालि शब्दको साधारण अर्थ 'हाली' अथवा 'समेटेर' भन्ने बुझिएकाले अन्यार्थ सोच्नुपर्ने देखिन्छ।

२६. **भुचन्**—( क्रि. ) प्रा. भोगून्। मध्यकालका अभिलेखहरूमा प्रायशः प्रचलित पाइन्छ।

२७. **अमाली**—( ना. ) अरबी–मध्यकालमा जनप्रशासनका निम्ति व्यवस्था गरिएको एउटा पद जो बीसौं शताब्दीसम्म लोकव्यवहारमा कायम रहेको देखिन्छ। यसमा मालपोत निर्धारित जग्गाको लगत राख्ने, राजस्व असुलतहसील गर्ने काम गर्दथ्यो। अमालीहरूको संचालन गर्ने कार्यालयलाई अमालकचहरी भनिन्थ्यो।

२८. **खातिरजामा**—( नामयोगी ) अरबी–प्राप्तसम्मानप्रति विश्वास, सन्तोष।

२९. **लोहकील**—( ना. ) सं. जग्गाजमीनको विषय वा राज्यको सीँधसीमाना छुट्या-उननिम्ति सरकारतिरबाट सीमानामा गाडिने फलामका कीलाहरू जो मानिसले उखेल्न नसक्ने गरी जमीनमा दबाइन्थ्यो। मध्यकालका जग्गा-जमीनको साँधसीमानासम्बन्धी परिमाण जनाउने दुई शब्द पाइन्छन् लोह-कील र छेका। यी दुवै तद्भव शब्दहरू शताब्दीयौं लोकव्यवहारमा रहेर अचेल प्राय: लोपका स्थितिमा छन्। लोहकील नामका गाउँ र जग्गाका कित्ताहरू अझ अस्तित्वमा छन्। साँधको काम गर्न तोकिएका व्यक्तिविशे-षलाई 'छेकाली' भनिन्थ्यो भन्ने झलक हिजोआज नेपालीको एउटा थर छेकाली रहेबाट पाइँदैछ।

३०. **पँलो बोलो तेलो पतरी केलाउनु**—( संयुक्त क्रियापद ) एउटी आइमाईसित धेरै लोग्नेमान्छेले अनुचित सम्बन्ध राखी वातावरण दु:षित हुन जाँदा सम्बन्धित निकायद्वारा दण्ड सजाय किटान गर्नाका लागि छानविनका प्रक्रियामा अप-राधको अनुपात हेरी निश्चय गर्ने काम। यसलाई विभिन्न दृष्टिकोणबाट व्याख्या गर्न मिल्दछ।

३१. **फिरकल्ली**—( ना. ) देशज–चरित्र फितलिएकी गाउँघरमा डुलीफिरी पेटपाल्ने आइमाई। पन्ध्रौं शताब्दीतिरका लिखित प्रमाणहरूमा पाइएको छ।

३२. **छ्वाली**—( ना. ) देशज–रखौटी स्वास्नी । त्यादते स्वास्नीलाई प्रयोग गरिएका शब्दमा क्रियात्मक मर्मको अर्थ ध्वनित भएको छ ।

३३. **मचाक**—( ना. ) नेवारी–यसको अर्थ खोज्न नेवार समुदायको सामुदायिक अध्ययन गर्नु पर्दछ किनभने १८८६ साल चैत्रमसान्तभित्रका लिखित प्रमाणहरूमा 'मचाक' घर लेखिएको पाइन्छ । दृष्टान्तका लागि यसै ग्रन्थको पृष्ठसंख्या ३७ मा दृष्टिपात गर्न सकिन्छ ।

३४. **अपसरिया**—( वि. ) देशज–मतलबी अथवा औसरवादी । अविश्वासी ।

३५. **समाल**—( ना. ) सं. समआलपोपुमान् इतियस्य स पुरुष समाल जस्ता व्युत्पत्तिमूलक अर्थभावको द्योतन गर्ने यस शब्दले नेपालका समाज अध्ययनमा आशानुकूल योगदान देला भन्न सकिन्छ । नेपाली लोकजीवनमा बहुप्रचलित शब्द भए तापनि सायद मूल्य बोध नभएका कारणबाट उपेक्षित । मध्यकालमा यस शब्दको परिभाषा गरियो होला जसद्वारा परस्पर दुई भिन्न जातिका नारीपुरुषका योगबाट सन्तानोत्पादन हुन जान्छ त्यसको समाजमा स्थिति निर्धारण गर्नमा बल मिलोस् । यस प्रक्रियालाई मानवशास्त्र–समाजशास्त्रले प्रजाति सम्मिश्रण मान्दछ । वर्तमान नेपालमा समाल थरका एक थरी ठकुरी र एक थरी मगर पाइएका छन् । नेपालमा तागाधारी जातका पुरुषसँग ठकुरी जातकी नारीको यौनसम्बन्ध स्थापना भएर पैदा भएका सन्तानलाई 'समाल' भनिन्छ; यसको प्राकृत उच्चारणअनुसार हमाल भनेको हो भन्ने बुझिन्छ त्यसर्थ यस शब्दले नेपाली समाजका विकासक्रमको अध्ययन गर्न यथायोग्य योगदान पुऱ्याउन सक्ला ।

३६. **मानवमिति**—( ना. ) पारिभाषिक सं. मानवशास्त्रका लक्षणानुसार मनुष्यका गुण, स्वभाव, चेष्टा, प्रक्रियाभन्दा अझ गहिराइमा पुगी शरीरमापनका सारा प्रकृतिको अध्ययन गरिने एक प्राविधिक शब्द । लक्षणार्थमा यो मानिस हो भनेर प्रमाणित गर्ने एक प्रयत्न ।

●

## ७. ५. नामसूची सन्दर्भ :

प्रस्तुत टिप्पणीक्रममा व्यापकतातर्फ नलागेर सन्दर्भ प्रयोजनलाईमात्र स्पर्श गरिएको छ । अध्ययन अन्वेषणक्रमका सान्दर्भिक आधार, अध्ययन अन्वेषणमा प्रत्यक्ष सहभागिता एवं सङ्कलन परिदर्शनमा सम्बन्धित हुन आउने नामहरूमात्र सन्दर्भ-टिप्पणीअन्तर्गत अध्ययन गरिएका छन् । यस अतिरिक्त समग्र ग्रन्थ नै एक प्रकार नामग्रन्थ भएकाले दृष्टि संकुचन भएको हो ।

**अ**—महाराजाधिराज अक्षयमल्ल—१६, १८, ३६, ८९, ९२, १११, १२३, १२७, १७२, २८८ ।

अग्नि—६३, १३२, १३३ । अग्निवंश १३७ । अग्निहोत्र २८५ । अभि-कुश २८५ ।

अघमर्षण—८८, १४५, १४६, १५०, १५१, १५८, १६०, १६१, १६२, २८४।

अजीगर्त—१५३, १५५; अत्रि १३८, १३९, १४९ । अघूर्तकुश १४०; अननाथ ४०६ । अनन्त पण्डित २८६; अनसूया १३८, १३९ । अनूप दुवे १७२ ।

अनेनस—१६२; अनेना १६२; अपिसल १३३; अभयकेशर नेपाल ४९ ।

सम्राट अभयमल्ल १२७; अभिमती १४९; अमरगुप्त ७३, ७८ । अमरराज जोशी २०५, २०६ । अमर्षणी १५०, १५१ । अम्बरीष १३८; अयुतायु १३९; अर्जुन १३८; अर्जुनदेव सिमखाडा ४०; अलक १४०, अलर्क १६३; अलकाश्व २८३, अवत्सर १५७; अवलाश्व १४५ । सम्राट अशोकचल्ल २९, ३०, ३३ ।

अशोकमल्ल ३३; अश्मरथ १५०, १५१ । अष्टक १४५, १४९, १५०, १५४।

अहिचन्द्र १७२ ।

**आ**—आंगीरसगण १४२, १४९ । आएट्किन्सन २०२; आत्रेयगण १४२ । आदिनारायण । आदिपुरुष २८३ ।

सम्राट आदित्यमल्ल ३०, १२७, १७३, १७६, १७७, १७८, १७९, ३३०, ३३१, ५०६, ६११ ।

आनन्दराज २०६; आश्वलायन १५५; आर्ष्टिसेन १४९, १५२, १५४ ।

**इ**—इन्द्र ६३, १४०, १६३, १६४ । इन्द्रकौशिक १०५, १४९, १५०, १५१, १५२ । इन्द्रदत्त ३९; इन्द्रमणि नेपाल २१९, इला १३९ ।

**ई**—ईशान ६३ ।

**उ**—उदयगिरी ३८; उदयराज नेपाल १११, १२६, १२७, ३२४ । उदरेणु १५१; उद्दालक १५०, १५१ । उदावह १५१; उदुम्बर १५०, १५१ । उमा ६३; उर्वशी १३९; उलूप १५०, १५१ ।

**ऋ**—ऋणवन् १५०, १५१ । ऋतदेव २८५ ऋतधाम १४५; ऋत्विक १४० ऋतभ २८५ ।

**ओ**—ओल्डफिल्ड २०२ ।

**औ**—औदल १५५, औद्दालक १५७, औपमन्यव १४२, औपहाव १५०, और्व १५६ ।

**क**—कच्छप १४५, कपर्देय १५०, १५१ । कपिलपाध्या घिमिन्या ३८, कमला-सन १३८, १३९ । करीराशी १५०, १५१ । करीष १५०, १५१ । कर्णसेन १८२, कश्यप १३८, १५७ ।

कांचनपुरुष १३९, कमलासन १५०, १५१ । कात्यायन १५०, १५१ । कार्तवीर्यार्जुन १३८, पं० कालुपाध्या नेपाल २१, १२४, १२५, १२८, १९४, १९५, १९६, ३१७ । काश १६२, काशवृद्ध १३३, पं० काशीनाथ नेपाल 'दामोदर' ५९५, पं० काशीनाथ नेपाल ९२, ९६, ९८, २७७, ३७६, ३८१, ४०९, ४१०, ४१७, ४२१, ४२५, ४२६, ४२९, ४३०, ४६२, ४६८, ४६९, ४७२, ५२०, ५२२, ५२३, ५३१, ५६०, ५६९, ५७२, ५९८, ६०९, ६१० । काश्य १६२, काश्यपगण १४२, काश्यवृद्धगोत्र १६३ ।

कुञ्जरमणि २२०, कुत्स १५६, कुलचन्द्र कोइराला ७४, कुवलयाश्व १६३, १६५ । कुबेर ६३, कुबेरप्रसाद नेपाल २१९, कुश ७९, ८८, १३५, १४०, २८३ । कुशनाभ १४०, कुशाम्ब ८८, १४०, २८३ । कुशाम्बुज १४०, २८३ । कुशिक १४५, १४६, १४७, १४८, १५०, १५१, १५८ । कुशेशाप ८८, १५८ ।

केतुमान १६३, केदार खँडका ३८, केदारमान व्यथित २०६, केशुपाध्या १८१, कोशी १४१, कौत्सगण १४२, १५५ । कौशिक ७८,७९, ८०, ८८, १३७, १४०, २८३, २८४ । कौशिकगण १४३, १५५ । कौशिकवंश १३७, कौशेय १३५ ।

क्रतुमद १५४, क्राचल्ल २०, १२३ ।

कृतदेव १४५, कृपाराम नेपाल १११, श्रीकृष्णचन्द्र १३८, कृष्णदेउ ३९, डि० कृष्णप्रसाद उपाध्याय ४७, ४८, ६१, ८४, २२१, २६८, ५३७, ६०० । कृष्णप्रसाद रिमाल १९७, कृष्णवंश उपाध्याय ४०, कृष्णञ्जनी १५६, क्षात्रवृद्ध १६२ ।

**ख**—खगेन्द्रनाथ नेपाल २१९, खड्गानन्द नेपाल २१९, ३२५ । खरवाच १५०, १५१ । खलिफा वलिद ७८. खिलिखिली १५१ ।

**ग**—गजराज मिश्र १९७, गर्जे पण्डित ३८, गणेशमानसिंह २११, २१२ । गतिन १५०, १५१ । गर्ग १५६, गर्भा १३९, गंग्या कटुपाल ३८, गंगाधर उपाध्याय नेपाल ४०, गंगालाल श्रेष्ठ २०६, २११, २१२ । गाधिराज ८८, १४०, १४२, १५३ । गालव १४९, १५०, १५१ । गुणरत्नाकर पण्डित ६०, ८१, ८९, १७२, १७५, २८७, २८८, ६११, ६१२ । गेहनाथ भट्टराई ५८, गोधूम १४५, गोपाल नेपाल ४७, गोपालप्रसाद रिमाल २०६, २११ । गोपाल भट्ट ७७, गोपी कार्की ११, ४४, ४६, २१७ । गोपीनाथ ४६, ५० । गोविन्दप्रसाद उपाध्याय २११, २१२ । गोविन्दबहादुर शाह ११०, गोभील १४५, १५६ । गोलुपाध्या न्यौपाने ७६, गृत्समद १५६, १६२ ।

**घ**—घाघा पण्डित ६१२, घृतकौशिक ५२, ८८, ९२, १०५, १०८, ११०, १३२, १४९, १५२, १५३, १५४, १५५, १५८, १६०, १६१, १८७, १९०, २८४ ।

**प**—परमगुरु ९१, १८०, २९०, ३१३, ४७४, ४७५, ५४३ । परमा भट्ट ७७, परमानन्द पाध्या ४९: ९१, १८२ । परशुराम १४१ परशुराम खत्री रोकाया ७६; परिकूट १५०, पर्वत १५६, १५७ । पुर्खा पर्वत पण्डित १५, ७४, ७५, ७६, ७७, ७८, १२२, १२८, २८६ । पशुपति ४६, पाणिनी १५०, पारस पण्डित १७१, २८५. पारामरिचि १५५ पारावत १४५, पीताम्बर नेपाल ९३, २१६, ४८७ । पुरुरवा १३९, १६२ । सम्राट पुण्यमल्ल १२७, पुण्यशील उपाध्याय ४०, पुरण १५०, पुष्करनाथ उप्रेती २११, २१२, । पुष्य ६३ ।

पूर्णप्रकाश नेपाल 'यात्री' १८. २०. २८. ४३, ४४, ६९, ७३, ७४, ८४, ९२, ९३, ९६, १८६, ३६४, ४३४, ५३७, ५४३, ५४५, ६११ । पूर्णबहादुर २०६ । पौलस्त्यगोत्र १५७, प्रकाशकुमार नेपाल २२० प्रतर्दन १६३, राजा प्रतापबम्म १९३, प्रतिमा १४०, १४१ । राजगुरु प्रयागराज २०५, डा. प्रयागराज शर्मा ८१, ६११, ६१२, ६१३ । प्रवरसेन १८२, प्रियव्रत १३१, सम्राट पृथ्वीमल्ल १२७ ।

**फ**—फणीन्द्रराज हमाल २११, २१२ फत्तेजंग शाह ३८ ।

**ब**—बखतवारसिह बस्न्यात ३९, बद्रीनाथ नेपाल ४९, ५०, २२० । बद्रीविक्रम थापा ५८, बलकाश्व १४०, बलबहादुर पाँडे २११, २१२ । बलभद्र ३९, बलिभद्र कार्की ३८, बम्बहादुर कँवर २०१ बालचन्द्र शर्मा ६२, २०२ । बाघूल १४५, १५५ । प्रा. बालकृष्ण पोखरेल ५८, बुध १३९. ब्रह्मदत्त ६३, ११७, ११८ । ब्राह्मणवंश १३७, १३८, १४२ १४९ । देवगुरु बृहस्पति १३९, बृहस्पति भट्टराई १८२ ।

**भ**—भक्तुपाध्या नेपाल ९०, भगवन्तनाथ योगी १९५, भगीरथ खनाल ८१, १७२, ६११, ६१३ । भगीरथ नेपाल १७८, १८१ । भगीवन्त खनाल ८१, १७२, ६११, ६१३ । भवानीप्रसाद नेपाल २१९, भवानीशंकर खनाल ३८; भविताश्व १४५, भरतमणि नेपाल ४९०, ५३२ । भाउदासपाध्या रिजाल ७६, श्रीमती भागाबज्यू ६०, ६११, ६१३ । पं. भागीराम नेपाल १११, भाण्डीरभट्ट ७८, पं. भानुभक्त नेपाल ४९, २७०, ५५३ । भार्ग १६३, भार्गभूमि १६३, भार्गव १५६, भाम्यं १५५, भास्कर पण्डित ८९, ११०, १२२, १२३, १७२, २८७, २८८ । पं. भीमप्रसाद नेपाल ८७ ९४, ३४६ । भीमप्रसाद श्रेष्ठ ७४, भीमरथ १६३; जनरल भीमसेन थापा ३८, २०१ । श्रीमती भुवनेश्वरी उपाध्याय नेपाल ५६, ५७, ५९, ८४, २६० । भोटुकाजी नेपाल ७६ ।

**म**—मंगलमान राई ५०, मणिकंठ १७८, मणिमुकुन्द सेन ९१, १८० । मदन-मोहन मालवीय २०६, मद्रश्रेणी १६३, मधु-कैटभ ११७ ११८ । मधुच्छन्द १४५; १४९, १५०, १५१, १५२, १५३, १५४, १५५, १५८ । मधुमती १४५, १४६,

१४७, १४९। मनुदासपाध्या नेपाल ९०, १११, १२५, १२६, १७४, ४३५। मनोरथ नेपाल ३७, ५२७। महत ६३, १३३। मलयबम्म १९, २०, १२५, १२६, १२७, १७५। मष्ट ६४, १३३, १३४, १३५, १८५, १८६, १८७, १८८, १८९, १९०, १९१, ६१५। महाजीत हमाल नेपाल २१९, महात्मा गान्धी २०६, महादेव उपाध्याय मिश्र ४०, महानन्द सापकोटा ५८, महिपति बम्म १९४, प्रधानमन्त्री माथबरसिंह थापा २००, २०१, २०२। माधवप्रसाद उपाध्याय नेपाल ४४, ८२,८४, ९२, ९३, ९५, २५१, २५२, २५३, ४७७। माधवप्रसाद नेपाल ४९८, ५३५। माधवराज जोशी २०४, २०५। माधवी १४५ १४९। माधोपाध्या ४८, ४४९, ४५०, ४५३। मानवगोत्र १५७, मानववंश १३७। मान्धाता ८८, मित्र ६३, ६४, पं. मीनप्रसाद नेपाल ४४, ४६, ८६, २४५, ३४६। मुरलीधर शर्मा २०६, मुहम्मद बिनकासिम ७८, मेघु खत्री ३७, मौञ्जायनी १५०, १५१, १५२। मृत्कण्डी १४५, १५५।

**य.** यदुनाथ पण्डित ३८, यशोधर ८९, १२५। यशोवती १४९, याज्ञवल्क्य १५०, योगी नरहरिनाथ ५८, ६१, ८०, ८१, ९२, १०७, १०९, १२७। योगेन्द्र-बहादुर शाह ७६, ७७।

**र.** रजी १६२, १६३, १६४, १६५। रणजोर थापा ३८, प्रधानमन्त्री रणोद्दीपसिंह २०३, रणोद्योत शाह ३८, रणधीरसिंह ३८, डि. रत्नमणि नेपाल २२०, ५४४। रनशूर पण्डित ३८, श्री ५ रणबहादुर शाह १९, २०, २१, १११, १२४, १२५, १७४। रमाकान्त न्यौपाने १९, २०, २१, ८१, १११। रमाविष्णुप्रिया ३९, रमुपाध्या घिमिन्या ३८, रम्भ १६२, रविगोत्र १५७, रवीन्द्रराज नेपाल ३९, ४७, ९९, ४४०। राक्षसवंश १३७, राजालाल कलवार २०६, श्री ५ राजेन्द्र ३७, २०१, २०२। रामकृष्ण पण्डित ८१, ६१३, ६१४, ६१५। रामदासपाध्या ५०, रामनाथ भट्टराई ५१, रामप्रसाद नेपाल (सिन्धुपाल्चोक) ९३, ५१३। रामप्रसाद नेपाल (सिक्किम) ९४, ९५, ४३१। रामबाबू नेपाल ९४, ९५, ३५६। माष्टर रामबहादुर मिजार ७३, डा. राममनोहर लोहिया २०६, रामराजा २००, २०६, २०७, २०९। राष्ट्रभृत १६२, रामहरि शर्मा नेपाल ७, ४३, ४४, ८४, ९३, ९५, १९८, १९९, २०७, २१०, २११, २१३, २१५, ४७९। राहुल सांकृत्यायन ७४, रिन्चनबोन्छे ७३, ७८। रूद्रदामन ७३, राजा रुद्रसेन ९१, १८०। रूपसिंह कार्की ८१, रेणुका १४१।

**ल.** लक्ष्मी ६३, महारानी लक्ष्मीदेवी २०१, २०२। लक्ष्मीनारायण नेपाल १८२, ५३८, ५३९, ५४०, ५५४। लम्बोदर भट्ट ७३, ७७। ललितशूर ७३, १६८। लास्या ऐटिचा ३८, लास्या मचाक ३८, लिखित १४५, लीलाराम उपाध्याय नेपाल

२१९, २९४ । लीलाविलाश पण्डित ८१, ६११, ६१३ । लोकनाथ नेपाल (ओखलढुंगा–लिस्युघोक) ९४, ३७५ । लोकनाथ नेपाल (भोजपुर–सल्लेनी) ९४, ५८० । लोकनाथ नेपाल (झापा-बीर्तामोड) ९६, ९८, ३८१, ४०४, ४१७, ४२५, ४७२ । लोकराज खनाल (आछाम) ११०, लोकराज उपाध्याय नेपाल २१९, ३१३ । लोहित १५० ।

व. वञ्जुली १५०, १५१। वतण्ड १५०, १५१। वत्स १५६; वत्सलगोत्र १६३; वराहमिहीर १३३; वरुण ६३; १४१। वशिष्ठ ८८, १४२, १४३, १५९। वसु १३२, १३९, १६२। वसुदाखर बराल १७३, १७८, १७९, ४८७ । वसुदान १३२, वसु पण्डित ४२, ९९, १००, २८६। वसुपाध्या नेपाल ९०, १७३, १७८, १७९, ४३५, ४७४, ४९८, ५०६, ५०७, ५०८, ५०९, ५१७, ५२० । वसुसेन १८०, १८१ । वाक्पतिराज जोशी २०५, २०६, २११, २१२, वाभ्रव्य १५०, १५१ । वामदेव १३२; वायु ६३, वाशिष्ठगण १४२, वाष्कल १५०, १५१ । पं. वासुदेव नेपाल ४७, ५५३, ५७५ । वासुदेव शर्मा २१८, ४४६ । वास्तुकौशिक १५०, १५१। विक्रमसेन १८२, विक्रम शाही १७४, १९४ । घामी विजयराम नेपाल १८६, ३१६ विन्दुमती ८८, १४९, १५२ । विन्दुमान १४९; विघूम १५१; विभु १६३, विलल्ल भट्ट ७६, ७७ । विविक्त १३२, कवि विशाखर उपाध्याय नेपाल ४४, १११, २९४, २९८ । विश्वामित्र ७९, ८८, १०४, १०५, १३७, १३८, १४१, १४२, १४३, १४४, १४५ १४६, १४७, १४९, १५०, १५१, १५२, १५३, १५४, १५५, १५६, १५८, १५९, १६०, १६१, १६२, २८४ । विश्वावसु १३९, विष्णु ६३, विष्णु नेपाल ९३, ४८१ । वीतिहोत्र १६३, वीरध्वज दमाई ४९, वीर भट्ट १७२, वीरभद्र उपाध्याय नेपाल ४०; श्री ३ बीरसमशेर २०३, २०४ । वेदान्त देशिक ६७, ६१५ । वैकृति १४९, १५०, १५१ । वैदेहरात १५०, १५१ ।

श. शंकरप्रसाद नेपाल ४४, ४७ १९७, १९८, २०६, २१९, ४४०, ४४१, ४४४, ४४९, ४६३, ४६८ । शंख १४५, शरद्वती १४५, शलंक १४९, १५०, १५१, १५२ । शाकटायन १५०, १५१ । शातप १५६, पं. शिखरनाथ सुवेदी ५२, ६०, ६१, १२०, १२१ । शिव ६३, प्रा. शिवप्रसाद नेपाल ९३, ४४९, ४५० । डा. शिवप्रसाद डबराल 'चारण' ७४, पं. शिवराज बराल ८१, १७२ । शिवशर्मा उपाध्याय ४०, शिशुमल्ल १७३, १७८. १७९ । शुनःशेप १५३; शुक्रराज शास्त्री २०५, २०६, २०७, २०९, २१०, २११, २१२ । शेखरसिंह गौतम ७४, शैलेन्दुप्रकाश नेपाल २४३, २६६, ४६२. ५४५ । श्यामलाल अर्ज्याल ३८, श्यामायन १५०, श्राद्धदेव मनु ११७, श्रीकृष्ण पण्डित ३९, ६१२, ६१३ । श्रीनाथ पण्डित ७६,२८५, श्रीप्रसाद नेपाल ४९३, ४९८, ५३५ । श्रुतायु १३९ ।

**स**. संग्रामशूर कार्की ८१, संश्रुति १४५, १५०, १५१। संसेरमान राई ५०, सत्यकेतु १६३, सत्यनारायण ४७, ४३६। सत्यव्रत ८८, १४७, १४८। सत्यमोहन जोशी १०६, सत्यवती १४०, १४१। सत्यायु १३९, सुदर्शन नेपाल १२५, १२८, १७५, १७६, १९३, २९६। सन्तति १६३, सम्राट समुद्रगुप्त १६६, सम्वर्त १५८, सम्भव १४५, सरस्वती ६३, सर्वज्ञघर पण्डित ४२, ७६, ७७, ७८, ८९, १००, ११२, १२५, १२६, १२८, १७८, २८७, २८८। सर्वु पण्डित १७२, १७५। साइमल शाही १९४, साण्डिल्य १५६, सायन १५०, १५१, १५२। सुकुमार १६३ सुकेतु ६३; सुतपा ७७, सुनीथ १६३, सुन्दरमान राई ५०, सुपर्व नेमी ४२, सुपर्व पण्डित १७२, १७५, २८६। सुपरीपाध्या नेपाल १११, १२५, १२६, १७४। सुबल पण्डित १७१, पटरानी सुमना १४०, पुरूराज सुमन्तु १४०, युवराज सुरेन्द्र २०२, सुवर्णगोत्र १५७, सुहोत्र १३९, सूर्य ६३, ६४, १३३। सूर्यबहादुर भारद्वाज २०६, २११, २१२, २१३। सूर्यवंश १३७, सैन्धवायन १५०, १५१, सैविरिटि १५१ सौमुक १५०।

**ह**. पं. हरिप्रसाद नेपाल २४६; ५९१। पं. हरिशरण भनेका हरिप्रसाद नेपाल ५८०, ५८३। पं. हरिशर्मा नेपाल ४८२, ४९७, ४९८, ४९९, ५०८, ५१२, ५१८ ५२०, ५२८, ५३१, ५३५, ५३७।

●

## ७. ६. सन्दर्भसूत्र—

प्रस्तुत अध्ययन अन्वेषणक्रममा अपनाइएका कार्यविधि, प्रमाणसंकलन, सन्दर्भसूत्र तथा अध्ययन आधारसामग्रीमा सम्बन्धित हुन आउने टिप्पणी एवं सान्दर्भिक विषयको विवरणात्मक सूची यसप्रकार छ—

**कार्यविधि**—व्यक्तिपरक दीर्घकालीन स्थलगत अध्ययन तथा मानवशास्त्रान्तर्गत मानवमितिशास्त्र तथा नृवंशशास्त्रको सैद्धान्तिक परिशीलनमा सम्बद्ध सामाजिक अध्ययनविधि।

**प्रमाण-संकलन**—सान्दर्भिक अभिलेख, लालमोहर, स्याहामोहर तथा बूढापाका अनुभवीहरूले बेलाबखतमा टिपेर राखिएका टिपोटहरू, अनुश्रुति तथा कर्णपरम्परामा आधारित लोकोक्ति, किम्बदन्ती र आजापूजामा अपनाई ल्याएका विभिन्न चालचलनहरूको विस्तृत अध्ययन अन्वेषण आदि।

वैदिक साहित्य पौराणिक साहित्य, प्राचीन तथा मध्यकालीन इतिहासका सामाजिक पक्षको अध्ययन।

**सन्दर्भसूत्र**—सान्दर्भिक तथा प्रासंगिक हुन आएका विभिन्न स्रोतसन्दर्भका सूचकहरू तथा स्थलगत अध्ययनद्वारा संकलित नामावली विवरणहरू।

## अध्ययनसँग सम्बन्धित सन्दर्भसामग्री तथा सूची—

१—स्थलगत सामाजिक अध्ययन ।

२—सान्दर्भिक विभिन्न स्रोतसन्दर्भमा जनाइएका संकलन जानकारीहरू ।

३—वयोवृद्ध अनुभवी व्यक्तित्वहरूसँगका समय समयका परिसम्वाद तथा मत-मतान्तरहरू ।

४— १. नेपालको ऐतिहासिक रूपरेखा—बालचन्द्र शर्मा ।

२. संकल्प रूर्योदय नाटक—श्री वेदान्त देशिक ।

३. मीमांसा पादुका— ,, ,,

४. सेतीका तारा— पूर्णप्रकाश नेपाल 'यात्री'

५. सेती अंचल दिग्दर्शन— ,, ,, ,,

६. राजा गगनिराजको यात्रा ,, ,, ,,

७. सिजाको ऐतिहासिक रूपरेखा ,, ,, ,,

८. राउटे लोकजीवन ,, ,, ,,

९. भेरी लोकसाहित्य ,, ,, ,,

१०. समाज संस्कृति परिशीलन (१) ,, ,, ,,

११. कर्णालीप्रदेश एकबिटो अध्ययन—सम्पादकद्वय भीमप्रसाद श्रेष्ठ, देवीचन्द्र श्रेष्ठ; प्रकाशक: सामाजिक अध्ययन समुदाय जुम्ला-कर्णाली अंचल २०२८

१२. इतिहास प्रकाश भाग २ योगी नरहरिनाथ ।

१३. इतिहास प्रकाशमा सन्धिपत्र संग्रह—योगी नरहरिनाथ ।

१४. देवतात्मा हिमालय ,, ,,

१५. देशदर्शन ,, ,,

१६. उत्तराखण्ड और नेपाल—शेखरसिंह गौतम प्रकाशक—मानवजीवन संस्थान—बहराइच उ० प्र० ।

१७. वैदिक साहित्य—गंगापुस्तकालय वाराणसी २०१२

१८. श्रीमद्विष्णुपुराण—गीताप्रेस गोरखपुर

१९. श्रीमद्भागवत महापुराण

२०. कौशिक संहिता

२१. विष्णुरहस्य

२२. स्मृतिसन्दर्भ—मनसुख राय मोर—कलकत्ता २००५ ।

२३. महाभारत वनपर्व तथा भीष्मपर्व

२४. प्राचीन नेपाल संख्या ७७, ८१, ९१, पुरातत्व विभाग नेपाल ।

२५. धर्मदर्शन (त्रैमासिक) गुठीसंस्थान नेपाल

२६. हाम्रो संस्कृति( ,, ) सांस्कृतिक संस्थान, नेपाल
२७. कुमाऊँका इतिहास 'कत्साइट्स' यमुनादत्त वैष्णव 'अशोक' नैनीताल
२८. श्रीमद्मत्स्यपुराण
२९. पद्मपुराण—पाताल खण्ड
३०. स्कन्दपुराण—कौमारिका खण्ड
३१. अभिलेख संग्रह (अप्रकाशित) पूर्णप्रकाश नेपाल 'यात्री'
३२. बदलिदो घामछाया ,, ,, ,,
३३. लिच्छविकालका अभिलेख—धनबज्र वज्राचार्य।
३४. हाम्रो समाज एक अध्ययन—जनकलाल शर्मा सा० प्र० नेपाल
३५. सांग्रिला (त्रैमासिक) सम्पादक—विजय चालिसे।
३६. राजधानी—(सामाहिक)
३७. प्रगति पूर्णाङ्क ६/१२ स० नारायणप्रसाद बाँसकोटा।
३८. बुईंगल (तेस्रो संस्करण) स० कमलदीक्षित।
३९. प्रतिभै प्रतिभा र नेपाली साहित्य—घटराज भट्टराई।
४०. आदि भारत—अर्जुन काश्यप।
४१. नेपाली बृहत् शब्दकोश—ने० रा० प्र० प्र० नेपाल।
४२. शब्दस्तोम महानिधि—हिन्दी समिति वाराणसी।
४३. प्राचीन भारतका इतिहास—वि० जी० गोखले।
४४. नेपाली थरगोत्र प्रवरावली—पं० शिखरनाथ सुवेदी।
४५. बराल वंशदर्पण—पं० शिवराज बराल।
४६. कर्णालीप्रदेशको मध्यकालीन इतिहास—(अप्रकाशित)
४७. नेपाल निरुक्त—पं० ज्ञानमणि नेपाल।
४८. हिमाली सौगात (द्वयमासिक) सम्पादक—पूर्णप्रकाश नेपाल।
४९. गोपालराज वंशावली-सम्पादक—धनबज्र बज्राचार्य।
५०. श्री अग्निपुराण
५१. मेचीदेखि महाकाली भाग ४ जाँचबुझ केन्द्र—राजदरबार नेपाल।
५२. प्रज्ञा (त्रैमासिक) पूर्णाङ्क ५५—सम्पादक प्रा० ढुण्डीराज भण्डारी।
५३. कुमाऊँ—महापण्डित राहुल सांकृत्यायन
५४. गढवाल— ,, ,, ,,
५५. गोरख्याणी १-४—डा० शिवप्रसाद डबराल 'चारण'
५६. कुमाऊँका इतिहास—गोविन्द चातक
५७. सामाजिक एवं सांस्कृतिक मानवशास्त्र—डा० रामनाथ शर्मा राजहंस प्रकाशन मेरठ।

५८. कर्णाली अंचलको लोकसाहित्य–इतिहास खण्ड–सत्यमोहन जोशी ने. रा. प्र० प्र० नेपाल ।
५९. मध्यकालीन भारत–स्टेन्ले लेनपुल
६०. पश्चिमेशियामें भारतीय संस्कृति—डा. बैजनाथ पुरी ।
६१. प्रा. बालकृष्ण पोखरेलसँग लिएको अन्तर्वार्ता (अप्रकाशित)
६२. नेपाल एङ्लो डिक्शनरी–प्रो० राल्फ लिलि टर्नर ।
६३. इपिग्राफिका इण्डिका (भोलम १२) आएट्किन्सन ।
६४. भारद्वाज (त्रैमासिक) सम्पादक मोहन सिटौला–पैरवी प्रकाशन ।
६५. पश्चिम नेपालमा खशराज्य व्यवस्था–प्रा० सूर्यमणि अधिकारी ।

## ७.७. शुद्धिपत्र—

| पृष्ठसंख्या | पंक्ति | भएको | हुनुपर्ने |
|---|---|---|---|
| ५४ | २ | पर्तव्यपथ | कर्तव्यपथ |
| ६० | २ | मानवअस्मीता | मानव-अस्मिता |
| ८० | १९ | जेठा चिमापाध्या | माहिला चिन्तुपाध्या |
| ८८ | २८ | अघकर्षण | अघमर्षण |
| १०३ | १० | निप | नीप |
| १०३ | १४ | सिजापति | सिजापती |
| १०७ | ११ | बिर्ता | बीर्ता |
| १११ | १७ | ठाकुरप्रसाद | ठाकुरनाथ |
| ११५ | २९ | सप्तसिन्धवा: | सप्तसिन्धव: |
| ११९ | २ | सिन्धवा: | सिन्धव: |
| १२१ | २५ | संस्कृत | संस्कृति |
| १२४ | १५ | निप | नीप |
| १३१ | २१ | सीमागरयो | सीमागिरयो: |
| १४० | ८ | अद्भूत | अद्भुत |
| १४३ | १६ | छुछे | छुद्दे |
| १४५ | १७ | गोधूम | गोधूम |
| १४६ | २१ | विवशमित्र | विश्वामित्र |
| १४६ | २८ | अद्भूत | अद्भुत |
| १४७ | २ | कर्तव्यच्यूत | कर्तव्यच्युत |
| १४८ | १९ | छूततपापा | घृतपापा |

| पृष्ठसंख्या | पंक्ति | भएको | हुनुपर्ने |
|---|---|---|---|
| १४९ | २० | मुलसमान | मुसलमान |
| १४९ | २५ | कौशिकाकि | कौशिकादि |
| १४९ | ३१ | विवशमित्रो | विश्वामित्र |
| १५० | २३ | परस्परभवैवाह्या | परस्परमवैवाह्या |
| १५१ | ७ | तयोक्ता | प्रयोक्ता |
| १५२ | २१ | भएकोले पापमोचक | भएकाले पापमोचन |
| १५४ | १० | प्रसंको | प्रसंगको |
| १५६ | १० | यम | यस |
| १५७ | १० | जाबालका | जाबालाका |
| १५८ | १६ | सालकायन | शालंकायन |
| १६२ | २७ | प्रशोता | प्रस्तोता |
| १६३ | ८ | न्याय परायण | न्यायपरायण |
| १६३ | २९ | सालको | खालको |
| १६५ | २–३ | इतिहास विद्हरू | इतिहासविद्हरू |
| १७३ | २२ | भगवत् | भगवन् |
| १७४ | २ | 'नेपाल'ले | 'नेपा'ले |
| १७४ | ५ | पुष्पस्थली | पुण्यस्थली |
| १७४ | १०–११ | निप | नीप |
| १७४ | १२ | उत्तुंग-शृंग | उतुंगशृंग |
| १७५ | २७ | र | सुनेर |
| १७५ | २९ | बहुवाल | बडुवाल |
| १७६ | ४ | नेपाविर्ता | नेपावीर्ता |
| १८२ | १८ | खकौला | खकौला |
| १८६ | २२ | स्वास्तिवाचन | स्वस्तिवाचन |
| १८६ | (पृ.सं.) | ८६ | १८६ |
| १८७ | २ | ॐकाराब्रह्मणेनमः | ॐकारब्रह्मणेनमः |
| २०२ | ९ | विषय परिस्थितिमा | विषम परिस्थितिमा |
| २०७ | १८ | कोपभाजन भने | कोपभाजन बने |
| २०७ | ३१ | कलैयानजोक | कलैयानजीक |
| २१३ | ८ | पुरापुर | पूरापूर |
| २२९ | २२ | मधुसुदन | मधुसूदन |

| पृष्ठसंख्या | पंक्ति | भएको | हुनुपर्ने |
|---|---|---|---|
| २६२ | ९ | परिषद्‌ | परिषद् |
| २७७ | २० | 'जेन्टि' | 'जेन्टिल' |
| २८७ | रेखाचित्र वंशलतामा— | | |
| | | गुणरानाकर पंडित | गुणरत्नाकर पंडित |
| २८८ | १७ | जयघर पंडित | जयधर पंडित |
| ३०९ | २ | जगतगुरू पट्टि | जयतगुरुपट्टि |
| ३०९ | २ | झङ्कलाल | झमकलाल |
| ३०९ | १३ | कालराम | कालुराम |
| ३०९ | २३, | ६३. ६७. ५८. ३१. २० | ८३. ६४. ५५. २८. १७ |
| ३११ | १९ | जयमुनु | जयमुनि |
| ३१७ | १७ | ७९. ६०. ५१. १४. १३ | ७९. ६०.५१.२४.१३ |
| ३४५ | १ | कृष्णप्रसादनेपाल | कृष्णप्रसाद नेपाल |
| ३५५ | २५ | रावीन्द्र नेपाल | रवीन्द्र नेपाल |
| ३५८ | १९ | ८. ६६.५७.३०.२९ | ८५.६६. ५७, ३०.१९. |
| ३६० | शीर्षक ६.२.२३. ६.२.२१. हुनुपर्ने | | |
| ३८९ | शीर्षक ६.२.३७. ६.२.३८. हुनुपर्ने | | |
| ४३० | शीर्षक ६.२.५४. ६.२.५५. हुनुपर्ने | | |
| ४८२ | १६ | मधुसुदन | मधुसूदन |
| ४८५ | १२ | बिवरण | विवरण |
| ४८६ | २३ | कालुपाव्याका | कालुपाध्याका |

•